# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# अठ्ठाइसौं वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७४/७५




**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**काठमाडौं, नेपाल**
**२०७५**

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

फोन नं. : ५-२६२१८०
५-२६२२४७
फ्याक्स : ५-२६२१२८
५-२६२१०४
इ-मेल :- akhtiyar@ntc.net.np
वेभसाईट :- www.ciaa.gov.np

**पत्र संख्या:-** मिति :- २०७५/०९/०९

**विषय :- अठ्ठाइसौं वार्षिक प्रतिवेदन ।**

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
शीतल निवास, महाराजगञ्ज,
काठमाडौं ।

नेपालको संविधानको धारा २९४ बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०७४।७५ (२०७४ श्रावण १ गतेदेखि २०७५ आषाढ मसान्तसम्म) मा सम्पादन गरेका कामकारबाहीको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका छौं ।

भवदीय,

(नवीनकुमार घिमिरे)
प्रमुख आयुक्त

| (डा.साबित्री थापा गुरुङ) | (राजनारायण पाठक) | (डा. गणेशराज जोशी) |
|---|---|---|
| आयुक्त | आयुक्त | आयुक्त |

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीहरू



**नवीनकुमार घिमिरे**
प्रमुख आयुक्त



**डा. गणेशराज जोशी**
आयुक्त



**राजनारायण पाठक**
आयुक्त



**डा. साबित्री थापा गुरुङ**
आयुक्त

## प्रतिवेदनको सारांश

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले स्थापित संवैधानिक निकाय हो । काठमाडौंको टंगालस्थित आयोगको कार्यालयका साथै हरेक प्रदेशस्थित आयोगका कार्यालयहरूबाट विकास निर्माण, सेवाप्रवाह, राजस्व र सार्वजनिक सम्पत्तिसम्बन्धीका विषयहरूमा जनताबाट उजुरी र सूचना प्राप्त गर्ने, छानबिन तथा अनुसन्धान गर्ने र भ्रष्टाचार नियन्त्रणतर्फ लक्षित आवश्यक कदम चाल्ने काम आयोगले गरिरहेको छ । आयोगका कामकारबाहीहरू नेपालको संविधान, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८, भ्रष्टाचार निवारण ऐन २०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली २०५९ लगायत सम्बद्ध अन्य कानून, कार्यविधि, निर्देशिका र आचारसंहिताबाट निर्देशित छन् । साथसाथै दीर्घकालीन सोच र रणनीतिको आधारमा दैनिक कार्यसम्पादनका सदाचार र सुशासनउन्मुख दण्डात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालनका लागि आयोगको संस्थागत रणनीति (२०१४-२०१९) कार्यान्वयनमा ल्याइएको छ ।

२. संवैधानिक निकायले आफूले गरेका काम कारबाहीहरूको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने संविधानको धारा २९४ मा भएको व्यवस्थाबमोजिम आयोगले आर्थिक वर्ष २०७४/७५ मा सम्पादन गरेका कार्यहरूको विवरण समावेश गरी प्रस्तुत अट्ठाइसौं प्रतिवेदन पेस गरिएको छ । प्रतिवेदन अवधिमा आयोगबाट उजुरीको अनुसन्धान र अभियोजनका साथै निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत सुदृढीकरणका कार्यहरू भए/गरेका छन् । यस आर्थिक वर्षमा सार्वजनिक पदाधिकारी/कर्मचारीले गरेका भ्रष्टाचारजन्य कार्यउपर प्रारम्भिक छानबिन एवं विस्तृत अनुसन्धान गरेपछि विशेष अदालतमा मुद्दा दायर गर्ने, सम्बन्धित निकायमा आवश्यक कारबाहीका लागि सुझाव लेखी पठाउने तथा तथ्यहीन र प्रमाणविहीन उजुरी तामेलीमा राख्ने निर्णयहरू भएका छन् ।

३. आर्थिक वर्ष २०७४।७५ मा आयोगमा १३,०१३ र मातहत कार्यालयहरूमा ६,४७५ समेत गरी कुल १९,४८८ उजुरीहरू विभिन्न माध्यमबाट प्राप्त भएका थिए, जसमध्ये ७,७१९ उजुरीहरू आर्थिक वर्ष २०७३/७४ बाट जिम्मेवारी सरेर आएका र ११,७६९ उजुरीहरू आर्थिक वर्ष २०७४।७५ मा थप भएका थिए।

४. आर्थिक वर्ष २०७४/७५ मा कुल १९,४८८ उजुरीमध्ये १२,४०० उजुरी फछ्र्यौट भएका छन्, जसमध्ये ६,४५८ उजुरी प्रारम्भिक छानबिनबाट तामेलीमा राखिएको छ भने २६२ उजुरी सुझावसहित तामेलीमा पठाइएको छ। त्यस्तै, ५४६ वटा उजुरीउपर विस्तृत अनुसन्धान गर्ने निर्णय भएको छ भने ५,१३४ उजुरीउपर अन्य आवश्यक कारबाही भएका छन् । यसरी कुल १२,४०० उजुरी फछ्र्यौट भई बाँकी रहेका ७,०८८ उजुरीहरू भने आर्थिक वर्ष २०७५।७६ मा सरेका छन् ।

५. आर्थिक वर्ष २०७४।७५ मा विभिन्न मन्त्रालयगत उजुरीहरूको संख्या हेर्दा शिक्षा क्षेत्रसँग सम्बन्धित उजुरी १८.३२ प्रतिशत, संघीय मामिलासँग सम्बन्धित उजुरी १८.०२ प्रतिशत, भूमिसम्बन्धी उजुरी ६.४८ प्रतिशत, वनसँग सम्बन्धित उजुरी ४.४८ प्रतिशत, स्वास्थ्य सेवासँग सम्बन्धित उजुरी ४.३७ प्रतिशत, गृह प्रशासनसम्बन्धी उजुरी ४.१३ प्रतिशत, भौतिक पूर्वाधार तथा यातायाततर्फ २.८२ प्रतिशत, अर्थ मन्त्रालयतर्फ २.५९ प्रतिशत र अन्य निकाय/क्षेत्रसँग सम्बन्धित उजुरी ३८.८ प्रतिशत रहेका छन् ।

६. यस आर्थिक वर्षमा आयोगबाट १९४ वटा मुद्दा विशेष अदालतमा दर्ता गर्ने निर्णय भएको छ, जसमध्ये घुस (रिसवत) मा ९७, नक्कली शैक्षिक प्रमाण-पत्रतर्फ ६४, सार्वजनिक सम्पत्तिको हानि नोक्सानीतर्फ १३, गैरकानूनी लाभ हानितर्फ ८, राजस्व हिनामिनातर्फ ५, गैरकानूनी सम्पत्ति आर्जनतर्फ ४ र अन्य विषयहरूमा ३ वटा मुद्दा रहेका छन् । उल्लिखित मुद्दाहरूमा कुल ४२६ जना व्यक्तिलाई प्रतिवादी बनाई रु.४०,५५,५९,२६२।१६ बिगो मागदाबी लिइएको छ।

७. आर्थिक वर्ष २०७४।७५ मा सेवाग्राहीहरूको घुस रिसवतसम्बन्धी उजुरीका आधारमा गरिएका ९७ वटा रङ्गेहात कारबाहीहरूमा सहसचिवदेखि सहायकस्तरसम्मका १५४ जना राष्ट्रसेवक तथा अन्य व्यक्तिहरूलाई

नियन्त्रणमा लिई अनुसन्धान एवं अभियोजन गरिएको छ ।

८. विस्तृत अनुसन्धानपछि आयोगको निर्णयानुसार सम्बद्ध निकायहरूलाई सुझाव दिइएको संख्या ४५ र विभिन्न कारबाहीका लागि लेखी पठाएको संख्या ६४ रहेको छ । विस्तृत अनुसन्धानपश्चात २०२ उजुरी तामेली र १० वटा उजुरी मुल्तबीमा राखिएका छन् ।

९. आयोगबाट विगतमा विशेष अदालतमा दायर भएका मुद्दाहरूमध्ये आर्थिक वर्ष २०७४।७५ मा १७४ वटा मुद्दाहरूको फैसला प्राप्त भएको छ । फैसला प्राप्त भएका मुद्दाहरूमा ६७.८२ प्रतिशत मुद्दाहरूमा आयोगलाई सफलता प्राप्त भएको छ । आयोगबाट ६८ वटा फैसलाउपर सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ ।

१०.आयोगले विगत वर्षहरूमा सम्बन्धित व्यक्तिहरूबाट असुलउपर हुन गरेको निर्णयहरू समेतको कार्यान्वयनबाट प्रतिवेदन अवधिमा रु.१६,१३,१३,१७९।९६ असुलउपर भएको छ । आयोगबाट विगतमा भएका निर्णयहरूको कार्यान्वयनबाट यस आर्थिक वर्षमा तराईको ४१० बिघा १३ कठ्ठा १२ धुर तथा पहाडको ५३ रोपनी ६ आना जग्गा नेपाल सरकारको नाममा कायम भएको छ

११.अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ख. को उपदफा (२) बमोजिम भ्रष्टाचार रोकथाम तथा सचेतना अभिवृद्धिका लागि आयोगले सञ्चालन गरेका निरोधात्मक एवं प्रवर्द्धनात्मक कार्यक्रमहरूमध्ये विद्यालयहरूमा सञ्चालन गरिएका ११९ वटा सामुदायिक शिक्षा कार्यक्रमहरूमा ११,९९० जना विद्यार्थी तथा शिक्षकहरूको सहभागिता रहेको थियो भने सरोकारवालासँगको ८७ वटा अन्तर्क्रिया कार्यक्रमहरूमा ८६९९ जना व्यक्तिहरूको सहभागिता थियो । यस्तै, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँगको सहकार्यमा ७५३ वटै स्थानीय तहका प्रमुख पदाधिकारीहरू (प्रमुख/उपप्रमुख/प्रमुख प्रशासकीय अधिकृत) लाई भ्रष्टाचार नियन्त्रण र सुशासनसम्बन्धी अभिमुखीकरण गरिएको थियो ।

१२.आयोगमा कार्यरत कर्मचारीहरूको अनुसन्धान तथा अभियोजन क्षमता अभिवृद्धिका लागि आर्थिक वर्ष २०७४।७५ मा सञ्चालित वैदेशिक तालिम, प्रशिक्षण लगायतका कार्यक्रमहरूमा १२२ जना र आयोगमा सञ्चालन गरिएका ६ वटा अनुसन्धानात्मक तालिमहरूमा १७९ जना आयोगका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

१३.आर्थिक वर्ष २०७४।७५ मा आयोगबाट भ्रष्टाचार नियन्त्रणका लागि गरिएका अध्ययन तथा विकाससम्बन्धी कार्यहरूमा सेवाग्राही अनुभूति सर्वेक्षण र रणनीतिको मध्यावधि मूल्यांकन प्रमुख रहेका छन् । भ्रष्टाचार हुने सम्भाव्य क्षेत्रहरू पहिचान गरी भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले नेपालमा भ्रष्टाचार र सुशासनको अवस्थासम्बन्धी अध्ययन/सर्वेक्षण गरिएको छ । आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी मुलुकको संघीय संरचनासँग तादात्म्यता कायम हुने गरी आयोगको संगठन सुदृढीकरण गरिएको छ । सरोकारवाला निकाय तथा विज्ञहरूको रायसुझावसमेतका आधारमा आयोगको संस्थागत रणनीति (२०१४-२०१९) को मध्यावधि मूल्यांकन गरिएको छ । मूल्यांकनबाट प्राप्त सुझावसमेतका आधारमा आयोगको आगामी रणनीति तर्जुमा गरी कार्यान्वयन गर्ने लक्ष्य लिइएको छ ।

१४.आर्थिक वर्ष २०७४।७५ मा आयोगमा परेका उजुरीहरूको विश्लेषण गर्दा भ्रष्टाचार निवारण ऐनले परिभाषित गरेका रिसवत लिने दिने, राजस्व चुहावट गर्ने, सार्वजनिक सम्पत्ति हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गर्ने, सरकारी/सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गर्ने, गैरकानूनी लाभ वा हानि पुऱ्याउने, झुठा विवरण (शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र, नागरिकता, सिफारिसपत्र) पेस गर्ने, ऐनकानूनको परिपालना नगर्ने, गैरकानूनी रूपमा सम्पत्ति आर्जन गर्ने, नीतिगत भ्रष्टाचार गर्ने जस्ता भ्रष्टाचारका प्रवृत्तिहरूको पुनरावृत्ति भएको देखिन्छ । मुख्य रूपमा सार्वजनिक पद धारण गरेका व्यक्तिले गर्ने भ्रष्टाचार आर्थिक लेनदेनसँग गाँसिएको विषय भएकोले सरकारी ढुकुटीमा रकम प्राप्त गर्ने र सरकारी कोषबाट खर्च गर्ने दुवै अवस्थामा भ्रष्टाचार गर्ने प्रवृत्ति विद्यमान छ ।

१५.आयोगको संस्थागत तथा कर्मचारीहरूको व्यावसायिक क्षमता अभिवृद्धि गरी नीति र पद्धतिका आधारमा कार्यसम्पादन गर्दै विद्यमान भ्रष्टाचारजन्य प्रवृत्तिहरूको नियन्त्रण गरी आयोगप्रतिको जनताको अपेक्षालाई सम्बोधन गर्नु आयोगको प्रमुख चुनौती हो । आयोगका सामु आयोगको जिम्मेवारी, अधिकार र भूमिका सबल बनाई भ्रष्टाचार नियन्त्रण गर्नु, भ्रष्टाचार नियन्त्रणका लागि आयोगका निर्णय तथा सुझावहरूको कार्यान्वयन सुनिश्चित गर्नु, भ्रष्टाचारविरुद्ध नेतृत्व तहको प्रतिबद्धता हासिल गर्नु, आत्मकेन्द्रित सोच र भ्रष्टाचारप्रति सहिष्णु सामाजिक व्यवहारमा सुधार ल्याउन सचेतना अभिवृद्धि गर्नु जस्ता चुनौतीहरू प्रबल रूपमा रहेका छन् ।

१६.भ्रष्टाचारजन्य चुनौतीहरूको सामना गर्न आयोगबाट सम्पादन हुने हरेक कार्यहरू स्वतन्त्र र निष्पक्ष रूपमा कार्यसम्पादन गर्न आग्रह, पूर्वाग्रह, दबाब र प्रभावमुक्त बनाइने संस्थागत सुधारका कार्यदिशा अवलम्बन गरिएको छ, जसअनुसार अनुसन्धान, तहकिकात र अभियोजन कार्यलाई तथ्य र प्रमाणमा आधारित बनाउनका लागि कार्यसञ्चालन कार्यविधि, मापदण्ड र आधारहरूको विकास गर्ने कार्य भइरहेको छ । भ्रष्टाचारजन्य कार्यउपरका उजुरीहरूको कुशल अनुसन्धानका लागि साइबर फरेन्सिक ल्याब, इञ्जिनियरिङ ल्याब र अफिस अटोमेसनजस्ता प्रविधिको प्रयोगलाई बढावा दिइएको छ । आयोगबाट नीति, प्रविधि, कार्यविधि र कार्यशैलीमा क्रमिक सुधार गरी जनताका गुनासा र उजुरीको छिटोछरितो सुनुवाइ गर्ने एवं सदाचार र सुशासन प्रवर्द्धन गर्ने प्रयास गरिएको छ ।

१७.नीतिगत, कार्यविधिगत र प्रविधिगत सुधारका कार्यहरूलाई निरन्तरता दिँदै आयोगले आगामी दिनमा मूलतः प्रभावकारी अनुसन्धान र अभियोजन, जनचेतना अभिवृद्धि, संस्थागत सुधार र मानव संसाधन व्यवस्थापनको कार्यमा जोड दिने कार्यदिशा अवलम्बन गरेको छ ।

१८.प्रभावकारी अनुसन्धानका लागि अनुसन्धानपूर्वको अध्ययन/विश्लेषण, अनुसन्धानको क्रममा गरिने प्रमाण संकलन र अनुसन्धानपश्चातको अभियोजनका कार्यहरूलाई प्रभावकारी बनाउनेतर्फ जोड दिइएको छ । अनुसन्धानसँग सम्बन्धित स्पष्ट नीति, कार्यविधि, निर्देशिका र दिग्दर्शन तर्जुमा गर्ने, अनुसन्धानमा सहजताका लागि आधुनिक प्रविधिको प्रयोग बढाउने तथा कार्यविधि र प्रविधिको सही उपयोगका लागि कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने कार्य आयोगको प्राथमिकतामा रहेका छन् । आगामी दिनमा कार्यविधि, प्रविधि र क्षमता अभिवृद्धिका तीनवटै पक्षलाई अझै प्रभावकारी रूपमा कार्यान्वयन गर्ने कार्यदिशा आयोगले लिएको छ ।

१९.दण्डात्मक रणनीति अन्तर्गत गरिने अनुसन्धान र अभियोजनबाट मात्र पूर्णरूपमा भ्रष्टाचार नियन्त्रण सम्भव नभएकोले निरोधात्मक कार्यक्रमहरू सञ्चालन गरी भ्रष्टाचार रोकथाम गर्ने र प्रवर्द्धनात्मक कार्यक्रमहरू मार्फत् सचेतना अभिवृद्धि गर्ने कार्यमा जोड दिने कार्यदिशा अवलम्बन गरिनेछ । आयोगबाट स्वीकृत "भ्रष्टाचार नियन्त्रणका लागि प्रवर्द्धनात्मक तथा निरोधात्मक कार्यसम्बन्धी अवधारणापत्र, २०७४" क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

२०.आयोगको संवैधानिक जिम्मेवारी र काम कर्तव्यलाई प्रभावकारी रूपमा निर्वाह गर्नमा सहयोग पुऱ्याउनका लागि आयोग र मातहत कार्यालयहरूको संस्थागत सुदृढीकरण गर्ने, स्वचालित कार्यालय सञ्चालन प्रणालीको विकास गर्ने, प्रभावकारी संस्थागत स्मरण र अभिलेख व्यवस्थापन गर्ने, आचरण र कार्यशैलीमा सुधार गर्ने पक्षमा जोड दिइनेछ ।

२१.सुशासन प्रवर्द्धन गर्ने कार्यमा आयोगको प्रयासका साथसाथै विभिन्न मन्त्रालय, विभाग र सरकारी निकायहरूको प्रतिबद्धता र क्रियाशीलता जरुरी छ । भ्रष्टाचारजन्य क्रियाकलापलाई निरुत्साहित एवं सुशासन र सदाचार पद्धतिलाई प्रवर्द्धन गरी मुलुकमा दिगो शान्ति, विकास र समृद्धि हासिल गर्न प्रतिवेदन मार्फत् नेपाल सरकारलाई सुधारात्मक सुझावहरू दिइएको छ ।

२२.सुशासनसम्बन्धी राज्यका नीति र प्राथमिकताको कार्यान्वयनप्रति पूर्ण प्रतिबद्ध रही संवैधानिक गरिमालाई उचो राख्दै स्वतन्त्र र निष्पक्ष कार्यसम्पादन गरी भ्रष्टाचार नियन्त्रण गर्नु आयोगको सर्वोपरी उद्देश्य हो । सबै सरोकारवालाको सहकार्यमा मात्रै भ्रष्टाचारमाथि निर्मम प्रहार गरी सुशासन र समृद्धि हासिल गर्न सकिने हुँदा आयोगले सरकारी, गैरसरकारी र निजी क्षेत्र तथा नागरिक समाजलगायत सबैको सहयोगको अपेक्षा गरेको छ । सुशासन र सदाचारलाई नीति, कानून र बोलीवचनका साथै कार्यव्यवहार र जीवनशैलीमा समेत रूपान्तरण गर्न सकिएमा मात्र सदाचारयुक्त संस्कृतिको विकास हुन सक्दछ । यस दिशामा सद्भाव, सहयोग र सहकार्यका लागि आयोग सबै सरोकारवाला निकाय, प्रबुद्ध वर्ग, सञ्चार जगत र जनसमुदायमा आग्रह गर्दछ ।

# अनुक्रमणिका


| परिच्छेद | शीर्षक | पृष्ठ |
|---|---|---|
| प्रतिवेदनको सारांश | | क-घ |
| परिच्छेद - १ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परिचय | १-८ |
| | १.१ विषय प्रवेश | १ |
| | १.२ आयोगको गठन तथा काम, कर्तव्य र अधिकारसम्बन्धी संवैधानिक व्यवस्था | १ |
| | १.३. आयोगको कामसँग सम्बन्धित मुख्य कानूनहरू एवं आयोगलाई कानूनद्वारा प्रदत्त अधिकारहरू | ३ |
| | १.४ छानबिन तथा अनुसन्धान प्रक्रिया | ४ |
| | १.५ आयोगको आन्तरिक कार्यविभाजन, बैठक र निर्णय | ६ |
| | १.६ संगठन संरचना | ७ |
| | १.७ आयोग र अन्य निकायबीचको अन्तर्सम्बन्ध | ७ |
| | १.८ बजेट व्यवस्था | ८ |
| परिच्छेद -२ | आयोगबाट सम्पादित अनुसन्धान र अभियोजन सम्वन्धी कार्यको विश्लेषण | ९—१६४ |
| | २.१ उजुरी/सूचनाहरू | ९ |
| | २.२ प्रारम्भिक छानबिनबाट भएको कारबाही | ११ |
| | २.३ विस्तृत अनुसन्धान | १३ |
| | २.४ मुद्दा दायर | १४ |
| | २.५ आयोगको वैठक र निर्णय | १५ |
| | २.६ अभियोजन | १५ |
| | २.७ पुनरावेदन | ४७ |
| | २.८ कारबाहीका लागि सम्बन्धित निकायमा प्रेषित | ९० |
| | २.९ तामेली तथा मुल्तबी | १४६ |
| परिच्छेद- ३ | भ्रष्टाचार नियन्त्रणका निरोधात्मक र प्रवर्द्धनात्मक प्रयासहरू | १६५-१७३ |
| | ३.१ निरोधात्मक कार्यहरू | १६६ |
| | ३.२ प्रवर्द्धनात्मक कार्यहरू | १७२ |
| परिच्छेद- ४ | संस्थागत सुदृढीकरणमा आयोगको क्रियाशीलता | १७४-१७९ |
| | ४.१ आयोगको भौतिक पूर्वाधार विकाससम्बन्धी कार्यहरू | १७४ |
| | ४.२ जनशक्ति विकाससम्बन्धी कार्यहरु | १७५ |
| | ४.३ अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागिता तथा सहकार्य | १७७ |
| परिच्छेद - ५ | भ्रष्टाचारजन्य कार्यको प्रवृत्ति विश्लेषण | १८०-१८९ |
| | ५.१ भ्रष्टाचारजन्य कार्यहरू | १८० |
| | ५.२ भ्रष्टाचारका कार्यगत प्रवृत्तिहरूको विश्लेषण | १८० |
| | ५.३ भ्रष्टाचारका क्षेत्रगत प्रवृत्तिहरूको विश्लेषण | १८५ |

**परिच्छेद - ६ सुझावहरू** ---------- **१९०-२०७**

६.१ पृष्ठभूमि ---------- १९०

६.२ विगतका सुझावहरूको कार्यान्वयनको अवस्था ---------- १९०

६.३ भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न आयोगद्वारा प्रस्तावित सुझावहरू ---------- १९२

**परिच्छेद - ७ आयोगको आगामी रणनीति र कार्यदिशा** ---------- **२०८-२२३**

७.१ भ्रष्टाचारविरुद्धको रणनीति र कार्यदिशा ---------- २०८

७.२ विद्यमान अवस्थाको विश्लेषण (SWOT Analysis) ---------- २०८

७.३ आयोगको आगामी रणनीति तर्जुमा ---------- २१४

७.४ आयोगको तत्कालीन कार्यदिशा ---------- २१४

**परिच्छेद - ८ उपसंहार** ---------- **२२४-२२४**

**अनुसूचीहरू** ---------- **i - xxiii**

# परिच्छेद- १
# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परिचय

## १.१ विषय प्रवेश ः

भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले संवैधानिक निकायका रूपमा वि.सं. २०४७ साल माघ २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना भएको हो । नेपालको संविधानको मर्मअनुसार भ्रष्टाचाररहित मुलुकको रूपमा नेपाललाई स्थापित गर्ने दूरदृष्टिसहित सार्वजनिक क्षेत्रमा रहेको भ्रष्टाचारको नियन्त्रणबाट कानूनको शासन र सुशासनमा अभिवृद्धि गर्ने परिलक्ष्य एवम् प्रवर्द्धनात्मक, निरोधात्मक र दण्डात्मक रणनीतिलाई अंगीकार गरी आयोगबाट भ्रष्टाचार नियन्त्रणसम्बन्धी कामकारबाहीहरू हुँदै आएका छन् । संवैधानिक व्यवस्था अनुरूप आयोगबाट वर्षभरि सम्पादन गरिएका कामकारबाहीहरूको वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पेस गर्ने कार्यसमेत हुँदै आएको छ । यसै सिलसिलामा आर्थिक वर्ष २०७४।७५ मा आयोगबाट भए गरेका प्रमुख कामकारबाहीहरूको विवरण समावेश गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको हो । आयोगका कामकारबाहीसँग सम्बन्धित संवैधानिक, कानूनी एवम् सांगठनिक व्यवस्था लगायतका आधारभूत पक्षहरूको संक्षिप्त जानकारी र प्रतिवेदन अवधिभित्र भए गरेका कामकारबाहीको संख्यात्मक विवरण प्रतिवेदनको प्रारम्भिक परिच्छेदहरूमा प्रस्तुत गरिएको छ ।

## १.२ आयोगको गठन तथा काम, कर्तव्य र अधिकारसम्बन्धी संवैधानिक व्यवस्था ः

नेपालको संविधानको भाग २१ धारा २३८ मा संवैधानिक निकायको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग गठनको व्यवस्था गरिएको छ भने धारा २३९ मा आयोगको काम, कर्तव्य र अधिकार स्पष्ट उल्लेख गरिएको छ । जसअनुसार सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले "भ्रष्टाचार" गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा आयोगले कानूनबमोजिम अनुसन्धान गरी अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न सक्ने व्यवस्था रहेको छ । त्यसैगरी संविधानको धारा २९३ मा संवैधानिक निकायको कामकारबाहीको अनुगमन संसदीय समितिबाट हुने व्यवस्था रहेको छ भने धारा २९४ मा आयोगको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष बुझाउने व्यवस्था रहेको छ ।

### १.२.१ आयोगको गठन ः

नेपालको संविधानको भाग २१ धारा २३८ मा आयोगको गठन सम्बन्धमा देहायबमोजिम व्यवस्था रहेको छ :-

(१) नेपालमा एक अख्तियार दुरुपयोग अनुसन्धान आयोग रहनेछ जसमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्तहरू रहनेछन् । प्रमुख आयुक्तले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अध्यक्ष भई काम गर्नेछ ।

(२) राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा प्रमुख आयुक्त र आयुक्तको नियुक्ति गर्नेछ ।

(३) प्रमुख आयुक्त र आयुक्तको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ ।

(४) उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा प्रमुख आयुक्त वा आयुक्तको पद रिक्त हुनेछ :-

(क) निजले राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको उमेर पैसट्ठी वर्ष पूरा भएमा,

(ग) निजका विरुद्ध धारा १०१ बमोजिम महाभियोगको प्रस्ताव पारित भएमा,

(घ) शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा,

(ङ) निजको मृत्यु भएमा ।

(५) उपधारा (२) बमोजिम नियुक्त प्रमुख आयुक्त तथा आयुक्तको पुनः नियुक्ति हुन सक्ने छैन ।

तर आयुक्तलाई प्रमुख आयुक्तको पदमा नियुक्ति गर्न सकिनेछ र त्यस्तो आयुक्त प्रमुख आयुक्तको पदमा नियुक्त भएमा निजको पदावधि गणना गर्दा आयुक्त भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(६) देहायको योग्यता भएको व्यक्ति अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त वा आयुक्तको पदमा नियुक्तिका लागि योग्य हुनेछ :-

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) लेखा, राजस्व, इन्जिनियरिङ, कानून, विकास वा अनुसन्धानको क्षेत्रमा कम्तीमा बीस वर्ष काम गरी अनुभव र ख्याति प्राप्त गरेको,

(घ) पैतालीस वर्ष उमेर पूरा भएको, र

(ङ) उच्च नैतिक चरित्र भएको ।

(७) प्रमुख आयुक्त र आयुक्तको पारिश्रमिक र सेवाका सर्त संघीय कानूनबमोजिम हुनेछ । प्रमुख आयुक्त र आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका सर्त परिवर्तन गरिने छैन ।

तर चरम आर्थिक विश्रृंखलताका कारण संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन ।

(८) प्रमुख आयुक्त वा आयुक्त भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुने छैन ।

तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेस गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

### १.२.२ आयोगको काम, कर्तव्य र अधिकार :

नेपालको संविधानको भाग २१ को धारा २३९ मा आयोगको काम, कर्तव्य र अधिकारका सम्बन्धमा देहायबमोजिम व्यवस्था गरिएको छ :-

(१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानूनबमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ ।

तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानूनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन ।

(२) धारा १०१ बमोजिम महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषदबाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐनबमोजिम कारबाही हुने व्यक्तिका हकमा निज पदमुक्त भइसकेपछि संघीय कानूनबमोजिम अनुसन्धान गर्न वा गराउन सकिनेछ ।

(३) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानूनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानूनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।

(४) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीका लागि सम्बन्धित अधिकारी वा निकायसमक्ष लेखी पठाउन सक्नेछ ।

(५) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख आयुक्त, कुनै आयुक्त वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(६) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानूनबमोजिम हुनेछ ।

### १.२.३ संवैधानिक निकायको कामकारबाहीको अनुगमन तथा वार्षिक प्रतिवेदन

**संवैधानिक निकायको काम कारबाहीको अनुगमन :**

नेपालको संविधानको भाग २१ को धारा २९३ मा संवैधानिक निकायको काम कारबाहीको अनुगमन सम्बन्धमा देहायबमोजिम व्यवस्था गरिएको छ :-

संवैधानिक निकायका प्रमुख र पदाधिकारी संघीय संसदप्रति उत्तरदायी र जवाफदेही रहनुपर्नेछ ।

प्रतिनिधिसभाका समितिले राष्ट्रिय मानव अधिकार आयोग बाहेकका अन्य संवैधानिक निकायको प्रतिवेदन लगायतका कामकारबाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन सक्नेछ ।

**संवैधानिक निकायको वार्षिक प्रतिवेदन** : संविधानको धारा २९४ बमोजिम "(१) यस संविधानबमोजिमका संवैधानिक निकायले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसदसमक्ष पेस गर्न लगाउनेछ ।

(२) उपधारा (१) बमोजिमको वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने कुराहरू संघीय कानूनबमोजिम हुनेछ ।

(३) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संवैधानिक निकायले प्रत्येक प्रदेशको कामकारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुखसमक्ष पेस गर्न सक्नेछ ।"

## १.३ आयोगको कामसँग सम्बन्धित मुख्य कानूनहरू एवं आयोगलाई कानूनद्वारा प्रदत्त अधिकारहरू :

### १.३.१ आयोगको कामसँग सम्बन्धित मुख्य कानूनहरू :

आयोगका काम, कर्तव्य र अधिकार देहायबमोजिमका कानूनद्वारा व्यवस्थित गरिएका छन् :

- नेपालको संविधान,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८,
- भ्रष्टाचार निवारण ऐन, २०५९,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९,
- विशेष अदालत ऐन, २०५९,
- सरकारी मुद्दासम्बन्धी ऐन, २०४९,
- प्रमाण ऐन, २०३१ लगायत अनुसन्धानसँग सम्बन्धित अन्य कानूनहरू,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७३,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पदाधिकारी एवं कर्मचारीहरूको आचारसंहिता २०७३,
- अनुसन्धानसम्बन्धी निर्देशिकाहरू ।

### १.३.२ आयोगलाई कानूनद्वारा प्रदत्त अधिकारहरू

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ अनुसार सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले अख्तियारको दुरुपयोग गरेमा कानूनबमोजिम अनुसन्धान, तहकिकात र अभियोजन गर्ने व्यवस्था रहेको छ । आयोगले आफ्नो कर्तव्य निर्वाहको क्रममा देहायका अधिकार प्रयोग गर्न पाउने कानूनी प्रावधान छ :

- भ्रष्टाचारको आरोपमा कारबाही चलाइएको कुनै व्यक्तिले कुनै प्रमाण लोप वा नास गर्न सक्ने वा आयोगको कामकारबाहीमा बाधा व्यवधान वा प्रतिकूल प्रभाव पार्न सक्ने पर्याप्त कारण भएमा आयोगले निजलाई प्रचलित कानूनबमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्ने ।
- कुनै कार्यालय वा कुनै व्यक्तिको साथमा रहेको सम्बद्ध मिसिल वा प्रमाणको लिखत पेस गर्न आदेश दिने ।
- अख्तियार दुरुपयोगको आरोपित वा सम्बद्ध तथ्यहरूको जानकारी भएको व्यक्तिलाई उपस्थित गराई सोधपुछ गर्ने, बयान लिने वा आवश्यकता अनुसार बन्द सवाल जारी गर्ने ।
- बयान लिइसकेपछि खोजेको बखत हाजिर हुने कागज गराई छाड्ने वा तारिखमा राख्ने ।
- भ्रष्टाचारको आरोपमा कारबाही चलाइएको व्यक्ति पदमा बहाल रहिरहँदा आफ्नो विरुद्धको प्रमाण लोप गर्न वा नास गर्न सक्ने वा अनुसन्धान र तहकिकातमा बाधा व्यवधान पुऱ्याउन सक्ने मनासिब कारण भएमा त्यस्तो व्यक्तिलाई पदबाट निलम्बन गर्न नेपाल सरकार वा सम्बन्धित संस्थालाई लेखी पठाउने ।
- भ्रष्टाचारको आरोपमा कारबाही चलाइएको व्यक्ति बेपत्ता हुनसक्ने मनासिव कारण भएमा वा बिगो हानि नोक्सानी भएको देखिएमा आयोगले निजसँग धरौटी वा जेथा जमानत माग्ने र नदिएमा थुनामा राख्ने ।

- आयोगले अनुसन्धानको सिलसिलामा कुनै लिखत वा अन्य कुनै वस्तु पेस गर्न वा कुनै कुराको जानकारी दिन कुनै कार्यालय वा कुनै व्यक्तिलाई लेखी पठाएकोमा वा कुनै व्यक्तिलाई उपस्थित हुन आदेश दिएकोमा सो बमोजिम नगर्ने पदाधिकारी उपर विभागीय कारबाही चलाउन निर्देशन दिने तथा जरिवाना गर्ने वा थुनामा राख्ने ।
- प्रचलित कानूनबमोजिम कुनै ठाउँको तलासी लिने वा लिन लगाउने र आवश्यक देखिएका कुनै वस्तु वा कागज वा मिसिल आफ्नो कब्जामा लिने वा त्यस्तो कागज वा मिसिलको प्रतिलिपि उतार्ने ।
- भ्रष्टाचारको कसुरमा अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिको स्वदेश वा विदेशमा कुनै बैंक वा वित्तीय संस्थामा भएको कारोबार वा खाता संचालन रोक्का राख्न आदेश दिने ।
- अभियुक्तलाई राहदानी जारी नगर्न वा जारी भइसकेको भए सो राहदानी रोक्का राख्न सम्बन्धित निकायलाई आदेश दिने ।
- अभियुक्तलाई आयोगको स्वीकृति बिना कुनै स्थान छोड्न नपाउने गरी वा कुनै स्थानमा जान नपाउने गरी आदेश दिने ।
- आयोगको अनुसन्धान र तहकिकातसम्बन्धी काम कारबाहीमा बाधा विरोध गर्नेलाई जरिवाना वा कैद वा दुवै सजाय गर्ने ।

सोही ऐनले आयोगलाई सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले अख्तियार दुरुपयोग गरेमा कानूनबमोजिम अनुसन्धान र तहकिकात गर्ने, मुद्दा चलाउने तथा तत्सम्बन्धी अन्य कार्यको अतिरिक्त कानूनी राज्यको अवधारणा अनुरूप सुशासन कायम गर्न र सार्वजनिक सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने सुधारात्मक कार्यहरू गर्ने थप दायित्वसमेत सुम्पेको छ। जस अन्तर्गत आयोगबाट निम्न कार्यहरू सम्पादित हुँदै आएका छन् :

- विद्यमान ऐन, नियम, निर्णय, आदेश, कारबाही वा प्रचलनमा त्रुटि भए सुधार गर्न सुझाव दिने वा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने ।
- भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले प्रवर्द्धनात्मक एवं निरोधात्मक कार्यहरू गर्ने,
- भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय, आपसी सहयोग र सम्बन्ध सुदृढ गर्ने ।
- आवश्यकतानुसार सम्बन्धित विषयको विशेषज्ञ वा विशिष्टीकृत सेवा प्राप्त गर्ने ।

## १.४ छानबिन तथा अनुसन्धान प्रक्रिया :

भ्रष्टाचारको सम्बन्धमा कसैको उजुरी वा अन्य कुनै स्रोतबाट प्राप्त जानकारीको आधारमा आयोगले छानबिन, अनुसन्धान तहकिकात गर्न/गराउन वा अन्य कारबाही चलाउन सक्छ । आयोगले आफ्नो अधिकार क्षेत्रभित्र पर्ने भ्रष्टाचारसम्बन्धी कुनै पनि विषयमा अनुसन्धान तहकिकात गरी भ्रष्टाचार भएको देखिएमा सम्बन्धित अदालतमा भ्रष्टाचारसम्बन्धी मुद्दा दायर गर्न सक्छ । सामान्यतया आयोगले उजुरी दर्तापश्चात् प्रारम्भिक छानबिन गर्दछ । प्रारम्भिक छानबिन गर्दा भ्रष्टाचारको सम्भावना देखिएमा विस्तृत अनुसन्धान गरी आवश्यक निर्णय गर्ने गरिन्छ । उजुरीको गाम्भीर्यता विचार गरी आवश्यकतानुसार सिधै विस्तृत अनुसन्धानको प्रक्रिया सुरु गर्न पनि सकिन्छ । प्राप्त हुन आएका उजुरी उपरको छानबिन गर्दा देहायको प्रक्रिया अपनाउने गरिएको छ :

क) विभिन्न माध्यमबाट प्राप्त हुन आएका उजुरीहरू सर्वप्रथम प्रमुख आयुक्तसमक्ष प्रस्तुत हुने व्यवस्था छ ।

ख) यस्ता उजुरीउपर आयोगका सचिवको संयोजकत्वमा रहेको उजुरीसँग सम्बन्धित सबै महाशाखा प्रमुख रहने गरी उजुरी छानबिन व्यवस्थापन तथा फछ्र्यौट समिति (**Screening Committee**) ले छानबिन गरी राय प्रस्तुत गर्दछ ।

ग) यसरी छानबिन गरी पेस भएका उजुरी/निवेदन सम्बन्धित आयुक्तहरूसमक्ष पेस भई निर्णय भएबमोजिम कारबाही अगाडि बढाइन्छ ।

### १.४.१ उजुरी छानबिन व्यवस्थापन तथा फछ्र्यौट समिति (Screening Committee) को काम/कर्तव्य :

आयोग वा अन्तर्गत प्राप्त हुने उजुरीहरूको छानबिन, व्यवस्थापन तथा फछ्र्यौट प्रक्रियालाई प्रभावकारी र

व्यवस्थित बनाउने कार्यका लागि आयोगका सचिवको संयोजकत्वमा उजुरी छानबिन व्यवस्थापन तथा फछ्र्यौट समिति गठन गरिएको छ ।

आयोगमा प्राप्त हुने उजुरीहरूलाई समितिले देहायबमोजिम वर्गीकरण गर्ने गरेको छ :-

(क) सार्वजनिक हित वा सरोकारसँग सम्बन्धित विषयवस्तु बाहेकका सनाखत हुन नसकेका वा सनाखत गराउन नसकिने अवस्थाका उजुरी,

(ख) सार्वजनिक हित वा सरोकारसँग सम्बन्धित विषयवस्तु बाहेकका विषयमा मर्का पर्ने व्यक्ति बाहेक अन्य व्यक्तिले दिएको उजुरी,

(ग) हदम्याद नाघेका उजुरी,

(घ) आयोगको क्षेत्राधिकार र कार्यक्षेत्रमा नपरेका उजुरी,

(ङ) प्रथम दृष्टिमै तथ्ययुक्त नदेखिएका वा गोलमटोल रूपमा लेखिएका उजुरी,

(च) अत्यन्त सामान्य विषयका उजुरी,

(छ) कुनै कारणले कारबाही गर्न सम्भव नभएका उजुरी,

(ज) पहिले एकपटक तामेलीमा रहिसकेका उजुरी निवेदनमा नयाँ प्रमाण पेश नगरी पुनः दिएको उही विषयको उजुरी,

(झ) मन्त्रालय/निकायबाट नै कारबाही गर्न उपयुक्त देखिएका उजुरीहरू,

(ञ) आयोगबाट नै कारबाही प्रक्रिया अघि बढाउन उपयुक्त देखिएका उजुरीहरू ।

उजुरी छानबिन समितिले आयोगमा प्राप्त हुने उजुरीहरूको देहायबमोजिम व्यवस्थापन तथा फछ्र्यौट गर्ने गरेको छ :-

(क) प्राप्त भएका उजुरीहरूको मन्त्रालय/निकायगत विवरण एकमुष्ट रूपमा तयार गर्ने,

(ख) उजुरीहरूको छानबिन गर्दा तामेलीमा राख्नुपर्ने देखिएका उजुरीहरू मन्त्रालय वा निकायगत रूपमा विवरण तयार गरी तामेलीमा राख्न एकमुष्ट उजुरी सम्बन्धित विषय हेर्ने माननीय आयुक्तहरूसमक्ष पेस गर्ने ।

(ग) सम्बन्धित विषय हेर्ने माननीय आयुक्तबाट तामेलीमा राख्ने भनी निर्णय भएमा त्यस्ता उजुरी सम्बन्धित महाशाखा मार्फत अनुगमन तथा तामेली महाशाखामा पठाउने,

(घ) तत्काल तामेलीमा जाने उजुरी बाहेक अन्य उजुरीहरू आवश्यक कारबाहीका लागि सम्बन्धित महाशाखामा पठाउने ।

(ङ) आयोग मातहत कार्यालयहरूमा गठन गरिएका उजुरी स्क्रिनिङ समितिबाट सिफरिस भई आएका उजुरीहरू अध्ययन छलफल गरी सिफारिस सहित निर्णयार्थ पेस गर्ने र निर्णय कार्यान्वयनका लागि सम्बन्धित निकाय र आयोगको कार्यालयमा पठाउने ।

**१.४.२ प्रारम्भिक छानबिनको प्रक्रिया :**

आयोगसमक्ष परेका कुनै पनि उजुरी निवेदन वा आयोग स्वयंले प्राप्त गरेको जानकारी उपर प्रारम्भिक छानबिनको क्रममा कारबाही गर्नुपर्ने वा नपर्ने निक्र्यौल गर्दा देहायका आधार लिने गरिएको छ :

क) आयोगको क्षेत्राधिकारभित्रको विषय,

ख) विषयको गाम्भीर्यता,

ग) आरोपको तथ्यपरक आधार,

घ) आरोपित निकाय र पदाधिकारीहरू,

ङ) सार्वजनिक वा सरकारी सम्पत्तिको हानि नोक्सानी वा अनुचित लाभको अवस्था,

ङ) उजुरीको विषयमा कुनै अदालतमा विचाराधीन रहेको वा मुद्दा चलिरहेको अवस्था,

च) उजुरीमा उल्लिखित विषयको हदम्याद आदि ।

आयोगमा पर्न आएका उजुरी उपर प्रारम्भिक छानबिन गर्नुपर्ने देखिएमा आयोग आफैंले वा अन्य सरकारी निकाय वा संस्था वा अधिकारी मार्फत प्रारम्भिक छानबिन गर्न/गराउन सक्दछ। आयोगमा पर्न आएको उजुरीमा प्रारम्भिक छानबिन गर्ने क्रममा देहायबमोजिमको कुनै अवस्था विद्यमान भएमा आयोगले त्यस्तो उजुरी कुनै कारबाही नगरी तामेलीमा राख्न सक्दछ।

क) ऐनको हदम्याद नाघेको,

ख) आयोगको अधिकार र कार्यक्षेत्रभित्रको विषय नभएको,

ग) तथ्ययुक्त आधार नभएको,

घ) दुःख दिने मनसायको र

ङ) सामान्य विषय समावेश भएको ।

प्रारम्भिक छानबिनको क्रममा अख्तियारको दुरुपयोग भएको देखिन आएमा त्यस्ता उजुरी उपर आयोगले विस्तृत अनुसन्धान तथा तहकिकात गर्न/गराउन सक्दछ । विषयवस्तुको गाम्भीर्यता, प्रकृति र प्राप्त सूचनाहरूको आधारमा प्रारम्भिक छानबिन नगरी आयोगले एकैपटक विस्तृत अनुसन्धान पनि गर्न सक्दछ।

**१.४.३ विस्तृत अनुसन्धानको प्रक्रिया :**

प्रारम्भिक छानबिनबाट विस्तृत अनुसन्धान गर्नुपर्ने वा सिधै विस्तृत अनुसन्धान गर्नुपर्ने देखिएमा अनुसन्धान अधिकृत नियुक्त गरिन्छ । अनुसन्धान अधिकृतले सम्बन्धित आयुक्तको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा अनुसन्धान र तहकिकात गर्दछ । उजुरीमा आरोपित विषयहरूका बारेमा सम्बन्धित व्यक्तिहरूको बयान वा लिखित जवाफ लिने, निजविरुद्धका प्रमाणहरू संकलन गर्ने, अनुसन्धानको क्रममा आरोपित व्यक्तिलाई नियन्त्रणमा लिनुपर्ने भए नियन्त्रणमा लिने, आवश्यकता अनुसार निजबाट धरौटी वा जेथाजमानी वा हाजिर जमानी लिने कार्य गर्न सक्दछ । अनुसन्धानको कार्य पूरा भएपछि अनुसन्धान अधिकृतले प्रतिवेदन तयार गरी आयोगको बैठकमा पेस गर्नका लागि सम्बन्धित आयुक्तसमक्ष पेस गर्ने व्यवस्था रहेको छ । यसरी पेस भएको प्रतिवेदन आयोगमा पेस हुनुपूर्व सम्बन्धित आयुक्तबाट थप प्रमाण संकलन वा अनुसन्धान गर्नुपर्ने भए सो समेत गर्न लगाई आयोगमा पेस गर्न आदेश हुन सक्दछ । यसरी पेस भएको प्रतिवेदन आयोगमा छलफल गरी कसुरको मात्रा, विषयको गाम्भीर्यता, प्रकृति एवं संकलित प्रमाणको प्रामाणिकतासमेतलाई दृष्टिगत गरी मुद्दा दायर गर्ने वा सम्बन्धित निकायलाई सुझाव दिने वा तत्कालका लागि मुल्तबीमा राख्ने वा केही कारबाही गरिरहन नपर्ने गरी उजुरी तामेलीमा राख्ने निर्णय गरिन्छ । आयोगले गरेका विस्तृत अनुसन्धान प्रतिवेदन र निर्णयको कार्यान्वयन आयोगको सचिवमार्फत् हुने व्यवस्था रहेको छ ।

## १.५ आयोगको आन्तरिक कार्यविभाजन, बैठक र निर्णय :

संविधानमा व्यवस्था भएबमोजिम हाल आयोगमा प्रमुख आयुक्त र तीन जना अन्य आयुक्त गरी चारजना पदाधिकारीहरू कार्यरत भएको अवस्था छ । आयोगमा हाल कार्यरत पदाधिकारीहरूको नामावली देहायबमोजिम रहेको छ ।

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १. | प्रमुख आयुक्त | श्री नवीनकुमार घिमिरे |
| २. | आयुक्त | डा. गणेशराज जोशी |
| ३. | आयुक्त | श्री राजनारायण पाठक |
| ४. | आयुक्त | डा. सावित्री थापा गुरुङ |

आयोगमा कार्यरत प्रमुख आयुक्त र आयुक्तहरूबीचको कार्यविभाजन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २२ बमोजिम प्रमुख आयुक्तले तोक्ने र निर्णय प्रक्रियाको हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७३ बनाई निश्चित गरिएको छ । आयोगका आन्तरिक कार्यविधिहरू आयोगको बैठकबाट निर्णय गरी व्यवस्थित गरिएका छन् । आयोगमा पेस हुन आएका भ्रष्टाचारसम्बन्धी उजुरीका सम्बन्धमा आवश्यक छानबिन, अनुसन्धान र तहकिकातका लागि आयुक्तहरूका बीचमा संयुक्तरूपमा निर्णय हुने व्यवस्था छ । आयोगको महाशाखा वा अनुसन्धान अधिकृतले अनुसन्धान कार्य सम्पन्न गरी सचिवमार्फत सम्बन्धित आयुक्तसमक्ष पेस गरेको कुनै विषयमा सम्बन्धित आयुक्तबाट आयोगमा पेस गर्ने आदेश भएका विषयहरू वा अन्य नीतिगत निर्णय हुनुपर्ने विषयहरूको कार्यसूची प्रमुख आयुक्तको निर्देशनमा सचिवबाट तय गरिन्छ । यसरी कार्यसूची तयार भएपछि विषयको गाम्भीर्यता, जटिलता र शीघ्र निर्णयको आवश्यकतालाई दृष्टिगत गरी प्रमुख आयुक्तको निर्देशन अनुसार कुनै पनि समयमा आयोगको बैठक बसी निर्णय हुने व्यवस्था

रहेको छ । मातहत कार्यालयहरूको कामकारबाहीको अनुगमन प्रयोजनका लागि समेत प्रमुख आयुक्तबाट आयुक्तहरूबीच कार्यविभाजन गरी व्यवस्थित गरिएको छ ।

## १.६ संगठन संरचना :

नेपालको संविधानले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन तथा काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । सोही बमोजिमको भूमिका निर्वाह गर्नका लागि आयोगको संगठन संरचना, दरबन्दी तथा कर्मचारीको व्यवस्थापन गरिएको छ । आयोगको सचिवालयको प्रमुखमा नेपाल सरकारको राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था रहेको छ । २०७५ असार ३१ गतेसम्म आयोग र मातहतका १० वटा कार्यालयहरूमा गरी जम्मा ८२० कर्मचारीहरूको दरबन्दी रहेको थियो । आयोगको टंगालस्थित कार्यालयमा १२ वटा महाशाखाहरूमा निजामती र प्रहरी गरी जम्मा ५१८ जना विभिन्न सेवा, समूह र श्रेणीका कर्मचारीहरूको दरबन्दी रहेको र आयोगका मातहत कार्यालयहरू धनकुटा, इटहरी, हेटौंडा, बर्दिबास, बुटवल, पोखरा, नेपालगञ्ज, सुर्खेत, महेन्द्रनगर र दिपायलमा रहेका कार्यालयहरूको जम्मा दरबन्दी ३०२ थियो । मुलुकमा संघीय स्वरूप कायम भएसँगै संघीय ढाँचाअनुरूप स्थानीय स्तरमा आयोगको उपस्थिति थप सुदृढ बनाउन हालको संगठनात्मक संरचनामा पुनरावलोकन गरी नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७५।३।३२ को निर्णयले स्वीकृत नयाँ संगठन संरचनाबमोजिम आ.व. २०७५।७६ देखि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, मातहत रहने गरी सात प्रदेशमा १/१ वटा कार्यालय रहेका छन् भने आयोगको कार्यालय बुटवलको सम्पर्क कार्यालय नेपालगंजमा रहेको छ । नयाँ संगठन संरचना अनुसार आयोग र मातहतका ८ वटा कार्यालयहरूमा निजामती सेवा र प्रहरी सेवाका गरी जम्मा ९१६ कर्मचारीहरूको दरबन्दी रहेको छ । आयोगको टंगालस्थित कार्यालयमा १२ वटा महाशाखाहरू रहेका र जम्मा ४९५ जना विभिन्न सेवा, समूह र श्रेणीका कर्मचारीहरूको दरबन्दी रहेको छ भने आयोगका मातहत कार्यालयहरूको जम्मा दरबन्दी ४२१ रहेको छ ।

आयोगको हाल विद्यमान संगठनात्मक संरचना अनुसूची- १ मा तथा कर्मचारीहरूको स्वीकृत दरबन्दी विवरण अनुसूची- २ मा उल्लेख गरिएको छ ।

## १.७ आयोग र अन्य निकायबीचको अन्तर्सम्बन्ध :

संवैधानिक तथा कानूनी व्यवस्थाबमोजिम विभिन्न निकायहरू आयोगको कार्यसम्पादनसँग अन्तर्सम्बन्धित रहेका छन् । आयोगको कार्यसम्पादनसँग प्रत्यक्ष सम्बन्ध रहेका विभिन्न निकायहरू देहायबमोजिम छन् ।

### १.७.१ विशेष अदालत :

आयोगबाट भएको अनुसन्धानबाट कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरेको देखिएमा यस्तो व्यक्ति वा सो कार्यमा संलग्न अन्य व्यक्तिउपर अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्नसक्ने व्यवस्था नेपालको संविधानमा छ । संविधान तथा कानूनमा व्यवस्था भएबमोजिम अनुसन्धानबाट भ्रष्टाचारजन्य कसुर भएको देखिएमा आयोगबाट विशेष अदालतमा मुद्दा दर्ता हुने गरेको छ । विशेष सरकारी वकिलको कार्यालयबाट यस सम्बन्धमा बहसपैरवी हुने गर्दछ । आवश्यकतानुसार आयोगबाट सर्वोच्च अदालतमा पुनरावेदन वा पुनरावलोकनको निवेदन दर्ता गर्ने कार्य गरिन्छ ।

### १.७.२ राज्य व्यवस्था तथा सुशासन समिति :

प्रतिनिधिसभाका समितिले संवैधानिक निकायको अनुगमन गर्ने संवैधानिक व्यवस्था भए अनुरूप व्यवस्थापिका-संसदको राज्य व्यवस्था तथा सुशासन समितिबाट आयोगका कामकारबाहीहरूको अनुगमन हुने गरेको छ । आयोगको वार्षिक प्रतिवेदनमार्फत दिइएका सुझावहरूको कार्यान्वयनको विषयमा समितिमा छलफल हुने गर्दछ । यसैगरी भ्रष्टाचार नियन्त्रणका प्रयासहरूलाई गतिशील र प्रभावकारी बनाउन तथा सुशासन र सदाचार प्रवर्द्धनमा देखिएका समस्या समाधान गर्नका लागि समितिबाट सम्बद्ध निकायहरूसँग छलफल तथा अन्तर्क्रिया हुनुका साथै आवश्यक निर्णय/निर्देशनसमेत हुने गरेको छ ।

### १.७.३ राष्ट्रिय सतर्कता केन्द्र :

भ्रष्टाचार निवारण ऐनमा भएको व्यवस्था अनुसार राष्ट्रिय सतर्कता केन्द्रले सार्वजनिक पद धारण गरेको व्यक्तिले हरेक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण भरी सम्बन्धित निकायमा बुझाए/नबुझाएको विषयमा अनुगमन गरी प्रतिवेदन आयोगमा पठाउने गरेको छ । प्राप्त प्रतिवेदनमा उल्लेख

भएका सम्पत्ति विवरण नबुझाउने सार्वजनिक पद धारण गरेका व्यक्तिहरूलाई कानूनबमोजिम आयोगबाट जरिवाना हुँदै आएको छ ।

**१.७.४ जिल्ला प्रशासन कार्यालय (अधिकार प्रत्यायोजन) :**

नेपालको संविधानको धारा २३९ को उपधारा ५ मा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग र पालना गर्ने गरी आयोगबाट अधिकार प्रत्यायोजन हुनसक्ने व्यवस्था संविधानमा भएबमोजिम आयोगबाट तीसवटा पहाडी तथा हिमाली जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई अनुसन्धानसम्बन्धी केही अधिकार प्रत्यायोजन गरिएको छ । नेपाल राजपत्र खण्ड ६७, संख्या १५, भाग ४ मिति २०७४।३।२६ मा प्रकाशित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सूचनाबमोजिम ताप्लेजुङ, पाँचथर, संखुवासभा, भोजपुर, सोलुखुम्बु, ओखलढुंगा, खोटाङ, दोलखा, रामेछाप, मनाङ, मुस्ताङ, गोरखा, लमजुङ, गुल्मी, अर्घाखाँची, रोल्पा, प्यूठान, रुकुम, सल्यान, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट, दार्चुला, बाजुरा, बझाङ, अछाम र बैतडी गरी ३० जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई तोकिएको सर्तबमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ ।

**१.७.५ अन्य निकायहरू :**

आयोगबाट सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको भ्रष्टाचारजन्य कार्यको अनुसन्धानका सिलसिलामा नेपाल सरकारका विभिन्न निकायहरूबाट आवश्यक जानकारी तथा विवरण प्राप्त हुने गरेको छ । मन्त्रालयहरू, निजामती किताबखाना, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंकलगायतका अभिलेख र विवरण रहने निकायहरूबाट आवश्यक विवरण आयोगलाई प्राप्त हुन्छ । त्यसैगरी आयोगमा परेको कुनै उजुरी अन्य निकायको अधिकारक्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा आयोगबाट आवश्यक कारबाहीका लागि सम्बन्धित निकायसमक्ष लेखी पठाउने गरिएको छ । यस्ता निकायहरूमा सम्बन्धित मन्त्रालय/विभाग/कार्यालय, विश्वविद्यालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, नेपाल प्रहरी लगायत अन्य नियामक निकायहरू रहेका छन् ।

## १.८ बजेट व्यवस्था :

विशिष्टीकृत संस्थाको रूपमा रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग अनुसन्धान तहकिकातसम्बन्धी कार्यमा संलग्न रहँदै आएको छ । भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने कार्यका लागि यसले प्रवर्द्धनात्मक एवं निरोधात्मक कार्य समेत गर्दै आएको छ । यसका लागि आवश्यक पर्ने बजेटको व्यवस्था नेपाल सरकारबाट हुँदै आएको छ । आर्थिक वर्ष २०७४/७५ मा आयोगका लागि छुट्याइएको पुँजीगततर्फको बजेटबाट भवन निर्माण, फरेन्सिक ल्याब संचालन, इन्जिनियरिङ ल्याब निर्माण, सौर्य ऊर्जा विद्युत प्रणाली (सोलार सिस्टम) जडान, सवारी साधन खरिदलगायतका कार्य गरिएको थियो भने चालुतर्फको बजेटबाट तलब भत्ता लगायतमा खर्च गरिएको थियो । यस आर्थिक वर्षमा आयोगका लागि छुट्याइएको कुल बजेट रु.१,१७,२७,०८,०००।- मा रु.८५,६३,०८,७५२।०३ निकासा भई त्यत्ति नै रकम खर्च भएको छ । आयोगलाई प्राप्त बजेटमध्ये संस्थागत सुदृढीकरणतर्फ चालुमा रु.१३,९८,८५,०००।- र पुँजीगतमा रु.३०,९९,९८,०००।- विनियोजन भएकोमा चालुतर्फ रु.८,१०,९४,७८८।४२ र पुँजीगततर्फ रु.२२,१७,७५,९६८।५७ खर्च भएको छ । संस्थागत सुदृढीकरण अन्तर्गत भौतिक पूर्वाधार विकासतर्फ आयोगका कार्यालय भवन निर्माण, उपकरण खरिदलगायत कार्य गरिएको छ । त्यसैगरी जनशक्तिको क्षमता अभिवृद्धि, अध्ययन अनुसन्धान, आयोगका कानूनी तथा कार्यविधिगत संयन्त्रको विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन् । प्रतिवेदन अवधिसम्म आयोगमा कुनै पनि बेरुजु रहेको छैन । आयोगको बजेट विनियोजन, निकासा, खर्च, राजस्व आम्दानी तथा धरौटीको विवरण अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।


# परिच्छेद-२
# आयोगबाट सम्पादित अनुसन्धान र अभियोजन सम्वन्धी कार्यको विश्लेषण

## २.१ उजुरी/सूचनाहरू :


उजुरीकर्ताहरूको सहज पहुँचका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभिन्न माध्यमहरूबाट उजुरी दिन सकिने प्रबन्ध गरेको छ । आयोगमा हुलाक, इमेल, आयोगको वेब साइटमा व्यवस्था भएको अनलाइन उजुरी, फ्याक्स, टोल फ्रि नम्बरमा भ्वाइस रेकर्डिङ मार्फत उजुरी दर्ता हुने तथा व्यक्तिहरू आफैं आई उजुरी दर्ता गर्ने गरेका छन् । यस अतिरिक्त पत्रपत्रिका तथा अन्य विद्युतीय सञ्चार माध्यममा प्रकाशन तथा प्रसारण भएका सार्वजनिक चासोका विषयहरूलाई समेत आयोगले उजुरीको रूपमा ग्रहण गर्ने गरेको छ । आयोगमा राज्यका अन्य निकायहरूबाट समेत उजुरीहरू प्राप्त हुने गरेका छन् । आर्थिक वर्ष २०७४।७५ मा विभिन्न माध्यमहरूबाट आयोगको केन्द्र तथा मातहत कार्यालयहरूमा पर्न आएका तथा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका उजुरीहरूको संख्या निम्नानुसार रहेको छ ।

**तालिका २.१ आयोगमा दर्ता भएका उजुरीको संख्या**

| कार्यालय | आ.व.२०७४।७५ मा दर्ता भएका उजुरी | गत आ.व.बाट जिम्मेवारी सरेका उजुरी | जम्मा उजुरी |
|---|---|---|---|
| अ.दु.अ.आ., टंगाल | ७५३७ | ५४७६ | १३०१३ |
| आयोगको कार्यालय इटहरी/धनकुटा | ९५६ | ३४० | १२९६ |
| आयोगको कार्यालय हेटौंडा/बर्दिबास | ७५८ | ५१८ | १२७६ |
| आयोगको कार्यालय पोखरा/बुटवल | १०५० | ५४० | १५९० |
| आयोगको कार्यालय सुर्खेत/कोहलपुर | ८८० | ४७२ | १३५२ |
| आयोगको कार्यालय महेन्द्रनगर/दिपायल | ५८८ | ३७३ | ९६१ |
| **कुल जम्मा** | ११७६९ | ७७१९ | १९४८८ |



उजुरी/सूचनाका माध्यमहरू तर्फ हेर्दा चिठीपत्र/निवेदन सबैभन्दा बढी उजुरी प्राप्त हुने माध्यमका रूपमा रहेको देखिन्छ । आर्थिक वर्ष २०७४/०७५ मा चिठीपत्र/निवेदनबाट ७५%, इमेल/अनलाइनबाट १२% र टोल फ्रि/टेलिफोनबाट १०% उजुरी/सूचना प्राप्त भएका छन् । त्यसैगरी, पत्रपत्रिकामा प्रकाशित समाचारबाट २% र फ्याक्सबाट १% उजुरी प्राप्त भएका छन् ।





## २.१.२ क्षेत्रगत उजुरीको संख्या :

आर्थिक वर्ष २०७४/७५ मा बढी उजुरी परेका विभिन्न क्षेत्रहरूसँग सम्बद्ध उजुरीहरूको संख्या देहाय बमोजिम रहेको छ :

| क्र.सं. | उजुरीको क्षेत्र | गत आ.व.बाट जिम्मेवारी सरेको | यस आ.व.को | जम्मा संख्या |
|---|---|---|---|---|
| १. | शिक्षा | ११६४ | २४०६ | ३५७० |
| २. | संघीय मामिला | ९४५ | २५६६ | ३५११ |
| ३. | भूमि सुधार | ४४६ | ८१६ | १२६२ |
| ४. | वन तथा भू-संरक्षण | २०७ | ६६७ | ८७४ |
| ५. | स्वास्थ्य तथा जनसंख्या | २२५ | ६२६ | ८५१ |
| ६. | गृह | १३० | ६७४ | ८०४ |

माथि उल्लिखित तालिकाबाट सबैभन्दा बढी शिक्षा मन्त्रालयको क्षेत्रसँग सम्बन्धित उजुरी करिब १८.३२%, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग सम्बन्धित १८.०२%, भूमिसुधार तथा व्यवस्था मन्त्रालयसँग सम्बन्धित ६.४८%, वन तथा भू-संरक्षण मन्त्रालयसँग सम्बन्धित ४.४८%, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग सम्बन्धित ४.३७%, तथा गृह मन्त्रालयसँग सम्बन्धित उजुरी ४.१३% रहेको देखिन्छ । यसका अतिरिक्त सम्पत्ति मूल्यांकन तथा विशेष अनुसन्धानतर्फ २२५९(११.६०%) र शैक्षिक प्रमाण-पत्र छानबिनतर्फ

२०७७(१०.६५%) उजुरीहरू पर्न आएका छन् । विगत पाँच वर्षको तथ्यांक हेर्दा हरेक वर्ष बढी उजुरी पर्ने क्षेत्रहरू (मन्त्रालय) प्रायः उस्तै रहेको तथ्य देहायको रेखाचित्र **(Bar Graph)** बाट देखिन्छ ।




## २.२. प्रारम्भिक छानबिनबाट भएको कारबाही :


आयोगले उजुरीको गाम्भीर्यता तथा प्राप्त प्रमाणका आधारमा अनुसन्धान कार्यलाई दुई चरणमा सम्पन्न गर्दछ । उजुरीको विषयमा प्रारम्भिक छानबिनबाट विस्तृत अनुसन्धान गर्ने, तामेलीमा राख्ने वा सम्बन्धित निकायमा लेखी पठाउने लगायतका कार्य गरिन्छ । प्रारम्भिक छानबिनबाट भ्रष्टाचार भएको सम्भावना देखिन आएमा विस्तृत अनुसन्धान तहकिकात गर्न आयोगबाट अनुसन्धान अधिकृत नियुक्त गरी कारबाहीको प्रक्रिया अगाडि बढाइन्छ । आ.व. २०७४।७५ मा प्रारम्भिक छानबिनबाट फछ्र्यौट भएका उजुरीहरूको संख्या निम्नानुसार रहेको छ ।

**प्रारम्भिक छानबिनबाट फछ्र्यौट भएका उजुरीको संख्या**


| कार्यालय | कुल उजुरीको संख्या | फछ्र्यौट गरिएका उजुरीको संख्या | | | | | बाँकी उजुरीको संख्या |
|---|---|---|---|---|---|---|---|
| | | प्रारम्भिक छानबिनबाट सिधै तामेली भएको | प्रारम्भिक छानबिनबाट सुझावसहित तामेली भएको | विस्तृत अनुसन्धान मा गएको | अन्य कारबाही भएको | कुल फछ्र्यौट | |
| अ.दु.अ.आ.,टंगाल | १३०१३ | ३७७५ | १६१ | ३५१ | ४४०७ | ८६९४ | ४३१९ |
| आयोगको कार्यालय इटहरी/धनकुटा | १२९६ | ४३० | ० | ५८ | २४८ | ७३६ | ५६० |
| आयोगको कार्यालय हेटौंडा/बर्दिबास | १२७६ | ४५९ | ११ | २७ | १३४ | ६३१ | ६४५ |
| आयोगको कार्यालय पोखरा/बुटवल | १५९० | ५१४ | ९० | ३३ | २८३ | ९२० | ६७० |
| आयोगको कार्यालय सुर्खेत/कोहलपुर | १३५२ | ८८८ | ० | ६२ | ५० | १००० | ३५२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आयोगको कार्यालय कञ्चनपुर/दिपायल | ९६१ | ३९२ | ० | १५ | १२ | ४१९ | ५४२ |
| **जम्मा** | **१९४८८** | **६४५८** | **२६२** | **५४६** | **५१३४** | **१२४००** | **७०८८** |

प्रारम्भिक छानबिनबाट भएको उजुरी फछ्र्यौटको तथ्यांक हेर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालमा परेका उजुरीहरूमध्ये ६७% उजुरीहरू फछ्र्यौट भएका छन् भने मातहत कार्यालयहरूको समग्र उजुरी फछ्र्यौट ५७% रहेको छ । आयोग र मातहत कार्यालय समेतका कुल उजुरीहरू १९,४८८ मा १२४०० उजुरीहरू फछ्र्यौट भई समग्र फछ्र्यौट भने ६४% रहेको छ । फछ्र्यौट हुन बाँकी रहेका ७,०८८ उजुरीहरूमा अनुसन्धान जारी रहेकोले आगामी आर्थिक वर्षमा जिम्मेवारी सरेर गएका छन् । आयोगमा कुल दर्ता र फछ्र्यौट भएका उजुरीहरूको निकायगत विवरण अनुसूची-४ मा र आयोगको प्रत्यायोजित अधिकार प्रयोग गर्ने जिल्ला प्रशासन कार्यालयहरूमा दर्ता भएका उजुरीसम्बन्धी विवरण अनुसूची-५ मा प्रस्तुत गरिएको छ ।




आर्थिक वर्ष ०७४।७५ मा प्रारम्भिक छानबिनबाट फछ्र्यौट भएका कुल १२४०० उजुरीमध्ये ५२% उजुरी सिधै तामेलीमा गएका छन् भने ४२% उजुरी अन्य निकायमा आवश्यक कारबाहीका लागि लेखी पठाइएको छ । त्यसैगरी २% उजुरी सम्बन्धित निकायमा सुझाव दिई तामेलीमा राखिएका छन् भने ४% उजुरीको विस्तृत अनुसन्धानको कारबाही अगाडि बढाइएको छ ।



उजुरी दर्ता र फछ्र्यौटको संख्या तथा बाँकी रहेका उजुरीहरूको संख्यासम्बन्धी विगत पाँच वर्षको तथ्यांकको तुलना गर्दा विभिन्न आर्थिक वर्षहरूमा तथ्यांक घटबढ भएको देहायको चित्रबाट स्पष्ट हुन्छ । विगत पाँच वर्षमा दर्ता भएका, फछ्र्यौट भएका र फछ्र्यौट हुन बाँकी भई अर्को वर्षमा जिम्मेवारी सरेका उजुरीहरूको संख्या हेर्दा आर्थिक वर्ष २०७१।७२ मा उजुरीको संख्या बढेको देखिन्छ भने त्यसपछि क्रमशः घट्दै गएको देखिन्छ । आर्थिक वर्ष २०७१।७२ मा लामो समयसम्म रिक्त रहेको प्रमुख आयुक्त र अन्य आयुक्त पदमा नियुक्ति भई आयोगमा पदाधिकारीहरूले जिम्मेवारी बहन गरेको र आयोगका क्षेत्रीय र सम्पर्क कार्यालयको स्थापना समेत भई नागरिकहरूको आयोगसँगको पहुँच सहज भएको हुँदा आयोगमा प्राप्त हुने उजुरीको संख्या उल्लेख्य रूपमा बढेको देखिन्छ । तर आ.व. २०७२।७३ को पूर्वार्द्धमा जारी भएको नेपालको संविधानमा अनुचित कार्यसम्बन्धी आयोगको अधिकार क्षेत्र कटौती भएपछि सो समय पश्चात् आयोगमा प्राप्त हुने उजुरीको संख्यामा केही कमी हुँदै आएको देखिन्छ । आयोगमा फछ्र्यौट हुन बाँकी भई अर्को वर्षमा जिम्मेवारी सरेका उजुरीहरूको संख्यातर्फ हेर्दा आर्थिक वर्ष २०७०।७१ देखि २०७४।७५ सम्म हरेक आ.व.मा उजुरी संख्या क्रमशः कम हुँदै गएको देखिएको हुँदा आयोगको कार्यसम्पादनमा सुधार हुँदै गएको भन्न सकिन्छ ।


## २.३ विस्तृत अनुसन्धान :

विगत आ.व. बाट जिम्मेवारी सरेका र यस आ.व. मा थप भएका गरी जम्मा ५०४ वटा फाइलहरूको अनुसन्धान अधिकृतबाट विस्तृत अनुसन्धान सम्पन्न गरी आयोगसमक्ष पेस गरिएको र आयोगको निर्णय अनुसार कार्यान्वयन गरिएको छ । विस्तृत अनुसन्धानको क्रममा रु. ९,०१,४२,५७३।७९ रकम असुलउपर भएको छ । आ.व. २०७४/७५ मा विस्तृत अनुसन्धानबाट भएको कारबाही विवरण निम्नानुसार रहेको छ । विस्तृत अनुसन्धान सम्पन्न भएका उजुरीहरूको निकायगत विवरण अनुसूची-९ मा र विस्तृत अनुसन्धानबाट कारबाही भएका निर्णयहरूको निकायगत विवरण अनुसूची- १६ मा प्रस्तुत गरिएको छ ।

**विस्तृत अनुसन्धानबाट भएको कारबाहीको विवरण :**

| सि. नं. | विवरण | कारबाही संख्या |
|---|---|---|
| १. | तामेली | २०२ |
| २. | मुद्दा दायर | १९४ |
| ३. | लेखी पठाएको | ६४ |
| ४. | सुझाव | ४५ |
| ५. | मुल्तबी | १० |
| ६. | अन्य | ११ |

विस्तृत अनुसन्धानबाट भएको कारबाही



आ.व. २०७४/७५ मा विस्तृत अनुसन्धान सम्पन्न भई १९४ वटा मुद्दा विशेष अदालतमा दायर गरिएको छ भने सम्बन्धित निकायलाई ४५ वटा सुझाव दिइएको तथा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको संख्या ६४ रहेको छ ।


## २.४ मुद्दा दायर :

यस आर्थिक वर्षमा मुद्दा दायर गर्ने निर्णय भएका १९४ मध्ये १८८ वटा र अघिल्लो आ.व.बाट जिम्मेवारी सरी आएका ४ थानसमेत गरी जम्मा १९२ थान मुद्दाहरू विशेष अदालतमा दायर भएका छन् । विस्तृत अनुसन्धानबाट मुद्दा दायर गर्ने निर्णय भएका उजुरीहरू घुस/रिसवत, शैक्षिक योग्यताको नक्कली प्रमाण-पत्र, सार्वजनिक सम्पत्तिको हानि नोक्सानी, गैरकानूनी लाभ हानि, राजस्व रकम हिनामिना, गैरकानूनी सम्पत्ति आर्जन लगायतका विषयसँग सम्बन्धित रहेका छन् । मुद्दाहरूको विषयगत विवरण, प्रतिवादी बनाइएका व्यक्तिहरूको संख्यात्मक विवरण तथा कुल बिगो मागदाबीसम्बन्धी विवरण निम्नानुसार रहेको छ ।

**आ.व.०७४/७५ को मुद्दासम्बन्धी निर्णय विवरण**


| क्र.सं. | विषय | मुद्दा (संख्या) | प्रतिवादी (संख्या) | | | कुल बिगो मागदाबी (रु.) |
|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा | |
| १. | घुस (रिसवत) | ९७ | १५० | ४ | १५४ | १,०३,७२,८५०।०० |
| २. | झुठा शैक्षिक प्रमाण पत्र | ६४ | ४५ | १९ | ६४ | ० |
| ३. | सार्वजनिक सम्पत्तिको हानि नोक्सानी | १३ | २५ | १ | २६ | २,९०,९२,४८७।६० |
| ४. | गैरकानूनी सम्पत्ति आर्जन | ४ | ४ | ० | ४ | ११,९७,७४,८२१।९६ |
| ५ | गैरकानूनी लाभ वा हानि पुऱ्याएको | ८ | ९४ | ३ | ९७ | १२,२५,५३,९१३।८४ |
| ६. | राजस्व चुहावट | ५ | २० | १ | २१ | ११,०१,५३,१८८।७६ |
| ७. | विविध | ३ | ५४ | ६ | ६० | १,३६,१२,०००।०० |
| जम्मा | | १९४ | ३९२ | ३४ | ४२६ | ४०,५५,५९,२६२।१६ |

**विषयगत आधारमा मुद्दा दर्ताको संख्या**



आयोगबाट विगत वर्षहरूमा विशेष अदालतमा दायर भएका मुद्दाहरूमध्ये आर्थिक वर्ष २०७४।७५ मा १७४ वटा मुद्दाहरूको फैसला प्राप्त भएको छ, विशेष अदालतमा दायर भएका मुद्दाहरूमध्ये कुल ६७.८२% मुद्दाहरूमा आयोगलाई सफलता प्राप्त भएको छ । जस अन्तर्गत भ्रष्टाचारतर्फ ५७.८% र नक्कली शैक्षिक प्रमाणपत्रतर्फ ८४.६१% मुद्दाहरूमा आयोगलाई सफलता प्राप्त भएको छ ।

विशेष अदालतबाट फैसला भएका भ्रष्टाचारसम्बन्धी मुद्दाहरूमा आ.व. ०६६/६७ देखि आ.व. ०७४/७५ सम्म सफलताको प्रतिशत




## २.५ आयोगको बैठक र निर्णय :

भ्रष्टाचारजन्य कार्यहरू उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट हुने अनुसन्धान तथा अभियोजनसम्बन्धी विषयहरूमा आयोगको बैठकबाट निर्णय हुन्छ । आयोगमा परेका उजुरीउपर विस्तृत अनुसन्धान गर्न तोकिएका अनुसन्धान अधिकृतहरूले तयार गरेको अनुसन्धान प्रतिवेदन आयोगको बैठकमा प्रस्तुत गरिन्छ र छलफल भई निर्णय हुन्छ । यसका साथै आयोगका अन्य आवश्यक विषयहरूमा समेत आयोगको बैठकमा छलफल भई निर्णय लिइन्छ । सामान्यतया हप्तामा दुईपटक आयोगको बैठक बस्छ । आर्थिक वर्ष २०७४।७५ मा आयोगको कुल ९७ वटा बैठक बसी विभिन्न विषयहरूमा जम्मा ७०८ वटा निर्णयहरू लिइएको छ ।

आयोगको बैठकवाट विगत वर्षमा भए गरेका निर्णयहरूको कार्यान्वयनबाट यस आर्थिक वर्षमा पहाडमा ५३ रोपनी ६ आना र तराईमा ४१० बिघा १३ कठ्ठा १२ धुर जग्गा आयोगको निर्णय कार्यान्वयन भई नेपाल सरकारको नाममा कायम भइसकेको छ । विगतका निर्णयहरूको कार्यान्वयनबाट रु.१६,१३,१३,१७९।९६ असुलउपर भएको छ ।

## २.६ अभियोजन

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ ले सार्वजनिक पद धारण गरेको व्यक्ति उपर भ्रष्टाचार आरोपको सम्बन्धमा चलेको कारबाही र त्यस सम्बन्धमा भएको अनुसन्धान र तहकिकातबाट निजले सो अपराध गरेको हो भन्ने विश्वास गर्नुपर्ने मनासिब कारण भएमा आयोगले त्यस सम्बन्धमा प्रचलित कानूनबमोजिम मुद्दा चलाउन सक्ने व्यवस्था गरे अनुरूप आ.व. ०७४।७५ मा १९४ वटा मुद्दा चलाउने निर्णय भएकोमा सो मध्येबाट १८८ वटा र गत आ.व.मा निर्णय भएको मध्येबाट ४ वटा गरी कुल १९२ वटा मुद्दाको विशेष अदालत, काठमाडौंमा अभियोगपत्र दायर गरिएको छ । आयोगको निर्णयबमोजिम गरिएको अभियोजनको विवरण निम्नानुसार छ ।

### २.६.१ घुस (रिसवत) लिई भ्रष्टाचार गरेका मुद्दाहरू :-

आ.व. ०७४।७५ मा घुस (रिसवत) लिई भ्रष्टाचार गरेका मुद्दाहरूमध्ये तपसिलबमोजिमका राष्ट्रसेवकले रिसवत लिएको अवस्थामा रंगेहात फेला पारी अनुसन्धान हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा

(१) बमोजिमको कसुर गरेको र राष्ट्रसेवक तथा अन्य व्यक्तिहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकाले निजहरू उपर तपसिलबमोजिमको बिगो कायम गरी सोही उपदफामा व्यवस्थित जरिवाना तथा हदैसम्मको सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

| सि.नं. | आयोगको निर्णय मिति | आरोपपत्र दायर मिति | राष्ट्रसेवक प्रतिवादीको नाम, पद र कार्यालय | बिगो (रु.) |
|---|---|---|---|---|
| १. | २०७४।४।२ | २०७४।४।६ | विश्वनाथप्रसाद यादव, नायब सुब्बा, भूमिसुधार कार्यालय, बारा । | १५,०००।- |
| २. | २०७४।४।५ | २०७४।४।६ | रमेश सिंह, करार सव-इन्जिनियर, तारकेश्वर नगरपालिका, काठमाडौं । | ११,०००।- |
| ३. | २०७४।४।८ | २०७४।४।८ | नगिना राय, कार्यक्रम अधिकृत, जिल्ला समन्वय समिति, सर्लाही । | ४०,०००।- |
| ४. | २०७४।४।१९ | २०७४।४।२० | धर्मेन्द्र राय यादव, कम्प्युटर अपरेटर, नेपाल विद्युत प्राधिकरण, बरहथवा, सर्लाही । | २५,०००।- |
| ५. | २०७४।४।१९ | २०७४।४।२० | दीपक खनाल, खरिदार (वडा सचिव) र सामाजिक परिचालक सतार मियाँ बहुदरमाई गाउँपालिका, पर्सा । | ३०,०००।- |
| ६. | २०७४।४।२२ | २०७४।४।२३ | चक्रबहादुर श्रेष्ठ मालपोत अधिकृत, राजकुमार घिमिरे नायब सुब्बा, दिनेश रेग्मी नायब सुब्बा र दुर्गाप्रसाद पोखरेल खरिदार मालपोत कार्यालय, भक्तपुर । | ५०,०००।- |
| ७. | २०७४।४।२६ | २०७४।४।२७ | डा.रमेश विक्रम सिंह उप-महानिर्देशक स्वास्थ्य सेवा विभाग, टेकु । | १०,०००।- |
| ८. | २०७४।४।२६ | २०७४।४।२९ | सुवास गर्तौला सहायक सहकारी निरीक्षक (खरिदार), डिभिजन सहकारी कार्यालय, लहान, सिरहा । | १५,०००।- |
| ९. | २०७४।४।३२ | २०७४।४।३२ | गोविन्द न्यौपाने फोरमेन, नेपाल विद्युत प्राधिकरण, दुहबी वितरण केन्द्र । | ३०,०००।- |
| १०. | २०७४।५।१ | २०७४।५।५ | कोपिलराज गिरी प्राविधिक, जिल्ला मालपोत कार्यालय, बाजुरा । | ८०,०००।- |
| ११. | २०७४।५।५ | २०७४।५।६ | हरिप्रसाद उपाध्याय कार्यालय सहयोगी र माधव कुइँकेल कार्यालय सहयोगी, उद्योग विकास शाखा धुलिखेल । | १४,०००।- |
| १२. | २०७४।५।५ | २०७४।५।६ | प्रेमचन्द्र झा अमिन, नापी कार्यालय, बारा र नुरमहम्मद हवारी लेखापढी व्यवसायी । | १०,०००।- |
| १३. | २०७४।५।१२ | २०७४।५।१४ | लेखनाथ सापकोटा कायम मुकायम कार्यालय प्रमुख (सहायक प्रशासक) गुठी संस्थान, शाखा कार्यालय काठमाडौं । | २,२०,०००।- |
| १४. | २०७४।५।१२ | २०७४।५।१४ | संजयकुमार देव नायब सुब्बा र मिश्रीलाल यादव नायब सुब्बा, विष्णुपुर गाउँपालिका, सप्तरी । | ५३,०००।- |

| | | | | |
|---|---|---|---|---|
| १५. | २०७४।५।१२ | २०७४।५।१४ | रामप्रसाद साह ल्याब टेक्निसियन (अधिकृत छैठौं), जिल्ला जनस्वास्थ्य कार्यालय, भद्रपुर, झापा । | २,००,०००।- |
| १६. | २०७४।५।१५ | २०७४।५।१६ | ललनकुमार सिंह ओभरसियर, श्री माध्यमिक विद्यालय माधोपुर रौतहट । | ३५,०००।- |
| १७. | २०७४।५।२६ | २०७४।५।२६ | नरेन्द्रकुमार साउद नायब सुब्बा र टीकाराम जोशी, कार्यालय सहयोगी राजस्व अनुसन्धान मध्यपश्चिम तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय अत्तरिया कैलाली । | ६०,०००।- |
| १८. | २०७४।५।२६ | २०७४।५।२८ | सुनिल देवकोटा सव-इन्जिनियर, पालुङ्गटार नगरपालिका, गोरखा । | २५,०००।- |
| १९. | २०७४।६।१ | २०७४।६।१ | सूर्यप्रकाश परियार तामेलदार, काठमाडौं जिल्ला अदालत, बबरमहल । | ३५,०००।- |
| २०. | २०७४।६।१ | २०७४।६।१ | विकास ध्वन्जु निरीक्षक, दुर्गाप्रसाद रेग्मी सहायक निरीक्षक र ठाकुरराम खड्का सहायक निरीक्षक, नेपाल गुणस्तर तथा नापतौल विभाग, ट्याक्सी टेम्पो इकाइ बालाजु, काठमाडौं । | ५,००,०००।- |
| २१. | २०७४।६।२ | २०७४।६।२ | कोषराज भट्टराई, वरिष्ठ अध्यागमन सहायक (नायब सुब्बा), अध्यागमन विभाग, कालिकास्थान काठमाडौं । | ४०,०००।- |
| २२. | २०७४।६।२५ | २०७४।६।२५ | अयोध्या विश्वकर्मा, वडा सचिव र वृजेश चाई कृषि प्राविधिक, यसोधारा गाउँपालिका, कपिलवस्तु । | ७,०००।- |
| २३. | २०७४।६।२९ | २०७४।६।३० | राजेन्द्र खत्री नायब सुब्बा जिल्ला अदालत, काभ्रे । | १,२५,०००।- |
| २४. | २०७४।७।१२ | २०७४।७।१२ | विश्वनाथ शर्मा निमित्त कार्यालय प्रमुख मालपोत अधिकृत मालपोत कार्यालय, बाग्लुङ । | १०,०००।- |
| २५. | २०७४।७।१६ | २०७४।७।१६ | सिताराम थारु वन रक्षक, सगुन थापा रेन्जर, सूर्यबहादुर शाही वनरक्षक र अरुण चौधरी फरेष्टर, इलाका वन कार्यालय राजापुर, बर्दिया । | ३०,०००।- |
| २६. | २०७४।७।१६ | २०७४।७।१७ | प्रकाश प्रसाद पोखरेल कार्यालय प्रमुख भूमिसुधार कार्यालय ससरी । | १,००,०००।- |
| २७. | २०७४।७।१९ | २०७४।७।२० | नवीनकृष्ण भण्डारी, प्र.ना.उ., चन्द्रसिंह भाट, प्र.स.नि., मनोजकुमार यादव, प्र.ह. र पुष्करबहादुर शाह, प्र.ज. महानगरीय प्रहरी वृत्त, बालाजु ।<br>विनोद थापा सञ्चालक विन्दावासिनी बालुवा डिपो । | ५,००,०००।- |
| २८. | २०७४।७।२० | २०७४।७।२० | राम किशोर महतो करार माली आन्तरिक राजस्व कार्यालय जनकपुर । | ३२,०००।- |
| २९. | २०७४।७।२१ | २०७४।७।२१ | जयराज न्यौपाने इलेक्ट्रिसियन नेपाल | ९,०००।- |

| | | | | |
|---|---|---|---|---|
| | | | विद्युत् प्राधिकरण नेपालगंज वितरण केन्द्र, नो लाइट शाखा कार्यालय खजुरा बाँके । | |
| ३०. | २०७४।७।२१ | २०७४।७।२२ | हर्कबहादुर राई ना.सु., युवराज पोखरेल ना.सु. र मोहन सुवेदी ना.सु. इलाका प्रशासन कार्यालय, धरान, सुनसरी । | २०,०००।- |
| ३१. | २०७४।८।१ | २०७४।८।१ | इश्वरीप्रसाद दाहाल ना.सु. मालपोत कार्यालय हरिवन सर्लाही । | ५,०००।- |
| ३२. | २०७४।८।१ | २०७४।८।३ | भाग्यनारायण झा कम्प्युटर अपरेटर वैदेशिक रोजगार विभाग, ताहाचल काठमाडौं । | २८,५००।- |
| ३३. | २०७४।८।४ | २०७४।८।५ | केशव स्थापित घर्तीमगर नायब सुब्बा आन्तरिक राजस्व विभाग, करदाता सेवा कार्यालय, पुतलीसडक । | ६,०००।- |
| ३४. | २०७४।८।७ | २०७४।८।८ | प्रविणकुमार झा हेल्थ असिस्टेन्ट अधिकृत (छैठौं तह) जिल्ला अस्पताल गौर, रौतहट । | १,००,०००।- |
| ३५. | २०७४।८।७ | २०७४।८।१० | शम्भुप्रसाद आचार्य सशस्त्र प्रहरी जवान सशस्त्र प्रहरी बल, औद्योगिक सुरक्षा गण, नेपालगंज, बाँके । | ७,०००।- |
| ३६. | २०७४।८।२४ | २०७४।८।२६ | केदार शर्मा प्रमुख जिल्ला इन्जिनियर, केशवराज जोशी लेखापाल, वीरेन्द्र सिंह बडाल सव-इन्जिनियर, डण्डीराज पाण्डे सब-इन्जिनियर र नवीनकुमार दुबे सव-इन्जिनियर जिल्ला प्राविधिक कार्यालय, कंचनपुर । | २०,७०,०००।- |
| ३७. | २०७४।८।२९ | २०७४।९।२ | शेरबहादुर थापा नायब सुब्बा र नारायणमणि खनाल नायब सुब्बा मालपोत कार्यालय, कलंकी । | ३०,०००।- |
| ३८. | २०७४।९।३ | २०७४।९।३ | हरिहर सुनुवार प्रहरी निरीक्षक र वीरेन्द्रबहादुर बम प्रहरी जवान महानगरीय प्रहरी प्रभाग, गोंगबु । | ५०,०००।- |
| ३९. | २०७४।९।३ | २०७४।९।४ | गोविन्दप्रसाद भुर्तेल इन्जिनियर सिंचाइ विकास डिभिजन, कास्की । | ५०,०००।- |
| ४०. | २०७४।९।३ | २०७४।९।४ | विश्वराज पाण्डे महानिर्देशक, कृति पौडेल शा.अ. र खड्गबहादुर के.सी. ना.सु. वैदेशिक रोजगार विभाग, बुद्धनगर काठमाडौं । | १०,००,०००।- |
| ४१. | २०७४।९।१३ | २०७४।९।१४ | ईश्वरप्रसाद सुवेदी इलेक्टिकल फोरमेन नेपाल विद्युत् प्राधिकरण पोखरा वितरण केन्द्र मालेपाटन । | २५,०००।- |
| ४२. | २०७४।९।१३ | २०७४।९।१६ | देवराज काफ्ले नायब सुब्बा मालपोत कार्यालय, भक्तपुर । | १,००,०००।- |
| ४३. | २०७४।९।१७ | २०७४।९।१८ | रामबहादुर यादव इन्जिनियर जिल्ला प्राविधिक कार्यालय, सिरहा | ८,०००।- |

| | | | | |
|---|---|---|---|---|
| ४४. | २०७४।९।२५ | २०७४।९।२५ | राजु गौतम नायब सुब्बा, भूमिसुधार कार्यालय भक्तपुर । | ६,०००।- |
| ४५. | २०७४।९।२६ | २०७४।९।२८ | इश्वरबन्धु गौतम नायब सुब्बा यातायात व्यवस्था कार्यालय साना/ठूला सवारी, एकान्तकुना, ललितपुर । | ५०,०००।- |
| ४६. | २०७४।९।३० | २०७४।१०।२ | यादव पौडेल नायब सुब्बा र सुमन पोखरेल खरिदार यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, बागमती, सुकेधारा, काठमाडौं । | ३२,०००।- |
| ४७. | २०७४।१०।३ | २०७४।१०।५ | दिनेश थापा सुपरभाइजर (इलेक्टिकल) विद्युत् प्राधिकरण पाँचखाल उप-वितरण केन्द्र, काभ्रे । | २५,०००।- |
| ४८. | २०७४।१०।१५ | २०७४।१०।१७ | संगीता श्रेष्ठ असिस्टेन्ट सव-इन्जिनियर लमही नगरपालिका । | ५०,०००।- |
| ४९. | २०७४।१०।१८ | २०७४।१०।१८ | सुशील चापागाईं इन्जिनियर काठमाडौं महानगरपालिका । | १०,०००।- |
| ५०. | २०७४।१०।१८ | २०७४।१०।१८ | नगेन्द्रप्रसाद गौतम नायब सुब्बा वैदेशिक रोजगार विभाग, ताहाचल काठमाडौं । | २,३४,०००।- |
| ५१. | २०७४।११।६ | २०७४।११।६ | कृष्णबहादुर दाहाल जेलर कारागार कार्यालय, राजविराज सप्तरी । | ४०,०००।- |
| ५२. | २०७४।११।८ | २०७४।११।९ | रेशमबहादुर खड्का प्र.स.नि. इलाका प्रहरी कार्यालय, बुटवल । | ३,००,०००।- |
| ५३. | २०७४।११।१० | २०७४।११।१० | उमेश कुमार थापा प्रहरी जवान र कुमार श्रेष्ठ प्र.ना.नि. महानगरीय प्रहरी प्रभाग, दधिकोट, भक्तपुर । | ३८,०००।- |
| ५४. | २०७४।११।१० | २०७४।११।१० | हरिलाल राना क्षेत्री वनरक्षक इलाका वन कार्यालय, मेहेलकुना, सुर्खेत । | ९८,०००।- |
| ५५. | २०७४।११।१४ | २०७४।११।१४ | सन्तोषकुमार सिंह प्रहरी सहायक निरीक्षक र मनोजकुमार परसैला प्रहरी जवान अस्थायी प्रहरी चौकी लक्ष्मीनियाँ धनुषा । | १०,०००।- |
| ५६. | २०७४।११।२२ | २०७४।११।२२ | चूडामणि चापागाईं शाखा अधिकृत भूमिसुधार कार्यालय, भक्तपुर । | ४,००,०००।- |
| ५७. | २०७४।११।२५ | २०७४।११।२५ | राजदीप शाक्य ना.सु.(करार) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, भन्सार कार्यालय, गौचर काठमाडौं । | ५०,०००।- |
| ५८. | २०७४।११।२८ | २०७४।११।२९ | कुलबहादुर बि.सी. (बि.क.) प्रहरी हवल्दार प्रहरीचौकी पाखापानी म्याग्दी । | १,६०,०००।- |
| ५९. | २०७४।१२।१ | २०७४।१२।६ | सुन्दर भट्टराई उप-सचिव, यामलाल ढकाल शाखा अधिकृत र यादव पौडेल ना.सु. र राजु सेढाईं यातायात व्यवस्था कार्यालय सुकेधारा । | ५,०४,८५०।- |
| ६०. | २०७४।१२।८ | २०७४।१२।९ | राजेन्द्रकुमार लाल कर्ण प्रमुख उद्योग अधिकृत उद्योग विकास शाखा (साबिक घरेलु तथा साना उद्योग विकास | २,००,०००।- |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यालय) लहान, सिरहा । | |
| ६१. | २०७४।१२।८ | २०७४।१२।९ | लेखनाथ भुसाल नायब सुब्बा, शाखा अधिकृत शिवप्रसाद सुवेदी र क. अ. अर्जुनप्रसाद आचार्य यातायात व्यवस्था कार्यालय, बाग्मती, एकान्तकुना । | ३२,०००।- |
| ६२. | २०७४।१२।१३ | २०७४।१२।१४ | पुष्पराना क्षेत्री फार्मेसी निरीक्षक औषधी व्यवस्था विभाग, शाखा कार्यालय नेपालगन्ज, बाँके । | २८,०००।- |
| ६३. | २०७४।१२।२० | २०७४।१२।२० | इन्दिरा गौतम (खनाल) उद्योग अधिकृत घरेलु तथा साना उद्योग कार्यालय त्रिपुरेश्वर काठमाडौं । | ९,०००।- |
| ६४. | २०७४।१२।२९ | २०७५।१।२ | कमल भुजेल नायब सुब्बा भूमिसुधार कार्यालय, भक्तपुर । | २८,०००।- |
| ६५. | २०७५।१।२ | २०७५।१।३ | मोतीकुमार श्रेष्ठ प्रहरी जवान जिल्ला ट्राफिक प्रहरी कार्यालय, लमजुङ र मुस्तकिम मिया । | ७०,०००।- |
| ६६. | २०७५।१।३ | २०७५।१।४ | वासुदेव यादव, निमित्त प्रमुख प्रशासकीय अधिकृत र जयराम चौधरी, लेखापाल (ना.सु.), कल्याणपुर नगरपालिका सिराहा । | २०,०००।- |
| ६७. | २०७५।१।७ | २०७५।१।१० | काले बम्जन सशस्त्र प्रहरी निरीक्षक, ठाकुरबहादुर खत्री सशस्त्र प्रहरी जवान र नवीन खड्का सशस्त्र प्रहरी जवान बोर्डर आउट पोस्ट कप्तानगञ्ज सुनसरी । | २५,०००।- |
| ६८. | २०७५।१।११ | २०७५।१।११ | रतनेशकुमार चौधरी इन्जिनियर नेपाल विद्युत प्राधिकरण, कलैया, बारा । | ९,५००।- |
| ६९. | २०७५।१।११ | २०७५।१।१२ | छविन्द्र विक्रम खाँड इन्जिनियर र प्रदीपकुमार बानियाँ सव-इन्जिनियर जिल्ला शिक्षा कार्यालय कास्की । | १,००,०००।- |
| ७०. | २०७५।१।२३ | २०७५।१।२३ | लिला अधिकारी कार्यकारी अधिकृत र बिजेन्द्र श्रेष्ठ इन्जिनियर बूढानीलकण्ठ नगरपालिका । | ५,००,०००।- |
| ७१. | २०७५।१।२४ | २०७५।१।२५ | धर्मराज सुवेदी र ओमबहादुर सुनार खरिदार मालपोत कार्यालय वीरेन्द्रनगर, सुर्खेत । | २,००,०००।- |
| ७२. | २०७५।१।२४ | २०७५।१।२५ | जितेन्द्र चित्रकार वरिष्ठ सहायक र गोपाल ढुङ्गेल वरिष्ठ सहायक गुठी संस्थान, शाखा कार्यालय, ललितपुर र अनन्तबहादुर श्रेष्ठ । | २०,०००।- |
| ७३. | २०७५।१।२४ | २०७५।१।२५ | श्यामबाबुप्रसाद साह प्रमुख नापी अधिकृत नापी कार्यालय, उदयपुर, गाईघाट । | ५०,०००।- |
| ७४. | २०७५।१।३१ | २०७५।१।३१ | शिवशंकर कुसियैत कृषि प्रसार अधिकृत मेचीनगर नगरपालिका कार्यालय, कृषि विकास शाखा, चारआली, झापा । | ६,०००।- |
| ७५. | २०७५।१।३१ | २०७५।१।३१ | तपेन्द्र भट्टराई फार्मेसी अधिकृत औषधी | ५०,०००।- |

| | | | | |
|---|---|---|---|---|
| | | | व्यवस्था विभाग, शाखा कार्यालय, नेपालगञ्ज, बाँके । | |
| ७६. | २०७५।२।१ | २०७५।२।१ | बाबुसाहेव सिंह फोरमेन तह-४, लालबाबु पंडित इलेक्ट्रिसियन तह-३ र संजीव कुमार साह इलेक्ट्रिसियन तह-३ नेपाल विद्युत प्राधिकरण जलेश्वर वितरण केन्द्र जलेश्वर महोत्तरी । | ३०,०००।- |
| ७७. | २०७५।२।१ | २०७५।२।२ | जगदीशप्रसाद काफ्ले सहायक प्रबन्धक राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बर्दिवास महोत्तरी । | ५०,०००।- |
| ७८. | २०७५।२।१ | २०७५।२।२ | हरिप्रसाद पौडेल नायब सुब्बा मालपोत कार्यालय मझगावाँ रूपन्देही र रामलखन पाण्डे लेखापढी व्यवसायी । | ११,०००।- |
| ७९. | २०७५।२।३ | २०७५।२।४ | डा. रामदेव यादव निमित्त निर्देशक आयुर्वेद चिकित्सालय नरदेवी, काठमाडौं। | ३७,०००।- |
| ८०. | २०७५।२।७ | २०७५।२।८ | भागवत साह कार्यालय प्रमुख र खेमराज भण्डारी कार्यालय सहयोगी (करार) नापी कार्यालय साँखु काठमाडौं । | २,५०,०००।- |
| ८१. | २०७५।२।१७ | २०७५।२।१७ | युगेश्वरप्रसाद यादव नायब सुब्बा र श्याम सुन्दर यादव लेखापाल जिल्ला समन्वय समिति, सप्तरी । | १,३५,०००।- |
| ८२. | २०७५।२।२१ | २०७५।२।२१ | निसार अहमद खान इलेक्ट्रिकल इन्जिनियर र बिक्रान्त शुक्ला सुपरभाइजर नेपाल विद्युत प्राधिकरण नेपालगंज वितरण केन्द्र, नेपालगंज, बाँके गिरवललाल धोवी । | १५,०००।- |
| ८३. | २०७५।२।२८ | २०७५।२।२९ | खगेन्द्रप्रसाद सुवेदी जिल्ला शिक्षा अधिकारी जिल्ला शिक्षा कार्यालय, सुनसरी । | ५०,०००।- |
| ८४. | २०७५।३।३ | २०७५।३।५ | जुनेश सापकोटा नायब सुब्बा, पुरुषोत्तम सुवेदी निर्देशक र रामहरि पोखरेल अधिकृत, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग बबरमहल, काठमाडौं । | १०,०००।- |
| ८५. | २०७५।३।५ | २०७५।३।६ | मनोज कुमार निरौला ना.सु. र शंकर प्रसाद धिताल कार्यालय सहयोगी मालपोत कार्यालय भरतपुर, चितवन । | २५,०००।- |
| ८६. | २०७५।३।६ | २०७५।३।७ | वीरेन्द्रबहादुर ऐडी प्र.ना.नि. महानगरीय प्रहरी वृत्त दरबारमार्ग, काठमाडौं । | २४,०००।- |
| ८७. | २०७५।३।१० | २०७५।३।१० | रामप्रसाद ढुङ्गाना शाखा अधिकृत वैदेशिक रोजगार विभाग, बुद्धनगर । | ५०,०००।- |
| ८८. | २०७५।३।१० | २०७५।३।११ | सुरेशप्रसाद दास शाखा अधिकृत जिल्ला प्रशासन कार्यालय, सर्लाही । | ५०,०००।- |
| ८९. | २०७५।३।११ | २०७५।३।११ | राजेन्द्र नेम्कुल खरिदार ललितपुर महानगरपालिका कार्यालय र मध्यस्थकर्ता कृष्णमणि बोगटी । | ७०,०००।- |

| | | | | |
|---|---|---|---|---|
| ९०. | २०७५।३।१४ | २०७५।३।१४ | प्रकाश रिजाल खरिदार मालपोत कार्यालय मझगावाँ, रूपन्देही । | २,०००।- |
| ९१. | २०७५।३।१४ | २०७५।३।१५ | दामोदर रेग्मी हलुका सवारी चालक वैदेशिक रोजगार विभाग, कार्यालय ताहाचल, काठमाडौं । | ६,०००।- |
| ९२. | २०७५।३।२१ | २०७५।३।२१ | हर्कबहादुर चन्द ज्यालादारी कर्मचारी नेपाल विद्युत प्राधिकरण, महेन्द्रनगर वितरण केन्द्र, फ्युज सेवा कार्यालय गड्डाचौकी । | ५,०००।- |
| ९३. | २०७५।३।२१ | २०७५।३।२१ | ब्रह्मदेव महतो सहायक वन अधिकृत इलाका वन कार्यालय, जवाबैराठ, कपिलवस्तु । | ३,००,०००।- |
| ९४. | २०७५।३।२४ | २०७५।३।२४ | रामनरेश यादव सव-इन्जिनियर कालिन्चोक गाउँपालिका दोलखा । | ९,०००।- |
| ९५. | २०७५।३।२४ | २०७५।३।२६ | रोहित कुमार साह सहायक वन अधिकृत र सन्दिप अधिकारी ग्रामीण वित्त सहायक जिल्ला वन कार्यालय, रुकुम (पश्चिम) । | २३,०००।- |
| ९६. | २०७५।०३।२५ | २०७५।३।२५ | माजिद खाँ इन्जिनियर (करार) वैजनाथ गाउँपालिका बाँके । | २५,०००।- |
| ९७ | २०७५।३।३२ | २०७५।४।१ | श्याम किशोर भगत इलेक्ट्रिसियन नेपाल विद्युत प्राधिकरण, वितरण केन्द्र कलैया, बारा । | ३०,०००।- |

**२.६.२ झुठा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेका मुद्दाहरू :-**

निम्नलिखित सरकारी कार्यालय, संस्थान र शैक्षिक निकायमा कार्यरत निम्न कर्मचारीहरूले अनुचित लाभ लिने उद्देश्यले सुरु नियुक्ति र बढुवाका लागि पेस गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरूका सम्बन्धमा आर्थिक वर्ष २०७४।७५ मा अनुसन्धान हुँदा झुठा प्रमाणपत्र पेस गरेको तथ्य प्रमाणित हुन आई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) द्वारा परिभाषित कसुर गरेको देखिएकोले निजहरूलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) द्वारा व्यवस्थित हदैसम्मको सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

| सि.नं. | निर्णय मिति | आरोपपत्र दायर मिति | प्रतिवादीको नाम, पद र कार्यालय | योग्यता र शैक्षिक संस्था |
|---|---|---|---|---|
| १. | २०७४।५।१ | २०७४।५।६ | पिताम्बर यादव, इन्जिनियर, जिल्ला शिक्षा कार्यालय, उदयपुर । | डिप्लोमा इन सिभिल इन्जिनियरिङ, त्रिभुवन विश्वविद्यालय । |
| २. | २०७४।५।१ | २०७४।५।११ | रामा शंकर राना, सहायक लेखापाल, धनगढी उच्च माध्यमिक विद्यालय, धनगढी - ८ कैलाली । | हाई स्कुल परीक्षा (टेस्ट), माध्यमिक शिक्षा परिषद, क्षेत्रीय कार्यालय, उत्तर प्रदेश, इलाहावाद, भारत । |
| ३. | २०७४।६।२ | २०७४।६।२६ | रोशन शाह, प्र.ना.नि., जिल्ला प्रहरी कार्यालय दोलखा । | इन्टरमिडिएट, माध्यमिक शिक्षा परिषद, क्षेत्रीय कार्यालय इलाहावाद, |

| | | | | |
|---|---|---|---|---|
| | | | | भारत। |
| ४. | २०७४।६।२ | २०७४।६।२४ | अर्जुनकुमार गुसा, नि.मा.वि. शिक्षक तेली जनता माध्यमिक विद्यालय रामग्राम-१७ नवलपरासी । | बी.एड.,बुटवल बहुमुखी क्याम्पस बुटवल (त्रि.वि.)। |
| ५. | २०७४।६।२६ | २०७४।७।१ | रामलाल सुनुवार, सि.अ.हे.व. (छैठौं), आङ्दिम स्वास्थ्य चौकी, तेह्रथुम । | एस. एल. सी., गण्डकी बोर्डिङ स्कुल लामाचौर, पोखरा, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर । |
| ६. | २०७४।७।१६ | २०७४।७।३० | धोजबहादुर रावल, प्राथमिक तहका शिक्षक, श्री नवादेउ प्राथमिक विद्यालय अछाम । | माध्यमिक, माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश, बरेली, इलाहावाद भारत । |
| ७. | २०७४।९।२० | २०७४।९।२५ | चन्द्रविन सिंह, मा. वि. शिक्षक, नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, गोडियाना, बर्दिया । | अस्थायी नियुक्ति पत्र, नियुक्ति समर्थन पत्र र सेवा प्रमाणित पत्र । |
| ८. | २०७४।१०।११ | २०७४।१०।१७ | पुष्पलता बम (शाह), राहत शिक्षिका प्रा.वि. तह, श्री भृकुटी मा.वि. दुर्गौली-७, सुवर्णपुर कैलाली । | माध्यमिक तह, माध्यमिक शिक्षा परिषद इलाहावाद भारत । |
| ९. | २०७४।१०।११ | २०७४।१०।१८ | शिव नारायण चौधरी, प्रा.वि. तह शिक्षक, श्री सरस्वती माध्यमिक विद्यालय छोटी पर्सिया, कंचनपुर । | इन्टरमिडिएट तह, माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय, इलाहावाद भारत । |
| १०. | २०७४।१०।१५ | २०७४।१०।१८ | नीतिबहादुर गुरुङ, इलेक्ट्रिसियन, नेपाल विद्युत प्राधिकरण कार्यालय शाखा मर्स्याङ्दी, आँबुखैरेनी । | नागरिकताको प्रतिलिपिमा जन्म मितिसम्बन्धी । |
| ११. | २०७५।१।१३ | २०७५।१।२१ | उषा यादव, राहत शिक्षिका, श्री प्राथमिक विद्यालय थारुटोल देवाही - ७, रौतहट । | हाइस्कुल तह, बिहार संस्कृत शिक्षा बोर्ड, पटना, भारत । |
| १२. | २०७५।१।१३ | २०७५।१।१९ | अञ्जना शाह, अस्थायी शिक्षक(प्रा.वि.), श्री सरस्वती चौतारा नि.मा.वि. तुलसीपुर न.पा.-९ सल्लीवन, दाङ । | आई.ए.(इण्टरमिडियट) माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय, वाराणसी भारत । |
| १३. | २०७५।१।१३ | २०७५।१।१९ | नगेन्द्र कुमार भगत, प्र.ना.नि., प्रहरी प्रधान कार्यालय अन्तर्गत । | आई.एस.सी., विहार इन्टरमिडिएट शिक्षा परिषद्, पटना, भारत । |
| १४. | २०७५।१।१३ | २०७५।१।२४ | सन्तबहादुर बोटे, राहत शिक्षक, श्री दुर्गा भवानी | हाइस्कुल तह, माध्यमिक शिक्षा परिषद् क्षेत्रीय |

| | | | | |
|---|---|---|---|---|
| | | | प्राथमिक वि. नवलपरासी । | कार्यालय वाराणसी भारत । |
| १५. | २०७५।१।१३ | २०७५।१।१९ | धनप्रसाद घिमिरे, प्राथमिक शिक्षक (अस्थायी), श्री पद्मकन्या मा. वि. डिल्लीबजार काठमाडौं । | हाइस्कुल तह, बिहार संस्कृत शिक्षा बोर्ड पटना भारत । |
| १६. | २०७५।१।१३ | २०७५।१।२१ | धनकुमार लामा, खरिदार, विराटनगर महानगरपालिका विराटनगर, मोरङ । | हाइस्कुल तह, बिहार संस्कृत शिक्षा बोर्ड पटना भारत । |
| १७. | २०७५।१।१३ | २०७५।१।२१ | अमिर श्रेष्ठ, सहायक पुस्तकालय, पूर्वाञ्चल विश्वविद्यालय, विराटनगर । | हाइस्कुल तह, बिहार संस्कृत शिक्षा बोर्ड पटना भारत । |
| १८. | २०७५।१।२५ | २०७५।२।२ | शोभा कुमारी पौडेल, वरिष्ठ हाउस किपिङ निरीक्षक (हाउस किपर), भेरी अञ्चल अस्पताल । | आइ.ए., गोभर्नमेन्ट गर्ल्स इन्टर कलेज बहराइच उत्तर प्रदेश, भारत । |
| १९. | २०७५।१।२५ | २०७५।२।४ | नकुल बहादुर बोगटी, प्रहरी सहायक निरीक्षक, प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्युरो, महाराजगंज । | माध्यमिक तह, विहार माध्यमिक शिक्षा परिषद्, पटना, भारत । |
| २०. | २०७५।२।३ | २०७५।२।९ | झरना राई, महिला कार्यकर्ता (रा.प.अनं. प्रथम), खानेपानी तथा सरसफाइ सव-डिभिजन कार्यालय सल्लेरी सोलुखुम्बु । | मध्यमा परीक्षा, यमुना प्रसाद स्मारक संस्कृत उच्च विद्यालय कन्हैली, नरपतगंज, पटना । |
| २१. | २०७५।२।३ | २०७५।२।१० | रमेशकुमार अधिकारी, प्राथमिक तहका शिक्षक, श्री भानुभक्त उच्च माध्यमिक विद्यालय, दमाचौर, सल्यान । | इन्टरमिडिएट तह, माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय, वाराणसी। |
| २२. | २०७५।२।३ | २०७५।२।१० | ऋद्धिबहादुर महर्जन, शाखा अधिकृत, महिला तथा बालबालिका कार्यालय, सातदोबाटो । | इन्टरमिडिएट परीक्षा (आई.ए.), माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश । |
| २३. | २०७५।२।३ | २०७५।२।२३ | कृष्णाकुमारी थापा (पुन), प्राथमिक तहका अस्थायी शिक्षक, श्री महेन्द्रनगर माध्यमिक विद्यालय, सूर्यपुरा -१, रूपन्देही । | हाईस्कुल परीक्षा, किसान इन्टर कलेज, उस्काबजार, (माध्यमिक शिक्षा परिषद, उत्तरप्रदेश, वाराणसी) भारत । |
| २४. | २०७५।२।७ | २०७५।२।१३ | रामवली चौधरी चौहान, सामाजिक परिचालक, कलैया नगरपालिका, सेतो गुराँस बाल विकास सेवा । | एस.एल.सी., श्री ३ चन्द्र मा.वि. कलैया, बारा । |

| | | | | |
|---|---|---|---|---|
| २५. | २०७५।२।७ | २०७५।२।९ | रञ्जन कुमार कठायत, प्रा.वि. शिक्षक, कमला आधारभूत विद्यालय हर्नामाडी दोभानचौर, मकवानपुर । | मध्यमा (एस.एल.सी.), बिहार संस्कृत शिक्षा बोर्ड, पटना । |
| २६. | २०७५।२।७ | २०७५।२।९ | परेवाकुमारी घर्ती, प्रा.वि. शिक्षक, जनज्योति माध्यमिक विद्यालय, आरखोला, पाछ्रावाङ, रोल्पा। | हाईस्कुल तह, माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश भारत । |
| २७. | २०७५।२।७ | २०७५।२।८ | शोभा दुवाडी, आयुर्वेद सहायक (छैठौं तह), जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र धादिङ । | मध्यमा तह, बिहार संस्कृत शिक्षा बोर्ड पटना । |
| २८. | २०७५।२।७ | २०७५।२।१० | पवित्रा श्रेष्ठ, शाखा अधिकृत, श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग, काठमाडौं । | मध्यमा तह, बिहार संस्कृत शिक्षा बोर्ड पटना, भारत । |
| २९. | २०७५।२।७ | २०७५।२।१३ | होमकला बराल, प्रा. वि. तृतीय तह अस्थायी शिक्षक, महेन्द्रनगर माध्यमिक विद्यालय रूपन्देही, सूर्यपुरा। | हाईस्कुल परीक्षा, माध्यमिक शिक्षा परिषद् उत्तरप्रदेश भारत । |
| ३०. | २०७५।२।७ | २०७५।२।१५ | रमिता कुमारी सिंह, प्रावि राहत शिक्षक, नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय, बसतपुर, बारा । | मध्यमा अर्थात एसएलसी, विहार संस्कृत शिक्षा बोर्ड, पटना भारत । |
| ३१. | २०७५।२।१७ | २०७५।२।२० | मुन्नीदेवी शाह, प्रा.वि. राहत शिक्षक, श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय गंजभवानीपुर-८ बारा | मध्यमा अर्थात एसएलसी, विहार संस्कृत शिक्षा बोर्ड, पटना भारत । |
| ३२. | २०७५।२।१७ | २०७५।२।२० | राजेश्वर मेहता, मेडिकल ल्याब टेक्नोलोजिस्ट (प्राविधिक अधिकृत प्याथोलोजी), त्रि.वि. शिक्षण अस्पताल परिसर, महाराजगञ्ज, काठमाडौं । | आई.एस.सी., विहार इन्टरमिडिएट शिक्षा परिषद्, पटना, भारत । |
| ३३. | २०७५।२।१७ | २०७५।२।२४ | सन्देश कुमार श्रेष्ठ, प्रहरी नायब निरीक्षक, श्री प्रहरी प्रधान कार्यालय | इन्टरमिडियट, माध्यमिक शिक्षा परिषद उत्तर प्रदेश बोर्ड अफ हाइस्कुल एण्ड इन्टरमिडियट एजुकेसन यु.पी. भारत । |
| ३४. | २०७५।२।१७ | २०७५।२।२१ | रामाशिष साह (तेली), नि. मा.वि. तह अस्थायी शिक्षक, श्री वीरेन्द्र ऐश्वर्य उ.मा.वि., लिम्सा, जाजरकोट । | आई.एस.सी., विहार इन्टरमिडिएट शिक्षा परिषद्, पटना, भारत । |

| | | | | |
|---|---|---|---|---|
| ३५. | २०७५।२।१७ | २०७५।२।२४ | इन्द्रप्रसाद भुसाल, नि.मा.वि. तह शिक्षक, श्री पालुस्थान मा.वि. वेउलीबास, पर्वत । | आई.एस.सी., माध्यमिक शिक्षा परिषद् उत्तर प्रदेश भारत । |
| ३६. | २०७५।२।२१ | २०७५।२।२५ | पबिकुमारी डागी, अस्थायी लेखापाल, श्री शिशु जागरण मा. वि., खोरबारे, कोटमौला -७, सल्यान । | हाईस्कुल तह, माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, भारत । |
| ३७. | २०७५।२।२१ | २०७५।२।२४ | ओमप्रसाद लुइँटेल, प्राथमिक तह द्वितीय शिक्षक, श्रेणी श्री सुगाहाट मा.वि गा.वि.स. वडा नं.६ हसनदह मोरङ । | आई.ए., बिहार इन्टरमिडियट शिक्षा परिषद पटना, भारत । |
| ३८. | २०७५।२।२१ | २०७५।२।२८ | कृष्णकुमार लामा, प्रहरी नायब निरीक्षक, जिल्ला प्रहरी कार्यालय भोजपुर | आई. ए., विहार इन्टरमिडिएट शिक्षा परिषद्, पटना, भारत । |
| ३९. | २०७५।२।२१ | २०७५।२।२७ | अम्बिका गौतम, वडा सचिव, रत्ननगर नगरपालिका चितवन । | मध्यमा अर्थात एसएलसी, विहार माध्यमिक शिक्षा परिषद्, पटना, भारत । |
| ४०. | २०७५।२।२१ | २०७५।३।५ | सुरजप्रसाद ज्ञवाली, प्रहरी नायब निरीक्षक, महानगरीय प्रहरी शिक्षालय महाराजगञ्ज । | इन्टरमिडियट, माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय वाराणसी भारत । |
| ४१. | २०७५।२।२१ | २०७५।२।२९ | पदमराज शर्मा, राहत शिक्षक, श्री काफली प्रा.वि. धजडा डोटी । | मध्यमा अर्थात एसएलसी, माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय वाराणसी भारत । |
| ४२. | २०७५।२।२१ | २०७५।२।२९ | चेतकुमारी पौडेल, प्रा.वि. अस्थायी शिक्षक, श्री श्रवण उच्च मा. वि. वाङसिङ स्याङ्जा । | हाईस्कुल परीक्षा (S.L.C. सरह) राधाकुमारी इन्टरमिडिएट कलेज महाराजगञ्ज । |
| ४३. | २०७५।२।२५ | २०७५।२।३१ | सावित्री चन्द वम, प्रा.वि. शिक्षक, श्री दशरथ मा.वि., घोडाघोडी न.पा.-२, साँडेपानी, कैलाली । | हाईस्कुल, माध्यमिक शिक्षा परिषद् उत्तर प्रदेश भारत । |
| ४४. | २०७५।२।२५ | २०७५।२।३० | कृष्णबहादुर रानाभाट, प्रा.वि. शिक्षक, श्री सरस्वती मा.वि. गोछडा, नवलपरासी । | माध्यमिक तह, माध्यमिक शिक्षा परिषद, क्षेत्रीय कार्यालय वाराणसी, भारत । |
| ४५. | २०७५।२।२५ | २०७५।३।३ | भुवनराज पण्डित, प्रा. वि. शिक्षक, श्री सिद्ध गणेश प्रा. वि. कास्की । | माध्यमिक तह, माध्यमिक शिक्षा परिषद, क्षेत्रीय कार्यालय वाराणसी, भारत । |
| ४६. | २०७५।२।२५ | २०७५।३।३ | लालबहादुर खड्का, फुटबल | हाईस्कुल परीक्षा, माध्यमिक |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रशिक्षक, राष्ट्रिय खेलकुद परिषद त्रिपुरेश्वर, काठमाडौं । | शिक्षा परिषद्, क्षेत्रीय कार्यालय इलाहावाद, भारत । |
| ४७. | २०७५।२।२५ | २०७५।२।३१ | ताराबहादुर कुँवर, प्रमुख अनुसन्धान अधिकृत, राष्ट्रिय अनुसन्धान विभाग अन्तर्गत अर्घाखाँची । | आई.ए. (इन्टरमिडिएट परीक्षा), माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, वाराणसी, भारत । |
| ४८. | २०७५।२।३१ | २०७५।३।१० | धीरेन्द्रकुमार श्रेष्ठ, प्र.ना.नि., नेपाल प्रहरी प्रधान कार्यालय अन्तर्गत । | हाईस्कुल, माध्यमिक शिक्षा परिषद, वाराणसी, भारत । |
| ४९. | २०७५।२।३१ | २०७५।३।८ | दोलखबहादुर कार्की, अनुसन्धान अधिकृत, राष्ट्रिय अनुसन्धान विभाग काठमाडौं । | आई.ए., माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश भारत । |
| ५०. | २०७५।२।३१ | २०७५।३।६ | रमेश बुढाथोकी, प्र.ना.नि., नेपाल प्रहरी प्रधान कार्यालय अन्तर्गत । | आइ.ए., विहार इन्टरमिडिएट शिक्षा परिषद्, पटना, भारत । |
| ५१. | २०७५।२।३१ | २०७५।३।८ | विकास कार्की, प्र.ना.नि., नेपाल प्रहरी प्रधान कार्यालय अन्तर्गत । | आई. ए., बिहार इन्टरमिडिएट शिक्षा परिषद्, पटना, भारत । |
| ५२. | २०७५।२।३१ | २०७५।३।६ | सीताकुमारी बन्जारा, प्रा. वि. अस्थायी शिक्षक, श्री शान्ति निकेतन माध्यमिक विद्यालय, सिपाडोल, भक्तपुर । | हाईस्कुल तह, माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, भारत । |
| ५३. | २०७५।२।३१ | २०७५।३।८ | सर्वजितप्रसाद चौधरी, तत्कालीन अध्यक्ष विद्यालय व्यवस्थापन समिति, श्री जनजागृति मा. वि., करुवानी, रूपन्देही । | माध्यमिक तह, माध्यमिक शिक्षा परिषद, क्षेत्रीय कार्यालय, वाराणसी, भारत । |
| ५४. | २०७५।३।७ | २०७५।३।१३ | यीवनकुमार यादव, राहत मा. वि. शिक्षक, श्री जनता उच्च मा. वि. रुप्सा कालिकोट । | आइ.एस्सी., विहार इन्टरमिडिएट शिक्षा परिषद्, पटना, भारत । |
| ५५. | २०७५।३।१४ | २०७५।३।१७ | महेश सिंह, प्र.ना.नि., महानगरीय अपराध महाशाखा, टेकु, काठमाडौं । | हाईस्कुल तह, माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय, इलाहावाद, भारत । |
| ५६. | २०७५।३।१४ | २०७५।४।११ | भ्युसन कुमार योगी, तत्कालीन प्रशासकीय अधिकृत (ए ६), क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, खजुरा बाँके। | आई.ए., माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, भारत । |

| | | | | |
|---|---|---|---|---|
| ५७. | २०७५।३।१४ | २०७५।३।१७ | हरिचन्द्र कानु (गुप्ता), अध्यक्ष विद्यालय व्यवस्थापन समिति, श्री माध्यमिक विद्यालय वेलभार गा.वि.स. वडा नं. ८ बाँके । | हाईस्कुल तह, माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय वाराणसी, भारत । |
| ५८. | २०७५।३।१४ | २०७५।३।१७ | सत्यधामा यादव, प्रा. वि. अस्थायी शिक्षक, श्रीमती मनराजी देवी मा.वि. मर्चवारी, रूपन्देही । | प्राथमिक तहको स्थायी अध्यापन अनुमतिपत्र, शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुर । |
| ५९. | २०७५।३।१४ | २०७५।३।१९ | अविनारायण अधिकारी, तत्कालीन प्रा.वि. शिक्षक, शारदा निम्न मा. वि. नामसालिङ - ५, इलाम । | माध्यमिक तह, विहार माध्यमिक शिक्षा परिषद्, पटना, भारत । |
| ६०. | २०७५।३।१४ | २०७५।३।१९ | कृष्णबहादुर गैरे, प्र.ना.नि., महानगरीय अपराध महाशाखा टेकु, काठमाडौं । | हाईस्कुल तह माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश, भारत । |
| ६१. | २०७५।३।२१ | २०७५।४।६ | महेश राउत अहिर, सामाजिक परिचालक, गाउँ विकास समितिको कार्यालय बेनौली, बारा । | माध्यमिक तह, विहार विद्यालय परीक्षा समिति, पटना, भारत । |
| ६२. | २०७५।३।२८ | २०७५।४।९ | धनीराम डगौरा, प्रा.वि. राहत शिक्षक, श्री नारायण राष्ट्रिय प्राथमिक विद्यालय दोदोधरा-५ बेलुवा, कैलाली । | हाईस्कुल तह, माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय, उत्तरप्रदेश, वाराणसी, भारत । |
| ६३. | २०७५।३।२८ | २०७५।४।८ | हुमकान्त डुम्रे, प्रा.वि. शिक्षक, शिक्षा बोधनी प्रा. वि.धौवादी-६, नवलपरासी । | हाईस्कुल तह, माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय, उत्तरप्रदेश, वाराणसी, भारत । |
| ६४. | २०७५।३।२८ | २०७५।४।२२ | राजेशकुमार चौधरी, प्र.ना.नि., इलाका प्रहरी कार्यालय, रामपुर ठोक्सिला उदयपुर । | आई.ए., विहार इन्टरमिडिएट शिक्षा परिषद्, पटना, भारत । |

**२.६.३ सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरी भ्रष्टाचार गरेका मुद्दाहरू:-**

१. जिल्ला हुलाक कार्यालय, रौतहटमा संचालित हुलाक बचत बैंकमा रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला हुलाक कार्यालय रौतहटका तत्कालीन निम्न कर्मचारीहरूले देहायबमोजिमको रकम बदनियतसाथ खाइमासी हिनामिना गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएको हुँदा निज कर्मचारीहरूलाई देहायबमोजिमको कसुरमा सजायको मागदाबी लिई आयोगको मिति २०७४।४।२ को निर्णयानुसार मिति २०७४।४।४ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

| सि.नं | प्रतिवादीको नाम थर, पद | कसुर | मागदाबी | बिगो |
|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख नायब सुब्बा प्रेमलाल झा | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा दफा ३(१) र ३(१) को देहाय (ज) | रु. ६२,६५,०००।- |

| | | | | |
|---|---|---|---|---|
| २ | नायब सुब्बा हरदेव प्रसाद साह भनिने हरदेव साह | ऐ | ऐ | रु. ९५,७६,१७३।- |
| ३ | लेखापाल उमेशकुमार घिमिरे | ऐ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा दफा ३(१) र ३(१) को देहाय (छ) | रु. २९,५०,०००।- |

२. सप्तरी जिल्ला टिकुलिया गा.वि.स. मा ज्येष्ठ नागरिक, एकल महिला र दलित बालबालिकाका लागि आ. व. ०६७/६८ सम्मको भत्ता वितरण नगरी हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने समेतको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा उक्त गा.वि.स. का तत्कालीन गा.वि.स. सचिव रामदत्त यादवले जि.वि.स. सप्तरीबाट प्राप्त सामाजिक सुरक्षा भत्ता रकम आफ्नो नाममा चेक काटेर रकम निकाली निज आफू र सोही गा.वि.स.का प्राविधिक सहायक जनककिशोर चौधरी एक आपसमा मिली आ.व. ०६७/६८ देखि २०६९/०७० को जम्मा रु. २,६०,०००।- को बदनियतसाथ झुठा भरपाईसमेत बनाई नेपाल सरकारको सम्पत्ति हानि नोक्सानी गरेको पुष्टि हुन आएको देखिंदा निज रामदत्त यादव र जनक किशोर चौधरीलाई जनही बिगो रु.२,६०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसुर कायम गरी सोही ऐनको दफा ३ उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय खण्ड (घ) बमोजिम कैद र जरिवाना सजाय हुन र दफा १७ बमोजिम निजहरूबाट हानि नोक्सानी भएको बिगो रु.२,६०,०००।- असुलउपर हुन मागदाबी लिई आयोगको मिति २०७४।४।१६ को निर्णयनुसार मिति २०७४।४।२५ मा श्री विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

३. जाजरकोट जिल्ला साबिक सुवानाउली गा.वि.स. मा सामाजिक सुरक्षा भत्ता शीर्षकमा निकासा भएको रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा आ.व. २०६८/०६९ देखि आ.व. २०७१/०७२ सम्म उक्त गा.वि.स. का लागि सामाजिक सुरक्षा भत्ता निकासा भएको रकम उक्त गा.वि.स. कार्यालयका निम्न कर्मचारीहरूले बदनियतपूर्वक हिनामिना गरी नेपाल सरकारलाई गैरकानूनी हानि पुऱ्याउने कार्य गरी भ्रष्टाचार गरेको कसुरमा निम्न बमोजिमको सजाय मागदाबी लिई आयोगको मिति २०७४।५।१ को निर्णयनुसार मिति २०७४।५।११ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादीको नाम, थर र पद | कसुर | मागदाबी | बिगो |
|---|---|---|---|---|
| १ | सुवानाउली गा.वि.स. का तत्कालीन गा.वि.स. सचिव किरण न्यौपाने | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा दफा ३(१) र ३(१) को देहाय (घ) | रु.२,४५,०००।- |
| २ | सुवानाउली गा.वि.स. का तत्कालीन गा.वि.स. सचिव चिरन्जीवी जि.सी. | ऐ | ऐ | रु.१,७५,३००।- |
| ३ | सुवानाउली गा.वि.स. का तत्कालीन गा.वि.स. सचिव गोकर्णराज शर्मा | ऐ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा दफा ३(१) र ३(१) को देहाय (ग) | रु.९४,०००।- |
| ४ | सुवानाउली गा.वि.स. का तत्कालीन गा.वि.स. सचिव लक्ष्मीप्रसाद शर्मा | ऐ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा दफा ३(१) र ३(१) को देहाय (ङ) | रु.५,७९,३००।- |

४. जिल्ला विकास समितिको कार्यालय, नवलपरासी अन्तर्गत साबिक रकुवा गा.वि.स.का धर्मेन्द्र रोकाले नक्कली सचिव भई काम गरी गा.वि.स. को रकम निकासा गरी खाइमासी भ्रष्टाचार गरेको भन्ने समेतको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा अनधिकृत र गैरकानूनी रूपमा आफूखुसी सरुवा र रमाना पत्र बनाई रुकुम, नवलपरासी, बारा र सर्लाही जिल्लास्थित जिल्ला विकास समितिको कार्यालय र मातहत कार्यालयहरूमा कार्यरत निज खरिदार धर्मेन्द्र रोकाले बिगो रु.४८,१७,२९०।- सरकारी सम्पत्ति झिकी खाइमासी बदनियतसाथ हिनामिना गरेको पुष्टि हुन आएको हुँदा निज खरिदार धर्मेन्द्र रोका उपर भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ को ३ (१) र दफा ३(१) को देहाय (छ) बमोजिम जरिवाना एवं कैद सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगो रु.४८,१७,२९०।- असुलउपर हुन मागदाबी लिई आयोगको मिति २०७४/६/२६ को निर्णयानुसार मिति २०७४।७।१ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

५. कैलाली जिल्लास्थित भैरवमाला राष्ट्रिय माध्यमिक विद्यालय, सुगरखाल- ५ का प्र.अ. तथा पूर्व विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरि जैसीसमेतले विद्यालयको रकम अनियमितता गरी भ्रष्टाचार गरेको मन्ने समेतको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा उक्त विद्यालयका तत्कालीन व्यवस्थापन समितिका अध्यक्ष हरि जैसीले रु.१,४८,०००।- हिनामिना गरेको, त्यसैगरी उक्त विद्यालय व्यवस्थापन समितिका तत्कालीन अध्यक्ष भूमिप्रसाद जैसी र प्रधानाध्यापक मोतीराम जैसीले रु.१८,३४,३८०।- हिनामिना गरेको पुष्टि हुन आएको देखिँदा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरि जैसी उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही ऐनको दफा ३ (१) र ३ (१) को देहाय (घ) बमोजिम बिगो रु.१,४८,०००।- कायम गरी सजाय हुन र ऐ. ऐनको दफा १७ बमोजिम बिगो रु.१,४८,०००।- असुलउपर हुन र विद्यालय व्यवस्थापन समितिकै अर्का अध्यक्ष भूमिप्रसाद जैसी र प्र.अ. मोतीराम जैसी उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिमको कसुरमा सोही ऐनको दफा ८(३) बमोजिम सजाय हुन मागदाबी लिई आयोगको मिति २०७४।७।१३ को निर्णयनुसार मिति २०७४।७।२९ मा श्री विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरिएको ।

६. डोटी जिल्ला सातफरी गा.वि.स. स्थित टुनागाड दोस्रो लघु जलविद्युत योजनाका अध्यक्ष नवराज विडारीले आ.व. २०६८।०६९ मा गा.वि.स. लगायत सरकारी निकायबाट संकलित रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने समेतका उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निजले आफ्नो जिम्मामा रहेको रकम रु.१८,६३,४३३।- परियोजनालाई नबुझाई रकम हानि नोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि हुन आएको देखियो । निज नवराज विडारी उपर बिगो रु.१८,६३,४३३।- कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (च) बमोजिम सजाय हुन र दफा १७ बमोजिम हानि नोक्सानी भएको बिगो रु.१८,६३,४३३।- असुलउपर हुन मागदाबी लिई आयोगको मिति २०७४।७।२३ को निर्णयनुसार मिति २०७४।८।३ मा श्री विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

७. महोत्तरी जिल्ला, सुखैनिया, वगडा- ९, स्थित श्री विष्णु जनता प्राथमिक विद्यालयको २ कोठे भवन निर्माणको लागि जिल्ला शिक्षा कार्यालय, महोत्तरीबाट आ.व. ०६६/०६७ मा निकासा भएको रकमबाट भवन ज्यादै कमजोर र अधुरो बनाई सो विद्यालयका तत्कालीन प्रधानाध्यापक अमलेशकुमार यादवले भ्रष्टाचार गरेको भन्ने समेत व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा उक्त विद्यालयको भवन निर्माण र बाहिरी वातावरण सुधार कार्यक्रमका लागि जिल्ला शिक्षा कार्यालय, महोत्तरीबाट आर्थिक वर्ष २०६६/२०६७ मा भौतिक निर्माणमा रु.८,२८,७५०।-, भवन निर्माणमा रु.५,३६,२५०।- बाहिरी वातावरण सुधार कार्यक्रमका लागि रु.२,९२,५००।- निकासा भएकोमा निकासा भएको सम्पूर्ण रकम खर्च गरी आफूलाई सुम्पिएको जिम्मेवारी पूरा नगरी सरकारी रकमको बदनियतपूर्ण रूपमा दुरुपयोग गरी निजले जम्मा रु.४,१९,०५५|१५ रकम हिनामिना गरेको पुष्टि भएको हुँदा निज अमलेशकुमार यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको देखिंदा निजलाई जम्मा बिगो रु.४,१९,०५५।१५ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुलउपर हुन र निज अमलेशकुमार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१) को देहाय (घ) बमोजिम जरिवाना एवं कैद सजाय हुन समेतको मागदाबी लिई आयोगको मिति २०७४।८।१९ को निर्णयानुसार मिति २०७४।९।१८ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

८. जिल्ला महोत्तरी साबिक गा.वि.स. औरहीबाट वितरण हुँदै आएको सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा अनियमितता भएको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निम्न कर्मचारीहरूले सरकारी रकम बदनियतपूर्वक हिनामिना हानि नोक्सानी गरी आफूहरूलाई लाभ पुऱ्याउने र नेपाल सरकारलाई हानि पुऱ्याउने कार्य गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएको हुँदा निज कर्मचारी उपर देहायबमोजिम मागदाबी लिई आयोगको मिति २०७४।८।१९ निर्णयानुसार मिति २०७४।९।६ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादीको नाम थर र पद | कसुर | मागदाबी | बिगो |
|---|---|---|---|---|
| १ | गा.वि.स. सचिव भाग्यचन्द्र मिश्र | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७,दफा ३ (१) र दफा ३(१) को देहाय (ख) | रु.३९,५००।- |
| २ | गा.वि.स. सचिव जीवनहरि पोखरेल | ऐ | ऐ | रु.२८,०००।- |
| ३ | गा.वि.स. सचिव मुस्लिम बैठा | ऐ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७,दफा ३ (१) र दफा ३(१) को देहाय (क) | रु.२४,०००।- |
| ४ | कार्यालय सहायक घनश्याम यादव | ऐ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७,दफा ३ (१) र दफा ३(१) को देहाय (ग) | रु.९१,५००।- |

९. कास्की जिल्ला पोखरा उप-महानगरपालिका अन्तर्गत गाउँ नगर साझेदारी कार्यक्रममा कार्यरत सह-सामाजिक परिचालिका अनिता गुरुङले गाउँ नगर साझेदारी अन्तर्गत लगानी उठाएको रकम कार्यालयमा दाखिला नै नगरी अपचलन गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले पोखरा उप-महानगरपालिका अन्तर्गत गाउँ नगर साझेदारीको लगानी रकम संकलन गरी कार्यालयमा दाखिला गर्नुपर्नेमा दाखिला नगरी लापरबाही एवं बदनियत गरी बिगो रु.२,१२,५४७।६८ हानि नोक्सानी गरी मासी निजी प्रयोगमा लगाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकाले निज अनिता गुरुङलाई बिगो रु.२,१२,५४७।६८ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र ऐ ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिवाना र सोही ऐनको दफा ३ को उपदफा (१) देहाय खण्ड (घ) बमोजिम कैद सजाय हुन तथा ऐ ऐनको दफा १७ बमोजिम बिगो रु.२,१२,५४७।६८ असुलउपर हुन मागदाबी लिई आयोगको मिति २०७४।९।३ को निर्णयानुसार मिति २०७४।९।१७ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

१०. जिल्ला सुनसरी, साबिक अमाहीबेल्हा गा.वि.स. वडा नं. ७ (हाल बर्जु गाउँपालिका वडा नं.५) स्थित श्री महेन्द्र प्राथमिक विद्यालय (हाल महेन्द्र आधारभूत विद्यालय) का तत्कालीन प्रधानाध्यापक विनोदकुमार गौतमले विद्यालयमा निकासा भएको रकम भ्रष्टाचार गरेको भन्ने समेत विषयको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज विनोदकुमार गौतमले छात्रवृत्तिको रु.६२,६५४।-, भवन निर्माणतर्फ रु.१,३६,१९२।७७, शौचालय निर्माणतर्फ रु.१,००,०००।- र शिक्षक मुरारीप्रसाद घिमिरेको कर्मचारी संचय कोषको रकम रु.२३,३९४।- समेत गरी जम्मा रु.३,२२,२४०।७७ बदनियतसाथ हिनामिना, हानि नोक्सानी गरी भ्रष्टचार गरेको पुष्टि भएको हुँदा निज उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा बिगो रु.३,२२,२४०।७७ कायम गरी ऐ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३ को उपदफा (१) देहाय (घ) बमोजिम जरिवाना एवं कैद सजाय हुन र निजले खाई मासेको बिगो रु.३,२२,२४०।७७ सोही ऐनको दफा १७ बमोजिम असुलउपर

हुन मागदाबी लिई आयोगको मिति २०७४।१०।३ को निर्णयानुसार मिति २०७४।१०।११ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

११. कीर्तिपुर नगरपालिका साबिक १५ नं. वडा कार्यालयका तत्कालीन वडा सचिव (खरिदार) विजयलोचन सुवेदीले वडा कार्यालयको आम्दानी हिनामिना गरेको एवं कित्ता नं ३१७ को जग्गामा च.नं २८५ समेतको पत्रबाट घरबाटो प्रमाणित गर्दा गोरेटोबाटो रहेको भनी सिफारिस गरेको र च.नं. २३६, मिति २०७१।९।२३ मा चारकिल्ला प्रमाणित गर्दा राजकुलो भनी प्रमाणित गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज विजयलोचन सुवेदीले घर/बाटो प्रमाणित र चारकिल्ला प्रमाणित सिफारिस बापत प्राप्त भएको रकममध्ये स्रेस्तामा कम देखाई र अर्को नगदी रसिद खडा गरी सरकारी रकम हिनामिना तथा हानि नोक्सानी गरी भ्रष्टाचार गरेको तथ्य पुष्टि भएको हुँदा निज उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुरमा निजलाई बिगो रु.७,३८,३८९।- कायम गरी सोही ऐनको दफा १७ को आधारमा सोही ऐनको दफा ३(१) तथा दफा ३(१) को देहाय (ङ) बमोजिम जरिवाना तथा कैद सजाय हुन र निजले हिनामिना गरेको बिगो रु.४,११,००७।- सोही ऐनको दफा १७ बमोजिम असुलउपर हुन साथै निजले सरकारी निकाय तथा सार्वजनिक संस्थाका कागजातसमेत अनधिकृत तथा गैरकानूनी तरिकाले सच्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसुरसमेत गरेको देखिँदा निजलाई सोही ऐनको दफा ११ बमोजिम जरिवाना र कैद सजाय हुनसमेतको मागदाबी लिई आयोगको मिति २०७५।२।१७ को निर्णयानुसार मिति २०७५।२।२० मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

१२. जिल्ला सप्तरी, गा.वि.स. कमलपुर वडा नं. ७ हाल सप्तकोशी नगरपालिका वडा नं. ११ बस्ने दीपेन्द्रकुमार पैकरा जिल्ला स्वास्थ्य कार्यालय, इलाम अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र, प्याङ्गमा अ.हे.व. पदमा कामकाज गर्दै आएकोमा मिति २०६६ साल मंसिर महिनादेखि कार्यालयको कामकाज छाडी बिदा स्वीकृत नगरी वैदेशिक रोजगारीका लागि दक्षिण कोरिया गई विदेशमा ४ वर्ष रही पुनः नेपाल आई जिल्ला स्वास्थ्य कार्यालय, रामेछापमा सरुवा गरी कामकाज गरिरहेको भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज प्रतिवादी दीपेन्द्रकुमार पैकराले सरकारी ओहदामा बहाल रहने उद्देश्यले जिल्ला स्वास्थ्य कार्यालय इलाममा झुठा विवरण पेस गरेको तथ्य पुष्टि भएको देखिएकोले निज प्रतिवादी दीपेन्द्रकुमार पैकरालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन साथै निज दीपेन्द्रकुमार पैकराले झुठा विवरण पेस गरी विदेशमा रहेको र कार्यालयमा हाजिर अवधिको तलब सुविधा रु.३,४२,७५०।- भुक्तानी लिई सार्वजनिक सम्पत्तिको हानि नोक्सानी तथा दुरुपयोग गरेको तथ्यसमेत पुष्टि भएको हुँदा निज प्रतिवादी दीपेन्द्रकुमार पैकरालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही ऐनको दफा ३(१) र दफा ३ (१) को देहाय (घ) बमोजिम जरिवाना तथा कैद सजाय हुन तथा दफा १७ बमोजिम बिगो रु.३,४२,७५०।- निजबाट असुलउपर हुन मागदाबी लिई आयोगको मिति २०७५।३।१४ को निर्णयानुसार मिति २०७५।३।१९ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

१३. हुम्ला जिल्ला साबिक मैला र मदना गा.वि.स. हाल ताजाकोट गाउँपालिका वडा नं. ५ का वडा सचिव गोपाल चन्द्र लामाले आ.व.२०७३।०७४ को सामाजिक सुरक्षा भत्ता र पुँजीगत खर्चतर्फको गरी रु.२४,५०,०००।- हिनामिना गरी २०७४ साल असोज महिनादेखि हालसम्म बिना सूचना कार्यालयमा अनुपस्थित भएकोले छानबिन गरी आवश्यक कारबाही गरिदिनु हुन भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज गोपालचन्द्र लामाले आ.व.२०७३।०७४ को साबिक कालिका,मैला र मदना गा.वि.स.हरूको सामाजिक सुरक्षा भत्तातर्फ रु.३९,१३,०००।-, साबिक मैला गा.वि.स.को पुँजीगत खर्चतर्फ रु.२२,८१,०४७।- र साबिक कालिका र मदना गा.वि.स.को चालु खर्चतर्फ रु.१८,५८२।- गरी जम्मा रकम रु.६२,१२,६२९।- हिनामिना तथा दुरुपयोग गरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ को कसुर गरेको देखिन आएकोले निज गोपालचन्द्र लामालाई बिगो रु.६२,१२,६२९।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७, दफा ३ (१) तथा दफा ३(१)(ज) बमोजिम जरिवाना र कैदको सजाय हुन तथा निजले हिनामिना गरेको रकम रु.६२,१२,६२९।- उक्त दफा १७ बमोजिम निजबाट असुलउपर हुन र सचिव रामप्रसाद देवकोटाले सामाजिक सुरक्षातर्फ रु.२२,६५,६००।-, संचालन अनुदानतर्फ

रु.६,५६,६६८।- र पुँजीगत खर्चतर्फ रु.३,९९,९९४।- गरी जम्मा रु.३३,२२,२६२।- दुरुपयोग तथा हिनामिना गरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याउने भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुसारको कसुर गरेको पुष्टि भएको देखिएकोले निज रामप्रसाद देवकोटालाई बिगो रु.३३,२२,२६२।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा दफा ३(१) र दफा ३(१)(छ) बमोजिम जरिवाना र कैदको सजाय हुन तथा हानि नोक्सानी पुऱ्याएको बिगो रु.३३,२२,२६२।- निज रामप्रसाद देवकोटाबाट उक्त ऐनको दफा १७ बमोजिम असुलउपर हुन मागदाबी लिई आयोगको मिति २०७५।३।२१ को निर्णयानुसार मिति २०७५।३।२४ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

**२.६.४ गैरकानूनी लाभ लिई नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेका मुद्दाहरू :-**

१. जिल्ला उदयपुर, साबिक सिद्धिपुर गा.वि.स. वडा नं. ४ हाल चौदण्डीगढी नगरपालिका वडा नं. ८ स्थित सालघारी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष खड्गबहादुर राईसमेतले उक्त सामुदायिक वनको आय व्यय विवरण पारदर्शी रूपमा सार्वजनिक नगरी आर्थिक हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने समेत व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा उक्त सामुदायिक वनका तत्कालीन अध्यक्ष खड्गबहादुर राई, कोषाध्यक्ष विर्सिका माया राई र सचिव चन्द्रकुमार राईले एक आपसमा मिलोमतो गरी झुठा भरपाई कागज बनाई हिनामिना गरेको रु.४,३२,०००।- समेत गरी कुल जम्मा रु.७,५८,२५१।३० निज खड्गबहादुर राई समेतले बदनियतपूर्वक अधिकारको दुरुपयोग गरी आफूहरूलाई गैरकानूनी रूपमा लाभ पुऱ्याउने र सामुदायिक वनको सम्पत्ति गैरकानूनी रूपमा हानि/नोक्सानी पुऱ्याउने कार्य गरी प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा ४ द्वारा परिभाषित कसुर गरेको पुष्टि हुन आएको हुँदा निज खड्गबहादुर राई उपर बिगो रु.७,५८,२५१।३० कायम गरी, कोषाध्यक्ष एवं खाता संचालक विर्सिका माया राई उपर बिगो रु.४,५२,०००।- कायम गरी र उक्त सालघारी सामुदायिक वन उपभोक्ता समितिका तत्कालीन सचिव चन्द्रकुमार राई उपर बिगो रु.४,३२,०००।- कायम गरी निज प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा ४ बमोजिम हदैसम्मको कैद सजाय र बिगो बमोजिम जरिवाना हुन मागदाबी लिई आयोगको मिति २०७४।५।८ को निर्णयानुसार मिति २०७४।५।२१ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

२. जिल्ला धादिङ साबिक नीलकण्ठ गा.वि.स. वडा नं. ५ झ कित्ता नं. ४ को क्षेत्रफल ३-१५-०-३ जग्गा मेरा पिता लिलाबहादुर श्रेष्ठको नाममा दर्ता कायम रहेकोमा ऐ. वडा नं. ५/च कित्ता नं. ५४८४ को क्षेत्रफल ०-४-१-३ को जग्गा प्रदीप अधिकारीले मिति २०७०।१।३० मा बकसपत्र गरी लिएपछि निजले टायल चेक गराई कित्ता नं. ५४८४ को क्षेत्रफललाई २-१-१-३ कायम गरी पुनः कित्ताकाट गरेर कित्ता नं. ४ बाट बढ कायम गराएको क्षेत्रफल १-१३-०-० जग्गालाई किर्ते कित्ता नं. ५६६२ कायम गरी कृष्णकुमारी ढुंगानाका नाममा र कित्ता नं. ५६६१ क्षेत्रफल ०-४-१-३ जग्गा वसन्त आचार्यका नाममा दर्ता गरेकाले उक्त कित्ता नं. ५६६२ को क्षेत्रफल १-१३-०-० जग्गा बदर गरी लिलाबहादुर श्रेष्ठको नाउँको कित्ता नं. ४ को क्षेत्रफल ३-१५-०-३ जग्गा यथावत कायम राखी उक्त कार्यमा संलग्न कर्मचारी र निज जग्गा दर्ता गराउने प्रदीप अधिकारीलाई कारबाही गरी पाउँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा मिलेमतोमा छुट जग्गा दर्ता सिफारिस गर्ने, गैरकानूनी रूपमा दर्ता गर्ने गराउने, नक्सा सिटको बोर्डरभन्दा बाहिरको सरकारी जग्गासमेत समावेश गरी तत्कालीन नापी गोश्वारा र नापी कार्यालयले कानूनबमोजिम नाप नक्सा तयार नै नगरेको क्षेत्रमा गैरकानूनी रूपमा जिल्ला धादिङ नीलकण्ठ गा.वि.स. वडा नं. ५/झ कित्ता नं.१ क्षेत्रफल १०-१२-२-२ को छुट्टै अवैधानिक नक्सा सिट तयार गर्ने समेतका कार्यमा संलग्न मालपोत कार्यालय, धादिङका तत्कालीन प्रमुख मालपोत अधिकृत शंकरप्रसाद भेटवाल, मालपोत अधिकृत कुशध्वज खत्री, शाखा अधिकृत रामकृष्ण खत्री, नायब सुब्बा नेत्रराज जोशी, नायब सुब्बा जयबहादुर खड्का, नायब सुब्बा मुकुन्दराज पाण्डे, खरिदार राधाकृष्ण नेपाल तथा नापी कार्यालय, धादिङका तत्कालीन अमिन भीमप्रसाद श्रेष्ठ, सर्भेक्षक विश्वकुमार बस्नेत, सर्भेक्षक रवीन्द्रनाथ ठाकुरसमेतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ज) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादीहरूलाई ऐजन ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र उक्त कार्यमा संलग्न जग्गाधनी भनिएका लिलाबहादुर श्रेष्ठ र प्रदीप अधिकारी उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा भ्रष्टाचार

निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदाबी लिई आयोगको मिति २०७४।७।२३ को निर्णयानुसार मिति २०७४।७।३० मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

३. अछाम जिल्ला तत्कालीन कालागाउँ गाउँ विकास समिति वडा नं. ३ मा अवस्थित अन्नपूर्ण उच्च माध्यमिक विद्यालयमा जिल्ला शिक्षा कार्यालय अछामबाट आ.व. २०६८।०६९ मा विज्ञान भवन निर्माण तथा शौचालय निर्माणका लागि अनुदान स्वरूप प्राप्त रकममा गुणस्तरहीन कार्य गरी आर्थिक अनियमितता गरेको भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा विद्यालय भवन जस्तो संवेदनशील सार्वजनिक निर्माणमा गैरजिम्मेवार, त्रुटिपूर्ण र गुणस्तरहीन कार्य गरी यस्तो संस्थाबाट व्यक्तिगत लाभ लिने बदनियतले उक्त कार्यमा संलग्न प्रतिवादीहरूमध्ये तत्कालीन विद्यालय व्यवस्थापन समिति अध्यक्ष बलबहादुर सोडारी, प्र.अ. कृष्ण बहादुर रावल, तत्कालीन जिल्ला शिक्षा कार्यालय अछामका सव-इन्जिनियर संतोषराज पाण्डे, जिल्ला शिक्षा कार्यालय अछामका जिल्ला शिक्षा अधिकारी जवाहरलाल हमाल र हालका जिल्ला शिक्षा कार्यालय अछामका सव-इन्जिनियर हेमराज जोशी उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) अनुसारको कसुर गरेकोमा निज प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम जरिवाना एवं कैद सजाय हुन र अर्का प्रतिवादी ठेकेदार मन्जित सिंह रावलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) अनुसारको कसुर गरेको पुष्टि हुन आएको हुँदा निज मन्जित सिंह रावललाई ऐ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम जरिवाना एवं कैद सजाय हुन मागदाबी लिई आयोगको मिति २०७४।८।७ को निर्णयानुसार मिति २०७४।८।९ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

४. जिल्ला टीकापुर नगरपालिका वडा नं. ७ साबिक मनिकापुर गा.वि.स. वडा नं. १ मा पर्ने कि.नं. ७२ को ज. वि. ०-१-० को सार्वजनिक जग्गा मालपोत कार्यालय, टीकापुर र रामजी शाहीको मिलोमतोमा व्यक्ति विशेषका नाममा दर्ता स्रेस्ता कायम भएकोले उक्त फर्जी लालपुर्जा बदर गरी आवश्यक कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा मालपोत कार्यालय, टीकापुरका तत्कालीन प्रमुख लोकबहादुर रावल, मोठ फाँटमा काम गर्ने खरिदार जग्गेप्रसाद उपाध्याय र जग्गा प्रशासन तथा मुद्दा फाँटमा रही काम गर्ने ना.सु. मोहनबहादुर रसाइलीसमेतले बिना आधार प्रमाण आफ्नो पदको दुरुपयोग गरी कैलाली जिल्ला साबिक मनिकापुर गा.वि.स. वडा नं. १ हाल टीकापुर नगरपालिका वडा नं. ५ स्थित ज.वि. ०-१-० सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गरेको र रामजी शाहीले सरकारी जग्गा आफ्नो नाममा दर्ता गरि भ्रष्टाचार गरेको पुष्टि भएको हुँदा निज कार्यालय प्रमुख लोकबहादुर रावल, ना.सु. मोहनबहादुर रसाइली र खरिदार जग्गेप्रसाद उपाध्यायले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ज) मा उल्लिखित कसुर गरेको हुँदा निजहरू उपर सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र सरकारी जग्गा आफ्नो नाममा दर्ता गरी लिने निज रामजी शाहीले बिना आधार प्रमाण सार्वजनिक जग्गा मालपोत कार्यालयका कर्मचारीहरूसँग मिलेमतो गरी आफ्नो नाममा जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्ने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेको देखिएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) ले हुने सजायमा सोही ऐनको दफा २२ बमोजिमको सजाय हुन समेतको मागदाबी लिई आयोगको मिति २०७४।९।१३ को निर्णयानुसार मिति २०७४।९।२९ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

५. जिल्ला सुर्खेत भेरीगंगा न.पा.-१२ छिन्चु स्वास्थ्य चौकीका इन्चार्ज नेत्रबहादुर देवकोटाले स्वास्थ्य चौकीमा सुत्केरी हुन आउने महिलाहरूलाई नेपाल सरकारले दिने राहत स्वरूपको रकम सुत्केरीलाई आधा मात्र दिने र आधा आफैंले लिने, निःशुल्क आएको औषधी सामग्री तथा बिरामीहरूलाई सरकारले निःशुल्क दिएको सामानहरूको बिल बनाई पैसा असुल्ने गरेको र स्वास्थ्य चौकीमा आएका सम्पूर्ण सामग्रीहरू मनोमानी तवरले खरिद गरिएको तथा सामान खरिद गर्दासमेत नक्कली बिल भरपाई प्रयोग गरी भ्रष्टाचार गरेको सो कार्यमा भेरीगंगा न. पा. वडा न. १२ का अध्यक्ष हरिप्रसाद कँडेलको मिलेमतोमा एक पक्षीय स्वास्थ चौकी संचालन समिति बनाई रु. ५ लाखको भ्रष्टाचार गरेकोले कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा प्रतिवादीहरू नेत्रबहादुर देवकोटा र हरिप्रसाद कँडेलको मिलेमतो र संलग्नतामा छिन्चु स्वास्थ्य

चौकीबाट निःशुल्क रूपमा पाउनुपर्ने सेवा सुविधा र निःशुल्क औषधी सेवाग्राहीलाई उपलब्ध नगराई नक्कली तथा फर्जी बिल भरपाईको आधारमा रु.५०,५८०।- आफूहरूले भुक्तानी लिई नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको देखिन आएकाले छिन्चु स्वास्थ्य चौकीका इन्चार्ज नेत्रबहादुर देवकोटा र व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद कँडेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को (ङ) बमोजिमको कसुर अपराधमा बिगो रु.५०,५८०।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९, को दफा ८ को उपदफा (१) बमोजिम जरिवाना तथा कैद सजाय हुन तथा निज प्रतिवादीहरूले हानि नोक्सानी पुऱ्याएको बिगो रु.५०,५८०।- सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम असुलउपर हुन मागदाबी लिई आयोगको मिति २०७५।२।३ को निर्णयानुसार मिति २०७५।२।१० मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

६. जिल्ला बाँके, नौवस्ता गा.वि.स. वडा नं. ४ मा आ.व. २०७१/०७२ मा डिप बोरिङ निर्माण सम्पन्न भएकोमा हालसम्म संचालनमा नआएको, इस्टिमेट अनुसार कार्य नगरी रकम हिनामिना गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उपभोक्ता समितिका अध्यक्ष हाल बाँके जिल्ला बैजनाथ गाउँपालिका वडा नं. ३ का वडा सदस्य पदमा कार्यरत कहरसिंह थापा मगर, साबिक नौवस्ता गाउँ विकास समितिका तत्कालीन वडा सचिव खिमलाल पाण्डे र सव ओभरसियर नेत्र विक्रम थारूले साबिक नौवस्ता गाउँ विकास समिति वडा नं. ४ स्थित डिप बोरिङ निर्माणमा लागत इस्टिमेट अनुसारको पूरा काम नभएको अवस्थामा पनि झुठा बिल बनाउन लगाउने, गलत बिल तथा कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गर्ने र लागत इस्टिमेटबमोजिम सम्पन्न भएको छ, छैन हेरी यथार्थमा योजना स्थलमा भएको कामको आधारमा बिल तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा सो नगरी बढी भुक्तानी लिई नेपाल सरकारलाई बिगो रु.१,५८,७७१।१० हानि नोक्सानी पुऱ्याएको देखिन आएकाले उक्त कार्यमा संलग्न निज प्रतिवादीहरू कहरसिंह थापा मगर, खिमलाल पाण्डे र नेत्र विक्रम थारूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)(ङ) मा परिभाषित कसुर अपराधमा बिगो रु.१,५८,७७१।१० कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवानाको सजाय हुन मागदाबी लिई आयोगको मिति २०७५।२।३ को निर्णयानुसार मिति २०७५।२।१० मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

७. जिल्ला बाँके कोहलपुर नगरपालिका वडा नं. १० मा संचालित त्रिभुवन उच्च माध्यमिक विद्यालयका प्र.अ. र विद्यालय व्यवस्थापन समितिका अध्यक्षको मिलेमतोमा भवन निर्माण, जेनेरेटर खरिद, शिक्षक नियुक्ति, कम्प्युटर सामग्री, पुस्तक खरिद लगायतमा अनियमितता गरेको समेत भन्ने विषयको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा पुस्तक नै खरिद नगरी साथै खरिद गरेको पुस्तकको वास्तविक मूल्यसमेत फरक पारी झुठा बिल भरपाई समेत बनाई रु.१,९२,२८८।- बढी भुक्तानी भएको देखिएकोले त्रिभुवन माध्यमिक विद्यालय, कोहलपुर-१०, बाँकेका प्रधानाध्यापक विमला शाही र त्रिभुवन माध्यमिक विद्यालय कोहलपुर-१०, बाँकेका लेखापाल रामकुमार यादवले आफूहरूलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ङ) बमोजिम कसुर गरेको पुष्टि हुन आएकोले निज प्रधानाध्यापक विमला शाही र लेखापाल रामकुमार यादवलाई जनही रु.१,९२,२८८।- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) बमोजिम कैद र जरिवानाको सजाय हुन र एफिक्स टेक्नोलोजी, नेपालगञ्ज -५, न्युरोड बाँकेका प्रोपराइटर सुशीलाकुमारी सिंहले बदनियतसाथ बढी भुक्तानी लिई दुई वर्षपछि विद्यालयले बढी भुक्तानी भएको भनी माग गरेपछि मात्र फिर्ता गरेको देखिएकोले निजले प्रधानाध्यापक विमला शाही र लेखापाल रामकुमार यादवलाई भ्रष्टाचार गर्न सहयोग पुऱ्याई मतियार भई काम गरेको देखिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) बमोजिम हुने सजायमा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश अनुसार कैद र जरिवानाको सजाय हुन मागदाबी लिई आयोगको मिति २०७५।२।१७ को निर्णयानुसार मिति २०७५।२।२३ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

८. धादिङ जिल्ला गोगनपानी गा.वि.स. वडा नं.६ ङ कि.नं. ४९ क्षे.फ.२१५-१४-३-० महेश खोला जनिएको सरकारी, सार्वजनिक जग्गा लगायतका सरकारी, सार्वजनिक जग्गाहरू विभिन्न कित्ता कायम गरी विभिन्न

मितिमा विभिन्न व्यक्तिहरूको नाममा गैरकानूनी रूपमा दर्ता गरेको भन्ने समेतको विभिन्न उजुरीहरूका सम्बन्धमा अनुसन्धान हुँदा आफ्नो पदको दुरुपयोग गरी कुल रु. १२,०५,१०,०२३।४४ बराबरको सरकारी, सार्वजनिक सम्पत्ति हानि नोक्सानी हुने र व्यक्ति विशेषलाई प्रत्यक्ष फाइदा पुऱ्याएकोले देहायबमोजिम सोही बराबरको कुल बिगो कायम गरी प्रतिवादीहरूलाई निम्नानुसार सजायको मागदाबी लिई आयोगको मिति २०७५।२।३१ को निर्णयानुसार मिति २०७५।३।४ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

| सि.नं | प्रतिवादीको नाम थर र पद | कसुर | मागदाबी | बिगो रु. |
|---|---|---|---|---|
| १ | मा. अ. कुशध्वज खत्री, मालपोत कार्यालय, धादिङ । | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१), सोही ऐनको दफा ८ को उपदफा (१) को देहाय (ज) एवम् सोही ऐनको दफा ९ र दफा ११ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१), सोही ऐनको दफा ९ र दफा ११ बमोजिम | ५,२५,४०,१५९।६६ |
| २ | सर्भेक्षक रवीन्द्रनाथ ठाकुर, नापी कार्यालय, धादिङ । | ऐ | ऐ | ४,९२,४५,५४२।४८ |
| ३ | ना. अ. दीपककुमार सापकोटा, नापी कार्यालय, धादिङ । | ऐ | ऐ | २,०९,७५,२३०।४८ |
| ४ | मालपोत अधिकृत रामकृष्ण खत्री, मालपोत कार्यालय, धादिङ । | ऐ | ऐ | १,४८,८६,५५८।६० |
| ५ | ना. सु. नेत्रराज जोशी, मालपोत कार्यालय, धादिङ । | ऐ | ऐ | ९०,१७,२६५।६३ |
| ६ | सर्वेक्षक डिल्लीराम लावती, नापी कार्यालय, धादिङ । | ऐ | ऐ | ९८,१७,५९३।७५ |
| ७ | अमिन विश्वकुमार बस्नेत, नापी कार्यालय, धादिङ | ऐ | ऐ | ५,०५,६१,७७३।४४ |
| ८ | नापी निरीक्षक यज्ञप्रसाद हुमागाईं, नापी कार्यालय, धादिङ । | ऐ | ऐ | २,१३,५२,१६४।०६ |
| ९ | मा.अ. गोविन्दप्रसाद सापकोटा, मालपोत कार्यालय, धादिङ । | ऐ | ऐ | १४,८७,०७०।३१ |
| १० | ना.सु.जयबहादुर खड्का, मालपोत कार्यालय, धादिङ । | ऐ | ऐ | १२,९८,१३६।७१ |
| ११ | ना.सु.मुकुन्दराज पाण्डे मालपोत कार्यालय, धादिङ । | ऐ | ऐ | १,०२,६६,५५८।६० |
| १२ | मा.अ.युवराज भट्टराई मालपोत कार्यालय, धादिङ । | ऐ | ऐ | १,०२,६६,५५८।६० |
| १३ | ना.सु. अनन्तराज सत्याल, मालपोत कार्यालय, धादिङ । | ऐ | ऐ | १,४२,५०,०००।०० |
| १४ | ना.सु. देवराज शर्मा, मालपोत कार्यालय, धादिङ । | ऐ | ऐ | १,८५,६६,०८५।९४ |
| १५ | शा.अ. दिलीपकुमार अधिकारी, मालपोत कार्यालय, धादिङ । | ऐ | ऐ | ८४,७०,३१२।५० |
| १६ | मा. अ. परशुराम अधिकारी, | ऐ | ऐ | १,८५,६६,०८५।९४ |

| | | | | |
|---|---|---|---|---|
| | मालपोत कार्यालय, धादिङ । | | | |
| १७ | ना. सु. अच्युतप्रसाद हुमागाईं, मालपोत कार्यालय, धादिङ । | ऐ | ऐ | १२,६२,१९५।३१ |
| १८ | ना.सु.रामकेशर कार्की, मालपोत कार्यालय, धादिङ । | ऐ | ऐ | ८४,७०,३१२।५० |
| १९ | ना.सु.कृष्णप्रसाद सापकोटा, मालपोत कार्यालय, धादिङ । | ऐ | ऐ | रु.७४६७१।८८ |
| २० | सर्भेक्षक माधव कुइँकेल, नापी कार्यालय, धादिङ । | ऐ | ऐ | ७४,६७१।८८ |
| २१ | अमिन भीमप्रसाद श्रेष्ठ, नापी शाखा, धादिङ । | ऐ | ऐ | ४,४२,१९,७७३।४४ |
| २२ | ना.सु. कुलप्रसाद दाहाल, मालपोत कार्यालय, धादिङ । | ऐ | ऐ | २०,१२,५००।०० |
| २३ | ना.सु.विजयकुमार वर्मा, मालपोत कार्यालय, धादिङ । | ऐ | ऐ | २०,१२,५००।०० |
| २४ | ना.सु.रामप्रसाद अधिकारी, मालपोत कार्यालय, धादिङ । | ऐ | ऐ | २,२०,१२,५००।०० |
| २५ | मा.अ.मोहनजंग थापा, मालपोत कार्यालय, धादिङ । | ऐ | ऐ | २,२०,१२,५००।०० |
| २६ | ना.सु. शम्भुनारायण राजभण्डारी, मालपोत कार्यालय, धादिङ । | ऐ | ऐ | २,२१,२४,०००।०० |
| २७ | ना.सु.सत्यनारायण नेपाल, मालपोत कार्यालय, धादिङ । | ऐ | ऐ | २,००,००,०००।०० |
| २८ | ना.सु. नन्दुबहादुर खड्का, मालपोत कार्यालय, धादिङ । | ऐ | ऐ | २,००,००,०००।०० |
| २९ | खरिदार पुस्कर निरौला, मालपोत कार्यालय, धादिङ । | ऐ | ऐ | १,००,९२,७७३।४४ |
| ३० | ना.सु राधाकृष्ण नेपाल, मालपोत कार्यालय, धादिङ । | ऐ | मृत्यु भइसकेकोले सजायको मागदावी नलिइएको । | १,८८,११,५४२।९८ |
| ३१ | मा.अ.चेतबहादुर डाँगी, मालपोत कार्यालय, धादिङ । | ऐ | ऐ | १२,१५,६३६।७१ |
| ३२ | नापी निरीक्षक धीरेन्द्रलाल कर्ण, नापी कार्यालय, धादिङ | ऐ | ऐ | १,८६,३७,७५७।८२ |
| ३३ | मा. अ. मधुसूदन थपलिया, मालपोत कार्यालय, धादिङ । | ऐ | ऐ | १२,६२,१९५।३१ |
| ३४ | मा.अ.बालगोपाल अधिकारी, मालपोत कार्यालय, धादिङ । | ऐ | ऐ | १,९८,००,०००।०० |
| ३५ | खरिदार पूर्णप्रसाद ब्राम्हण, मालपोत कार्यालय, धादिङ । | ऐ | ऐ | २,२४,८७५।०० |
| ३६ | प्र.मा.अ. रेवतीप्रसाद ढकाल, मालपोत कार्यालय, धादिङ । | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१), सोही ऐनको दफा ८ को उपदफा (१)(ज) | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) बमोजिम | १२,१५,६३६।७१ |
| ३७ | ना.अ.भरतसिंह ऐर, नापी कार्यालय, धादिङ । | ऐ | ऐ | १२,१५,६३६।७१ |

| | | | | |
|---|---|---|---|---|
| ३८ | स.वन अधिकृत बाबुराम अर्याल, जिल्ला वन कार्यालय, धादिङ । | ऐ | ऐ | १,३९,७६५।६३ |
| ३९ | स.प्र.जि.अ.ओमकुमार बस्नेत, जिल्ला प्रशासन कार्यालय, धादिङ । | ऐ | ऐ | १२,६२,१९५।३१ |
| ४० | का.मु. जिल्ला वन अधिकृत भरतराज अधिकारी, जिल्ला वन कार्यालय, धादिङ । | ऐ | ऐ | १,००,९२,७७३।४४ |
| ४१ | जिल्ला वन अधिकृत दिवाकर पाठक, जिल्ला वन कार्यालय, धादिङ । | ऐ | ऐ | ६५,०९३।७५ |
| ४२ | अध्यक्ष, गुणनाथ नेपाल, अमरावती सामुदायिक वन उपभोक्ता समूह, धादिङ । | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिम | ४२,१७,०३१।२५ |
| ४३ | अध्यक्ष, पशुपतिनाथ दुवाडी, अमरावती सामुदायिक वन, धादिङ । | ऐ | ऐ | ५६,००,५६२।५० |
| ४४ | अध्यक्ष कुलबहादुर मगर, ताराडाँडा सामुदायिक वन उपभोक्ता समूह, धादिङ । | ऐ | ऐ | ७४,६७१।८८ |
| ४५ | अध्यक्ष, पेमा बांग्याल लामा, ठूलो सामुदायिक व.उ.स, धादिङ । | ऐ | ऐ | ६५,०९३।७५ |
| ४६ | प्रेमबहादुर तामाङ, पीडा-१, धादिङ । | ऐ | ऐ | ५२,७२,२६५।६३ |
| ४७ | अम्बिका सुवेदी, मुरली भञ्ज्याङ-३, धादिङ । | ऐ | ऐ | ८,७५,०००।०० |
| ४८ | यदुकुमार रिजाल, मुरली भञ्ज्याङ- ३, धादिङ । | ऐ | ऐ | १,८६,५००।०० |
| ४९ | ईश्वरप्रसाद लम्साल, मुरली भञ्ज्याङ- ३, धादिङ । | ऐ | ऐ | ५४,१४,०६२।५० |
| ५० | राजकुमार सुवेदी, पीडा-३ धादिङ । | ऐ | ऐ | १०,९९,६८७।५० |
| ५१ | शिवलाल श्रेष्ठ, मुरलीभञ्ज्याङ ४, धादिङ । | ऐ | ऐ | ८,५१,७१८।७५ |
| ५२ | केदारप्रसाद सुवेदी, पीडा-३ धादिङ । | ऐ | ऐ | ३,१२,५००।०० |
| ५३ | बद्रीप्रसाद सुवेदी, मुरली भञ्ज्याङ- ३, धादिङ । | ऐ | ऐ | १०,७८,१२५।०० |
| ५४ | ध्रुवरत्न मानन्धर, कीर्तिपुर-४, काठमाडौं । | ऐ | ऐ | ८४,७०,३१२।५० |
| ५५ | रामबहादुर गुरुङ, नीलकण्ठ-९, धादिङ । | ऐ | ऐ | ७४,६७१।८८ |
| ५६ | रामचन्द्र स्याङ्दान, महादेवस्थान-६, धादिङ । | ऐ | ऐ | ८,८६,३०८।५९ |
| ५७ | धर्मजित तामाङ, महादेवस्थान- | ऐ | ऐ | ३७,५७०।३१ |

| | | | | |
|---|---|---|---|---|
| | ६, धादिङ । | | | |
| ५८ | विष्णुप्रसाद रेग्मी, गोगनपानी-६, धादिङ । | ऐ | ऐ | १२,६२,१९५।३१ |
| ५९ | फडिन्द्रप्रसाद अर्याल, नलाङ-९ धादिङ । | ऐ | ऐ | १,००,९२,७७३।४४ |
| ६० | कृष्णबहादुर सिलवाल, नलाङ-९ धादिङ । | ऐ | ऐ | ४९,२९,१९९।२२ |
| ६१ | होमबहादुर गन्द्रमा मगर, मैदी -४ धादिङ । | ऐ | ऐ | २,२४,८७५।०० |
| ६२ | रेशमराज सिलवाल, नलाङ-९, धादिङ । | ऐ | ऐ | ६५,०९३।७५ |
| ६३ | सोमलाल कुमाल, सांकोष-३, धादिङ । | ऐ | ऐ | ८२,५००।०० |
| ६४ | ठाकुरप्रसाद अधिकारी, बैरेनी-९ धादिङ । | ऐ | ऐ | २०,१२,५००।०० |
| ६५ | मोहन कोइरला, मुरली भञ्याङ-२, धादिङ । | ऐ | ऐ | २,२१,२४,०००।०० |
| ६६ | नमराज कोइराला, मुरली भञ्याङ-३, धादिङ । | ऐ | ऐ | २,००,००,०००।०० |
| ६७ | रामहरि कोइराला, मुरली भञ्याङ-३, धादिङ । | ऐ | ऐ | २२,५०,०००।०० |
| ६८ | प्रकाश कोइराला, मुरली भञ्याङ-२, धादिङ । | ऐ | ऐ | १,२०,००,०००।०० |
| ६९ | मंगलबहादुर स्याङ्तान, महादेवस्थान-६, धादिङ । | ऐ | मृत्यु भइसकेकोले सजायको मागदावी नलिइएको । | २,९१,७५७।८१ |
| ७० | रामबहादुर राई, पीडा-२ धादिङ । | ऐ | ऐ | १,९८,००,०००।०० |
| ७१ | गा.वि.स. अध्यक्ष भरत तामाङ, गोगनपानी गा. वि. स. धादिङ । | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१), सोही ऐनको दफा ८ को उपदफा (१)(ज) | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) बमोजिम | १२,६२,१९५।३१ |

### २.६.५ गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेका मुद्दाहरू :-

१. नेपाल विद्युत प्राधिकरणका पूर्व महाप्रबन्धक महेन्द्रलाल श्रेष्ठले सार्वजनिक सेवाको पदमा रहँदा मर्यादा विपरीतका कार्यहरू गरी अकुत सम्पत्ति आर्जन गरेको हुँदा आवश्यक कारबाही गरियोस् भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा नेपाल विद्युत प्राधिकरणका पूर्व महाप्रबन्धक महेन्द्रलाल श्रेष्ठको सार्वजनिक पदधारण गरेको अवधि मिति २०३६।१२।५ देखि मिति २०७०।४।९ गतेसम्मको जाँच अवधिको सम्पूर्ण आय र व्ययलाई समग्रतामा विश्लेषण गरि हेर्दा निजको कुल आम्दानी जम्मा रु. ५९,५२,८७१।- र कुल व्यय रु.३,४८,३५,७६२।- देखिएकोले रु.२,८८,८२,८९१।- बराबरको सम्पत्ति निजले के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुराको स्रोत प्रमाणहरूबाट पुष्टि गर्न नसकेकोले निजले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निज महेन्द्रलाल श्रेष्ठलाई बिगो रु.२,८८,८२,८९१।- कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६(ग) तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम बिगोबमोजिम जरिवाना र कैद सजाय हुन साथै नेपाल विद्युत

प्राधिकरणको महाप्रबन्धक पदमा रही अवकाश प्राप्त गरेका निज महेन्द्रलाल श्रेष्ठलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४ (क) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप कैद सजाय हुन र देहाय (क) मा उल्लिखित भ्रष्टाचार गरी गैरकानूनी रुपमा आर्जन गरेको स्रोत नखुलेको निज महेन्द्रलाल श्रेष्ठको नाममा रहेका चल अचल सम्पत्तिहरू साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ (ग) तथा दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) र दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) बमोजिम जफत हुन मागदाबी लिई सो प्रयोजनका लागि करुणादेवी कर्माचार्य श्रेष्ठ, कमलेन्द्रलाल श्रेष्ठ र प्रेरणा श्रेष्ठलाई समेत प्रतिवादी कायम गरी आयोगको मिति २०७४।५।१५ को निर्णयानुसार मिति २०७४।५।२६ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

२. उच्च माध्यमिक शिक्षा परिषदका सह-सचिव देवीप्रसाद वारकोटीले प्रश्नपत्र छपाइ लगायत छात्रवृत्ति वितरण गर्दा घुस रिसवत लिई अकुत सम्पत्ति आर्जन गरेको र असमान्य जीवनशैली अपनाएको हुँदा निजको सम्पत्ति छानबिन गरी कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उच्च माध्यमिक शिक्षा परिषदका सह-सचिव देवीप्रसाद वारकोटीको आय-व्ययको प्रवाहसहितको अनुसन्धानात्मक विश्लेषणबाट निज देवीप्रसाद वारकोटीको सम्पूर्ण जाँच अवधिको कुल आय रु.३,५२,२६,७९६।७० र कुल व्यय रु.५,५५,१७,३९९।१८ देखिएकोले रु.२,०२,९०,६०२।४८ आम्दानीभन्दा बढी खर्च गरेको र निज देवीप्रसाद वारकोटीले गैरकानूनी रूपमा आर्जन गरेको उक्त सम्पत्तिमध्ये जग्गा बिक्रीबाट रु.१,०३,४०,६९०।- र शेयर बिक्रीबाट रु. १४,४२,८५६।८४ गरी रु.१,१७,८३,५४६।८४ बढे बढाएको समेत गरी कुल बिगो रु.३,२०,७४,१४९।३२ कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ग, तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम जरिवाना र कैद सजाय हुन र भ्रष्टाचार गरी गैरकानूनी आर्जन गरेको तपसिलमा उल्लिखित चल अचल सम्पत्तिहरू साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग, दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) र दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम मागदाबी लिई आयोगको मिति २०७४।६।९ को निर्णायानुसार मिति २०७४।६।२५ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

३. आन्तरिक राजस्व विभाग लाजिम्पाटका महानिर्देशक चुडामणि शर्माले गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी उच्च जीवनयापन गरेको भन्ने आयोगमा पर्न आएका उजुरी उपर अनुसन्धान हुँदा आन्तरिक राजस्व विभाग लाजिम्पाटका महानिर्देशक चुडामणि शर्माको सार्वजनिक सेवामा प्रवेश मिति २०४५।४।२३ देखि यस आयोगमा सम्पत्ति विवरण पेस गरेको मिति २०७३।८।२९ सम्मको जाँच अवधिको सम्पूर्ण आय र व्ययलाई समग्रतामा विश्लेषण गरी हेर्दा निजको कुल आम्दानी रु.३,६३,७२,९६१।- र कुल खर्च रु.७,९३,२७,०८५।- देखिएकोले रु.४,२९,५४,१२४।- आम्दानीभन्दा बढी खर्च गरको देखिन आएको र सो बढी खर्च भएको रकमको प्रमाणहरूबाट स्रोतको पुष्टि गर्न नसकेकोले निज चुडामणि शर्माले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज चुडामणि शर्मा उपर बिगो रु.४,२९,५४,१२४।- कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ ग तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम बिगोबमोजिम जरिवाना र कैद सजाय हुन र निज चुडामणि शर्माले भ्रष्टाचार गरी स्रोत खुलाउन नसकेको बिगो रु.४,२९,५४,१२४।- साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग, दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत गर्न समेत मागदाबी लिई सो प्रयोजनका लागि कल्पना उप्रेती शर्मालाई समेत प्रतिवादी कायम गरी आयोगको मिति २०७४।१०।११ को निर्णयानुसार मिति २०७४।१०।१५ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

४. आन्तरिक राजस्व कार्यालय भरतपुरमा कार्यरत प्रमुख कर अधिकृत टीकाराम भुसालले सार्वजनिक पदमा बहाल रहँदा पदको दुरुपयोग गरी गैरकानूनी रूपमा अकुत सम्पत्ति आर्जन गरेको भन्ने समेत व्यहोरको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा प्रमुख कर अधिकृत टीकाराम भुसालको सार्वजनिक पदधारण गरेको अवधि मिति २०५३।१।१९ देखि मिति २०७२।१०।३० सम्मको जाँच अवधिको सम्पूर्ण आय र व्ययलाई समग्रतामा

विश्लेषण गरी हेर्दा निजको कुल आम्दानी रु.१,१९,८४,८२२।१९ र कुल खर्च रु.२,७८,४८,४७९।८३ देखिएकोले रु.१,५८,६३,६५७।६४ आम्दानीभन्दा बढी खर्च भएको रकमको प्रमाणहरूबाट पुष्टि गर्न नसकेकोले निज टीकाराम भुसालले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निज टीकाराम भुसाललाई बिगो रु.१,५८,६३,६५७।६४ कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ (ग) तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम जरिवाना र कैद सजाय हुन र निजले भ्रष्टाचार गरी गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी बढे बढाएको सम्पत्ति साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ (ग) तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) बमोजिम जफत हुन मागदाबी लिई सो प्रयोजनका लागि निजकी श्रीमती मुनादेवी घिमिरेलाई समेत प्रतिवादी कायम गरी आयोगको मिति २०७४।११।२५ को निर्णयानुसार मिति २०७४।११।३० मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

**२.६.६ राजस्व चुहावट गरी भ्रष्टाचार गरेका मुद्दाहरू :-**

१. यातायात व्यवस्था कार्यालय, मोटरसाइकल, बागमतीका लेखापाल जनककुमारी रिजालले हिनामिना गरेको राजस्व रकम असुली सम्बन्धमा आवश्यक कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको यातायात व्यवस्था कार्यालय, मोटरसाइकल, बागमतीको पत्रका सम्बन्धमा अनुसन्धान हुँदा निज लेखापाल जनककुमारी रिजालले संकलन गरेको सम्पूर्ण राजस्व रकम कानूनले निर्धारण गरे अनुरूप कार्यालयको खातामा बैंकमा दाखिला नगरी कुन कुन रसिदहरूबाट कुन मितिमा संकलन गरिएको कति रकम बैंक दाखिला गर्न बाँकी छ भन्ने समेतको विवरण थाहा पाउन कठिन हुने गरी समेत दिनेश बोहरा र ठाकुर के.सी.को सहयोगमा रु.२३,७३,०००।- कार्यालयको खातामा बैंकमा दाखिला जम्मा नगरी निज लेखापाल जनककुमारी रिजालले रु.२३,७३,०००।- राजस्व चुहावट गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ग) बमोजिमको कसुर गरेको पुष्टि भएकोले सो कसुरमा निजलाई सोही ऐनको दफा ७ बमोजिम जरिवाना गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम हदैसम्म सजाय हुन र निज लेखापाल जनककुमारी रिजालसँग स्याकार ट्रेडिङ कम्पनी (प्रा.) लि. का कर्मचारी ठाकुर के.सी. र दिनेश बोहराको मिलेमतोमा दुवै जनाले लेखापाल जनककुमारी रिजाललाई मिति २०७२।३।२३ मा रु.२३,७३,०००।- को ६०२४१७ चेक नं. दिई नगदी रसिद नलिएको र मिति २०७२।५।३१ मा रु.२३,७३,०००।- को ३०६४५ नं. को चेकबाट नगदी रसिद लिएपछि सो चेक समेत लिई बैंकमा जम्मा गरी जम्मा भौचरको आधारमा अर्को काउण्टरबाट नगदी रसिद काट्न लगाई मोटरसाइकलहरू दर्ता गरी उक्त नगदी रसिदहरू स्याकार ट्रेडिङ कम्पनी (प्रा.) लि. मा पेस गरी आफ्नो हिसाब मिलान गरी मतियार भई राजस्व चुहावट गरेको प्रमाणित भई उक्त कार्यमा ठाकुर के.सी. र दिनेश बोहराले मतियारको भूमिका खेलेको पुष्टि भएको अवस्था हुँदा निज ठाकुर के.सी. र दिनेश बोहराको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र दफा ३ को उपदफा (१), दफा (३) को उपदफा (१) देहाय (च) ले हुने सजायमा ऐ दफा २२ बमोजिम सजाय हुन मागदाबी लिई आयोगको मिति २०७४।५।२६ को निर्णयानुसार मिति २०७४।६।१ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

२. यातायात व्यवस्था कार्यालय, मेचीका लेखा अधिकृत भगवान भट्टराईले आर्थिक वर्ष २०७३/७४ मा संकलन भएको राजस्व रकममध्ये रु.१,०७,२८,०००।- हिनामिना गरेको र कार्यालयले पटक पटक चेतावनी दिँदा पनि सो रकम दाखिला नगरी अनियमितता गरेको हुँदा छानबिन गरी दोषीलाई कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको यातायात व्यवस्था विभागको च.नं. ६३२ मिति २०७४।६।१ गतेको उजुरी पत्रका सम्बन्धमा अनुसन्धान हुँदा लेखा अधिकृत गणेशकुमार पोखरेलले आफ्नो कार्यकालमा उठाएको राजस्वमध्ये रु.९,९७,४४४।- र लेखा अधिकृत भगवान भट्टराईले आफ्नो कार्यकालमा उठाएको राजस्वमध्ये रु.१,१८,३७,७४७।- राजस्व बैंक दाखिला नगरी हिनामिना गरेको देखिएकोले तत्कालीन लेखा अधिकृत गणेशकुमार पोखरेल र लेखा अधिकृत भगवान भट्टराईले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय

(ग) बमोजिमको कसुर गरेको पुष्टि भएकोले प्रतिवादी निज तत्कालीन लेखा अधिकृत गणेशकुमार पोखरेलको हकमा बिगो रु.९,९७,४४४।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ तथा दफा ३(१) र दफा ३(१) को देहाय (ङ) बमोजिम जरिवाना एवं कैद सजाय हुन र प्रतिवादी तत्कालीन लेखा अधिकृत भगवान भट्टराईको हकमा बिगो रु.१,१८,३७,७४७।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ तथा दफा ३(१) र दफा ३(१) को देहाय (झ) बमोजिम जरिवाना एवं कैद सजाय हुन मागदाबी लिई आयोगको मिति २०७४।७।२२ को निर्णयानुसार मिति २०७४।७।२४ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

३. नगरकोट नगरपालिका ४,५,६ र ७ नम्बर संयुक्त वडा कार्यालय, सुडाल, भक्तपुरका वडा सचिव माधव सुवेदीले वडा कार्यालयबाट सिफारिस दिंदा लिनुपर्ने राजस्व रकम आम्दानी रसिद नकाटी हिनामिना गरेको हुँदा कारबाही होस् भन्ने समेत विषयको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा वडा सचिव माधव सुवेदीले मिति २०७२।४।१ देखि २०७२।१२।३० सम्म सिफारिस दिंदा रु.२,३३,९९०।- र मिति २०७१।८।२५ देखि २०७२।३।३२ सम्म सिफारिस दिंदा रु.१,९८,२२०।- गरी जम्मा रु.४,३२,२१०।- राजस्व रकम बदनियतसाथ आम्दानी रसिदबाट नकाटी उक्त रकम आफैंले बुझी खाई मासी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुसारको कसुर गरेको पुष्टि हुन आएको र निजले आफूविरुद्ध उजुरी परेको थाहा पाएपश्चात् अनुसन्धानकै क्रममा मिति २०७२।४।६ देखि २०७२।१२।३० सम्म खाई मासी हिनामिना गरेको राजस्व रकम रु.२,३३,९९०।- मिति २०७३।१०।२४ गते साबिक नगरकोट नगरपालिकाको बैंक खातामा दाखिला गरिसकेको देखिन आएकोले बाँकी रकम रु.१,९८,२२०।- सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम साबिक नगरकोट नगरपालिका ४, ५, ६ र ७ नम्बर संयुक्त वडा कार्यालय, सुडाल, भक्तपुरका वडा सचिव माधव सुवेदीबाट असुलउपर हुन र निजले खाई मासी हिनामिना गरेको रकम रु. २,३३,९९०।- अनुसन्धानकै क्रममा बैंक दाखिला गरेको भए तापनि सो खाई मासी हिनामिना गरेको रकमबमोजिम हुने जरिवाना र सजायबाट निजले उन्मुक्ति प्राप्त गर्ने अवस्था नरहेको हुँदा निजले खाई मासी हिनामिना गरी बैंक दाखिला गरेको रु.२,३३,९९०।- र मिति २०७१।८।२५ देखि २०७२।३।३२ सम्म खाई मासी हिनामिना गरेको रु.१,९८,२२०।- गरी बिगो जम्मा रु.४,३२,२१०।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ बमोजिम जरिवाना र सोही दफा ३ (१) को देहाय (घ) बमोजिम कैद सजाय हुन साथै निजले मिति २०७२।४।६ देखि २०७२।१२।३० सम्म सनसेट भ्याली भ्यु प्रा.लि सहित १३९ लाई सिफारिस दिंदा आम्दानी रसिद नकाटी हिनामिना गरेको रु.२,३३,९९०।- को हिसाब एवं दर्ता अभिलेख मिलाउन राजस्व रसिद प्राप्त हुनु अगाडिकै मितिबाट आम्दानी रसिदमा राजस्व संकलन गरेको देखाई उल्लिखित व्यक्तिहरूको विवरण दैनिक आम्दानी दर्ता रजिष्टरमा समेत आर्थिक वर्ष ०७२/०७३ समाप्त भएपछि पुनः दर्ता गरी गलत लिखत तयार गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ द्वारा परिभाषित कसुरसमेत गरेको हुँदा निज माधव सुवेदी उपर सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम थप सजाय हुन समेत मागदाबी लिई आयोगको मिति २०७४।७।२३ को निर्णयानुसार मिति २०७४।७।२९ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

४. यातायात व्यवस्था विभागको पत्र एवं साबिकको श्रम तथा यातायात मन्त्रालयको निर्णयानुसार आ.व. २०६७।०६८ देखि यातायात व्यवस्था कार्यालय, कोशी (हाल यातायात व्यवस्था कार्यालय, सवारी, कोशी) मा VRS सुरु भएको भन्ने व्यहोरा खुल्न आए अनुसार आ.व. २०६७।०६८ देखि आ.व. २०७०।०७१ समेतका आर्थिक वर्षहरूमा कार्यालयमा जम्मा हुन आएका राजस्व रकम हिनामिना सम्बन्धमा आयोगमा प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा यातायात व्यवस्था कार्यालय सवारी कोशीमा कार्यरत रहेका तत्कालीन कार्यालय प्रमुख उप सचिव होमनाथ भट्टराईले आ.व. २०६९।०७० मा कार्यालयले VRS प्रणालीबाट संकलित राजस्व रकम रु.४८,०८,४८,०३७।- मध्ये रु.४७,९४,४२,१६३।१० को मात्र हिसाब देखाएर उक्त अवधिको VRS प्रणालीबाट संकलित राजस्व रकममा रु.१४,०५,८७३।९० बैंक दाखिला नगरी, कहीं कतै नदेखाई खाई मासी हिनामिना एवं राजस्व मस्यौट गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७(ग) द्वारा परिभाषित कसुर गरेको पुष्टि हुन आएको हुँदा निज होमनाथ भट्टराई उपर बिगो रु.१४,०५,८७३।९० कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को

दफा ७ (ग) बमोजिमको कसुरमा निज उपर सोही ऐनको दफा ७ बमोजिम जरिवाना तथा दफा ३ (१) र ३(१) को देहाय (च) बमोजिम, सोही कार्यालयका तत्कालीन कार्यालय प्रमुख उपसचिव (हाल अवकास प्राप्त) विष्णुप्रसाद पौडेलले उक्त कार्यालयमा VRS प्रणालीबाट संकलित राजस्व रकम रु.६१,२६,८३,१७३।- मध्ये रु.५२,४४,७१,९८३।५० को मात्र हिसाब देखाएर उक्त अवधिको संकलित राजस्व रकमबाट रु.८,८२,११,१८९।५० बैंक दाखिला नगरी, कहीं कतै नदेखाई खाई मासी हिनामिना एवं राजस्व मस्यौट गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७(ग) द्वारा परिभाषित कसुर गरेको पुष्टि हुन आएको हुँदा निज विष्णुप्रसाद पौडेल उपर बिगो रु.८,८२,११,१८९।५० कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ (ग) बमोजिमको कसुरमा निज उपर सोही ऐनको दफा ७ बमोजिम जरिवाना तथा दफा ३ (१) र ३(१) को देहाय (झ) बमोजिम र सोही कार्यालयका तत्कालीन लेखापाल सुरेश अधिकारी, लेखापाल मणिराज दाहाल र तत्कालीन सहलेखापाल हाल लेखापाल टंकबहादुर खड्काले VRS विवरण अनुसार उक्त अवधिमा कार्यालयले संकलन गरेको राजस्व रकमहरू मध्ये आ.व. २०६९।०७० मा रु. १४,०५,८७३।९० र आ.व. २०७०।०७१ मा रु.८,८२,११,१८९।५० समेत गरी रु. ८,९६,१७,०६३।४० राजस्व रकम बैंक दाखिला नगरी नगराई मिलेमतोमा खाई मासी हिनामिना गरी राजस्व मस्यौट गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ (ग) द्वारा परिभाषित कसुर गरेको पुष्टि हुन आएको हुँदा निजहरू सुरेश अधिकारी, मणिराज दाहाल र टंकबहादुर खड्कासमेत उपर जनही बिगो रु.८,९६,१७,०६३।४० कायम गरी निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ (ग) बमोजिमको कसुरमा निजहरू उपर सोही ऐनको दफा ७ बमोजिम जरिवाना तथा दफा ३ (१) र ३(१) को देहाय (झ) बमोजिम हदैसम्मको सजाय हुन मागदाबी लिई आयोगको मिति २०७४।८।११ को निर्णयानुसार मिति २०७४।८।१२ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

५. यातायात व्यवस्था कार्यालय, महाकालीका निमित्त कार्यालय प्रमुख हेमन्तबहादुर सिंह समेतले लिलाम सवारी साधन दर्ता गर्ने क्रममा म१च ५१३, म१च ५२३, म१च ५२५ र म २प ६०२४ लगायतका सवारी साधनहरू व्यापारीसँगको मिलेमतोमा राजस्व अनुसन्धान कार्यालय लगायतका सरकारी छापहरूको नक्कली पत्रको आधारमा दर्ता गरेको भन्ने समेतको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा भन्सार छली चोरी पैठारी भई आएका सवारी साधनहरू दर्ता गर्दा नेपाल सरकारको राजस्व रकम चुहावट गरी हानि नोक्सानी गराएकोले देहायबमोजिमका प्रतिवादीहरूलाई निम्नानुसार सजायको मागदाबी लिई आयोगको मिति २०७५।२।७ को निर्णानुसार मिति २०७५।२।१३ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

| क्र.स. | प्रतिवादीको नामथर पद | कसुर | मागदाबी | बिगो रु. |
|---|---|---|---|---|
| १. | नि.का.प्र. हेमन्तबहादुर सिंह | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र दफा ७ (क) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले उल्लेख गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (छ) र दफा ७ | ३२,९७,८१४।२८ |
| ३. | नायव सुब्बा नरेन्द्रराज जोशी | ऐ | ऐ | २७,४२,६८७।४४ |
| २. | मेकानिकल इन्जिनियर दीपक थापा | ऐ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले उल्लेख गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (च) र दफा ७ | १७,२३,३३३।७३ |
| ४. | ना.सु. महादेव भट्ट | ऐ | ऐ | १५,५९,३८९।८१ |
| ५. | ना.सु. तारादत्त भट्ट | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र दफा ७ को (क) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले उल्लेख गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा | ५,९३,६१२।- |

| | | | | |
|---|---|---|---|---|
| | | | (१) को देहाय (ङ) र दफा ७ | |
| ६. | ना.सु. केशवदत्त बडु | ऐ | ऐ | ३,८५,४३१।९५ |
| ७. | खरिदार श्यामकृष्ण ओझा | ऐ | ऐ | २,४३,३९५।५६ |
| ८. | सवारी कारोबारी गोकुलप्रसाद श्रेष्ठ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) | ४७,४०,६९५।०५ |
| ९. | सवारी कारोबारी दिनेश बम | ऐ | ऐ | १,२३,६१५।- |
| १०. | सवारी कारोबारी करन भन्डारी | ऐ | ऐ | ३१,४१४।३१ |

**२.६.७ विविध विषयका मुद्दाहरू :**

१. संखुवासभा जिल्ला खाँदबारी नगरपालिका नगरकार्यपालिकाको कार्यालयको आ.व. ०७३/०७४ मा पाँच करोड बढी म.ले.प.बेरुजुमा सबैभन्दा ठूलो बेरुजु लेखा अधिकृत पदमा रहेका नवीनकुमार श्रेष्ठले कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, खाँदबारीमा रहेको नगरपालिकाको खाताहरूबाट अनधिकृत रूपमा रकम झिकी खाई मासी लाखौं रुपैयाँ बिल भरपाई बिना अनियमित खर्च लेखी सरकारी रकम दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण गरिसकेपछि सम्बन्धित व्यक्तिबाट असुलउपर गर्ने भनी औंल्याइएको रकम रु.१,२४,३८,७६६।- मध्ये निज नवीनकुमार श्रेष्ठले अघिल्लो आ.व.को अन्त्यमा बैंक दाखिला गरेको रकम रु.४०,००,०००।- समेत गरी जम्मा रु.१,१६,८०,०००।- खाँदबारी न.पा.का लेखा अधिकृत निज नवीनकुमार श्रेष्ठले रा.वा. बैंकमा रहेका विभिन्न खाताहरूबाट विभिन्न मितिमा पटक पटक गरी सरकारी रकम खाई मासी, व्यक्तिगत प्रयोजनमा खर्च गरेको र सो झुठा खर्च लेखिएका स्रेस्ता कागजातहरू नष्ट गरेको कुरा अनुसन्धानको क्रममा संकलित प्रमाण कागजातहरूबाट पुष्टि भएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएको देखिंदा निजलाई बिगो रु.१,१६,८०,०००।- कायम गरी सोही ऐनको दफा १७ को आधारमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(१) को देहाय (झ) बमोजिम कैद हुन र निजले हिनामिना गरेको रकम रु.१,१६,८०,०००।- दाखिला गरिसकेको देखिंदा बिगो असुलउपरतर्फ केही बोलिरहनु परेन । साथै निजले सरकारी स्रेस्ता कागजात च्याती फाली नष्ट गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ को कसुर गरेको देखिएकाले निज नवीनकुमार श्रेष्ठलाई सोही ऐनको दफा १२ बमोजिम सजाय हुन मागदाबी लिई आयोगको मिति २०७५।२।७ को निर्णयानुसार मिति २०७५।२।१० मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

२. काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १३, काँडाघारी बस्ने वीर अस्पताल काठमाडौंमा सातौं तहमा रेडियोग्राफर अधिकृतको रूपमा कार्यरत वर्ष ४८ को कृष्णप्रसाद तिमिल्सिना र जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १४, कलंकी बस्ने वीर अस्पताल काठमाडौंको सेवा आयोगको सचिव पदमा कार्यरत वर्ष ५९ को लक्ष्मणप्रसाद अर्यालले जिल्ला सिन्धुपाल्चोक, बाह्रबीसे नगरपालिका वडा नं. ८ बस्ने उद्धवप्रसाद नेपाललाई जबर्जस्ती करणी उद्योग मुद्दाबाट छुटाउन वीर अस्पताल काठमाडौंमा जबर्जस्ती करणी उद्योग गर्ने मितिमा उपचार गराएको देखिने नक्कली किर्ते कागजातहरू तयार गरी रु.५०,०००।- लेनदेन गरेको भनी केन्द्रीय अनुसन्धान ब्युरोले निजहरू राष्ट्रसेवक कर्मचारी भएकाले सरकारी पदमा रहँदा नक्कली किर्ते कागजातहरू तयार गरी घुस/रिसवत लिएको देखिन आएकोले आवश्यक कारबाहीका लागि कागजात पठाइएको भन्ने व्यहोराको प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरो महाराजगंज, काठमाडौंको च.नं. २३०४, मिति २०७२।११।३ गतेको उजुरीपत्रका सम्बन्धमा अनुसन्धान हुँदा जबर्जस्ती करणीको वारदातको समयमा वीर अस्पतालमा उपचारार्थ रहेको कागजात तयार गर्न सोही अस्पतालको तत्कालीन सेवा आयोगको सचिव पदमा कार्यरत लक्ष्मणप्रसाद अर्याल र कृष्णप्रसाद तिमिल्सिनाले केदारनाथ पराजुलीसँग रु.५०,०००।- लिई उद्धवप्रसाद नेपाल चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालमा उपचारार्थ रहेको गलत लिखत तयार

गरी नक्कली कागजात पुनरावेदन अदालत, पाटनमा पेस गरेको तथ्य पुष्टि भएको हुँदा निज राष्ट्रसेवक कर्मचारीद्वय कृष्णप्रसाद तिमिल्सिना र लक्ष्मणप्रसाद अर्याललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम जरिवाना र कैदको सजाय हुन, केदारनाथ पराजुलीको हकमा उद्धवप्रसाद नेपालले जबर्जस्ती करणी उद्योग गर्ने मितिमा वीर अस्पतालमा उपचारार्थ बेड भर्ना रहेको देखाउन वीर अस्पतालको कागजात अनधिकृत रूपमा गैरकानूनी तवरले थपघट तथा हेरफेर गर्ने उद्धवप्रसाद नेपालको ससुरा नाता पर्ने केदारनाथ पराजुलीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम कसुर गरेको देखिन आएको हुँदा केदारनाथ पराजुलीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम जरिवाना र कैदको सजाय हुन र उद्धवप्रसाद नेपालको हकमा जबर्जस्ती करणी मुद्दाबाट छुटकारा पाउने उद्देश्यले निज उद्धवप्रसाद नेपाल पहिले वीर अस्पतालमा उपचारार्थ रहेको कागजातमा गैरकानूनी तरिकाले मिति केरमेट तथा थपघट गरी आफैंले बनाएको किर्ते कागजात जिल्ला अदालत, सिन्धुपाल्चोकमा पेस गरेको देखिएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम कसुर गरेको पुष्टि हुन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम जरिवाना तथा कैदको सजाय हुन मागदाबी लिई आयोगको मिति २०७५।२।१७ को निर्णयानुसार मिति २०७५।२।२२ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

३. नापीका समयमा नाप नक्सा भएका तर हालसम्म व्यक्तिले प्रमाण पुर्‍याई दर्ता गर्न नसकेका काठमाडौं जिल्ला साबिक गोठाटार, बालुवा, मूलपानी, विष्णु गा.वि.स लगायतका विभिन्न कित्ता जग्गाहरू मालपोत कार्यालय, चाबहिलका कर्मचारी एवं अन्य व्यक्तिसमेतको मिलेमतोमा गैरकानूनी स्रेस्ता पुर्जा कायम गरी बिक्री वितरण समेत गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा उल्लिखित विभिन्न गा.वि.स अन्तर्गतका ४५ कित्ता जग्गाको जम्मा हुने क्षे.फ. ४५-१०-०-२ का जग्गाहरू सुरु नापीका बखत फिल्डमा नाप नक्सा हुँदा विभिन्न व्यक्तिहरूले आ-आफ्नो नाममा नाप नक्सा गराएको भए तापनि तत्कालीन अवस्थामा जग्गा दर्ताको लागि पुर्‍याउनुपर्ने आवश्यक प्रमाण र कागज देखाई वा पेस गरी नाप नक्सा भएबमोजिम आ-आफ्ना नाममा दर्ता गरी वा गराई तत्कालीन नापी गोश्वारा वा मालपोत कार्यालय, चाबहिलबाट स्रेस्ता पुर्जा प्राप्त गर्न नसकेको कारण दर्ता बाँकी जनिई स्रेस्ता कायम भएका उल्लिखित कि.नं. का जग्गाहरूको प्रतिवादीहरूले पूर्णरूपमा गैरकानूनी स्रेस्ता एवं पुर्जा खडा गरी भ्रष्टाचार गरेको तथ्य प्रमाणसहित पुष्टि हुन आएको हुँदा देहायबमोजिम कसुर र सजायको मागदाबी लिई आयोगको मिति २०७४।५।८ को निर्णयानुसार मिति २०७४।५।१४ मा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

| क्र.स. | प्रतिवादीको नामथर र पद | कसुर | मागदाबी | बिगो रु. |
|---|---|---|---|---|
| १. | ना.सु. भोजराज पोखरेल | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ | - |
| २. | ना.सु. सुन्दरकुमार कार्की, ना.सु. उमेश पोखरेल, ना.सु.रामबाबु प्रसाद अर्याल (हाल सेवा निवृत्त) र खरिदार दिव्यराज घिमिरे | ऐ ऐ | ऐ ऐ | -- |
| ३. | कम्प्युटर अपरेटर (नायब सुब्बा) लक्ष्मणप्रसाद खतिवडा, मालपोत अधिकृत चेतनाथ ढकाल, मालपोत अधिकृत तिर्खाराम अर्याल र ना.सु शिवराम पुडासैनी | ऐ ऐ | ऐ ऐ | - |
| ४. | कम्प्युटर अधिकृत प्रमोद भट्टराई | ऐ ऐ | ऐ ऐ | - |
| ५. | कार्यालय सहयोगी राजेन्द्र बस्नेत | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा दफा ३ को उपदफा (१) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही ऐनको दफा ३ | १८,८२,०००।- |

| | | | | |
|---|---|---|---|---|
| | | | को उपदफा (१) देहाय (च) | |
| ६. | जग्गाधनीहरू हरिनारायण श्रेष्ठ, हरिलाल श्रेष्ठ, होमबहादुर बिष्ट, धर्म महर्जन, श्यामसुन्दर दाहाल, विश्वनाथ लामिछाने र ध्रुवराम श्रेष्ठ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) र दफा ३ को उपदफा (१) देहाय (च) ले हुने सजायमा ऐ. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ | - |
| ७. | जग्गाधनी राजु थापा | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ११ र दफा १५ को कसुर गर्ने प्रतिवादी भोजराज पोखरेलसमेतको कार्यमा मतियारको भूमिका निर्वाह गरी ऐ. ऐनको दफा २२ बमोजिमको कसुर गरेको पुष्टि हुँदा निजलाई ऐ. दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम | - |
| ८. | जग्गाधनीहरू काजीलाल श्रेष्ठ, हरिभक्त श्रेष्ठ, टीकानारायण श्रेष्ठ, मोहनमाया श्रेष्ठ, चेतबहादुर मिजार, श्रीकृष्ण नगरकोटी, पुरुषोत्तम श्रेष्ठ, घनश्याम कार्की, प्रेमबहादुर कार्की, रामहरि ढकाल, रामबाबु ढकाल, रामेश्वर ढकाल, श्यामबहादुर मिजार, भरत कारञ्जित, कृष्णप्रसाद लामिछाने, रामप्रसाद लामिछाने, उमादेवी गुरुवाचार्य, उज्जल थापा श्रेष्ठ, लिलाकुमारी रेग्मी (धिमाल), दुर्गालाल श्रेष्ठ, रामकृष्ण श्रेष्ठ, श्रीधर देवकोटा, शान्ति वैद्य, रामकेशरी श्रेष्ठ, मदनबहादुर थापा, बहत्तम गोपाल श्रेष्ठ, नरबहादुर दोचे, रामगोपाल डंगोल, रामकृष्ण डंगोल, धनबहादुर महर्जन, मोतीराम श्रेष्ठ, नारायणीदेवी श्रेष्ठ, गम्भीरबहादुर चाँदीकार, प्रेमबहादुर के.सी. र सुशीला रामुदामु समेत | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ११ र दफा १५ को कसुरको मतियारको रूपमा दफा २२ | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २२ | - |

## २.७ पुनरावेदन

**पुनरावेदन गरिएका मुद्दाहरूको विवरण :**

आयोगबाट विशेष अदालतमा दायर गरेका मुद्दाहरूमध्ये आर्थिक वर्ष २०७४/७५ मा १७४ वटा मुद्दाहरूको फैसला प्राप्त भएकोमा विशेष अदालतबाट भएका फैसलाहरूमा चित्त नबुझी तपसिलका मुद्दाहरूको आर्थिक वर्ष २०७४/७५ मा सर्वोच्च अदालतमा पुनरावेदन गरिएका छन् :

१. जिल्ला सप्तरी, फुल्काही गा.वि.स.वडा नं. ५ घर भई हाल जि.वि.स. सप्तरीको सचिव पदमा कार्यरत वर्ष ५७ को बलदेव यादवसमेत २ जना ................................................................ ।

**मुद्दा : सामाजिक सुरक्षा भत्ता तथा अनुदान रकम हिनामिना गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७३।९।६** **पुनरावेदन दर्ता मिति : २०७४।४।९**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रस्तुत मुद्दामा मानराजा गा.वि.स. सप्तरीका सचिव प्रतिवादी बलदेव यादव र अस्थायी मुखिया प्रतिवादी रघुनन्दन यादवले मिलेमतोमा सामाजिक सुरक्षा भत्ता तथा अनुदान रकम वितरणका लागि निकासा भएकोमा वितरण नगरेको रकम दाखिला नगरी हिनामिना गरेको, किर्ते औंठाछाप प्रयोग गरी भुक्तानी लिएको समेत जम्मा रु.८,५१,१५०।- भ्रष्टाचार गरेको पुष्टि भएकाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बलदेव यादवको हकमा रु.८,५१,१५०।- र रघुनन्दन यादवको हकमा रु.८,११,१५०।- बिगो कायम गरी सोही मागदाबी लिइएकोमा दाबीबमोजिम नै कसुर गरेकोले प्रतिवादी बलदेव यादवबाट रु.९६,३७५।- बिगो असुल, रु.१,५२,७५०।- जरिवाना र ६ महिना कैद र प्रतिवादी रघुनन्दन यादवबाट रु.५६,३७५।- बिगो असुल, रु.१,१२,७५०।- जरिवाना र ६ महिना कैद तथा किर्ते औंठाछाप लगाई रु.६,९८,४००।- भ्रष्टाचार गरेकोमा रकम पाउने व्यक्तिहरू बुझी निजहरूले रकम नपाएको यकिन प्रमाण पेस भएको नदेखिएको र प्रतिवादीहरूले भरपाई कागजमा औंठाछाप लगाएको भन्ने बयान र लेखा तथा रेखाविशेषज्ञको प्रतिवेदनसमेतका कागजातबाट पुष्टि भएकोले जनही १ महिनाका दरले कैद गरी फैसला भएकोमा अमिल्दो दफा ८(३) प्रयोग गरी सजाय गरी बिगोबाट उन्मुक्ति दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

२. जिल्ला काठमाडौं साबिक वाहिरीगाउँ-१ हाल कीर्तिपुर नगरपालिका-१६ बस्ने वागसिं महर्जनको नाति भाइलाल महर्जनको छोरा हाल खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, हेटौंडा मकवानपुरका इन्जिनियर वर्ष ५३ का श्री रमेश महर्जन.............................. ।

**मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।**

**फैसला मिति :२०७४।१।११** **पुनरावेदन दर्ता मिति : २०७४।४।२३**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, मकवानपुरका इन्जिनियर रमेश महर्जनले मकवानपुरगढी ५ मा रहेको देवीडाँडा खानेपानी उपभोक्ता समितिलाई निकासा दिई योजना चाँडै सम्पन्न गर्नसमेत समितिका अध्यक्ष तथा सचिवबाट रु.४५,०००।-घुस/रिसवत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिम कसुर गरेकोले बिगो रु.४५,०००।- कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१)(ख) बमोजिम सजाय हुन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीको प्रमाणविहीन इन्कारी बयानलाई मात्र आधार लिई संलग्न प्रमाणको मूल्यांकन नै नगरी वारदात स्थलमा अन्य १५/१६ जना मानिसहरूको उपस्थिति रहेको भन्ने देखिंदा त्यस्तो खुल्ला सार्वजनिक स्थलमा प्रतिवादीले घुस लिए होलान् भनी भन्न सकिने अवस्था नरहेको भनी सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

३. खोटाङ जिल्ला, धारापानी (डुम्रे) गा.वि.स. वडा नं. १ बस्ने गौरीनाथ अधिकारीको नाति मित्रनाथ अधिकारीको छोरा हाल वैदेशिक रोजगार विभाग तीनकुने काठमाडौंका निर्देशक वर्ष ५७ चिरन्जीवी अधिकारीसमेत ६ जना .....................................................।

**मुद्दा : घुस रिसवत लिई गलत कागजातहरूका आधारमा अन्तिम श्रम स्वीकृति प्रदान गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७३।४।३२** **पुनरावेदन दर्ता मिति : २०७४।४।२५**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रस्तुत मुद्दामा प्रतिवादी अनिल पन्थीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(२) बमोजिम कसुर गरेकोले बिगो रु.१,८९,०००।- कायम गरी सोही ऐनको दफा ३(२) र ३(१)(घ) बमोजिम, प्रतिवादी पुष्पराज लामिछानेले प्रतिवादी अनिल पन्थीलाई सघाएको देखिंदा भ्रष्टाचार निवारण ऐन,

२०५९ को दफा २२ बमोजिम हुने सजाय तथा प्रतिवादीहरू संजीव नेपाल, लक्ष्मीप्रसाद ढुंगाना, कुमारप्रसाद पोखरेल, चिरन्जीवी अधिकारीले रु.१८,९०,०००।- घुस रिसवत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुर गरेकाले निजहरूलाई सोही ऐनको दफा ३(१) र दफा ३(१)(च) बमोजिम सजाय हुन मागदाबी लिई आरोपपत्र दायर गरेकोमा चिरन्जीवी अधिकारी र संजीव नेपाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम जनही ३ महिना कैद र रु.१०,०००।- जरिवाना, अनिल पन्थीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुरमा २ महिना कैद र अभियोग दाबी पुग्न नसक्ने र पुष्पराज लामिछानेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम १ महिना कैद र कुमारप्रसाद दाहाल र लक्ष्मीप्रसाद ढुंगानालाई अन्तिम श्रम स्वीकृति प्रदान गर्दा पहुँच नभएकाले गलत कार्य गरेको पुष्टि नभएको भनी सफाइ दिने गरी भएको फैसलामा मिसिल अध्ययन गर्दा अनिल पन्थीले प्रतिराहदानी रु.३,००००।- का दरले आफूले लिई रु.३०,०००।- कर्मचारीहरूसमक्ष पुऱ्याएको बयानमा स्पष्ट खुलाएको देखिंदा ६३ वटा राहदानीको हुने रु.१,८९,०००।- निजले र अन्य कर्मचारीले रु.१८,९०,०००।- घुस रिसवत लिई गलत कागजातको आधारमा अन्तिम श्रम स्वीकृति दिएको स्पष्ट देखिंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(२) बमोजिम बिगो रु.१,८९,०००।- कायम गरी सोही ऐनको दफा ३(२) र ३(१)(घ) बमोजिम सजाय गर्नुपर्नेमा सो नगरी दफा ८(४) को कसुरमा दफा ८(४) बमोजिम सजाय गर्ने गरी भएको फैसला कानूनी रूपमा त्रुटिपूर्ण छ । साथै उक्त कार्यमा संलग्न पुष्पराज लामिछानेलाई सोही ऐनको दफा २२ बमोजिम प्रतिवादी अनिल पन्थीलाई हुने सजायको आधा सजाय गर्नुपर्नेमा सो नगरी भएको फैसला कानूनी रूपमा त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

४. मियाँ जान मियाँको नाति जिन्दार मियाँको छोरा सर्लाही जिल्ला हरिपुर गा.वि.स. वडा नं.९ मा स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. ३४ कोटेश्वर काठमाडौंमा बस्ने Sanna International Recruting Services Pvt. Ltd. का संचालक वर्ष ५९ को मो. मुस्ताक मियाँसमेत ६४ जना ..........................................।

**मुद्दा : सेटिङका आधारमा रिसवत लिई वैदेशिक रोजगारीमा पठाउन भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७३।२।४** **पुनरावेदन दर्ता मिति : २०७४।४।२९**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** सेटिङका आधारमा रिसवत लिई वैदेशिक रोजगारीमा पठाई भ्रष्टाचार गरेको मुद्दामा प्रतिवादीहरू श्यामप्रसाद श्रेष्ठ, हर्कबहादुर लिम्बु, मो.मुस्ताक मियाँ, रमेशप्रसाद मैनाली र पप्पुकुमार साहलाई अभियोग मागदाबीभन्दा बाहिर गई गरिएको फैसलामा सो हदसम्म चित्त नबुझेको र सेटिङका आधारमा रिसवत लिई वैदेशिक रोजगारीमा पठाई भ्रष्टाचार गर्ने अजिता शर्मा, निर्मला न्यौपाने, मन्जु शर्मा सुवेदी, दीपकप्रसाद खतिवडा, चन्द्रहरि लुईंटेल, माधव भट्टराई, रामप्रसाद पोखरेल, सन्तोष सुवेदी, हिराध्वज कार्की, अवेदुल्लाह मक्सुद, रजा उल्लाह, ज्ञानेन्द्र शर्मा, पवित्र कुँवर, मुक्तिप्रसाद खनाल, गंगाबहादुर भुजेल, रमेशकुमार अधिकारी, योगेन्द्रकुमार अधिकारी, शंकर कार्की, केशव बन्जारा, कृष्णप्रसाद खतिवडा, डिल्लीराम भट्टराई, गोपीप्रसाद पौडेल, रामचन्द्र कार्की, भोजबहादुर ऐडी, रामचन्द्र खतिवडा, कमलबहादुर कार्की, बिक्रमबहादुर सोमै मगर, दिवाकर शर्मा, रामकृष्ण पराजुली, नरबहादुर वि.क., रामकुमार ओझा, बाबुहरि पन्थी, जयबहादुर सिँह, लिलारमण पोखरेल, चिरञ्जीवी अधिकारी, नवराज कोइराला, सञ्जय नेपाल, रुद्रप्रसाद मरासिनी, डिल्लीराम शर्मा पौडेल, कृष्णप्रसाद सिग्देल, कोषराज भट्टराई, बुद्धिबहादुर तिवारी, टलबहादुर पौडेल, रिद्धिप्रकाश सिटौला, प्रदीपप्रसाद लामिछाने, अशोककुमार श्रेष्ठ, नारायणप्रसाद पौडेल, शिवप्रसाद रेग्मी, शेखजफरे आलम, राजीवकुमार पंजियार, सोविता रानाभाट, सुरेशकुमार महतो, सुरेशकुमार श्रेष्ठ, सुमन दाहाल, सुवासकुमार मैनाली, सरोजकुमार मैनाली, अरुणकुमार बर्मा कायस्थ, शिवशंकर साह र लालबाबु पाण्डेसमेतले व्यक्तिगत प्रयासमा प्राप्त गरेको कम्पनी तथा पेसाको भिसा, पासपोर्ट पूर्व स्वीकृतिमा उल्लेख भएभन्दा फरक रहेको जानीजानी सेटिङका आधारमा फरक पेसा र कम्पनी रहेका भिसा निवेदनसाथ नराखी पूर्व स्वीकृतिमा उल्लेख भएअनुसार हुने गरी भिसाभन्दा फरक पेसा र कम्पनीमा अन्तिम श्रम स्वीकृतिका लागि निवेदन पेस गरी स्वीकृतिसमेत प्राप्त गरेको गलत कागजातका आधारमा ड्राइभरको लागि पठाउने भनेकोमा श्रम स्वीकृति निकाल्दा प्लास्टर वर्कर भनी निकालेको अवस्थामा कतार पुगेपछि भनेको कम्पनीमा काम नपाएपछि नेपाल फर्किएका अब्दुल अजिमको कागज, बुझिएका मानिसको घटना विवरण कागज, सम्बद्ध व्यक्तिहरूको कागज, खानतलासी तथा बरामदी मुचुल्का, टेलिफोन कल तथा एस.एम.एस. डिटेल्ससमेतका आधार प्रमाणहरूको

विश्लेषण नै नगरी सेटिङको आधारमा रिसवत लिई वैदेशिक रोजगारीमा पठाई भ्रष्टाचार गरेकोमा केही प्रतिवादीलाई अभियोग दाबीभन्दा बाहिर गई कम सजाय र अन्यलाई पूर्णरूपमा सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

५. खोटाङ जिल्ला, धारापानी (डुम्रे) गा.वि.स. वडा नं. १ बस्ने गौरीनाथ अधिकारीको नाति मित्रनाथ अधिकारीको छोरा हाल वैदेशिक रोजगार विभाग तीनकुने काठमाडौंका निर्देशक वर्ष ५७ का चिरन्जीवी अधिकारीसमेत ६ जना ...........।

**मुद्दा : घुस रिसवत लिई गलत कागजातहरूका आधारमा अन्तिम श्रम स्वीकृति प्रदान गरी आफूविरुद्धका प्रमाण सरकारी कागजसमेत च्याती नष्ट गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७३।४।३२** **पुनरावेदन दर्ता मिति : २०७४।५।१**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रस्तुत मुद्दामा प्रतिवादी बेलास के.सी.उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(२) को कसुरमा निज उपर बिगो रु.५,४५,०००।- कायम गरी सोही ऐनको दफा ३(२) र ३(१)(ङ) बमोजिम, प्रतिवादी सन्तोष अधिकारीले राहदानी र रकम जम्मा गरी दिई बेलास के.सी.लाई सघाएको देखिंदा निज उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम प्रतिवादी बेलास के.सी.लाई हुने सजायको आधा र प्रतिवादीहरू सुशील शाक्य, भीमबहादुर बस्नेत, कुमारप्रसाद पोखरेल, चिरन्जीवी अधिकारीले अन्तिम श्रम स्वीकृतिका लागि प्राप्त फाइल कागजातहरू हेरी जाँची ठीक दुरुस्त ठहरिए मात्र श्रम स्वीकृति प्रदानका लागि फाइल पेस गरी निस्सा दिनुपर्नेमा सो विपरीत बिगो रु.३२,७०,०००।- घुस रिसवत लिई भ्रष्टाचार गरेकोमा निजहरू उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुरमा सोही ऐनको दफा ३(१) र दफा ३(१)(छ) बमोजिम सजाय हुन र प्रतिवादीमध्ये कुमारप्रसाद पोखरेल र भीमबहादुर बस्नेतलाई ऐ ऐनको दफा १२ बमोजिमको कसुरमा ऐ दफा १२ बमोजिमसमेत सजाय हुन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीहरू चिरन्जीवी अधिकारी र सुशील शाक्यलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ को कसुरमा सोही ऐनको दफा ९ बमोजिम जनही ३ महिना कैद र रु.१०,०००।- जरिवाना हुने, प्रतिवादी बेलास के.सी.लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुरमा सोही ऐनको दफा ८(४) बमोजिम २ महिना कैद र अरूमा दाबी नपुग्ने तथा प्रतिवादीहरू कुमारप्रसाद पोखरेल, भीमबहादुर बस्नेत र सन्तोष अधिकारीले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई भएको फैसलामा मिसिल अध्ययन गर्दा प्रतिवादीहरू कुमारप्रसाद पोखरेलसमेतले मिलेमतो गरी घुस रिसवत लिई गलत फाइल तयार गरी पेस गरेको पुष्टि हुँदाहुँदै प्रमाण ऐन, २०३४ को दफा १८ बमोजिम बकपत्रको व्यहोरा प्रमाणमा नलिइएको, प्रतिवादी बेलास के.सी.ले कर्मचारीहरूलाई आर्थिक प्रलोभनमा पारी श्रम स्वीकृति निकाली दिन प्रतिवादी सन्तोष अधिकारीसमेत मार्फत सङ्कलन गरिएका पासपोर्ट र उठाइएका रकममध्ये रु.३०,०००।- का दरले कर्मचारीसम्म पुऱ्याई घुस रिसवत दिईलिई अन्तिम श्रम स्वीकृति निस्सा दिएको तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि हुँदाहुँदै पनि प्रतिवादी चिरन्जीवी अधिकारीसमेतलाई अभियोग मागदाबी परिवर्तन गरी कम सजाय र प्रतिवादीहरू कुमारप्रसाद पोखरेलसमेतलाई सफाइ दिने गरी भएको फैसला भ्रष्टाचार निवारण ऐन, २०५९ को मर्म भावना र कानूनी व्यवस्था अनुकूल नभई त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

६. टीकादत्त कट्टेलकी छोरी डिल्लीराम भट्टराईकी श्रीमती जिल्ला मोरङ विराटनगर उ.म.न.पा. वडा नं.- ५ स्थित चाँदनी चौक घर भई श्री दीक्षा प्रा.वि.अमडुवा-५ सुनसरीका तत्कालीन प्र.अ. हाल श्री शाल्पा मा.वि. बुग्डहरी, पुर्व कुसाहा-८, सुनसरीमा काजमा कार्यरत प्रा.शि. वर्ष २७ की नर्वदा कट्टेल (भट्टराई) समेत ३ जना .......................................।

**मुद्दा : विद्यालयको रकम भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७३।१।५** **पुनरावेदन दर्ता मिति : २०७४।४।२९**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रस्तुत मुद्दामा प्रतिवादीहरू नर्वदा कट्टेल भट्टराई, राहत प्रा.शिक्षक डिल्लीराम भट्टराई र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहमद इसुफ मियाँले आपसी मिलेमतो गरी सरकारी अनुदानको रकम बदनियतपूर्वक जानीजानी चेक काटी रु.९,२७,६००।- नगद भुक्तानी लिई खाई मासी हानि नोक्सानी पुऱ्याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेकोले सोही ऐनको दफा १७ तथा ३(१) र ३(१)(ङ) बमोजिम सजाय गरी पाउन मागदाबी लिई अभियोगपत्र दायर

गरिएकोमा प्रतिवादीहरू नर्वदा कट्टेल भट्टराई र डिल्लीराम भट्टराईलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) सम्मको कसुर गरेको ठहर गरी सोही ऐनको दफा ८(३) बमोजिम जनही १ महिना कैदको सजाय हुने तथा अरू कुरामा वादीको मागदाबी नपुग्ने र प्रतिवादी महोमद इसुफ मियाँले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी भएको फैसलामा मिसिल अध्ययन गर्दा व्यवस्थापन समितिको निर्णय बिना लामो समयसम्म पटकपटक चेक काटी नगद निकालेको देखिएको, खर्च गरिएको रकमको रेखदेख र नियन्त्रण गर्नुपर्ने कर्तव्य र दायित्व पालना नगरी बदनियतपूर्वक चेकमा दस्तखत गरी आफू र प्रतिवादीहरू नर्वदा कट्टेल भट्टराई र डिल्लीराम भट्टराईलाई गैरकानूनी लाभ पुऱ्याउने नियतले कार्य गरेको पुष्टि भइरहेको अवस्थामा आत्मनिष्ट आधार लिई प्रतिवादीद्वयलाई बिगोबाट उन्मुक्ति दिने गरी प्रस्तुत वारदातको सम्बन्धमा प्रयोग नै हुन नसक्ने दफा ८(३) प्रयोग गर्ने गरी र प्रतिवादी महोमद इसुफ मियाँलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको सो हदसम्मको सुरु फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

७. रामईश्वर रायको छोरा सर्लाही पडरिया गा.वि.स. वडा नं.-६ घर भई महादेव प्रा.वि. पडरिया-८ शिवनगरको प्रधानाध्यापक रजनिश कुमार राय ......................................................................................।

**मुद्दा : भ्रष्टाचार (रकम हिनामिना) ।**

**फैसला मिति : २०७४।२।३** **पुनरावेदन दर्ता मिति : २०७४।५।४**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरू रजनिशकुमार राय र रामइश्वर रायले शिक्षा कार्यालय, सर्लाहीबाट विद्यालयको नाममा निकासा भएको अनुदान रकम रु.४,२२,६१४।- प्रस्ट रूपमा बदनियतपूर्वक हिनामिना गरी विद्यालयलाई हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुर गरेको तथ्य निर्विवाद रूपमा पुष्टि भइरहेको, सञ्चालनमा नै नरहेकोले विद्यालयका नाउँमा निकासा भएको रकम खर्च गरेको भन्ने कुरालाई ठोस एवं वस्तुनिष्ठ प्रमाण पेस गरी पुष्टि गराउन नसकेको, कसुरमा समान रूपमा संलग्न प्रतिवादी रामइश्वर रायले सुरु विशेष अदालतबाट जारी म्याद गुजारी प्रतिवादसमेत नगरी सजाय स्वीकार गरी बसेको र प्रतिवादी रजनिशकुमार रायसमेतले आरोपपत्र दाबीबाट उन्मुक्ति पाउने उद्देश्यले बेरुजु रकम भनी हानि नोक्सानी गरेको रकम दाखिला गरेकै भरमा निजलाई सफाइ दिने गरी भएको फैसला भ्रष्टाचार निवारण ऐन, २०५९ को मर्म, भावना र कानूनी व्यवस्था अनुकूल नभई प्रत्यक्षः त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

८. जिल्ला कास्की साबिक पुम्दिभुम्दी गा.वि.स. वडा नं. ४ घर भई हाल पोखरा उपमहानगरपालिका वडा नं. २५ बस्ने खडानन्द बरालको नाति, देवीलाल बरालको छोरा, यातायात व्यवस्था कार्यालय पोखरामा कार्यरत लेखा अधिकृत गोविन्दप्रसाद बरालसमेत २ जना ..........................................................................।

**मुद्दा : भ्रष्टाचार (घुस रिसवत) ।**

**फैसला मिति : २०७३।१२।७** **पुनरावेदन दर्ता मिति : २०७४।५।८**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरू गोविन्दप्रसाद बराल र नारायणहरि शर्मा अधिकारीले सवारी साधन नवीकरण गर्नका लागि रु.१०,०००।- घुस मागेको र निवेदकको मागबमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटै उपलब्ध गराइएको रकम प्रतिवादीहरूले घुस/रिसवत बापत लिइएको देखिंदा प्रतिवादीहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) अन्तर्गतको कसुरजन्य अपराध भएकाले प्रतिवादीहरूले लिएको रु.१०,०००।- लाई बिगो कायम गरी ऐ. ऐनको दफा ३(१) र ३(१) (क) बमोजिम सजाय हुन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा पेस भएको अन्य प्रमाणको मूल्यांकन नगरी केवल प्रतिवादीहरूले कसुरमा इन्कार गरेको आधारमा मात्र प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको फैसला प्रत्यक्ष त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

९. सिरहा जिल्ला चन्दअयोध्यापुर गा.वि.स. वडा नं. १ चोहर्वा घर भई जिल्ला वन कार्यालय सुनसरीमा सहायक वन अधिकृत पदमा कार्यरत गंगारामको नाति, रामघारीको छोरा वर्ष ४४ को वेचन यादव ....................।

**मुद्दा : झुठा बिल भरपाई पेस गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।१।२०** **पुनरावेदन दर्ता मिति : २०७४।५।८**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : आ.व. २०७०/७१ मा राष्ट्रिय वन विकास कार्यक्रम अन्तर्गतको रामधुनी वन व्यवस्थापन र संरक्षण कार्यक्रमका लागि रु. ११,८५,०००।- पेश्की लिएकोमा वेचन यादवले सामुदायिक वन अन्तर्क्रिया गोष्ठी, बिरुवा उत्पादन, जडिबुटी रोपन व्यवस्थापन, सामुदायिक वन आयआर्जन कार्यक्रम,

लगायतका जम्मा १९ वटा कार्यक्रम सञ्चालन गरेको भनी जम्मा रु.४,४१,६६०।०७ को बिलभरपाई पेस गरी रकम भुक्तानी लिएको तर अनुसन्धानबाट कुनै पनि कार्यक्रम नगरी झुठा बिल भरपाई बनाई कार्यक्रम गरेको भनी भुक्तानी लिई हानि नोक्सानी पुर्‍याएको देखिंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र ८(१)(ङ) अन्तर्गतको कसुरमा हिनामिना गरेको रु.४,४१,६६०।०७ लाई बिगो कायम गरी सोही ऐनबमोजिम मागदाबी लिई आरोपपत्र दायर भएकोमा ३ महिना कैद र रु.२,००,६६२।५० जरिवाना तथा आरोपपत्रमा दाबी गरिएको अन्य रकमको सन्दर्भमा प्रतिवादीले पेस गरेका बिल भरपाई नक्कली एवं झुठा हुन् भन्ने आरोप दाबी वादीका तर्फबाट पुष्टि हुन नसकेको भनी फैसला भएकोमा प्रतिवादी वेचन यादवले अनुसन्धानका क्रममा बयान गर्दा सो कार्य गल्ती भएको भनी कसुर स्वीकारेको अवस्था विद्यमान हुँदाहुँदै सोलाई प्रमाणको रूपमा नलिई आरोप दाबीभन्दा कम बिगो हिनामिना गरेको ठहर गरी भएको सो हदसम्मको फैसला प्रत्यक्ष त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१०.गोपी मियाको नाति, गफुर मियाँको छोरा, जिल्ला सप्तरी छिन्नमस्ता गा.वि.स. वडा नं. ३ गोविन्दपुर बस्ने छिन्नमस्ता गा.वि.स.का तत्कालीन सचिव हाल जिल्ला विकास समितिको कार्यालय सप्तरीमा काजमा रहेका मोहमत ताहिर हुसेनसमेत ७ जना .............................................................................।

**मुद्दा : दलित बालबालिकाको पोषण भत्ता र सामाजिक सुरक्षा भत्ता तथा विद्युत्** ट्रान्सफर्मर**को रकमसमेत खाई मासी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७३।६।१२** **पुनरावेदन दर्ता मिति : २०७४।५।५**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : छिन्नमस्ता गा.वि.स.का सचिव मोहमद ताहिर हुसेनले दलित बालबालिका संरक्षण भत्ता, सामाजिक सुरक्षा, विद्युत् ट्रान्सफर्मर खरिद बापतको रु.५,७२,८५०।- समेत गरी जम्मा रु.१५,९९,६५०।- बराबरको रकम हिनामिना गरी भ्रष्टाचार गरेको पुष्टि भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अन्तर्गतको कसुरमा खाई मासेको रु.१५,९९,६५०।, दलित बालबालिका संरक्षण भत्ता बापतको रु.५७,०००।- वितरण नगरी आफैंले खाई मासेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अन्तर्गतको कसुरमा दीपेन्द्रप्रसाद मण्डलले खाई मासेको रु.५७,०००।-, दलित बालबालिका संरक्षण भत्ता बापतको रु.१,१०,०००।- र सामाजिक सुरक्षा भत्ता बापतको रु.८,२२,०००।- समेत जम्मा रु.९,३२,०००।- नक्कली बिल भरपाई बनाई हिनामिना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अन्तर्गतको कसुर गरेकोले विद्यानन्द झाले खाई मासेको रु.९,३२,०००।- बिगो कायम गरी सजाय हुन आरोप मागदाबी लिइएकोमा प्रतिवादीहरू भरतप्रसाद गुप्ता, दीपककुमार यादव र मनोज झाले सामाजिक सुरक्षा बापतको रु.८,२२,०००।- वितरण गरेको नक्कली भरपाई बनाई रकम बाँडी खाई हिनामिना गरेकोले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ अन्तर्गतको कसुरमा रु.८,२२,०००।- बिगो कायम गरी सजाय हुन तथा विद्युत् टान्सफर्मर खरिद नगरी उपलब्ध नगराई खरिद सप्लाइ गरेको भनी बिल मात्र उपलब्ध गराई रु.२,८६,२५०।- नगद भुक्तानी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) अन्तर्गतको कसुर गरेको देखिंदा सोही रकमलाई बिगो कायम गरी वृजनारायण यादवलाई सजाय हुन मागदाबी लिइएकोमा सफाइ पाएका प्रतिवादी अमन श्री ट्रेडर्स एण्ड सप्लायर्स सप्तरीका वृजनारायण यादवले छिन्नमस्ता गा.वि.स.को महुवा भन्ने स्थानमा ट्रान्सफर्मर उपलब्ध नगराई खरिद गरी सप्लाइ गरेको भनी रु.३,३५,६१०।- को बिल उपलब्ध गराई जम्मा रु.२,८६,२५०।- नगद भुक्तानी लिई खाई मासेको भन्ने मिसिल संलग्न प्रमाणबाट प्रस्ट देखिएको अवस्थालाई नजरअन्दाज गरी केही प्रतिवादीहरूलाई सफाइ केही प्रतिवादीहरूलाई दाबीभन्दा कम रकम हिनामिना गरेको भनी ठहर गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

११.प्रेमी रायको नाति  रामजस रायको छोरा, जनकपुर अञ्चल, महोत्तरी जिल्ला महोत्तरी गा.वि.स. वडा नं. ८ मा बस्ने मालपोत कार्यालय धनुषाका तत्कालीन मालपोत अधिकृत रामनरेश रायसमेत १३ जना ................. ।

**मुद्दा : सरकारी जग्गा गैरकानूनी रूपमा आफ्नो तथा अरूको नाममा दर्ता गरी गराई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७३।१०।६** **पुनरावेदन दर्ता मिति : २०७४।५।२६**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरू मालपोत कार्यालय, धनुषाका तत्कालीन कर्मचारीहरू शाखा अधिकृत रामनरेश राय, नायब सुब्बा परमेश्वरप्रसाद शाह, नायब सुब्बा अरुणकुमार ठाकुर, नायब सुब्बा मोहनदत्त कायस्थ, मालपोत कार्यालय सिरहाका कर्मचारीहरू नायब सुब्बा मुकुन्दप्रसाद कोइराला, नायब सुब्बा गंगाप्रसाद

शाह, नायब सुब्बा हरिनारायण ठाकुर, खरिदार राजकिशोर चौधरी, सिन्धुली जिल्ला निपाने गा.वि.स. का प्रा.स. मोहनबहादुर लामा, सिरहा जिल्लाका लेखापढी व्यवसायी गुरुदयाल यादव, धनुषा जिल्लाका लेखापढी व्यवसायी रामबाबु भन्ने जानकीशरण यादव र जग्गा खरिद गर्ने पंचा महतो कोइरीसमेतले मिलेमतो गरी मृतकका नामको जग्गा बिक्री तथा दा.खा. गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को खण्ड (ज) बमोजिम कसुर गरेको देखिँदा निज प्रतिवादीहरूलाई बिगो रु.५,२२,५००।- कायम गरी सजाय हुन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा मागदाबी लिइएको बिगोलाई बेवास्ता गर्दै सिरहा मालपोत कार्यालयमा रजिष्ट्रेसन पास गर्दा कायम गरिएको मूल्य रु.१६०,०००।- लाई मात्र आत्मनिष्ठ तवरबाट बिगो कायम गर्ने गरी भएको विशेष अदालतको फैसला सो हदसम्म त्रुटिपूर्ण भई बदरभागी रहेको छ।

१२.जिल्ला झापा जुरोपानी गा.वि.स. वडा नं. २ बस्ने विष्णुप्रसाद भट्टराईको नाति ताराप्रसाद भट्टराईको छोरा तत्कालीन शिक्षा मन्त्रालयका उपसचिव वर्ष ४४ को बेणीमाधव भट्टराईसमेत ८ जना ...................... ।

**मुद्दा : रिसवत तथा भ्रष्टाचार ।**

**फैसला मिति : २०७३।११।९** **पुनरावेदन दर्ता मिति : २०७४।५।२६**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादी बेणीमाधव भट्टराईले बिगो रु.४३,५०,०००।- घुस रिसवत लिएको पुष्टि हुन आएकोले निजलाई सोही ऐनको दफा ३(१) को कसुरमा सोही ऐनको दफा ३(१) बमोजिम रु.४३,५०,०००।- जरिवाना र दफा ३(१)(छ) बमोजिम ४ वर्ष कैदको सजाय हुने र अन्य बिगोको हकमा आरोप दाबी पुग्न नसक्ने, प्रतिवादीहरू विनोदकुमार मिश्र र मनोज मिश्रले घुस रिसवतको रकम लेनदेन गरेको नदेखिई बेणीमाधव भट्टराईको कार्यमा सहयोग गरेको देखिंदा निजहरूलाई सोही ऐनको दफा २२ को कसुरमा सोही दफा २२ अनुसार प्रतिवादी बेणीमाधव भट्टराईलाई ठहरिएको सजायको आधा जनही जरिवाना रु.२१,७५,०००।- र कैद वर्ष २ हुने र आरोप दाबी पुग्न नसक्ने तथा अन्य प्रतिवादीहरू रोहित मिश्र, अमितरञ्जन मिश्र, रेखा मिश्र, रामचन्द्र मिश्र र टीकाबहादुर कार्कीले आरोपित कसुर गरेको मिसिल प्रमाणबाट पुष्टि भएको नदेखिएकाले निजहरूले आरोप दाबीबाट सफाइ पाउने गरी भएको फैसलासहितको मिसिल अध्ययन गरी हेर्दा प्रतिवादी बेणीमाधव भट्टराईले विभिन्न व्यक्तिहरूबाट रु.४,५०,००,०००।- लिएको तथ्य निर्विवाद रूपमा पुष्टि भएको, निजले अदालतमा बयान गर्दासमेत टीकाबहादुर कार्की बाहेकका अन्य प्रतिवादीहरूसँग आफ्नो लेनदेन कारोबार भएको तथ्यलाई स्वीकार गरेका र अनुसन्धानको क्रममा गरेको बयानलाई स्वेच्छा विपरीतको हो भनी अन्यथा प्रमाणित गर्न नसकेकाले निजले विभिन्न व्यक्तिहरूलाई विदेशी तथा स्वदेशी शैक्षिक संस्थाहरूमा अध्यापन गराइदिने भनी रु.४,५०,००,०००।- घुस रिसवत लिएको कुरा पुष्टि हुँदाहुँदै रु.४३,५०,०००।- मात्र घुस रिसवत लिएको ठहर गरी आरोप दाबीभन्दा कम सजाय गर्ने गरी भएको फैसलामा प्रमाण ऐन, २०३१ को दफा ९ र १८ समेतको गम्भीर कानूनी त्रुटि देखिएको छ भने प्रतिवादीहरू बिनोद मिश्र र मनोज मिश्रले समग्रमा बिगो रु.४,७६,७२,०००।- रकम घुस रिसवत बापत लेनदेन गरेको कुरा मिसिल संलग्न प्रमाणहरूले निर्विवाद रूपमा स्थापित गरेको अवस्थामा पनि प्रतिवादीहरूलाई बिगो रु.४,७६,७२,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(१)(झ) बमोजिम सजाय नगरी निजहरूले रकम लिएखाएको देखिन नआएको र बेणीमाधव भट्टराईलाई सहयोग गरी मतियार रहेको ठहर गरी घटी सजाय गर्ने गरी भएको फैसला कानूनी रूपमा त्रुटिपूर्ण छ । घुस रिसवतको रकममध्ये रामचन्द्र मिश्रलाई रु.३,२०,०००।-, रेखा मिश्रलाई रु.७,००,०००।-, अमितरंजन मिश्रलाई रु.१०,००,०००।-, रोहित मिश्रलाई रु.१६,५०,०००।- टीकाबहादुर कार्कीलाई रु.४२,०००।- दिएको प्रतिवादी बेणीमाधव भट्टराईको बयानबाट पुष्टि भएको, उक्त कुरालाई बैंकको चेक तथा आई.एम.ई.को भुक्तानी स्लिप एवं वीरेन्द्रकुमार कापर र रेणुका अधिकारी भट्टराईको बयानबाट समेत निजहरूले बेणीमाधव भट्टराईबाट रकम लेनदेन गरी भ्रष्टाचारजन्य कार्यमा संलग्न रही मतियारको भूमिका निर्वाह गरेको तथ्य मिसिल संलग्न प्रमाणहरूबाट देखिंदादेखिंदै सफाइ दिने गरी भएको फैसला कानूनी रूपमा त्रुटिपूर्ण भई बदरभागी रहेको छ।

१३.बिल्टु रायको नाति, रामदेव राय यादवको छोरा, महोत्तरी जिल्ला अन्कार गाउँ विकास समिति वडा नं. ६ घर भई नेपाल कृषि अनुसन्धान परिषद्, काठमाडौं दरबन्दी भई क्षेत्रीय कृषि अनुसन्धान केन्द्र बाँकेसमेतमा साइट इन्चार्जको रूपमा खटिएका प्राविधिक अधिकृत पदमा कार्यरत वर्ष ३७ को वीरेन्द्रकुमार यादव ....... ।

**मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।२।७** **पुनरावेदन दर्ता मिति : २०७४।६।१**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : क्षेत्रीय कृषि अनुसन्धान केन्द्र खजुरा र कोसेबाली अनुसन्धान कार्यक्रम खजुरा बाँकेमा २ दुई वटा सिंचाइ डिप बोरिङ र विद्युत् लाइन विस्तार गर्ने भनी मिति २०७२।१०।२३ गते ठेक्का भई ठेक्का सम्झौता गरे बमोजिम डिप बोरिङ र विद्युत् लाइन विस्तारको कार्य समयावधिभित्रै सम्पन्न भई बिल भुक्तानी लिने क्रममा वीरेन्द्रकुमार यादवले अनावश्यक रूपमा प्रक्रियागत कार्यलाई विभिन्न बहानामा स्थगित गर्ने तथा सम्झौता विपरीत र पदीय दायित्व अनुसारको कार्य नगरेको र काम अनुसारको बिल भुक्तानीका लागि बिल भरपाई लिई कार्यालयमा जाँदा भुक्तानी र कार्यसम्पादन फरफारक कार्यमा सहजीकरण र सिफारिसका लागि प्रतिवादीले रु.२,५०,०००।- घुस/रिसवत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिम कसुर गरेकोले उक्त रकमलाई बिगो कायम गरी सोही ऐनको दफा ३(१) र ३(१)(घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीको इन्कारी बयानको आधारमा सफाइ दिने ठहर गरी भएको फैसलामा मिसिल अध्ययन गर्दा उजुरीकर्ता रामसमुझ तेली र सिताराम गोडियाले प्रतिवादीले घुस माग गरेकोले आयोगबाट रकम लिई घुस दिइएको भनी बकपत्र गरेको, रु.२,५०,०००।- नै बरामद भएको तथ्यमा विवाद नभएको, बरामदी मुचुल्कामा प्रतिवादीले स्वीकार गरी सही गरेको, भिडियो क्लिपबाट बरामद भएको देखिएको अवस्थासमेतबाट प्रतिवादीले घुस लिई कसुर गरेको तथ्य पुष्टि हुँदाहुँदै मागदाबीबमोजिम कसुर ठहर नगरी सफाइ दिने गरी भएको फैसला भ्रष्टाचार निवारण ऐन, २०५९ को मर्म भावना र कानूनी व्यवस्था अनुकूल नभई प्रत्यक्ष त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१४. प्रेमी रायको नाति रामजस रायको छोरा, जनकपुर अञ्चल, महोत्तरी जिल्ला महोत्तरी गा.वि.स. वडा नं. ८ मा बस्ने मालपोत कार्यालय धनुषाका तत्कालीन मालपोत अधिकृत रामनरेश रायसमेत १३ जना ................।

**मुद्दा : सरकारी जग्गा गैरकानूनी रूपमा आफ्नो तथा अरूको नाममा दर्ता गरी गराई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७३।१२।२०** **पुनरावेदन दर्ता मिति : २०७४।६।२**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : धनुषा जिल्ला उमाप्रेमपुर गा.वि.स. वडा नं ५(ग) कि.नं. ११७ क्षेत्रफल ०-१९-११-० जग्गा नेपाल सरकारका नाममा दर्ता स्रेस्ता कायम रहेकोमा गैरकानूनी रूपमा व्यक्तिका नाममा पारित गराइएकोमा लिखत पारित गर्ने गराउने कार्यमा संलग्न रामनरेश रायसमेतका कर्मचारीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) को कसुरमा सजाय हुन तथा उक्त जग्गा गैरकानूनी रूपमा आफ्नो नाममा बनाई अन्य व्यक्तिहरूलाई वितरण गर्ने कार्यमा संलग्न प्रतिवादीहरू सिताराम पन्तलगायतलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(४) को कसुरमा सजाय हुन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीहरू रामनरेश राय र रामस्नेही रायको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) को कसुरमा सोही दफा ८(३) बमोजिम जनही १ महिना कैद, प्रतिवादीहरू सिताराम पन्त र संजय पन्तका हकमा जनही १ महिना कैद र अन्य प्रतिवादीहरू मदनकुमार झासमेतका प्रतिवादीहरूले सफाइ पाउने गरी फैसला भएकोतर्फ विचार गर्दा प्रतिवादी सिताराम पन्तले आफूले प्रत्यक्ष रूपमा थाहा पाउँदापाउँदै सरकारी स्वामित्वको जग्गालाई झुठा प्रमाण पेस गरी आफ्नो नाममा पारित गराउन गा.वि.स.देखि मालपोतका कर्मचारीसमेतलाई प्रलोभनमा पारेको कुरालाई फैसलामा समेत स्वीकार गरेको अवस्था छ भने प्रतिवादीहरू उपर लिइएको आरोप दाबीमा रु.८,३५,०००।- बिगोसमेत कायम गरिएकोमा बिगोबमोजिम जरिवाना गरी बिगो जफत गर्नुपर्नेमा बिगोतर्फ केही नबोली न्यूनतम जनही १ महिना मात्र कैद हुने तथा मदनकुमार झासमेतका प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसलातर्फ हेर्दा सबै प्रतिवादीहरूले लिखतमा भएका सहीछाप आफ्नै भएको स्वीकार गर्नुका साथै लिखत पास गराउने कार्यमा कुनै न कुनै रूपमा संलग्न भएको कुरासमेत स्वीकार भएको देखिन्छ । प्रतिवादीहरू रसिलाल मण्डलसमेतको मिलेमतोमा नेपाल सरकारका नामको जग्गा व्यक्ति विशेषको हो भनी सिफारिस गर्ने प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसलामा मिसिल सामेल प्रमाणको उचित मूल्यांकनतर्फ ध्यान नदिई जग्गा प्रतिवादी सिताराम पन्तका नाममा रजिष्ट्रेसन पास गराउन भूमिका खेल्ने प्रतिवादीहरूलाई पूर्णरूपमा सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिनुका साथै केही प्रतिवादीहरूलाई आरोप दाबीभन्दा विपरीत कम सजाय एवं दाबी गरिएको बिगोतर्फ केही नबोली तथा केही प्रतिवादीहरूलाई आरोप दाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ।

१५. सिताराम साह कलवारको नाति गुदर साह कलवारको छोरा बारा जिल्ला गंजभवानीपुर गा.वि.स. वडा नं. ६ घर भई हाल कलैया नगरपालिका वडा नं. ५ नवोदयटोल बस्ने जिल्ला विकास समितिको कार्यालय बाराको तत्कालीन इन्जिनियर वर्ष ४२ को मेघुप्रसाद जायसवालसमेत २ जना ..........................................।

**मुद्दा : गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७३।७।२५** **पुनरावेदन दर्ता मिति : २०७४।६।४**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : वादी नेपाल सरकार प्रतिवादी मेघुप्रसाद जायसवालसमेत भएको गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दामा भएको फैसलामा प्रतिवादी मेघुप्रसाद जायसवालको कुल रु.१,३०,३४,८८७।५५ रकमको स्रोत खुल्न नसकेको तथ्य अनुसन्धानको क्रममा गरिएको प्रतिवादीको सम्पत्तिको आय तथा व्यय विवरणको विश्लेषणबाट निर्विवाद रूपमा पुष्टि भएको अवस्थामा आरोपपत्रमा दाबी गरिएको रु.१,३०,३४,८८७।५५ को सम्पत्तिको स्रोत नपुगेको तथ्य स्पष्ट हुँदाहुँदै पनि प्रतिवादीको स्रोत नखुलेको सम्पत्ति रु.९१,७४,५१९।४० मात्र कायम गरी प्रतिवादीलाई घटी सजाय गर्ने गरी भएको फैसला प्रत्यक्षः रूपमा कानूनी त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१६. गंगाबहादुर थेवेको छोरा ताप्लेजुङ जिल्ला ताप्लेजुङ नगरपालिका वडा नं. ४ कञ्चनजंघाचोक बस्ने ताप्लेजुङ नगरपालिका श्री बालमन्दिर प्राथमिक विद्यालयका प्रधानाध्यापक रुद्रकुमार थेबेसमेत २ जना ..................।

**मुद्दा : भ्रष्टाचार (रकम हिनामिना) गरेको ।**

**फैसला मिति : २०७४।१।२२** **पुनरावेदन दर्ता मिति : २०७४।६।३०**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : बालमन्दिर प्राथमिक विद्यालय, ताप्लेजुङका प्रधानाध्यापक रुद्रकुमार थेबेले विद्यार्थी संख्या बढी देखाई प्रतिविद्यार्थी मासिक रु.१,०००।- का दरले जम्मा रु.३,१०,०००।- बढी रकमको झुठा कागज बनाई जिल्ला शिक्षा कार्यालय ताप्लेजुङमा पेस गरी रकम निकासा गराई भुक्तानी लिई नेपाल सरकारलाई हानि नोक्सानी र आफूलाई फाइदा हुने कार्य गरी भ्रष्टाचार गरेको एवं सोही विद्यालयको स्रोत शिक्षिका धिरमाया इजम मादेनले विद्यालयमा विशेष शिक्षा सञ्चालनका लागि छात्रवृत्ति, तलब भत्ता र गरी जम्मा रु.६,५९,३१०।- निकासा भएको रकमबाट छात्रवृत्ति प्रदान गरिएको, एक जना आयाको तलब भत्तासमेत दिइएको भनी झुठा बिल भरपाई र कागज पेस गरी कुल रु.२,९७,२८०।- भुक्तानी लिई भ्रष्टाचार गरेको देखिंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१)(ङ) बमोजिमको कसुरमा रुद्रकुमार थेबेका हकमा रु.३,१०,०००।- र धिरमाया इजम मादेनका हकमा रु.२,९७,२८०।- बिगो कायम गरी सजाय गरी बिगोसमेत असुलउपर गरी पाउन मागदाबी लिई आरोपपत्र दाएर गरिएकोमा प्रतिवादी धिरमाया इजम मादेनका हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) को कसुरमा सोहीबमोजिम १ महिना कैद हुने एवं प्रतिवादी रुद्रकुमार थेबेले कसुरबाट सफाइ पाउने गरी फैसला भएकोमा आरोप दाबीमा लिइएको बिगोतर्फ केही नबोली दाबीभन्दा फरक कसुर गरेको ठहर गरी प्रतिवादी धिरमाया मादेनलाई न्यूनतम सजाय गर्ने गरी भएको फैसला त्रुटिपूर्ण देखिन्छ । प्रतिवादी रुद्रकुमार थेबेले वास्तविकभन्दा बढी विद्यार्थीको संख्या देखाई रकम निकासा गराई छात्रवृत्ति दिइएको झुठा कागज बनाई खाई मासेको स्पष्ट देखिई आरोप दाबी अनुसारको कसुर गरेको अवस्था विद्यमान हुँदाहुँदै सोतर्फ केही नबोली कसुरबाट बच्न अनुसन्धान हुँदाहुँदै खाई मासेको रकम बेरुजु फछ्र्यौट गरेको भनी जम्मा गरेको कागजलाई मात्र प्रमुख आधार मानी प्रतिवादी रुद्रकुमार थेबेलाई प्रमाणको उचित मूल्यांकन नगरी पूर्णरूपमा सफाइ दिने फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१७. जिल्ला काठमाडौं, बूढानीलकण्ठ नगरपालिका वडा नं. १७ चुनिखेल गाम्छा बस्ने गुरुङ श्रेष्ठको नाति बसन्त श्रेष्ठको छोरा हाल बूढानीलकण्ठ नगरपालिकाको कार्यालयमा करारमा कार्यरत कार्यालय सहयोगी वर्ष २३ को सुरेश श्रेष्ठसमेत ३ जना .....................................................................................।

**मुद्दा : भ्रष्टाचार (घुस/रिसवत) ।**

**फैसला मिति : २०७४।३।११** **पुनरावेदन दर्ता मिति : २०७४।६।३०**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(१)(घ) अन्तर्गतको कसुर गरेकोले प्रतिवादी सुरेश श्रेष्ठका हकमा रु.३,३६,४३९।-, प्रतिवादी सुमन श्रेष्ठका हकमा रु.२,००,०००।- र प्रतिवादी सरोज खत्रीका हकमा रु.१,३६,४३९।- बिगो कायम गरी सोही ऐनको दफा

३(१) र ३(१)(घ) बमोजिम जरिवाना तथा सजाय हुन एवं प्रतिवादीहरू सुरेश श्रेष्ठ र सरोज खत्रीले निवेदकबाट लिएको रकम रु.१,५०,०००।- बाट करकट्टा गरेको रु.१३,५६१।- घटाई बाँकी रु.१,३६,४३९।- ऐ ऐनको दफा ३(१) बमोजिम निज प्रतिवादीहरूबाट असुलउपर गरी पाउन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीहरू सुमन श्रेष्ठ र सरोज खत्रीको कसुर पुष्टि हुने स्पष्ट आधार नदेखिएकाले निजहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी फैसला भएकोतर्फ मिसिल अध्ययन गरी हेर्दा प्रतिवादी सुरेश श्रेष्ठले ज्योत्सना थापाका नाममा बनेको घरको निर्माण सम्पन्न प्रमाणपत्र लिनका लागि निवेदक बूढानीलकण्ठ नगरपालिका जाँदा कर तिर्ने लगायतका सम्पूर्ण काम म गरिदिन्छु भनी निवेदकसँग रु.१,५०,०००।- घुस बापत लिएको र सो रकम सरोज खत्रीलाई दिएको भनी बयानको क्रममा सरोज खत्रीलाई पोल गरेको देखिन्छ भने सुरेश श्रेष्ठबाट उक्त रकम आफूले लिई रु.१३,५६१।- को रसिद काटेको र रु.१५,०००।- सुरेश श्रेष्ठलाई दिएको र अन्य रकम आफैंले खाई मासेको भनी कसुरलाई स्वीकार गरी अनुसन्धानका क्रममा बयान गरेको देखिन्छ । अर्का प्रतिवादी सुमन श्रेष्ठका साथबाट बरामद भएको रकममध्ये रु.१,७०,०००।- निजको झोलाबाट बरामद भएको पाइन्छ भने प्रतिवादी सुरेश श्रेष्ठले समेत उक्त रकम सुमन श्रेष्ठलाई दिन निजको झोलामा राखिदिएको भनी बयान गरेको र बयानलाई स्वीकार गरी प्रतिवादी सुमन श्रेष्ठले मेरो झोलाबाट बरामद भएको रु.१,७०,०००।- सुरेश श्रेष्ठले मेरो लागि राखिदिएको रकम हो भनी कसुरलाई स्वीकार गरेको अवस्थामा सोतर्फका प्रमाणको उचित मूल्यांकन नगरी केवल प्रतिवादीहरूका साथबाट रकम बरामद नभएकोलाई नै प्रमुख आधार मानी सुमन श्रेष्ठ र सरोज खत्रीलाई पूर्णरूपमा सफाइ दिने र प्रतिवादी सुरेश श्रेष्ठका हकमा मागदाबी भन्दा कम सजाय हुने ठहर गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१८. तिलक यादवको नाति शम्भुलाल यादवको छोरा सप्तरी जिल्ला तिलाठी गाउँ विकास समिति वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाडौं महानगरपालिका वडा नं.३५, गैह्रीगाउँ, तीनकुने, साइराम मार्ग बस्ने नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदमा कार्यरत वर्ष ५९ को रामेश्वर यादवसमेत १८ जना .............।

**मुद्दा : वितरण ट्रान्सफर्मर खरिद गर्दा भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७३।१२।१५** **पुनरावेदन दर्ता मिति : २०७४।७।२८**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरूले गुणस्तरहीन ट्रान्सफर्मर खरिद गरी नेपाल विद्युत् प्राधिकरणलाई रु.१५,७९,०३,२८९।- नोक्सानी पुऱ्याएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम सजाय गरी बिगो असुलउपर एवं ऐ ऐनको दफा ३(१)(झ) बमोजिम कैद र दफा ३(१) अनुसार बिगोबमोजिम जरिवाना हुन तथा संलग्न ठेकेदार हुवेई सनलाइट इलेक्ट्रिक कम्पनी लिमिटेडका अध्यक्ष **Mr. Li Dao Gu,** महाप्रबन्धक **Mr. Hu Zheng Qiang,** कम्पनीका अख्तियारप्राप्त प्रतिनिधि **Mr. Zou Yi Tian** र नेपालका लागि कम्पनीको स्थानीय अभिकर्ता अमर राजभण्डारीलाई ऐ ऐनको दफा ८(४) र दफा २३ को कसुरमा सोही ऐनको दफा ८(४) बमोजिम सजाय हुन र निजहरूले नोक्सान पुऱ्याएको बिगो रु.३१,८२,०५,५७४।२९ बराबर जरिवाना एवं बिगोसमेत जफत हुनका साथै प्रतिवादीहरू रामेश्वर यादव, डा. जीवेन्द्र झा, टीकाराम वि.सी र चिरन्जीवी शर्मा पौडेलको हकमा थप सजायसमेत मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीहरू रामेश्वर यादव, चिरन्जीवी शर्मा पौडेल, सेन्धु यादव, सुरेन्द्रप्रसाद पनेरु, शेखरकुमार दत्त, सुरेन्द्रराज जोशी र कैलाशप्रसाद अटलको हकमा दफा १७ को कसुर र बिगो कायम नगरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिम कसुरसम्म ठहर गरी र प्रतिवादीमध्ये रामेश्वर यादव, चिरन्जीवी शर्मा पौडेललाई ऐ ऐनको दफा २४ बमोजिम थप सजायसमेत हुने गरी सजाय भएको तथा प्रतिवादीहरू **Hubei Sunlight Electric Co. Ltd.** को **Chairman Mr. Li Dao Gu** तथा **Mr. Hu Zheng Qiang** लाई उक्त ऐनको दफा ८(४) बमोजिम **Mr. Li Dao Gu** लाई बिगो घटी पारी रु.११,५१,४४,९५१।५० जरिवाना र प्रतिवादी **Mr. Hu Zheng Qiang** लाई १ वर्ष कैद सजाय भएकोमा मिसिल अध्ययन गर्दा प्रतिवादी चिरन्जीवी शर्मा पौडेलले निरीक्षण एवं परीक्षण बिना ट्रान्सफर्मर सिपमेन्ट हुने गरी प्रतितपत्र खोली भुक्तानी स्वीकृति दिएको, प्रतिवादी कैलाशप्रसाद अटलले ठेक्का स्वीकृत भएको १४ दिनपछि बोलपत्र स्वीकृत गर्ने आशयको पत्र जारी गरी सार्वजनिक खरिद ऐन, २०६३ को कानूनी व्यवस्था उल्लंघन गरेको, कागजात परीक्षण नगरेको १२६० थान ट्रान्सफर्मरहरूको नियमित परीक्षण प्रतिवेदनमा सहीछाप नभएकोलाई पनि स्वीकार गरेको देखिएको,

प्रतिवादीहरू सेन्धु यादव र सुरेन्द्रप्रसाद पनेरुले पहिलो लट र प्रतिवादीहरू सुरेन्द्रराज जोशी एवं शेखरकुमार दत्तले दोस्रो लटको केवल ३ प्रतिशतभन्दा पनि कम परिमाणको मात्र परीक्षण गरी ६३० वटै ट्रान्सफर्मर परीक्षणको नतिजा सन्तोषजनक पाइएको भनी निरीक्षण प्रमाणपत्र जारी गरी जिम्मेवारीबाट विचलन भई ठेकेदारहरूसँगको मिलोमतोमा गुणस्तरहीन ट्रान्सफर्मरहरू खरिदमा संलग्न भई रु.१५,७९,०३,२८९।- हानि नोक्सानी पुऱ्याएको कसुर स्थापित हुँदाहुँदै पनि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम बिगो कायम हुने स्पष्ट कानूनको व्यवस्था एवं ऐ ऐनको दफा १७ को प्रावधानलाई सुरु फैसलाले त्रुटिपूर्ण विश्लेषण गरी बिगो कायम नगरी घटी सजाय गरिएको । प्रतिवादीहरू **Hubei Sunlight Electric Company** का **Chairman Li Dao Gu** र **Hu Zheng Qiang** ले आपूर्ति गरेका १२६० थानमध्ये १० र २५ केभीए क्षमताका बाहेक सबै ट्रान्सफर्मरहरूमा **Aluminum winding** रहेको मुचुल्काबाट देखिएको, ठेकेदारले **Copper Winding** भएको ट्रान्सफर्मरबाट प्रतिस्थापन गराउने भने पनि नगरेको, गुणस्तरहीन ट्रान्सफर्मरहरू आपूर्ति गरी विद्युत आपूर्ति गरी वितरण प्रणालीलाई कमजोर पारेको तथ्यगत अवस्थाले बदनियत स्पष्ट पुष्टि भएकोमा बिगो कायम र बिगो जफत पनि नगरिएको । प्रतिवादी डा.जीवेन्द्र झाले १३१० थान ट्रान्सफर्मर खरिद गर्न रु.३८,५३,२४,९९१।- को लागत स्वीकृत गरेको, स्पेसिफिकेसन विपरीत न्यून गुणस्तरको **Aluminum Winding** भएको ट्रान्सफर्मर खरिद प्रक्रियामा संलग्न रहेको मिसिलबाट पुष्टि भइरहेकोमा मागदाबी भन्दा कम सजाय हुने गरी भएको फैसला त्रुटिपूर्ण हुनुका साथै प्रतिवादी हरिशबहादुर पाल, सुरेशकुमार कटुवाल र सुशीलप्रसाद खनाल खरिद प्रक्रियामा संलग्न रहेको मिसिलबाट देखिएको, कैफियतपूर्ण कागजातका आधारमा भुक्तानी दिएको, नारायणप्रसाद चौधरी र सरोज श्रेष्ठले जिन्सी आम्दानी भौचरहरूमा दस्तखत सनाखत गरेको, नियमको पालना नगरी पूर्व प्रचलन अनुसार जिन्सी आम्दानी गरिएको भन्ने जिकिर कसुर उन्मुक्तिको आधार हुन नसक्ने तथा अमर राजभण्डारीले निरीक्षण तथा परीक्षणका लागि खटिएका कर्मचारीहरूलाई प्रभावमा पारी गुणस्तरहीन ट्रान्सफर्मरहरू आपूर्ति गरेको पुष्टि भएको देखिएकोमा प्रतिवादीहरू जीवेन्द्र झासमेतलाई मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१९. डिल्लीराम भण्डारीको नाति सोमनाथ भण्डारीको छोरा जिल्ला सिन्धुली बाहुलतिल्पुङ गा.वि.स. घर भइ हाल का.म.न.पा. वडा नं. ४ चुनदेवी काठमाडौंमा बस्ने महानगरीय प्रहरी अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षागार्ड कार्यालयमा तत्कालीन अवस्थामा कार्यालय प्रमुख भइ हाल प्रहरी प्रधान कार्यालय ट्राफिक निर्देशनालयमा काजमा रहेका प्रहरी नायब महानिरीक्षक पदमा कार्यरत गोपालप्रसाद भण्डारी ................................।

**मुद्दा : विदेशी मुद्रा तथा उपकरणहरू अपचलन गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।३।२०** **पुनरावेदन दर्ता मिति : २०७४।७।२९**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीले अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षागार्ड कार्यालयमा कार्यरत हुँदा बरामद भएका भा.रु.९,२५,०००।- (नेपाली रु.१४,८०,०००।-), रु.२,०५,०००।- को रिचार्जकार्ड र रु.७,२८,४४६।- को अन्य उपकरण गरी जम्मा रु.२४,१३,४४६।- बराबरको नगद तथा जिन्सी सामान हिनामिना र अपचलन गरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा रु.२४,१३,४४६।- बिगो कायम गरी सोही ऐनबमोजिम सजाय, बिगो असुलउपर हुन मागदाबी लिई आरोपपत्र दाएर गरिएकोमा प्रतिवादीले बिगो रु.३,७९,४००।- बराबरको रकम मात्र बदनियतसाथ हिनामिना अपचलन गरेको बिगो असुलउपर जरिवाना र ६ महिना कैद सजाय हुने ठहर गरी भएको फैसलामा मिसिल अध्ययन गर्दा बरामद भएको भा.रु.९,२५,०००।- डेबुकबाट देखिएको तर रकम राष्ट्र बैंकमा नपठाएको, डोलराज अर्यालसमेतले बरामद भएको भारतीय रुपैयाँ निजले नै हिनामिना गरेको भनी बकपत्र गरेको कुरासमेतलाई प्रमाणको रूपमा नलिई आरोप दाबी विपरीत दाबीभन्दा कम बिगो बराबरको नगद एवं जिन्सी हिनामिना गरेको ठहर गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण भई बदरभागी रहको छ ।

२०. रेवतीरमण झाको नाति गोविन्द झाको छोरा रौतहट जिल्ला बसतपुर गा.वि.स. वडा नं. ५ जन्म भई ऐ.ऐ. गौर नगरपालिका वडा नं. ५, विद्यापतिनगरमा घर भई हाल काठमाडौं महानगरपालिका वडा नं. ९ वशिष्टगल्ली २६, बत्तीसपुतलीमा बस्ने नेपाल विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक वर्ष ६२ को डा. जीवेन्द्र झासमेत १४ जना ....................................................................................।

**मुद्दा : भ्रष्टाचार (ट्रान्सफर्मर खरिदमा भ्रष्टाचार गरेको) ।**

**फैसला मिति : २०७३।१२।१५** **पुनरावेदन दर्ता मिति : २०७४।७।२८**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादी जीवेन्द्रकुमार झा, रामेश्वर यादवलगायत अन्य कर्मचारीहरू युगलकिशोर साह, चिरन्जीवी शर्मा पौडेल, कैलाशप्रसाद अटल, हरिशबहादुर पाल, डिल्लीरमण दाहाल, सुरेशकुमार कटुवाल, सुशीलप्रसाद खनाल, अष्टरत्न शाक्य, त्रिपुरारीप्रसाद सिंह, सुरेन्द्रप्रसाद पनेरु, नारायणप्रसाद चौधरी र सरोज श्रेष्ठले गुणस्तरहीन विद्युत् ट्रान्फर्मर खरिदमा रु.७९१,२८,५३८।४६ भ्रष्टाचार गरेको पुष्टि भएकोले सोही रकम बराबर बिगो मागदाबी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) तथा दफा १७ अन्तर्गतको कसुरमा ऐ.ऐनको दफा ८(१) बमोजिम सजाय, बिगो असुलउपर, जरिवाना तथा कैद सजाय हुन तथा ठेकेदार सिचुवान दोङ्गफाङ्ग ट्रान्सफर्मर कम्पनी लिमिटेड, चीनका अध्यक्ष **Mr. Ou Yang - Shi,** महाप्रबन्धक **Mr. HongYu Ouyang** प्रतिनिधि इन्टरकन्टिनेन्टल बिजिनेस नेटवर्कका मणिनाथ ढकाललाई सोही ऐनको दफा ८(४) र दफा २३ अन्तर्गतको कसुरमा सजाय हुन बिगो रु.१८,२४,०५,८६५।१६ बराबर जरिवाना हुन तथा जीवेन्द्र झा, रामेश्वर यादव, युगलकिशोर साह र चिरन्जीवी शर्मालाई थप सजायसमेत हुन मागदाबी लिई आरोपपत्र दाएर गरिएकोमा प्रतिवादी जीवेन्द्र झा, युगलकिशोर साह, रामेश्वर यादव, कैलाशप्रसाद अटल, अष्टरत्न शाक्य र त्रिपुरारीप्रसाद सिंहलाई ३ महिना कैद र रु.१५,०००।- जरिवाना थप १ महिना कैद, रामेश्वर यादवलाई ९ महिना कैद र रु.४०,०००।- जरिवाना थप ३ महिना कैद, कैलाशप्रसाद अटललाई ४ महिना कैद र रु.१५,०००।- जरिवाना, अष्टरत्न शाक्य र त्रिपुरारीप्रसाद सिंहलाई ३ महिना कैद र रु.१५,०००।- जरिवाना एवं **Mr. Ou Yang Shi** लाई प्राधिकरणबाट भुक्तानी लगेको रु.५,८७,७९,६०३।- सोही ऐनको दफा ८(४) बमोजिम जरिवाना, **Mr. Hong YuQuyang** लाई १ वर्ष कैद सजाय गरी चिरन्जीवी शर्मा पौडेल, नारायणप्रसाद चौधरी, सरोज श्रेष्ठ, हरिशबहादुर पाल, सुशीलप्रसाद खनाल, सुरेशकुमार कटुवाल, डिल्लीरमण दाहाल, मणिनाथ ढकाल र सुरेन्द्रप्रसाद पनेरुले कसुरबाट सफाइ पाउने गरी भएको फैसलामा मिसिल अध्ययन गर्दा गुणस्तरहीन ट्रान्सफर्मर खरिद प्रक्रियामा प्रतिवादीहरूको कुनै न कुनै रूपमा मिलोमतो गरी हानि नोक्सानी पुर्‍याएको यथेष्ट प्रमाणहरूको विश्लेषण नगरी प्रतिवादीहरू चिरन्जीवी शर्मा पौडेल, नारायणप्रसाद चौधरी, सरोज श्रेष्ठ, हरिशबहादुर पाल, सुशीलप्रसाद खनाल, सुरेशकुमार कटुवाल, डिल्लीरमण दाहाल, मणिनाथ ढकाल र सुरेन्द्रप्रसाद पनेरुसमेतलाई सफाइ दिने गरी तथा जीवेन्द्र झा, युगलकिशोर साह, रामेश्वर यादव, कैलाशप्रसाद अटल, अष्टरत्न शाक्य र त्रिपुरारीप्रसाद सिंहलाई मागदाबी बमोजिम कम सजाय एवं **Mr. Ou Yang Shi** र **Mr. Hong Yu Quyang** लाई जरिवानातर्फ केही नबोली अभियोग दाबीभन्दा कम बिगो जरिवाना गर्ने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

२१. रेवतीरमण झाको नाति गोविन्द झाको छोरा रौतहट जिल्ला बसतपुर गा.वि.स. वडा नं. ५ जन्म भई ऐ.ऐ. गौर नगरपालिका वडा नं. ५, विद्यापतिनगरमा घर भएका हाल काठमाडौं महानगरपालिका वडा नं. ९ वशिष्टगल्ली २६, बत्तीसपुतलीमा बस्ने नेपाल विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक वर्ष ६२ को डा. जीवेन्द्र झासमेत २२ जना ..........................................................................................।

**मुद्दा : भ्रष्टाचार (ट्रान्सफर्मर खरिदमा भ्रष्टाचार गरेको) ।**

**फैसला मिति : २०७३।१२।१५** **पुनरावेदन दर्ता मिति : २०७४।७।२८**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादी रामेश्वर यादवसमेतले खरिद गरिएका १५६७ थान ट्रान्सफर्मरको खरिद प्रक्रियादेखि भण्डारणसम्मका चरणहरूमा भिन्दाभिन्दै व्यक्तिहरूको सामूहिक संलग्नताबाट प्राधिकरणलाई हानि नोक्सानी पुर्‍याई भ्रष्टाचार गरेको देखिएकोले प्रतिवादीहरू क्रमशः जीवेन्द्र झा, रामेश्वर यादव, युगलकिशोर साह लगायत विभिन्न पदमा रही कार्यरत कर्मचारीहरू कैलाशप्रसाद अटल, हरिबहादुर ग.सी., अर्जुनकुमार चौहान, हरिशबहादुर पाल, शशिविक्रम थापा, महेशकुमार कार्की, सुरेशकुमार कटुवाल, सुशीलप्रसाद खनाल, विद्युत पौडेल, सुरजप्रसाद शाह, निमेशकुमार पोखरेल, विनोदकुमार स्वर्णकार, मनोज बराल, रामविजुल मण्डल, नारायणप्रसाद चौधरी, सरोज श्रेष्ठसमेतका १९ जनाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को (ज) तथा ऐ. ऐनको दफा १७ को कसुर गरेकोले सोही ऐनबमोजिम कैद र बिगो, बिगोबमोजिम जरिवाना र असुलउपर हुन, ठेकेदार **Mr. Parpart Jantarangsri** स्थानीय प्रतिनिधि राजन के भट्ट र विनोदकुमार मानन्धरले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २३ र दफा ८(४) बमोजिम कसुर गरेकोले सोही ऐनबमोजिम कैद सजाय, जरिवाना, बिगो जफत हुनसमेत मागदाबी लिई प्रतिवादीहरू २२ जना उपर आरोपपत्र

दायर गरिएकोमा प्रतिवादीहरू जीवेन्द्र झासमेत १० जना उपरको आरोपित कसुर ठहर हुने तर बिगोतर्फको दाबी नपुग्ने मानी कसुर आकर्षित नहुने ठहर गरी आंशिक सजाय गरेको । ठेकेदार **Mr. Parpart Jantarangsri** उपरको दाबी लिइएको दफा ८(४) को कसुरसमेत ठहर गरी निजले प्राधिकरणबाट भुक्तानी लिएको रकम रु.१२,९८,४१,९३३।- सम्म जरिवाना दाबीको बिगो ठहर नगरेको र अन्य बाँकी रहेका ११ जना प्रतिवादीहरू उपरको आरोपपत्र दाबी पुष्टि नहुने भनी सफाइ दिने गरी भएको फैसलामा मिसिल अध्ययन गरी हेर्दा प्रतिवादीहरू खरिद प्रक्रियादेखि भण्डारणसम्मका चरणहरूमा स्पष्ट मिलोमतो गरी प्राधिकरणलाई अपुरणीय हानि नोक्सानी पुऱ्याई भ्रष्टाचारजन्य कार्यमा संलग्न रहेको मिसिल प्रमाणबाट स्पष्ट खुल्दाखुल्दै कसुरबमोजिम मागदाबी लिइएको सजाय नगरी दाबी गरेको रकम कानूनबमोजिम असुलउपर नगर्ने र बिगो नोक्सानीबमोजिम दण्डित नगर्ने गरी प्रतिवादीहरूलाई आंशिक सजाय गर्ने, कसैलाई सफाइ दिने गरी भ्रष्टाचारमा संलग्न सबै **Parties of the crime** बाट कायम भएको नोक्सानीको बिगोसमेत भराई जरिवानासमेत कसुर ठहर भएको सबैलाई गरिनुपर्नेमा सो नगरेको हदसम्म फैसला **Collective responsibility burden** गर्नुपर्ने **equal status of offenders** रहेको **case** मा **unequal before the equal** हुन गई त्रुटिपूर्ण रहेको छ ।

२२. रेवतीरमण झाको नाति गोविन्द झाको छोरा रौतहट जिल्ला बसतपुर गा.वि.स. वडा नं. ५ जन्म भई ऐ.ऐ. गौर नगरपालिका वडा नं. ५, विद्यापतिनगरमा घर भएका हाल काठमाडौं महानगरपालिका वडा नं. ९ वशिष्टगल्ली २६, बत्तीसपुतलीमा बस्ने नेपाल विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक वर्ष ६२ को डा. जीवेन्द्र झासमेत १७ जना .........................................................................................।

**मुद्दा : भ्रष्टाचार (ट्रान्सफर्मर खरिदमा भ्रष्टाचार गरेको) ।**

**फैसला मिति : २०७३।१२।१५** **पुनरावेदन दर्ता मिति :२०७४।७।२८**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरू रामेश्वर यादव, जीवेन्द्र झा, महेशप्रसाद आचार्य, देवशर्मा पौडेल, कृष्णबहादुर थापा, कृष्णबहादुर के.सी., भरत रूपाखेती, प्रमोद रिजाल, मदनराज चापागाई र प्रज्वल पाण्डे उपर ट्रान्सफर्मर खरिदमा भ्रष्टाचार गरेको पुष्टि भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा १ को खण्ड (ज) तथा दफा १७ बमोजिमको कसुरमा ऐ. ऐनको दफा ८(१) बमोजिम कैद र बिगो रु.९३६,३४,९९७।१९ जरिवाना गरी दफा १७ बमोजिम प्राधिकरणलाई नोक्सानी पुगेको रकम खरिद प्रक्रियामा सम्लग्न राष्ट्रसेवकहरूबाट असुलउपर हुन र दफा ३(१) र ३(१)(झ) बमोजिम सजाय गरी ठेकेदार कम्पनीका अध्यक्ष **Mr. Li Dao Gu,** अख्तियार प्राप्त प्रतिनिधि **Mr. Zou Yi Tian,** महाप्रबन्धक **Mr. Hu Zheng Qiang** तथा नेपालका स्थानीय प्रतिनिधि अमर राजभण्डारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २३ र दफा ८(४) बमोजिमको कसुरमा दफा ८(४) बमोजिम सजाय गरी बिगो रु.९३६,३४,९९७।१९ बमोजिम जरिवाना गरी बिगो जफत हुन साथै तत्कालीन प्रमुख जीवेन्द्र झा र तत्कालीन महाप्रबन्धक रामेश्वर यादव उपर थप सजायसमेत हुन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीहरू रामेश्वर यादव, मदनराज चापागाई, प्रज्वल पाण्डेसमेत ३ जनालाई अभियोग दाबीभन्दा भिन्न सजाय र बिगोमा दाबी नपुग्ने गरी र प्रतिवादीहरू **Mr. Li Dao Gu** र **Hu Zheng Qiary** समेत २ जनालाई अभियोग दाबी अनुसार कसुर ठहर गरी **Mr. Li Dao Gu** लाई बिगो बमोजिम जरिवाना र **Hu Zheng Qiary** लाई कैद सजाय ठहर भएको छ भने बाँकी अन्य प्रतिवादीहरू ९ जनालाई अभियोग दाबीबाट सफाइ दिने फैसला भएको, प्रतिवादीहरू रामेश्वर यादव, मदनराज चापागाई र प्रज्वल पाण्डेलाई आकर्षित नै हुन नसक्ने मागदाबी भन्दा फरक कसुर ठहर गरिएको देखिंदा प्रथम दृष्टि (**Prima facia)** मै खण्डनीय भई त्रुटिपूर्ण रहेको छ । प्रतिवादी प्रज्वल पाण्डे र मदनराज चापागाईलाई चीनस्थित कारखानामा १२ वटा मात्र परीक्षण गरी ७३५ थान नै खरिद गर्न **Dispach** को लागि **Certificate** दिएको, ट्रान्सफर्मरहरूको नतिजा सन्तोषजनक रहेको प्रतिवेदनको आधारमा मापदण्ड विपरीतको (**Aluminium Winding** भएको) ट्रान्सफर्मर भित्रिएको तथ्य स्थापित भएको अवस्थामा **Part and Partially** महत्वपूर्ण जिम्मेवारी र भूमिकामा कानूनी कर्तव्य पूरा नगरी हानि नोक्सानी पुऱ्याएकोमा कसुर ठहर गरी कैद र न्यून जरिवाना गर्ने, बिगो नभराउने र बिगोबमोजिमको जरिवानासमेत नगर्ने गरी भएको फैसला अमिल्दो भई न्यायसंगत नभएको । कम्पनीका अध्यक्ष **Mr. Li Dao Gu** लाई रु.९,९३,५७,४२३।- जरिवाना मात्र गरी कैद सजाय नगर्ने, **General Manager Hu Zheng Qiary** लाई कैदमात्र गर्ने बिगो भराउने जरिवाना गर्ने र जफत गर्ने दाबीतर्फ मौन रहेको फैसला न्यायको मर्म र भाव प्रतिकूल भई खण्डनीय रहेको छ भने

दाबी पुग्ने नपुग्ने आधार कारण खोली इन्साफ बोलिनुपर्नेमा **General Manager** को हकमा जफततर्फ मौन बसेको फैसला खण्डनीय रहेको सजायको निर्धारण कसुरको आधारमा भन्दा फरक ढंगबाट आत्मनिष्ठ तवरले पद जिम्मेवारी र औकातको आधारमा ठेगिएको देखिंदा कार्य त्रुटिपूर्ण रहेको । प्रतिवादी महेशप्रसाद आचार्यले कम्पनीको प्रतिनिधि **Mr. Zou Yi Tian** ले अग्रिम भुक्तानीका लागि दिएको निवेदनलाई भुक्तानी दिन सिफारिस गरेको र कृष्णबहादुर के.सी. र आयोजना संयोजक महेशप्रसाद आचार्यले रु.१,१५,५२,२५९।- भुक्तानी गरेको, प्रतितपत्र खोलिदिन अनुरोध गरेको ५२ दिन पश्चातमात्र प्रतितपत्र खोली दिन प्रतिवादीद्वय महेशप्रसाद आचार्य र कृष्णबहादुर के.सी.ले बैंकलाई लेखेको कार्यले दूषित भाव स्पष्ट पारेको, नेपाल इन्भेष्टमेन्ट बैंकले **Goods Inspection and testing certificate not certified by applicants nominated inspection Agency and nomination letter not presented** भनी फरक औंल्याइएकोमा समेत स्वीकार गरी अमेरिकी डलर १५,९८,९२८।- को ७०% ले हुने अमेरिकी डलर ११,१९,२५०।- भुक्तानीका लागि कुनै प्रतिक्रिया व्यक्त नगरी बैंकलाई भुक्तानी गर्न लेखी पठाएको र सोहीको न्यून गुणस्तरको ट्रान्सफर्मर आपूर्ति गरी रु.११५,५२,२५९।- र अमेरिकी डलर ११,१९,२५०।- भुक्तानी दिई कसुर पुष्टि भइरहेको अवस्थामा सफाइ दिएको त्रुटिपूर्ण देखिएको । प्रतिवादी देव शर्मा पौडेलले कम्पनीको प्रतिनिधि **Mr. Zou Yi Tian** ले स्थानीय मुद्रा बापतको विजक राखी भुक्तानीका लागि अनुरोध गरेबमोजिम सिफारिस गरी नेपाल राष्ट्र बैंकलाई रु.३४,३१,०७१।- भुक्तानी गर्न लेखी पठाएबमोजिम स्थानीय अभिकर्ताले रकम प्राप्त गरेको, ट्रान्सफर्मरहरूको परीक्षण बिना नै भुक्तानी गरी प्राधिकरणलाई गैरकानूनी हानि पुऱ्याउने कार्य गरी आरोपित कसुर गरेको प्रमाणित हुँदाहुँदै सफाइ दिएको फैसला खण्डनीय रहेको । प्रतिवादी कृष्णबहादुर थापाले ७३५ थानको ठेक्का सम्झौता गरी बोलपत्रको मान्य अवधि पटकपटक गरी ३ पटक थप गरेको, इन्भेष्टमेन्ट बैंकको प्रतितपत्रमा भिन्नता औंल्याइएकोमा सोलाई अनदेखा गरी स्वीकार्ने, **USD** १५,९८,९२८।- को ७०% रकम भुक्तानीको लागि प्रतिवादी कृष्णबहादुर थापाले सिफारिस गरी अमेरिकी डलर ११,१९,२५०।- भुक्तानी दिएको, स्थानीय अभिकर्ता प्राइम इन्टरनेसनललाई रु.३४,३१,०७१।- भुक्तानी सिफारिस गरेको, ठेकेदार कम्पनीको तर्फबाट २ जना फरक फरक व्यक्तिलाई अख्तियारीपत्र फेरी द्विविधायुक्त अख्तियारीपत्रको आधारमा ट्रान्सफर्मर परीक्षण बिना भण्डारण र भुक्तानी दिनेजस्ता कार्यबाट प्रतिवादीको बदनियत एवं आरोपपत्रबमोजिमको कसुर स्थापित भइरहेको तथ्यगत प्रमाण कागजहरूतर्फ न्यायिक दृष्टि नपुऱ्याई प्रतिवादी कृष्णबहादुर थापालाई सफाइ दिने, प्रमोद रिजालको पेश्कीबापत अग्रिम भुक्तानीको सिफारिसको आधारमा रु.१,१५,५२,२५९।- भुक्तानी भएको, सम्झौताको १०% रकम अग्रिम पेश्कीबापत निमित्त भई भुक्तानी दिएकोले कसुरजन्य कार्यमा मिलेमतो सहितको संलग्नता रहेको स्थापित हुँदाहुँदै सफाइ दिएको, प्रतिवादी भरत रूपाखेतीले बढी चुहावट हुने **Aluminium Winding** ट्रान्सफर्मरहरू आम्दानी बाँधी खर्चसमेत गरी कसुर गरेकोमा सफाइ दिने, अमर राजभण्डारीलाई कम्पनीको स्थानीय प्रतिनिधि भई कामकाज गर्दा रकम लिने बुझ्ने कार्यहरू गरेको पुष्टि भएको देखिंएको, कम गुणस्तरको ट्रान्सफर्मर खरिद गरी प्राधिकरणलाई नोक्सानी पुऱ्याई कसुर ठहर भई प्रमाणित भइरहेको अवस्थामा नोक्सानी पुग्न गएको बिगो जरिवाना र बिगो असुलउपर नगरिएको हदसम्म फैसला कानूनी व्यवस्थाको अवलम्बन एवं व्याख्याको दृष्टिकोणबाट समेत खण्डनीय र त्रूटिपूर्ण भई बदरभागी छ ।

२३. रामदेव सिंहको छोरा महोत्तरी जिल्ला इटहर्वा कट्टी गा.वि.स. वडा नं. ६ भोलही घर भई हाल पर्सा जिल्ला, वीरगंज उपमहानगरपालिका वडा नं. १० पानीटयाङ्की बस्ने तत्कालीन सिंचाइ विभाग, जावलाखेलका सुपरिटेन्डेन्ट इन्जिनियर (सु.इ.) विनयकुमार सिंहसमेत २ जना ..................................................।

**मुद्दा : भ्रष्टाचार (गैरकानूनी सम्पत्ति आर्जन) ।**

**फैसला मिति : २०७४।५।९** **पुनरावेदन दर्ता मिति :२०७४।९।६**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रस्तुत मुद्दामा प्रतिवादीमध्येका विनयकुमार सिंहले गैरकानूनी रूपले सम्पत्ति आर्जन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसुरजन्य अपराध गरेको पुष्टि हुन आई निजको स्रोत नखुलेको सम्पत्ति रु.१,४५,७६,६८८।- लाई बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जफत गरी पाउनसमेतको मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा रु.३६,१२,५०६।८० बराबरको सम्पत्तिको स्रोत पुष्टि नभएकाले सो हदसम्म गैरकानूनी सम्पत्ति आर्जन गरी प्रतिवादी विनयकुमार सिंहले आरोपित कसुर गरेको देखिँदा निज विनयकुमार सिंहलाई भ्रष्टाचार निवारण ऐन,

२०५९ को दफा २०(२) बमोजिम रु.३६,१२,५०६।८० जरिवाना भई सोही दफाबमोजिम ६ महिना कैद हुने, प्रतिवादी अलका सिंहका नाममा पब्लिक डेभलपमेन्ट बैंक वीरगंजमा रहेको खाताको रकममध्ये बिगो रु.३६,१२,५०६।८० गैरकानूनी देखिएकोले सो रकम जफत हुने ठहर गरी फैसला भएको देखिन्छ । निज विनयकुमार सिंहले सार्वजनिक पदधारण गरेको अवधिमा रु.७९,२४,३८६।- आर्जन र कुल रु.२,२५,०१,०७४।- व्यय गरेको देखिन्छ । निज विनयकुमार सिंहले गरेको आम्दानी र खर्च एवं मौज्दातको तुलना गर्दा आयभन्दा व्यय रु.१,४५,७६,६८८।- बढी देखिई सो रकम बराबरको सम्पत्तिको स्रोत नखुलेको प्रस्ट देखिएको अवस्थामा सोतर्फ केही नबोली प्रतिवादीहरूको केवल रु.३६,१२,५०६।८० मात्र स्रोत नखुलेको भनी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

२४. जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका वडा नं. २९ घर नं. १०७ नवसंगम मार्ग, सामाखुसी स्थायी घर ठेगाना भई हाल जिल्ला कास्की, मणिपाल मेडिकल कलेज, फूलबारी पोखरा बस्ने स्व. बाथदत्त कैनीको नाति स्व. नारायणदत्त कैनीको छोरा पूर्वाञ्चल विश्वविद्यालयका पूर्व डिन वर्ष ५९ को खेमराज कैनीसमेत ११ जना.....।

**मुद्दा : भ्रष्टाचार (रकम हिनामिना) ।**

**फैसला मिति : २०७४।३।१८** **पुनरावेदन दर्ता मिति :२०७४।९।६**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** पूर्वाञ्चल विश्वविद्यालय र **Instrument and Chemicals P.Ltd.** बीच भएको सम्झौताबमोजिम तत्कालीन डिन खेमराज कैनीले रु.६०,१३,८३४।८८, जगतबहादुर के.सी.बाट जनही रु.६०,१३,८३४।८८ र रजिष्ट्रार भोगेन्द्रप्रसाद उपाध्यायले रु.६१,७२,३१४।१६ रकम विश्वविद्यालयलाई हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुर गरेकोले निजहरू उपर सोही ऐनबमोजिम सजाय हुन र हानि नोक्सानी पुग्न गएको रकम विश्वविद्यालयलाई दिलाई भराई पाउन, विशिष्ट श्रेणीका पदाधिकारीहरू उपर थप सजाय हुन, भुपेन्द्रप्रसाद खनाल, नारायणप्रसाद दाहाल र सुकेश कर्णले कम्पनीलाई रु.१,२१,१८,८३४।८८ भुक्तानी दिई हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुर गरेकोले सोही ऐनबमोजिम हानि नोक्सानी पुगेको उक्त रकम सन्जेशप्रसाद कोइराला, प्रा.डा. रामावतार यादव, डा. प्रदीपराज प्रधान, डा. नारायण कुमारबाट तोकिएबमोजिम विश्वविद्यालयलाई दिलाई भराई पाउन र विशिष्ट श्रेणीका पदाधिकारीहरू उपर थप सजाय हुन, **Instrument and Chemicals P.Ltd** ले विश्वविद्यालयका पदाधिकारीको मिलेमतोमा सम्झौताबमोजिम **Terms and Condition** पालना नगरी लापरबाही र बदनियतपूर्वक तरिकाले रु.१,२१,१८,८३४।८८ भुक्तानी लिई हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(४) कसुर गरेकोले सोही ऐनबमोजिम सजायको मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीहरू खेमराज कैनी, भोगेन्द्रप्रसाद उपाध्याय, प्रदीपराज प्रधान, भुपेन्द्रप्रसाद खनाल, सन्जेशप्रसाद कोइराला, सुकेश कर्ण, नारायणप्रसाद दाहाल, जगतबहादुर के.सी., रामावतार यादव, नारायणकुमार कायस्थ र **Supplier Company M/S Instrument and Chemicals P.Ltd.** समेतले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ भनी फैसला भएकोमा विश्वविद्यालयले जुन प्रयोजनका लागि उपकरणहरू खरिद गरेको हो सो प्रयोजन नै कार्यान्वयन हुन नसकेको, सामग्रीहरू **Installation** नै नभएको अवस्थामा रकम भुक्तानी गरेको र कम्पनीले समेत जडान नगरी अलपत्र पारी भुक्तानी लिएको देखिएकोले केवल कसुरबाट उम्कनका लागि मात्र बाहिरी परिवेश र राजनीतिक उतारचढाव समेतको बहाना बनाएको समेत पुष्टि भइरहेकोले निज प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबमोजिम सजाय गर्नुपर्नेमा निज प्रतिवादीहरूको प्रमाण विहीन इन्कारी बयानलाई मात्र आधार लिई वादी पक्षको प्रमाणहरूको मूल्यांकन नै नगरी सफाइ दिने गरी भएको उक्त फैसला कानूनी रूपमा नै त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

२५. राजिवल पुडासैनीको नाति हरिवंश पुडासैनीको छोरा जिल्ला काठमाडौं साबिक भद्रवास गा.वि.स. वडा नं.२ हाल ऐ कागेश्वरी मनहरा न.पा. वडा नं.१६ बस्ने वर्ष ९२ को सानुभैरव प्रसाद पुडासैनीसमेत ३ जना ......... ।

**मुद्दा : सरकारी कागजात गैरकानूनी तरिकाले सच्याई थपघट हेरफेर गरी (निर्णय मिसिल) लुकाई नष्ट गरी भ्रष्टाचार गरेको**

**फैसला मिति : २०७४।१।२४** **पुनरावेदन दर्ता मिति :२०७४।९।९**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रस्तुत मुद्दामा प्रतिवादीहरू सानुभैरव प्रसाद पुडासैनी, मालपोत कार्यालय चाबहिलका तत्कालीन खरिदार पार्वतीरमण खनाल र तत्कालीन मालपोत अधिकृत राजकिशोर महतोको संलग्नतामा उजुरकर्ताको बुवा भैरवप्रसाद पुडासैनीको नाममा दर्ता स्रेस्ता कायम भएको काठमाडौं, नयाँपाटी वडा नं.२(क) कि.नं. १७७, क्षे.फ.०-१२-०-० को जग्गाको सरकारी निकायमा रहेको दर्ता स्रेस्ताको कागजातलाई गैरकानूनी तरिकाले हेरफेर गरी प्रतिवादीमध्ये पार्वतीरमण खनालले उक्त जग्गाको नामसारीसम्बन्धी पुरानो सक्कल मिसिल बुझी लिई फिर्तासमेत नगरी नष्ट गराई अर्का प्रतिवादी राजकिशोर महतोले सक्कल मिसिल कुनै रुजु नै नगरी प्रतिवादी सानुभैरव प्रसाद पुडासैनीलाई भैरवप्रसाद पुडासैनी नै नाम उल्लेख गरी फोटोसमेत टाँस गरी जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि दिई लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसुर गरेको पुष्टि भएकोले प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम सजाय हुन तथा प्रतिवादी पार्वतीरमण खनालले मालपोत कार्यालय, चाबहिलमा रहेको मि.नं.७४ मिति २०५५।६।६ मा भैरवप्रसाद पुडासैनीको नामबाट नरदेवी पुडासैनीको नाममा नामसारी भएको सक्कल निर्णय मिसिल बुझी लिई सम्बन्धित फाँटमा फिर्ता नबुझाई नष्ट गरी सोही ऐनको दफा १२ बमोजिमको कसुर गरेको देखिँदा निजलाई सोही ऐनको दफा १२ बमोजिम सजाय हुनसमेत मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीहरू सानु भैरवप्रसाद पुडासैनी, राजकिशोर महतो र पार्वतीरमण खनालले आरोप दाबीबाट सफाइ पाउने ठहर्छ भनी फैसला भएकोमा मिसिल हेर्दा विवादित जग्गा सम्बन्धमा सम्बन्धित निकायमा नखोजी बसी लामो अन्तरालपछि मात्र उजुरी गरेको देखिएको भन्ने जस्ता प्रमाणविहीन आत्मनिष्ठ आधार लिई मिसिल संलग्न उजुरी निवेदन, उजुरकर्ताको कागज र उजुरकर्ताले अदालत समक्षसमेत उक्त विवादित जग्गा आफ्नो बाबु भैरवप्रसाद पुडासैनीको नै भएको भनी गरेको बकपत्र समेतको बेवास्ता गरी प्रतिवादीहरूको भनाइलाई मात्र आधार लिई प्रतिवादीको प्रमाणविहीन इन्कारी बयानलाई मात्र आधार लिई वादी पक्षको प्रमाणहरूको मूल्यांकन नै नगरी सफाइ दिने गरी भएको फैसला कानूनी रूपमा नै त्रुटिपूर्ण र बदरभागी रहेको छ ।

२६. स्व. नन्दलाल पाध्याको नाति गंगाप्रसाद शर्माको छोरा कुर्घा अघाखेत-२ पर्वत स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, बूढानीलकण्ठ नगरपालिका वडा नं. ८ साबिक हात्तीगौंडा गा.वि.स. वडा नं. ६ मा बसोबास गर्ने वर्ष ६१ को नारायणप्रसाद शर्मासमेत ३ जना ............................................... ।

**मुद्दा : झुठा विवरण पेस गरी निवृत्तिभरण लिई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।५।७** **पुनरावेदन दर्ता मिति : २०७४।९।६**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : बूढानीलकण्ठ स्कुलका तत्कालीन प्रिन्सिपल नारायणप्रसाद शर्माले निवृत्तिभरणको लागि योग्यता नै नपुगेको अवस्थामा झुठा एवं फर्जी कागजातसमेत तयार गरी निवृत्तिभरणबापत भुक्तानी लिई निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिमको कसुर गरेकोले रु.१३,६५,६११।- बिगो कायम गरी सोही दफा ८(३) बमोजिम सजाय गरी पाउन र निजको लियन पद महाकाली देवी माध्यमिक विद्यालय भट्टेडाँडामा कायम गर्ने भनी निर्णय गर्ने तत्कालीन जिल्ला शिक्षा अधिकारी बलिरामप्रसाद सिंह तथा राजीनामा स्वीकृत गर्ने र निवृत्तिभरणका लागि सिफारिस गर्दा नियमानुसारको प्रावधान पूरा नगरी तत्कालीन जिल्ला शिक्षा अधिकारी हरिश्चन्द्र यादवले समेत नारायणप्रसाद शर्मालाई अनियमित तवरले निवृत्तिभरण दिलाई नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुर गरेको देखिँदा निजहरूलाई बिगो रु.१३,६५,६११।- कायम गरी दफा १७ बमोजिम बिगो असुलउपर गरी दफा ३(१) तथा ३(१)(च) बमोजिम सजाय गरी पाउन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीहरू नारायणप्रसाद शर्मा, बलिरामप्रसाद सिंह र हरिश्चन्द्र यादवले आरोप दाबीबाट सफाइ पाउने ठहर्छ भनी प्रतिवादीहरूलाई कसुरबाट सफाइ दिने ठहर गरी फैसला भएकोमा मिसिल अध्ययन गर्दा निज नारायणप्रसाद शर्माको राजीनामा स्वीकृत गरिएपश्चात विद्यालय शिक्षक किताबखानामा पठाइएको सिफारिसपत्र लगायतका अनुसूचीहरूमा विद्यालयबाट प्रमाणित गरी आउनुपर्ने कुराहरू प्रमाणित नगरिएको । प्रधानाध्यापकले भर्नुपर्ने कुराहरू खाली छोडी सिफारिस गरेको देखिँदा नियमानुसार प्रावधान पूरा नगरी प्रतिवादी नारायणप्रसाद शर्माको लियन पदका सम्बन्धमा अन्योल देखिएको तथ्यमा अदालत विश्वस्त हुँदाहुँदै पनि तत्कालीन जिल्ला शिक्षा अधिकारी हरिश्चन्द्र यादवले अनियमित तवरले निवृत्तिभरण दिलाइएको देखिँदा देखिँदै पनि वादी दाबी नपुग्ने भनी भएको फैसला प्रमाणको मूल्यांकन र कानून प्रयोगका दृष्टिले त्रुटिपूर्ण छ । निज

नारायणप्रसाद शर्माको लियन पदबाट राजीनामा गरी पदमुक्त भएको व्यहोरा आफू प्रिन्सिपल रहेको बूढानीलकण्ठ स्कुललाई जानकारी नगराई त्यहाँको स्थायी सेवालाई निरन्तरता दिइएको देखिन्छ । निजको लियन पद महाकाली देवी माध्यमिक विद्यालय भट्टेडाँडामा कायम गर्ने भनी निर्णय गर्ने तत्कालीन जिल्ला शिक्षा अधिकारी बलिरामप्रसाद सिंह तथा राजीनामा स्वीकृत गर्ने र निवृत्तिभरणका लागि सिफारिस गर्दा प्रक्रिया पूरा नगरी तत्कालीन जिल्ला शिक्षा अधिकारी हरिश्चन्द्र यादवले समेत निज नारायणप्रसाद शर्मालाई अनियमित तवरले निवृत्तिभरण दिलाई हानि नोक्सानी पुऱ्याई कसुर गरेको तथ्य पुष्टि हुँदाहुँदै उक्त प्रमाणसमेतलाई अनदेखा गरी बिना विश्लेषण आत्मनिष्ठ आधारमा प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला फौजदारी कानूनका स्थापित मूल्य, मान्यता र भ्रष्टाचार निवारण ऐन, २०५९ को मर्मभावना र कानूनी व्यवस्था विपरीत भई त्रुटिपूर्ण बदरभागी रहेको छ ।

२७. जुगल महासेठको नाति अनरुद्ध महासेठको छोरा महोत्तरी जिल्ला भटौलिया गा.वि.स. वडा नं.-२ घर भई नापी कार्यालय, मनमैजु काठमाडौंमा सर्वेक्षक पदमा कार्यरत वर्ष ३७ को रामप्रवोध कुमार महासेठसमेत २ जना ..... ।

**मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।६।२५** **पुनरावेदन दर्ता मिति : २०७४।९।९**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : मनमैजु नापी कार्यालयमा कार्यरत नि. प्रमुख विजयकुमार यादव, हरिचन्द्र तिवारी र रामप्रवोध कुमार महासेठ लगायत कर्मचारीहरूको मिलेमतोमा घर जग्गा हालसाबिकको काम गरे बापत वोधराज श्रेष्ठसँग रु.५०,०००।- घुस/रिसवत लिएको पुष्टि हुन आई राष्ट्रसेवक रामप्रवोध कुमार महासेठ र हरिचन्द्र तिवारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुर गरेको पुष्टि भई जनही रु.५०,०००।- बिगो कायम गरी सोही ऐनबमोजिम सजाय गरी पाउन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीहरू रामप्रवोध कुमार महासेठलाई आरोपपत्र मागदाबीबमोजिम कसुर ठहर गरी बिगो बमोजिम रु.५०,०००।- जरिवाना र ३ महिना कैद र अर्को प्रतिवादी हरिचन्द्र तिवारीले अदालतमा भएको बयानमा समेत कसुर पूर्णतः इन्कार गरेको, प्रतिवादीको साथबाट रकम बरामद भएको मिसिल संलग्न कागजातबाट देखिन नआएको दशीको रूपमा पेस भएको सि.डि. लिपिबद्धबाट समेत संलग्नता नदेखिएकोले प्रतिवादी हरिचन्द्र तिवारीले कसुर गरेको मान्न सकिने आधार नभएको भनी सफाइ दिने ठहर गरी फैसला भएकोमा मिसिल अध्ययन गर्दा विजयकुमार यादव, हरिचन्द्र तिवारी र रामप्रवोध कुमार महासेठको मिलेमतोमा हालसाबिकको काम गरेबापत रामप्रवोध कुमार महासेठले रु.७५,०००।- माग गरी नगद रु.५०,०००।- लिएकोमा कसुर स्वीकार गरी हरिचन्द्र तिवारीको यस मुद्दामा मिलेमतो रहेको छ भनी बयान गरेका र मागदाबीबमोजिम कसुर ठहर भएका प्रतिवादी रामप्रवोध कुमार महासेठले पोल गरेको समेतबाट मिलेमतोमा कसुर गरेको तथ्य पुष्टि हुँदाहुँदै पनि मागदाबीबाट प्रतिवादी हरिचन्द्र तिवारीलाई सफाइ दिएको हदसम्मको फैसला फौजदारी कानूनका स्थापित मूल्य, मान्यता र भ्रष्टाचार निवारण ऐन, २०५९ को मर्म भावना र कानूनी व्यवस्था विपरीत भई त्रुटिपूर्ण बदरभागी रहेको छ ।

२८. सिँचाइ विकास डिभिजन वीरेन्द्रनगर सुर्खेतका सव-इन्जिनियर सञ्जयकुमार यादव ..........................।

**मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।४।२३** **पुनरावेदन दर्ता मिति : २०७४।९।९**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : सिँचाइ विकास डिभिजन वीरेन्द्रनगर सुर्खेतका सव-इन्जिनियर सञ्जयकुमार यादवले घुमखहरे खरायोचौर सिँचाइ योजना सुर्खेतको कार्य सम्पन्न भई बिल फरफारक गरी चेक भुक्तानी दिने प्रयोजनका लागि रु.९७,०००।- घुस/रिसवत लिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुरमा रु.९७,०००।- बिगो कायम गरी सोही ऐनबमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा इन्कारी बयान गरेको, उजुरवालाले प्रतिवादीले पैसा माग नगरेको, फसाउने नियतले रिसको आबेगमा उजुरी दिएको भनी उजुरी व्यहोरालाई खण्डन गरी बकपत्र गरेको, आयोजना सम्पन्न भई उजुरी पर्नुपूर्व नै भुक्तानी लिइसकेको भन्ने उपभोक्ता समितिका अध्यक्षको बकपत्र मिसिल संलग्न प्रमाणबाट देखिन आएको, वादी पक्षका साक्षीहरूले प्रतिवादी असल चरित्रका व्यक्ति हुन् भनी प्रतिवादीको बयानलाई समर्थन हुने गरी बकपत्र गरेको अवस्थामा प्रतिवादीले कसुर गरेको मान्न सकिने आधार नभएको भनी सफाइ

दिने फैसला भएकोमा घुस/रिसवत लिएको प्रमाणका लागि दशीको रूपमा कार्यालयबाट उपलब्ध गराएको रकम प्रतिवादीले लिइसकेपछि बरामद भएको र बरामदी मुचुल्कामा भएको दस्तखत मेरो हो भनी अदालतमा समेत स्वीकारी बयान गरेको तथा पेस भएका सिडिसमेतबाट कसुर गरेको तथ्य पुष्टि हुँदाहुँदै पनि प्रमाणलाई अनदेखा गरी बिना विश्लेषण आत्मनिष्ठ आधारमा सफाइ दिने गरी भएको फैसला फौजदारी कानूनका स्थापित मूल्य, मान्यता र भ्रष्टाचार निवारण ऐन, २०५९ को मर्म भावना र कानूनी व्यवस्था विपरीत भई त्रुटिपूर्ण देखिँदा बदरभागी रहेको छ ।

२९. भक्तपुर जिल्ला, मध्यपुरठिमी न.पा.वडा नं. १५ बस्ने लिलाकान्त भट्टराईको नाति नरनाथ भट्टराईको छोरा सहरी विकास मन्त्रालयका उपसचिव वर्ष ४९ को होमनाथ भट्टराईसमेत ८ जना ..............................।

**मुद्दा : भ्रष्टाचार उद्योग गरेको ।**

**फैसला मिति : २०७४।६।२५** **पुनरावेदन दर्ता मिति : २०७४।९।६**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरू होमनाथ भट्टराईसमेतले गुणस्तरहीन त्रिपाललाई अस्वाभाविक रूपमा बढी मूल्य तिरी खरिद प्रपञ्च मिलाई आपूर्तिकर्ताहरूलाई रु.२,३६,७६,१९१।१३ बदनियतपूर्वक भुक्तानी दिलाई नेपाल सरकारलाई हानि नोक्सानी पुर्‍याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को देहाय खण्ड (ङ) र (ञ) बमोजिमको कसुरको उद्योग गरेकोतर्फ रु.२,३६,७६,१९१।१३ बिगो कायम गरी ऐ.ऐनको दफा २१ बमोजिम उपरोक्त दफा ८(१) बमोजिम हुने सजायको आधा सजाय गरी पाउन र नेपाल उद्योग वाणिज्य महासंघका निर्देशक रहेका प्रतिवादी हंशराम पाण्डेयउपर त्रिपालको दररेटको अभिलेख नै नभएको/नरहेको अवस्थामा आपूर्तिकर्ता तथा कर्मचारीहरूसँग मिलेमतो गरी आपूर्तिकर्ताले उल्लेख गरेको दररेटलाई नै खुद्रा बिक्री मूल्य खुलाई भ्रष्टाचार निवारण ऐन २०५९, को दफा १९(२) बमोजिमको कसुर गरेकोले सोही दफाबमोजिम सजाय हुन तथा आपूर्तिकर्तामध्येका लक्ष्मी ए.एस. इन्टरप्राइजेजका सुनिलकुमार गौतमलाई रु.१,२३,२१,९५३।८३, दीपकिरण प्रिन्टिङ एण्ड ट्रेडर्सका रामशरण कुँवरलाई रु.३०,३०,३६६।९०, माता इन्टरप्राइजेजका कृष्णहरि चौलागाईंलाई रु.८१,७६,५७६।७७ र अजय शुभ ट्रेडर्सका मोतीलाल पोखरेललाई रु.१,४७,२९३।६३ बिगो कायम गरी झुठा बिल पेस गरी गैरकानूनी लाभ पुर्‍याउने नियतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुर गरेकोले ऐ. ऐनको दफा २१ बमोजिम सजाय गरी पाउन आरोपपत्र दाबी लिई मुद्दा दायर गरिएकोमा प्रतिवादीहरूले मिलेमतो गरी अभियोग दाबीबमोजिम भ्रष्टाचार गर्ने उद्योग गरेको भन्ने कुरा तथ्ययुक्त किसिमबाट पुष्टि हुनसकेको नदेखिँदा प्रतिवादीहरू होमनाथ भट्टराईसमेतले सफाइ पाउने गरी भएको फैसलामा मिसिल अध्ययन गर्दा प्रतिवादी हंशराम पाण्डेयसमेतले बदनियतपूर्ण तवरबाट नेपाल उद्योग वाणिज्य महासंघमा हुँदै नभएको झुठा विवरण उल्लेख गरी मिलेमतो गरी पत्राचार गरेको, वादी पक्षका साक्षीको बकपत्रसमेतलाई भ्रष्टाचारको उद्योग गरेको तथ्यलाई प्रमाणमा नलिई केवल प्रतिवादीको इन्कारी बयानलाई मात्र आधार लिई कसुरबाट सफाइ दिने गरी भएको फैसला प्रमाण ऐन, २०३१ को दफा ३,८ र १४ विपरीत भई त्रुटिपूर्ण छ । हिमाल टेन्टस् प्रा.लि. समेतबाट त्रिपाल उपलब्ध हुन सक्ने जानकारी हुँदाहुँदै सोझै खरिद नगरी माता इन्टरप्राइजेजका कृष्णहरि चौलागाईंलाई विचौलियाको रूपमा प्रयोग गरी त्रिपाल उपलब्ध गराई दिन रामकृष्ण गुरागाईं आफैंले जिम्मा लिई ठाडो आदेश दिई कसुर गरेको तथ्य पुष्टि हुँदाहुँदै पनि उक्त प्रमाणसमेतलाई अनदेखा गरी बिना विश्लेषण आत्मनिष्ठ आधारमा सफाइ दिने गरी भएको फैसला फौजदारी कानूनका स्थापित मूल्य, मान्यता र भ्रष्टाचार निवारण ऐन, २०५९ को मर्म भावना र कानूनी व्यवस्था विपरीत भई त्रुटिपूर्ण देखिँदा बदरभागी रहेको छ ।

३०. शोभादत्त भट्टको नाति भवानीदत्त भट्टको छोरा जिल्ला कन्चनपुर साबिक महेन्द्रनगर न.पा. हाल भीमदत्त न.पा. वडा नं.७ हल्दरवात बस्ने यातायात व्यवस्था विभाग सवारी चालक अनुमतिपत्र, बागमतीमा कार्यरत तत्कालीन निमित्त कार्यालय प्रमुख शाखा अधिकृत वर्ष ३८ का रामदत्त भट्टसमेत ३३ जना .............. ।

**मुद्दा : घुस/रिसवत लिई अभिलेख सच्याई सवारी चालक अनुमतिपत्र वितरण गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।४।२९** **पुनरावेदन दर्ता मिति : २०७४।९।६**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** सवारी चालक अनुमतिपत्र बागमतीका शाखा अधिकृत रामदत्त भट्ट, विचौलिया लक्ष्मण तिमिल्सिना, ड्राइभिङ सेन्टरका संचालक वसन्तकुमार कार्कीसमेतका ३३ जनाले सेटिङमा नियमित रूपले अभिलेख सच्याई प्रयोगात्मक परीक्षामा सहभागी नभएका तथा अनुत्तीर्णलाई उत्तीर्ण गराउन, पुनः

ट्रायलमा राख्न, वर्ग थप गर्न, अभिलेख सच्याई अर्काको नाममा प्रतिलिपि जारी गर्न, नियम विपरीत ३ महिना अगावै ट्रायल परीक्षामा सहभागी गराउन घुस रिसवत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ समेतको कसुरमा संलग्न शाखा अधिकृत रामदत्त भट्टले लिएको घुस रकम रु.३४,९०,०००।- समेत विभिन्न कर्मचारी र विचौलियालगायतले विभिन्न व्यक्तिहरूमार्फत लिएको विभिन्न रकमको आधारमा बिगो कायम गरी सोही ऐनबमोजिम सजाय हुन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा वादी पक्षका साक्षीले अभियोगदाबी खण्डित हुने गरी बकपत्र गरेको, कुन कर्मचारीले कुन दलालसँग सेटिङ मिलाएर कति रकम घुस रिसवत लिएको हो भन्ने कुरा तथ्ययुक्त किसिमबाट पुष्टि हुन नसकेको अवस्थामा सेटिङ मिलाएर पैसा खाए भन्ने हचुवा भनाइलाई आधार बनाएर घुस लिनुदिनु भएको थियो भन्ने निष्कर्षमा पुग्न सक्ने अवस्था नदेखिएको, महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनमा औंल्याइएबमोजिम कर्मचारीलाई उपलब्ध गराइएको पासवर्ड तथा युजर आई.डी. सुरक्षित रहे भएको नपाइएको स्थितिमा शंका र अनुमानकै भरमा प्रतिवादीहरूले अभियोग दाबी बमोजिमको कसुर गरेको मान्न मिल्ने नदेखिएको भनी सफाइ दिने गरी भएको फैसलामा मिसिल अध्ययन गरी हेर्दा अनियमित रूपले सवारी चालक अनुमतिपत्र बनाउन घुस रिसवत दिने व्यक्ति र रकमको सम्बन्धमा प्रयोगात्मक परीक्षामा फेल भई सिधै सवारी चालक अनुमतिपत्र बनाउनका लागि भोला थापासमेतले रु.२०,०००।-, घुस रिसवत दिएको देखिएको तथा दलालहरू लक्ष्मण तिमिल्सिनासमेतको बयानबाट फेल भएकोलाई पास बनाई अनुमतिपत्र लिन जनही रु.१५,०००।- र पुनः ट्रायलमा राख्नका लागि रु.५,०००।- घुस रिसवत बुझाउन पर्ने र जनही रु.२,०००।- का दरले दलालले लिने गरेको तथ्य ड्राइभिङ स्कुल संचालकहरू अमरमणि बरालसमेतको बयानसमेतका आधारबाट पुष्टि हुँदाहुँदै पनि वादी दाबी नपुग्ने गरी भएको फैसला कानून प्रयोगका दृष्टिले त्रुटिपूर्ण हुनुका साथै कसुरको गाम्भीर्यता एवं प्रमाणलाई अनदेखा गरी बिना विश्लेषण र मूल्यांकन आत्मनिष्ठ आधारमा मागदाबीबाट सफाइ दिने गरी भएको फैसला फौजदारी कानूनका स्थापित मूल्य, मान्यता र भ्रष्टाचार निवारण ऐन, २०५९ को मर्म भावना र कानूनी व्यवस्था विपरीत भई त्रुटिपूर्ण देखिँदा बदरभागी रहेको छ ।

३१. पिताम्बरलाल देवको नाति शिवनारायण लाल देवको छोरा सप्तरी जिल्ला फत्तेपुर गा.वि.स.वडा नं.३ घर भई तत्कालीन समयमा नेपाल सरकार, कृषि विकास मन्त्रालय, साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना नेपालगंजमा आयोजना निर्देशक पदमा कार्यरत रही हाल कृषि विकास मन्त्रालय अन्तर्गत जिल्ला कृषि विकास कार्यालय, सर्लाहीमा वरिष्ठ कृषि विकास अधिकृत पदमा कार्यरत वर्ष ४८ को शम्भुप्रसाद देवसमेत १२ जना ........................................................................................................ ।

**मुद्दा : नेपाल सरकारको सम्पत्ति हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरे गराएको ।**

**फैसला मिति : २०७४।४।१९** **पुनरावेदन दर्ता मिति : २०७४।९।६**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रस्तुत मुद्दामा कृषि विकास मन्त्रालय अन्तर्गत नेपालगञ्जस्थित साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजनाका निर्देशक शम्भुप्रसाद देवसमेतले उक्त आयोजनामा आ.व. २०६९/७० मा सरकारी रकम हिनामिना हानि नोक्सानी तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको सम्बन्धमा अनुसन्धान भई प्रतिवादीहरूमध्ये शम्भुप्रसाद देव र कमल सापकोटा उपर बिगो रु.२३,९७,१४६।६५ र प्रतिवादी डालप्रसाद पुडासैनीले बिगो रु.१०,२३,७८३।५० र कृषि प्रसार अधिकृत कमलराज शर्माले बिगो रु.१३,६३,३६३।१२ हानि नोक्सानी पुऱ्याएको हुँदा निजहरू उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही ऐनको दफा १७ बमोजिम सजाय एवं बिगो असुलउपर हुनका साथै ऐ ऐनको दफा ३(१) बमोजिम उल्लिखित बिगो कायम गरी जरिवाना हुन तथा ऐ ऐनको दफा ३(१) को खण्ड (च) बमोजिम कैद सजाय हुन र अन्य प्रतिवादीहरूमध्ये एडभर्टाइजिङ रिभोलुसनका जनक राउतको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुरमा बिगो रु.२,२७,९८४।२८, चौरीगंगा सप्लार्यसका विदुरप्रसाद गौतमको हकमा ऐ ऐनको दफा ८(४) को कसुरमा बिगो रु.२,२८,७१२।-, जयगणेश सप्लायर्सका बालकिसुन चौधरी, न्युविज्ञान इन्टरप्राइजेजका विदुरप्रसाद गौतम र ऱ्यापिङ ग्रो टेडर्सका सहदेव गौतमको हकमा ऐ ऐनको दफा ८(४) को कसुरमा बिगो रु.६,८८,१७१।५०, धनलक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्सका युवराज कोइरालाको हकमा ऐ ऐनको दफा ८(४) को कसुरमा बिगो रु.१,३१,७१२।७५, केसी बिजनेस नेटवर्कका नेमबहादुर खत्रीको हकमा ऐ ऐनको दफा ८(४) को कसुरमा बिगो रु.३,१५,४६१।२५ स्काई प्रेस एण्ड ट्रेड लिंकका मानबहादुर

के.सी.को हकमा ऐ ऐनको दफा ८(४) को कसुरमा बिगो रु.२,७७,०१६।७५ र हिमगणेश कन्सल्ट प्रा.लि.का राजेश्वर कार्कीको हकमा ऐ ऐनको दफा ८(४) को कसुरमा बिगो रु.२,९८,९४१।५० कायम गरी प्रतिवादीहरूलाई सोही ऐनको दफा ८(४) बमोजिम सजाय गरी बिगो जफत हुन समेत मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीहरू अनुसन्धानको क्रममा तथा अदालतमा कसुरको इन्कारी बयान गरेको, आरोपपत्रमा होर्डिङ बोर्ड ६० थान भनिएकोमा स्थलगत निरीक्षणमा १४ थान भेटिएकोमा ४६ थान नभेटिएकोले होर्डिङ बोर्ड प्रतिगोटा रु.२९,८५५।७२ का दरले १४ थानको रु.४,१७,९८०।- मात्र भुक्तानी गर्नुपर्नेमा नबनाएको समेत ४६ थानको रु.१३,७३,३६३।- को मात्र दाबी गरिएकोले १४ थानको सम्बन्धमा कायमै राखी दाबी नलिएको र उल्लिखित आयोजना दातृ संस्थाको आर्थिक सहयोगबाट सञ्चालन भए समेतबाट टुक्राटुक्रा बनाई कोटेसनबाट खरिद गरेको कार्य अनियमित नभएको, होर्डिङ बोर्ड तयार गर्न नियमसम्मत तरिकाले कार्यादेश दिई कोटेसन माग भई कम मूल्यकालाई कार्यादेश दिई ६० थान हार्डिङ बोर्ड स्टोर दाखिला गराई कार्य सम्पन्न प्रतिवेदन पेस गरेको मिसिल संलग्न कागजातहरूबाट देखिने र होर्डिङ बोर्ड १० जिल्लामा राखिएको भनिएकोमा सबै जिल्लाका स्थानहरूको निरीक्षणसमेत गरेको नदेखिएको साथै स्थलगत निरीक्षण जाँदा सम्बन्धित व्यक्तिहरूलाई सोधिएको वा लगिएको अवस्थासमेत नदेखिएको र कृषिसम्बन्धी प्रचारप्रसार सामग्री छपाइ भएको करिब १ वर्षपछि अनुसन्धान गरिएको र कार्यालयमा ६७६५ प्रति मौज्दात रहेको पाइएको भनी रामेश्वर पोखरेलले बकपत्र गरेबाट मौज्दात ६७६५ रहेको देखिन आएको र उक्त प्रचार सामग्री प्राप्त गरेको विभिन्न **NGO** को पत्र मिसिल संलग्न भएबाट वितरणसमेत भएको देखिएको र छापिएको बिल तथा सम्पन्न प्रतिवेदनसमेत रहेको प्रकृतिले हातहातै वितरण गर्नुपर्ने प्रचार प्रसारमूलक सामग्री वितरणको भरपाई निस्सा खोज्न पनि उपयुक्त नदेखिने भनी सफाइ दिने गरी भएको फैसला मिसिल अध्ययन गर्दा **GIS and Remote Sensing** तालिमको लागि रु.२९८,९४१।५० खर्च लेखिएकोमा तालिम सञ्चालन गरेको वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको नदेखिएको, मौकामा बुझिएका उदयप्रताप देव, देवा महरासमेतको व्यहोराबाट तालिम संचालन नगरी मिलेमतो गरी झुठा बिल भरपाई बनाएको तथ्य उदयप्रताप देव र देवा महराले अदालतसमक्ष गरेको बकपत्रबाट तालिम सञ्चालन नगरी भुक्तानी दिएलिएको देखिएकोले प्रतिवादीहरूले सरकारी रकम हिनामिना हानि नोक्सानी तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको पुष्टि हुँदाहुँदै आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला भ्रष्टाचार निवारण ऐन, २०५९ को मर्म, भावना र कानूनी व्यवस्था अनुकूल नभई प्रत्यक्ष त्रुटिपूर्ण देखिँदा बदरभागी रहेको छ ।

३२. जिल्ला झापा गरामुनी गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई ऐ. जिल्ला साबिक अनारमुनी गा.वि.स. वडा नं. ८, हाल विर्तामोड नगरपालिका वडा नं. ९ मा बसोबास गर्ने मोहनलाल पाठकको नाति गोपीचन्द्र पाठकको छोरा बेलडाँगी इलाका वन कार्यालय दमक, झापामा कार्यरत सहायक वन अधिकृत वर्ष ४७ को जीवनप्रसाद पाठक ................. ।

**मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।८।१४** **पुनरावेदन दर्ता मिति :२०७४।१०।१८**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : इलाका वन कार्यालय बेलडाँगी, दमक झापाका सहायक जिल्ला वन अधिकृत जीवनप्रसाद पाठकले निवेदक गोबिन्द श्रेष्ठले संचालन गरेको दुर्गा फर्निचर उद्योगमा बिना इजाजत, बिनापुर्जी र बिनाटाँचाको साल जातका चिरान काठ बरामद भएको सम्बन्धमा उक्त मुद्दा मिलाइदिने भनी घुस/रिसवत कुल रु.३८,०००।- रकम लिई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ (१) बमोजिम कसुर गरेको देखिंदा निजलाई बिगो रु.३८,०००।- कायम गरी सोही ऐनबमोजिम सजाय गरी पाउन र बरामद भई आएको समेत रु.३८,०००।- उजुरीकर्ता निवेदक गोबिन्द श्रेष्ठलाई फिर्ता गरी पाउन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने ठहर गरी फैसला भएको पाइयो । प्रतिवादीबाट रु.२८,०००।- बरामद भएको भन्ने तथ्यमा विवाद नभएको रीतपूर्वकको खानतलासी गर्दा निजको साथबाट बरामद भएका नगदहरू मेरै साथबाट बरामद भएको हो भनी सनाखतसमेत गरी उक्त बरामदी मुचुल्कामा यी प्रतिवादीले सही गरेको छु भनी स्वीकार गरेको देखिएको, **Audio CD** बाट रकम माग गरेको भन्ने देखिएको, बरामदी मुचुल्काका साक्षीले अदालतमा बकपत्र गरी बरामदी मुचुल्कालाई पुष्टि गरिदिएको अवस्थासमेतबाट प्रतिवादीले घुस/रिसवत लिई कसुर गरेको तथ्य पुष्टि हुँदाहुँदै पनि आरोपपत्र मागदाबीबमोजिम कसुर ठहर गरी

प्रतिवादीलाई सजाय गर्नुपर्नेमा सफाइ दिने गरी भएको उक्त फैसला फौजदारी कानूनका स्थापित मूल्य, मान्यता र भ्रष्टाचार निवारण ऐन, २०५९ को कानूनी व्यवस्था विपरीत भई प्रत्यक्ष त्रुटिपूर्ण देखिँदा बदरभागी रहेको छ।

३३. जिल्ला गुल्मी अर्जे-३ स्थायी ठेगाना भएका जनार्दन ज्ञवालीका नाति शिवलाल ज्ञवालीका छोरा वर्ष ३९ का महानगरीय प्रहरी परिसर, ललितपुरमा कार्यरत प्रहरी नायब उपरीक्षक दयानिधि ज्ञवालीसमेत २ जना ........।

**मुद्दा : घुस रिसवत लिई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।५।२५** **पुनरावेदन दर्ता मिति :२०७४।१०।२९**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादी प्र.ना.उ. दयानिधि ज्ञवाली र प्रतिवादी प्र.नि. रमेशबहादुर सिंहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.३,००,०००।- कायम गरी सोही ऐनको दफा ३(१) र ३(१)(घ) बमोजिम जरिवाना र कैदको सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा प्रमाणको अभावमा निज प्रतिवादीहरूलाई कसुरदार कायम गर्न मिल्ने अवस्था नभएकाले प्रतिवादीहरूले आरोपित कसुर अपराधबाट सफाइ पाउने फैसलासहितको मिसिल अध्ययन गरी हेर्दा निज प्रतिवादीहरूको बयान मुनचुन प्रसाद बर्माको मौकाको निवेदन, बयान कागज तथा निजको बकपत्र, बरामदी मुचुल्का एवं उक्त मुचुल्काका व्यक्तिहरूको अदालतमा भएको बकपत्रसमेतका मिसिल संलग्न प्रमाण कागजातहरूबाट पुष्टि भइरहेको अवस्था विद्यमान देखिंदा देखिंदै पनि उक्त प्रमाणहरूलाई प्रमाणको रूपमा ग्रहण नगरी प्रतिवादीहरूले अदालतमा बयान गर्दा इन्कार रहेको भन्ने आधारमा सफाइ दिने गरी भएको फैसला कानूनी रूपमा त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

३४. बहादुर बस्नेतको नाति रूपलाल बस्नेतको छोरा जिल्ला ललितपुर ललितपुर उपमहानगरपालिका वडा नं. २२ चाकुघाट बस्ने तीर्थबहादुर बस्नेत ....................................................................................।

**मुद्दा : भ्रष्टाचार (घुस रिसवत) ।**

**फैसला मिति : २०७४।८।७** **पुनरावेदन दर्ता मिति :२०७४।११।२१**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : सडक डिभिजन कार्यालय, भक्तपुर कटुन्जेका लेखा अधिकृत तीर्थबहादुर बस्नेतले ठेक्कासम्बन्धी कागजपत्र नपुगेको भन्दै कागजपत्र मिलाउनका लागि घुस रिसवत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिम कसुर गरेको देखिंदा बिगो रु.२०,०००।- कायम गरी सोही ऐनबमोजिम सजाय गरी पाउन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीलाई आरोपपत्र दाबीबाट सफाइ दिने ठहर गरी फैसला भएकोमा प्रतिवादीले घुस रिसवत बापत कान्छालाल जिम्बासँग कार्यकक्षमै बुझेको र आफ्नो पाइन्टको खल्तीमा राखेको तथ्य सप्रमाण स्थापित भइरहेको, निवेदक र प्रतिवादीबीच भएको भिडियो संवाद पुष्टि भइरहेको अवस्थामा कार्यालयले पठाएको पत्रमा उल्लिखित ठेक्का र निवेदकले व्यक्त गरेको ठेक्कामा काम नमिलेको भन्ने आधारलाई ग्रहण गरी विश्लेषित प्रमाण कागजको अनादेखा गरी सफाइ दिएको फैसला खण्डनीय भई त्रूटिपूर्ण रहेको छ । प्रतिवादीले बयान गर्दा बरामद रकम सापटी लिएको हो भनी व्यक्त गरे पनि सो कुरा पुष्टि गराउन सकेको छैन । प्रतिवादीले सापटी लिएको हो भनेकै भरमा सापटी बापत नै रकम लिए दिएको रहेछ भनी विश्वास गर्न सकिने अवस्था हुँदैन, मैले सापटी दिएको होइन घुस रिसवत माग गरेकोले घुस रिसवत दिएको हो भनी कान्छालाल जिम्बाले पटकपटक व्यक्त गरेको व्यहोरासमेत उत्तिकै प्रमाण ग्राह्य हुनेमा प्रमाणमा लिइएको छैन । सापटी नै माग गरेको भए अख्तियारसम्म गई निवेदन हाली रकम माग गरी सापटी दिनुपर्ने अवस्था स्वाभाविक देखिंदैन, त्यसरी सापटी माग गर्ने व्यक्तिलाई झुठा व्यहोरा गरी फसाउनु पर्नेसम्मको पूर्व रिसइबी केही निवेदक र प्रतिवादीबीच रहेको अवस्थासमेत प्रतिवादीले खुलाउन सकेको छैन । बरामदी मुचुल्काका बकपत्र गर्ने मौकाको बरामदी मुचुल्का एवं प्रतिवेदन व्यहोरा समर्थित गरी दिएको, प्रतिवादीबाट घुसको रकम दशी स्वरूप बरामद भएको तथ्यमा विवाद नभई कसुर सप्रमाण प्रमाणित भइरहेको अवस्थामा सफाइ दिने गरी भएको उक्त फैसला प्रमाण मूल्यांकनको रोहबाट त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

३५. नुरी शेर्पाको नाति रिन्जी शेर्पाको छोरा जिल्ला सोलुखुम्बु साबिक तामाखानी गा.वि.स. वडा नं. ८ हाल दूधकुण्ड नगरपालिका वडा नं. ३ स्थायी घर भई हाल जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ६, रामहिटी बौद्ध बस्ने अखिल नेपाल हिमाली बौद्ध संघका अध्यक्ष वर्ष ६८ का सोनाम छिरिङ शेर्पासमेत ३ जना........।

**मुद्दा : राष्ट्रसेवकलाई घुस रिसवत दिई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।६।२३** **पुनरावेदन दर्ता मिति : २०७४।११।२१**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** बुद्ध एकेडेमी आवासीय विद्यालय जोरपाटी काठमाडौंका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सोनाम वाङछेन शेर्पा, अखिल नेपाल हिमाली बौद्ध संघका अध्यक्ष सोनाम छिरिङ शेर्पा र अखिल नेपाल हिमाली बौद्ध संघका महासचिव नरबहादुर बुढाथोकीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(३) अन्तर्गतको कसुर गरेकोले देखिएकाले घुस रिसवत दिनका लागि निजहरूबाट बरामद भएको रु.१०,००,०००।- बिगो कायम गरी सोही ऐनबमोजिम जरिवाना तथा सजाय हुन आरोपपत्र दायर गरिएकोमा कसुरबाट सफाइ पाउने गरी भएको फैसलासहितको मिसिल अध्ययन गरी हेर्दा, प्रतिवादीहरूले अनुसन्धान अधिकृतलाई अनुसन्धानको क्रममा प्रभावित पारी आफ्नो स्वार्थ पूरा गर्ने उद्देश्यले घुस/रिसवत बापत दिनका लागि ल्याएको रकम निज प्रतिवादीहरूबाट बरामद गरिएको बरामदी मुचुल्का र मौकाको भिडियो सिडिसहित वस्तुगत भौतिक सबुद एवं कागजप्रमाणको कुनै मूल्यांकन नगरी बरामद नगद जफत गर्ने तर प्रतिवादीहरूलाई सजाय नगर्ने गरी भएको फैसला खण्डनीय त्रुटिपूर्ण हुँदा बदरभागी रहेको छ ।

३६. जिल्ला मोरङ विराटनगर उपमहानगरपालिका वडा नं. ५ वतन भएका लक्ष्मीप्रसाद थपलियाको छोरा मालपोत कार्यालय, धनकुटाका तत्कालीन प्रमुख मालपोत अधिकृत (उपसचिव) सुरेशकुमार थपलियासमेत ३२ जना.. ।

**मुद्दा : सरकारी तथा सार्वजनिक जग्गा व्यक्तिका नाममा दर्ता गरी गराई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।९।४** **पुनरावेदन दर्ता मिति :२०७४।१२।८**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रस्तुत मुद्दामा प्रतिवादीहरूमध्ये मालपोत कार्यालय धनकुटाका तत्कालीन प्रमुख सुरेशकुमार थपलिया, तत्कालीन वरिष्ठ अधिकृत टंकप्रसाद दुवाडी, नायब सुब्बा रवीन्द्रहरि दाहाल, नापी कार्यालय, धनकुटाका नापी अधिकृत राजेन्द्रप्रसाद यादव, नापी अधिकृत रामप्रसाद गुप्तालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिमको कसुरमा प्रतिवादीहरू सुरेशकुमार थपलिया, टंकप्रसाद दुवाडी र रवीन्द्रहरि दाहालको हकमा बिगो रु.२९,६५,३९२।६३ कायम गरी ऐ ऐनको दफा ८(१) बमोजिम, प्रतिवादीहरू रामप्रसाद गुप्तालाई बिगो रु.१३,४४,१११।३८ र राजेन्द्रप्रसाद यादवलाई बिगो रु.१६,२१,२८१।२५ कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम सजाय हुन, प्रतिवादीहरू राजकुमार लिम्बु, देवीप्रसाद लिम्बु, धनमाया लिम्बु, भक्तबहादुर थापा, प्रेमबहादुर बस्नेत, रामबहादुर राई, रामबहादुर बस्नेत, जितबहादुर बस्नेत, कमलबहादुर बस्नेत तथा खगेन्द्रबहादुर बस्नेतको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुरमा प्रतिवादीहरू राजकुमार लिम्बुलाई रु.६६,७९८।८८, देवीप्रसाद लिम्बुलाई रु.१,१९,२५०।-, धनमाया लिम्बुलाई रु.१,८०,०००।-, भक्तबहादुर थापालाई रु.९६,०००।-, प्रेमबहादुर बस्नेतलाई रु.१,३५,०००।-, रामबहादुर राईलाई रु.९०००।-, रामबहादुर बस्नेतलाई रु.१,२०,०००।-, जितबहादुर बस्नेतलाई रु.६०,०००।-, कमलबहादुर बस्नेतलाई रु.४५,०००।-, खगेन्द्रबहादुर बस्नेतलाई रु.५२,६८७।५० बिगो कायम गरी ऐ ऐनको दफा ८(४) बमोजिम सजाय हुन, प्रतिवादीहरू केशरमान लिम्बु, विष्णुमाया लिम्बु तथा कान्छीमाया लिम्बुको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुरमा केशरमान लिम्बुलाई रु.३,४७,२५०।-, विष्णुमाया लिम्बुलाई रु.३,४२,५६२।५० र कान्छीमाया लिम्बुलाई रु.३,४७,२५०।- बिगो कायम गरी ऐ ऐनको दफा ८(४) बमोजिम सजाय हुन, प्रतिवादीहरू नारायणबहादुर भट्टराई, लिलमबहादुर भट्टराई, जानुका भट्टराई, डिकबहादुर भट्टराई, गोपिलाल भट्टराई र कमलबहादुर भट्टराईको हकमा रु.१,५८,६७१।८७ बिगो कायम गरी ऐ ऐनको दफा ८(४) बमोजिम सजाय हुन, प्रतिवादीहरू सीता भट्टराई, गीता भट्टराई र सरिता भट्टराईको हकमा रु.२,२६,५६२।५० बिगो कायम गरी ऐ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय हुन, प्रतिवादी मधु तामाङको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुरमा रु.७५,१४०।६३ बिगो कायम गरी ऐ ऐनको दफा ८(४) बमोजिम सजाय हुन, प्रतिवादीहरू हरिप्रसाद ओझा, अग्नि ओझा, रेवतीप्रसाद ओझा, तिलकप्रसाद ओझासमेतको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुरमा निज प्रतिवादीहरूलाई रु.५,८४,२१८।७५ बिगो कायम गरी ऐ ऐनको दफा ८(४) बमोजिम सजाय हुन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा मालपोत कार्यालय धनकुटाको निर्णयबमोजिम व्यक्तिका नाममा भएको जग्गा दर्ता बदर गरी नेपाल सरकारको नाममा दर्ता भइसकेको अवस्थामा आरोपपत्रमा दाबी गरिएजस्तो नेपाल सरकारलाई हानि नोक्सानी पुगेको स्थिति नभएको, व्यक्ति विशेषको हकभोगको देखिन आएमा लगत कट्टा नभएको भए

साबिकको नदीधार छुट्याई बाँकी जग्गा भूमिसुधार तथा व्यवस्थापन विभागको सहमति लिएरमात्र दर्ता गर्ने भनिएको अवस्थाले प्रतिवादीहरूको कसुर स्वतः समाप्त हुने भनी प्रतिवादीहरूलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला भ्रष्टाचार निवारण ऐन, २०५९ को मर्म, भावना र कानूनी व्यवस्था अनुकूल नभई प्रत्यक्षः त्रुटिपूर्ण हुँदा बदरभागी रहेको छ ।

३७. खुमलाल आचार्यको नाति देवीराम आचार्यको छोरा सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका वडा नं.१० घर भई नापी कार्यालय बर्दियामा सर्भेक्षक पदमा कार्यरत वर्ष ३८ को भीमलाल आचार्यसमेत २ जना ...............।

**मुद्दा : घुस रिसवत लिई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।१०।३** **पुनरावेदन दर्ता मिति : २०७४।१२।२१**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : बाँसगढी नगरपालिका वडा नं. ८ मोतीपुरको कलचुरिया थारूको आवादी जग्गाको रूख काट्न वन कार्यालयमार्फत नापी कार्यालय, बर्दियामा सिफारिस लिने सिलसिलामा नापी सर्भेक्षक भीमलाल आचार्यले सिफारिस गर्न रु.१०,०००।- घुस रिसवत लिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुरमा ऐ दफा ३(१) र ३(१)(क) बमोजिम सजाय हुन र आयोगको टोलीबाट रकम बरामद गर्ने क्रममा अमिन रवीन्द्रकुमार सापकोटाले भीमलाल आचार्यबाट उक्त रकम लिई भाग्न लागेको अवस्थामा पक्राउ गरी रकम बरामद भएको हुँदा भ्रष्टाचारजन्य कार्यमा सहयोग गरी मतियारको भूमिका निर्वाह गरेकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को कसुरमा बिगो रु.१०,०००।- कायम गरी सोही दफा २२ बमोजिम सजाय हुन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीहरूले कसुर इन्कारी बयान गरेको र उजुरी व्यहोरा नै सत्यतामा रहे भएको नपाइएको साथै उजुरीकर्ता अरुणकुमार यादव आफैं प्रत्यक्ष रूपमा सेवाग्राही नभई काठ व्यवसायी लल्लु खाँको लागि कागजपत्र तयार गरिदिने अर्थात पारिश्रमिक लिएर लेखापढी गर्नेसम्म व्यक्ति भएको देखिएको, अर्काका लागि पारिश्रमिक लिएर लिखत तयार गर्ने लगायतका काम गर्ने व्यक्तिलाई कल्चुरिया थारूको जग्गामा रहेका रूख काट्ने विषयको सेवाग्राही मान्न सकिने अवस्था नदेखिएको, प्रतिवादीहरूले घुस रिसवत रकम प्राप्त नभएसम्म आफूले गर्नुपर्ने काम गर्न ढिलाइ गरेको देखिन नआएको, प्रतिवादीको साथबाट बरामद भएको भनिएको रकम निजहरूलाई फसाउने नियतले निजहरूको साथमा पुऱ्याएर बरामद गरेको देखिएको, प्रतिवादीहरूले आरोप दाबीबमोजिमको कसुर गरेको नदेखिएको अवस्थामा प्रतिवादीले कसुर गरेको मान्न सकिने आधार नभएको भनी सफाइ दिने र दशीको रूपमा पेस भएको रु.१०,०००।- आयोगमा फिर्ता पठाइदिने गरी भएको फैसलामा प्रतिवादीहरूले अदालतमा गरेको इन्कारी बयानलाई मात्र आधार लिई सफाइ दिने गरी भएको फैसला प्रमाण ऐन, २०३१ को दफा ३, ८ र १४ विपरीत हुनुका साथै आयोगले उपलब्ध गराएको रकम रु.१०,०००।- प्रतिवादीबाट बरामद भएको तथ्यमा विवाद नभएको, बरामदी मुचुल्कामा प्रतिवादीले स्वीकार गरी सही गरेको, भिडियो क्लिपबाट रकम बरामद भएको देखिएको, बरामदी मुचुल्काका साक्षीले अदालतमा बकपत्र गरी पुष्टि गरिदिएको अवस्थासमेतबाट प्रतिवादीले घुस लिई कसुर गरेको तथ्य निर्विवाद रूपमा पुष्टि हुँदाहुँदै पनि आरोपपत्र मागदाबीबमोजिम कसुर ठहर नगरी सफाइ दिने गरी भएको फैसला भ्रष्टाचार निवारण ऐन, २०५९ को मर्म, भावना र कानूनी व्यवस्था अनुकूल नभई प्रत्यक्ष त्रुटिपूर्ण हुँदा बदरभागी रहेको छ ।

३८. उदयजङ गुरुङको नाति नन्दजङ गुरुङको छोरा जिल्ला लमजुङ प्यार्दी गा.वि.स. वडा नं. ३ हाल जिल्ला काठमाडौं जिल्ला बूढानीलकण्ठ न.पा. वडा नं. २ घर भई तत्कालीन टोखा नगरपालिकाको कार्यालय काठमाडौंको प्राविधिक चौथो पदमा कार्यरत वर्ष ५४ को बुद्धिजंग गुरुङ .......................................।

**मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।१०।२५** **पुनरावेदन दर्ता मिति : २०७४।१२।२१**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : टोखा नगरपालिका कार्यालय, काठमाडौंका प्राविधिक चौथो पदमा कार्यरत बुद्धिजङ्ग गुरुङले घरको अभिलेखीकरण प्रमाणपत्र बनाई दिनका लागि रु.४५,०००।- घुस/रिसवत लिई भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुर गरेको देखिंदा बिगो रु.४५,०००।- कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१)(ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आरोपपत्र पेस गरिएकोमा मागदाबीबाट सफाइ दिने र बरामदी रकम आयोगमा फिर्ता पठाइदिने फैसलासहित मिसिल अध्ययन गर्दा प्रतिवादीले बरामदी मुचुल्कामा उल्लिखित

रु.४५,०००।- मेरो साथबाट बरामद भएको हो भनी आयोगमा बयान गरेको, निवेदकले पेस गरेको सि.डि.को श्रव्यदृश्य निवेदकसँग रकम लेनदेन गर्दाको अवस्थाको भएको र अडियो वार्तालापमा रु.४५,०००।- रकम लेनदेनको कुराकानी भएकै हो भनी कसुर स्वीकार गरेको देखिन आएको साथै अनुसन्धानका क्रममा गरेको बयान व्यहोरा म आफैंले लेखेको हुँ ठीक छ भनी अदालतमा स्वतन्त्र रूपमा गरेको बयानलाई प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणको रूपमा ग्रहण नगरी सफाइ दिएको फैसला कानूनी रूपमा त्रुटिपूर्ण हुनुका साथै प्रतिवादीले कसुरबाट बच्नका लागि पोलिग्राफ परीक्षण गर्न इन्कारेको देखिंदा उजुरकर्तासँग बदनियतपूर्वक घुस रकम लिएको भन्ने तथ्य पुष्टि हुँदाहुँदै प्रमाणको न्यायिक मूल्यांकन नै नगरी प्रतिवादीको कोरा इन्कारी बयानलाई मात्र आधार लिई उजुरकर्ता निवेदक र वादी पक्षका साक्षीहरूले अदालतमा उपस्थित भई बकपत्रसमेत गरेको अवस्थामा तथ्य निर्विवाद रूपमा स्थापित हुँदाहुँदै उक्त तथ्य प्रमाणलाई अनदेखा र बकपत्रलाई नै गलत व्याख्या गरी आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला कानूनी रूपमा नै त्रुटिपूर्ण देखिंदा बदरभागी रहेको छ ।

३९. जिल्ला कास्की लेखनाथ नगरपालिका-३ बस्ने भुपति बरालको नाति इन्द्रप्रसाद बरालको छोरा तत्कालीन वैदेशिक रोजगार विभागका निर्देशक हाल व्यावसायिक तथा सीप विकास तालिम केन्द्र सैंबु, भैंसेपाटी, ललितपुरका उपसचिव वर्ष ५४ का रामजीप्रसाद बरालसमेत ३३ जना ........................................।

**मुद्दा : घुस रिसवत लिई दिई गलत कागजातहरूका आधारमा पूर्व तथा अन्तिम श्रम स्विकृती लिने दिने काम गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।१०।८** **पुनरावेदन दर्ता मिति : २०७५।१।९**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : गलत कागजातहरूका आधारमा रामजीप्रसाद बरालसमेत ३३ जना उपर घुस रिसवत लिई दिई पूर्व तथा अन्तिम श्रम स्वीकृति लिनेदिने काम गरी भ्रष्टाचार गरेकोले आरोपपत्र मागदाबी लिई दायर भएकोमा सबै प्रतिवादीहरूलाई सफाइ दिने गरी फैसलाको मिसिल अध्ययन गर्दा मेनपावर कम्पनीका प्रतिनिधिहरू र विभागका कर्मचारीहरूबीच घुस रकम लिइदिई कोड र केडियन, कम्पनी कामदार नमिलेको अवस्थामा पनि बदनियतपूर्वक पूर्व र अन्तिम स्वीकृति प्रदान गरेको प्रमाणित हुँदाहुँदै सफाइ दिएको फैसला प्रमाण मूल्यांकनको रोहबाट त्रुटिपूर्ण रहेको छ । एसिया लिंक सर्भिस प्रा.लि.का सञ्चालक मिलन कट्टेलको बयानमा कतारस्थित **NAFFCO** र **Torch Engineering** रोजगारदाता कम्पनीका कागजहरू नक्कली हुन्, रामजी बराललाई लट नं. ९९७७७ को लागि रु.१०,०००।- र लट नं. १००८८८ को लागि रु.१०,०००।- गरी रु.२०,०००।- घुस रिसवत दिएर नक्कली पूर्व स्वीकृति लिएको हो भनी व्यहोरा खुलाई दिएको लगायत अन्य प्रतिवादीहरूका सम्बन्धमा समेत कसुर पुष्टि हुने पर्याप्त आधार कारणहरू हुँदाहुँदै फैसला गर्दा लिइएका निर्णयाधारहरू आधार कारण र प्रमाणहरूबाट खण्डनीय भई त्रुटिपूर्ण रहेका साथै मेनपावरका सञ्चालक तथा प्रतिनिधिहरूले कर्मचारीहरूसँग मिलेमतो गरी पटकपटक लटैपिच्छे घुस रिसवत दिएर गलत कागजातहरूको आधारमा श्रम स्वीकृति लिई काम गराएको भनी तथ्यसहित साबिती बयान गरेको र सम्बद्ध कागज प्रमाणहरूबाट प्रतिवादीहरूको उक्त बयान व्यहोरा समर्थित भई प्रमाणग्राह्य रहेको देखिन्छ । प्रतिवादीहरूले अदालतमा इन्कारी बयान गरेकोमा मिसिल संलग्न कागज प्रमाणहरूबाट खण्डित भएको छ भने निक प्रेसबाट बरामद भएका दशीप्रमाण कागजहरूबाट र म्यानपावरका सञ्चालकहरूले गरेको पोलहट बयान, निक प्रेसका सञ्चालक शेरबहादुर महर्जनले गरेको पोलहट बयान व्यहोरा समेतबाट म्यानपावर सञ्चालकहरूले निक प्रेसबाट नक्कली कागजातहरू बनाई पेस गर्ने गरेको तथ्य थप पुष्टि भएको छ । अदालतमा इन्कारी बयान गरे पनि अनुसन्धानको क्रममा स्वतःस्फुर्त व्यहोरा आफैं लेखी गरेको साबिती बयानलाई अदालतमा खण्डन गर्दा प्रमाण ऐन, २०३१ को दफा ९ ले निर्दिष्ट गरेको परिधिभित्र प्रतिवादीहरूको साबिती बयान परी सोको विश्वसनीयता समाप्त हुने स्थिति नहुने स्पष्ट हुँदाहुँदै तथा विश्लेषित तथ्य प्रमाणहरूबाट प्रतिवादीहरूले पटक पटक सेटिङमा घुस रिसवत दिई काम गराएको तथ्य सप्रमाण पुष्टि भइरहेको अवस्थामा घुसको रकम बरामद नभएको जस्ता तर्क उठाई सफाइ दिएको फैसला आत्मनिष्ठ देखिन्छ । सबै अवस्थामा घुस रिसवतको रकम बरामद हुन नसक्ने हुँदा प्रस्तुत मुद्दामा घुस रिसवतको रकम लेनदेन गरी कार्य गरे भएको तथ्य प्रतिवादीहरूकै बयान व्यहोरा, भए गरिएका काम कारबाही, तथ्यगत विवरण, बरामदित सम्बद्ध दशीप्रमाणहरू र सम्बन्धित फाइल

कागजातहरूको सुक्ष्म विश्लेषणबाट बदनियतपूर्ण मनसाय स्थापित भइरहेकोमा सफाइ दिएको फैसला त्रुटिपूर्ण देखिंदा बदरभागी रहेको छ ।

४०. इलाम जिल्ला सोयाङ गा.वि.स वडा नं. १ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ९ धापासी बस्ने माहानन्द पोखेलको नाति गोकुल पोखेलको छोरा वर्ष ५२ को डा. तारानाथ पोखेलसमेत १४ जना ..................।

**मुद्दा : भ्रष्टाचार।**

**फैसला मिति : २०७४।१०।२३** **पुनरावेदन दर्ता मिति : २०७५।१।९**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : स्वास्थ्य सेवा विभाग, बाल स्वास्थ्य महाशाखामा कार्यरत कर्मचारीहरूले विभिन्न कार्यक्रमका नाममा पेश्की लिई नक्कली बिल भरपाई पेस गरी फछ्र्यौट गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकाले तत्कालीन प्रमुख निर्देशक डा. तारानाथ पोखरेललाई रु.६१,३८,८१५।- र डा.श्यामराज उप्रेतीलाई रु.३३,९१,३२३।- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) को कसुरमा ऐ ऐनको ८(१) बमोजिम, लेखा अधिकृत तेजप्रकाश प्रसाईंलाई रु.६६,४३,०४०।-, दीपकप्रसाद तिमिल्सिनालाई रु.२८,८७,०९८।-, जनस्वास्थ्य अधिकृत लिलाविक्रम थापालाई रु.२,०४,३५९।-, जनस्वास्थ्य अधिकृत महेन्द्रप्रकाश शर्मालाई रु.५,०६,०८२।-, शाखा अधिकृत हरिप्रसाद अधिकारीलाई रु.१०,४७,९५०।-, जनस्वास्थ्य अधिकृत ठाकुर बस्नेतलाई रु.२४,२६,९४२।-, खोप सुपरभाइजर प्रेमकुमार श्रेष्ठलाई रु.२५,१७,१६२।-, सुपरभाइजर अधिकृत शंकरप्रसाद आचार्यलाई रु.११,४६,७४७।-, जनस्वास्थ्य अधिकृत शंकरदेव जोशीलाई रु.५,००,१३६।-, खोप अधिकृत श्यामबाबु तिवारीलाई रु.१८,८२,२९३।-, शाखा अधिकृत डिकबहादुर विष्टलाई रु.६,१९,५५३।-, वरिष्ठ जनस्वास्थ्य अधिकृत दीपकराज चौलागाईंलाई रु.४,३२,१४७।- भ्रष्टाचार गरेकोमा ऐ ऐनको दफा ८(१)(ङ) को कसुरमा ऐ ८(१) बमोजिम सजाय हुन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी फैसला भएको अवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम आफ्नो कुनै प्रतिक्रिया बेगर पेश्की फछ्र्यौटका लागि पेस गरी आफ्नो पदीय दायित्वबाट विमुख भई बदनियतपूर्वक काम गरी आफू र अन्य व्यक्तिलाई फाइदा पुऱ्याउने कार्य गरी नेपाल सरकारलाई गैरकानूनी हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको पुष्टि हुन आएको अवस्थामा सोतर्फ कुनै विचार नगरी एवं मिसिल सामेल प्रमाणको उचित मूल्यांकन नगरी प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण देखिंदा बदरभागी रहेको छ।

४१. चन्द्रकेश लाल श्रीवास्तवको नाति कुञ्जविहारी लाल श्रीवास्तवको छोरा साबिक बाँके जिल्ला मनिकापुर गा.वि.स. वडा नं. ५ हाल बाँके जिल्ला, नेपालगञ्ज उपमहानगरपालिका वडा नं. २६ को स्थायी घर भएको नेपालगञ्ज उपमहानगरपालिका वडा नं.२६ को वडा सचिव वर्ष ४३ को धर्मेन्द्र श्रीवास्तव ............।

**मुद्दा : नक्कली एवं झुठा नगदी रसिद छपाई गरी राजस्व रकम उठाई हिनामिना गरी मासी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।१०।१५** **पुनरावेदन दर्ता मिति : २०७५।१।९**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादी धर्मेन्द्र श्रीवास्तवले बदनियतसाथ कार्यालयबाट बुझेको रसिद नम्बरहरूसँग मेल खाने गरी दोहोरो नम्बरहरू राखी रसिदहरू छपाइ गरी उक्त रसिदहरू प्रयोगमा ल्याई राजस्व संकलन गरी बैंक एवं कार्यालयमा राजस्व रकमसमेत दाखिला नगर्ने नगराउने कार्य गरी नेपाल सरकार, तत्कालीन मनिकापुर गा.वि.स. र नेपालगञ्ज उपमहानगरपालिका कार्यालयलाई हानि नोक्सानी पुऱ्याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३, ७, ७(क) र ७(ग) बमोजिमको कसुर गरेको देखिएकाले निज वडा सचिव धर्मेन्द्र श्रीवास्तवले दोहोरो नम्बर राखी नक्कली रसिदबाट उठाएको राजस्व रकम रु.११,२००।- लाई बिगो कायम गरी सोही ऐनबमोजिम जरिवाना तथा सजाय हुन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा आरोप दाबीबाट सफाइ पाउने गरी भएको फैसलासहितको मिसिल अध्ययन गरी हेर्दा प्रतिवादीहरूले एउटै नम्बरका दुईवटा नगदी रसिदहरूको ठेली छपाइ गरी प्रयोगमा ल्याई राजस्व रकम हिनामिना गरी अनुसन्धानको कार्य सुरु भएपछि कसुरबाट उम्कनका लागि रकम बैंक दाखिला गरेकोतर्फ कुनै विचार नगरी हिनामिना भएको रकम प्रतिवादीले बैंकमा दाखिला गरिसकेको भन्ने गलत अर्थ लगाई तत्कालीन मनिकापुर गा.वि.स. र नेपालगञ्ज उपमहानगरपालिका कार्यालयलाई हानि नोक्सानी पुऱ्याउने कार्य गरी भ्रष्टाचार

गरेको पुष्टि हुन आएकोतर्फ कुनै विचार नगरी एवं मिसिल सामेल प्रमाणको उचित मूल्यांकन नगरी प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिंदा बदरभागी रहेको छ ।

४२. रत्नबहादुर कुँवरको नाति गगनबहादुर कुँवरको छोरा जिल्ला पर्वत रानीपानी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १६ बालाजु बस्ने नलसिङ गाड जलविद्युत आयोजना विकास समितिका कार्यकारी निर्देशक वर्ष ६० को मोतीबहादुर कुँवरसमेत ६ जना ..........................।

**मुद्दा : भ्रष्टाचार गर्ने उद्योग गरेको ।**

**फैसला मिति : २०७४।८।१९** **पुनरावेदन दर्ता मिति : २०७५।१।१०**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : स्वीकृत प्राविधिक प्रस्ताव मूल्यांकनका आधारहरू बमोजिम प्रस्तावको मूल्यांकन गर्नुपर्नेमा जानीजानी गैरकानूनी रूपमा नलसिङगाड जलविद्युत् आयोजना विकास समितिलाई हानि नोक्सानी पुऱ्याउने बदनियत राखी **AFC-HCE-NESS** ले भन्दा रु.२७,२४,५४,३५१।६२ बढी कबोल गर्ने **SMEC-MWH-Uday** लाई संयुक्त मूल्यांकनमा सबैभन्दा बढी अर्थात् ८१.९९४ अंक प्रदान गरी मूल्यांकन गरी गराई नलसिङ गाड जलविद्युत् आयोजना विकास समितिलाई रु.२७,२४,५४,३५१।६२ नोक्सान गराउने सम्बन्धी कार्यमा नलसिङगाड जलविद्युत् आयोजना विकास समितिका कार्यकारी निर्देशक मोतीबहादुर कुँवर, तत्कालीन सिनियर डिभिजनल इन्जिनियर सूर्यप्रसाद रिजाल, तत्कालीन लेखा अधिकृत आनन्दप्रसाद चापागाईं, ऊर्जा मन्त्रालयका सिनियर डिभिजनल इन्जिनियर गोकर्णराज पन्थ, विद्युत् विकास विभागका तत्कालीन कानून अधिकृत राजेशकुमार थापा र **SMEC-MWH-Uday** का **Authorized Representative** उदिपलाल श्रेष्ठको संलग्नता रहेको देखिँदा निज प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) को कसुर गर्न उद्योग गरी सोही ऐनको दफा २१ बमोजिम सजाय हुन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरी फैसला भएकोमा मिसिल अध्ययन गर्दा प्रतिवादीले जानीजानी नियतबस प्राविधिक प्रस्तावको गलत मूल्यांकन गरी **SMEC-MWH-Uday** लाई प्रथम स्थानमा पारेको पुष्टि भएकोमा खरिद सम्झौता हुँदा देखिएका नियोजित त्रुटिहरूलाई सूक्ष्म ढंगले विश्लेषण नगरी प्रतिवादीहरूको बदनियतलाई अनदेखा गरी भएको फैसला त्रुटिपूर्ण रहेको । प्रस्ताव मूल्यांकन गर्दा प्रदान गरिएको कुल अंकको फरक वा घटीबढी अंक सामान्य जस्तो लागे पनि परिणाम हेर्दा आयोजनालाई रु.२७,२४,५४,३५१।६२ नोक्सान रहेको तथ्यगत अवस्थालाई मिसिल संलग्न प्रमाणको समुचित विश्लेषण नगरी सफाइ दिइएको, अर्कोतर्फ प्रतिवादी उदिपलाल श्रेष्ठले अनुसन्धानकै क्रममा आफू **SMEC-MWH JV in association with Uday** को आधिकारिक व्यक्ति हुँ भनी बयान गर्दा उल्लेख गरेको र सोही हैसियतमा फर्मको तर्फबाट सम्पूर्ण काम गरेको देखिंदा भ्रष्टाचारजन्य कार्य आफैंमा संगठित प्रकृतिको अपराध भएको र नेपालको सार्वजनिक खरिद प्रणालीमा भ्रष्टाचारको संगठित अवस्था सशक्त चुनौतीको रूपमा रहेको सन्दर्भमा प्रस्तुत मुद्दामा प्राविधिक आर्थिक प्रस्तावको मूल्यांकनको आधारविन्दुमै गम्भीर त्रुटि रहेको तथ्य मिसिलबाट पुष्टि भइरहेकोमा आधिकारिक प्रतिनिधि रहेका निज प्रतिवादी उदिपलाल श्रेष्ठको प्रस्तुत वारदातमा कुनै **Nexus** छैन भन्नु अनुमान मात्र हुन्छ । प्रतिवादी उदिपलाल श्रेष्ठसमेतको संलग्नता र गठमेलबाटै यो वारदात घटित भएको हुँदा निजसमेत समितिमा रहेका अन्य प्रतिवादीहरूले प्रस्तावको गलत मूल्यांकन गरेको पुष्टि हुँदाहुँदै सफाइ दिएको फैसला त्रुटिपूर्ण देखिंदा बदरभागी छ ।

४३. नरनाथ वाग्लेको नाति गोपालप्रसाद वाग्लेका छोरा जिल्ला भक्तपुर चाँगुनारायण नगरपालिका वडा नं. ९ बस्ने काठमाडौं उपत्यका खानेपानी लिमिटेड शाखा कार्यालय बानेश्वर काठमाडौंका कुल्ली (पाँचौं तह) वर्ष ४९ का ध्रुवप्रसाद वाग्ले .......................................................................।

**मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।९।६** **पुनरावेदन दर्ता मिति : २०७५।१।९**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादी ध्रुवप्रसाद वाग्लेले आफ्नो कार्यालय र आफ्नो ओहोदाले गर्नुपर्ने काम गर्नका लागि अर्को प्वाइन्टबाट धारा जडान गरी दिउँला तर खर्च लाग्छ, रु.७०००।- दिनुहोस् त्यसपछि काम गरी दिउँला भनी सेवाग्राही सन्दिप पराजुलीसँग घुस/रिसवत रु.७०००।- बुझी लिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुर गरेको देखिँदा बिगो रु.७०००।- कायम गरी सोही ऐनबमोजिम जरिवाना र कैदको सजाय गरी पाउन मागदाबी लिई मुद्दा दायर गरिएकोमा प्रतिवादीलाई आरोप

दाबीबाट सफाइ दिने ठहर भएकोमा मिसिल अध्ययन गर्दा प्रतिवादी ध्रुवप्रसाद वाग्लेको साथबाट घुस रिसवतको रकम रु.७०००।- बरामद गरेको मुचुल्का, रङ्गेहात नमुना परीक्षण प्रतिवेदन, बरामदित दशीका नोटहरू, प्रतिवादीको बयान व्यहोरा एवं प्रतिवेदन व्यहोराबाट प्रतिवादी ध्रुवप्रसाद वाग्लेले लगाएको ज्याकेटको खल्तीबाट उजुरकर्तासँग लिएको घुस रिसवतको रकम रङ्गेहात बरामद भएको तथ्य स्थापित भएको तथ्यगत कागज प्रमाणहरूलाई प्रमाणमा ग्रहण नगरी दशीसहित पक्राउ परेको प्रतिवादीलाई आत्मनिष्ठ आधारमा सफाइ दिने गरेको फैसला प्रमाण मूल्यांकनको रोहबाट खण्डनीय रहेको, उजुरकर्ताले उजुरी व्यहोरा लगायत सम्पूर्ण संकलित कागज प्रमाणलाई सनाखत गरी बकपत्र गरिदिएको कागज प्रमाणबाट प्रतिवादीले घुस रिसवत बापत नै रकम माग गरेको तथ्य प्रमाणित भइरहेको अवस्थामा सफाइ दिएको फैसला खण्डनीय भई बदरभागी रहेको छ ।

४४. मनिराम जोशीको नाति कमल गिरी जैशीको छोरा जिल्ला बाजुरा बाह्रबीस गा.वि.स. वडा नं. २ बाहुन गाउँ बस्ने बडिमालिका क्याम्पस, कुलदेवमाडौं- ८, बाजुराको क्याम्पस प्रमुख वर्ष ४३ को नवराज जैसीसमेत ४ जना ............।

**मुद्दा : रकम हिनामिना/हानि नोक्सानी गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।९।१६** **पुनरावेदन दर्ता मिति : २०७५।१।२३**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : बडिमालिका क्याम्पस, बाजुराका क्याम्पस प्रमुख नवराज जैसी र लेखापाल लालबहादुर रावलले बडिमालिका क्याम्पसलाई विश्वविद्यालय अनुदान आयोगबाट **UGC Performance Grants** अन्तर्गत आर्थिक वर्ष २०६४/६५ देखि २०७१/७२ सम्ममा जम्मा रकम रु.३७,७१,९४१।- तोकिएको शीर्षकमा खर्च नगरी बिल भरपाई र कागजहरू नै नराखी भुक्तानी लिने दिने र झुठा बिल भरपाई बनाई पेस गरी भुक्तानी लिनेदिने समेतका कार्य गरी गराई हिनामिना एवं हानि नोक्सानी गरे गराएको र प्रतिवादी लेखापरीक्षकहरू तिलकबहादुर थापा र चेतबहादुर बमले क्याम्पसले तयार गरेको झुठा कागजातहरूको आधारमा लेखापरीक्षण गरेको समेत पुष्टि भएको हुँदा बिगो रु.३७,७१,९४१।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) कैद सजाय, जरिवाना हुन र बिगो रु.३७,७१,९४१।- समेत असुलउपर गरी भराई पाउन र प्रतिवादी तिलकबहादुर थापा र चेतबहादुर बमले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएको कसुरको मात्रा अनुसार कैद र जरिवाना हुनसमेत मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा सफाइ दिने ठहर गरेको फैसलामा मिसिल अध्ययन गर्दा क्याम्पस प्रमुख र लेखापालले बदनियतपूर्वक पठाएको झुठा विवरणकै आधारमा विश्वविद्यालय अनुदान आयोगबाट **UGC Performance Grants** अन्तर्गत विभिन्न आर्थिक वर्षहरूमा क्याम्पसलाई प्रदान गरेको रकमबाट क्याम्पसले जम्मा रु.१९,६६,०००।- छात्रवृत्ति वितरण गरेको खर्च भरपाई नरहेको, कामदारहरूलाई वितरण गर्ने भनिएको रकम रु.७,२३,४५२।- समेत दुरुपयोग गरेको पुष्टि भएको, लेखापरीक्षकहरू तिलकबहादुर थापा र चेतबहादुर बमले क्याम्पसमा भएको यथार्थ आम्दानी तथा खर्चको आधारमा लेखापरीक्षण नगरी क्याम्पसले तयार गरेको झुठा कागजातहरूको आधारमा मिलेमतो गरी भ्रष्टाचार गरेको पुष्टि हुँदाहुँदै प्रतिवादीहरूलाई सफाइ दिएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी रहेको छ ।

४५. दिलबहादुर डाँगीको नाति भुमबहादुर डाँगीको छोरा बाँके जिल्ला कोहलपुर न.पा. वडा नं. ५ घर भई हाल कोहलपुर नगरपालिकाका मुखिया वर्ष ३४ को ढालबहादुर डाँगी ..............................।

**मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।११।१५** **पुनरावेदन दर्ता मिति : २०७५।१।२७**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रस्तुत मुद्दामा कोहलपुर नगरपालिका वडा नं.१२ बस्ने सपना कनोडियाले रूख कटान गर्न कोहलपुर नगरपालिकाबाट मुचुल्का र सिफारिस लिने सिलसिलामा नगरपालिकाका कर्मचारी दुर्गालाल विश्वकर्माले निवेदक अलियार खाँबाट घुसरिसवत बापत लिएको रु.१५,०००।- बरामद भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुर गरेको देखिएको हुँदा बिगो रु.१५,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१)(क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी गरिएको र प्रतिवादी ढालबहादुर डाँगीले घुस/रिसवत लिने कसुरको मतियारको भूमिका निर्वाह गरेकोले ऐ ऐनको दफा २२ बमोजिम बिगो रु.१५,०००।- कायम गरी ऐ दफा २२ बमोजिम सजाय

गरी पाउन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा दुर्गालाल विश्वकर्मालाई मागदाबीबमोजिम रु.१५,०००।- जरिवाना र १ महिना कैद ठहर गरी र प्रतिवादी ढालबहादुर डाँगीले इन्कारी बयान गरेको, दुर्गालाल विश्वकर्माको मौकामा भएको बयान कागजको पोलसम्मको आधारमा आरोपपत्र दाबी लिएको देखिएकोले निजले कसुर गरेको मान्न सकिने आधार नभएको भनी सफाइ दिने गरी भएको फैसलामा मिसिल अध्ययन गर्दा दुर्गालाल विश्वकर्माले ढालबहादुर डाँगी घुस/रिसवत बापतको रकममा संलग्न रहेको, प्राप्त रकमबाट निजलाई आधा दिने योजना थियो भनी पोल गरेको, ढालबहादुर डाँगी स्वयं दुर्गालाल विश्वकर्मालाई सहयोग गर्न घटनास्थलमा उपस्थित रही मुचुल्का लेखेको कुरामा सहमत रहेको, उजुरी निवेदकको भनाइ व्यहोरा, टेलिफोन कल रेकर्डसमेतका विवेचित आधार एवं मिसिल संलग्न सबुद प्रमाणहरूबाट कसुरको मतियारको भूमिका निर्वाह गरेको तथ्य पुष्टि हुँदाहुँदै पनि आरोपपत्र मागदाबीबमोजिम कसुर ठहर नगरी सफाइ दिने गरी भएको उक्त हदसम्मको फैसला फौजदारी कानूनका स्थापित मूल्य, मान्यता र भ्रष्टाचार निवारण ऐन, २०५९ को कानूनी व्यवस्थाविपरीत भई त्रुटिपूर्ण देखिँदा बदरभागी रहेको छ ।

४६. स्याङ्जा जिल्ला पुतलीबजार न.पा. वडा नं. ४ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा न. २९ सामाखुशी बस्ने मित्रलाल उपाध्यायको नाति राधाकृष्ण उपाध्यायको छोरा वर्ष ४० को यदुराज शर्मा नेपालसमेत ११ जना ..........................................................................................।

**मुद्दा : भ्रष्टाचार (रकम हिनामिना) ।**

**फैसला मिति : २०७४।११।२५** **पुनरावेदन दर्ता मिति : २०७५।२।८**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरू आनन्दकुमार श्रेष्ठ, मदनकुमार श्रेष्ठ, रत्नलाल श्रेष्ठ, यदुराज शर्मा, रामशरण अधिकारी, रूपनारायण खतिवडा, डोलराज शर्मा, भरतमणि मरहट्ठा, रामजी घिमिरे, कविराज सुवेदी र बालकृष्ण सुवेदीसमेत ११ जनाले महाशाखाको उद्देश्य प्राप्तिका लागि गरिएको भनिएका विभिन्न कार्यक्रमहरूमा हल नै नभएको होटलमा विभिन्न कार्यक्रम गरेको भनी हल भाडाको बिल पेस गरेको, स्टेसनरी पसल, होटल र रेष्टुरेन्टबाट सामान नै खरिद नगरी खरिद गरेको झुठा बिल पेस गरेको, एकै दिनको एउटै कार्यक्रममा १०/१० पटक खाजा र लन्च सेट खरिद गरेको भनी १०/१० वटा बिल पेस गरेको, कार्यालयमा हाजिर रहेको अवधिमा समेत काज गएको भनी भ्रमण बिल पेस गरेको, पेस गरिएको बिलमा कुनैमा क्रेता र बिक्रेताको नाम दस्तखत नभएको, कुनैमा मिति नभएको, कुनै खाली बिलसमेत पेस गरेको, सम्बन्धित पसलवालाहरूले प्रतिवादीहरूले पेस गरेको उक्त बिलहरू दिएको अवस्थासमेत नदेखिएको, स्टेसनरी पसलबाट मासु, चिउरा र गेष्ट हाउसबाट स्टेसनरी गरी खरिद गरेको, उडान नै नगरी हवाईजहाजको ई-टिकटबाट उडान गरेकोमा वास्तविक रकमभन्दा दोब्बर बढी भाडा रकम पेस गरी झुठा बिल भरपाई दाखिला गरी पेश्की फछ्र्यौट गरी नेपाल सरकारको सम्पत्ति बदनियतपूर्ण तवरले हानि नोक्सानी पुऱ्याई व्यक्तिगत लाभ लिई भ्रष्टाचार गरेको प्रमाणित भई प्रतिवादीहरू क्रमशः रामशरण अधिकारीले रु.२६,५९,१९२।-, मदनकुमार श्रेष्ठले रु.३,७५,०९२।-, आनन्दकुमार श्रेष्ठले रु.६७,२०,४१०।-, यदुनाथ शर्मा नेपालले रु.६८,७८,०३८।-, रामजी घिमिरेले रु.३,५७,८१८।-, रत्नलाल श्रेष्ठले रु.४,२१,२२५।-, भरतमणि मरहट्ठाले रु.२,६०,१४४।-, डोलराज शर्माले रु.१६,२२,४४१।-, रूपनारायण खतिवडाले रु.५,६७,१५८।, कविराज सुवेदीले रु.६,१४,९३७।- र बालकृष्ण सुवेदीले रु.१,५७,६२८।- भ्रष्टाचार गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को खण्ड (ङ) बमोजिम कसुर अपराध गरेको पुष्टि भएकोले उल्लिखित सबै प्रतिवादीहरूलाई उल्लिखित रकम बराबरको बिगोमा सोही ऐनबमोजिम सजाय गरी पाउन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा सबै प्रतिवादीहरूलाई आरोप दाबीबाट सफाइ दिने ठहर गरी फैसला भएकोमा मिसिल अध्ययन गर्दा पेश्की फछ्र्यौटको बहानामा जस्तासुकै बिल भरपाईहरू पेस गरी सरकारी रकम दोहन गर्न प्रश्रय दिएको देखिएको, फैसलाले पेश्की फछ्र्यौट गर्ने गराउने, आर्थिक अनियमिततातर्फ अनुसन्धान परीक्षण गरी नियमावली अनुसार असुलउपरतर्फ जे जो गर्ने गर्नुपर्दछ गर्ने भनी प्रमाणबाट भ्रष्टाचार गरे भएको पुष्टि भएको प्रस्तुत मुद्दामा सफाइ दिएको हुँदा सो फैसला आत्मनिष्ठ भई त्रूटिपूर्ण छ भने भ्रष्टाचार निवारण ऐन, २०५९ को मर्म एवं भाव प्रतिकूल भई खण्डनीय एवं त्रूटिपूर्ण रहेको साथै प्रतिवादीहरूले बदनियतपूर्वक आफू र अन्य व्यक्तिलाई फाइदा पुऱ्याउने र नेपाल सरकारलाई गैरकानूनी हानि नोक्सानी पुऱ्याई आरोपित कसुर

गरेको पुष्टि हुन आएको अवस्थामा सोतर्फ न्यायिक दृष्टि नपुऱ्याई मिसिल सामेल प्रमाणको उचित मूल्यांकन नगरी प्रतिवादीहरूलाई कसुरबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिंदा बदरभागी रहेको छ ।

४७. रामधारी राउतको नाति लक्ष्मी राउतको छोरा जनकपुर अञ्चल सर्लाही जिल्ला औरही गा.वि.स. वडा नं.२ बस्ने वर्ष ५२ को मालपोत कार्यालय, बाराका तत्कालीन मालपोत अधिकृत रामजिनिस राउत वरैसमेत ४ जना ....।

**मुद्दा : सरकारी जग्गा व्यक्तिका नाममा गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।९।२५** **पुनरावेदन दर्ता मिति : २०७५।२।८**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरू ना.सु.द्वय शंकरप्रसाद आचार्य तथा पूर्णबहादुर के.सी. र रामजिनिस राउतले आफूहरू र दल्तीदेवी रायलाई गैरकानूनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले बारा जिल्ला डुमरवाना गा.वि.स. वडा नं. ४ को कि.नं.१९० क्षे.फ. १-०-१५-० को बिगो रु.११,००,०००।- को सरकारी जग्गा गैरकानूनी रूपमा दल्तीदेवी रायको नाममा नामसारी गरी सोही सरकारी जग्गा गैरकानूनी रूपमा दल्तीदेवी रायबाट र.नं.८९२/१ मिति २०७०।४।२४ को राजीनामा लिखत पारित गरी श्यामकृष्ण (दुगु) श्रेष्ठ, सोनाम मानन्धर र श्यामकृष्ण प्रजापतिको संयुक्त नाममा दर्ता गर्ने गराउने कार्य गरी मालपोत कार्यालय, बाराका तत्कालीन ना.सु.हरू शंकरप्रसाद आचार्य तथा पूर्णबहादुर के.सी. र तत्कालीन मालपोत अधिकृत रामजिनिस राउतले भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८(१) र दफा ८(१) को खण्ड (ज) अनुसार कसुर गरेको पुष्टि हुन आएकोले निज शंकरप्रसाद आचार्य, पूर्णबहादुर के.सी. र रामजिनिस राउतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम बिगो असुलउपर गरी सोही ऐनको दफा ८(१) बमोजिम कसुरको मात्रा अनुसार कैद र जरिवाना सजाय हुन र प्रतिवादी दल्तीदेवी रायले आफूलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको नाममा दर्ता कायम भएको उक्त जग्गा आफ्नो नाममा नामसारी गरी गराई सो जग्गा श्यामकृष्ण प्रजापतिसमेतका व्यक्तिहरूलाई राजीनामा पारित गराएको देखिएकोले दल्तीदेवी रायलाई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८(४) को कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८(४) बमोजिम बिगो रु.११,००,०००।- कायम गरी कसुरको मात्रा अनुसार कैद र जरिवानाको सजाय हुन र बारा जिल्लास्थित डुमरवाना गा.वि.स. वडा नं. ४ को कि.नं.१९० क्षे.फ.१-०-१५-० को बिगो रु.११,००,०००।- पर्ने सरकारी जग्गा नेपाल सरकारकै नाउँमा कायम गरी पाउनसमेत मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीमध्ये रामजिनिस राउत वरै, शंकरप्रसाद आचार्य र दल्तीदेवी रायको हकमा बिगो कायम नगरी अभियोग दाबीबमोजिमको कसुरसम्म ठहर गरी र प्रतिवादी पूर्णबहादुर के.सी. र बिगोको हकमा जग्गा नामसारी गर्दाको अवस्थामा बिगो नखुलेकोले रु.११,००,०००।- बिगो कायम हुनुपर्ने भन्ने अभियोग दाबी पुग्न नसक्ने र प्रतिवादी पूर्णबहादुर के.सी.ले मोठ भिडाई प्रतिवेदन पेस गर्दा जग्गाधनीको नाम थर वतन र नागरिकता च्यातिएको भन्ने उल्लेख गरेको र सरकारी जग्गा गल्तीको कारण व्यक्तिको नाममा पास भएको कारण जनाई कारबाहीका लागि प्रतिवेदन पेस गरेको देखिंदा निजले सफाइ पाउने गरी फैसला भएकोमा मिसिल अध्ययन गर्दा प्रतिवादीहरू रामजिनिस राउत वरै, शंकरप्रसाद आचार्य र दल्तीदेवी रायको हकमा कसुर ठहर भएकोमा सजाय गर्दा अभियोग दाबीको बिगो रु.११,००,०००।- कायम गरी सो बमोजिम सजाय हुनुपर्नेमा बिगो नखुलेको भनी बिगो कायम नगरी फैसला भएको, प्रतिवादीहरूले वीरगंज चिनी कारखानाको नामबाट उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको नाममा दर्ता कायम भइसकेको बारा जिल्ला साबिक डुमरवाना गा.वि.स. वडा नं.४ को कि.नं. १९० को जग्गा बिघा १-०-१५-० मिलेमतोमा दल्तीदेवी रायको नाममा नामसारी गराई मिति २०७०।४।२४ मा र.नं. ८९२/१ बाट श्यामकृष्ण (दुगु) श्रेष्ठसमेत ३ (तीन) जनाको नाममा राजीनामा पारित भएको अवस्था प्रमाणबाट पुष्टि भइरहेको र यसरी प्रतिवादीहरूले सरकारी जग्गालाई गैरकानूनी तवरबाट व्यक्तिका नाममा नामसारी गर्नुको परिपंच आफू अनुकूल गैरकानूनी लाभ लिनेखाने दिलाउने समेतको उद्देश्यबाट दुष्प्रभावित भई गरेको हुँदा आरोपपत्रमा उक्त जग्गाको तत्कालको वास्तविक मूल्यांकन हेर्दा रु.११,००,०००।- कायम भएको अवस्थामा सोही मूल्यांकनलाई बिगो कायम नगरी भएको फैसला त्रुटिपूर्ण रहेको र प्रतिवादीमध्येका पूर्णबहादुर के.सी.ले अनुसन्धानको क्रममा बयान गर्दा जग्गाको मोठ भिडाउने काम आफूले नै गरेको, पुर्जा स्रेस्तामा सही मैले नै गरेको हुँ भन्नेसमेतको व्यहोरा उल्लेख गरी कसुरमा साबित देखिएकोमा अदालतसमक्ष बयान गर्दासमेत सो व्यहोरालाई इन्कार गरेको नदेखिएकोमा सरकारको नामको जग्गा व्यक्तिको नाममा नामसारी गरी राजीनामासमेत पारित भइसकेकोमा

विवाद नरहेको र सोको निर्णय प्रक्रियामा समेत कसुर ठहर भएका अन्य प्रतिवादी सरह निज प्रतिवादी पूर्णबहादुर के.सी.को समेत संलग्नता रहेको पुष्टि हुँदाहुँदै निजलाई सफाइ दिएको फैसला त्रुटिपूर्ण देखिंदा बदरभागी रहेको छ ।

४८. जिल्ला सुर्खेत, भेरीगंगा नगरपालिका वडा नं. ४ छिन्चु बस्ने बाजे नरवीर घर्तीको नाति इन्द्रबहादुर घर्तीको छोरा क्षेत्रीय अनुगमन तथा सुपेरीवेक्षण कार्यालय सुर्खेतका खानेपानी तथा सरसफाइ टेक्निसियन पदमा कार्यरत वर्ष ४९ को दलबहादुर घर्ती ............................................................................ ।

**मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको।**

**फैसला मिति : २०७४।१२।१३** **पुनरावेदन दर्ता मिति : २०७५।२।८**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादी दुर्गादत्त खरेलले काप्रीचौर तथा राकम खानेपानी आयोजना र कल्याखोला खानेपानी योजनाको आ.व. ०७३/७४ को प्रथम रनिङ बिल भुक्तानीको दौरान सेवाग्राहीलाई दुःख हैरानी दिई रु.८७,०००।- घुस रिसवत लिएको पुष्टि भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुरमा सोही ऐनबमोजिम जरिवाना र कैद सजाय हुन तथा प्रतिवादी दलबहादुर घर्तीले कसुर गर्न सहयोगीको कार्य गरी सोही ऐनको दफा २२ बमोजिमको कसुर अपराध गरेकोले मुख्य अभियुक्तलाई हुने सजायमा ऐ.ऐनको दफा २२ बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आरोपपत्र दाएर गरिएकोमा प्रतिवादी दुर्गादत्त खरेलले आरोप दाबीअनुसारको कसुर गरेको तर प्रतिवादी दुर्गादत्त खरेलको मृत्यु भइसकेको हुँदा मुलुकी ऐन दण्ड सजाय महलको ३ नं. बमोजिम कुनै सजाय गरिरहनु नपर्ने एवं प्रतिवादी दलबहादुर घर्तीले आरोप दाबीबाट सफाइ पाउने ठहर गरी फैसला भएको देखिन्छ । उक्त फैसलासहितको मिसिल अध्ययन गर्दा प्रतिवादी दलबहादुर घर्ती आरोपित कसुरमा इन्कार रहेको भए तापनि केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको प्रतिवेदनमा फेनोल्फथेलिन भेटिएको भन्ने मिसिल संलग्न प्रतिवेदन देखिन्छ । इन्जिनियर दुर्गादत्त खरेल र दलबहादुर घर्तीबीच टेलिफोन संवाद हुँदा दुर्गादत्त खरेलले सेवाग्राही गणेश वि.क., भीमबहादुर शाही लगायत बोलेको मिसिल संलग्न सि.डि.मा भएको अडियो प्रमाणको उचित मूल्यांकन नगरी भएको फैसला त्रुटिपूर्ण देखिंदा बदरभागी रहेको छ ।

४९. ओखलढुंगा जिल्ला गामनाङटार गा.वि.स. वडा नं. ३ स्थायी वतन भई जिल्ला विकास समितिको कार्यालय काठमाडौंका स्थानीय विकास अधिकारी तीर्थराज भट्टराईसमेत ६ जना ...........................................।

**मुद्दा : भ्रष्टाचार ।**

**फैसला मिति : २०७४।१२।४** **पुनरावेदन दर्ता मिति : २०७५।२।८**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादीहरू तीर्थराज भट्टराई, लेखा अधिकृत यामनारायण शर्मा र स्टोरकिपर चिरन्जीवी खड्काले कम गुणस्तरको त्रिपाल खरिद गर्दा गुणस्तरहीन र बढी मूल्य तिरेको देखाई खरिद गर्ने गराउने कार्य गरी कसुर गरेको पुष्टि भएकोले बिगो रु.३६,०६,६२६।७६ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम सजाय हुन र बिगो रकम असुलउपर हुन, प्रतिवादी यामनारायण शर्माले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१)(ख) बमोजिम कम गुणस्तरको त्रिपाल प्रयोग गरेको, दफा ८(१)(ग) बमोजिम न्यून गुणस्तरको त्रिपाललाई बढी गुणस्तरको भनी रकम भुक्तानी गरेको र दफा ८(१) (ञ) बमोजिम त्रिपाल खरिद गर्दा गुणस्तरहीन र बढी मूल्य तिरेको देखाई खरिद गर्ने गराउने कार्य गरी कसुर गरेको पुष्टि हुन आएकोले बिगो रु.३५,०६,६२६।७६ कायम गरी निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम सजाय हुन र बिगो असुलउपर हुन, प्रतिवादी चिरन्जीवी खड्काले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१)(ख) बमोजिम कम गुणस्तरको त्रिपाल प्रयोग गरेको, दफा ८(१)(ग) बमोजिम न्यून गुणस्तरको त्रिपाललाई बढी गुणस्तरको भनी स्वीकृत गर्न पेस गरेको र दफा ८(१)(ञ) बमोजिम गुणस्तरहीन त्रिपाल खरिद गर्ने गराउने कसुर अपराध गरेको पुष्टि हुन आएकोले बिगो रु.३५,०६,६२६।७६ कायम गरी निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम सजाय हुन र बिगो रकम असुलउपर हुन, प्रतिवादी झमकप्रसाद गौतमले जिल्ला विकास समितिको कार्यालयका सम्बन्धित कर्मचारीहरू र आफूलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुर गरेकोले निजलाई बिगो रु.८,९३,२७७।- कायम गरी सोही ऐनको दफा ८(४) बमोजिम सजाय हुन र बिगो रकम जफत हुन, प्रतिवादी सेविका इन्टरप्राइजेजका होमप्रसाद गौतमले

अस्वाभाविक बढी भुक्तानी लिई हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) अनुसारको कसुर गरेकोले बिगो रु.३,७८,६८०।- कायम गरी सोही ऐनको दफा ८(४) बमोजिम सजाय हुन र बिगो रकम जफत हुन प्रतिवादी न्युपशुपति ट्रेड एण्ड सप्लायर्सका मिथिलेश्वर तिवारीलाई बिगो रु.२२,३४,६६९।७६ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय हुन र बिगो जफत हुन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीहरूलाई सफाइ दिने गरी फैसलामा मिसिल अध्ययन गर्दा सप्लायरबाट स्थानीय विकास अधिकारी तीर्थराज भट्टराईलाई रु.४,००,०००।- लेखा अधिकृत यामनारायण शर्मालाई रु.३,००,०००।- र स्टोरकिपर चिरन्जीवी खड्कालाई रु.१,५०,०००।- निजहरूकै कार्यकक्षमा नगद दिएको भनी सप्लायर मिथिलेश्वर तिवारीले गरेको बयान तथ्यलाई प्रतिवादीहरूले अन्यथा हो भनी प्रमाणित गर्न सकेको देखिंदैन । बदनियतपूर्वक प्रतिवादीहरू तीर्थराज भट्टराई, यामनारायण शर्मा र चिरन्जीवी खड्काले बढी गुणस्तर र साइजको हो भनी मिलेमतोमा भुक्तानी गरेको तथ्य प्रमाणित भइरहेको अवस्थामा पनि प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला प्रत्यक्ष रूपमा त्रुटिपूर्ण देखिंदा बदरभागी रहेको छ ।

५०. जिल्ला रौतहट मठिया गा.वि.स. वडा नं.६ महुलियाटोल स्थायी घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ९ बत्तिसपुतली प्रयागमार्ग बसोबास गर्ने स्व. तिलधारी सिंहको नाति चन्द्रदेव सिंहको छोरा हाल सागरनाथ वन विकास परियोजना कार्यालय, सर्लाहीमा कार्यरत वर्ष ४७ को सुरेश सिंहसमेत २ जना ....... ।

**मुद्दा : गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।११।२३** **पुनरावेदन दर्ता मिति : २०७५।२।८**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादी सुरेश सिंहले गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कसुर गरेको पुष्टि हुन आएकोले बिगो रु.१,३६,७३,५६९।४२ कायम गरी सोही ऐनको दफा २०(२) बमोजिम जरिवाना र कैदको सजाय हुन, भ्रष्टाचार गरी गैरकानूनी आर्जन गरेको सम्पत्ति ऐनको दफा ४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम निज र निजको श्रीमतीको नाममा रहेको सम्पत्तिबाट जफत हुन स्रोत नखुलेको सम्पत्तिमध्ये जाँच अवधिमा लुकाई राखेको रकम रु.३३,४१,९९९।९९ बैंकबाट झिकी निकाली बेपत्ता पारेको सम्पत्ति निजकी श्रीमतीको नाममा रहेको स्रोत खुलेको सम्पत्तिबाट ऐनको दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत हुन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीले आ.व. २०६६/६७ देखि आ.व. २०७०/७१ सम्म रु.१,३६,७३,५६९।- गैरकानूनी सम्पत्ति आर्जन गरेको भन्ने आरोप दाबी रहेको भए तापनि सो अवधिको आयव्ययको हिसाब गर्दा रु.१,१४,३८,०१७।- गैरकानूनी सम्पत्ति आर्जन गरेको पुष्टि हुन आएकोले प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कसुरमा सोही ऐनको दफा २०(२) बमोजिम १ वर्ष कैद र बिगो बमोजिम जरिवाना हुने अनियमित तवरले आर्जन गरेको उक्त बिगोबमोजिमको सम्पत्ति सोही ऐनको दफा २०(२) र दफा ४७ बमोजिम प्रतिवादीहरू सुरेश सिंह र निर्मलादेवी सिंहको सम्पत्तिबाट जफत हुने ठहर्छ भनी भएको फैसलामा मिसिल अध्ययन गर्दा प्रतिवादी निर्मलादेवी सिंहको गौर- ५ रौतहटमा रहेको निर्मला गल्ला भण्डार तथा जनरल सप्लायर्सबाट आ.व. २०६६/६७ देखि २०७०/७१ सम्मको एकमुष्ठ आय रु.५,८५,२११।- मा कायम गरिएको आ.व. २०६६/६७ को आयको हिसाब नगरी दिएको भनी रु.१,९३,९२१।- निजको थप आय कायम गर्न मिल्ने नदेखिएको लगायत आँप बगैंचा ठेक्काबाट प्राप्त आय रु.१,६२,०००।- कायम गरिएकोमा बिना आधार अनुमानको भरमा रु.१,८०,६२८।- आँप उत्पादन हुन सक्ने भनी उक्त रकमलाई समेत थप आयमा गणना गर्ने ईंट्टा उद्योगमा लगानी गरेको रकमलाई कुल व्ययबाट घटाउने गरी प्रतिवादीलाई घटी बिगो कायम गरी सजाय गर्ने गरी भएको फैसला कानूनी रूपमा त्रुटिपूर्ण देखिएको तथा निजको आय रु.२२,८८,९०२।५७ र खर्च/लगानी रु.१,५९,६२,४७१।९९ देखिंदा निजले रु.१,३६,७३,५६९।४२ गैरकानूनी सम्पत्ति आर्जन गरेको पुष्टि हुँदाहुँदै रु.१,१४,०३,८१७।- मात्र गैरकानूनी सम्पत्ति आर्जन गरेको ठहऱ्याई घटी सजाय गर्ने गरी भएको फैसला कानूनी रूपमा त्रुटिपूर्ण देखिंदा बदरभागी रहेको छ ।

५१. रघुवीर महतोको नाति रामयोगेश्वर प्रसाद महतोको छोरा जिल्ला बारा गा.वि.स. उत्तर झिटकैया वडा नं. ५ मझौलिया घरबास भई हाल ललितपुर उपमहानगरपालिका वडा नं. १४ नख्खीपोट मिलनचोक बस्ने वर्ष ३४ को प्रभातकुमार कुसवाहासमेत ५ जना ............................................................. ।

**मुद्दा : रकम लेनदेन गरी प्रश्नपत्रको गोपनीयता भङ्ग गर्ने समेतका कार्य गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।९।२६** **पुनरावेदन दर्ता मिति : २०७५।२।१४**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादी प्रभातकुमार कुसवाहाले २०७१ सालको शिक्षा मन्त्रालयको **MBBS** को छात्रवृत्ति कोटामा परीक्षा सुरु हुनु अगावै प्रश्नपत्र बाहिर निकाली उत्तर पठाई उत्तीर्ण गराइदिने भनी ४ जना विद्यार्थीहरू धर्मेन्द्रप्रसाद यादव, जिवछकुमार यादव, विराजु जि.सी. र आजाद नरसिंह साहबाट जम्मा रु.३४ लाख २५ हजार उठाई परीक्षाको प्रश्नपत्र गोल्डेनगेट इन्टरनेसनल कलेज परीक्षा केन्द्रबाट रु.५ लाख दिने भनी देवीराम पाण्डेमार्फत परीक्षा सुरु नहुँदै बाहिर ल्याई प्रश्नपत्रको गोपनीयता भंग गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(२) को कसुरमा सोही ऐनको दफा ३(२), ३(१) र ३(१)(छ) अनुसार सजाय गरी लिएको रिसवत बिगो जफत हुनसमेत मागदाबी लिइएकोमा प्रतिवादीलाई कसुर ठहर गरी सजाय भएको देखिए तापनि प्रश्नपत्रको गोपनीयता भंग गर्ने प्रयोजनार्थ प्रतिवादीको डेराबाट बरामद भएको रु.१ लाख ५० हजार जफत गर्न मागदाबी नपुग्ने भनी तथा प्रतिवादीलाई सोही ऐनको दफा २२ बमोजिमको कसुरबाट सफाइ दिने गरी भएको फैसलासहितको मिसिल अध्ययन गर्दा प्रतिवादी धर्मेन्द्र यादवसमेतले प्रभातकुमार कुसवाहालाई कसुर गर्न सहयोग गरी मतियारको भूमिका निर्वाह गरेको तथ्य प्रमाण, कसुर ठहर भएका प्रभातकुमार कुसवाहाले मिलोमतो छ भनी गरेको बयान, बादी पक्षका साक्षीहरूले अदालतमा गरेको बकपत्रसमेतको आधारमा प्रतिवादीहरूको संलग्नता पुष्टि हुँदाहुँदै कसैलाई मागदाबीभन्दा कम बिगो र कैद सजाय र कसैलाई सफाइ दिने गरी भएको फैसला फौजदारी कानूनका स्थापित मूल्य, मान्यता र भ्रष्टाचार निवारण ऐन, २०५९ को मर्म, भावना र कानूनी व्यवस्था अनुकूल नभई प्रत्यक्ष त्रुटिपूर्ण देखिंदा बदरभागी रहेको छ ।

५२. गेनाइ यादवको नाति रामप्रसाद यादवको छोरा सिराहा जिल्ला तेनुवापट्टी गा.वि.स. वडा नं.२ स्थायी घर भएको जिल्ला जनस्वास्थ्य कार्यालय पर्साका तत्कालीन कार्यालय प्रमुख हाल जिल्ला जनस्वास्थ्य कार्यालय सर्लाहीमा कार्यरत वर्ष ५४ को इन्द्रप्रसाद यादवसमेत ४ जना .............................. ।

**मुद्दा : भ्रष्टाचार (रकम हिनामिना) ।**

**फैसला मिति : २०७४।१२।१३** **पुनरावेदन दर्ता मिति : २०७५।२।२३**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रस्तुत मुद्दामा प्रतिवादीहरू इन्द्रप्रसाद यादव, श्रीराम साह, सोनालाल प्रसाद चौरासिया र राजेश्वर प्रसादले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१)(ङ) बमोजिमको कसुर गरेकोले रु.३,९७,०००।-, श्रीराम साह तथा सोनालाल प्रसाद चौरासिया उपर जनही रु.१,२५,०००।- र राजेश्वरप्रसाद उपर रु.१,४७,०००।- बिगो कायम गरी सोही ऐनबमोजिम कसुरको मात्राअनुसार कैद सजाय र जरिवाना गरी जनही बिगो असुलउपर गरी पाउन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीहरूले सफाइ पाउने ठहर गरी फैसला भएकोमा मिसिल अध्ययन गर्दा इन्द्रप्रसाद यादवले अमृतान्जली मेडिकल हल र जयसवाल फार्मेसीको नामको विभिन्न नक्कली बिल भरपाई बनाइ भुक्तानी भएको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भएको, अमृतान्जली मेडिकल हलका संचालक अमृतान्जली कुमारीले उक्त बिलहरूको रु.२,५०,०००।- प्रतिवादीबाट मेडिकल हललाई नबुझाएको, बिलहरू आफ्नो मेडिकलको नभएको भनी कागज गरेबाट नक्कली बिल भरपाई पेस गरी रकम भुक्तानी लिई भ्रष्टाचार गरेको पुष्टि भएको छ भने प्रतिवादी इन्द्रप्रसाद यादव कार्यालय प्रमुखसमेत भएको अवस्थामा रकम हिनामिना गरी भ्रष्टाचार भएकोमा निजको प्रत्यक्ष संलग्नतालाई नजरअन्दाज गरी प्रतिवादीले सफाइ पाउने गरी भएको उक्त फैसला खण्डनीय भई त्रुटिपूर्ण देखिन्छ भने खरिदार राजेश्वर प्रसादले जयसवाल फार्मेसीको नामको झुठा बिलबाट रु.१,४७,०००।- भुक्तानी गर्ने गराउने कार्यमा प्रत्यक्षरूपमा संलग्न भएको, अनुसन्धानको क्रममा बयान गर्दा जयसवाल फार्मेसीबाट औषधीहरू खरिद नगरी नक्कली बिल भरपाई बनाई भुक्तानी भएको र उक्त औषधी खरिद गरेको भनी जिन्सीमा दाखिला गरी भुक्तानी गर्न लगाउने कार्यमा प्रतिवादीको संलग्नता भएकोतर्फ मिसिल सामेल

सबुदप्रमाणको मूल्यांकन नगरी प्रतिवादीलाई आरोप दाबीबाट सफाइ दिने गरी भएको उक्त फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ ।

५३. जिल्ला ससरी बचनाहा गा.वि.स. वडा नं. १ स्थायी वतन भई हाल जिल्ला काठमाडौं तीनथाना गा.वि.स. वडा नं. ५ बस्ने रामेश्वरप्रसाद यादवको छोरा जिल्ला वन कार्यालय सर्लाहीका तत्कालीन जिल्ला वन अधिकृत शेखरकुमार यादवसमेत २२ जना ............................................................ ।

**मुद्दा : ब्रम्हस्थान सामुदायिक वन फडानी गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।१२।२०** **पुनरावेदन दर्ता मिति : २०७५।२।२४**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादीहरू शेखरकुमार यादव, हेमबहादुर कार्की, सत्यनारायण यादव, अनिलकुमार साह, विपिनचन्द्र सिंह, शत्रुधन ठाकुर, रामानन्द कुसियैत, ध्रुवबहादुर फुयालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर गरी बिगो रु.१,०२,९७,८४५।७५ हानि नोक्सानी पुऱ्याएकोले ऐ ऐनबमोजिम कैद सजाय र जरिवाना हुन, प्रतिवादीहरू वन उपभोक्ता समितिका पदाधिकारीहरू चन्द्रमान बजु तामाङ, लालबहादुर घलान, इन्द्रबहादुर लामा, भोजबहादुर थापा र रामबहादुर थिङले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुर गरेकोले सोही ऐनबमोजिम कैद सजाय, जरिवाना, बिगोसमेत जफत हुन, ठेकेदारहरू सुरेश कोइराला, विमल ढुंगाना, देवु तोलुछे, तिलक लामा र बिर्खे सुनार तथा डोजर मालिक तुलसीराज घिमिरे, बाबुलाल तामाङ, हेमलाल घिसिङ, ट्याक्टर चालक कर्णबहादुर बलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुर गरेकाले सोही ऐनको दफा ८(४) बमोजिम कैद, सजाय जरिवाना गरी बिगोसमेत जफत हुन, वन फडानी कार्यमा प्रयोग भएका ज२प ८३९७ र ज३प ३६७९ नं. का मोटरसाइकल थान २ र ज१त १४३७ नं. को काठ ओसार्न प्रयोग गरिएको ट्याक्टर जफत गरी पाउन मागदाबी आरोपपत्र दायर गरिएकोमा प्रतिवादीहरू शेखरकुमार यादवसमेतको उक्त कार्यमा संलग्नता रहेभएकै देखिन आएकोले निजहरूलाई जनही बिगो रु.१,७०,५१४।५० सोही बराबर जरिवाना र ६ महिना कैद हुने र सबै प्रतिवादीहरूलाई आरोप दाबीबमोजिम रु.१,०२,९७,८४५।७५ बिगो कायम गरी सजाय गरी पाउँ भन्ने दाबी पुग्न सक्दैन भनी भएको फैसलाका सम्बन्धमा मिसिल हेर्दा प्रतिवादी चन्द्रमान बजु तामाङसमेतलाई सर्लाही जिल्ला अदालतबाट सजाय पाएका र सफाइ पाएका प्रतिवादीहरूलाई दोहोरो सजाय गर्ने गरी यस मुद्दामा आरोप दाबीबमोजिमको कसुर ठहर गर्न मिल्ने देखिएन भन्ने सम्बन्धमा प्रतिवादीहरू उपर वन मुद्दा चलाएको र सो मुद्दामा सजाय भएको कारणले प्रस्तुत मुद्दाबाट सफाइ दिने गरी भएको फैसलामा मिसिल हेर्दा प्रतिवादीहरू विमल ढुंगानासमेतको सम्बन्धमा अन्य सहप्रतिवादीहरूले निजहरूलाई कुनै किसिमबाट पोल गरेकोसमेत नपाइएको हुँदा कसुरमा संलग्नता रहे भएको देखिएन भन्ने सम्बन्धमा ब्रम्हस्थान सामुदायिक वनको अवैध कटानका लागि वनरक्षक विपिनचन्द्र सिंह, शत्रुघन ठाकुर, रामानन्द कुसियैत, ध्रुवबहादुर फुयाल जिम्मेवार हुन भनी प्रतिवादी शेखरकुमार यादवसमेतले बयान गर्दा पोल गरेका छन् भने उच्चस्तरीय जाँचबुझ आयोग, २०६७ को प्रतिवेदनमा वन रक्षकहरू विपिनचन्द्र सिंहसमेतले आफ्नो क्षेत्र अन्तर्गतको सामुदायिक वनमा नियमित गस्ती गरी अवैध कटानी फडानी नियन्त्रण गर्ने, सो गर्न आफ्नो क्षमताले नभ्याए आफूमाथिका पदाधिकारी वा निकायलाई समयमा नै जानकारी गराउने प्रतिवेदन दिने समेतको कार्य गर्नुपर्नेमा गर्नसकेको देखिँदैन भनी स्पष्ट किटान गरेको छ । ब्रम्हस्थान सामुदायिक वनमा स्काभेटर नै प्रयोग गरी अवैध रूपमा बाटो खनाएको र सो गर्न लामो समय लाग्ने र त्यस्तो लामो समय लगाई गरे गराएको कार्य र अवैध रूपमा रूख काटे कटाएको वास्तविकतासँग निजहरू अनभिज्ञ थिए भनी विश्वास गर्न सकिने मनासिव आधार भएन भनी प्रतिवेदनमा समेत उल्लेख भएबाट निजहरू समेतको प्रत्यक्ष संलग्नतामा उक्त वन कटानी गरी गैरकानूनी हानि नोक्सानी पुऱ्याई भ्रष्टाचारजन्य कार्य भए गरेको प्रस्ट देखिँदा देखिँदै पनि निज प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला बम्हस्थान सामुदायिक वनका पदाधिकारीहरू तथा सर्लाही जिल्लास्थित वन कार्यालय, इलाका वन कार्यालय तथा रेन्जपोष्टका कर्मचारीहरूसँगको प्रत्यक्ष संलग्नतामा वन क्षेत्रभित्र डोजर प्रयोग गरी बाटो निर्माण गर्ने निहुँमा वन पैदावारको अवैध कटानमा प्रत्यक्ष संलग्न रहेका डोजरका साझेदार मालिकहरू तुलसीराज घिमिरे, बाबुलाल तामाङ, हेमलाल घिसिङमध्ये बाबुलाल तामाङ स्वयं चालकको हैसियतले उक्त स्थानमा डोजर प्रयोग गरी बहुमूल्य रूखहरू जरैसमेत उखेली अवैध वन फडानी कार्यमा संलग्न रहेको देखिन्छ भनी उल्लेख गर्नुका अलावा सो बाटो कुनै गाउँ वा बस्तीमा जान आउनका लागि नभई मूल्यवान रूखहरू कटान र ओसारपसार

गर्नकै लागि राम्रा राम्रा रूखहरू भएका ठाउँसम्म मात्र पुग्ने गरी धेरै बाटाहरू बनाइएको र अवैधरूपमा रूखहरू काटिएका, सो कार्य गर्न गराउन निकै लामो समय लागेको र पछि कारबाही उठान भइसकेपछि स्काभेटर बरामद गरी कर्मचारीको जिम्मा लगाइएकोमा ठेकेदारले उठाई लगेको पाइएकोले कर्मचारी, ठेकेदार, उपभोक्ता समितिका पदाधिकारीसमेतको प्रत्यक्ष संलग्नता रहेको तथ्य र मिसिल संलग्न प्रमाणहरूको मूल्यांकन नगरी सफाइ दिने गरी भएको फैसला र ब्रम्हस्थान सामुदायिक वनमा स्थानीयहरूको लागि भनी सडक निर्माण गर्ने बहाना बनाई अनुमति नलिई समुदायबाट पारित गरेको भनी शेखरकुमार यादव, हेमबहादुर कार्की र सत्यनारायण यादवसमेतको मिलेमतो र संलग्नतामा डोजर प्रयोग गरी करिब १० किलोमिटर बाटो बनाई राष्ट्रिय वनमा रहेका बहुमूल्य सालसमेतका रूखहरू अवैधरूपमा कटान गरी हानि नोक्सानी पुऱ्याई भ्रष्टाचारजन्य कार्य गरेको तथ्य मिसिल संलग्न प्रमाणहरूबाट स्थापित भइरहेको कुरालाई स्वीकार गर्दै प्रतिवादीहरूले वन फडानी गरेको ठहर गरेको छ । प्रतिवादीहरूले वन फडानी गरी बिगो रु.१,०२,९७,८४५।७५ हानि नोक्सानी पुऱ्याएको पुष्टि हुँदाहुँदै सर्लाही जिल्ला अदालतमा दायर भएको वन मुद्दामा कायम गरिएको बिगोलाई आधार मानी जनही रु.१,७०,५१४।५० बिगो कायम गरी प्रतिवादीहरू शेखरकुमार यादव, सत्यनारायण यादव र हेमबहादुर कार्कीलाई घटी सजाय गर्ने र अन्य प्रतिवादीहरूलाई सफाइ दिने गरी गरेको फैसला कानूनी रूपमा त्रुटि भई बदरभागी रहेको छ ।

**५४.** जिल्ला रौतहट तेजापाकड गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल जिल्ला पर्सा वीरगंज उपमहानगरपालिका वडा नं. ३ स्थित नारायणी उपक्षेत्रीय अस्पताल, वीरगंज, पर्सामा आठौं तहको मेडिकल अधिकृतमा कार्यरत विशुनदेव सिंहको नाति चन्द्रदेव सिंहको छोरा वर्ष- ३९ को सरोजकुमार सिंह ......... ।

**मुद्दा : झुठा/नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।१२।२३** **पुनरावेदन दर्ता मिति : २०७५।२।२३**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादी डा. सरोजकुमार सिंहले मेडिकल अधिकृत पदमा नियुक्ति लिँदा **I.Sc.** तहको नक्कली एवं झुठा शैक्षिक योग्यता प्रमाणपत्रसमेत पेस गरी लाभ सुविधा लिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसुरमा सजाय हुन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा र सत्यापन भई आएको प्रमाणपत्रमा केही अंक बढी भई प्राप्ताङ्कसम्म फरक परेको देखिए तापनि प्रतिवादीलाई **MBBS** अध्ययन गर्न वा अन्य विषयमा माथिल्लो योग्यता आर्जन गर्न सो प्राप्ताङ्क ६४२ बाट कुनै बाधा पर्ने नदेखिएको साथै निजले सुविधा पाउने उद्देश्यले प्रमाणपत्र हेरफेर गरेको, फेल भएकोलाई पास गरे गराएको, दोस्रो वा तेस्रो श्रेणीलाई प्रथम श्रेणी बनाएको र नाम थर वतन आदिजस्ता विवरण झुठा पेस गरेको भन्ने पुष्टि हुन आएको नदेखिएको भनी मागदाबीबाट सफाइ दिने गरी भएको फैसलाका मिसिल हेर्दा प्रमाणीकरण विवरणमा **NOT VERIFIED, marks not matching 642, in record** भनी सम्पूर्ण विवरण मेल खाए तापनि कुल प्राप्ताङ्क ६४२ रहेको तर प्रतिवादीले पेस गरेको मार्क सिटमा कुल प्राप्ताङ्क ७०८ देखिएकोले यी प्रमाणपत्रहरू एक आपसमा मेल नखाएकोले वादी दाबी पुष्टि भइरहेको, प्रतिवादी स्वयंले नै पेस गरेको आई.एस्सी.को मार्कसिट सक्कली हो भन्नेसमेत इन्कारी बयानलाई पुष्टि गर्न नसकेकोले प्रतिवादी स्वयंले कसुर स्वीकारेको देखिँदा प्रतिवादीको बयान व्यहोरालाई मात्र आधार लिई मिसिल संलग्न प्रमाणहरूको मूल्यांकन नै नगरी मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

**५५.** गणेश बज्राचार्यको नाति धर्मबज्र बज्राचार्यको छोरा जिल्ला काठमाडौं कीर्तिपुर नगरपालिका वडा नं. ४ सिंहदुवाल स्थायी घर भई यातायात व्यवस्था कार्यालय वाग्मती एकान्तकुना ललितपुरका प्रा.ना.सु. वर्ष ५३ का सूर्यबज्र बज्राचार्य ..................................................।

**मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।११।१०** **पुनरावेदन दर्ता मिति : २०७५।२।२३**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादी प्रा.ना.सु. सूर्यबज्र बज्राचार्यले उजुरी निवेदकको नाममा जारी भएको म्यादसमेत गुज्रिसकेको सवारी चालक अनुमतिपत्र नवीकरण गराइदिन्छु भनी रु.१५,०००।- घुस/रिसवत लिएको पुष्टि भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुरमा रु.१५,०००।- बिगो, बिगोबमोजिम जरिवाना र कैद मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीका साथबाट रु.१५,०००।-

बरामद गरेको भनी बरामदी मुचुल्कामा वादी पक्षका साक्षीले बरामद भएको रकम प्रतिवादीलाई उजुरवालाले नै दिएको र उजुरवालाले सवारी चालक अनुमतिपत्र नवीकरण गर्ने प्रक्रिया अवलम्बन गरेको भन्ने बकपत्र, उजुरवाला यातायात व्यवस्था कार्यालय, एकान्तकुना काठमाडौंको सेवाग्राही नै नदेखिएको र पेस भएको सि.डि.बाट उजुरवालाले प्रतिवादीलाई रकम दिएकोसमेत नदेखिएको, उजुरवालाले आरोप दाबीलाई खण्डन गर्दै **Hostile** बकपत्र गरेको समेतबाट प्रतिवादीले कार्यालयसँग सम्बन्धित काम गरी घुस बापत रकम लिएको भन्नेसमेत दाबी स्थापित हुनसकेको देखिएन भन्नेसमेतका आधारहरू लिई सफाइ दिने गरी भएको फैसलाका सम्बन्धमा मिसिल अध्ययन गर्दा निवेदक म्याद गुज्रेको सवारी चालक अनुमतिपत्र नवीकरणका लागि जाँदा कार्यालयका प्राविधिक नायब सुब्बा सूर्यबज्र बज्राचार्यले रु.१५,०००।- घुस/रिसवत माग गरेको व्यहोराको यामबहादुर तामाङको उजुरी निवेदन रहेको, आयोगबाट प्रतिवादीलाई घुस दिन भनी रु.१५,०००।- नगदै बुझेको, कीर्तिपुर नगरपालिका, वडा नं. ३, बल्खुबाट प्रतिवादीले लगाएको रातो रङ्गको ज्याकेटको बायाँतर्फको गोजीबाट रु.१५,०००।- सहित उजुरकर्ताको सवारी चालक अनुमतिपत्र, कार्यालयको अंग्रेजी छाप थान-१, **Section Officer** लेखेको रबर छाप र विभिन्न व्यक्तिका नाउँको सवारी चालक अनुमतिपत्रहरूसमेत बरामद भएको, मुचुल्काको रोहबरमा प्रतिवादीले सहीछाप गरेको, कसुर स्वीकार गरी आफ्नै हस्ताक्षरले बयान व्यहोरा लेखेको समेतका आधारहरूलाई नजरअन्दाज गर्दै आत्मनिष्ठ आधार लिई मिसिल संलग्न प्रमाणहरूको मूल्यांकन नै नगरी प्रतिवादीलाई अभियोग मागदाबीबाट उन्मुक्ति दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

५६. नारायणप्रसाद शर्माकी छोरी वीरेन्द्रबहादुर महतकी पत्नी नुवाकोट जिल्ला खोलगाउँ घर भई हाल महिला तथा बालबालिका कार्यालय विराटनगर, मोरङमा कार्यरत (महिला विकास अधिकृत) वर्ष ५६ की गीता महतसमेत २ जना ......................।

**मुद्दा : सृजनशील महिला सहकारी भवन निर्माण कार्यमा अनियमितता गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।९।१९** **पुनरावेदन दर्ता मिति : २०७५।२।२३**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रस्तुत मुद्दामा प्रतिवादी गीता महतले भवन निर्माणको कार्य सम्पन्न नहुँदै उपभोक्ता समितिसँग मिलेमतो गरी झुठा कार्य सम्पन्न प्रतिवेदन एवं बिल भरपाई तयार गरी रु.११,४०,०००।- भुक्तानी दिएको कार्यालय सहयोगीमार्फत रु.४०,०००।- लिई खाई बदनियतपूर्ण कार्य गरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेकोले बिगो रु.११,४०,०००।- कायम गरी सजाय गरी पाउन, प्रतिवादीहरू उपभोक्ता समितिका अध्यक्ष बाजी बि.क., बाजुरी बि.क. भन्ने बाजपुरी बि.क. र कोषाध्यक्ष घुघुरी भन्ने घुगुरी न्यौपाने समेतले कबुलियत वा सम्झौता सर्तहरू पालना नगरी भवन निर्माणका लागि भुक्तानी लिएको रु.११,४०,०००।- हिनामिना गरेकोले निजहरू उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुरमा बिगो रु.११,४०,०००।- कायम गरी सोही ऐनबमोजिम सजाय गरी पाउन, प्रतिवादीहरू तत्कालीन सहायक इन्जिनियर दीपक रोकाया, सव-इ. प्रेमलाल जैसवाल र यज्ञप्रसाद ढुङ्गानासमेतले लगत इस्टिमेट सम्झौता अनुसार निर्माण कार्य गर्न नलगाई उपभोक्ता समितिका अध्यक्ष बाजी बि.क. भन्ने बाजपुरी बि.क.सँग इ.दीपक रोकाया र सव इ. प्रेमलाल जैसवालले रु.६०/६० हजार कमिसन मागी खाएको तथा सव-ई.यज्ञप्रसाद ढुङ्गानाले प्राविधिक खर्च लाग्छ भनी रु.१,००,०००।- बुझिलिएको पुष्टि भएकोले निजहरूमध्ये दीपक रोकाया, प्रेमलाल जैसवालको हकमा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ बमोजिमको कसुर गरेकोमा बिगो रु.६०/६० हजार कायम गरी सोही ऐनको दफा ३(१) तथा ३(१)(ग) बमोजिम सजाय हुन तथा यज्ञप्रसाद ढुङ्गानाको हकमा बिगो रु.१,००,०००।- कायम गरी सोही ऐनबमोजिम सजाय हुन र उक्त बिगो असुलउपर गरी पाउनसमेतको मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा गीता महत र प्रेमलाल जैसवाललाई सफाइ दिने गरी फैसला गर्दा प्रतिवादी गीता महतले अनुसन्धानका क्रममा तथा अदालतमा समेत पूर्ण इन्कार भई बयान गरेको, भवन निर्माणसम्बन्धी नापजाँच गर्ने एवं सुपरीवेक्षण गर्ने कार्य सहायक सव इन्जिनियर दीपक रोकायाले गरी भवन निर्माण सम्पन्न भएको प्रतिवेदनसमेत निजले तयार गरेको र भवन निर्माण सम्पन्न बिल भरपाई अर्को प्रतिवादी यज्ञप्रसाद ढुंगानाले आफूले तयार गरेको भनी अनुसन्धानको क्रममा बयानमा उल्लेख भएबाट प्रतिवादी गीता महतले उक्त प्रतिवेदन र बिल भरपाईसमेत तयार गरेको भन्ने पुष्टि हुन नसकेकोले निजले बदनियतपूर्वक भवन

निर्माणको कार्य सम्पन्न नहुँदै उपभोक्ता समितिसँग मिलेमतो गरी रु.११,४०,०००।- हिनामिना र कार्यालय सहयोगी नैना जोशीमार्फत रु.४०,०००।- रिसवत लिएको भन्ने समेतको आरोप पुष्टि हुन नसकेको साथै अर्का प्रतिवादी प्रेमलाल जैसवाल उक्त महिला तथा बालबालिका कार्यालय, बाजुरामा मिति २०६८।९।८ देखि मिति २०६९।३।१६ सम्म कार्यरत रहेको देखिँदा निज हाजिर हुँदा प्रस्तुत मुद्दाको वारदात सम्पन्न भइसकेकाले हाजिर हुनुअघिको कसुरका लागि निजलाई जिम्मेवारी ठहऱ्याई निजविरुद्ध गरिएको वादी नेपाल सरकारको अभियोजन फौजदारी कानूनको मान्य सिद्धान्त र प्राकृतिक न्यायको सिद्धान्तसमेतले जिम्मेवारीपूर्ण आधारमा गरेको नदेखिएकोले आरोप दाबी अनुरूप निज प्रतिवादी प्रेमलाल जैसवालले कसुर गरेको देखिन आएन भनी फैसला भएकोमा मिसिल संलग्न प्रमाण कागजातहरू अध्ययन गरी हेर्दा प्रतिवादी गीता महतले अनुसन्धानका क्रममा र अदालतमा समेत बयान गर्दा महिला तथा बालबालिका कार्यालयद्वारा साप्पाटा गा.वि.स.मा संचालित महिला सहकारी भवन निर्माणमा प्राविधिक रिपोर्ट, रनिङ बिल, फिल्ड प्रतिवेदन सबैको आधारमा उपभोक्ता समितिको खातामा रकम जम्मा गर्ने काम भएको हो । परिस्थितिवश उक्त क्षेत्रमा जान सकिन, नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदनमा प्राविधिकले सही गरेपछि मैले गरेको हो भनी स्पष्ट खुलाएकोमा गीता महत सो समयमा कार्यालय प्रमुख रहेको र भवन निर्माणसम्बन्धी कार्य मापदण्ड र सर्तबमोजिम निर्माण सम्पन्न भए नभएको सुपरीवेक्षण गर्ने प्रतिवेदनहरूमा निजको समेत हस्ताक्षर भई पास हुने भएकोले सोको आधिकारिकता जाँच गर्ने र भुक्तानी आदेश दिने लगायतको सम्पूर्ण पदीय दायित्व पूरा नगरी नबुझी रकम निकासा तथा भुक्तानी आदेश दिएको तथा उक्त कार्यालयकी तत्कालीन मुख्य महिला कार्यकर्ता कमला महतराले भवन बनेको छैन रकम भुक्तानी नगर्नु भनी जानकारी गराउँदा गराउँदै निज, प्राविधिक र व्यवस्थापन समितिको मिलेमतोमा अनियमितता भएको भनी बयान गरेको लगायत सहायक प्र.जि.अ. दानबहादुर ऐडीले पेस गरेको स्थलगत प्रतिवेदन, बयान कागजलाई समर्थन गर्दै गरेको बकपत्रसमेतका मिसिल संलग्न प्रमाणहरूको बेवास्ता गरी आत्मनिष्ठरूपमा गीता महतलाई सफाइ दिने गरी भएको फैसला र प्रतिवादी प्रेमलाल जैसवालको हाजिर भएपछि पनि भवन निर्माण कार्य भइरहेको निजले उपभोक्ता समितिका अध्यक्षबाट रकम लिई खाएको पुष्टि हुँदाहुँदै वारदात सम्पन्न भइसकेकोले प्रतिवादी हाजिर हुनुअघिको कसुरका लागि निजलाई जिम्मेवारी ठहऱ्याई निजविरुद्ध गरिएको वादी नेपाल सरकारको अभियोजन फौजदारी कानूनको मान्य सिद्धान्त र प्राकृतिक न्यायको सिद्धान्तसमेतले जिम्मेवारीपूर्ण आधारमा अभियोजन गरेको नदेखिएको भन्ने जस्ता आत्मनिष्ठ आधारहरू लिई सफाइ दिने गरी भएको फैसला फौजदारी कानूनको मान्य सिद्धान्त विपरीत र कानूनको प्रयोग र व्याख्यामा नै त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

५७. बारा जिल्ला कलैया न.पा. वडा नं.१२ रामपुर बस्ने नुरमहमद अन्सारीको नाति जालमहमद अन्सारीको छोरा रतनपुरी गा.वि.स. सचिव वर्ष ५० को आस महमद अन्सारीसमेत २ जना .....................................।

**मुद्दा : सरकारी रकम हिनामिना हानि नोक्सानी एवं मासी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।१०।२९** **पुनरावेदन दर्ता मिति : २०७५।२।२३**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रस्तुत मुद्दामा रतनपुरी गा.वि.स. बाराका सचिव आसमहमद अन्सारीले बदनियतपूर्वक नेपाल सरकारको बिगो रु.१३,८३,५००।- बराबरको सम्पत्ति हिनामिना हानि नोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अन्तर्गतको कसुर गरेकोले रु.१३,८३,५००।- बिगो कायम गरी सोही ऐनबमोजिम जरिवाना र कैद सजाय हुन हिनामिना गरेको बिगो असुलउपर गरी पाउन तथा प्रतिवादी मेघुप्रसाद जयसवाललाई सोही कसुरमा सोही दफाबमोजिम निजले हिनामिना गरेको रु.४,८३,५००।- बिगो कायम गरी जरिवाना र कैद सजाय हुन बिगो असुलउपर गरी पाउन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा आस महमद अन्सारीले रु.४,८३,५००।- मात्र हिनामिना गरी भ्रष्टाचार गरेको ठहर गरी निजबाट बिगो असुल गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(घ) बमोजिम ६ महिना कैद तथा मेघुप्रसाद जयसवालले आरोप दाबीबाट सफाइ पाउने ठहर गरी भएको फैसलामा मिसिल अध्ययन गरी हेर्दा आस महमद अन्सारीले गा.वि.स.को कोष खर्च गर्दा आदिबासी जनजातिको कार्यक्रमलगायत कार्यक्रमहरूका लागि जम्मा रु.३,०६,०००।-, विष्णुप्रसाद ढुंगानासमेतलाई नगरपालिकाको कामका लागि स्थानीय विकास मन्त्रालयमा डेलिगेसन गएको भनी भ्रमण खर्च लेखिएको भरपाईमा समेत सम्बन्धित व्यक्तिहरूको सहीछाप र दस्तखत नगराई भ्रमण खर्च गरेको सर्वदलीय संयन्त्रका प्रतिनिधिहरूको उपस्थिति र रकम बुझेको भरपाईमा सहीछाप र

दस्तखत नै नगराई बैठक भत्ता भनी खर्चसमेत कुल जम्मा रु.१३,८३,५००।- आसमहमद अन्सारीले हिनामिना गरी मासेको मिसिल सामेल प्रमाणहरूले स्पष्ट पारेको अवस्था विद्यमान हुँदाहुँदै उक्त प्रमाणको कुनै मूल्यांकन नगरी दाबीभन्दा कम बिगो हिनामिना गरेको ठहर गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण देखिनुका साथै प्रतिवादी मेघुप्रसाद जैसवालको संयुक्त दस्तखतबाट खाता संचालन भएको र दुवैको सहमति बिना रकम निकालेर खर्च गर्न सक्ने अवस्थासमेत नरहनेतर्फ कुनै ध्यान नदिई एउटै कार्य गरी भ्रष्टाचार गर्ने एक जना प्रतिवादीलाई ठहर गर्ने तर अर्का प्रतिवादीलाई सफाइ दिने गरी भएको उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

**५८.** सिराहा जिल्ला सिराहा न.पा. वडा नं. ४ महिस्वथा घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ८ पशुपति बस्ने नेत्रप्रसाद आचार्यको नाति गोपीराम आचार्यको छोरा वर्ष ५४ को नेपाल टेलिकम काठमाडौंका वरिष्ठ प्राविधिक अधिकृत अनिलकुमार आचार्यसमेत २ जना ...........................................................................।

**मुद्दा : गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।११।२९** **पुनरावेदन दर्ता मिति : २०७५।२।२९**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रस्तुत मुद्दामा निज प्रतिवादी अनिलकुमार आचार्यको वास्तविक आम्दानीको स्रोत भनेकै नेपाल टेलिकमको तलब भत्ता, विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट लिएको ऋण सापटी नै मुख्य आय भएको हुँदा निजको प्रतिवेदन अवधिको कुल आय रु.१,१६,७१,६२२।१४ भन्दा कुल व्यय रु.१,९५,७९,७९८।१७ देखिएकोमा रु.७९,०८,१७६।०३ रकम आम्दानीभन्दा खर्च बढी भएको देखिंएकोले कानूनबमोजिम निजले पेस गरेको सम्पत्ति विवरण अमिल्दो तथा अस्वाभाविक देखिन आई सम्पत्तिको स्रोत निजले प्रमाणित गर्न नसकेकोले गैरकानूनी सम्पत्ति आर्जन गरेको पुष्टि भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० बमोजिम रु.७९,०८,१७६।०३ बिगो कायम गरी सजाय हुन निजको नाममा रहेको जग्गामा बनेको आधा घरसमेत सोही ऐनबमोजिम जफत हुनका साथै सोही रकमबाट श्रीमती शोभाकुमारी आचार्यको नाममा खरिद गरी सोही जग्गाको घरसमेत सोही ऐनबमोजिम जफत हुनसमेत मागदाबी आरोपपत्र दायर गरिएकोमा प्रतिवादीको व्ययभन्दा आय करिब ४ लाखभन्दा बढी हुने देखिन आएकोले जीवनस्तर अमिल्दो र अस्वाभाविक प्रकृतिको भन्ने देखिन नआएको, व्यक्तिले घर बनाउँदा सरकारी ठेक्कापट्टा जस्तो **Overhead Cost** १५ प्रतिशत र ठेक्का कर बापत ५ प्रतिशत नलाग्ने हुँदा जम्मा खर्चको २० प्रतिशत छुट दिन उपयुक्त हुने भनी सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तबमोजिम प्रतिवादीको घर निर्माणमा देखाइएको खर्चको रकममा २० प्रतिशत घटाउँदा जम्मा खर्च रु.१,७६,६४,४२९।९० मात्र व्यय भएको देखियो भन्ने समेतका आधारहरू लिई प्रतिवादीलाई सफाइ दिने भएको फैसलाको सम्बन्धमा मिसिल संलग्न प्रमाण कागजातहरू अध्ययन गरी हेर्दा कुल रु.१५,८१,९०६।४१ खर्च भएको तर आम्दानीतर्फ हेर्दा तलब भत्ताबापत प्राप्त रु.१,२३,९७१।३७ मात्र देखिएकोले कुल आम्दानीमा कुल खर्च कट्टा गर्दा रु.१४,५७,९३५।०४ बराबरको बढी खर्च भएको स्रोतका सम्बन्धमा निजहरू दुवै जनाले अनुसन्धानका क्रममा बयान गर्दा साथीभाइ तथा इष्टमित्रहरूसँग सरसापट लिई जग्गा खरिद तथा घर निर्माण गरेको र सो सम्बन्धी प्रमाण आफूसँग नभएको भनी उल्लेख गरेबाट निजले सोको स्रोत खुलाउन नसकेको हुँदा जग्गा खरिददेखि घर निर्माणसम्मको कार्य गैरकानूनी तवरबाट आयआर्जन गरी रकमको स्रोत खुल्न नसकेको तथ्य अनुसन्धानको क्रममा गरिएको प्रतिवादीको सम्पत्तिको आय तथा व्यय विवरणको विश्लेषणबाट निर्विवाद रूपमा पुष्टि भएकोमा उल्लिखित प्रमाणहरूको विश्लेषण नगरी प्रतिवादीको जीवनस्तर अमिल्दो र अस्वाभाविक प्रकृतिको भन्ने देखिन नआएको भन्ने जस्ता आत्मनिष्ठ आधारहीन आधारहरू लिई भ्रष्टाचार जस्तो गम्भीर अपराधको गाम्भीर्यतालाई नजरअन्दाज गरी सफाइ दिने गरी भएको फैसला भ्रष्टाचार ऐन, २०५९ को दफा २० को कानूनी व्यवस्था तथा कानूनको मान्य सिद्धान्त विपरीत भई त्रुटिपूर्ण हुँदा बदरभागी रहेको छ।

**५९.** ढारु थारूको नाति वेझुलाल चौधरीको छोरा राप्ती अञ्चल दाङ जिल्ला पञ्चकुले गा.वि.स. वडा नं. ४ चौपारी बस्ने वर्ष ३६ को बुद्धिराम चौधरीसमेत ४ जना ...................................................................।

**मुद्दा : विद्यालय भवन निर्माणमा अनियमितता गरी भ्रष्टाचार गरेको।**

**फैसला मिति : २०७४।१२।२५** **पुनरावेदन दर्ता मिति : २०७५।३।६**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रस्तुत मुद्दामा प्रतिवादीहरू विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बुद्धिराम चौधरी, प्र.अ.वासुदेव मल्ल, लेखापाल दलबहादुर वलीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ख)(ग) र (ङ) को कसुर गरेकोले सोही ऐनबमोजिम कसुरको मात्राअनुसार कैद र बिगो रु.८,८२,०६२।६५ जरिवाना गरी बिगो असुलउपर हुन निर्माण समितिका अध्यक्ष कुलबहादुर घर्तीले सोही ऐनको दफा ८(४) को कसुर गरेकोले सोही ऐनको दफा ८(४) बमोजिम कसुरको मात्राअनुसार कैद र बिगो रु.८,८२,०६२।६५ जरिवाना गरी बिगो असुलउपर गरी जफत हुन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीहरूको इन्कारी बयान र निजहरूका तर्फबाट उपस्थित साक्षीहरूले बयानको समर्थन गरी बकपत्र गरेको, विभिन्न प्रतिवेदन तथा मिसिल सामेल रहेको फोटोसहितको विवरणबाट भवन निर्माण गरे गराएकोमा विवाद नभएको, डण्डी सानो राखेकोले भवनको गुणस्तरमा असर परेको, लागत इस्टिमेटमा उल्लेख भएभन्दा बढी बिलको भुक्तानी दिएको भन्ने जस्तो कुरा पनि नदेखिने भन्दै सरस्वती उच्च मा.वि.को भवन निर्माण गर्दा हानि नोक्सानी गरी आरोप दाबीबमोजिमको कसुर गरेको वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकेकाले सफाइ पाउने गरी फैसला भएकोमा मिसिल अध्ययन गरी हेर्दा अभिभावक भेलाबाट भवन निर्माणमा भएको अनियमितताको छानबिन समितिले इस्टिमेट अनुसारका सामान प्रयोग नगरी सिमेन्ट खरिद, ढुवानीको झुठा भरपाई, लेबरको धेरै ज्यालालगायत रु.३,२२,४५४।५४ बराबरको रकम हिनामिना गरेको भनी प्रतिवेदनमा उल्लेख गरेको । जिल्ला प्राविधिक कार्यालय, दाङको छानबिन प्रतिवेदनमा २५ एम.एम.को छडको बिल पेस भएको तर २५ एम.एम.को छड प्रयोग भएको नदेखिएको बिल अनुसारको निर्माण सामग्री प्रयोग भएको नदेखिएको भन्ने व्यहोरा उल्लेख भएको, इन्जिनियर सम्पत न्यौपानेको प्रतिवेदनमा भवनको गाह्रोको चौडाइ ९" हुनुपर्नेमा ४" मोटो मात्र पाइएको, भऱ्याङमा प्लास्टर र रेलिङ लगाउने कार्य नभएको, लागत इस्टिमेट अनुसार हालसम्म भएको कामको मूल्य रु.३३,५५,७७२।३८ मात्र रहेको तथा भवन निर्माण समितिका अध्यक्षले गरेको कामको मूल्य रु.१७,०३,९३७।३५ रहेको भन्नेसमेत व्यहोरा उल्लेख भएको र अदालतमा समेत उक्त कुरालाई पुष्टि गर्दै बकपत्र गरेको देखिन आएबाट प्रतिवादीहरूले रु.८,८२,०६२।६५ हिनामिना गरेको तथ्य सबुद प्रमाणहरूबाट पुष्टि हुन आएको देखिँदादेखिँदै सफाइ दिने गरी भएको फैसला कानूनी रूपमा त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

६०. गंगाधर शर्माको नाति उमाकान्त शर्माको छोरा जिल्ला कास्की सल्यान गा.वि.स., वडा नं. ६ स्थायी घर भई हाल जिल्ला काठमाडौं टोखा नगरपालिका वडा नं. ९, धापासी बस्ने सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय सुर्खेतका तत्कालीन डिभिजन प्रमुख वर्ष ५७ का विष्णुप्रसाद शर्मासमेत ५ जना ..........।

**मुद्दा : सम्झौता तथा मापदण्डविपरीत भवन निर्माण कार्य गरी गराई रकम भुक्तानी लिने दिने कार्य गरी भ्रष्टाचार गरेको।**

**फैसला मिति : २०७४।११।३०** **पुनरावेदन दर्ता मिति : २०७५।३।४**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : गुटु स्वास्थ्य चौकी, सुर्खेतको भवन निर्माण कार्य कन्ट्राक्टर मैनाचुली-सुरुची जे.भी., सव-कन्ट्राक्टर मजदुर कन्ट्रक्सनसँग सम्झौता गरी निर्माण भइरहेकोमा ठेकेदारले निर्धारित सर्त र मापदण्डविपरीतको निर्माण कार्यलाई सर्त तथा मापदण्डबमोजिम भएको भनी प्रमाणित गर्ने गराउने र नगरे नभएको कामको झुठा बिल भरपाई पेस गरी गराई पहिलो रनिङ बिलको मूल्य अभिवृद्धि करसहित रु.३०,४७,२७४।६२ भुक्तानी गर्ने गराउने कार्यमा संलग्न विष्णुप्रसाद शर्मा, तुलाराम तिवारी, शशिन्द्र घिमिरे, मनोजकुमार यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को खण्ड (ग) र (ङ) बमोजिमको कसुर गरेको हुँदा निजहरूलाई रु.२६,९६,७०३।२० जनही बिगो कायम सोही ऐनको दफा ८(१) बमोजिम जरिवाना, बिगो असुलउपर र कसुरको मात्राअनुसार कैद सजाय हुन निर्माण व्यवसायी राजविन्द्र प्रताप सापकोटाले सम्झौतामा निर्धारित सर्त र मापदण्डविपरीत निर्माण कार्य गर्ने गराउने र नगरेको कामसमेतको झुठा बिल भरपाईको रु.२६,९६,७०३।२० बिगो कायम सोही ऐनको दफा ८(४) बमोजिम कैद, बिगोबमोजिम जरिवाना र बिगो असुलउपर गरी पाउन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादी विष्णुप्रसाद शर्मा्ले इन्कारी बयान गरेको, प्राविधिकहरूको प्रतिवेदन एवं बिलको आधारमा भुक्तानीका लागि स्वीकृतिसम्म दिने कार्य गरेबाट निजको बदनियत रहेभएको मान्न मिल्ने अवस्था नदेखिएको, प्रतिवादी तुलाराम तिवारीले डिजाइन इस्टिमेट अनुसार भए नभएकोबारे आफ्नो जिम्मेवारीभित्र नपर्ने भएकोले दोष नरहेको भनी

इन्कारी बयान गरेको, सम्झौता एवं मापदण्डबमोजिम भवन निर्माण भएको हो वा होइन भन्ने विषयमा निरीक्षण एवं परीक्षणको दायित्व रहेको मान्न सकिने अवस्था रहे भएको नदेखिएको, नबनेको बिमको बिल भरपाई तयार गर्ने कार्यमा स्पष्ट रूपमा सहमति, सहभागिता र संलग्नता रहे भएको अवस्था प्रमाणित नभइकन सजाय गर्नु भनेको फौजदारी न्यायको मूलमन्त्रमाथि प्रहार गर्नु सरह हुन जाने, शशिन्द्र घिमिरे र मनोजकुमार यादवले फाउण्डेसनमा बिम बनाएको देखाई रु.२,५५,४०८।४१ प्रथम रनिङ बिलमा समावेश गरी बदनियतका साथ बढी रकमको बिल भरपाई बनाई सिफारिस गरी जिम्मेवारी र ओहदाको मर्यादाविपरीत गैरकानूनी रूपमा नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको देखिएको, प्रतिवादी राजविन्द्र प्रताप सापकोटाले भवन निर्माण गर्नुपर्दा राख्नुपर्ने फाउण्डेसन बिम नै नराखी सो बापत प्रथम रनिङ बिलमा रकम समावेश गर्ने गराउने कार्य गरेबाट निजको बदनियत नरहेको मान्न सकिने अवस्था देखिन नआएको, बिगोको हानि नोक्सानी सम्बन्धमा आरोप दाबीमा **Foundation Beam** नराखी भवन निर्माण गरेको भन्नेबाहेक अरू निर्माण कार्य यो यस्तो नबनाएकोले हानि नोक्सानी यति भएको वा भवन नै काम नलाग्ने अवस्थामा रहेको छ भनी प्रस्ट दाबी लिन नसकेबाट वास्तविक हानि नोक्सानी भएको **Foundation Beam** बापतको रु.२,५५,४०८।४१ मात्र देखिएको हुँदा सोही रकम नै बिगो कायम गर्नुपर्ने देखिई आरोप दाबीबमोजिम रु.२६,९६,७०३।२० बिगो कायम गर्न न्यायोचित देखिन नआएकोमा बिगो रु.२,५५,४०८।४१ राजस्व दाखिला भइसकेको देखिंदा बिगो जफत गरिरहनु नपर्ने भनी प्रतिवादीहरू शशिन्द्र घिमिरे, मनोजकुमार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को खण्ड (ग) र (ङ) बमोजिमको कसुरमा दफा ८(१) बमोजिम जनही ३ महिना कैद र रु.२,५५,४०८।४१ जरिवाना हुने र राजविन्द्र प्रताप सापकोटालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम बिगो रु.२,५५,४०८।४१ कायम गरी ३ महिना कैद र बिगो रु.२,५५,४०८।४१ जरिवाना ठहर भएको तर प्रतिवादी विष्णुप्रसाद शर्मा र तुलाराम तिवारीलाई बिगो मागदाबी कम ठहर्ने गरी आरोप दाबीबाट सफाइ दिने फैसलामा मिसिल अध्ययन गरी हेर्दा भुक्तानीको सिफारिस गर्ने तुलाराम तिवारी, बिल स्वीकृत गरी भुक्तानी गर्ने विष्णुप्रसाद शर्माले आफूखुसी मनासिव कारण बिना निर्धारित सर्त र मापदण्डविपरीत **Foundation Beam** समेत नराखी भवन निर्माण गरी गराई झुठा बिल भरपाई बनाई पेस गरी गराई भुक्तानी लिनेदिने कार्य गरी गराई बदनियतपूर्ण कार्य गरेको पुष्टि हुन आएको तथ्य मिसिल संलग्न प्रमाण कागजातहरूबाट पुष्टि भएकोमा प्रतिवादीहरू शशिन्द्र घिमिरेसमेतलाई मागदाबीभन्दा कम बिगो ठहर, केही प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसलामा प्रमाणको उचित मूल्यांकन नहुनुका साथै फौजदारी कानूनका स्थापित मूल्य, मान्यता र भ्रष्टाचार निवारण ऐन, २०५९ को कानूनी व्यवस्थाविपरीत भई उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

६१. मघवीर साहको नाति बलदेव साहको छोरा महोत्तरी जिल्ला सिस्वाकहैया वडा नं. ७ घर भई हाल सर्लाही मलंगवा न.पा. वडा नं. ४ बस्ने जिल्ला विकास समितिको कार्यालय सर्लाहीमा सब-इञ्जिनियर पदमा कार्यरत वर्ष ५१ को रामबाबु साह ..........................................................................................।

**मुद्दा : भ्रष्टाचार (घुस/रिसवत) ।**

**फैसला मिति : २०७४।१२।१५** **पुनरावेदन दर्ता मिति : २०७५।३।१०**

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादी रामबाबु साहले बाँकेखोला नदी नियन्त्रण समितिको निर्माण कार्यको रकम भुक्तानी दिने क्रममा सेवाग्राही एकविक्रम थापासँग रु.२०,०००।- घुस/रिसवत लिएको पुष्टि भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिम रु.२०,०००।- बिगो कायम गरी सजाय हुन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा अदालतको आदेशानुसार पेस भएको सि.डि. लेखबद्ध गरिएको कागज व्यहोरामा प्रतिवादी र उजुरकर्ताबीच रकम लेनदेनका सम्बन्धमा केही कुरा उल्लेख भएको पाइएन, उजुरकर्ता एकविक्रम थापाले आफ्नो खल्तीमा रकम राखी दिएको र त्यसैबखत अख्तियारको टोलीले रकम झिक्न र गन्न लगाई भिडियो तयार गरेको भनी रामबाबु साहले बयान व्यहोरा लेखाएको, मौकाको सि.डि.को व्यहोराबाट प्रतिवादीले उजुरीकर्ताबाट रु.२०,०००।- माग गरेको र स्वेच्छापूर्वक लिएको भन्ने भनाइ खण्डित भएको एवं उजुरीकर्तासँग सम्बन्धित काम प्रतिवादीकातर्फबाट सम्पन्न गरी लेखा शाखाबाट चेक बनाएर भुक्तानी लिने कामसम्म बाँकी रहेको अवस्था हुँदा काममा ढिला गरेर रकम मागेको कुरा विश्वासलायक देखिएन भन्ने समेतको आधार लिई प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसलामा मिसिल अध्ययन गरी हेर्दा रामबाबु साहले

अन्तिम भुक्तानी लिने क्रममा रु.२०,०००।- रिसवत/घुस माग गरेकाले कारबाही गरी पाउँ भन्नेसमेत व्यहोराको एकविक्रम थापाको उजुरी अनुसार आयोगले रिसवत/घुस दिने प्रयोजनका लागि रु.२०,०००।- उपलब्ध गराएको, आयोगबाट खटिएको टोलीबाट प्रतिवादीको कार्यकक्षभित्र शरीर खानतलासी गर्दा निजको पाइन्टको बायाँ खल्तीबाट उजुरीकर्ताबाट बुझिलिएका रु.२०,०००।- का नोट बरामद भएको भन्नेसमेत व्यहोराको खानतलासी/बरामदी मुचुल्कामा प्रतिवादीले सहीछाप गरेको र उजुरवाला एकविक्रम थापाले उक्त रकम मलाई दिएका हुन् भनी आफ्नो साथबाट बरामद भएको रकम घुस बापत लिएको ठीक साँचो हो भनी बयानसमेत गरेको । म कार्यालयमा पुग्दा रामबाबु साहलाई गोजीको सबै पैसा निकाल्न भनियो, उहाँले पैसा निकाल्नु भएपछि पैसाको फोटोकपी र निकालिएको पैसा एउटै नम्बर भएको पाइएको भन्नेसमेत व्यहोराको स्थानीय विकास अधिकारी रामप्रसाद वाग्लेले गरेको कागज, बरामदी मुचुल्का, प्रतिवादीको साबिती बयान, निवेदकको बकपत्रसमेतलाई प्रमाणको रूपमा नलिई प्रतिवावादीले अदालतमा गरेको झुठा बयानलाई आधार लिई भएको फैसला खण्डनीय भई त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

६२. जिल्ला सप्तरी साबिक मोहनपुर गा.वि.स. वडा नं. ४ हाल शम्भुनाथ नगरपालिका ५ मोहनपुर बस्ने भोज चौधरीको नाति दशन चौधरीको छोरा राष्ट्रिय आवास कम्पनी लि.का तत्कालीन महाप्रबन्धक वर्ष ५५ को कृष्णदेव चौधरीसमेत १४ जना .........................................................................................।

**मुद्दा : राष्ट्रिय आवास कम्पनी लि.(सार्वजनिक संस्था) लाई हानि नोक्सानी गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।१०।८** **पुनरावेदन दर्ता मिति २०७५।३।१०**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : राष्ट्रिय आवास कम्पनी लिमिटेडको नाउँमा नवलपरासी, दाउन्नेदेवी गा.वि.स. बर्दघाट-त्रिवेणी जाने पक्की बाटोको छेउमा रहेको दाउन्नेदेवी गा.वि.स. ९(घ) को कि.नं. ११ र १२ को जग्गा हानि नोक्सानी पुऱ्याई बिक्रीको निर्णय गर्ने नरेश चौधरी, नागेश्वरप्रसाद चौधरी र रत्नबहादुर थापा, उमेशप्रसाद साह, हरिकृष्ण घिमिरे तथा खडानन्द तिवारीले जग्गाको जोतभोगकर्ता सम्बन्धमा स्थलगत सर्जमिन कार्यालयमै तयार गरेको, विष्णुप्रसाद अर्यालले स्थलगत सर्जमिन नगरी सिफारिस तयार गरेको र केशव तिवारीले नक्कली जोतभोगकर्ता सिफारिस गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेकोले बिगो रु.६८,५१,०००।- र बिगो असुलउपर गरी सोही ऐनबमोजिम हदैसम्मको सजाय हुन तथा नक्कली जोतभोगकर्ता रामवृक्ष केवट र शोभाकर भुसालले सोही ऐनको दफा ८(४) बमोजिम बिगो रु.६८,५१,०००।- कायम गरी सजायको मागदाबीका साथै ऐ कि.नं. ५८ र ६७ का जग्गा बिक्रीमा संलग्न कृष्णदेव चौधरी, नागेश्वरप्रसाद चौधरी र रत्नबहादुर थापा, नारायणप्रसाद घिमिरेले नक्कली जोतभोगकर्ता खडा गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेकोले बिगो रु.८३,६०,०००।- कायम गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुलउपर गरी सजाय हुन र नक्कली जोतभोगकर्ताहरू किंकरप्रसाद दुवे र अशोककुमार चौधरीले दफा ८(४) बमोजिमको कसुरमा बिगो रु.८३,६०,०००।- कायम गरी सजाय गरी पाउन साथै नरेश चौधरी र कृष्णदेव चौधरीको हकमा थप सजाय हुनसमेत आरोपपत्र दायर गरिएकोमा उजुरीको दाबीमा उल्लेख भए जस्तो हानि नोक्सानी पुऱ्याउने कार्य गरे नगरेको सम्बन्धमा स्वतन्त्र रूपमा सत्यतथ्य पत्ता लगाउने उद्देश्यले गठित छानबिन कमिटीले सबै कोणबाट अध्ययन गरेर प्रतिवेदन पेस नगरेको, वादी पक्षले सो प्रतिवेदनका मानिसहरूलाई साक्षीको रूपमा अदालतमा उपस्थित गराउन नसकेको, विवादित कित्ता जग्गाहरू खोलाको किनारमा रहेको र जग्गामाथि हाइटेन्सन बिजुलीको तार रहेको लगायतका प्रतिवादीहरूले अदालतमा गरेको बकपत्रद्वारा वादी कथन खण्डित हुन आएको, विवादित जग्गाहरू अब्बल दर्जाका जग्गाहरू भएको पुष्टि हुन नसकेको र गुणस्तर नभएको अवस्थामा बढी मूल्यमा लिलाम गर्न सकिन्थ्यो भनी अनुमान गर्नु काल्पनिक हुने र वास्तविक मूल्यभन्दा कम मूल्यमा बिक्री गरे भनी दाबी गर्दैमा प्रतिवादीहरूले लापरबाहीपूर्वक कार्य गरेका थिए भनी मान्न मिल्ने नदेखिने, कम मूल्यमा बिक्री गर्दा के कस्तो व्यक्तिगत लाभ प्राप्त गरे वा के कस्तो बदनियत रहेको थियो भन्ने सम्बन्धमा आरोपपत्र मौन रहेको भनी सफाइ दिने गरी भएको फैसलामा मिसिल अध्ययन गरी हेर्दा दाउन्नेदेवी गा.वि.स. वडा नं. ९(घ) कि.नं. ११, १२, ५८ र ६७ को जग्गाको साबिक नक्सा र फिल्डबुकमा जोताहाको महलमा जंगलपर्ती जनिएको र कैफियत महलमा श्री ५ को सरकारको नाममा दर्ता भएको नापी कार्यालय नवलपरासीको पत्रबाट देखिएको उक्त जग्गा दाबी गर्न सार्वजनिक सूचना प्रकाशित भएकोमा कसैको हकदाबी नपरेको, शोभाकर भुसाल, रामवृक्ष केवट,

अशोककुमार चौधरी र किंकरप्रसाद दुवेको जोतभोग रहेको झुठा प्रमाणबाट जग्गा बिक्री गरेको मौकामा बुझिएका व्यक्तिहरूको कागज व्यहोराबाट देखिएकोमा सरकारी सम्पत्ति हिनामिना गर्ने निज प्रतिवादीहरूको कसुरको सम्बन्धमा मौकामा कागज गरिदिने साक्षीहरूलाई अ.ब. ११५ नं. बमोजिम बुझिनु आवश्यक देखिएकोमा सो प्रक्रिया समेतलाई अनदेखा गरी प्रतिवादीहरूलाई सफाइ दिएकोमा प्रतिवादीहरूले बिक्री गरेको उल्लिखित जग्गाको सम्बन्धमा अनिल बुढाथोकीको संयोजकत्वको छानबिन समितिले पेस गरेको प्रतिवेदनमा कम्पनीले प्रक्रिया पूरा गरी आफ्नो नाउँमा जग्गाधनी दर्ता प्रमाण पुर्जा प्राप्त गरेकोमा नक्कली जोतभोग खडा गरी कम मूल्यमा जग्गा बिक्री गरेको बदनियतपूर्ण देखिँदादेखिँदै सफाइ दिएको, सञ्चालक समितिको निर्णय बिना निर्णय भएको भनी बिक्री गर्न स्वीकृति गरेको, योजना कार्यालय नवलपरासीबाट आर्थिक वर्ष २०६७/६८ को वार्षिक कार्यक्रम तर्जुमा गर्दा उक्त जग्गा सम्याई व्यवस्थापन गर्न केन्द्रीय कार्यालयमा सिफारिस गरेकोसमेत व्यहोरा प्रतिवेदनलाई फैसलाले अनदेखा गर्न मिल्ने होइन । प्रतिवेदकमध्येका अनिलबहादुर बुढाथोकी स्वयंले अदालतसमक्ष प्रतिवेदन व्यहोरा पुष्टि गरिदिएकोमा प्रमाण ऐन, २०३१ को दफा १८ र २० बमोजिम प्रतिवेदनलाई प्रमाणमा लिइनुपर्नेमा प्रतिवेदनमाथि नै फैसलाले मनोगत प्रश्नहरू सिर्जना गरी सफाइ दिएको फैसला त्रुटिपूर्ण देखिंदा बदरभागी रहेको छ ।

६३. देवीप्रसाद भट्टराईको नाति थिरलाल भट्टराईको छोरा जिल्ला रूपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं.८ स्थायी ठेगाना भई हाल जिल्ला पाल्पा जुठापौवा गाउँ विकास समितिका गा.वि.स. सचिव वर्ष ५६ को शालिकराम भट्टराई ........................................................................................।

**मुद्दा : सामाजिक सुरक्षा भत्ता हिनामिना गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति :** २०७४।१२।१९ **पुनरावेदन दर्ता मिति :** २०७५।३।१८

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादी शालिकराम भट्टराईले रूपन्देही मानपकडी गा.वि.स.को कार्यालयमा गा.वि.स. सचिवको हैसियतमा कार्यरत रहँदा निजकै कार्यकालमा मृत्युदर्ता प्रमाणपत्र जारी गरिसकेका मृतकहरू नन्दप्रसाद थारुसमेतको नाम सामाजिक सुरक्षा भत्ता लगत रजिष्टरमा पुनः सारी गलत विवरण तयार गरी मृतकहरूको नाममा सामाजिक सुरक्षा भत्ता निकासा गरी सो रकम आफैंले बुझी खाई मासी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेकोले बिगो रु.१,०२,५००।- कायम गरी जरिवाना एवं सजाय हुन र हिनामिना गरेको बिगो रकम असुलउपर हुनका साथै सोही ऐनको दफा ९ र दफा १२ बमोजिम थप सजाय हुन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादी शालिकराम भट्टराईलाई सोही ऐनको दफा ३ र ३(१)(घ) बमोजिम ६ महिना कैद, दफा ९ बमोजिम ३ महिना कैद र रु.१०,०००।- जरिवाना हुने र बिगो दाखिला भइसकेको हुँदा भराइरहनु नपर्ने गरी भएको फैसलामा मिसिल अध्ययन गरी हेर्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको हकमा सोही ऐनको दफा ३ र ३(१)(घ) बमोजिम सजाय हुन मागदाबी लिइएकोमा प्रतिवादी शालिकराम भट्टराईलाई ६ महिना कैद सजाय मात्र गरी बिगोबमोजिम जरिवाना नगर्ने गरी भएको हदसम्मको फैसला कानूनी रूपमा त्रुटिपूर्ण साथै सरुवा भई जाँदा सामाजिक सुरक्षा भत्ता वितरण गरेका भरपाई कागजातहरू बरबुझारथ नगरी बदनियतपूर्वक आफूविरुद्धका प्रमाणहरूसमेत लोप गराउने कार्य गरेको सम्बन्धमा मागदाबीबमोजिमको कसुर ठहर हुने, नहुनेतर्फ नबोली भएको उक्त फैसला कानूनी रूपमा त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

६४. सिरहा जिल्ला तेनुवापट्टी गा.वि.स. वडा नं. २ हाल ऐ वरियारपट्टी गाउँपालिका वडा नं. ४ तेनुवापट्टी टोल स्थायी ठेगाना भएका परमेश्वर यादवको नाति रामनारायण यादवको छोरा सेक्टर वन कार्यालय मैनापोखर बर्दियामा कार्यरत वर्ष ४३ को फरेष्टर शिवकुमार यादव ..............................................।

**मुद्दा : घुस रिसवत लिई भ्रष्टाचार गरेको ।**

**फैसला मिति :** २०७५।१।१३ **पुनरावेदन दर्ता मिति :** २०७५।३।१९

**पुनरावेदनको संक्षिप्त व्यहोरा :** प्रतिवादी शिवकुमार यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुर गरेको देखिएकोले निजलाई बिगो रु.७०००।- कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१)(क) बमोजिम जरिवाना र कैदको सजाय हुन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीले घुस लिनेखाने प्रयोजनका लागि निवेदकबाट रकम लिएको, चन्द्रेश्वर सिंहलाई घुस रिसवत बापत निवेदकले रकम दिन भनेको भन्ने जानकारीसहित रकम बुझेको भन्ने पुष्टि नभएको, बरामद भएको भनिएको रकम निवेदकले निजलाई दिएको

हो वा निजकी श्रीमतीलाई दिएको हो सो कुरा पनि निर्विवाद रूपमा पुष्टि हुन नसकेको र मुद्दाको अनुसन्धान प्रारम्भ हुँदाका बखत संकलित सबुद प्रमाणको अतिरिक्त अदालतबाट बुझिएका प्रमाणबाटसमेत प्रतिवादीले घुस रिसवतबापत निवेदकसँग रकम लिएखाएको भन्ने कसुर शंकारहित तवरबाट पुष्टि हुन सकेको नदेखिँदा कसुर गरेको देखिन आएन । बरामद भएको रु.७०००।- प्रतिवादी शिवकुमार यादवकी श्रीमतीको कालो ब्यागबाट बरामद भएको भन्ने कुरामा विवाद नभए पनि बब्लु कबडियाले आयोगमा कागज तथा अदालतमा बकपत्र गर्दासमेत उक्त रकम चन्द्रेश्वर सिंहलाई दिनका लागि दिएको भनी लेखाएकोमा चन्द्रेश्वर सिंह उपर अभियोजन नै नगरिएको र वारदात मितिपूर्व नै प्रतिवादी सरुवा भइसकेको देखिँदा निजले आरोप दाबीबमोजिमको कसुर गरेको भन्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकेकोले प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ भन्ने फैसलाका सम्बन्धमा मिसिल अध्ययन गरी हेर्दा शिवकुमार यादवसमेतले काठमा टाँचा निशाना लगाउन घुस रिसवत रकम माग गरेकोले बब्लु कबडियाको निवेदनको आधारमा आयोगको कार्यालय कोहलपुरबाट रु.७०००।- रकम उपलब्ध गराइएकोमा सेक्टर वन कार्यालय मैनापोखरा बर्दियाको निवास भवनको पूर्वतर्फ रहेको शौचालयको पूर्व खोल्साको छेउको झाडीमा कालो लेडिज ब्याग (झोला) लुकाई राखेको अवस्थामा फेला परेको र उक्त झोला शिवकुमार यादवले आफ्नी श्रीमतीको हो भनी बताएको हुँदा रीतपूर्वक खानतलासी लिंदा निवेदकसँग लिएको घुस रिसवतको रकम रु.७०००।- समेत बरामद भएको भन्ने कुरा बरामदी मुचुल्का, प्रतिवेदनको व्यहोरा, वादी पक्षका साक्षीहरू तथा निवेदकले अदालतमा गरेको बकपत्रबाट समेत पुष्टि भएको देखिन्छ । बरामद रकम शिवकुमार यादवलाई दिएको हो भनी बकपत्र समेतबाट शिवकुमार यादव उपरको अभियोजन दाबी निर्विवाद रूपमा पुष्टि हुनुका साथै बब्लु कबडिया र शिवकुमार यादव तथा चन्द्रेश्वर सिंहबीचमा मोबाइल संवाद रेकर्ड, घुस रिसवत उपलब्ध गराउँदाको संवादको अडियो रेकर्ड, खानतलासी लिंदा खिचिएका भिडियो तथा फोटोहरूसमेतबाट प्रतिवादी शिवकुमार यादवले घुस रिसवत लिएको तथ्य पुष्टि भएको अवस्थामा प्रमाणहरूको मूल्यांकन नगरी सफाइ दिने गरी भएको फैसला प्रत्यक्ष रूपमा कानूनी त्रुटिपूर्ण देखिंदा बदरभागी रहेको छ ।

६५. जिल्ला चितवन, भरतपुर उपमहानगरपालिका वडा नं. ७, कृष्णपुर स्थायी ठेगाना भएका शशिधर खरेलको नाति लक्ष्मीकान्त खरेलका छोरा वर्ष ४४ को जिल्ला कृषि विकास कार्यालय कालीकोटका तत्कालीन कार्यालय प्रमुख हाल जिल्ला कृषि विकास कार्यालय अर्घाखाँचीका कार्यालय प्रमुख योगप्रसाद खरेलसमेत ४ जना .....।

**मुद्दाः- झुठा बिल भरपाई पेस गरी गराई भुक्तानी लिनेदिने कार्य गरी भ्रष्टाचार गरेको।**

**फैसला मिति : २०७४।१२।२७** **पुनरावेदन दर्ता मिति : २०७५।३।१९**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रस्तुत मुद्दामा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र ८(१)(ङ) को कसुर गरेको देखिएकोले बाली संरक्षण अधिकृत प्रकाश पाण्डेलाई बिगो रु.१,२७,०००।- ना.प्रा.स. दिनेश खत्रीलाई बिगो रु.२,५०,०००।- कार्यालय प्रमुख योगप्रसाद खरेल र सहलेखापाल टोपेन्द्रध्वज हमाललाई बिगो रु.८,७७,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम कैद र जरिवाना सजाय तथा प्रतिवादीहरूले रु.७,७७,०००।- दाखिला गरिसकेकाले बाँकी रु.१,००,०००।- दामासाहीले असुलउपर गरी पाउन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादीहरूले केही प्रक्रियागत त्रुटि गरेको देखिए तापनि मौरीघारसमेतका कार्यहरू भएको, अनुसन्धानको क्रममा राजस्व जम्मा गर्दैमा स्वतः कसुरदार ठहऱ्याई सजाय गर्न फौजदारी न्यायको मान्य सिद्धान्तले समर्थन नगर्ने अन्य स्वतन्त्र प्रमाणबाट बिना राजस्व जम्मा गरेको आधारमा मात्र कसुरदार ठहऱ्याउन न्यायोचित नहुने, अभियोजन पक्षले मौरी गोलासहित घार खरिदसमेत गरेको नक्कली बिल भरपाईहरू बनाई पेश्की फछ्र्यौट एवं रकम भुक्तानी गरी भ्रष्टाचार गरेको शंकारहित तवरबाट प्रमाणित गर्न सकेको देखिंदैन भन्ने लगायत अन्दाज, आशंका र अनुमानको आधारमा मात्र निज आरोपितलाई कसुर गरेको ठहऱ्याउन फौजदारी न्यायको शंकाको सुविधा अभियुक्तले पाउने भन्ने सिद्धान्तले अनुमति प्रदान नगर्ने हुँदा प्रतिवादीहरूले सफाइ पाउने फैसलाका सम्बन्धमा विभिन्न कार्यको झुठा बिल भरपाई पेस गरी भुक्तानी गरेको जम्मा रु.८,७७,०००।- मध्ये सजायबाट उन्मुक्ति पाउने उद्देश्यले रु.७,७७,०००।- अनुसन्धानकै क्रममा दाखिला गरी प्रक्रियागत त्रुटि गरेको कुरालाई स्वयं अदालतले समेत स्वीकार गरेको देखिंदा प्रतिवादीहरूले आरोपित कसुर अपराध गरेको तथ्य अझ गम्भीर रूपमा स्थापित भएको हुँदा मिसिल

संलग्न प्रमाणहरूको विश्लेषण नगरी प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

६६. जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं. ४ बस्ने स्व. टंकनाथ पोखरेलको नाति फणीन्द्रराज पोखरेलको छोरा हाल जिल्ला भक्तपुर मध्यपुर ठिमी-१६ डेरा गरी बस्ने तत्कालीन यातायात व्यवस्था विभाग मीनभवन काठमाडौंका प्राविधिक निर्देशक उपसचिव (प्रा.) वर्ष ४८ का नवीनकुमार पोखरेल ............................।

**मुद्दाः- घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७४।१२।८** **पुनरावेदन दर्ता मिति : २०७५।३।३१**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : प्रतिवादी नवीनकुमार पोखरेलले भारतको एभन साइकल लिमिटेडबाट इलेक्ट्रिकल स्कुटर आयात गर्ने प्रयोजनका लागि रु.१,८०,०००।- घुस रकम उजुरी निवेदकहरूबाट लिएको तथ्य प्रमाणहरूबाट पुष्टि हुन आएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिम बिगो रु.१,८०,०००।- कायम गरी जरिवाना र कैद सजाय गरी पाउन मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा प्रतिवादी र निवेदकहरूका बीच रकम लिनेदिने भनी परस्परमा संवाद भएको देखिने वारदात मिति र समयभन्दा अगाडिको सिडिलगायतका कुनै प्रमाण पेस हुन नसकेको, प्रतिवादीले निवेदकहरूसँग रकम माग गरेको कुरा अस्वीकार गरेको लगायत घुस रकम माग गरेको भन्ने वस्तुनिष्ठ तवरले पुष्टि हुन नसकेको, खानतलासी मुचुल्का व्यहोराबाट रु.१,८०,०००।- प्रतिवादीको कोटको खल्तीमा फेला परेको हो वा सोफामा सो नै संदिग्ध देखिएको, प्रतिवादीले बरामदी व्यहोरालाई इन्कारी बयान गरेको, प्रतिवादीका साक्षीले आयोगको टोलीबाट रकम राखी प्रतिवादीलाई बलपूर्वक सोफामा बसाली निजबाट बरामद भएको भनी बकपत्र गरेको, वादी पक्षकै साक्षीको बकपत्रबाट पनि प्रतिवादीको कोटबाट रकम बरामद भएको भन्ने व्यहोरा पुष्टि हुन नसकेको, रकम के कसरी सोफामा रहन पुग्यो भन्ने विषय स्पष्ट हुन नसकेको, कार्यालय समयमा मानिसहरूको निरन्तर आवागमन हुने ठाउँमा त्यति ठूलो रकम प्रतिवादीले लिएको भनी विश्वस्त हुने अवस्था नभएको, प्रतिवादीको **Phenolphthalein** टेष्ट नगरिएको, पोलिग्राफ परीक्षणलाई प्रमाण मानी कसुरदार मान्न मनासिव हुने नदेखिने भनी सफाइ दिने गरी भएको फैसलामा मिसिल अध्ययन गर्दा सेवाग्राहीमध्येका निवेदक सागर रेग्मीले नवीनकुमार पोखरेलले घुस रिसवत माग गरेको र निजलाई घुस दिने प्रयोजनले रु.१,८०,०००।- आयोगबाट लिई उक्त रकम निजकै हातमा दिएको हुँ, आयोगको टोलीले पक्राउ गर्ने क्रममा कोटको खल्तीबाट झिकी फालिदिएका हुन्, सोही अवस्थामा रकम बरामद भएको हो भनी स्पष्ट खुलाई दिएको देखिएको साक्षी संरक्षण लगायत विविध कारणबाट भ्रष्टाचारका विषयमा उजुरी गर्ने र साक्षीको रूपमा अदालतमा बकपत्रका लागि उपस्थित हुनु चुनौतीपूर्ण नै देखिएको अवस्थामा भ्रष्टाचार घुस रिसवत जस्तो गम्भीर कसुरमा नबुझी नहुने साक्षीको रूपमा रहेका प्रस्तुत मुद्दाका निवेदक सेवाग्राहीलाई मुलुकी ऐन अ.बं. ११५ नं. बमोजिम झिकाई बुझ्नुपर्नेमा सो प्रक्रिया नै अवलम्बन नगरी घुस रकमसहित पक्राउ परेका प्रतिवादीलाई सफाइ दिएको फैसला न्यायसंगत नहुनुका साथै निवेदक सागर रेग्मीले मौकामा गरेको कागज व्यहोरालाई साक्षीको रूपमा पेस भएका विश्वकुमार कार्की, रमेश सापकोटा, कुमार श्रेष्ठ, इन्द्रप्रसाद भट्टराईसमेतले गरिदिएको बकपत्र व्यहोराको मूल व्यहोरा हेर्दा प्रतिवादीले घुस लिई सोफामा फालेको भन्ने नै देखिएकोमा पेस भएका साक्षीहरूले गरिदिएको मुख्य व्यहोराबाट प्रतिवादी नवीनकुमार पोखरेलले घुस रकम लिई कसुरबाट उन्मुक्ति पाउने दुराशयबाट मुद्दाको गुणात्मकतामा छिद्र खडा गर्न निजले आफ्नो साथमा रहेको घुस रकम सोफामा फालेको भन्ने पुष्टि हुँदाहुँदै सफाइ दिएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

६७. प्रतिवादी नरप्रसाद रेग्मीको नाति पुण्यप्रसाद रेग्मीको छोरा साबिक मोरङ जिल्ला विराटनगर उपमहानगरपालिका वडा नं. ४ हाल विराटनगर उपमहानगरपालिका वडा नं. ३ घर भई हाल मालपोत कार्यालय डिल्लीबजारमा कार्यरत मालपोत अधिकृत शालीग्राम रेग्मीसमेत ३ जना ..........................................।

**मुद्दा :- राजस्व छली तथा गलत लिखत तयार गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७५।१।१२** **पुनरावेदन दर्ता मिति : २०७५।३।२५**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : काठमाडौं जिल्ला टोखा न.पा. वडा नं. १२ को कि.नं. ५८,४०४,४०७ र ४०८ को नारायणदेवी मानन्धरसमेतको नाममा दर्ता कायम भएको जग्गा डा. त्रिरत्न मानन्धरसमेतको संयुक्त नाममा हालसाबिक नामसारी निर्णय गरी मालपोत कार्यालय डिल्लीबजारले जग्गाको वर्ग फरक पारी नयाँ गलत

स्रेस्ता तयार गरी नियमानुसार ३४८४.६५ वर्गमिटर जग्गाको राजीनामा लिखत पास गर्दा 'ग' वर्ग अनुसार प्रतिआना रु.७,००,०००।- को दरले रु.७,७०,००,०००।- थैली अंक कायम भई पुँजीगत लाभकर रजिष्ट्रेसन शुल्कसमेत जम्मा राजस्व रु.४४,५५,०००।- दाखिला हुनुपर्नेमा 'ङ' वर्ग कायम गरी प्रतिआना रु.३,००,०००।- को दरले रु.३,२९,००,०००।- मात्र थैली अंक कायम गरी रु.१८,१०,०००।- मात्र राजस्व दाखिला गरी रु.२६,४५,०००।- घाटा पुऱ्याएको, उजुरी परेपछि छुट भएको राजस्व भनी रु.२६,४०,०००।- पछि दाखिला गरी राजस्वमा घाटा पुऱ्याउने र व्यक्तिगत रूपमा फाइदा लिने बदनियतका साथ राजस्व निर्धारण र परीक्षण गर्दा हेर्नुपर्ने कागजात नहेरी, घटी राजस्व निर्धारण गर्ने कार्यमा संलग्न ना.सु. पार्वतीरमण खनाल, मालपोत अधिकृत शालीग्राम रेग्मीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन र पक्की मोटरबाटोलाई कच्ची भनी गलत लिखत तयार गर्ने टोखा न.पा. वडा नं. १२ का वडासचिव मधुसूदन मिश्रलाई ऐ ऐनको दफा ९ बमोजिम सजाय हुनसमेत मागदाबी लिई अभियोगपत्र दायर भएकोमा पार्वतीरमण खनाल, शालीग्राम रेग्मी, दुर्गाप्रसाद काफ्ले, जाएश्वर काफ्ले र सुरेश भट्टराईको हकमा आरोपपत्र मागदाबी बमोजिमको कसुर ठहर गरेको तर प्रतिवादीद्वय पार्वतीरमण खनाल र शालीग्राम रेग्मीले रु.२६,४५,०००।- घटी राजस्व उठाई उजुरी परेपछि छुट भएको भनी रु.२६,४०,०००।- पछि दाखिला गरेकोमा रु.५०००।- राजस्व रकम असुल हुन बाँकी नै रहेकोमा राजस्व दस्तुर बापतको रु.२६,४५,०००।- दाखिला भइसकेको देखिंदा बिगो भराइरहन परेन भनी भएको फैसला असुलउपर नगरेको हदसम्म प्रतिवादी पार्वतीरमण खनाल र शालीग्राम रेग्मीको हकमा उक्त फैसला खण्डनीय भई त्रुटिपूर्ण हुनुका साथै टोखा नगरपालिका वडा नं.१२ को तत्कालीन वडासचिव मधुसूदन मिश्रले जग्गाको हालसाबिक नामसारीका लागि घरबाटो सिफारिस गरेको आधारमा जग्गा खरिद बिक्री जग्गाको **Valuation** गरी राजस्व घटी उठाउने कार्य सम्पन्न भई भ्रष्टाचारजन्य कसुर भएकोमा निजको सिफारिस पत्रको आधारमा सरकारलाई कुनै राजस्व हानि नोक्सानी नभएको तर्क उठाई सफाइ दिएको हदसम्म उक्त फैसला भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ को व्याख्या एवं प्रमाणको मूल्यांकनको रोहबाट त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

६८. जिल्ला सिरहा माडर गा.वि.स. वडा नं. ४ बस्ने रूपचन्द दास तत्माको छोरा हाल सिरहा जिल्ला पिप्रा प्र.पी. गा.वि.स.का सचिव वर्ष ५४ को सोन्फीदास तत्मा ..........................................................।

**मुद्दा : सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको ।**

**फैसला मिति : २०७५।२।२४ पुनरावेदन दर्ता मिति : २०७५।३।३२**

**पुनरावेदनको संक्षिप्त व्यहोरा** : गा.वि.स. सचिव सोन्फीदास तत्मा र मुखिया अशोककुमार यादव भएको सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दामा प्रतिवादी सोन्फीदास तत्मालाई कम बिगो र सजाय ठहर गरी भएको फैसलामा औरही गा.वि.स. सिरहाका तत्कालीन सचिव सोन्फीदास तत्माले मुखिया अशोककुमार यादवसँग मिलोमतो गरी आ.व. २०६३/६४ देखि आ.व. २०६७/६८ सम्म ज्येष्ठ नागरिक, अपाङ्ग, एकल महिलासमेतको सामाजिक सुरक्षा भत्ता, विद्युतीकरण अनुदान, बिना दरबन्दी मुखिया नियुक्ति गरी लिएको तलबभत्ता मिलेमतोमा हिनामिना हानि नोक्सानी गरेको कसुरमा अशोककुमार यादवले आ.व. २०६६/६७ देखि २०६७/६८ सम्म मृत्यु भइसकेका समेत जम्मा १८७ जनाको झुठा औंठाछाप आफैंले लगाई भरपाई तयार गरी रु.३,६४,६००।- हानि नोक्सानी गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा बिगो रु.३,६४,६००।- जरिवाना र कैद सजाय मागदाबी गरिएकोमा मागदाबीबमोजिम कसुर ठहर गरी बिगोबमोजिम रु.३,६४,६००।- जरिवाना र ६ महिना कैद ठहर गरेको तर सोन्फीदास तत्मालाई सोही ऐनको दफा १७ को कसुरमा बिगो रु.१९,५४,८९४।३० जरिवाना र कैद सजाय मागदाबी लिइएकोमा जम्मा रु.८,२३,३०४।१५ हानि नोक्सानी गरेको देखिंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा दफा ३(१)(ङ) बमोजिम १ वर्ष ६ महिना कैद र रु.८,२३,३०४।१५ मात्र जरिवाना हुने ठहर गरी मागदाबीभन्दा कम बिगो ठहर्ने गरी भएको फैसलामा मिसिल संलग्न आधार प्रमाणहरू हेर्दा जिल्ला विकास समितिको कार्यालय, सिरहाका इन्जिनियर रमेशकुमार निधिले पेस गरेको स्थलगत निरीक्षण प्रतिवेदन अनुसार ग्रामीण विद्युतीकरणका लागि लागत अनुमान रु.३९,७८,७५५।- मध्ये भएको कामको मूल्यांकन हुँदा रु.१३,३१,७९२।- को कार्य भएको सोन्फीदास तत्माले लिएको पेश्की रु.३,००,०००।-, ऐ. गा.वि.स. बस्ने

मनोजकुमार यादवको नामको पेश्की रु.५०,०००।-, उपभोक्ता समितिका अध्यक्ष वोधराम दास यादवको नामको पेश्की रु.२,९०,४१०।- र नन्दनी इन्टरप्राइजेज मिर्चैयाको नाममा पेश्की स्वरूप रु.१,३०,१७६।- समेत जम्मा रु.७,७०,५८६।- बढी भुक्तानी भएको भनी उल्लेख भएको हुँदा उक्त रकम विद्युतीकरण कार्यमा खर्च नगरी बदनियतसाथ हानि नोक्सानी, दुरुपयोग एवं मासेको तथ्य पुष्टि हुन आएको देखिँदादेखिँदै पनि प्रतिवादी सोन्फीदास तत्मालाई बिगो रु.१९,५४,८९४।३० कायम गरी सजाय गर्नुपर्नेमा कम बिगो रु.८,२३,३०४।- मात्र कायम गरी सजाय गर्ने र निजबाट असुलउपर हुनुपर्ने बिगो रु.११,३१,५९०।३० नठहर्ने गरी भएको उक्त हदसम्मको फैसला फौजदारी कानूनका स्थापित मूल्य, मान्यता र भ्रष्टाचार निवारण ऐन, २०५९ को कानूनी व्यवस्था विपरीत भई त्रुटिपूर्ण देखिँदा बदरभागी रहेको छ ।

## २.८ कारबाहीका लागि सम्बन्धित निकायमा प्रेषण

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ मा भएको व्यवस्थाबमोजिम आयोगबाट भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको कामकारबाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अनुसन्धान पश्चात् आवश्यक विभिन्न कारबाहीका लागि सम्बन्धित कार्यालय, पदाधिकारी वा सार्वजनिक संस्थालाई सुझाव दिनसक्ने कानूनी व्यवस्था भए अनुरूप आर्थिक वर्ष २०७४/७५ मा आयोगबाट निर्णय भई लेखी पठाइएका सुझावहरू निम्नानुसार रहेका छन् ।

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत

१.१ नेपाल विद्युत प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालयले ICB/DCSD-073/74-10: Supply and Delivery of ABC Cable Hardware को सप्लाइ ठेक्का अनियमितता सम्बन्धमा प्राप्त उजुरीमा अनुसन्धान तहकिकात हुँदा उजुरीमा उल्लिखित विषय पुष्टि हुने आधार नदेखिए तापनि सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ को उपदफा (१) तथा विद्युतीय खरिद प्रणाली सञ्चालनका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले मिति २०७४।५।८ गतेदेखि कार्यान्वयनमा ल्याएको विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ को दफा १७ मा एकै प्रयोजनका लागि विद्युतीय सञ्चार माध्यम र बोलपत्रको माध्यमबाट पेस हुने बोलपत्र फिर्ता तथा संशोधन गर्ने समय कुनैमा चौबीस घण्टा अगावै सिलबन्दी निवेदन पेस गर्नुपर्ने र कुनैमा अन्तिम समयभित्र प्रणालीमा प्रविष्टि (Login) गर्नुपर्ने कानूनी प्रावधान रहँदा बोलपत्र फिर्ता तथा संशोधन गर्ने समयमा एकरूपता रहेको देखिन नआएकोले सार्वजनिक खरिदसम्बन्धी प्रचलित कानूनहरूमा बोलपत्र फिर्ता तथा संशोधन गर्ने निश्चित समय तोकी एकरूपता कायम गरी संशोधन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था हुन आयोगको मिति २०७४।१०।१५ को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई सुझाव लेखी पठाई सार्वजनिक खरिद अनुगमन कार्यालयलाई बोधार्थ दिइएको ।

१.२ राष्ट्रिय सतर्कता केन्द्रबाट प्रेषित आर्थिक वर्ष २०७३/७४ को सम्पत्ति विवरण पेस नगर्ने सार्वजनिक पदधारण गरेका व्यक्तिहरूको विवरण समावेश भएको सम्पत्ति विवरण अनुगमन प्रतिवेदन (२०७३/७४) उपर आयोगको मिति २०७५।२।७ को निर्णयानुसार विभिन्न निकायहरूमा १३,३९० जना सार्वजनिक पदधारण गरेका पदाधिकारी/कर्मचारीहरूले आर्थिक वर्ष २०७३/७४ को सम्पत्ति विवरण नबुझाएको र २,३०८ जना पदाधिकारी/कर्मचारीहरूले निर्धारित समय पश्चात सम्पत्ति विवरण बुझाएको देखिएकोले आवश्यक कारबाहीका लागि लेखी पठाइएको ।

क. सम्पत्ति विवरण नबुझाउने १३,३९० जना पदाधिकारी/कर्मचारीहरूलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क. को उपदफा (२) बमोजिम रु. ५,०००।- जरिवाना गरी सम्पत्ति विवरण पेस गर्ने/गराउने व्यवस्था गर्नुका साथै सम्बन्धित निकायबाट विवरण/नाम नामेसी प्राप्त नभएको सम्बन्धमा समेत यकिन गरी उपर्युक्त बमोजिम कारबाही हुन र सोको एकमुष्ठ जानकारी आयोगमा पठाउन सम्बन्धित मन्त्रालय/सचिवालय/आयोग/केन्द्रीय निकायहरूमा लेखी पठाइएको ।

ख. प्रदेश र स्थानीय तहका पदाधिकारीहरू/कर्मचारीहरूले सम्पत्ति विवरण बुझाउनुपर्ने निकाय/अभिलेख राख्ने निकाय स्पष्ट तोकी सम्पत्ति विवरण भरी/भराई अभिलेख राख्ने व्यवस्था गर्न र निजहरूको विवरण अद्यावधिक गरी सम्पत्ति विवरण नबुझाउनेको हकमा जरिवाना असुल गरी सम्पत्ति विवरण पेस गर्ने/गराउने व्यवस्था गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई लेखी पठाइएको।

ग. मृत्यु, अवकाश, राजीनामा आदिको कारण सेवामा नरहेका कर्मचारीहरूको लगतसमेत अद्यावधिक नदेखिंदा सम्बन्धित मन्त्रालय/कितावखाना/निकायहरूले समन्वय गरी अभिलेख अद्यावधिक गर्न सम्बन्धित मन्त्रालय/निकायमा लेखी पठाइएको ।

२. अर्थ मन्त्रालय अन्तर्गत

२.१ एनसेल प्रा.लि. को शेयर बिक्री भई स्वामित्व परिवर्तन एवं लगानीकर्ता फेरबदल हुँदा नेपाल सरकारलाई प्राप्त हुने पुँजीगत लाभकर छली भएको र मुनाफाबाट आर्जन गरेको रु. ११ अर्ब लाभांश रकममध्ये विदेशी लगानीको लाभांश बापतको रकम विदेशी मुद्रामा सटही सुविधा दिई विदेश लैजान अनुमति दिएको भन्ने समेत व्यहोराको उजुरी निवेदन उपर अनुसन्धान तहकिकात हुँदा एनसेल कम्पनीमा ८० प्रतिशत शेयर हिस्सा रहेको टेलिया कम्पनी, स्वीडेनले आफ्नो सबै शेयर एक्जियटा ग्रुप, मलेसियालाई बिक्री गर्दाको पुँजीगत लाभकर सम्बन्धमा ठूला करदाता कार्यालयले संशोधित कर निर्धारण गरी रु. १३,६०,४७,१९,७११।- राजस्व दाखिला भई बाँकी रहेको रकम असुल गर्नेतर्फ कारबाही सुरु गरेको देखिएको, २० प्रतिशत स्वदेशी लगानीको पछिल्लो ३ पटकको शेयर खरिद बिक्री कारोबारको संशोधित कर निर्धारणमध्ये दुईवटाको संशोधित कर निर्धारण भइसकेको साथै नेपाल राष्ट्र बैंकबाट विदेशी लगानीकर्ताको लाभांश बापतको रकम विदेश लैजान सटही सुविधा दिएको निर्णयमा एनसेल कम्पनीको विषयमा बुझ्नुपर्ने निकाय, समावेश हुनुपर्ने कागजात (उद्योग सञ्चालन अनुमति, लगानी भएको रकम नेपाल भित्रिएको नेपाल राष्ट्र बैंकमा लेखांकन, लेखापरीक्षण प्रतिवेदन, साधारण सभाबाट लाभांश वितरण सम्बन्धमा भएको निर्णय, लाभांशमा लाग्ने कर दाखिला गरेको प्रमाण, अद्यावधिक शेयर लगत, कर चुक्ताको विवरण, नियामक निकायलाई बुझाउनुपर्ने दस्तुर, रोयल्टी आदि बक्यौता नभएको समेत) को आधारमा निर्णय भए गरेको देखिएको, उल्लिखित विषयमा करदाताको पूर्वादेश माग गरेको अवस्थामा आन्तरिक राजस्व विभागले निर्णय नगरेको, समयमा कर निर्धारण नगरी ठूला करदाता कार्यालय र आन्तरिक राजस्व कार्यालयहरूले बुझाएको रकमको लेखांकन मात्र गरेको र यस विषयमा अर्थ मन्त्रालयबाट आवश्यक समन्वय र मार्गनिर्देशन नभएको, एनसेल जस्ता विदेशी लगानीका कम्पनीमा विदेशी लगानी बापत विदेशी मुद्रा नेपाल भित्रिएको समय र शेयर स्वामित्वको अनुपातको आधारमा लाभांश नियमन गर्ने उद्योग विभाग र कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल दूरसञ्चार प्राधिकरण र नेपाल राष्ट्र बैंकले गणना र यकिन गरी वैदेशिक लगानी बापतको लाभांश विदेशी मुद्रामा फिर्ता लैजान दिनुपर्नेमा आवश्यक समन्वय र सहजीकरण नभएको, दूरसंचार सेवा संचालनका लागि अनुपतिपत्र दिंदा उल्लेख भएका सेवाका सर्तहरू पालना भए नभएको विषयमा नियमित अनुगमन नभएको जस्ता प्रक्रियागत त्रुटि देखिएकोले भविष्यमा यस्ता कमी कमजोरी पुनरावृत्ति हुन नदिने गरी सुधार गर्न, नेपालका कम्पनीमा रहेका विदेशी लगानीलाई सुनिश्चित गर्न र विदेशी लगानी बापतको लाभांश फिर्ता लैजान नेपाल सरकारका विभिन्न निकायले खेल्नुपर्ने भूमिका, निर्णय, सहजीकरण र नियमन समयमा गरी लगानी सुनिश्चितता, कर निर्धारण, राजस्व असुली, लगानीको लेखांकन, मुनाफा वितरण, सेवा सञ्चालन र मुनाफा विदेश लैजाने विषयमा आयोगको मिति २०७४।७।२७ को निर्णयानुसार देहायबमोजिम सुझाव लेखी पठाइएको ।

१. करदाताले पूर्वादेश माग गरेको अवस्थामा कानूनले तोकिएको समय सीमाभित्रै निर्णय लिन, समयमै कर निर्धारण गर्न तथा निर्धारित कर राजस्व असुलउपर सुनिश्चित र सुरक्षित हुने उपयुक्त उपाय अवलम्बन गरी अग्रिम कारबाही गर्न अर्थ मन्त्रालयलाई लेखी पठाइएको ।

२. वैदेशिक लगानीको उपयुक्त वातावरण निर्माण गरी लगानी व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन उद्योग मन्त्रालयलाई लेखी पठाइएको ।

३. दूरसंचार सेवा संचालनका लागि अनुमतिपत्र दिंदा उल्लेख भएका सेवाका सर्तहरू पालना भए नभएको विषयमा नियमित अनुगमन गर्न सूचना तथा सञ्चार मन्त्रालयलाई लेखी पठाइएको ।

४. लाभांश बापतको रकम विदेशी मुद्रामा सटही सुविधा उपलब्ध गराउँदा लगानीको प्रकृति अनुसार नियमन गर्ने र राजस्व प्राप्त गर्ने निकायहरूको समन्वय गर्न नेपाल राष्ट्र बैंकलाई लेखी पठाइएको ।

२.२ नेपाल इन्स्युरेन्स कम्पनी लि. कमलादी काठमाडौंका तत्कालीन संचालक सत्य नारायण मानन्धरले आफू संचालक भएको अवस्थामा आफ्ना छोरीहरू श्वेता मानन्धर र करुणा देवी वैदवार (मानन्धर) लाई उक्त कम्पनीमा नियुक्त गरी २०७२ सालको महाभूकम्पको घटनामा मात्र एक अरब बराबरको दावी भुक्तानी

प्रक्रिया अगाडि बढाई उक्त कम्पनीलाई हानि/नोक्सानी पुऱ्याई सार्वजनिक सम्पत्तिको दुरुपयोग गरे गराएको भन्ने आयोगमा परेको उजुरीको व्यहोरा वस्तुनिष्ट रूपमा पुष्टि र समर्थित हुन सकेको नदेखिए तापनि रिक्त रहेका विभिन्न पदहरूमा कर्मचारीहरू नियुक्ति गर्दा गराउँदा बिमा ऐन, २०४९, नियमावली, २०४९ र बिमा निर्देशिका, २०६९ र बिमाको संस्थागत सुशासनसम्बन्धी निर्देशिका,२०६९ मा उल्लिखित कानूनी व्यवस्थालाई पूर्णरूपमा परिपालन गर्ने गराउने एवं उक्त ऐन नियमावलीमा कर्मचारी छनौट प्रक्रियामा लिखित परीक्षालाई समेत अनिवार्य रूपमा समावेश गराई उक्त लिखित परीक्षामा उत्तीर्ण व्यक्तिहरूको अन्तर्वार्ता लिई खुल्ला पारदर्शीरूपमा भर्ना छनौट प्रक्रियाको अवलम्बन गर्नु गराउनु भनी नियामक निकाय बिमा समितिलाई आयोगको मिति २०७४।१२।८ को निर्णयानुसार सुझाव लेखी पठाइएको । साथै अनुसन्धानको क्रममा तत्कालीन संचालक सत्यनारायण मानन्धर, तत्कालीन मुख्य प्रबन्धक करुणा देवी वैदवार (मानन्धर) र हाल नेपाल इन्स्युरेन्स कम्पनी, शाखा कार्यालय, न्युरोड, काठमाडौंमा वरिष्ठ सहायक पदमा स्थायी रूपमा कार्यरत श्वेता मानन्धरको नाममा विभिन्न बैंक तथा वित्तीय संस्थाहरूको खाता, **Safe Deposit Locker** र विभिन्न कम्पनीहरूका शेयरहरू अनुसन्धानका क्रममा रोक्का रहेको देखिंदा अन्य कारणले रोक्का राख्नुपर्ने भएमा बाहेक सो फुकुवा गर्न नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय बालुवाटार, काठमाडौं र नेपाल धितो पत्र बोर्ड, जावलाखेल, ललितपुरमा लेखी पठाइएको ।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत

३.१ खानी तथा भूगर्भ विभागबाट खानी तथा खनिज पदार्थ ऐन, २०४२ र खानी तथा खनिज पदार्थ नियमावली, २०५६ (पहिलो संशोधन २०६०) ले निर्दिष्ट गरेको प्रक्रिया अपनाई विभिन्न खनिज पदार्थहरूको उत्खनन् अनुमतिपत्र जारी गर्दै आएकोमा त्यस्ता अनुमतिपत्र प्राप्त खानीहरूमध्ये कतिपय खानीहरू संचालनमा नरहेको, कतिपय खानीहरू पछि आएर संचालन हुन नसकेका कारणले क्षेत्रमात्र ओगटेर बसेको देखिएको हुँदा मिति २०७२।११।२४ मा खानी तथा खनिज पदार्थ नियमावली, २०५६ मा भएको तेस्रो संशोधन बमोजिम उत्खनन् अनुमतिपत्र प्राप्त गरी उत्खनन् कार्य सञ्चालन नगरेका व्यक्तिले संशोधित नियमावली प्रारम्भ भएको मितिले एक वर्षभित्र उत्खनन् कार्य सञ्चालन गर्न सक्ने व्यवस्था बमोजिम उत्खनन् अनुमतिपत्र प्राप्त गरी सञ्चालनमा नआएका खानीहरू मिति २०७३।११।२३ सम्ममा सञ्चालन गर्न सक्ने गरी संशोधित नियमावलीमा व्यवस्था गरेकोमा खानी तथा खनिज पदार्थ नियमावली, २०५६ (तेस्रो संशोधन २०७२) को नियम १८ बमोजिम उत्खनन् अनुमतिपत्र प्राप्त गरी सञ्चालनमा नआएका सोनापुर सिमेण्ट्स प्रा.लि. (अनुमतिपत्र नं. ११४।०६७।६८, चुनढुंगा), विश्वकर्मा सिमेण्ट प्रा.लि. (अनुमतिपत्र नं. ५।०६२।६३, चुनढुंगा), नेपाल पर्वत खनिज उद्योग प्रा.लि. (अनुमतिपत्र नं. ५९।०६७।६८, फलाम), दाङ सिमेण्ट इण्डष्ट्रिज प्रा.लि. (अनुमतिपत्र नं. ३६।०६१।६२, चुनढुंगा), मुक्तिश्री सिमेण्ट इण्डष्ट्रिज प्रा.लि. (अनुमतिपत्र नं. ४१।०६६।६७, चुनढुंगा, अनुमतिपत्र नं. ३९।०६६।६७, रातोमाटो र अनुमतिपत्र नं. ४०।०६६।६७, रातोमाटो) र कमलनाथ सुवेदी (अनुमतिपत्र नं. ११।०६०।६१, खरीढुंगा) का खानीहरू नियमले तोकेको अवधिभित्र सञ्चालनमा नआएकोले खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा ११(१) र खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम १८ बमोजिम खानी उत्खनन् अनुमतिपत्र सम्बन्धमा आवश्यक कारबाही गर्न आयोगको मिति २०७४/४/२ को निर्णयानुसार उद्योग मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

३.२ वाणिज्य विभागले मिति २०७१।५।३१ र मिति २०७१।६।५ मा विशाल बजारभित्रका ६ वटा पसलहरूमा अनुगमन गर्दा कैफियत देखिएपछि सम्बन्धित मिसिलहरू हदम्याद गुजारी सुरुमा कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा १४ देहाय (३) बमोजिम र पछि उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २० देहाय (१) बमोजिम कारबाहीका लागि मिसिल सम्बन्धित निकायमा पेस गरेकोमा हदम्यादकै कारण कारबाही अघि बढ्न नसकेको देखिएको । यस कार्यमा निरीक्षण अधिकृत हेरम्भराज पोखेलले आफूलाई तोकिएको जिम्मेवारी नै पूरा नगरी मिसिल थन्क्याएको पाइएको, कानून अधिकृत विनोदकुमार गौतमलाई कारबाही अघि बढाउन तोक आदेश भए पनि सोको बेवास्ता गरेको र हदम्याद गुज्रिएपछि मात्र कारबाही अघि बढाउन भनी गलत कानूनी राय दिएको तथा महानिर्देशक नारायणप्रसाद विडारीले मातहतका कर्मचारीहरूले तोकिएबमोजिमको कार्य सम्पादन गरे नगरेको यकिन गरी हदम्यादभित्रै आवश्यक कारबाही प्रक्रिया अघि बढाउनुपर्ने आफ्नो विभागीय जिम्मेवारी पूरा नगरी हदम्याद

गुजारेको व्यहोरा संकलित सबुद प्रमाणहरूबाट पुष्टि भएको देखिएकोले संलग्न कर्मचारीहरूबाट भए गरेको त्रुटिपूर्ण कार्यहरू उपर कानूनबमोजिमको आवश्यक जे जस्तो कानूनी कारबाही गर्नुपर्ने हो सो गर्नका लागि आयोगको मिति २०७४/५/८ को निर्णयानुसार सम्बन्धित निकायमा लेखी पठाइएको ।

३.३ स्व. जगदम्बा कुमारीदेवी राणाबाट स्थापित जगदम्बा दातव्य औषधालय तथा मदनधारा समितिका नाममा रहेका ताप्लेजुङ र मोरङ जिल्लाका विभिन्न कित्ता जग्गाहरू हालै कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएका जगदम्बा दातव्य औषधालय र मदनधारा समिति नामक कम्पनीहरूले उक्त जग्गाको स्वामित्व आफ्नो नाममा कायम गरी बिक्री वितरणसमेत गर्न लागेकाले आवश्यक छानबिन गरी उक्त जग्गाहरूको संरक्षण गरी पाउँ भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको जगदम्बा दातव्य औषधालयको प्रबन्धपत्रको दफा ५ को उपदफा (१) र (२) एवं दफा ६ को उपदफा (१) को देहाय खण्ड (घ) साथै मदनधारा समितिको प्रबन्धपत्रको दफा ५ र दफा ६ को उपदफा (१) को देहाय खण्ड (ग) बमोजिम जगदम्बा दातव्य औषधालय र मदनधारा समिति नामक कम्पनीहरूबाट जगदम्बा दातव्य औषधालय तथा मदनधारा समितिको नाममा ताप्लेजुङ जिल्लामा रहेको ५३-१३-०-३ रोपनी, मोरङ जिल्लामा रहेको जम्मा ४७-१८-६-१० तथा ऐ. जम्मा ९-०-१०-० बिघा कुनै व्यक्ति वा संस्थाको नाममा स्वामित्व परिवर्तन वा हक-हस्तान्तरण हुन नसक्ने प्रकृतिका जग्गाहरूको स्वामित्व ग्रहण गरी बिक्री वितरणसमेत गर्न सक्ने अवस्था देखिएकोले कम्पनी ऐन, २०६३ बमोजिम पूरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रिया पूरा गरी उक्त कम्पनीहरूको प्रबन्धपत्रमा रहेका उल्लिखित कानूनी व्यवस्थामा दाताको इच्छापत्र अनुरूप चल अचल सम्पतिको संरक्षण हुने गरी आवश्यक परिमार्जन वा संशोधन गरी सोको जानकारी आयोगसमेतलाई गराउन कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वरलाई आयोगको मिति २०७४/११/२५ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गत

४.१ सप्तरी जिल्ला विषहरिया गा.वि.स. वडा नं. ८ मा ट्युबवेल मार्फत सिंचाइ सुविधा उपलब्ध गराई खेतीयोग्य जग्गाको उत्पादनमा वृद्धि ल्याउन मिति २०६६।१०।२४ मा मा भगवती स्यालो ट्युबवेल जल उपभोक्ता समिति सप्तरीका अध्यक्ष अनिलकुमार देवले भूमिगत जलस्रोत विकास समिति, शाखा कार्यालय लहानबीच भएको सम्झौता अनुरूप काम सम्पन्न नगरी किर्ते दस्तखत गरी रकम झिकी हिनामिना गरेको पाइएको, सो आयोजना सञ्चालनमा ल्याउन ट्रान्सफर्मरमा विद्युत लाइन जडानका लागि निज अनिलकुमार देवले गर्नुपर्ने कार्यहरू निजबाट सम्पन्न गर्न लगाई विद्युत जडान भएको जानकारी प्राप्त भए पश्चात अनिलकुमार देवले धितो जमानी राखी जिल्ला प्रशासन कार्यालय सप्तरीको पत्रले मालपोत कार्यालय सप्तरीमा रोक्का रहेको कि. नं. ४५, ४३, ६१, ६७, ७३ र ८० को जग्गा फुकुवाका लागि लेखी पठाई आयोजना सञ्चालनका लागि हालको तथा पुरानो उपभोक्ता समितिका बीच आवश्यक समन्वय/सहजीकरण गरी आयोजना सञ्चालनमा ल्याउन जे जो गर्नुपर्ने हो गर्न गराउन भूमिगत जलस्रोत विकास समिति शाखा कार्यालय लहानलाई आयोगको मिति २०७४।५।८ को निर्णयानुसार लेखी पठाइएको ।

४.२ नेपाल विद्युत प्राधिकरणले हेटौंडा-ढल्केबर-इनरुवा ४०० के.भी. प्रसारण लाइन निर्माण कार्यको बोलपत्रमा अनियमितता गरेको भन्नेसमेत व्यहोराको उजुरी उपर अनुसन्धान तहकिकातको सम्बन्धमा सो कार्यका लागि अन्तर्राष्ट्रिय बोलपत्र आह्वान भई प्राप्त बोलपत्रहरू मध्ये सबैभन्दा न्यूनतम अंक कबोल गरेको र स्वीकृत लागत अनुमानभित्र रहेको बोलपत्रलाई स्वीकृतिका लागि सिफारिस गरी विश्व बैंकबाट **No objection letter** प्राप्त गरेपश्चात संचालक समितिको मिति २०६९।९।१० को निर्णयानुसार बोलपत्रदाता र नेपाल विद्युत प्राधिकरणबीच फेब्रुअरी ३, २०१३ मा सम्झौता भएको, सो प्रसारण लाइन निर्माण कार्यको सम्बन्धमा आयोगको मिति २०६९।४।३२ को निर्णय पश्चात नेपाल विद्युत प्राधिकरणले ठेक्का सम्झौता गरी आयोजनामा हालसम्म कुल ७९२ वटा टावरहरूमध्ये ५१३ वटा टावरहरूको फाउण्डेसन निर्माण कार्य एवं ४२३ वटा टावरको जडान कार्य सम्पन्न भई आयोजना निर्माणाधीन अवस्थामा रहेको देखिँदा प्रचलित कानूनबमोजिम सम्झौता अनुसारको निर्माण कार्य समयमै सम्पन्न गर्ने गराउनेतर्फ आवश्यक व्यवस्था मिलाउन आयोगको मिति २०७४।५।१५ को निर्णयानुसार ऊर्जा मन्त्रालयमा लेखी पठाइएको ।

४.३ स्याङ्जा जिल्ला, नेपाल विद्युत प्राधिकरण, कालीगण्डकी "ए" जलविद्युत केन्द्रका लागि आवश्यक विभिन्न उपकरण तथा सामानहरूको खरिद कार्यमा अनियमितताका सम्बन्धमा प्राप्त उजुरीमा अनुसन्धान तहकिकात हुँदा नेपाल विद्युत प्राधिकरण आर्थिक प्रशासन विनियमावली, २०६८ को परिच्छेद १४ बमोजिम विनियम अनुसारको प्रक्रिया पूरा गरी गरिएको खरिद कार्यलाई अन्यथा भन्न सकिने अवस्था नदेखिएको, उक्त कार्य गर्दा संलग्न पदाधिकारीहरूले भ्रष्टाचारजन्य कार्य गर्ने बदनियत रहे भएको देखिने कुनै आधार प्रमाणसमेत मिसिल संलग्न रहेका कागजातहरूबाट नदेखिए तापनि सार्वजनिक खरिद ऐन, २०६३ को दफा १२ बमोजिमको प्रक्रिया अवलम्बन गर्न गराउन, दर्ता चलानी किताबमा भएको अनियमितताको विषयमा कर्मचारी पहिचान गरी आवश्यक कारबाही गर्न गराउन तथा सामग्री खरिदको सन्दर्भमा थप छानबिन गर्नुपर्ने भए त्यहाँबाट नै छानबिन गरी जे जो कारबाही गर्नुपर्ने हो, त्यहाँबाटै गरी गराई सोको जानकारी आयोगलाई गराउनका लागि आयोगको मिति २०७४/५/२६ को निर्णयानुसार ऊर्जा मन्त्रालय तथा नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालय, काठमाडौंलाई लेखी पठाइएको ।

५. कृषि, भूमि व्यवस्था तथा सहकारी अन्तर्गत

५.१ मिति २०७२।१।१० मा राष्ट्रिय सतर्कता केन्द्रमार्फत दर्ता हुन आएको नेपाल वाइल्ड लाइफ डेभलपमेन्ट कम्पनी (प्रा). लि. ले लप्सीफेदीमा हदबन्दी छुट पाएको जग्गा, उद्देश्यबमोजिम काम नगरी दुरुपयोग गरेको भन्ने समेत व्यहोराको उजुरी उपर अनुसन्धान तहकिकात हुँदा नेपाल वाइल्ड लाइफ डेभलपमेन्ट कम्पनी प्रा.लि. ले नेपाल सरकारबाट ६०० रोपनी जग्गा हदबन्दीमा छुट लिई कम्पनीको उद्देश्यबमोजिम काम सुरु गरेकोमा कम्पनीसँग नेपाली कर्मचारीको मुद्दा मामिला, देशमा चलेको सशस्त्र द्वन्द्व, महाभूकम्प तथा सम्बन्धित विदेशी लगानीकर्ताको स्वास्थ्यजस्ता अप्ठ्यारो परिस्थितिले केही काम भए पनि व्यावसायिक रूपमा संचालन हुन नसकेको देखिएकोमा हाल कम्पनीले लगानीकर्ता जुटाई सम्झौता गरी सेप्टेम्बर २०१८ बाट आंशिक संचालन गर्ने र सेप्टेम्बर २०१९ बाट पूर्ण व्यावसायिक रूपमा संचालनमा ल्याई नेपाल सरकारका विभिन्न निकायसँग कम्पनीले गरेको सर्तबमोजिमको कार्य गर्ने प्रतिबद्धता जनाएको हुँदा प्रतिबद्धताबमोजिम काम गरे नगरेको विषयमा अनुगमन गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई आयोगको मिति २०७४।४।१२ को निर्णयानुसार लेखी पठाइएको ।

५.२ धादिङ जिल्लाको सदरमुकामका लागि सो जिल्ला अन्तर्गत नीलकण्ठ गाउँ विकास समिति वडा नं. ५ का थुप्रै जग्गाहरू वि.सं. २०३२ सालमा अधिग्रहण गरी डिमार्केसन गरी तारबार लगाई राखिएकोमा हाल खुलामञ्च रहेको क्षेत्रको उत्तरतर्फ र पूर्वतर्फका जिल्ला प्रशासन कार्यालय र वन कार्यालयसँगै जोडिएका जग्गाहरू सरकारी कर्मचारीको उदासीनताको कारण या जिल्ला प्रशासन कार्यालय, जिल्ला वन कार्यालय, जिल्ला पशु स्वास्थ्य सेवा, भेटेनरी, नापी कार्यालय, भूमिसुधार र मालपोत कार्यालयसमेतको मिलेमतोमा केही व्यक्तिका नाउँमा दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा खुलामञ्च रहेको जिल्ला धादिङ नीलकण्ठ गा.वि.स. वडा न. ५(ङ) को साबिक कि.नं. ९५ कित्ताकाट भई कायमी कि.नं. १०४, १०५, १०६ र १०७ का जग्गाहरू कुनै व्यक्ति विशेषबाट अतिक्रमण नभई जिल्ला प्रशासन कार्यालय धादिङकै नाममा यथावत कायम रहेको, कि.नं. १०७ सँग जोडिएको खुलामञ्चको उत्तरपूर्व तर्फको ऐ. वडा नं. ५(छ) साबिक कि.नं. २५ को क्षे.फ. २२-१-३-१ जग्गा बुटेन भनी मिति २०५०।८।२२ मा तत्कालीन श्री ५ को सरकारको नाममा दर्ता कायम भएको, जिल्ला धादिङ तत्कालीन नीलकण्ठ गा.वि.स. वडा नं. ५ बस्ने हिराबहादुर गुरुङ र पुननारायण श्रेष्ठले छुट जग्गा दर्ता गरी पाउँ भनी मिति २०३८।८।११, २०४१।९।१२, २०५३।६।३० र २०५४।१२।१९ मा तथा हिराबहादुर गुरुङले पूर्व मिसिलको आधारमा जग्गा दर्ता गरी पाउँ भनी मिति २०६३।१२।३० मा र पुननारायण श्रेष्ठकी श्रीमती दिलकुमारी श्रेष्ठले आफ्ना पतिको मृत्यु भएको प्रमाणसहित मिति २०६३।१२।२३ मा मालपोत कार्यालय धादिङमा जग्गा दर्ताका लागि निवेदन दिएको, २०२७ सालमा सदर नम्बरी भएको पुननारायण श्रेष्ठ र हिराबहादुर गुरुङको छुट जग्गा दर्ताका लागि साबिक आदर्श गाउँ पञ्चायत कार्यालय नीलकण्ठले चार किल्लासमेत खोली मिति २०३८।८।१ मा र नीलकण्ठ गाउँ विकास समिति धादिङले मिति २०५४।७।६ मा सिफारिस गरेको, साबिक कि.नं. २५ को जग्गा बुटेन जग्गा जनिए तापनि उक्त जग्गाभित्र निवेदक पुननारायण श्रेष्ठ र हिराबहादुर गुरुङले परापूर्वकालदेखि कमाई आएको निजहरूको

तिरोभित्रको जग्गा रहेको छ भनी दिलबहादुर थापा, बुद्धिमान घिमिरे, नारायणबहादुर श्रेष्ठसमेतका व्यक्तिहरूले मिति २०५३।१०।१३ मा र निवेदकहरूकै भोगचलनको जग्गा रहेको भनी मिति २०६४।९।८ मा भएको सर्जमिन कागजलाई नापी शाखा धादिङको अमिनको प्रतिवेदन र नक्सा ट्रेसले समेत पुष्टि गरेको, जिल्ला वन कार्यालय धादिङले समेत उक्त जग्गा निवेदकहरूको नाउँमा दर्ता गर्न मनासिब रहेको भनी मालपोत कार्यालय धादिङलाई मिति २०५३।११।१३ च.नं. १०१६ बाट पत्राचार गरेको, नीलकण्ठ गा.वि.स. वडा नं. ५(छ) कि.नं. २५ बुटेन रोपनी २२-१-३-१ को जग्गाबाट कित्ताकाट गरी कायम कि.नं. १२६, १२८ हिराबहादुर गुरुङ र कि.नं. १२९ पुननारायण श्रेष्ठको नाममा दर्ता गरिदिन श्री ५ को सरकारका नाममा दर्ता भएको सच्याई स्वीकृतिका लागि विभागमा पठाउन सुकुम्बासी समस्या समाधान आयोग धादिङले मिति २०५३।११।२१ मा सिफारिस गर्ने निर्णय गरेको, धादिङ जिल्ला नीलकण्ठ गा.वि.स. वडा नं. ५(छ) को कि.नं. २५ पूरै क्षेत्रफल २२-१-३-१ जग्गा २०५० सालमा श्री ५ को सरकारको नाममा दर्ता हुन गएकोले निवेदकहरूको नाउँमा छुट जग्गा दर्ता गर्न आवश्यक छानबिन एवं प्रमाण विश्लेषण गरी कारबाही किनारा गर्नु भनी भूमिसुधार तथा व्यवस्थापन विभागबाट भएको निर्देशनबमोजिम कि.नं. २५ को २२-१-३-१ को जग्गामध्ये कि.नं. १२६ क्षेत्रफल १-१४-२-० तथा कि.नं. १२८ क्षेत्रफल १-१५-०-० को जग्गा निवेदक हिराबहादुर गुरुङको नाउँमा र कि.नं. १२९ को क्षेत्रफल ३-९-०-० जग्गा पुननारायण श्रेष्ठको श्रीमती दिलकुमारी श्रेष्ठको नाउँमा छुट जग्गा दर्ता गरी कि.नं. १२७ क्षेत्रफल ०-८-२-० र कि.नं. १३१ क्षेत्रफल ०-१२-०-० बाटो तथा कि.नं. १३१ क्षेत्रफल १३-४-३-१ बुटेन जग्गा नेपाल सरकारका नाउँमा कायम गरिदिने भनी मिति २०६४।११।२९ को छुट जग्गा दर्ता समितिको सिफारिसबमोजिम मालपोत कार्यालयले जग्गा दर्ता गरेको देखिए तापनि जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा ८१(७) बमोजिम नेपाल सरकारका नाममा दर्ता हुन आएको जग्गा व्यक्तिको नाममा दर्ता गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृति आवश्यक पर्नेमा सो नगरी तत्कालीन श्री ५ को सरकारको नाममा दर्ता भएको उक्त कि.नं. २५ संशोधन गरी केही जग्गा व्यक्तिहरूका नाममा कायम गरिएको विषयमा संलग्न सम्बन्धित कर्मचारीहरू उपर कानूनबमोजिम जो जे गर्नुपर्ने हो गर्न आयोगको मिति २०७४।५।१ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

५.३ मालपोत कार्यालय चाबहिलको कार्यक्षेत्र अन्तर्गतका गोठाटार, मूलपानी चपली, विष्णु, चुनीखेल, बालुवा सुन्तखाना बौद्ध, खड्गा भद्रकाली लगायत साबिक गा.वि.स.का जम्मा ४५ कित्ता (जम्मा क्षे.फ. ४५-१०-०-२) का तत्कालीन नापी गोश्वारा वा मालपोत कार्यालय, चाबहिलबाट स्रेस्ता पुर्जा प्राप्त गर्न नसकेको कारण दर्ता बाँकी जनिई स्रेस्ता कायम भएका जग्गाहरू मालपोत कार्यालयका कर्मचारी एवं अन्य व्यक्तिहरू समेत मिली गैरकानूनी रूपमा स्रेस्ता कायम गरी कार्यालयको अभिलेखमा रहेका र उक्त जग्गामध्ये केही कि.नं. का जग्गा कित्ताकाट र केही कि.नं का जग्गा ससिम रूपमा बिक्री समेत भइसकेको भन्ने अनुसन्धानबाट देखिंदा उल्लिखित कि.नं का जग्गाको सुरु तथा तत्पश्चातका कार्यले कानूनी र वैधानिक हैसियत प्राप्त गर्न सक्ने अवस्था नरहेको, कुनै पनि कार्य प्रारम्भमा गैरकानूनी हो भन्ने देखिई सके पश्चात सो कार्यबाट सिर्जित अन्य कार्यले कानूनी वैधता प्राप्त गर्न नसक्ने कानूनी सिद्धान्तसमेतका आधारमा छुट जग्गा दर्ताको कानूनी विधि र प्रक्रिया अनुसार दर्ता हुन आएको अवस्थामा बाहेक ती कित्ता जग्गा र ती बाट कित्ताकाट वा ससिम रूपमा बिक्री वितरण भएका जग्गा शून्यको अवस्थामा रहने स्थिति देखिएकोले गैरकानूनी रूपमा स्रेस्ता तयार पारी कार्यालयका वैधानिक स्रेस्तासँग ठेलीमा (मोठमा) अभिलेख भएका जग्गाहरू र यी कित्ताबाट कित्ताकाट भई वा नभई बिक्री भएका सम्पूर्ण कि.नं. का जग्गा र सो सँग सम्बन्धित कारोबारका सम्बन्धमा जे जो बुझ्नुपर्ने हो हेरी बुझी गैरकानूनी स्रेस्ता बदर गरी साबिककै दर्ता बाँकी अवस्थामा स्रेस्ता यथावत गर्न गराउन आयोगको मिति २०७४।५।८ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

५.४ व्यावसायिक कृषि तथा व्यापार आयोजना (**PACT**) ले कृषि प्रवर्द्धनका लागि कृषि तथा सहकारी संस्थाको नाममा अनुदान वितरण गर्ने फर्म तथा सहकारी संस्थाको छनौट गर्दा अनियमितता गरेको भन्ने समेतका विषयमा पर्न आएको उजुरी उपर अनुसन्धान तहकिकात हुँदा अनियमितता तथा भ्रष्टाचार भएको हो भन्ने कानूनी तथ्यगत आधार नदेखिए तापनि व्यावसायिक कृषि तथा व्यापार आयोजना (**PACT**) सुरु भएदेखि

हालसम्म तोकिएको उद्देश्य पूरा गर्न नसक्ने केही संवेदनशील उप-आयोजनाले रकम लगी काम नगर्ने वा कार्य सम्पन्न नगर्ने समेत हुन सक्ने देखिँदा यस सम्बन्धमा थप छानबिनसमेत गरी कानूनी दायरामा ल्याउन, व्यावसायिक कृषि तथा व्यापार आयोजना (**PACT**) अन्तर्गत संचालित **Call I, Call II, Call III** र **Call IV** मा रहेका सम्पूर्ण उप-आयोजनाहरूको निरन्तर सुरपरीवेक्षण तथा अनुगमन गरी आयोजना कार्यान्वियन गर्ने तथा उप-आयोजना संचालन नगर्नेलाई कारबाही गर्नेतर्फ कानूनबमोजिम अझै प्रभावकारी संयन्त्र बनाई जो जे गर्नुपर्ने हो गर्न र सो को जानकारी यस आयोगलाई समेत गराउन आयोगको मिति २०७४।५।१५ को निर्णयानुसार कृषि विकास मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

५.५ जिल्ला बाँके फत्तेपुर गाउँ विकास समिति वडा नं. ७ग को कि. नं. ४५ को जग्गा दृष्टिबन्धक कागजको आधारमा मालपोत कार्यालयमा रोक्का रहेकोमा सो जग्गालाई आर्थिक प्रलोभनमा परी मालपोत कार्यालयका सम्बन्धित कर्मचारीहरूले दोहोरो स्रेस्ता कायम गरी रोक्का राख्ने कार्य गरेकाले गैरकानूनी कार्यमा संलग्न कर्मचारी लगायत सम्पूर्ण व्यक्तिलाई कानूनबमोजिम कारबाही गरी हदैसम्म दण्ड सजाय दिई जग्गा फुकुवा गर्ने आदेशसमेत गरी पाउँ भनी प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा साबिक जग्गाधनी ज्ञानेन्द्रकुमार सिंहका नाउँबाट मिति २०५९।१।३० गते दा.खा. निर्णय भई तवस्सुम मुकेरीका नाममा कायम भएको जग्गा पुनः मिति २०६६।८।२ गते साबिक जग्गाधनी ज्ञानेन्द्रकुमार सिंहका नाउँमा दोहोरो दर्ता गर्दा मालपोत कार्यालयका कर्मचारीहरूले भ्रष्टाचारजन्य कार्य गरेको तथ्य प्रमाणित हुने आधार नदेखिएको, मिति २०६६।८।२ गते दोहोरो दर्ता स्रेस्ता तयार गर्ने खरिदारले नै भूलबस भएको दोहोरो स्रेस्ता बदर गरी पाउँ भनी निवेदन दिई टिप्पणी उठाई मालपोत कार्यालय बाँकेबाट मिति २०६८।७।२९ मा दोहोरो दर्ता हुन गएको स्रेस्ता बदर गरी तवस्सुम मुकेरीको नाममा यथावत कायम हुने भन्ने निर्णय भइसकेको, हाल उक्त जग्गा तवस्सुम मुकेरीको आफ्नै भोगचलनमा रही स्रेस्ता यथावत कायम रहेको र मिति २०७० सालमा निज स्वयंले अर्जुन पौडेललाई दृष्टिबन्धक पारित गरी रोक्कासमेत रहेको देखिएकोले प्रस्तुत उजुरी पुष्टि हुन नआए तापनि मिति २०६६।८।२ गते दोहोरो स्रेस्ता तयार गर्दा मोठ स्रेस्ता लगायतका आवश्यक कागजातहरू नभिडाई जीर्ण स्रेस्ता उतार गरेको भनी मोठ स्रेस्ता दुरुस्त नराखेको, मिति २०६८।७।२९ गते भएको दोहोरो स्रेस्ता बदर गर्ने निर्णयको जानकारी सम्बन्धित अदालतलाई दिने भनी निर्णयमा उल्लेख भए पनि सो को जानकारी अदालतलाई दिएको नदेखिएको भनी मालपोत कार्यालय बाँकेबाट उल्लेख भई आएकोले सो कुराको यकिन गरी कार्यालयमा रहेका स्रेस्ता कागजातहरूको अभिलेख व्यवस्थापन प्रणाली व्यवस्थित, वैज्ञानिक र प्रभावकारी बनाउनुपर्ने देखिएकोले सो गर्न गराउनका लागि आयोगको मिति २०७४।७।१३ गतेको निर्णयानुसार मालपोत कार्यालय बाँकेलाई सुझाव लेखी पठाइएको ।

५.६ तत्कालीन पञ्चायती व्यवस्थाको समयमा राप्ती अञ्चल युवालय युवा सामुदायिक भवन तुल्सीपुर दाङको नाममा रहेको जग्गाको वैधानिक स्रेस्ता हटाई जगतबहादुर खत्रीसमेतले कर्मचारीहरूको मिलेमतोमा आफ्नो नाममा दर्ता गरी बिक्री गरेको भन्ने समेतको उजुरी उपर अनुसन्धान तहकिकात हुँदा सो सम्बन्धमा आयोगको निर्णय संख्या ३३२ मिति २०७०।१०।७ को बैठकबाट निर्णय भई निर्णय कार्यान्वयनका लागि सम्बन्धित निकायलाई लेखी पठाई गैरकानूनी तरिकाले दर्ता कायम गरी हक हस्तान्तरण गरे गराएको तुलसीपुर नगरपालिका वडा नम्बर ५घ को कि.न. ७८८ को क्षेत्रफल बिघा ०-१-१३ को जग्गा तुलसीपुर नगर विकास समितिको नाममा कायम गर्नका लागि तुलसीपुर नगर विकास समिति तुलसीपुरले दाङ, देउखुरी जिल्ला अदालतमा दर्ता बदर, निर्णय बदर, हक कायम तथा जालसाज मुद्दा दायर गरेकोमा प्रतिवादी जगतबहादुर खत्रीसमेतका नाममा दाङ देउखुरी जिल्ला अदालतमा चलिरहेको मुद्दा नं. **073-pc-0038**, मुद्दा नं. **073-pc-0037** र मुद्दा नं. **073-cp-0038** का मुद्दाहरू तुल्सीपुर नगर विकास समिति तुल्सीपुर, दाङका अख्तियारवाला प्रतिनिधि ऐ. समितिका नायब सुब्बा लिलाधर सिवाकोटीले मिति **२०७३।१०।२७** गते सम्मानित अदालतबाट फिर्ता लिएको व्यहोरा दाङ देउखुरी जिल्ला अदालतले मिति **२०७३।१०।२७** गते जारी गरेको आदेशबाट खुल्न आएकोले यस आयोगको च.न. ४०१ मिति २०६६।६।२६ गतेको पत्रबाट रोक्का रहेको उक्त जग्गा फुकुवाका लागि आयोगको मिति २०७४।७।२७ को निर्णयानुसार मालपोत कार्यालय तुल्सीपुर, दाङलाई लेखी पठाइएको ।

५.७ काठमाडौं जिल्ला, साबिक मच्छेगाउँ गा.वि.स. वडा नं. ७ क कित्ता नं. **१५६** र **१५७** को जग्गा मालपोत कार्यालय कलङ्कीका कर्मचारीहरू र भू-माफियाहरूको मिलोमतोमा किर्ते गरी बिक्री वितरण गरी भ्रष्टाचारजन्य कार्य गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा काठमाडौं जिल्ला साबिक मच्छेगाउँ वडा नं.७ (क) क्षेत्रफल ३-१०-०-० को उक्त विवादित जग्गा कसैको नाममा दर्ता/नामसारी हुन पुगेको अवस्था अनुसन्धानको क्रममा नदेखिएको, निर्णय नै हुन नसकेको सो जग्गाको मोठ स्रेस्ता प्रतिलिपि कर्मचारीको लापरबाहीको कारणले एउटा निवेदनमात्रको आधारमा गैरव्यक्तिलाई उपलब्ध गराएको देखिंदा सो सम्बन्धमा जो जे गर्नुपर्ने हो सो गर्नका लागि एवं हदबन्दीभन्दा बढी भएको जग्गाको सम्बन्धमा समेत कानूनी प्रक्रिया पुऱ्याएर आवश्यक कारबाही गर्नका लागि आयोगको मिति २०७४।८।२६ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

५.८ गुठी संस्थानको स्वामित्वमा रहेको भद्रकालीस्थित भवन, पसल, कवल भद्रकाली स्पोर्टस प्रा.लि. लाई बहालमा दिँदा सार्वजनिक खरिद ऐन, सो को नियमावली, गुठी संस्थान विनियमावली विपरीत व्यक्तिगत लाभका लागि बदनियतपूर्ण तवरले संस्थानलाई घाटा पुऱ्याई बहालमा सम्झौता गर्ने निर्णय गर्ने गराउने कार्यमा संलग्न संस्थानका कर्मचारीहरू उपर छानबिन गरी पाउँ भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा गुठी संस्थानको स्वामित्वमा भद्रकालीमा रहेका भवन, पसल, कवल, टहरामध्ये दक्षिणतर्फ झन्डै त्यति नै भाग नेपाली सेनाले प्रयोग गरेको, त्यस बाहेकका ठाउँहरू समेत भाडा बहालमा नदिन र गुठी संस्थानको कार्यालयसमेत हटाई हामीहरूले प्रयोग गर्न पाउनुपर्छ भनी गुठीयार वर्गहरूले गुठी संस्थानलाई दबाब दिने गरेको, बाँकी रहेको भवन टहरासमेत सुरक्षाको कारण देखाई नेपाली सेना पाइनियर गण भद्रकालीको मिति २०६०।६।६ को पत्रानुसार खाली गर्न अनुरोध गरिए तापनि भद्रकाली स्पोर्टसले उक्त स्थानमा खेलकुद तथा सेनासँग सम्बन्धित सामग्री राखी व्यवसाय गरेको कारण खाली गर्नु नपरेको, भद्रकाली मन्दिर परिसरको क्षेत्र, सिंहदरबार र सैनिक जंगी अड्डादेखि नजिकै एवं निषेधित तथा शान्ति सुरक्षाको दृष्टिकोणबाट संवेदनशील क्षेत्रसमेत रहेकोले शान्ति सुरक्षाको संवेदनशीलतालाई समेत मध्यनजर गरी भाडाबहाल लिएको भद्रकाली स्पोर्टस प्रा.लि. ले तोकिएको म्यादभित्रै नयाँ कबुलियत तथा करार सम्झौता अनुसारको गुठी संस्थानलाई रकम तिरेको कार्य गुठी संस्थानको हितमा भएको देखिएको, अन्य आधार प्रमाणहरूबाट समेत उजुरीको व्यहोरा पुष्टि हुन आएको अवस्था नदेखिए पनि भद्रकाली मन्दिरमा आउने भक्तजन, व्यापार व्यवसायी, मजदुर कर्मचारी, सेवाग्राहीसमेतका लागि गुठी संस्थानको भद्रकाली मन्दिर परिसरमा रहेका एक सय वर्षभन्दा पुराना र २०७२ सालको भूकम्पले जीर्ण अवस्थामा रहेका भवन मानवीय सुरक्षाको दृष्टिकोणले समेत जोखिमपूर्ण हुने हुँदा भत्काई नयाँ निर्माण वा पूर्ण रूपमा मर्मत सम्भार गर्ने व्यवस्था मिलाई गुठीको सर्वोत्तम हितमा हुने कार्य गर्न गराउन आयोगको मिति २०७४।९।३ को निर्णयानुसार गुठी संस्थान प्रधान कार्यालयलाई सुझाव लेखी पठाइएको ।

५.९ आयोगबाट भ्रष्टाचारसम्बन्धी मुद्दाको अनुसन्धानको सिलसिलामा माग गरेको धरौटी बापत मेरी श्रीमती नैनादेवी गजुरेलको नाममा रहेको घरजग्गा जेथाजमानी राखेकोमा मलाई सर्वोच्च अदालतबाट रु. ५०००।- जरिवाना हुने गरी सजाय गरेको र उक्त रकम मैले दाखिला गरिसकेकोले उपरोक्त घरजग्गा फुकुवा गरी पाउँ भन्ने समेत व्यहोराको शरदचन्द्र शर्मा गजुरेलको प्राप्त निवेदनका सम्बन्धमा प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा निवेदक प्रतिवादीसँग माग गरिएको धरौटी रकमलाई खाम्ने प्रतिवादी निवेदकले आफ्नी श्रीमतीको नाममा रहेको का.म.न.पा. वडा नं. ५ स्थित कि.नं. ५१ को ०-७-३-० घरजग्गा जेथा जमानी दिई मालपोत कार्यालय डिल्लीबजारमा आयोगबाट पत्राचार गरी रोक्का राखी आरोपपत्र दायर भएको मुद्दामा प्रतिवादी निवेदकलाई रु.५०००।- जरिवाना हुने ठहरी सर्वोच्च अदालतबाट सुरु फैसला सदर हुने ठहर भई उक्त फैसला बमोजिम तिर्नु बुझाउनुपर्ने जरिवाना रकम तिरी बुझाई विशेष अदालत काठमाडौंको च.नं. १४४४ मिति २०७४।८।३ को पत्रबाट रोक्का फुकुवाका लागि मालपोत कार्यालयमा पत्राचार भइसकेको देखिँदा निवेदक प्रतिवादीसँग अनुसन्धानको क्रममा माग भएको धरौटी बापत नैनादेवी गजुरेलले दिएको धरौटी जेथाको रोक्काको प्रयोजन सकिएकाले रोक्का राखिएको उक्त का.म.न.पा. वडा नं. ५ को कि.नं. ५१ को घरजग्गा अन्य कारणले रोक्का राख्न नपर्ने भए रोक्का फुकुवाका लागि आयोगको मिति २०७४।९।६ को निर्णयायानुसार मालपोत कार्यालय डिल्लीबजारमा लेखी पठाइएको ।

५.१० काभ्रेपलाञ्चोक जिल्ला, साबिक सुब्बा गा.वि.स. वडा नं. ५ कि.नं. २४२ र २४४ क्षेत्रफल क्रमशः ०-३-३-० र १-१३-२-२ जग्गा, नापी नक्साको समयदेखि हालसम्म कृष्णबहादुर खत्री वा निजको हकदारबाट जग्गा हकभोग समेत भएको, हालसम्म कोही कसैबाट स्वामित्वको दाबीसमेत नरहेको भन्ने समेत व्यहोराको स्थलगत सर्जमिनका आधार एवं सबुद प्रमाणहरूबाट स्रेस्ताको कैफियत व्यहोरामा मिति २०४४।८।६ को निर्णयले कि.नं. २४२ र २४४ को जग्गा दर्ता कायम गरिएको भन्ने अपूर्ण विवरण कैफियतमा जनाई रामबहादुर गिरीलाई गैरकानूनी रूपमा मोही कायम गरी हक हस्तान्तरणसमेत गरेको सप्रमाण पुष्टि हुन आएकोले प्रस्तुत जग्गाको मोही हक कायम गर्ने सम्बन्धमा उल्लिखित भू. सु. अनुसूचीहरू, गुठी संस्थानमा भएको तिरो/भरो एवं जग्गाको भोगसमेतका आधार/प्रमाणहरूको यथोचित मूल्यांकन गरी निर्णय गर्न र सो निर्णयको जानकारी आयोगसमेतलाई गराउनका लागि आयोगको मिति २०७४।९।१३ को निर्णयानुसार भूमिसुधार कार्यालय, काभ्रेपलाञ्चोकलाई लेखी पठाइएको ।

५.११ धनुषा जिल्ला, साबिक सखुवा ६(घ) कि.नं. १२७ क्षे.फ. ०-७-० जग्गा सुरु नापीका समयमा पर्ती जनिई नापनक्सा भएको र मालपोत कार्यालय, धनुषाको १/क/१२२३/१६ मिन्हा महलको जग्गाको फिल्डबुकको कैफियत महलमा यो पर्ती जनकपुर बस्ने सत्यनारायण माडवारीको नम्बरी हो भन्ने व्यहोरा गैरकानूनी रूपमा थपी धनुषा जिल्ला, साबिक जनकपुर नगरपालिका वडा नं. १ बस्ने सत्यनारायण मण्डलको नाममा स्रेस्ता कायम गरी निजले प्रवीणकुमार रुगंटालाई हालैदेखिको बकसपत्र मार्फत हक हस्तान्तरणसमेत गरेको सप्रमाण पुष्टि हुन आएकोले मालपोत ऐन, २०३४ बमोजिम पूरा गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पूरा गरी ३ महिनाभित्र उक्त जग्गा साबिकबमोजिम सरकारी/सार्वजनिक कायम गरी सोको जानकारी आयोगसमेतलाई गराउनका लागि आयोगको मिति २०७४।९।१३ को निर्णयानुसार मालपोत कार्यालय, धनुषामा लेखी पठाइएको ।

५.१२ कैलाली जिल्ला हाल टीकापुर नगरपालिका वडा नं. ५ साबिक मनिकापुर गा.वि.स. वडा नं. १ को कि.नं. ७२ ज.बि. ०-१-० मा ८० वर्ष पुरानो सार्वजनिक कुँवा रही फिल्डबुकमा समेत सार्वजनिक कुँवा जनाइएको जग्गामा हाल गाउँघर खोप केन्द्र रही सोहीबमोजिम प्रयोग समेत भइरहेकोमा उक्त जग्गा आधार प्रमाणबिना व्यक्ति विशेषका नाममा दर्ता गरेको देखिएकोले प्रचलित कानूनबमोजिम आवश्यक प्रक्रिया पूरा गरी उक्त कि.नं. ७२ को जग्गा सार्वजनिक कायम गर्न/गराउन भनी आयोगको मिति २०७४।९।१३ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

५.१३ बाँके जिल्ला साबिक बेतहनी गा.वि.स. वडा नं. ४ग कित्ता नम्बर १ क्षेत्रफल ०-८-१६ भएको सरकारी/पर्ती/ऐलानी जग्गा र ऐजन गा.वि.स. वडा नं. ५ग कित्ता नम्बर १ क्षेत्रफल ०-८-१६ भएको व्यक्ति विशेषको नाममा दर्ता कायम भएको जग्गाका सम्बन्धमा मालपोत कार्यालय, बाँकेको च.नं. १६३५ मिति २०७४।५।२६ को पत्रसाथ प्राप्त जग्गा धनी दर्ता स्रेस्ता, नापी कार्यालय, बाँकेको च.नं. ४८ मिति २०७४।५।६ को पत्रसाथ प्राप्त प्लट रजिष्टर र नक्साबाट बाँके जिल्ला, बेतहनी गा.वि.स. वडा नं. ५ग कित्ता नं. १ क्षेत्रफल ०-८-१६ को जग्गा कित्ताकाट हुनुपर्नेमा सो नभई बाँके जिल्ला, बेतहनी गा.वि.स. वडा नं. ४ग कित्ता नम्बर १ को क्षेत्रफल ०-८-१६ को जग्गा कित्ताकाट भएको अवस्था देखिंदा उल्लिखित ठेगाना अन्तर्गतको फरक वडाका उस्तै कित्ता नम्बरहरू एवं समान क्षेत्रफल भएका जग्गाका सम्बन्धमा जो जे बुझ्नुपर्ने हो बुझी कानूनबमोजिमको विधि र प्रक्रिया पुर्‍याई स्रेस्तामा भएको भूलसुधार गर्न र नापी कार्यालय, बाँकेलाई समेत समन्वय गरी उल्लिखित बेतहनी गा.वि.स. वडा नं. ४ग कित्ता नम्बर १ क्षेत्रफल ०-८-१६ को नापीको फिल्डबुक र नक्सासमेतमा कित्ताकाट भएको देखिएकोले सो सम्बन्धमा समेत कानूनबमोजिम जो जे गर्नुपर्ने हो सो गर्नका लागि आयोगको मिति २०७४।९।२० को निर्णयानुसार मालपोत कार्यालय, बाँकेलाई सुझाव दिइएको ।

५.१४ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट राष्ट्रसेवक सुरेश सिंहले जागिर प्रवेश गर्नुभन्दा अगाडिका अन्य अंशियारहरू समेतको अंश हक लाग्ने पैत्रिक सम्पत्तिहरू निस्प्रयोजन आयोगको च.नं. १५१० मिति २०७२।१०।२१ को पत्रबाट रोक्का रहेको कारण सबै अंशियारहरूको अंश हक प्रभावित हुन गएकोले उक्त पत्रबाट रोक्का राखिएको पैत्रिक सम्पत्तिहरूको रोक्का फुकुवा गरिपाउँ भनी स्व. आमा र दाजुको हकमा राजदेव सिंहसमेतले मिति २०७४।८।५ र २०७४।८।२९ मा आयोगमा दिएको निवेदनको सम्बन्धमा राष्ट्रसेवक सुरेश सिंहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसुरमा बिगो

रु.१,३६,७३,५६९।४२ कायम गरी ऐ.ऐनको दफा २०(२) बमोजिम सजाय गरी पाउन र निज र निजकी श्रीमतीको नाममा रहेको सम्पत्ति जफत गरी पाउन विशेष अदालत काठमाडौंमा मिति २०७२।१०।२५ मा आरोपपत्र दायर भई हाल मुद्दा विचाराधीन अवस्थामा रहेकोमा प्रतिवादीका हजुरआमा, बाबु, काका र काकी नाताका निवेदकहरू उपर आयोगबाट मुद्दा नचलेको, आरोपपत्रमा निवेदकहरूको घरजग्गातर्फको बिगो कायम नभएको र जफततर्फको दाबीसमेत नदेखिएको, प्रतिवादीहरूको हकमा दाबी गरिएको अमिल्दो स्रोत नखुलेको बिगोलाई खाम्ने सम्पत्ति घरजग्गाहरू प्रतिवादीहरूकै नाममा र रोक्का नै रहेको स्थिति देखिंदा प्रतिवादी नै नबनाइएका निवेदकहरूले प्रतिवादीले अमिल्दो गैरकानूनी सम्पत्ति आर्जन गरेको भनी औंल्याइएको आ.व. २०६६।०६७ देखि २०७१।०७२ सम्मको अवधिभन्दा अगावै आर्जन गरी आ-आफ्नो नाममा दर्ता कायम रहेको निवेदकहरूले फुकुवाको माग गरेको (आयोगको च.नं.१५१० मिति २०७२।१०।२१ को पत्रबाट रोक्काका लागि जिल्ला मालपोत कार्यालय रौतहटमा लेखी पठाइएबमोजिम रोक्का रहेको) जग्गाहरू रोक्का रहिरहनुपर्ने मनासिव आधार र कारण नदेखिएको हुँदा आयोगको च.नं. १५१० मिति २०७२।१०।२१ को पत्रबाट अनुसन्धानको क्रममा रोक्का रहेका जग्गाहरू अन्य कारणले रोक्का राख्नु नपर्ने भए फुकुवाका लागि मालपोत कार्यालय रौतहटमा आयोगको मिति २०७४।९।२० को निर्णयानुसार लेखी पठाइएको ।

५.१५ साबिक कपन गा.वि.स. वडा नं. ६ सिट नं. १०२/०९४८/२४ हालको कित्ता नं. २२ क्षेत्रफल २७,६६९.३० व.मि. जग्गामा एकीकृत भएको साबिक कपन गा.वि.स. ६ख, कि.नं. २७ को क्षेत्रफल ४१-५-२-० को ७ नं. को उक्त जग्गा सार्वजनिक गुम्बाको रूपमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत रहेको बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिमा मिति २०५५।१०।१३ मा दर्ता कायम भई नेपाल बौद्ध महायान केन्द्र गुम्बा सार्वजनिक गुम्बाको रूपमा सञ्चालनमा रहिरहेको र उक्त जग्गाको धनीका रूपमा रहेका प्रमुख लामा थुवतेन शेर्पा र निजका अंशियारहरू सहोदर दिदी ङवाङ सम्तेन शेर्पा र सहोदर भाइ साङ्गे छोतार शेर्पा समेतबीचमा काठमाडौं जिल्ला अदालतमा मिति २०७४।१।११ मा भएको मिलापत्रका आधारमा मालपोत कार्यालय, चाबहिलमा दाखिल खारेज भई सम्बन्धित अंशियारहरू तीनै जनाको नाममा कायम हुने १८-१८ रोपनी जग्गालाई तीनै जनाबाट माग भएबमोजिम नेपाल बौद्ध महायान केन्द्र गुम्बाका नाममा गरिदिनेतर्फ मालपोत कार्यालय, चाबहिलबाट कारबाही भइरहेको समेत सो कार्यालयको च.नं. ३०४६ मिति २०७४।१०।५ को पत्रबाट देखिएकोले आयोगको च.नं. २०७ मिति २०७४।५।१ को पत्रमार्फत हाल रोक्का रहेको उक्त कित्ता नं. २२ क्षेत्रफल २७,६६९.३० व.मि. जग्गाको रोक्का फुकुवा गरी सार्वजनिक गुम्बाको रूपमा सञ्चालनमा रहेको नेपाल बौद्ध महायान केन्द्र गुम्बा, कपनको संरक्षण हुने गरी नियमानुसार अग्रीम आवश्यक कारबाही हुन आयोगको मिति २०७४।१०।११ को निर्णयानुसार मालपोत कार्यालय, चाबहिललाई लेखी पठाइएको ।

५.१६ मालपोत कार्यालय, भक्तपुर र नापी कार्यालय, भक्तपुरबाट, सपना थापाको नाममा दर्तास्रेस्ता कायम रहेको साबिक दिव्यश्वरी ५क कि.नं. ११९६ क्षे.फ. ०-८-०-० जग्गा पुनः नापी नक्सा गर्ने सिलसिलामा उक्त कि.नं. ११९६ पूरै क्षेत्रफल लोप हुने गरी नापी नक्सा भएको एवं उक्त कित्ता जग्गाको क्षेत्रफलसँगै रहेका अन्य कित्ता जग्गाहरूमा घुसाई हालसाबिक समेत भइसकेको हुँदा उक्त त्रुटिपूर्ण काम कारबाहीबाट साबिक दिव्यश्वरी ५क कि.नं. ११९६ क्षे.फ. ०-८-०-० जग्गाको सम्पूर्ण क्षेत्रफल लोप हुन गएकोले नापी कार्यालय, भक्तपुरबाट प्राप्त फिल्ड निरीक्षण प्रतिवेदनको आधारमा मालपोत कार्यालय, भक्तपुरबाट अबिलम्ब उक्त समस्या समाधान गरी सोको जानकारी आयोगसमेतलाई गराउन भनी आयोगको मिति २०७४।१०।११ को निर्णयानुसार मालपोत कार्यालय, भक्तपुरमा लेखी पठाइएको ।

५.१७ श्यामप्रसाद ढकालसमेत ३०९ जनाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेतलाई विपक्षी बनाई सर्वोच्च अदालतमा दायर गरेको उत्प्रेषण परमादेशसमेत मुद्दामा सर्वोच्च अदालतबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६९।९।८ को निर्णय र सोको आधारमा भएका पत्राचारहरू समेत उत्प्रेषणको आदेशले बदर हुने र सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति नवलपरासीले निवेदकहरूलाई वितरण गरेको निवेदन दाबीमा उल्लेख भएका जग्गाहरू कानूनबमोजिम धितो बन्धक राख्न र हक हस्तान्तरण गर्न नरोक्नु भनी परमादेशको आदेश भई प्राप्त आदेशसाथ मिसिल अध्ययन गरी हेर्दा, मालपोत कार्यालयले माग गरेको निर्देशनको हकमा आयोगबाट भएको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर भई निवेदन दाबीमा उल्लेख भएका

जग्गाहरू कानूनबमोजिम धितो बन्धक राख्न र हक हस्तान्तरण समेतको कार्य गर्न निवेदकहरूलाई नरोक्नु भनी परमादेशको आदेश समेत जारी भएको देखिंदा कानूनबमोजिम गर्नका लागि आयोगको मिति २०७४।११।१४ को निर्णयानुसार मालपोत कार्यालय कावासोतीलाई लेखी पठाइएको ।

५.१८ स्व. जगदम्बा कुमारीदेवी राणाबाट स्थापित जगदम्बा दातव्य औषधालय तथा मदनधारा समितिका नाममा रहेका ताप्लेजुङ जिल्ला, साबिक निगुरादिन गा.वि.स. वडा नं. १ कि.नं. २०९, २१२, २१३, २३२ र २३३ को जम्मा ५३-१३-०-३ रोपनी, जिल्ला मोरङ, साबिक दुलारी गा.वि.स. वडा नं. ५ (ग) कि.नं. ९६, ९७, १०५, १०६, १०८, १११, ११५, १३५, १३७, १३८, १३९, १४०, १४१, १४४, १४५, १४९, १५०, १५१, १५२, १५३, १५४, १५५, १५६, १५७, १५८, १५९, १६६, १६७, १७७, १७८, १७९, १९०, १९१, १९२, १९३, १९४, १९५, १९६, १९७, १९८, १९९, २००, २०१, २०२, २०३, २०४, २०५, २०६, २०७, २०८, २०९, २१०, २११, २१२, २१३, २१४, २१५, २१६, २१७, २१८, २१९, २२०, २२१, २२२, २२३, २२४, २२५, २२८, २३७ र ऐ. वडा नं. ५ (घ) कि.नं. १, २, ३, ४, ५, ६, ७, ८, ९ र २३ को जम्मा ४७-१८-६-१० बिघा श्री जगदम्बा दातव्य औषधालयको नाममा एवं मोरङ, दुलारी गा.वि.स. वडा नं. ५ (ग) कि.नं. १०७, ११३, १६९, १८०, १८१, १८२, १८३, १८४, १८५, १८६ र १८७ को जम्मा ९-०-१०-० बिघा जग्गा मदनधारा समितिको नाममा सर्भे नाप नक्सा भई स्रेस्ता कायम रहेका जग्गाका मोही र जग्गा धनीबीच कानूनबमोजिम जग्गा बाँडफाँड गर्नका लागि भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम जो जे गर्नुपर्छ गर्न भूमिसुधार कार्यालय, मोरङ र मालपोत कार्यालय, ताप्लेजुङलाई आयोगको मिति २०७४।११।२५ को निर्णयानुसार लेखी पठाइएको ।

५.१९ मालपोत कार्यालय गोरखाका नाउँमा रहेको जग्गा अतिक्रमण भएको भन्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय गोरखाको च.नं. २४२ मिति २०७०।४।३१ को पत्रसाथ प्राप्त द.नं ३८०/२०७१/०७२ को उजुरीका विषयमा अनुसन्धान तहकिकात हुँदा मालपोत कार्यालय गोरखाका नाउँमा रहेको जग्गासँग सीमाना जोडिएको साबिक गोरखकाली गा.वि.स. वडा नं ४ को कि.नं ११११ को जग्गाको त्रुटिपूर्ण टायलचेक गरी जग्गाको क्षेत्रफल संशोधन गरी स्रेस्ता संशोधन गरिदिएको मालपोत कार्यालय गोरखाको मिति २०५५।११।१३ को निर्णय समेत कानून विपरीत देखिन आएकोले मालपोत ऐन, २०३४ को दफा ३२ ख अनुसार जो जे गर्नुपर्ने हो कानून बमोजिम गर्न गराउन भूमि सुधार तथा व्यवस्था विभागका महानिर्देशकलाई आयोगको मिति २०७४।१२।१ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

५.२० जिल्ला मकवानपुर हेटौंडा न.पा. वडा नं. ११ बस्ने लालबहादुर सुनार कामीका नाउँमा दर्ता कायम रहेको हेटौंडा नगरपालिका वडा नं. ११ कि.नं. १०१ क्षे.फ. १-२-१० बिघा जग्गा र कि.नं. ११४ क्षेत्रफल ०-५-१ बिघा जग्गा गरी जम्मा १-७-११ बिघा जग्गाका सम्बन्धमा पुनरावेदन अदालत, हेटौंडाको निर्णय नं. ७६९ मिति २०७०।२।८ को फैसलाबाट न्याय निरूपण भई अन्तिम अवस्थामा रहेको देखिएकोले आयोगको च.नं. ७३३ मिति २०६७।१।२ को पत्रबाट मालपोत कार्यालय, मकवानपुरमा रोक्का राखिएको उल्लिखित कि.नं. १०१ क्षे.फ. १-२-१० बिघा जग्गा र कि.नं. ११४ क्षे.फ ०-५-१ बिघा जग्गा कानूनबमोजिम फुकुवा गरिदिनु भनी आयोगको मिति २०७४।१२।८ को निर्णयानुसार मालपोत कार्यालय, मकवानपुरमा लेखी पठाइएको ।

५.२१ सविता बर्तौलासमेतको नाममा मालपोत कार्यालय, डिल्लीबजारमा दर्ता स्रेस्ता कायम रहेको का.म.न.पा. वडा नं. ५ कि.नं. ५१९ र ५२० को जग्गाका सम्बन्धमा सार्वजनिक जग्गा नक्कली कागज बनाई आफ्नो नाममा दर्ता गराएको हुँदा सार्वजनिक कायम गरी पाउँ भन्ने उजुरी परी आयोगको च.नं. ५७५ मिति २०७०।१।२५ को पत्रबाट रोक्का रहेकोमा भ्रष्टाचारजन्य कसुर अपराध भएको, सरकारी वा सार्वजनिक सम्पत्तिको दुरुपयोग र हिनामिना भएको कहींकतैबाट खुल्न आएको स्थितिसमेत देखिन नआएकोले उक्त उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९(१२) बमोजिम तामेलीमा राख्ने गरी मिति २०७४।५।१२ मा आयोगबाट निर्णय भएको देखिएको स्थितिमा यस आयोगको च.नं. ५७५ मिति २०७०।१।२५ को पत्रद्वारा सविता बर्तौला र लक्ष्मी पाण्डेको नाममा दर्ता कायम रहेका कि.नं. ५१९ र ५२० का जग्गाहरू रोक्का राखी रहनुपर्ने अवस्था नहुँदा उल्लिखित कित्ता जग्गाहरू अन्य कारणले रोक्का

राख्नुपर्ने भएमा बाहेक फुकुवा गरिदिनका लागि आयोगको मिति २०७४।१२।१६ को निर्णयानुसार सम्बन्धित निकायमा लेखी पठाइएको ।

५.२२ नेपाल सरकार तत्कालीन कृषि तथा सहकारी मन्त्रालय, कृषि उद्यम केन्द्र नेपाल उद्योग वाणिज्य महासंघ, दीर्घकालीन कृषि योजना अनुगमन तथा समन्वय कार्यक्रम अन्तर्गत स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघ मार्फत एक गाउँ एक उत्पादन कार्यक्रमका लागि छनौट भएको जिल्लाका तत्कालीन अर्जुन चौपारी र बहाकोट गाउँ विकास समितिमा सञ्चालित कफी उत्पादन कार्यक्रमका लागि उपलब्ध गराइएको आ.व.२०६८/०६९ र २०६९/०७० को विनियोजित अनुदान रकम खर्च गर्दा अनियमितता भएको भन्ने सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा लेखा राख्दा बदनियतपूर्वक काम भए गरेको नभई सरकारी रकम खर्च गर्ने र लेखा राख्ने पद्धतिमा निजी क्षेत्रका कर्मचारीलाई सबै विषयमा जानकारी नभएकोले केही कमजोरी रहे भएको देखिएको साथै अनियमित तवरबाट खर्च गरे गराएको अवस्था पुष्टि भएको रकम जम्मा रु.२,५८,४३७।- सम्बन्धित व्यक्ति एवं संस्थाको तर्फबाट राजस्व शीर्षक नम्बर १४३१२ मा भौचर नम्बर ०४९४०१२० बाट मिति २०७४।१२।४ मा दाखिला भइसकेकोले सरकारी अनुदानको रकम निजी क्षेत्रबाट खर्च गर्ने यस किसिमका कार्यक्रममा खर्च गर्दा स्वीकृत कार्यक्रम अनुसार गरिएको खर्चलाई आर्थिक ऐन, नियम, निर्देशिका तथा सार्वजनिक खरिद ऐनको व्यवस्था अनुकूल खर्च गर्ने तथा सोको आधारमा वास्तविक लेखा राख्ने लगायतको विषयमा विशेष संवेदनशील हुन र अनुदान रकम खर्च गर्दा गराउँदा अनियमितता हुन नदिन नियमित अनुगमन गर्ने समेतको कार्य र व्यवस्थाका लागि नेपाल सरकार कृषि विकास मन्त्रालय काठमाडौंमार्फत कृषि उद्यम केन्द्र नेपाल उद्योग वाणिज्य महासंघ काठमाडौंलाई आयोगको मिति २०७५।१।६ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

५.२३ जिल्ला सर्लाही बेल्वाजब्दी गा.वि.स. वडा नं. २ कि. नं. ३ को क्षेत्रफल ०-३-० को जग्गामा मोहीसमेत भएकोमा उक्त जग्गा मालपोत कार्यालय सर्लाहीबाट मिति २०६७।३।७ गतेका दिन राजीनामाको लिखत पास गराउँदा जोताहको महलमा रामशरण कलवार उल्लेख हुनुका साथै फिल्डबुकको किसानको व्यहोरामा यो जग्गा काठमाडौं बस्ने राघव विक्रमको हो मैले बटैयामा जोती आएको छु भन्ने उल्लेख हुँदाहुँदै र राजीनामाको लिखतमा मोहीको नाम, थर, वतनमा रामशरण साहको नाम उल्लेख भए तापनि जग्गाधनी पुर्जा तयार पार्दा मालपोत कार्यालय, सर्लाहीका कर्मचारीहरूले जानीजानी जोताहाको महलमा मोही (जोताह) रामशरण कलवारको नाम उल्लेख नगरेको, सो जग्गाधनी प्रमाण पुर्जा तयार गर्ने कार्यमा ना.सु. उत्तम श्रेष्ठ र ना.सु. बच्चाबावु झाको संलग्नता देखिएको, उक्त कार्यले उजुरवालाको हक जाने अवस्था नभए तापनि ना.सु. उत्तम श्रेष्ठ र ना.सु. बच्चाबावु झालाई पदीय दायित्व निर्वाह गर्दा लापरबाही गरेतर्फ जे जो गर्नुपर्ने हो सो गर्नका लागि आयोगको मिति २०७५।२।३ को निर्णयानुसार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमा लेखी पठाइएको साथै अनुसन्धानको क्रममा रोक्का राखिएको उक्त जग्गासमेत फुकुवा गरिदिन सम्बन्धित निकायमा लेखी पठाइएको ।

५.२४ अध्यक्ष मनशोभा पाण्डे रहेको सुकुम्वासी समस्या समाधान आयोगले दर्ता गरेको नवलपुर जिल्ला गैंडाकोट नगरपालिका वडा नं. १ को कि.नं. ४६४२ क्षेत्रफल ०-९-० भएको जग्गा रोक्का रहेकोले फुकुवा गरी पाउँ भनी डाँसीराम ढकालले दिएको निवेदनका सम्बन्धमा सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति नवलपरासीका तत्कालीन अध्यक्ष मनशोभा पाण्डेको कार्यकालमा भएका कामकारबाहीहरू सुकुम्बासी समस्या समाधान आयोग, २०६६ को उद्देश्यविपरीत एवं अनियमित देखिएकोले उक्त समितिद्वारा नवलपरासी जिल्लामा वितरित जग्गालाई पूर्ववत अवस्थामा राखी छानबिन गर्न र भविष्यमा पूर्व पश्चिम राजमार्गको स्तरवृद्धि हुन सक्ने भएकोले राजमार्गको दायाँ बायाँको क्षेत्रलाई वितरण नगर्न साबिकमा गठित सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति नवलपरासीलाई आयोगको मिति २०६९।९।८ को निर्णयानुसार मिति २०६९।९।१९ मा पत्राचार गरिएको, सम्मानित सर्वोच्च अदालतबाट सरकारी सार्वजनिक वन क्षेत्रभित्रको जग्गा गैरकानूनी रूपमा निवेदकहरूलाई वितरण गरी जग्गाधनी दर्ता प्रमाणपुर्जा समेत वितरण गरेको देखिएमा कानूनबमोजिम अधिकार प्राप्त निकायले हेरी छानबिन गरी उचित निकासा र निर्णय हुन सक्ने नै हुँदा सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति नवलपरासीले निवेदकहरूलाई वितरण गरेका निवेदन दाबीमा उल्लेख भएका जग्गाहरू कानूनबमोजिम धितो बन्धक राख्न, हक हस्तान्तरण समेत गर्नबाट

निवेदकहरूलाई नरोक्नु भनी आयोगले गरेको मिति २०६९।९।८ को निर्णय र पत्राचार उत्प्रेषणको आदेशले बदर गरी परमादेशको आदेशसमेत मिति २०७४।५।८ मा जारी भएकोले डाँसीराम ढकालको नाममा दर्ता रहेको गैंडाकोट वडा नं. १ख को जग्गा कि.नं. ४६४२ क्षेत्रफल ०-९-० जग्गा मनशोभा पाण्डेकै कार्यकालमा वितरण भई निजले नै प्रमाणित गरेको स्रेस्ता भएको र आयोगको प.सं. अ.नु. गंगा/२०६९।७० च.नं. ११९ मिति २०६९।९।१९ को पत्रबाट रोक्का भएको जग्गा हो भनी मालपोत कार्यालय कावासोती, नवलपरासीबाट अव्यवस्थित बसोवासीको प्रयोजनका लागि दिएको जग्गाधनी दर्ता प्रमाण स्रेस्तासमेत संलग्न राखी पठाइएको अवस्था हुँदा आयोगको च.नं.६९८ मिति २०७४।११।२१ को पत्रानुसार यी निवेदकको हकमा समेत कानूनबमोजिम गर्न मालपोत कार्यालय, कावासोती, नवलपरासीमा आयोगको मिति २०७५।२।३ को निर्णयानुसार लेखी पठाइएको ।

५.२५ सुनसरी जिल्ला बाझगरा गा.वि.स. वडा नं.२ग कि.नं. ११९ को १-८-१० रहेको जग्गा मिति २०४८।९।२१ मा मालपोत कार्यालय, सुनसरीले २०४४ सालमा मृत्यु भइसकेका ज्योतिमान शाक्यको नामबाट टीकालक्ष्मी श्रेष्ठका नाममा मालपोत कार्यालय, सुनसरीका ना.सु. प्रकाश चापागाई, ख. गणेश पोखेल, प्रमुख मालपोत अधिकृत रेशमबहादुर थापा, लेखनदास महेशरमण पोखेल समेत भएर घुस खाई, मरेको व्यक्तिको किर्ते सहीछाप गरी जग्गा पास गरेको विषयमा उजुरी परी विशेष प्रहरी विभागबाट मिति २०५२।१०।५ मा निर्णय हुँदा कर्मचारीले गैरकानूनी रकम लिनुखानु गरी भ्रष्टाचार गरेको भन्ने कतैबाट प्रमाणित हुन सकेको नदेखिए तापनि कर्मचारीहरूले ऐन, नियम र विभागीय नीति निर्देशन विचार नगरी लापरबाही गरेको देखिएको हुँदा त्यस्ता कर्मचारीलाई कसुरको मात्रा अनुसार विभागीय कारबाही गरी विशेष प्रहरी विभागमा जानकारी पठाउने गरी लेखी पठाएको, लेखनदास महेशरमण पोखेल उपर कुनै कारबाही गर्ने गरी निर्णय भए गरेको नदेखिएको, उल्लिखित कर्मचारीहरू अवकाश भइसकेको भन्ने भूमिसुधार तथा व्यवस्थापन विभागको च.नं. ७१५ मिति २०७२।९।१२ को पत्रबाट लेखी आएको आधारमा ना.सु. प्रकाशचन्द्र चापागाईकी श्रीमती लावन्यवाला देवी चापागाईंका नामको जग्गा फुकुवा गर्ने गरी आयोगको बैठकबाट मिति २०७२।१०।१७ मा निर्णय भएको, महेशरमण पोखरेलले अनुसन्धानको क्रममा धरौटी बापत द्रोणकुमार पोखरेलको नामको सुनसरी जिल्ला तत्कालीन मधेसा गा.वि.स. वडा नं. ९क कि.नं. ६११ को क्षेत्रफल ०-३-३ को जग्गा तथा ख.गणेश पोखरेलले अनुसन्धानको क्रममा धरौट बापत श्रीमती शशी पोखरेलको नामको सुनसरी जिल्ला महेन्द्रनगर गा.वि.स. वडा नं. ५क्ष को कि.नं. ११ को क्षेत्रफल ०-९-० को जग्गा जेथा जमानतमा राखेकोमा उक्त जग्गा अनुसन्धानको क्रममा रोक्का रहेको देखिएकोले उक्त जग्गाहरू रोक्का राखिरहनुपर्ने अवस्था नहुँदा उक्त रोक्का रहेको कि.नं ६११ र कि. नं. ११ का जग्गाहरूको रोक्का फुकुवा गर्न आयोगको मिति २०७५।२।२१ को निर्णयानुसार सम्बन्धित कार्यालयमा लेखी पठाइएको ।

५.२६ मनमानेश्वरी गुठीको जग्गा व्यक्तिको नाममा दर्ता गरेको भन्ने समेत विषयको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा साबिक का.जि.का.म.न.पा.वडा नं. २३ (म) स्थित साबिक कि.नं. ४९ र ७३ हाल नगर ४ सिट नं.१०२-१०२६-०५ कि.नं.४७,६६५,६६७ तथा सिट नं.१०२-१०२६-०४ कि.नं.१७१, १७३ को दर्ता बाँकी जग्गा मालपोत कार्यालय, डिल्लीबजारको मिति २०६७।६।१० को निर्णयले मोही बाबुराम कार्कीका हकदार पूर्णबहादुर कार्की र राधा कार्कीको नाममा संयुक्त रैकर परिणत दर्ता नामसारी भएको, सम्मानित काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।८।१४ मा वादी दाबी बमोजिम निर्णय बदर हुने ठहरी फैसला भएको, पुनरावेदन अदालत पाटनमा पुनरावेदन परी मिति २०६९।११।८ मा वादी दाबी छाडी मालपोत कार्यालय, डिल्लीबजारबाट मिति २०६७।६।१० मा भएको निर्णय कायम रहने गरी मिलापत्र भई हक कायम समेत भइसकेको अवस्था रहेको ।

ललितपुर जिल्ला, ललितपुर नगरपालिका वडा नं.४ बस्ने वर्ष ४३ को किरणमान प्रधानसमेत प्रतिवादी गुठी संस्थान ऐन, २०३३ अनुसार गुठी तहसिल केन्द्रीय कार्यालय, गुठी संस्थानसमेत भएको दर्ता बदर समेत मुद्दामा सम्मानित सर्वोच्च अदालतको मिति २०५७।५।७ को फैसला बमोजिम मनमानेश्वरी गुठीको नाममा देखिएका जम्मा १०४ रोपनी जग्गाहरू हाल के कुन् अवस्थामा रहेका छन् यकिन गरी गुठी संस्थान ऐन,

२०३३ बमोजिम आवश्यक संरक्षण एवं व्यवस्थापन गर्नु गराउनु भनी आयोगको मिति २०७५।२।२५ को निर्णयानुसार गुठी संस्थान केन्द्रीय कार्यालय, त्रिपुरेश्वरलाई सुझाव लेखी पठाइएको ।

५.२७ काठमाडौं जिल्ला, साबिक काठमाडौं नगर, वडा नं.२२(ङ) कित्ता नम्बर २५, क्षेत्रफल ०-९-०-० र कित्ता नम्बर २६, क्षेत्रफल ०-१-२-० जम्मा क्षेत्रफल ०-१०-२-०, हरिकुमारी शाहको नाममा रहेको जग्गा मालपोत कार्यालय डिल्लीबजारको मिति २०६३।८।८ को निर्णयले हालसाबिक गर्दा उक्त कित्ता नम्बर २५ सँग जोडिएको सार्वजनिक जग्गासमेत घुसाई हालसाबिक गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ६(घ) र जग्गा (नाप जाँच) नियमावली, २०५८ को नियम १२ मा साबिक बाटो वा कुलो परिवर्तन भएमा वा सम्बन्धित व्यक्तिले आफ्नो जग्गा छाडी साबिक बाटो वा कुलो विस्तार गरेको कारणले साबिक बाटो वा कुलो प्रयोगमा नआउने अवस्था परी सच्याउन चाहेमा सम्बन्धित व्यक्तिको निवेदनका आधारमा नियम ११ बमोजिमको समितिको सिफारिसमा दर्ता स्रेस्ता मिलाउन सक्ने कानूनी व्यवस्था रहेको, नापी गोश्वाराले स्रेस्ता कागजात सम्बन्धित मालपोत कार्यालयमा बुझाइसकेको अवस्थामा उल्लिखित दर्ता स्रेस्ता मिलाउने कार्य सम्बन्धित मालपोत कार्यालयले मालपोत नियमावली, २०३६ को नियम ४(ख) को समितिमा पेस गरी समितिको सिफारिसबमोजिम गर्नुपर्ने व्यवस्था जग्गा प्रशासन कार्यविधि, २०६२ को भाग ३, परिच्छेद ३ को बुँदा नं. ३.१५ मा रहेको, व्यक्तिले आफ्नो साबिक जग्गाबाट बाटोमा छाडी साबिक बाटोबाट आफ्नो कित्तामा क्षेत्रफल समावेश गरेको अवस्थामा बाटोमा छाडेको क्षेत्रफल र बाटोबाट लिएको क्षेत्रफल समेत करिब-करिब बराबर रहेको र मालपोत नियमावली, २०३६ को नियम ४(ख) को समितिमा राखी समितिको सिफारिसबमोजिम स्रेस्ता मिलान नगरी नाप नक्सा भई फिल्डबुक कायम भएबमोजिम सोझै हालसाबिक दर्ता गरेको, जग्गाधनीले साबिकभन्दा निकै कम क्षेत्रफल जग्गा दर्ता गर्न मञ्जुर भई हालसाबिक दर्ता भएको, जग्गाधनीले बाटोमा छाडेको क्षेत्रफल र साबिक बाटोमध्येबाट लिएको क्षेत्रफल समेत बराबर रहेको, सट्टापट्टा गरी स्रेस्ता मिलाउन सक्ने कानूनी व्यवस्था हुँदाहुँदै सोतर्फ कुनै कारबाही नचलाई सोझै हालसाबिक दर्ता भएको अवस्थामा नेपाल सरकारलाई जग्गाको क्षेत्रफलमा घाटा/हानि-नोक्सानी नभएको देखिए तापनि प्रक्रियागत त्रुटि रहेको अवस्था देखिएकोले उल्लिखित हालसाबिक दर्ता प्रक्रियामा संलग्न कर्मचारी उपर जो जे बुझ्नुपर्ने हो बुझी आवश्यक कारबाही गर्न कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमा आयोगको मिति २०७५।२।२५ को निर्णयानुसार सुझाव लेखी पठाइएको।

५.२८ धनुषा जिल्ला, जनकपुर उप-महानगरपालिका, वडा नं.१, सिट नं. १३५६-१९ कित्ता नम्बर ७१,ज.वि. १-२-१०-१ को जग्गा नक्कली घरबाटो सिफारिस लिई उप-महानगरपालिकालाई बुझाउनुपर्ने राजस्व पनि नबुझाई मालपोत कार्यालय धनुषाको मिलेमतोमा उक्त जग्गा हालसाबिक गरी बिक्री गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा स्थानीय निकायमा बुझाउनुपर्ने घरजग्गा कर बुझाई रजिष्ट्रेसन पारित गर्ने प्रयोजनका लागि सम्बन्धित जग्गाको घरबाटो सिफारिस मालपोत कार्यालयमा पेस गर्ने दायित्व सम्बन्धित जग्गाधनीको भएकोमा सरकारी कागज, छाप, हस्ताक्षर किर्ते गरी घरजग्गाको विवरणमा समेत फरक पारी नक्कली घरबाटो सिफारिस पत्र मालपोत कार्यालयमा पेस गरी बच्चाप्रसाद सिंहको नामको जग्गामध्ये कित्ता नम्बर ७१ क्षेत्रफल १-२-१०-१ जग्गाको लिखत पारित भई बिक्री वितरण हुँदा छली हुन गएको अ.व. २०७३/०७४ सम्मको घरजग्गा कर रु.१,६३,५४,३०८/४९, घरको मूल्य बापतको रजिष्ट्रेसन दस्तुर रु.४३,६९८।०८, घरबाटो सिफारिस दस्तुर रु.६१०।- बुझाउने दायित्व सम्बन्धित जग्गाधनीको नै हुने, जग्गाधनी बच्चाप्रसाद सिंहले नगरपालिकामा बुझाउनुपर्ने घरजग्गा कर, जरिवाना, सिफारिस दस्तुर जनकपुर उपमहानगरपालिकामा दाखिला गरी उक्त उपमहानगरपालिकाबाट फुकुवा नभएसम्म निजको स्वामित्व तथा निजको नाममा दर्ता जग्गाहरू कुनै प्रकारले हक हस्तान्तरण गर्न नपाउने गरी रोक्का राख्न साथै बच्चाप्रसाद सिंहले नक्कली घरबाटो सिफारिसका आधारमा बिक्री गरेको घरको मूल्य बापतको रजिष्ट्रेसन शुल्क रु.६३,६९८।०८, तथा जरिवाना-हर्जाना ब्याजसहित असुलउपर नहुँदासम्म उल्लिखित कित्ता नम्बर ७१ को जग्गासमेत कुनै प्रकारले हक हस्तान्तरण हुन नपाउने गरी रोक्का राख्न आयोगको मिति २०७५।२।२५ को निर्णयानुसार मालपोत कार्यालय धनुषामा लेखी पठाइएको ।

५.२९ जिल्ला बाँके साबिक नेपालगंज नगरपालिका वडा नं. ८ (घ) कित्ता नं ६५० भएको प्रेमकुमारी थारुको जग्गा रोक्का राखी मध्यपश्चिमाञ्चल ग्रामीण विकास बैंक कोहलपुर शाखाबाट रु.४०,०००।- ऋण लिएकोमा सो को सावाँ ब्याज भुक्तानी नहुँदै जग्गा फुकुवा गरी भ्रष्टाचार गरी बैंकलाई हानि नोक्सानी पुऱ्याएको भन्ने उजुरीका सम्बन्धमा उक्त ऋण लिएको रकमको सावाँ ब्याजसमेत गरी मिति २०७०।११।१ मा र.नं. ७५४९ वाट रु.१,०६,६७०।- मध्यपश्चिमाञ्चल ग्रामीण विकास बैंक कोहलपुरमा दखिला भइसकेको देखिंदा बैंकलाई हानि नोक्सानी नभए तापनि वरिष्ठ सहायक पदमा कार्यरत लिलाधर रावतले आफ्नो पदीय जिम्मेवारी पूरा नगरी गैरजिम्मेवार हिसाबले काम गरेको र निजले पेस गरेको स्पष्टीकरणबाट देखिएकोले निजलाई जो जे कारबाही गर्नुपर्ने हो गरी सोको जानकारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई गराउनु भनी आयोगको मिति २०७५।२।२५ को निर्णयानुसार मध्यपश्चिमाञ्चल ग्रामीण विकास बैंकको केन्द्रीय कार्यालयलाई सुझाव लेखी पठाइएको ।

५.३० बझाङ जिल्लाका ४७ वटै गा.वि.स. मा सुपथ मूल्य सहकारी पसल खोल्ने सरकारी नीति अनुरूप म्यादभित्र पर्न आएका रीतपूर्वकका ४७ वटा निवेदनहरू जिल्ला पसल व्यवस्थापन समितिबाट पास भई सम्झौता पश्चात ४७ वटा सहकारी संस्थाहरूलाई एक/एक लाखका दरले अनुदान रकम एकाउण्टपेयी चेकद्वारा भुक्तानी दिइएकोमा नौ (९) वटा सहकारी संस्थाद्वारा सञ्चालित सुपथ मूल्य पसल सञ्चालनमा रहिरहेको, सुपथ मूल्य पसल सञ्चालनका लागि अनुदान रकम लिई पसल सञ्चालन नगर्ने पच्चीस (२५) वटा सहकारी संस्थाका सञ्चालकहरूले सुपथ मूल्य पसल सञ्चालनसम्बन्धी (संशोधनसहित) नियमावली, २०६५ को नियम ५(घ) बमोजिमको सावाँ ब्याज रकम डिभिजन सहकारी कार्यालय डोटीको राष्ट्रिय वाणिज्य बैंक लि. डोटी शाखामा रहेको राजस्व शीर्षक नं. १४५२२ (अन्य राजस्व खाता) मा जम्मा गरेको, तेह्र (१३) वटा सहकारी संस्थाका सञ्चालकहरूले सुपथ मूल्य पसल सञ्चालनका लागि कृषि विकास कार्यालय, बझाङबाट एक/एक लाख रुपैयाँ अनुदान रकम लिई सुरुमा सुपथ मूल्य पसल सञ्चालन गरी केही समयपछि बन्द गरेकोमा नियमानुसार सावाँ ब्याज रकम फिर्ता गरेको नदेखिएकोले सञ्चालनमा रहिरहेका सुपथ मूल्य पसलहरूको हकमा सुपथ मूल्य पसल सञ्चालनसम्बन्धी (संशोधनसहित) नियमावली, २०६५ को नियम ८ बमोजिम अनुगमन हुन र अनुदान रकम लिई सुपथ मूल्य पसल सञ्चालन नगर्ने सहकारी सञ्चालकहरू उपर सोही नियमावलीको नियम ५(ग) को उपनियम (३) बमोजिम हुनुपर्ने देखिंदा उक्त कानूनी व्यवस्था अनुरूप जो जे गर्नुपर्ने हो सो अनुसार गर्नका लागि आयोगको मिति २०७५।३।७ को निर्णयानुसार सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

## ६. गृह मन्त्रालय अन्तर्गत

६.१ माँ भगवती स्यालो ट्युबबेल जल उपभोक्ता समिति सप्तरीका अध्यक्ष अनिल कुमार देवले भूमिगत जलस्रोत विकास समिति, शाखा कार्यालय लहानबीच भएको सम्झौता अनुरूप काम सम्पन्न नगरी किर्ते दस्तखत गरी रकम झिकी हिनामिना गरेको भन्ने विषयको उजुरीउपर अनुसन्धान तहकिकात हुँदा भूमिगत जलस्रोत विकास समिति, शाखा कार्यालय लहानका तर्फबाट कार्यालय प्रमुख वैद्यनाथप्रसाद चौरसिया र माँ भगवती स्यालो ट्युबबेल जल उपभोक्ता समितिको तर्फबाट अध्यक्ष अनिलकुमार देवबीच मिति २०६६।१०।२४ मा स्यालो ट्युबबेलमार्फत सिंचाइ सुविधा उपलब्ध गराई सप्तरी जिल्ला विषहरिया गा.वि.स. वडा नं. ८ स्थित खेतीयोग्य जग्गाको उत्पादनमा वृद्धि ल्याउनका लागि सम्झौता भई तत्कालीन **NIC Bank (**हाल **NIC ASIA Bank)** लाहान शाखामा माँ भगवती स्यालो ट्युबबेल जल उपभोक्ता संस्थाको नाममा भूमिगत जलस्रोत विकास समिति शाखा कार्यालय लहानका प्रमुख वैद्यनाथप्रसाद चौरसिया र संस्थाका अध्यक्ष अनिलकुमार देवको संयुक्त दस्तखतबाट संचालन हुने गरी खोलिएको बैंक खाताबाट विभिन्न मितिमा संस्थाका अध्यक्ष अनिलकुमार देवद्वारा कार्यालय प्रमुखको किर्ते हस्ताक्षर समेत गरी रकम निकालेको पुष्टि भएको र उक्त कार्य मुलुकी ऐन किर्ते कागजको महलका साथै बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को प्रावधान विपरीत समेत देखिएको हुँदा निज अनिलकुमार देव उपर प्रचलित कानूनबमोजिम आवश्यक कारबाहीका लागि आयोगको मिति २०७४।५।८ को निर्णयानुसार आवश्यक कागजातसहित जिल्ला प्रहरी कार्यालय सप्तरीमा लेखी पठाइएको ।

६.२ सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हलचोकमा पुस्तकालय तथा संचार भवन निर्माणका लागि ठेक्का सम्झौता भएपश्चात उक्त भवनलाई सशस्त्र प्रहरी महानिरीक्षकको सचिवालय बनाउने प्रयोजनार्थ थप पाँच प्रकारका कार्यहरू गराउन सहरी विकास तथा भवन निर्माण विभाग काठमाडौंबाट २०७२/०७३ मा पारित दररेटको आधारमा दर विश्लेषण गरी फरक फरक प्रकृतिको कामका लागि फरक फरक दररेट तयार गरी दररेट/लागत अनुमान तयार गरेको, उक्त लागत अनुमान रकम, कार्य सम्पन्न गर्नका लागि प्रयोग भएको सामग्रीको गुणस्तर र बजार मूल्य समेतलाई हेर्दा अनियमितता भएको भन्न सकिने अवस्था नदेखिए तापनि एकै संरचनाभित्र सम्पादन गरिने कार्य गर्दा/गराउँदा एकै पटक बोलपत्रको माध्यमबाट सम्पादन गराउनुपर्नेमा सो नगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम शिलबन्दी दरभाउपत्रको माध्यमबाट गराएको देखिंदा उक्त कार्य नियमसम्मत मान्न सकिने नदेखिएकोले प्रस्तुत सन्दर्भमा टुक्रा टुक्रा गरी निर्माणसम्बन्धी काम कारबाही भए गरेको देखिँदा अब उप्रान्त टुक्रा टुक्रा गरी खरिद तथा निर्माणसम्बन्धी काम कारबाही नगर्न/नगराउनका लागि आयोगको मिति २०७४।५।२६ को निर्णयानुसार सशस्त्र प्रहरी बल प्रधान कार्यालय हलचोक, काठमाडौंलाई सुझाव लेखी पठाइएको ।

६.३ जिल्ला प्रहरी कार्यालय, रौतहट मातहत सीमा प्रही चौकी बन्जरहा दरबन्दी भई हाल राजीनामा स्वीकृत भएका प्रहरी कार्यालय सहयोगी विनोद महतोले प्राप्त गरेको आफ्नो सक्कल नागरिकताको प्रमाणपत्रमा भएको विवरणमा आफूखुसी जन्ममिति थपघट गर्ने, सच्चाउने कार्य गरी नेपाल नागरिकता ऐन, २०६३ को दफा २१ को उपदफा (४) बमोजिमको कसुर गरेको खुल्न आएको साथै प्रस्तुत कसुर सरकारी मुद्दासम्बन्धी ऐन, २०४९को अनुसूची-१ बमोजिमको कसुर भएको देखिएको र सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची-१ बमोजिमको कसुरको अनुसन्धान तहकिकात गर्ने कार्यक्षेत्र नेपाल प्रहरीको भएकाले निज विनोद महतोले जिल्ला प्रशासन कार्यालय, रौतहटबाट प्राप्त गरेको नागरिकताको प्रमाणपत्र र निजको बयान कागजको सक्कलै प्रति तथा मिसिलसाथ रहेका अन्य कागजातहरूको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी कानूनबमोजिम अनुसन्धान एवं आवश्यक कानूनी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय, रौतहटलाई आयोगको मिति २०७४।६।२ को निर्णयानुसार लेखी पठाइएको ।

६.४ आयोगमा दर्ता हुन आएको उज्वेक नागरिक **Nazokat Zaripova** लाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कर्मचारीहरूको मिलेमतोमा **Overstay** बापतको जरिवाना तथा शुल्क नै नतिराई किर्ते भिसाको आधारमा आफ्नो देश फर्काउन थालिएको भन्ने समेत व्यहोराको उजुरी निवेदन उपर अनुसन्धान तहकिकात हुँदा भिसा/स्टिकर नं. १००२३२ बाट ३० सेप्टेम्बर २०१३ मा ९० दिने पर्यटक भिसामा नेपाल आएकोमा करिब ४ वर्ष गैरकानूनी रूपमा नेपालमा रही १० जुलाई २०१७ मा सोही **AA** १९०४७४१ पासपोर्ट १०००२३२ नम्बरकै भिसा/स्टिकरमा **Issue date** १७ अप्रिल २०१७ र **Expiry Date** १५ जुलाई २०१७ लेखिएको भिसा लिएर स्वदेश फर्कन लागेको बखत त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट नियन्त्रणमा लिई अध्यागमन विभागको हिरासतमा राखिएकोमा काठमाडौं जिल्ला अदालतको मिति २०७४।४।१० को फैसलाबमोजिम निजले १५ दिन कैद र रु. ५०००।- जरिवाना भुक्तान गरिसकेको हुँदा थुनामुक्त गरिदिने भन्ने आदेश भएको र निजले **Overstay** बापतको नियमानुसारको जरिवानासमेत तिरिसकेपछि नियमानुसार नै निजलाई स्वदेश फिर्ता गरिएको देखिएकोले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका सम्बन्धित कर्मचारीहरूले मिलेमतो गरी नियतबस गैरकानूनी रूपमा नेपालमा रहे बसेकी निज उज्वेक नागरिकलाई बिना कारबाही फिर्ता पठाउन खोजेको भन्ने आरोप पुष्टि हुन नसके तापनि अध्यागमन कार्यालयबाट भिसा छाप लगाउँदा नक्कली बनाउन नसक्ने किसिमको (**Security Seal)** बनाउने पद्धति नहुनु, विमानस्थलमा नक्कली भिसा जाँच गर्ने कुनै प्रविधि प्रयोग नहुनु एवम् ४/४ वर्षसम्म बिना भिसा विदेशी मान्छे नेपालमा रहँदा डुल्दासमेत राज्य संयन्त्रलाई जानकारी नहुनु/खोजतलास नहुनु सम्बन्धित निकायको कमजोरी रहेकोले यस किसिमका कमी कमजोरीमा आवश्यक सुधार गर्न गृह मन्त्रालयलाई र नक्कली भिसा बनाउने काममा संलग्नहरू पत्ता लगाई नियमानुसार आवश्यक कारबाही गर्न नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्युरो (**CIB)** लाई आयोगको मिति २०७४।७।१६ को निर्णयानुसार लेखी पठाइएको ।

६.५ मिति २०७४।६।८ गते महानगरीय प्रहरीवृत्त, बालाजुमा कार्यरत प्रहरी सहायक निरीक्षक चन्द्रसिंह भाट, इलाका प्रहरी कार्यालय, फर्पिङमा कार्यरत प्रहरी हवल्दार मनोजकुमार यादव, महानगरीय प्रहरी प्रभाग,

बालसुधार गृह, ठिमी, भक्तपुरमा कार्यरत प्रहरी जवान पुष्करबहादुर शाह तथा आफूलाई प्रहरी कर्मचारी भएको बताउने विन्दावासिनी बालुवा डिपो सञ्चालक विनोद थापा बगालेले महानगरीय प्रहरीवृत्त, बालाजुको जिम्मेवारी इलाकाभन्दा बाहिर महानगरीय प्रहरीवृत्त, महाराजगञ्जको इलाका क्षेत्रमा रहेको काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं. २ स्थित जिल्ला धनकुटा साबिक बोधे गा.वि.स. वडा नं. ६ हाल चौबीसे बोधे गाउँपालिका वडा नं. ५ स्थायी वतन भएका गंगा देवानको डेराकोठामा अनधिकृतरूपमा प्रवेश गरी विभिन्न किसिमले डर, त्रास देखाई, जोरजुलुम गरी प्रहरीको रेडियो सेट समेत देखाई "प्रहरी हौं, भनेजस्तो गरे ठीक छ, नभए सपरिवारलाई सडाइदिन्छौं" भनी डर, त्रास देखाई, हतकडी लगाई, बल प्रयोग गरी तथा थप बल प्रयोग गर्ने थम्की समेत दिई घरडेराबाट जबर्जस्ती नियन्त्रणमा लिई आफूहरूले लिइगएको मोटरसाइकलमा जबर्जस्ती राखी विनोद थापा बगालेले सञ्चालन गरेको तारेश्वर नगरपालिका वडा नं. १०, मनमैजुस्थित विन्दावासिनी नामको बालुवा डिपोमा लगी गंगा देवानको मञ्जुरी बिना करिब २ घण्टासम्म गंगा देवानलाई राखेको, गंगा देवानको श्रीमती विनिता देवानको नाममा रहेको एस.बी.आई. बैंकको एटीएम कार्ड र सोको सुरक्षा पिनकोर्ड समेत जबर्जस्ती लिई निजको उक्त एटीएम कार्डबाट रु.४०,०००।- रकम र गंगा देवानको खल्तीबाट खाजा खाने बहानामा जबर्जस्ती रु.१,०००।- रकम समेत प्रहरी सहायक निरीक्षक चन्द्रसिंह भाट, प्रहरी हवल्दार मनोजकुमार यादव, प्रहरी जवान पुष्करबहादुर शाह र विनोद थापा बगाले समेतले लिए खाएको पुष्टि भएकोले माथि उल्लिखित कार्यहरू प्रचलित अपहरण तथा शरीर बन्धकसम्बन्धी ऐनमा परिभाषित अपराध अन्तर्गतको कार्य भएको देखिँदा निज गंगा देवानलाई गैरकानूनी नियन्त्रणमा लिई कानूनविपरीत बालुवा डिपोमा राखी निजहरूको कब्जाबाट मुक्त गरिदिने कार्यका लागि रु.२० लाखसम्म रकम माग गर्ने तथा निज गंगा देवानकी श्रीमती विनिता देवानको नाममा रहेको एस.बी.आई. बैंकको एटीएम कार्ड र सोको सुरक्षा पिनकोर्ड समेत जबर्जस्ती लिई निजको उक्त एटीएम कार्डबाट रु.४०,०००।- रकम र गंगा देवानको खल्तीबाट खाजा खाने बहानामा जबर्जस्ती रु. १,०००।- रकम समेत लिई खाने कार्यमा संलग्न महानगरीय प्रहरीवृत्त, बालाजुमा कार्यरत प्रहरी सहायक निरीक्षक चन्द्रसिंह भाट, इलाका प्रहरी कार्यालय, फर्पिङमा कार्यरत प्रहरी हवल्दार मनोजकुमार यादव, महानगरीय प्रहरी प्रभाग, बालसुधार गृह, ठिमी भक्तपुरमा कार्यरत प्रहरी जवान पुष्करबहादुर शाह तथा आफूलाई प्रहरी कर्मचारी भएको बताउने विन्दावासिनी बालुवा डिपो सञ्चालक विनोद थापा बगाले समेत उपर प्रचलित अपहरण तथा शरीर बन्धकसम्बन्धी ऐनबमोजिम आवश्यक कारबाही गर्न आयोगको मिति २०७४।७।१९ को निर्णयानुसार महानगरीय प्रहरी परिसर, काठमाडौंमा लेखी पठाइएको ।

६.६ तत्कालीन पञ्चायती व्यवस्थाको समयमा राप्ती अञ्चल युवालय युवा सामुदायिक भवन तुल्सीपुर दाङको नाममा रहेको जग्गाको वैधानिक स्रेस्ता हटाई जगतबहादुर खत्री समेतले कर्मचारीहरूको मिलेमतोमा आफ्नो नाममा दर्ता गरी बिक्री गरेको भन्ने समेतको उजुरीउपर अनुसन्धान तहकिकात हुँदा सो उजुरीका सम्बन्धमा आयोगको निर्णय संख्या ३३२ मिति २०७०।१०।७ को बैठकबाट निर्णय भई जिल्ला प्रहरी कार्यालय दाङलाई आयोगको च.न.१७२८ मिति २०७०।१०।२९ को पत्रबाट सुरुका जग्गाधनी कायम भएका जगतबहादुर खत्री र निजको नाममा स्रेस्ता कायम गरे गराएतर्फ संलग्न व्यक्ति, तत्कालीन स्थानीय निकायका पदाधिकारी र कर्मचारीसमेतलाई मुलुकी ऐन, किर्ते कागजको महल एवं सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिम तत्काल कारबाही प्रारम्भ गर्ने भनी निर्णय कार्यान्वयनका लागि पत्राचार गरेकोमा उक्त व्यहोराको पत्र प्राप्त नभएको भनी जिल्ला प्रहरी कार्यालय दाङको च.न.१५७९ मिति २०७३।९।३ गतेको पत्रबाट खुल्न आएकोले आयोगबाट गरिएको पूर्ववत निर्णयमध्ये किर्ते गरेतर्फ कानूनी कारबाही गर्ने विषय हालसम्म पनि कार्यान्वयन नभएको देखिएको हुँदा सो निर्णय कार्यान्वयनका लागि आयोगको मिति २०७४।७।२७ को निर्णयानुसार जिल्ला प्रहरी कार्यालय दाङलाई लेखी पठाइएको ।

६.७ पूर्व क्षेत्रीय प्रहरी पूर्वाञ्चल क्षेत्रका जिल्ला प्रहरी कार्यालयहरू भोजपुर, धनकुटा, संखुवासभा, खोटाङ, मोरङ, सोलुखुम्बु, झापा र सो कार्यालय मातहतका (क) इलाका प्रहरी कार्यालयहरूमा प्रहरी जवानबाट प्रहरी हवल्दार र प्रहरी हवल्दार पदबाट प्रहरी सहायक निरीक्षकमा बढुवा भई रिक्त रहेका, सरुवा भई अन्यत्र रमाना भई गएका र विगतदेखि रिक्त रहँदै आएका र थप भएका दरबन्दीहरूमा इलाका प्रहरी कार्यालयका प्रमुख र लेखापालको मिलेमतोमा कर्मचारीहरूको रुजु हाजिर नहेरी आर्थिक वर्ष २०६९/७० मा किर्ते

कर्मचारी संख्या देखाई रासन तथा तलब निकाली करोडौं रुपैयाँ भ्रष्टाचार गरेको भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा आ.व. ०६९/७० मा इलाका प्रहरी कार्यालय चैनपुर, संखुवासभा, इलाका प्रहरी कार्यालय दिल्पा भोजपुर, इलाका प्रहरी कार्यालय दिङ्गला, भोजपुर, इलाका प्रहरी कार्यालय वोयाङ भोजपुर, इलाका प्रहरी कार्यालय छिन्ताङ, धनकुटाका लेखापाल (प्र.स.नि.) हरूबाट भूलबस बढी खर्च लेखिन गएको स्वीकार गरी राजस्व खातामा बढी खर्च लेखिन गएको रकम दाखिला गरेको सक्कल बैंक भौचर आयोगमा प्राप्त हुन आएको र अन्य जिल्ला प्रहरी कार्यालय धनकुटा (अन्तर्गतका इ.प्र.का.राजारानी), संखुवासभा, खोटाङ (अन्तर्गतका इ.प्र.का.हरू खोटाङ बजार, ऐंसेलुखर्क तथा चिसापानी), भोजपुर, झापा (अन्तर्गतका इ.प्र.का.हरू दमक, अनारमनी, झिलझिले, काँकडभिट्टा तथा गौरीगंजसमेत) को हकमा अनियमितता रहे/भएको पुष्टि हुन नआए तापनि प्रहरी कर्मचारीहरूले पाउने तलब, भत्ता, रासन लगायतका भुक्तानीको सम्बन्धमा प्रचलित ऐन, कानून एवं कार्यविधिको पालना गर्न गराउनका लागि आवश्यक सतर्कता अपनाई दोहोरो भुक्तानी नहुने व्यवस्था कडाइका साथ लागू गर्न आयोगको मिति २०७४।९।३ को निर्णयानुसार प्रहरी प्रधान कार्यालयलाई सुझाव लेखी पठाइएको ।

६.८ गृह मन्त्रालयको पत्रसाथ आयोगमा प्राप्त हुन आएको जिल्ला प्रशासन कार्यालय महोत्तरीको आर्थिक वर्ष २०६९/७० को राहदानी राजस्व बापतको रकम अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान र कारबाही हुन भनी लेखी आएको उजुरी व्यहोराका विषयमा अनुसन्धान तहकिकात हुँदा रकम अनियमितता भएको नदेखिए तापनि राजस्व आम्दानीको हिसाब र स्रेस्ता राख्ने तरिका, प्रक्रिया तथा पद्धतिमा केही त्रुटि तथा कमजोरी रहेको देखिएको र राखिएको स्रेस्ता अनुसारका कागजातहरूको आधारमा वास्तविकता यकिन गरी गराई हिसाबको समयमै फरफारक गर्ने गराउनेतर्फ सम्बन्धित निकाय र पक्षहरूको सक्रियता र सहयोग नभएको कारण नै अन्योलता, दुविधा र रकम कारोबारको यकिन हिसाब किताबमा कठिनाइ उत्पन्न भएको देखिएकाले माथि उल्लिखित तथ्यहरूको समग्रतामा कार्यालयमा राखिएका स्रेस्ता कागज तथा अभिलेखहरूलाई प्रष्ट्याई यकिन प्रतिवेदनसहित संपरीक्षण वा जो जे गर्नुपर्ने हो गरी हिसाब फरफारक गर्न गराउन र प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा राहदानी आवेदन दर्ता रजिष्टर जस्तो महत्वपूर्ण र आधारभूत अभिलेखको रूपमा रहने अभिलेख डायरी राख्दा यथार्थ व्यहोरा देखिने गरी अभिलेख नराखी त्रुटिपूर्ण ढंगले **Numbering** गरिएको, रसिद नियन्त्रण खाता बिना नै रसिदहरूको प्रयोग भएको देखिएको, जम्मा भएको राजस्व रकम समयमा नै बैंक दाखिला गर्नुपर्नेमा आर्थिक वर्षको अन्तमा मात्र हिसाब मिलान गर्ने गरेको देखिएको, राजस्व आम्दानी दैनिक प्राप्ति खाताको प्रयोगमा पनि पूर्ण विवरण अनुसारको व्यहोरा प्रविष्ट नगरेको, कारोबार खाता प्रमाणित गरी राख्नुपर्नेमा सो भए गरेको नदेखिएको, राहदानी अभिलेख पुस्तिकामा राजस्वको रसिद एवं विवरणसहितको अभिलेख नराखिएको जस्ता त्रुटिहरू देखिन आई समग्रमा आर्थिक ऐन नियम र निर्देशिकाको व्यवस्था अनुसार एवं लेखाका मान्य सिद्धान्त अनुसारको लेखा अभिलेख दुरुस्त रूपमा राखेको नपाइएकोले यस किसिमका समस्याहरूलाई आगामी दिनमा नदोहोऱ्याउन, आवश्यक सतर्कता र सचेतना अपनाउन र आर्थिक एवं प्रशासनिक कारोबारका हरेक विषयलाई वस्तुगत, पारदर्शी र व्यवस्थित रूपमा सञ्चालन र व्यवस्थापन गर्न गराउनका लागि सबै जिल्ला प्रशासन कार्यालयहरूमा निर्देशन दिनसमेत आयोगको मिति २०७४।१२।१ को निर्णयानुसार गृह मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

६.९ मालपोत कार्यालय गोरखाका नाउँमा रहेको जग्गा अतिक्रमण भएको भन्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय गोरखाको च.नं. २४२ मिति २०७०।४।३१ को पत्रसाथ प्राप्त द.नं ३८०/२०७१/०७२ को उजुरीका सम्बन्धमा मालपोत कार्यालय गोरखाका नाउँमा रहेको कुल क्षे.फ. २-०-०-०- जग्गामध्ये ०-४-३-१ जग्गा मालपोत कार्यालयको नक्सा अनुसार अपुग रहेको पाइएको, अपुग रहेको जग्गा अतिक्रमण गरेको देखिएकोले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ५ को उपदफा (५) को देहाय खण्ड (ग) एवं ऐ. ऐनको दफा ९ को उपदफा (६क) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ को कानूनी व्यवस्थाले त्यस्ता सरकारी एवं सार्वजनिक जग्गाको संरक्षण गर्ने गराउने तथा अतिक्रमण हुन नदिने र अतिक्रमण भएको अवस्थामा अतिक्रमण हटाई सरकारी जग्गाको संरक्षण गर्ने लगायतको कर्तव्य, दायित्व जिम्मेवारी एवं अधिकार प्रमुख जिल्ला अधिकारी एवं स्थानीय निकायलाई कानूनले निरोपित गरेको हुँदा सम्बन्धित निकाय र पदाधिकारीहरूले आपसी सल्लाह र समन्वयमा कानूनबमोजिम जे जो गर्नुपर्ने हो गरी

मालपोत कार्यालयको नाउँको सरकारी जग्गाको अविलम्ब संरक्षण गर्न गराउन आयोगको मिति २०७४।१२।१ को निर्णयानुसार प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यालय गोरखा एवं गोरखा नगरपालिकाको कार्यालय गोरखालाई लेखी पठाइएको ।

६.१० धनुषा जिल्ला, जनकपुर उप-महानगरपालिका, वडा नं.१, सिट नं. १३५६-१९ कित्ता नम्बर ७१,ज.वि. १-२-१०-१ को जग्गा नक्कली घरबाटो सिफारिस लिई उप-महानगरपालिकालाई बुझाउनुपर्ने राजस्व पनि नबुझाई मालपोत कार्यालय धनुषाको मिलेमतोमा उक्त जग्गा हालसाबिक गरी बिक्री गरेको भन्नेसमेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा स्थानीय निकायमा बुझाउनुपर्ने घरजग्गा कर बुझाई रजिष्ट्रेसन पारित गर्ने प्रयोजनका लागि सम्बन्धित जग्गाको घरबाटो सिफारिस मालपोत कार्यालयमा पेस गर्ने दायित्व सम्बन्धित जग्गाधनीको भएकोमा सरकारी कागज, छाप, हस्ताक्षर किर्ते गरी घरजग्गाको विवरणमा समेत फरक पारी नक्कली घरबाटो सिफारिस पत्र बनाएको, नगरपालिकाको चलानी किताबसँग चलानी नम्बर नभिड्ने, नगरपालिकाको शाखा अधिकृतको हस्ताक्षर केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट परीक्षण हुँदा उक्त हस्ताक्षर शाखा अधिकृत गणेशप्रसाद यादवको हस्ताक्षरसँग नमिल्ने भनी परीक्षण प्रतिवेदन प्राप्त हुन आएबाट विधि विज्ञान प्रयोगशालाको सक्कल परीक्षण प्रतिवेदनसहित उक्त सक्कल घरबाटो सिफारिस पत्र समेतका कागजातहरू सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ बमोजिम सरकारी छाप र दस्तखत किर्तेतर्फ आवश्यक अनुसन्धान गर्नक लागि आयोगको मिति २०७५।२।२५ को निर्णयानुसार जिल्ला प्रहरी कार्यालय धनुषामा लेखी पठाइएको ।

७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत

७.१ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको रेल विभागले मेची-महाकाली रेलमार्ग निर्माण प्रक्रिया सुरुवात गर्ने क्रममा सो रेलमार्गको सिमरा-बर्दिबास (१०८ कि.मि.) खण्डमध्ये २९.४५ कि.मि. लम्बाइको रेलमार्ग निर्माण गर्न पहिलो पटक ३ वटा र दोस्रो पटक ६ वटासमेत कुल ९ वटा बोलपत्रहरू आह्वान गरेकोमा उक्त बोलपत्र प्रस्तावहरू स्वीकृत गर्नुअघि रेल विभागका कर्मचारीहरू र बोलपत्रदाताहरू बीच आपसमा मिलेमतो गरी आर्थिक अनियमितता गरेको भन्नेसमेत विषयको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा रेल विभागबाट आह्वान भएका ठेक्का नं **DORW/RTB**/०१/२०७०/०७१ देखि ठेक्का नं **DORW/RTB**/०९/२०७०/०७१ सम्मका बोलपत्र प्रस्तावहरू स्वीकृत गर्दा आर्थिक अनियमितता भए गरेको खुल्न नआए तापनि रेलमार्ग निर्माण कार्यको कार्यान्वयन सुरु गर्नुअघि वातावरण संरक्षण ऐन, २०५३ को दफा ३, दफा ४, दफा ५ र दफा ६ मा उल्लिखित प्रावधानहरूको अधीनमा रही वातावरणीय प्रभाव मूल्यांकन (**EIA)** गरी सोको प्रतिवेदन जनसंख्या तथा वातावरण मन्त्रालयबाट स्वीकृत गर्नुपर्नेमा सो कानूनी प्रावधानको पालना नगरेको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(१) बमोजिम सार्वजनिक निकायले खरिदका लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारबाही सुरु गर्नु हुँदैन भन्ने प्रावधान हुँदाहुँदै पर्याप्त बजेट व्यवस्था नगरी ठेक्का नं. **DORW/RTB**/०१/२०७०/०७१ देखि ठेक्का नं **DORW/RTB**/०३/२०७०/०७१ सम्मको बोलपत्र आह्वान भएको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) समिति गठन गर्नुपर्नेमा सोको तालुक निकायबाट मूल्यांकन समिति गठन गरेको, सार्वजनिक खरिद ऐन २०६३ को दफा २३(६) बमोजिम पूर्व योग्यता निर्धारण भई आह्वान भएको बोलपत्र परीक्षण गर्दा बोलपत्रदाताको योग्यता पूर्व योग्यता अनुरूपको छ वा छैन सोको परीक्षण गर्नुपर्ने भन्ने प्रावधान रहेकोमा ठेक्का नं. **DORW/RTB**/०४/२०७०/०७१ देखि ठेक्का नं. **DORW/RTB**/०९/२०७०/०७१ सम्मको बोलपत्र मूल्यांकन गर्दा सोको पालना भएको नदेखिएको, ठेक्का नं. **DORW/RTB**/०६/२०७०/०७१ अन्तर्गत सन्तोषी/हिमडुङ एण्ड थोकर/रौताहा जे.भी.को बोलपत्र प्रस्तावसाथ बोलपत्र प्रस्ताव पेस गर्ने आधिकारिक व्यक्तिको अधिकारपत्र (**Power of Attorney)** पेस नभए तापनि निज जे.भी.को बोलपत्र प्रस्ताव स्वीकृत गरिएको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ बमोजिम निर्माण कार्यको बोलपत्रको विशेष मूल्यांकन गरी तोकिएबमोजिमको कारबाही गर्नुपर्नेमा सो नगरी बोलपत्र मूल्यांकन प्रतिवेदन तयार गरिएको पाइएकाले माथि उल्लेख भए अनुसार वातावरण संरक्षण ऐन २०५३, वातावरण संरक्षण नियमावली, २०५४, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा रहेका प्रावधानहरू पालना गरेको नदेखिएकाले यसप्रकारको त्रुटिपूर्ण कार्यप्रणाली सच्याउन र यसउपर जो जे कारबाही गर्नुपर्छ

गरी सोको जानकारी आयोगलाई गराउन आयोगको मिति २०७४।१०।११ को निर्णयानुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

७.२ यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र कार्यालयद्वारा विदेशबाट जारी भएका सवारी चालक अनुमतिपत्र नेपालीकरण गर्ने कार्यलाई पारदर्शी र व्यवस्थित बनाउन आयोगको मिति २०७४।१२।१ को निर्णयानुसार यातायात व्यवस्था विभागलाई निम्नलिखित सुझाव लेखी पठाइएको :-

क. अब उप्रान्त नेपालीकरण गर्दा अन्य कागजातका अतिरिक्त विदेशी सवारी चालक अनुमतिपत्रको व्यहोरा प्रमाणित गरेको सम्बन्धित राजदूतावासको सिफारिस पत्रको आधिकारिकता बुझ्न सम्बन्धित राजदूतावासमा पत्राचार गरी वा अन्य कुनै माध्यमबाट यकिन गरेर मात्र नेपालीकरण गर्ने व्यवस्था मिलाउने ।

ख. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ५२ मा भएको विदेशी राष्ट्रबाट प्राप्त सवारी चालक अनुमतिपत्र नेपालीकरण गर्ने व्यवस्थाको मर्मविपरीत अनुचित फाइदा लिई जथाभावी हुने गरेको नेपालीकरणको कार्य रोक्नका लागि हालको "यातायात व्यवस्था विभाग एवं कार्यालयहरूबाट सम्पन्न गरिने कार्यहरूको कार्यविधि निर्देशिका २०६०" मा आवश्यक संशोधन गरी विदेशी सवारी चालक अनुमतिपत्र नेपालीकरण गर्ने सम्बन्धमा स्पष्ट व्यवस्था गरी नेपालीकरणको कार्यलाई पारदर्शी र व्यवस्थित बनाउने ।

ग. निर्देशन र परिपत्रहरू बमोजिम कार्य सम्पादन भए नभएको यकिन गर्न यातायात व्यवस्था विभागबाट औपचारिक निरीक्षण अनुगमन गरी सो को अभिलेख व्यवस्थित गर्ने व्यवस्था मिलाउने ।

घ. यातायात व्यवस्था कार्यालय सुकेधारा काठमाडौंबाट नेपालीकरण गरिएका २३१५ थान सवारी चालक अनुमतिपत्रसँग सम्बन्धित कागजातमध्ये प्रतिवेदनसाथ पेस भएको अनुसूची २, ३ र ४ मा संलग्न ८५५ जनाको फाइल अनुसन्धानबाट किर्ते कागजातको आधारमा आवश्यक कागजातबिना प्रक्रिया नपुऱ्याई नेपालीकरण गरिएको देखिन आई मुद्दा चलाइएको हुँदा जानकारी एवं प्रचलित कानूनबमोजिमका प्रक्रिया पूरा नगरी जारी भएको अनुमतिपत्र सम्बन्धमा आवश्यक कारबाहीका लागि नामावलीसहितको विवरण पठाइएको ।

ङ. अनुसन्धानकै क्रममा रहेका, यकिन हुन बाँकी देखिएका ६१७ जनाको हकमा अनुसन्धान कार्य जारी रहेको हुँदा हाल सवारीचालक अनुमतिपत्र वितरणको कार्य अघि नबढाउनु भनी विवरणसहित सुझाव लेखी पठाइएको ।

७.३ यातायात व्यवस्था कार्यालयमा लिलाम सवारी साधन दर्ता प्रक्रियाका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई आयोगको मिति २०७५/०२/०७ को निर्णयानुसार देहाय बमोजिमको सुझाव लेखी पठाइएको ।

क. यातायात व्यवस्था विभाग, मीनभवन, काठमाडौंबाट अनियमित तरिकाबाट दर्ता भएका साना तथा ठूला सवारी, सम्बन्धित यातायात व्यवस्था कार्यालयबाट दर्ता खारेजीका लागि लेखी पठाएमा महानिर्देशकले दर्ता खारेजी गर्ने प्रचलन रहेको, उक्त दर्ता खारेजी गर्दा लिइने कानूनी आधार नरहेको भनी महानिर्देशकको बयानबाट समेत खुल्न आएको देखिंदा त्यस्ता सवारीहरूको दर्ता खारेज गर्ने ऐन, नियम, कार्यविधिको कहींकतै उल्लेख भएको नदेखिएको, गलत कार्य रोक्ने तजबिजी अधिकार विभागले प्रयोग गरे पनि मौजुदा कानूनमा व्यवस्था गरी त्यस्ता अधिकार प्रयोग गर्नु उपयुक्त हुने देखिएकोले अब उप्रान्त त्यस्ता प्रकृतिका सवारी साधनको दर्ता खारेजी गर्दा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ बमोजिम वा प्रचलित कानूनबमोजिम मात्र गर्ने व्यवस्था मिलाउने ।

ख. नक्कली कागजातबाट सवारी दर्ता कार्य रोक्नका लागि लिलामी सवारी दर्ता प्रक्रियालाई पारदर्शी बनाउन कुनै पनि प्रकारको लिलामी प्रक्रियाबाट दर्ता हुन आएको सवारी साधनको विवरण सम्बन्धित यातायात व्यवस्था कार्यालय तथा यातायात व्यवस्था विभागको वेब साइटमा राख्ने व्यवस्था मिलाउने ।

ग. भौतिक तथा यातायात व्यवस्था मन्त्रालयले सबै यातायात व्यवस्था कार्यालयहरूमा सवारी साधनहरूको नयाँ दर्ता वा सरुवा सहमति, राजस्वको अवस्था लगायतका विषयमा यातायात व्यवस्था विभागको

महानिर्देशकको संयोजकत्वमा अनुगमन संयन्त्र बनाई वर्षको एकपटक अनुगमन गर्ने र सोको प्रतिवेदन मन्त्रालय तथा विभागको वेब साइटमार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।

घ. यातायात व्यवस्था कार्यालयमा दर्ता भएको सवारी साधनको फाइल सम्बन्धित जिम्मेवार कर्मचारीबाहेक कुनै पनि संस्था, व्यक्ति वा व्यवसायीलाई नदिने र सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाउने व्यवस्था मिलाउने ।

ङ. यातायात व्यवस्था विभागको मिति २०७४।४।२२ को निर्णयानुसार दर्ता खारेज गरिएका सवारी साधनहरू यातायात व्यवस्था विभागको समन्वयमा प्रहरीद्वारा खोजतलास गराई पक्राउ गर्ने ।

७.४ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय रिप योजना अन्तर्गत राजविराज सखडा गोविन्दपुर बोर्डर सडकको ३ कि.मि. काम पूरा नगरी झुठा कार्य सम्पन्न प्रतिवेदन बनाई भ्रष्टाचार गरेको, निर्माण व्यवसायीलाई जरिवाना नतिराई सो बापतको रकम घुस लिएको र गुणस्तरीय कार्यसमेत नभएको विषयको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा हालको अवस्थामा **Outstanding list** बमोजिमका काम लगायत सम्पूर्ण कामहरू मापदण्डबमोजिम नै सम्पन्न भएको देखिए तापनि २.५ कि.मि. कालोपत्रे **DBST** गर्ने कार्यसमेत गरी करिब ५% निर्माण कार्य बाँकी रहेकै अवस्थामा उक्त बाँकी रहेका कामहरूको **Outstanding list** तयार पारी सो कामहरू **Defect liability period** मा गर्ने र सो पश्चात मात्र बाँकी कामको भुक्तानी हुने गरी सम्पन्न प्रतिवेदन (**Completion certificate)** जारी गरेको देखिएको हुँदा उक्त कार्य कानूनसम्मत नदेखिएकोले यस्ता प्रकृतिका गलत कार्य पुनः नदोहोरिनका लागि डिभिजन सडक कार्यालय लहानका तत्कालीन डिभिजन प्रमुख एवं सो योजनाका प्रोजेक्ट इन्चार्ज अनुठालाल पटेललाई कानूनबमोजिम जो जे कारबाही गर्नुपर्ने हो गर्नु भनी सडक विभागलाई आयोगको मिति २०७५।२।२१ को निर्णयानुसार लेखी पठाइएको ।

७.५ नुवाकोट जिल्लाको विदुर न.पा. ७ र खड्भञ्ज्याङ गा.वि.स. ४ जोड्ने स्टिल पुलको डिजाइन परिवर्तन गरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याउने ठेकेदार कम्पनी तथा काममा लगाउने उच्चपदस्थ कर्मचारीहरूलाई हदैसम्मको कारबाही गरी पाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा सार्वजनिक खरिद नियमावलीबमोजिम निर्माण कार्यको ड्रइङ, डिजाइन तथा स्पेसिफिकेसन आदि बदल्नुपर्ने अवस्था भएमा प्राविधिक पुष्ट्याईं गरी भेरिएसन आदेश स्वीकृत गर्नुपर्नेमा निर्माण व्यवसायीको मागबमोजिम निर्णय गर्दा प्रतिस्पर्धालाई सीमित गर्ने गरी बोलपत्र आह्वान गर्ने तथा मूल्य वृद्धिदर उच्च रहेका निर्माण सामग्री प्रयोग हुने आइटमको परिमाण घटाएर मूल्य वृद्धिदर कम रहेका निर्माण सामग्री प्रयोग हुने आइटमको परिमाण बढ्ने गरी डिजाइन परिवर्तन तथा भेरिएसन आदेश जारी गरी निर्माण व्यवसायीको पक्षमा निर्णय गर्ने कार्यले समेत प्रश्रय पाउन सक्ने हुँदा यसरी निर्माण सम्झौतापश्चात निर्माण व्यवसायीको मागबमोजिम डिजाइन परिवर्तन गर्ने परिपाटीलाई निरुत्साहित गर्नुका साथै सडक विभागबाट निर्माण गरिने सडक पुलहरूको अध्ययन चरणमै डिजाइनका वैकल्पिक उपायहरूको समेत अध्ययन गरी सबैभन्दा उत्तम विकल्प छनौट गर्नका लागि सतर्कता अपनाउनुपर्ने हुँदा आयोगको मिति २०७५।३।२१ को निर्णयानुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

८.१ बारा जिल्ला च्युटाहा स्रोत केन्द्र अन्तर्गत जनजाती प्रा.वि. सुखी पथरा-२ स्थित विद्यालयमा भएको सरकारी रकम अनियमिततासम्बन्धी उजुरी प्रतिवेदनउपर अनुसन्धान तहकिकात हुँदा १ कठ्ठा जमिन विद्यालयको नाममा दर्ता भई मिति २०६६।७।२० गतेको जिल्ला शिक्षा कार्यालय बाराको निर्णयानुसार प्राथमिक तहको कक्षा एकको अनुमति प्राप्त गरी संचालन भएको विद्यालयमा सरदर ९७ जना विद्यार्थीले पठन पाठन कार्यमा सरिक रहेको र दुई जना शिक्षकले अध्यापन कार्य गरेको देखिँदा विद्यालय संचालनको अनुमति प्राप्त नगरी विद्यालय संचालन गरेको भन्ने आधार प्रमाण नदेखिए तापनि विद्यालयमा निकासा भएको सरकारी रकमको अनियमित खर्च भएको रकम अनुसन्धानको क्रममा नेपाल सरकारको राजस्व खातामा जम्मा भइसकेकोले विद्यालयको नाममा रा.वा.बैंक कलैया बारामा मौज्दात रहेको जम्मा रु.१०३६।२० रकम नेपाल सरकारको खातामा ल्याउनका लागि आवश्यक व्यवस्था गर्न गराउन र विद्यालयको नाममा रहेको चल/अचल सम्पत्तिको संरक्षणका लागि जिल्ला शिक्षा कार्यालय बारालाई आयोगको मिति २०७४।४।२ को निर्णयानुसार लेखी पठाइएको ।

८.२ स्वीस नेसनल साइन्स फाउण्डेसन, स्वीटजरल्यान्डले त्रिभुवन विश्वविद्यालय, वनस्पति शास्त्र केन्द्रीय विभागलाई **CDB-WSL Project** संचालनका लागि प्राप्त आर्थिक सहयोग रकम त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रार प्रा. डा. चन्द्रमणि पौडेल, का. मु. मुख्य निरीक्षक राजेन्द्रबहादुर श्रेष्ठ र बजेट शाखाका लेखा नियन्त्रक रामचन्द्र आचार्यसमेतको मिलोमतोमा प्रा.डा. कृष्णकुमार श्रेष्ठको ग्लोबल आई.एम.ई बैंक लि. मा रहेको व्यक्तिगत खातामा स्थानान्तरण गरी आर्थिक अनियमितता गरेको भन्नेसमेतका आयोगमा परेका उजुरीहरूका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा त्रिभुवन विश्वविद्यालय, वनस्पति शास्त्र केन्द्रीय विभागका प्रमुख प्रा.डा.कृष्णकुमार श्रेष्ठ नेपालको पुरानो ऐतिहासिक महत्व बोकेको विश्वविद्यालयका सम्बद्ध विभागीय प्रमुख भएकै आधारमा नेपाल, नेपालको शैक्षिक संस्था र उक्त शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीहरूको हितलाई केन्द्रमा राखी स्वीस नेसनल साइन्स फाउण्डेसन, स्वीटजरल्यान्डले आर्थिक सहयोग गरेको र निज प्रा.डा.कृष्णकुमार श्रेष्ठलाई संयोजक तोकी त्रिभुवन विश्वविद्यालयका विद्यार्थीहरूलाई नै दीक्षित गर्ने निश्चित गरी कार्यक्रम संयोजक तोकिएको, उक्त परियोजना प्रा.डा.कृष्णकुमार श्रेष्ठ विभागीय प्रमुखको रूपमा रहेको समयमा सञ्चालनमा आएको भए तापनि प्रा.डा.कृष्णकुमार श्रेष्ठको ज्ञान, क्षमता र व्यक्तिगत प्रयासमा प्राप्त गरेको साथै विश्वविद्यालय र विभागसँग सम्झौता भई सञ्चालन नभएको, **CDB-WSL Switzerland** बाट अनुदान प्राप्त आर्थिक सहयोगको सम्झौताबमोजिम रु.१,७०,७५,३२३।८७ प्राप्त रकम प्रा.डा. कृष्णकुमार श्रेष्ठको विभागीय प्रमुखको पदावधि समाप्त भएपछि **Project** को खाता यथावत सुचारु गर्न हालको विभागीय प्रमुखबाट बाधा भएकोले **Swiss Partner Prof. Christoph Scheidegger** लाई सो बारे जानकारी गराई निजले त्रि.वि.का रजिष्ट्रारलाई पत्र लेखी जानकारी गराएपछि त्रि.वि. रजिष्ट्रारको कार्यालयको निर्णयानुसार व्यक्तिगत खातामा जम्मा नगरी **CDB-WSL Project** को नाममा ग्लोबल आइ.एम.ई.बैंकमा रहेको खाता नम्बर ०५०१०१००००२०९ को खाता खोली उल्लिखित रकममध्ये सन् २८ अगस्त २०१२ मा **CDB-WSL Project** का नाममा रहेको खातामा रु.५८,३६,२२६।७२ स्थानान्तरण गर्ने निर्णय गरेको, यसैगरी सोही परियोजनाको खातामा स्वीस नेसनल साइन्स फाउण्डेसन, स्वीटजरल्यान्डले २९ मार्च २०१३ मा रु. २२,३७,७५०।२५ र ०१ अक्टोबर २०१३ मा रु.१६,११,१०१।७९ रकम उपलब्ध गराएको र अनुसन्धानका क्रममा उक्त खातामा रु.५,०००।५३ रकम मात्र मौज्दात रहेको बैंक स्टेटमेन्टसमेतको कागजातबाट देखिएको, परियोजनाबाट अध्ययन गर्ने केही विद्यार्थीहरूको **Ph.d.Viva** मात्र बाँकी रहेको, उक्त परियोजनासँग सम्बन्धित डाटा रहेका ल्यापटप, अन्य उपकरणहरू वनस्पति शास्त्र केन्द्रीय विभागमा जिन्सी दाखिला भएको भनी प्रमाणित कागजात प्राप्त हुन आएको, **CDB-WSL Project** का नाममा खातामा जम्मा भएको रकम वनस्पति शास्त्र केन्द्रीय विभागमा अध्ययरत ३ जना विद्यावारिधि र ६ जना स्नातकोत्तर तह विज्ञान विषय अध्ययनरत विद्यार्थीहरूलाई प्रशिक्षित गराई उक्त परियोजना सम्पन्न भइसकेको भनी स्वीस नेसनल साइन्स फाउण्डेसनका प्रा.डा. क्रिष्टफ शेडिगरले सन् १६-०५-२०१६ मा जानकारी गराएको पत्रसमेत प्राप्त भएको देखिँदा प्रस्तुत उजुरीमा उठान गरिएका उजुरी व्यहोरा हालसम्मको अनुसन्धानबाट संकलित तथ्य कागजातहरूबाट पुष्टयाइँ हुन नसके तापनि त्रिभुवन विश्वविद्यालयका लागि जोसुकै पदाधिकारी शिक्षक वा कर्मचारीको व्यक्तिगत पहलमा वा संस्थागत पहलमा कुनै कार्यक्रम वा परियोजना संचालनका लागि स्वदेश वा विदेशका दातृ निकाय वा संस्थाबाट प्राप्त सहयोग एवं अनुदान जुनसुकै निकायका नाममा रहेको भए पनि त्यस प्रकारका बैंक खाता संचालन गर्दा बाधा अवरोध सिर्जना भएका कारण त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषदबाट व्यक्तिगत खातामा रकम स्थानान्तरण गर्ने वा एकल तवरले खाता संचालन गर्ने निर्णयसमेतका कामकारबाही अब आइन्दा नगर्नु नगराउनु भनी आयोगको मिति २०७४।४।१२ को निर्णयानुसार त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषदलाई लेखी पठाइएको ।

८.३ त्रिभुवन विश्वविद्यालय, महेन्द्ररत्न क्याम्पस ताहाचलको पुस्तकालय भवनको तल्ला थपका क्रममा बोलपत्र प्रक्रियामा बोलपत्रको जमानत रकम उल्लेख नगरेको, बोलपत्र सूचनामा **Similar Nature of work/Average Annual Turnover** को रकम नखोलिएको, बोलपत्रको फारमको प्रत्येक पानामा कार्यालय प्रमुख वा निजले तोकेको व्यक्तिको सहीछाप नभएको, निर्माण व्यवसायीहरूलाई विभिन्न **BOQ** दिएकाले बोलपत्र प्रक्रियामा भ्रष्टाचारजन्य काम भएकाले कावाही गरी पाउँ भन्ने समेतका आयोगमा पर्न आएका उजुरीहरूमा अनुसन्धान तहकिकात हुँदा त्रिभुवन विश्वविद्यालय, महेन्द्ररत्न क्याम्पस ताहाचलको पुस्तकालय भवन तल्ला थप निर्माण

कार्यमा क्याम्पसबाट नियुक्त भएका कन्सल्ट्यान्ट इष्टर्न इन्जिनियरिङका प्रो.इन्द्रनारायण यादवले आफूले फाइदा लिने उद्देश्य राखी क्याम्पसलाई हानि नोक्सानी पुऱ्याउने मनसायले बोलपत्र आह्वान गर्दा निर्माण व्यवसायीलाई स्वीकृत भएको लागत इस्टिमेटभन्दा फरक प्रकृतिको टेण्डर डकुमेण्ट उपलब्ध गराएको कारण पुस्तकालय भवनमा तल्ला थपसम्बन्धी बोलपत्र प्रक्रिया पूरा गर्न र समयमा नै भवनको उपयोग गर्ने क्याम्पसका काम कारबाहीमा हानि नोक्सानी भएको देखिएको, उजुरीमा सार्वजनिक पदाधिकारीले भ्रष्टाचार एवं अनियमितता गरेको भनी उल्लेख भएका तथ्यहरू स्थापित हुन नसकी इष्टर्न इन्जिनियरिङका प्रो.इन्द्रनारायण यादवलाई कारबाही गर्ने र क्षतिपूर्ति असुलउपर गर्ने भनी निर्णयसमेत गरी अदालती कारबाहीसमेत चलेको देखिँदा अनुसन्धानको क्रममा प्राप्त भएका कागजातहरूबाट उजुरी व्यहोरा पुष्ट्याइँ हुनसक्ने अवस्था नदेखिएको, उक्त पुस्तकालय भवनमा तल्ला थप निर्माण कार्यका लागि पुनः मिति २०७०।८।११ मा इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोकसँग कन्सल्टयान्ट सेवाका लागि सम्झौता गरी बोलपत्र आह्वान गरी सबैभन्दा कम अंक बोलपत्र कबोल गर्ने विरुवा/रवीन्द्र निर्माण सेवा जे.भी.ले निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७१।१।१७ मा सम्झौता गरिएकोमा तोकिएको मितिमा निर्माण कार्य सम्पन्न हुन नसकी तोकिएको मितिभन्दा पछि १११ दिनको ०.०५% ले रु.४४,०८४।३७ जरिवाना गरी मिति २०७२।६।२५ मा अन्तिम बिल भुक्तानी गरिएको प्रमाण समेतबाट देखिँदा उजुरी व्यहोरा सत्य तथ्यपूर्ण नदेखिएको, सम्मानित पुनरावेदन अदालत, पाटनको रिट नम्बर ०७०-**wo**-०७४२, निर्णय नम्बर ५२६ को आदेशवाट महेन्द्ररत्न क्याम्पस कार्य समितिको मिति २०७०।५।२१ र त्रि.वि. कार्यकारी परिषदको मिति २०७०।६।२ को प्रस्ताव नम्बर ११७४ बाट निवेदकलाई प्राविधिक कालोसूचीमा राख्ने हदसम्मको उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ भनी मात्र फैसला भएको देखिंदा महेन्द्ररत्न क्याम्पस ताहाचलको पुस्तकालय भवन निर्माण तल्ला थप कार्यमा इन्जिनियरिङ परामर्श सेवा उपलब्ध गराउने, प्रारम्भिक डिजाइन, लागत इस्टिमेट, जाँचपास, बिल चेकिङदेखि अन्तिम डिजाइन लागत इस्टिमेट, ड्रइङ तयार पार्ने लगायतको कार्यका लागि नियुक्त भएका इष्टर्न इन्जिनियरिङ कन्सल्टयान्टका प्रो.इन्द्र नारायण यादवले गलत मनसाय राखी आफूले फाइदा लिने र क्याम्पसलाई हानि नोक्सानी पुऱ्याउने उद्देश्य अनुरूपको स्वीकृत लागत इस्टिमेटभन्दा प्राप्त भएको टेण्डर डकुमेन्टमा वि.ओ.क्यु फरक पारी कार्य गरेको कारणले क्याम्पसलाई हानि नोक्सानी पर्न गएको प्रत्यक्षतर्फ रु.२६१०३१।५० र अप्रत्यक्षतर्फ रु.३३,७७,६४६।०५ गरी कुल जम्मा रकम रु.३६,३८,६७७।०५ इष्टर्न इन्जिनियरिङ कन्सल्टयान्टका प्रो.इन्द्र नारायण यादवबाट हालसम्म असुलउपर गरे भएको कागज प्रमाण नदेखिँदा असुलउपर भएको भए आयोगमा जानकारी पठाउन र असुलउपर नभएको भए महेन्द्ररत्न क्याम्पस कार्य समितिको मिति २०७०।५।२१ र त्रि.वि. कार्यकारी परिषदको मिति २०७०।६।२ को निर्णयबमोजिम इष्टर्न इन्जिनियरिङका प्रो.इन्द्र नारायण यादवबाट क्षतिपूर्ति बापतको रकम क्याम्पसले कानूनबमोजिमको प्रक्रिया पूरा गरी असुलउपर गर्न गराउन वा इष्टर्न इन्जिनियरिङका प्रो.इन्द्र नारायण यादवले अदालतमा विवाद उठाई असुलउपर हुन नसकेको भए अदालतबाट हुने अन्तिम निर्णय एवं फैसलाबमोजिम गर्नु गराउनु भनी आयोगको मिति २०७४।४।१२ को निर्णयानुसार त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालयलाई लेखी पठाइएको ।

८.४ त्रिभुवन विश्वविद्यालय र अन्तर्गत कार्यालय एवं निकायका पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूले विश्वविद्यालयको कोष हानि नोक्सानी गरेको, त्रिभुवन विश्वविद्यालयको दीक्षान्त समारोहमा पाँचदेखि सात लाखसम्ममा पुग्नेमा पाँच गुणा बढी खर्च गरेको, कानूनबमोजिम कारबाही गरी सेवाबाट अवकाश दिनुपर्ने शिक्षक कर्मचारीलाई सेवामा निरन्तरता दिएको, त्रिभुवन विश्वविद्यालयका भवन निर्माणहरूमा विश्वविद्यालयको कोष हिनामिना गरेको, विश्वविद्यालयको कोष विश्वविद्यालयका कार्यकारी परिषदका पदाधिकारीहरूले दुरुपयोग गरी कर्मचारीहरूलाई सुविधाका नाममा अस्वाभाविक भत्ता र सुविधा वितरण गरी हानि नोक्सानी गरेको, चन्दा र आर्थिक सहयोगका नाममा शिक्षक, कर्मचारी र विद्यार्थीहरूका समूहहरूलाई विश्वविद्यालयको कोषबाट रकम वितरण गरी विश्वविद्यालयको सम्पत्ति हानि नोक्सानी गरेको, त्रिभुवन विश्वविद्यालय र अन्तर्गतका भवन निर्माण तथा परामर्शदाताका लागि टेण्डर कोटेसनसमेतका लागत इस्टिमेट, **BOQ**, तयार पार्दा, टेण्डर आह्वान गर्दा, प्राप्त प्रस्तावको आर्थिक र प्राविधिक प्रस्ताव मूल्यांकनसमेतका कामकारबाहीमा भ्रष्टाचार र अनियमितता गरेको, विश्वविद्यालयको तोकिएको काम सम्पन्न नगरी सोही काम कागजमा सम्पन्न गरेको देखाई भ्रमण भत्ता

बिल स्वीकृत गर्ने र रकम खर्च गर्ने गरेको र संघ संगठनको काममा जाँदा नक्कली कागजलाई प्रमाण बनाई भ्रमण बिल भरी विश्वविद्यालयको सम्पत्ति हानि नोक्सानी गरेको, सार्वजनिक खरिद ऐन नियम र त्रिभुवन विश्वविद्यालय, आर्थिक प्रशासनसम्बन्धी नियमविपरीत खरिद गरी हानि नोक्सानी गरेको, पेश्की लिंदा दिंदा नियमविपरीत पेश्की लिने दिने र वर्षौंसम्म पेश्की फछ्र्यौट नगरी कोष हानि नोक्सानी गरेको भन्ने समेतका विभिन्न विषयमा यस आयोगमा विभिन्न मितिमा विभिन्न स्रोतबाट पर्न आएका उजुरीहरू र आयोगलाई जानकारी हुन आएका विषयसमेतका देहायमा उल्लिखित विषयका (एउटै उजुरीमा धेरै विषय समेटिएका र धेरै उजुरीमा उस्तै तथ्य उल्लेख भएका) समेत आयोगमा पर्न आएका उजुरीहरूमा अनुसन्धान तहकिकात हुँदा देहायबमोजिम निर्णय भएको ।

**क. त्रिभुवन विश्वविद्यालय अन्तर्गत विभिन्न निकाय एवं कार्यालयका पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूले अनियमित हवाई टिकटबाट रकम भुक्तानी लिएका र संघ संगठनका कार्यक्रममा जाँदा अनियमित दैनिक भ्रमण भत्ता भुक्तानी लिएका भन्ने उजुरीका सम्बन्धमा :**

त्रिभुवन विश्वविद्यालयका कार्यकारी परिषदका पदाधिकारीहरू र त्रिभुवन विश्वविद्यालय अन्तर्गत विभिन्न निकाय एवं कार्यालयका पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूले हवाई यात्राबाट भ्रमण गर्दा अनियमित तवरका हवाई टिकट प्रयोग गरेको अनुसन्धानबाट संकलित प्रमाणहरूबाट पुष्टि भएको, पदाधिकारी शिक्षक तथा कर्मचारीहरू आ-आफ्ना संघ संगठनले आयोजना गरेका विविध प्रकारका कार्यक्रममा व्यक्तिगत तवरले सहभागी हुन जाँदा त्रिभुवन विश्वविद्यालयको कोषबाट खर्च लेखिने व्यहोर्ने गरी आ-आफ्ना संघ संगठनबाट दैनिक भ्रमण भत्ताका लागि सिफारिस गर्ने गराउने, संघ संगठनका कार्यक्रममा सहभागी हुन स्वीकृति दिने र संघ संगठनका कार्यक्रममा सहभागी भए बापत दैनिक भ्रमण भत्ता दाबी गरी भुक्तानी लिएकोमा अनुसन्धानकै क्रममा दैनिक भ्रमण खर्च भुक्तानी लिने प्राध्यापक/शिक्षकहरूको नियमविपरीत दैनिक भ्रमण भत्ताको रु.५२२३१४२।-, कर्मचारीहरूको नियमविपरीत दैनिक भ्रमण भत्ताको रु.११८८१६८६।- समेत गरी जम्मा रु.१८९०७४९०।- असुलउपर भएको भनी त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालय आर्थिक प्रशासन महाशाखाको च.नं. १५८५ मिति २०७४।३।२९ को पत्रबाट देखिँदा यस विषयमा थप अनुसन्धान कारबाही गर्नुपर्ने अवस्था नदेखिएको ।

**ख. कार्यकारी परिषदबाट गैरकानूनी निर्णय भए गरेको भन्ने उजुरीका सम्बन्धमा :**

त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्का विगत २० वर्षका निर्णय पुस्तिकाहरू अध्ययन गर्दा वस्तुगत र वैज्ञानिक मापदण्ड नबनाई त्रिभुवन विश्वविद्यालयका विभिन्न निकायहरू र अन्तर्गतका शाखा महाशाखाहरूमा कार्यरत कर्मचारीहरूलाई फरक फरक किसिमले भत्ता वितरणको निर्णय हुने गरेको, कार्यकारी परिषदले निर्णय गर्दा त्रिभुवन विश्वविद्यालयका विभिन्न निकायहरू र अन्तर्गतका शाखा महाशाखाहरूमा कार्यरत व्यक्तिपिच्छे तलबको ३० देखि ५० प्रतिशत भत्ता दिने गरी निर्णय भएको, भत्ता दिने निर्णय गर्दा कार्यकारी परिषदको निर्णयमा भत्ता दिनुपर्ने कारण, आधार र औचित्य पुष्ट्याइँ नगरी बढी समय काममा लगाउनुपर्ने भनी एकमात्र आधार उल्लेख गरेको पाइएको, खर्च गर्दा वस्तुगत र वैज्ञानिक मापदण्डको अभावमा कार्यकारी परिषदको निर्णयका आधारमा सोझै खर्च लेख्ने तर बढी समय काम गरेको पुष्ट्याइँका कागजात खर्च भुक्तानीका स्रेस्तामा समावेशसम्म गर्ने गरेको नदेखिएको, कार्यकारी परिषदका निर्णय हेर्दा कानूनविपरीतका कार्यमा संलग्न शिक्षक कर्मचारीउपर सम्बन्धित विभागीय प्रमुखबाट कारबाही गर्न पेस भएका फाइलहरूमा समयमा निर्णय नगर्ने, निर्णय गर्दा पदाधिकारीहरूले निष्पक्षता र पारदर्शिता नदेखाउने, अध्ययन बिदाको निर्णय गर्दा कानूनबमोजिम निर्णय गर्न सकेको नदेखिएको, कार्यकारी परिषदले निर्णय गर्दा भ्रष्टाचार गरेको भन्ने उजुरी लेख अनुसारका तथ्य अनुसन्धानबाट संकलित प्रमाणबाट स्थापित हुने नदेखिए तापनि माथि उल्लिखित कार्यकारी परिषद्का लापरबाहीपूर्ण निर्णय अबदेखि हुन नदिन र प्राज्ञिक उन्नयनका लागि कार्यकारी परिषदका हरेक निर्णय कानूनबमोजिम गर्नु गराउनु, कार्यकारी परिषदबाट शिक्षक कर्मचारीका हकमा हुने निर्णय एवं सेवा सुविधा र सर्तका विषयमा लिने निर्णयमा कानूनी आधार खुलाउनु, त्रिभुवन विश्वविद्यालयका हरेक निकायका आर्थिक एवं व्यवस्थापकीय कामकारबाहीका विषयमा निर्णय लिंदा समन्यायिक, पारदर्शिता एवं निष्पक्षता

र प्रभावकारिता कायम गर्न गराउन वैज्ञानिक मापदण्डका आधारमा मात्र भत्ता दिने निर्णय गर्नु गराउनु भनी आयोगको मिति २०७४।४।१२ को निर्णयानुसार लेखी पठाइएको ।

**ग. आर्थिक सहायता तथा चन्दाका नाममा वितरण गरिएका खर्चविरुद्धका उजुरीका सम्बन्धमा :**

त्रिभुवन विश्वविद्यालयका विभिन्न निकायबाट संकलन गरिएका खर्च स्रेस्ताहरूको अनुसन्धान गर्दा विद्यार्थीहरूका विभिन्न संघ संगठन तथा समूहहरूलाई खेलकुद प्रतियोगिता र प्राज्ञिक प्रतियोगिताका लागि कतिपय विषयहरूमा खर्च वितरण गरिएको, आर्थिक सहायता वितरणका खर्च स्रेस्ताहरूमा पारदर्शी तवरले एक एक गरी खर्च स्रेस्तामा उल्लेख गरेको र खर्च लेख्न सक्ने अधिकारीबाट खर्च लेखिएको तथ्यबाट आर्थिक लाभ लिई दिई भ्रष्टाचार गरेको भन्ने पुष्टि हुन सक्ने प्रमाणको अभाव रहे तापनि त्यसरी आर्थिक सहायता वा चन्दाका नाममा खर्च लेख्न पाउने कानूनी आधार त्रिभुवन विश्वविद्यालयका आर्थिक नियमहरूमा स्पष्ट नदेखिँदा परम्परागत रूपमा त्रिभुवन विश्वविद्यालय र अन्तर्गतका कार्यालय, विभाग, केन्द्र, क्याम्पस, परीक्षा नियन्त्रण कार्यालयसमेतले कोषबाट रकम वितरण गर्ने उल्लिखित अभ्यास कानूनसम्मत भएको नदेखिँदा यस प्रकारका आर्थिक सहायता एवं चन्दाका नाममा गर्ने गरेका खर्चका विषयमा त्रिभुवन विश्वविद्यालयलाई देहायबमोजिम गर्नु गराउनु भनी आयोगको मिति २०७४।४।१२ को निर्णयानुसार लेखी पठाइएको ।

- त्रिभुवन विश्वविद्यालय र अन्तर्गतका निकायहरूबाट आर्थिक सहयोग र चन्दाका नाममा शिक्षक, कर्मचारी र विद्यार्थीहरूका विभिन्न संघ संगठन एवं व्यक्तिहरूलाई रकम वितरण गरिएका विषयमा महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण हुँदा पटकपटक बेरुजु औंल्याइएको विषयमा नियन्त्रण गरी शीघ्र असुल फछ्र्यौट गर्नु गराउनु हुन।
- त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा संचयकोषसम्बन्धी नियम, २०५० को कुनै पनि नियममा आर्थिक सहायता वा चन्दाका नाममा रकम वितरण गर्न पाउने स्पष्ट उल्लेख गरेको नदेखिँदा विश्वविद्यालयको सर्वोपरि हितका लागि के कस्तो व्यवस्था गर्नु उपयुक्त हुन्छ त्रि.वि. सभाले विचार गरी कानूनमा नै सबै विषय प्रस्ट व्यवस्था गर्नु हुन।
- विश्वविद्यालयका पदाधिकारी वा कर्मचारी को कसले विश्वविद्यालय कोषबाट आर्थिक सहयोग र चन्दा समेतका नाममा के कुन उद्देश्यका लागि के कुन बजेट शीर्षकबाट के कति हदसम्म रकम वितरण गर्न सक्ने हो ? विश्वविद्यालयको सर्वोपरि हित र विद्यार्थीको शैक्षिक गुणस्तर सुधारलाई केन्द्रमा राखी स्पष्ट मापदण्ड बनाई लागू गर्नु गराउनु हुन।

**घ. त्रिभुवन विश्विद्यालय, ऋण सापटी शाखाको आर्थिक विवरण तयार गरे बापत एकमुष्ट रकम भुक्तानी गरेको उजुरीका सम्बन्धमा :**

त्रिभुवन विश्वविद्यालयले संचयकोषलाई कर्मचारी संचयकोषमा हस्तान्तरण गर्ने योजना अनुरूप लेखापरीक्षण बिना हस्तान्तरण नहुने भएकोले कर्मचारीलाई अतिरिक्त समयमा काममा खटाई आर्थिक विवरण तयार गर्ने कार्य गरी त्रि.वि.को संचयकोषलाई कर्मचारी संचयकोषमा हस्तान्तरण गर्ने सम्झौता भएको र सम्झौतालाई शीघ्र कार्यान्वयनमा लैजान एकमुष्ट रकम कर्मचारीलाई दिई शीघ्र आर्थिक विवरण तयार पार्ने उद्देश्यले भत्ताबापतको रकम भुक्तानी भएको देखिएको, त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्‌बाट मिति २०७०।३।१० को निर्णय नम्बर ९७१ र मिति २०७०।१२।२१ को निर्णय नम्बर १५५८ बाट भुक्तानी भएको रकमको महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण भई त्रि.वि.सभाले अनुमोदन गरिसकेको अनुसन्धानबाट संकलित कागज प्रमाणबाट देखिँदा स्वायत्त निकायबाट गरिएको यस प्रकारका खर्चलाई भ्रष्टाचार गरेको भन्न मिल्ने नदेखिएकाले यस विषयमा परेका उजुरीका विषयमा थप अनुसन्धान गरिरहनुपर्ने अवस्था नदेखिएको ।

**ङ. त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय, डिनको कार्यालयबाट वितरण गरेको बैठक भत्ताका नाममा अनियमितता भएको भन्ने सम्बन्धमा** :

त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायमा गठित अनुसन्धान समिति, एम.फिल.कार्यक्रम गभर्निङ बोर्ड, विद्यापरिषद स्थायी समिति, लेखाशास्त्र विषय समिति, परीक्षा संचालन विषय समिति, साधारण व्यवस्थापन विषय समिति बजारशास्त्र व्यवस्थापन विषय समिति, स्तर निर्धारण समिति वित्तशास्त्र विषय समिति

लगायतका विभिन्न समितिहरूको बैठक बसेको भनी देखाइएको केही मितिका बैठकको माइन्युट नै नगरेको, एउटै कर्मचारीलाई प्रायः सबै समितिका बैठकमा उपस्थित भएको देखाइएको, बैठक भत्ता लिने व्यक्तिमध्येका केही व्यक्तिहरू बैठकमा उपस्थित नै नभई बैठक भत्ता बापत रकम भुक्तानी लिए दिएकोमा अनुसन्धानका क्रममा अनियमित देखिएका बैठक भत्ता बुझिलिने व्यक्तिबाट यस प्रकारका खर्च असुलउपर भइसकेको भनी आयोगमा प्रमाणसहित त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालय आर्थिक प्रशासन महाशाखाको च.नं. १५८५ मिति २०७४।३।२९ को पत्रबाट देखिँदा यस विषयमा थप अनुसन्धान कारबाही गर्नुपर्ने अवस्था नदेखिए तापनि यस प्रकारका काम कारबाहीमा अनियमितता हुन नदिन अब आइन्दा देहायका कुराको प्रबन्ध मिलाउनु भनी आयोगको मिति २०७४।४।१२ को निर्णयानुसार त्रिभुवन विश्वविद्यालयमा लेखी पठाइएको ।

१. कार्यकारी परिषदले त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विभिन्न निकायमा रहने समितिका बैठक भत्तामा हुने खर्च भुक्तानीका विषयमा हालका अनियमितता रोक्न के कस्ता कानूनी व्यवस्था आर्थिक प्रशासनसम्बन्धी नियममा राख्न आवश्यक हुन्छ विचार गरी त्रि.वि.सभामा पेस गर्नु हुन।
२. बैठकमा उपस्थित हुनुपर्ने समितिका सदस्य बाहेकका अन्य कर्मचारीलाई आमन्त्रित देखाई खर्च लेख्ने कार्यलाई रोक्न के कस्तो प्रक्रिया अवलम्बन गर्न आवश्यक हुन्छ कार्यकारी परिषदले आवश्यक प्रबन्ध मिलाउनु हुन।
३. अनियमित तवरले खर्च लेख्ने कार्यलाई कडा अनुगमन र नियन्त्रण गर्ने तथा नियन्त्रण संयन्त्रलाई प्रभावकारी बनाउनु हुन ।
४. जिम्मेवार पदाधिकारीलाई उत्तरदायी बनाउनु हुन ।

**च. त्रिभुवन विश्वविद्यालय, सेवा आयोगको कार्यालय, रजिष्ट्रारको कार्यालय, लेखापरीक्षण महाशाखा, शिक्षाध्यक्षको कार्यालय, केन्द्रीय पुस्तकालयमा अतिरिक्त समय काम गरेको भनी खाजा खर्चबापत भत्ता भुक्तानीमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा :**

त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, रजिष्ट्रारको कार्यालय तत्कालीन निरीक्षण महाशाखा हाल लेखापरीक्षण महाशाखा र शिक्षाध्यक्षको कार्यालयका कर्मचारीहरूको हाजिर पुस्तिकामा काज, म.ले.प., आ.ले.प.काज, शोक बिदा, विभिन्न चाड पर्व, शनिबार तथा पर्व बिदा, घर बिदा, क्या.वी. जनाइएको अवस्थामा र त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषदको बैठकले गरेको निर्णयविपरीत केन्द्रीय पुस्तकालयका कर्मचारीहरूले शनिबार र सार्वजनिक बिदाको दिनमा तथा २०७० साल माघ महिनाको **Electronic Device** मा भएको कर्मचारीहरूको हाजिरी विवरणभन्दा बढी समय काम गरेको देखाई अनियमितता गरी त्रिभुवन विश्वविद्यालय, आर्थिक प्रशासन महाशाखाबाट खर्च लेखेकोमा अनुसन्धानका क्रममा अनियमित देखिएका यस प्रकारका खर्च भुक्तानी भएको रकम असुलउपरसम्बन्धी कारबाही गरिसकिएको भनी आयोगमा प्रमाणसहित त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालय आर्थिक प्रशासन महाशाखाको च.नं. १५८५ मिति २०७४।३।२९ को पत्रबाट असुलउपर गरेको विवरणसहितका कागज प्रमाण पेस भएको देखिँदा थप अनुसन्धान गर्नुपर्ने अवस्था नदेखिएको ।

**छ. सेवा आयोगको कार्यालयका कर्मचारीले दोहोरो भुक्तानी लिएको भन्ने उजुरीका सम्बन्धमा** :

मिति २०७० साल चैत ९ गतेदेखि ३० गतेसम्म १७ दिन र २०७१ वैशाख ११ गतेसम्म ८ दिन सार्वजनिक बिदा बाहेकको दिनमा त्रिभुवन विश्वविद्यालय, सेवा आयोगको आवेदन फारम वितरण र फारम बुझ्ने अविछिन्न रूपमा काम गरेको देखाई प्रतिव्यक्ति प्रतिदिनको रु.१००।- को दरले खाजा भत्ताका लागि हाजिर प्रमाणित गरी आर्थिक प्रशासन महाशाखालाई शोधभर्ना भुक्तानीका लागि सिफारिस गरी आर्थिक प्रशासन महाशाखाबाट प्रतिदिनको रु.१००।- को दरले एकै समयमा एकै व्यक्तिलाई एकभन्दा बढी हुने गरी दोहोरो रकम भुक्तानी लिए/दिएको समेत देखिएकोले सेवा आयोगमा दोहोरो भुक्तानी लिनेदिने गरी भएका कामकारबाहीलाई पछिबाट भिडाई दोहोरो भुक्तानी एवं लिन खान नमिल्ने भत्ताका रकम सम्बन्धित कर्मचारीहरूबाट असुलउपर भएको भनी त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालय आर्थिक प्रशासन महाशाखाको च.नं. १५८५ मिति २०७४।३।२९ को पत्रबाट देखिँदा यस विषयमा थप अनुसन्धान कारबाही गर्नुपर्ने नदेखिएको ।

**ज. शिक्षाध्यक्षको कार्यालयको खाजा खर्च भुक्तानीको सम्बन्धमा :**

शिक्षाध्यक्षको कार्यालयमा कार्यरत कर्मचारीहरूलाई कार्यालयको काममा सघाउने सहयोगी कर्मचारीहरूलाई समितिको बैठक बसेको दिनको प्रतिबैठक भत्ताबापत एक दिनको सुरु तलब स्केलको ५०% का दरले खाजा खर्च उपलब्ध गराउने भन्ने त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषदको मिति २०६१।७।२६ को निर्णय नं. ७८६ मा उल्लेख भएको, स्थायी समितिको बैठक बसेको दिनमा हाजिर नभएका, क्यावि बिदामा बसेका कर्मचारीहरू समेतले स्थायी समितिको बैठकमा उपस्थित नभएको दिनमा समेत काम गरेको देखाई खाजा खर्च भुक्तानीका लागि आर्थिक प्रशासन महाशाखामा सिफारिस गरी आर्थिक प्रशासनबाट खर्च लेखिएको देखिएकोमा स्थायी समितिको बैठक बसेको दिनमा बैठक भत्ता बापत लिन खान नमिल्ने भत्ताका रकमका सम्बन्धमा त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालय आर्थिक प्रशासन महाशाखाको च.नं. १५८५ मिति २०७४।३।२९ को पत्रबाट जवाफ प्राप्त भएकोले थप अनुसन्धान कार्य अगाडि बढाइरहनु पर्ने अवस्था र स्थिति नदेखिएको ।

**झ. रजिष्ट्रारको कार्यालयको खाजा खर्च भुक्तानीको सम्बन्धमा :**

यसैगरी त्रिभुवन विश्वविद्यालय, रजिष्ट्रारको कार्यालय निरीक्षण महाशाखाबाट महालेखाको बेरुजु प्रतिवेदन फछ्र्यौटसम्बन्धी प्रतिवेदन तयार गर्न अधिकृतस्तरकालाई ३० प्रतिशत तथा सो भन्दा मुनिकालाई ५० प्रतिशतका दरले खाजा खर्च उपलब्ध गराउने भन्ने २०६७।६।१३ को कार्यकारी परिषदको निर्णय भए तापनि काजमा खटिएको, क्याबी बिदा लिएको र दसैंको बिदा परेको कारण कार्यालयमा हाजिर नै नभएको अवस्थामा समेत अतिरिक्त समय काम गरेको देखाई खाजा खर्चबापतको भुक्तानी भनी आर्थिक प्रशासन महाशाखाबाट खर्च लेखिएकोमा अनुसन्धानका क्रममा दोहोरो भुक्तानी एवं लिन खान नमिल्ने भत्ताका रकम सम्बन्धित कर्मचारीहरूबाट जम्मा रु.८,०९,१७०।- असुलउपर भएको भनी त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालय आर्थिक प्रशासन महाशाखाको च.नं. १५८५ मिति २०७४।३।२९ को पत्रबाट जवाफ प्राप्त भएकाले थप अनुसन्धान कार्य अगाडि बढाइरहनु पर्ने अवस्था नदेखिएको ।

**ञ. केन्द्रीय पुस्तकालयको खाजा खर्च भुक्तानीको सम्बन्धमा**

त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा संचयकोषसम्बन्धी नियम, २०५० (संशोधनसहित) को परिच्छेद २६ को नियम ९७ उपनियम (१) मा विश्वविद्यालयको कामको सिलसिलामा कुनै पदाधिकारी, शिक्षक र कर्मचारीलाई नियमित तोकिएको कार्य घण्टाभन्दा बढी समयका लागि काममा लगाउन सकिने व्यवस्था रहेको र सोही नियमको उपनियम (४) मा व्यवस्था भएबमोजिम विभिन्न मितिमा त्रिभुवन विश्वविद्यालय, कार्यकारी परिषदको बैठकले गरेको निर्णयको दुरुपयोग गरी केन्द्रीय पुस्तकालयका अधिकांश कर्मचारीहरूले सार्वजनिक बिदा (शनिबर, दसैं, तिहार, छठ, चाडपर्व र अन्य तोकेको सार्वजनिक बिदा) र क्यावि बिदा, पर्व बिदा, घर बिदा लगायत हाजिरीमा काज जनाइएको दिनको समेत अतिरिक्त समय काम गरेको देखाई केन्द्रीय पुस्तकालयबाट हाजिरी प्रमाणित गरी खाजा खर्च बापतको रकम भुक्तानीका लागि आर्थिक प्रशासन महाशाखामा सिफारिस गरी आर्थिक प्रशासन महाशाखाबाट ती कर्मचारीहरूको नाममा अतिरिक्त समय काम गरे बापत खर्च लेखिएको देखिएको, अतिरिक्त समय काम गरेको देखाई कर्मचारीले खाजा खर्चबापत भुक्तानी लिनेदिने गरी भएका कामकारबाहीलाई पछिबाट भिडाई लिन खान नमिल्ने भत्ताका रकम सम्बन्धित कर्मचारीहरूबाट रु. ८,०९,१७०।- असुलउपर भएको भनी जवाफ प्राप्त भएकोले थप अनुसन्धान कार्य अगाडि बढाई रहनुपर्ने अवस्था नदेखिए तापनि कानूनबमोजिमको प्रक्रिया पूरा नगरी कर्मचारीहरूले अनियमित तवरले खर्च भुक्तानी गरेका विषय हुन् भन्ने प्रस्ट देखिएकोले यस प्रकारका अनियमितता रोक्नका लागि आयोगको मिति २०७४।४।१२ को निर्णयानुसार त्रिभुवन विश्वविद्यालय, कार्यकारी परिषदलाई देहायबमोजिम लेखी पठाइएको ।

- त्रिभुवन विश्वविद्यालय अन्तर्गतको आन्तरिक लेखापरीक्षण शाखाले विश्वविद्यालय अन्तर्गतका खर्च भुक्तानीका विषयमा प्रभावकारी रूपमा नियमन, नियन्त्रण गरी आन्तरिक लेखापरीक्षण शाखा

उत्तरदायी र जवाफदेही बन्न नसकेकोले अबिलम्व उक्त शाखालाई प्रभावकारी र जवाफदेही बनाउनु हुन ।

- अतिरिक्त समय काम गरेको भनी खाजा खर्चबापत भत्ता भुक्तानी गर्दा पर्याप्त कागज प्रमाण राख्नुपर्ने, राखिएका प्रमाणको सत्यता हुनुपर्ने, गलत अभिलेख तयार पार्ने उपर कडा कानूनी कारबाही गरी दण्डहीनताको संस्कृतिलाई निवारण गर्न तत्काल कारबाही अगाडि बढाउनु ।

**ट. त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विभिन्न संकाय, क्याम्पसहरूमा भवन निर्माणहरूमा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा :**

आयोगमा परेका उजुरीमा गैरकानूनी आर्थिक लाभ लिनेदिने वा दिलाउने र विश्वविद्यालयको कोष बदनियतपूर्वक हानि नोक्सानी गरेको भन्ने आशययुक्त उजुरीहरू भए पनि त्यस्ता उजुरी प्रमाणित हुन मनसायपूर्वकका भ्रष्टाचारजन्य आपराधिक कार्य गरे भएको प्रमाणसहितका तथ्य उजागर हुन सकेको नदेखिएकाले भवन निर्माणका लागि तयार गरेको टेण्डर डकुमेण्ट सार्वजनिक खरिद ऐन तथा नियमावली एवं त्रिभुवन विश्वविद्यालय ऐन निय बमोजिम प्रक्रिया पूरा गरी कार्य गरे नगरेको सम्बन्धमा हेर्दा देहायका विषयमा देहायबमोजिमको अवस्था रहेको ।

**अ. त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकाय केन्द्रीय विभागको प्रशासकीय तथा कक्षा संचालन कोठाका लागि भवन निर्माणका सम्बन्धमा :**

अनुसन्धानको क्रममा देखिएका विभिन्न कैफियतहरूमा भ्रष्टाचार गरेको तथ्यसहितको प्रमाण उजागर हुन नसके तापनि टेण्डर प्रक्रियामा सुरुवात **Drawing Design** गर्दादेखि लागत अनुमान तयार पार्दा पूर्व योग्यतासम्बन्धी टेण्डर गर्ने निर्णय गर्दा, पूर्व योग्यता निर्धारणका लागि टेण्डर गर्दा, प्राप्त प्रस्ताव मूल्यांकन गर्दा वा स्वीकृत गर्ने क्रममा प्रक्रियागत कमजोरी एवं त्रुटिहरू विद्यमान देखिँदा देहायका विषयमा आयोगको मिति २०७४।४।१२ को निर्णयानुसार त्रिभुवन विश्वविद्यालयलाई लेखी पठाइएको ।

- त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकाय केन्द्रीय विभागको प्रशासकीय तथा कक्षा संचालन कोठाका लागि भवन निर्माणका क्रममा पूर्व योग्यता निर्धारणका लागि टेण्डर आह्वान गर्नुपर्ने प्रकृतिको भौतिक संरचना निर्माण हो होइन भन्ने कुरा यकिन गर्नुपर्नेमा हचुवाको भरमा पूर्व योग्यता निर्धारणका लागि टेण्डर आह्वान गरिएको देखिँदा प्रतिस्पर्धालाई सीमित गर्ने अवसर नदिनका लागि अबदेखि पूर्व योग्यता निर्धारणका लागि टेण्डर आह्वान गर्नुपर्ने प्रकृतिको भौतिक संरचना निर्माण हो होइन निश्चित गरेर मात्र टेण्डर प्रक्रिया अगाडि बढाउनु हुन ।
- भौतिक निर्माणसम्बन्धी टेण्डर प्रक्रिया अगाडि बढाउँदा र प्राप्त प्रस्ताव मूल्यांकन गर्ने क्रममा समेत प्रचलित सार्वजनिक खरिद ऐन नियम र त्रि.वि.सम्बन्धी आर्थिक नियमहरूमा तोकिएका प्रावधानहरूलाई होसियारीपूर्वक कार्यान्वयन गर्नुपर्नेमा कतिपय मूल्यांकनका प्रक्रियाहरूमा **Turn Over** पुगे नपुगेको/पूर्व अनुभव पर्याप्त भए नभएको टेण्डर प्रस्तावकको आर्थिक र भौतिक क्षमता र साधन स्रोत आवश्यकतानुसार भए नभएको विषयमा मूल्यांकन गर्दा स्पष्ट आधार कारण खुलाई टेण्डर स्वीकृत गर्ने प्रक्रिया अगाडि बढाउनु हुन ।
- निर्माण अवधि निर्धारण गर्दा समयावधि बढाउन मिल्ने अवधि सम्झौतामा तोकिएको जस्ता त्रुटिहरू निवारण गर्नुपर्ने ।
- त्रिभुवन विश्वविद्यालयको कार्यकारी परिषद निर्माण समिति, प्राप्त आर्थिक तथा प्राविधिक प्रस्ताव मूल्यांकन समितिले गम्भीरतापूर्वक हेरी कानूनसम्मत बनाउन र आधार कारण खुलाएर मात्र टेण्डर प्रस्तावको कारबाही अगाडि बढाउनु ।

**आ. त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग किर्तिपुरको नवनिर्मित भवन निर्माणमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा :**

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुरको नवनिर्मित भवन निर्माणमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा आयोगबाट संकलित कागजात झिकाई प्राविधिकबाट स्थलगत अध्ययन गरी छानबिन अनुसन्धान गर्दा विभिन्न कैफियतहरू देखिएकोमा

भ्रष्टाचार गरेको तथ्यसहितको प्रमाण उजागर हुन नसके तापनि टेण्डर प्रक्रियामा प्रक्रियागत कमजोरी एवं त्रुटिहरू विद्यमान देखिँदा आयोगको मिति २०७४।४।१२ को निर्णयानुसार त्रिभुवन विश्वविद्यालयलाई देहायका विषयमा लेखी पठाइएको ।

- अनुसन्धानबाट देखिएका तथ्यहरूबाट त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुरको नवनिर्मित भवन निर्माणका क्रममा टेण्डर प्रक्रिया अगाडि बढाउँदा र प्राप्त प्रस्ताव मूल्यांकन गर्ने क्रममा समेत प्रचलित सार्वजनिक खरिद ऐन नियम र त्रि.वि.सम्बन्धी आर्थिक नियमहरूमा तोकिएका प्रावधानहरूलाई होसियारीपूर्वक कार्यान्वयन गर्नु हुन,
- कन्सल्टेण्ट नियुक्ति गर्ने टेण्डर प्रक्रिया अगाडि बढाउनुअघि संक्षिप्त सूची तयार गर्नुपर्ने सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० मा व्यवस्था भएबमोजिम खुल्ला रूपमा आशयपत्र माग गरी संक्षिप्त सूची तयार गर्नु हुन,
- सार्वजनिक खरिद नियमावलीको नियम ७०(३) (ज) बमोजिम संक्षिप्त सूचीमा परेको व्यक्ति फर्म संस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरिदसम्बन्धी प्रस्ताव माग गरिने भनी उल्लेख भएको र सो कार्यका लागि कम्तीमा ३० दिनको सूचना दिनुपर्नेमा कम दिनको सूचना दिने अभ्यास तुरुन्त रोकी कानूनसम्मत प्रक्रिया अपनाउनु हुन,
- कन्सल्टेण्ट नियुक्ति गर्ने टेण्डर प्रक्रिया अगाडि बढाउनुअघि कन्सल्टेण्टको कार्य क्षेत्रगत सर्त (**TOR)** तयार गर्नुपर्ने।

**ठ. त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालयको खरिदमा अनियमितता भएको भन्ने उजुरी मध्ये पुस्तक खरिदका सम्बन्धमा :**

त्रि वि केन्द्रीय पुस्तकालयले पटक पटक गरी विभिन्न मितिमा **Agro Sciences Book Center, New Delhi** भारतबाट पुस्तक खरिद गर्दा त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा संचय कोषसम्बन्धी नियम २०५० (मिति २०६८ सम्मको संशोध सहित) परिच्छेद-१२ को दफा ५० को (४) ग, परिच्छेद-१३ को दफा ५१ को (६) (ग), परिच्छेद- १४ को दफा ५८ को (क) बमोजिम खरिद प्रक्रिया पूरा गरी खरिद भएको नदेखिएको तथा पुस्तक खरिदसम्बन्धी त्रि.वि. कार्यकारी परिषद्को कुनै निर्णय नभएको र बिल भुक्तानी गर्दा गोश्वारा भौचरसाथ बिलसँग भन्सारको प्रज्ञापनपत्रसँगै स्रेस्तामा समावेश भएको नदेखिएकोले आयोगबाट केन्द्रीय पुस्तकालयमा स्थलगत छानबिन गर्दा **Agro Sciences Book Center, New Delhi** भारतलाई भा. रु.९५,६३,५११।९७ को नेपाली मुद्रा रु.१,५३,०१,६८३।१४ भुक्तानी गरेको रकम बराबरका पुस्तकहरू पुस्तकालयमा भेटिएकोले स्पष्ट कानूनको प्रबन्धसहित कानूनी प्रक्रिया पुऱ्याई पुस्तक खरिद गर्नुपर्नेमा प्रक्रिया नपुऱ्याई खरिद गरेका विषयमा त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद र केन्द्रीय पुस्तकालयलाई देहायका विषयमा सुधार गर्नु भनी आयोगको मिति २०७४।४।१२ को निर्णयानुसार लेखी पठाइएको ।

- पुस्तक खरिदका विषयमा आर्थिक नियममा स्पष्ट कानूनी व्यवस्था र खरिद कार्यविधिसम्बन्धी व्यवस्था गर्नु हुन।
- पुस्तक खरिदका खर्च भुक्तानीका स्रेस्ता दुरुस्त राख्नु हुन ।

**ड. परीक्षा नियन्त्रण कार्यालय, बल्खुबाट इन्सेन्टिभ, अतिरिक्त, प्रोत्साहन भत्ता, गोप्य शाखाको खाजा खर्च, क्यान्टिन खाजा खर्चबापतको रकमको अनियमित खर्च भएको भन्ने उजुरीका सम्बन्धमा :**

परीक्षा नियन्त्रण कार्यालयका पदाधिकारी तथा कर्मचारीहरूलाई कार्यबोझको आधारमा अतिरिक्त समय काम गरेको, कार्य चापका आधारमा खाजा भत्ता दिनुपर्ने अवस्था सिर्जना भएको, प्रत्येक कामका लागि निश्चित प्रोत्साहन भत्ता दिदा कार्य शीघ्र सम्पन्न हुने त्रिभुवन विश्वविद्यालयको उद्देश्य भए तापनि वस्तुनिष्ठ मापदण्ड निर्धारण नगरी, कुन कामका लागि कति जनशक्ति आवश्यक पर्ने हो यकिन नगरी प्रत्येक काम र कर्मचारीलाई खुसी पार्ने उद्देश्यले हचुवाको भरमा भत्ता तथा खाजा खर्च भुक्तानी दिंदा कर्मचारीहरूबीच न्यायोचित व्यवहार नभएको, टाठाबाठा कर्मचारीहरूका लागि मात्र कार्यकारी परिषदको निर्णयले लाभ पुऱ्याएको र खर्च गर्दा रीतपूर्वक नभई हाजिरी र कार्य प्रगति मापन गर्ने

वैज्ञानिक र वस्तुनिष्ठ प्रमाण कागज नराखी खर्च गरेको संकलित स्रेस्ता अध्ययनबाट देखिएकोले कार्यकारी परिषद र परीक्षा नियन्त्रण कार्यालयलाई देहायका कुरा सुधार गरी वस्तुनिष्ठ आधार कारण खुलाई न्यायोचित तवरले कार्यसम्पादनका आधारमा मात्र भत्ताको व्यवस्था गर्न र भत्ता वितरण गर्दा पर्याप्त प्रमाणका आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाउनु भनी आयोगको मिति २०७४।४।१२ को निर्णयबमोजिम लेखी पठाइएको ।

- परीक्षा नियन्त्रण कार्यालयले सम्पादन गर्नुपर्ने कार्यको पुन: मूल्यांकन र मापन गरी के कुन कार्यका लागि के कति कर्मचारी आवश्यक पर्ने हो यकिन गर्ने ।
- त्रिभुवन विश्वविद्यालयको आर्थिक प्रशासनसम्बन्धी नियममा कुन कुन भत्ता को कसले के कस्ता कार्यसम्पादनबापत प्राप्त गर्न सक्ने हो स्पष्ट कानूनी व्यवस्था गर्ने ।
- एउटै कर्मचारीले सबै प्रकारका भत्ता प्राप्त गर्न सक्ने अवसरको अन्त्य गर्ने ।
- भत्ता प्राप्त गर्ने कार्य सम्पादनका सूचक पारदर्शी र वस्तुनिष्ठ बनाउने ।
- भत्ता प्राप्त गर्ने कार्यमा हाजिर भएका कर्मचारीको हाजिरी वस्तुनिष्ठ तवरले देखिने गरी व्यवस्थापन र अभिलेख गर्ने ।
- कार्य सम्पादनको आन्तरिक अनुगमन र मूल्यांकनलाई यथार्थपरक र वस्तुनिष्ठ बनाउने।
- कार्यकारी परिषदबाट निर्णय नभएका विषयमा खर्च लेख्न नसक्ने कुराको कडा रूपमा कार्यान्वयन गर्ने ।

**ढ. परीक्षा नियन्त्रण कार्यालय, बल्खुबाट सामान खरिद तथा दीक्षान्त समारोहबापतको रकम भुक्तानीको सम्बन्धमा :**

परीक्षा नियन्त्रण कार्यालय, बल्खुबाट खर्च लेखिएका गोश्वारा भौचर संलग्न स्रेस्ता कागजातहरू र खर्चका विवरणको छानबिन अध्ययन एवं अनुसन्धान गर्ने क्रममा त्रि.वि.वि. को ३७ औं दीक्षान्त समारोह र ३८ औं दीक्षान्त समारोह सम्बद्ध कागजातको अध्ययन अनुसन्धान गर्दा समारोह खर्चसम्बन्धी पूर्व स्वीकृति नलिई अतिथि तथा प्रमुख अतिथिहरूको सम्मानमा दिवा तथा रात्रि भोजको आयोजना गरी खर्च लेखिएको साथै केही भौचरहरूमा दीक्षान्त समारोहका लागि लिएको पेश्की रकम हालसम्म पनि फछ्र्यौट नगरेको देखिएकोले त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयसमेतलाई आयोगको मिति २०७४।४।१२ को निर्णयानुसार देहायका विषयमा लेखी पठाइएको ।

- समारोहको आयोजना गर्दा र समारोहमा हुने खर्चको योजना बनाउँदा पूर्व स्वीकृति वा निर्णय लिएर मात्र गर्ने ।
- कुनै पनि समारोह गर्दा गर्नुपर्ने खर्चलाई वस्तुपरक बनाउने ।
- खर्च तथा भुक्तानी पद्धति पारदर्शी र कानूनसम्मत बनाउन आन्तरिक व्यवस्थापन गर्ने ।
- खरिद तथा भुक्तानी प्रक्रियालाई कानूनसम्मत बनाउन अनुसरण गर्नुपर्ने प्रक्रियाको अनुगमन एवं मूल्यांकन पद्धतिलाई जिम्मेवार पदाधिकारीबाट तत्काल सुपरीवेक्षण गर्ने ।
- दोषीउपर कारबाही र असललाई प्रोत्साहन गर्ने पद्धितिलाई नै प्रभावकारी बनाउने ।

**ण. परीक्षा नियन्त्रण कार्यालयको वार्षिक दिवश खर्च सम्बन्धमा:-**

परीक्षा नियन्त्रण कार्यालयबाट स्वर्ण जयन्ती समारोह सम्पन्न गर्ने क्रममा वा अन्य वार्षिकोत्सव समारोह गर्दा कार्यकारी परिषदमा कार्यक्रमको विस्तृत विवरण तयार गरी कार्यक्रम स्वीकृत गराई सोही अनुरूप कार्यकारी परिषदबाट खरिद कार्यक्रमका लागि स्वीकृत लिई त्रिभुवन विश्वविद्यालय आर्थिक प्रशासनसम्बन्धी नियमले तोकेको परिधिभित्र रही कार्यक्रम स्वीकृत गर्नुपर्नेमा कार्यक्रम समापन भएपछि, पछिबाट कागजपत्र मिलाउने र सदर गराउने त्रिभुवन विश्वविद्यालयका कामकारबाही नियमित मान्न सकिने नदेखिएकोले देहायका विषयमा आयोगको मिति २०७४।४।१२ को निर्णयानुसार त्रिभुवन विश्वविद्यालयलाई लेखी पठाइएको ।

- त्रिभुवन विश्वविद्यालय र अन्तर्गतका निकायहरूले विश्वविद्यालयको कोषबाट कुनै कार्यक्रम गर्दा, खरिद प्रक्रिया अपनाउँदा, खरिद गर्दा सार्वजनिक खरिद ऐन नियमका साथै त्रिभुवन विश्वविद्यालय

आर्थिक प्रशासनसम्बन्धी नियमका प्रक्रियाहरूको कडाइका साथ पूर्णपालना गर्ने गराउने प्रबन्ध मिलाउने,

- त्रिभुवन विश्वविद्यालय र अन्तर्गतका निकायहरूले कुनै कार्यक्रम गर्दा, खरिद प्रक्रिया अपनाउँदा, खरिद गर्दा जो जुन निकाय वा अधिकारीको स्वीकृति आवश्यक पर्ने हो पहिले स्वीकृत गराई स्वीकृत नर्म्स अनुसार मात्र कार्यक्रम संचालन गर्ने गराउने पद्धतिको कडाइका साथ पालना गर्नुपर्ने,
- खरिद प्रक्रियामा प्राप्त प्रस्तावहरूलाई मूल्यांकन गर्दा वा कसैको प्रस्ताव स्वीकृत गर्दा सार्वजनिक खरिद ऐन नियमका साथै त्रिभुवन विश्वविद्यालय आर्थिक प्रशासनसम्बन्धी नियमका प्रक्रियाहरूको कडाइका साथ पूर्णपालना गर्ने गराउने प्रबन्ध मिलाउने ।

**त. कार्यालय सामान खरिद र भुक्तानीमा भ्रष्टाचार र अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा** :

परीक्षा नियन्त्रण कार्यालयको कोषबाट नियम कानूनको रीत नपुऱ्याई गरिएका खर्च र खर्च स्रेस्ता नियमित नगरी भुक्तानी गरी लिनेदिने गरेका काम अनियमित हुन् भन्ने कुरामा विवाद नदेखिए तापनि भ्रष्टाचारको कसुरमा हुनुपर्ने आपराधिक मनसाय तथा गैरकानूनी लाभ हानिका विषय परस्पर स्थापित हुनसक्ने अवस्था अनुसन्धानबाट संकलित कागजातबाट नदेखिएको, बिल राखी स्रेस्तामा जनाई भएका खर्चमा भुक्तानी दिनेले गैरकानूनी लाभ लिएको तथ्य स्थापित हुनसक्ने अवस्था नदेखिएकोले उजुरकर्ताले भने बमोजिम भ्रष्टाचार हुनसक्ने प्रमाणबाट नदेखिए तापनि यस्ता कामकारबाहीलाई आयोगबाट नजरअन्दाज गर्न नसकिने भएकोले त्रिभुवन विश्वविद्यालयलाई आयोगको मिति २०७४।४।१२ को निर्णयानुसार देहायबमोजिम लेखी पठाइएको।

- कुनै पनि मालसामान खरिद गर्नुपूर्व कानूनले अख्तियारी दिए नदिएको यकिन गरेर मात्र खर्चका लागि कारबाही गर्ने,
- विश्वविद्यालयको जुनसुकै प्रकारको कोषबाट कार्यकारी परिषदको निर्णय र अख्तियारी बाहेक खर्च नलेख्ने,
- खर्च तथा भुक्तानी पद्धति पारदर्शी र कानूनसम्मत बनाउन आन्तरिक व्यवस्थापन गर्ने,
- खरिद तथा भुक्तानी प्रक्रियालाई कानूनसम्मत बनाउन अनुसरण गर्नुपर्ने प्रक्रियाको अनुगमन एवं मूल्यांकन पद्धतिलाई जिम्मेवार पदाधिकारीबाट तत्काल सुपरीवेक्षण गर्ने,
- लेखापरीक्षण पद्धतिलाई औपचारिकतामा सीमित नगरी प्रभावकारी बनाउनुपर्ने,
- दोषी उपर कारबाही र असललाई प्रोत्साहन गर्ने पद्धितलाई नै प्रभावकारी बनाउने ।

**थ. पेश्की लिएको लामो समयसम्म बिल भरपाई पेस पनि नगर्ने, कार्यसम्पादन प्रतिवेदन पनि नदिने र पेश्की रकम फिर्ता पनि नगरी कोष हिनामिना भएको/दण्डहीनता बढेको भन्ने सम्बन्धमा :**

त्रिभुवन विश्वविद्यालय र अन्तर्गतका विभाग, कार्यालय, क्याम्पस, अध्ययन-अनुसन्धान केन्द्रसमेतका निकायहरूमा वस्तु तथा सेवा खरिदका लागि, समारोह सम्पन्न गर्नका लागि, अध्ययन, जाँचबुझ एवं कार्यक्रम सम्पन्न गर्नका लागि, उपयोगिताका लागि भनी विभिन्न शीर्षकमा विभिन्न निकायबाट पदाधिकारी, शिक्षक, कर्मचारी र कतिपय विषयमा विद्यार्थीहरूसमेतलाई पेश्की रकम उपलब्ध गराइएकोमा तोकिएका काम सम्पन्न भएको हो होइन संकलित खर्च स्रेस्ता अध्ययनबाट नदेखिएको, वर्षौंदेखि पेश्की लिनेले पेश्की फिर्ता गरेको पनि नदेखिएको, वर्षौंसम्म पेश्की फछ्र्यौट नगर्ने उपर कानूनबमोजिम कारबाही पनि नगर्ने र असुल पनि नगर्ने क्रियाकलाप त्रिभुवन विश्वविद्यालयको ठूलो समस्या मात्र नभई दण्डहीनताको ज्वलन्त उदाहरण रहेको संकलित खर्च स्रेस्ताका प्रमाणहरूबाट देखिएकोले यस विषयमा देहायका कुरामा सुधार गर्नु गराउनु भनी आयोगको मिति २०७४।४।१२ को निर्णयानुसार त्रिभुवन विश्वविद्यालयमा लेखी पठाइएको ।

- त्रिभुवन विश्वविद्यालयको आर्थिक प्रशासन नियममा संशोधन गरी पेश्की लिन सकिने विषयलाई सीमित गर्ने ।
- पेश्की नलिई कामै नहुने विषयमा पेश्की लिनेलाई फछ्र्यौटको अवधि सुनिश्चित गर्ने ।

- पेश्की लिनेले दाखिला गर्नुपर्ने, सम्पन्न गर्नुपर्ने, प्रतिवेदन बुझाउनुपर्ने, बिल दाखिला गर्नुपर्ने आदि इत्यादि कार्यलाई प्रकृति हेरी लामो वा छोटो कति अवधि तोक्न उपयुक्त हुने हो यकिन गरी कडा कानूनी व्यवस्था लागू गर्ने ।
- एक पेश्की फछ्र्यौट नगरी अर्को पेश्की लिने समेत गरेको देखिँदा पेश्की खप्टिदै जाने तर फछ्र्यौट नहुने र दण्डहीनताको संस्कृति बढेको देखिएकोले एक पेश्की फछ्र्यौट नगरी अर्को पेश्की लिनै नमिल्ने कानून र व्यवहारमा लागू गर्ने ।
- लामो समय पेश्की फछ्र्यौट नगर्ने उपर देवानी दायित्वमा सीमित नगरी प्रचलित कानूनबमोजिम कारबाही र सजाय गर्ने प्रबन्ध कानूनमा नै व्यवस्था गर्ने ।
- आन्तरिक लेखा परीक्षण निकायलाई सशक्त जिम्मेवार र जवाफदेही बनाउने ।
- खर्च भुक्तानीका जिम्मेवार पदाधिकारी एवं कर्मचारीलाई माथिल्लो तहबाट सुपरीवेक्षण गर्ने र अनुगमन तथा नियन्त्रण पद्धतिलाई प्रभावकारी बनाउने ।

८.५ परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा उत्तरपुस्तिका छपाइ कार्यका लागि करिब चार करोड मूल्य बराबरका सातवटा प्याकेजको भिन्नभिन्न बोलपत्र आह्वान भएकोमा सो बोलपत्रको अनियमितताका सम्बन्धमा अनुसन्धान तहकिकात गर्दा एकै प्रकृतिको छपाइ कार्यका लागि प्याकेज नं. १, २, ३, र ६ मा बोलपत्रदाताहरूले लागत अनुमानको न्यून प्रतिशत कममात्र कबोल गरेको तथा बोलपत्रदाताहरूले बोलपत्र कबोल गर्दा १ जना बोलपत्रदाताले लागत अनुमानभन्दा न्यून मूल्य कबोल गर्ने र अन्य प्रतिस्पर्धी बोलपत्रदाताले लागत अनुमानभन्दा बढी मूल्य कबोल गरेको जसले गर्दा लागत अनुमानभन्दा न्यूनतम कम मूल्यमा कबोल गर्नेलाई स्वतः ठेक्का परेको हुँदा उत्तरपुस्तिका छपाइ तथा ढुवानीमा स्वाभाविक कार्य भएको नदेखिएको, ६ वटा प्याकेजमध्ये कुनै एउटा प्याकेजमा मात्र बोलपत्र दर्ता गर्न पाउने प्रावधानले बोलपत्रको प्रतिस्पर्धालाई संकुचन गराएको र यो प्रावधान सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ विपरीत समेत देखिएको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५४ बमोजिम ९० दिन बोलपत्र मान्य अवधि दिनुपर्नेमा सो नियमविपरीत १२० दिनको बोलपत्र मान्य अवधिसमेत दिएको पाइएको हुँदा अब उप्रान्त प्रचलित ऐन नियमानुसार मात्र गर्न गराउन भनी आयोगको मिति २०७४।४।१२ को निर्णयानुसार कार्यार्थ तथा बोधार्थ परीक्षा नियन्त्रण कार्यालयलाई दिने गरी शिक्षा मन्त्रालयलाई लेखी पठाइएको ।

८.६ गुल्मी जिल्ला पौंदी अमराई गा.वि.स. वडा नम्बर ७ स्थित श्री पौंदी प्राथमिक विद्यालयका प्रधानाध्यापक मोहनलाल गिरी र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रबहादुर के.सी.ले अनियमितता गरेको उजुरी निवेदनउपर अनुसन्धान तहकिकात हुँदा ब्लक भवन सम्पन्न गर्दा लागेको निर्माण लागत, कुल मूल्यांकन नापी किताब र कार्य सम्पन्न प्रतिवेदन अनुसार नै मिल्न गएको प्रतिवेदन प्राप्त भएको, आर्थिक वर्ष ०६९ देखि ०७२ असार मसान्तसम्मको विद्यालयको लेखापरीक्षण एकमुष्ठ भएको तथा सामुदायिक अध्ययन केन्द्रको समेत आर्थिक वर्ष २०७२ असार मसान्तसम्मको सामाजिक एवं अन्तिम लेखापरीक्षणसमेत सम्पन्न भइसकेको र उल्लिखित लेखापरीक्षणहरूमा कुनै बेरुजु रकम नऔल्याइएकोले सरकारी अनुदान रकम हिनामिना भएको भन्ने तथ्य पुष्टि हुन सक्ने आधार नदेखिएको, निजी स्रोतमा राखेको शिक्षकलाई तलब खुवाउन गा.वि.स.को वडा भेला र विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार नै सार्वजनिक जग्गामा रहेका धार्ने, चिलाउने र उत्तिसका अन्दाजी ३५ वटा कुकाठहरू वन समितिको निर्णयबाट काटी भवन निर्माणमा नै प्रयोग गरेकाले जंगलका काठहरू बेची रकम हिनामिना गरेको नपाइए पनि गा.वि.स.को वडा भेला र विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार पहिरोको कारण घरबासबाट विस्थापित भएका स्थानीय खिमप्रसाद श्रेष्ठलाई घरबास प्रयोजनार्थ सहयोग स्वरूप विद्यालय नजिकको तीन रोपनी सार्वजनिक जग्गा रु.१,००,०००।- मा सर्वसम्मतिले उपलब्ध गराई प्राप्त रकम विद्यालय निर्माणमा खर्च गरिएकोले निज खिमप्रसाद श्रेष्ठले अनधिकृत रूपमा भोगचलन गरेको उक्त सार्वजनिक जग्गाको संरक्षण गर्ने, गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न गराउन आयोगको मिति २०७४।४।१६ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय गुल्मीलाई लेखी पठाइएको र सोको जानकारी शिक्षा मन्त्रालयलाई दिइएको ।

८.७ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदमा विभिन्न अनियमितताका सम्बन्धमा प्राप्त उजुरीहरूमा उल्लिखित विवरण अनुसारका भ्रष्टाचारजन्य कार्यहरू प्रमाणिक हुन नसके तापनि प्राविधिक शिक्षा तथा

व्यावसायिक तालिम परिषद्ले सम्बन्धन प्रदान गरेका शिक्षण संस्थाहरूलाई निजले नै स्थलगत निरीक्षण गरी नाजुक अवस्थामा रहेकोलाई यथाशीघ्र कारबाही गर्ने, परिषदको स्थलगत निरीक्षण प्रतिवेदन र पूर्वाधार निरीक्षण प्रतिवेदनमा निर्धारित न्यूनतम मापदण्डले मागेको कुरा स्पष्ट उल्लेख गर्ने (संख्या, क्षेत्रफल, किटानी रूपमा उल्लेख गर्ने), शिक्षण संस्थाहरूलाई प्रदान गरिने सम्बन्धन एवं परीक्षा प्रणाली लगायतका अन्य सम्पूर्ण कामकारबाही, पारदर्शी र वैज्ञानिक रूपले सम्पन्न गर्ने, परिषदले कुनै पनि शिक्षण संस्थालाई सम्बन्धन प्रदान गर्दा सूचना प्रकाशित गर्ने, सम्बन्धित संस्थाबाट निवेदन लिने, प्रस्तावना लिने, सम्भाव्यता अध्ययन निरीक्षण टोली खटाउने, आशय पत्र दिने, पूर्वाधार निरीक्षण गर्ने सल्लाहकार समितिले सिफारिस गर्ने र सम्बन्धन प्रदान गर्ने लगायत परिषदबाट सम्पादन हुने सम्पूर्ण कामलाई सरल छिटो, छरितो, वैज्ञानिक एवं पारदर्शी बनाउने भनी आयोगको मिति २०७४।४।१९ को निर्णयानुसार शिक्षा मन्त्रालयका सचिव र स्वास्थ्य मन्त्रालयका सचिवलाई लेखी पठाइएको ।

८.८ जिल्ला चितवन साबिक भरतपुर उप-महानगरपालिका (हाल महानगरपालिका) स्थित भरतपुर अस्पतालको स्वामित्वमा रहेको जग्गामा कलेज अफ मेडिकल साइन्सेस, सिटिईभिटी अन्तर्गतको स्कुल अफ हेल्थ साइन्सेस, नेत्रज्योति संघ, साझा औषधि पसल र रक्त संचार केन्द्रले प्रयोग गरे पनि भाडा नबुझाएको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात गर्दा विगतमा भएको सम्झौता अनुसार अस्पताललाई मेडिकल कलेजले २०७३/७४ सम्मको रु.३६,७३,१५५।- बुझाउनुपर्ने भाडाको वार्षिक १० प्रतिशत वृद्धि रकम र ब्याज समेत असुल गर्नुपर्ने भनी महालेखा परीक्षकको कार्यालयबाट रु. ६७,७८,०५०।३५ असुल गर्नुपर्ने भनी बेरुजु कायम गरिएको रकम असुलउपर गर्नेतर्फ प्रचलित नेपाल कानूनबमोजिम जो जे गर्नुपर्ने कारबाही गर्न र नयाँ सम्झौताद्वारा उल्लिखित संघ/संस्थाले प्रयोग गरेको जग्गाबाट हुने आयलाई व्यवस्थित गर्न हरेक वर्ष सम्झौता पुनरावलोकन गर्न भनी दिइएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशनको पालना सम्बन्धमा आवश्यक कारबाही गर्न स्वास्थ्य मन्त्रालयलाई र करबापत बुझाउनुपर्ने रकम रु.१६,८०,०००।- नबुझाएको भन्ने अस्पतालबाट लेखी आएकोमा कलेज अफ मेडिकल साइन्सेसले रु.४,१४,०००।- कर दाखिला गरेको भौचर पेस गरी रु.१२,६६,०००।- कर बुझाउन बाँकी रहेको स्वीकार गरेको अवस्था देखिँदा कर असुली सम्बन्धमा आवश्यक कारबाही गर्न आयोगको मिति २०७४।४।२६ को निर्णायानुसार आन्तरिक राजस्व विभागलाई सुझाव लेखी पठाइएको ।

८.९ जिल्ला रोल्पा जिनबाङ गा.वि.स. स्थित वीरेन्द्र उच्चमाध्यमिक विद्यालय नाउलीमा भवन निर्माणका लागि आ.व ०६८/०६९ मा जि.शि.का रोल्पाबाट रु.२४,००,०००।- छुट्टाएको र जनश्रमदानबाट ३३ प्रतिशत काम गराइएकोमा विद्यालयका तत्कालीन प्रधानाध्यापक लालबहादुर डाँगी र निर्माण समितिका अध्यक्ष खड्कबहादुर वलीको मिलेमतोमा सो रकमबाट सम्पन्न हुनुपर्नेमा विविध कारण देखाई विद्यालयको निजी ढुकुटीबाट मिलेमतोमा रु.१५,७१,१७२।- गरी कुल जम्मा रु.३९,७१,१७२।- खर्च गरेको भन्ने उजुरी निवेदनका सम्बन्धमा मिसिल संलग्न कागजातहरूको अध्ययन गर्दा वीरेन्द्र उच्चमाध्यमिक विद्यालय नाउली, जिनाबाङ रोल्पाको ४ कोठे भवन निर्माण गर्नका लागि जिल्ला शिक्षा कार्यालय र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लालबहादुर वली तथा तत्कालीन प्र.अ. लालबहादुर डाँगीबीच मिति २०६८।७।२४ गते जिल्ला शिक्षा कार्यालयले २४ लाख व्यहोर्ने र बाँकी जनश्रमदान गर्ने गरी सम्झौता भएको, भवन निर्माण गर्दा गठित निर्माण समितिका अध्यक्ष खड्कबहादुर वलीको अध्यक्षतामा मिति २०७१।४।३ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको बुँदा नं. २ मा विद्यालयको भवन निर्माण गर्ने क्रममा नेपाल सरकार शिक्षा विभागबाट प्राप्त रु.२४,००,०००।- भन्दा बढी रु.१५,७१,१७२।- खर्च भएको देखिएकोले सो रकम विद्यालयको खाताबाट खर्च गर्ने सर्वसहमतिले निर्णय गरेको र सो विषयलाई सार्वजनिक लेखापरीक्षणमा समेत जनश्रमदान नजुटेकोले विद्यालयको अन्तरिक कोषबाट उक्त रकम व्यहोरेको भनी उल्लेख भई आए पनि सरकारी भवन निर्माण गर्दा विधि र प्रक्रियाको अक्षरशः पालना नगरी विद्यालय व्यवस्थापन समितिले इस्टिमेटभन्दा बढी रकम खर्च गर्नुपर्दा नियमानुसार सम्बन्धित निकायबाट रिभाइज इस्टिमेट स्वीकृत गराउनुपर्नेमा सो नगरेको, सम्बन्धित प्राविधिकबाट रु.३८,३६,४२८।१८ मात्रको अन्तिम मूल्यांकन भएकोले मूल्यांकनभन्दा बढी खर्च भएको रकम रु.१,३४,७४३।८२ देखिएको हुँदा सो रकम निर्माण समितिबाट

असुलउपर गर्न आयोगको मिति २०७४।७।१३ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय रोल्पामार्फत तत्कालीन वीरेन्द्र उच्च मा.वि हाल वीरेन्द्र मा.वि नाउली जिनाबाङ रोल्पालाई लेखी पठाइएको ।

८.१० अख्तियार दुरुपयोग अनुसन्धान आयोग, मध्यपश्चिमाञ्चल, क्षेत्रीय कार्यालय, सुर्खेतमा दर्ता भएको "नेपाल संस्कृत विश्वविद्यालय, बेलझुण्डी, दाङका उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार तथा सेवा आयोगको अध्यक्षसमेतले विश्वविद्यालयमा शिक्षक, कर्मचारी नियुक्ति, आर्थिक कारोबार, गाडी सञ्चालन तथा इन्धन र भवन निर्माणसमेतमा अनियमितता गरेको" भन्ने विषयलगायतका ४० थान उजुरीहरूउपर अनुसन्धान तहकिकात हुँदा नियमविपरीत शिक्षक कर्मचारी संघ संगठनमा भाग लिएबापत विश्वविद्यालयको कोषबाट दैनिक भ्रमण भत्ताबापत रकम बुझेको, गैरकानूनी रूपमा अधिकारभन्दा बाहिर गएर चन्दा वितरण गरेको तथा लामो समयसम्म पेश्की फछ्र्यौट हुन नसकेको सम्बन्धमा तथ्य यकिन गरी प्रचलित संस्कृत विश्वविद्यालयसम्बन्धी ऐन नियमबमोजिम जे-जो कारबाही गर्नुपर्ने हो, त्यहींबाट गरी सोको जानकारी आयोगमा दिन साथै उचित मापदण्ड र कार्यविधि बनाएर मात्र कार्यकारी परिषदबाट चन्दा वितरणलगायतका खर्च गर्ने भनी नेपाल संस्कृत विश्वविद्यालय बेलझुण्डी, दाङलाई आयोगको मिति २०७४।७।२३ को निर्णयानुसार लेखी पठाइएको ।

८.११ श्री शारदा उच्च माध्यमिक विद्यालय, बलाहा-९, सुनसरीका तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रोहितकुमार चौधरीसमेतको मिलेमतोमा निजको कार्यकालमा विद्यालयमा विभिन्न शीर्षकका रकमहरू हिनामिना गरी विद्यालयलाई हानि नोक्सानी पुऱ्याएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा शारदा उच्च माध्यमिक विद्यालय, सुनसरीका तत्कालीन व्यवस्थापन समितिका अध्यक्ष रोहितकुमार चौधरीले निजको कार्यकालमा भवन निर्माण लगायतका कार्यका लागि विद्यालयबाट विभिन्न समयमा लिएको पेश्की रकम रु.११,८७,०८०।-, निजको सिफारिसमा अन्य व्यक्तिलाई भुक्तानी गरिएको रकम रु.२,००,०००।- तथा विद्यालयका नामको जग्गाको ठेक्काबाट विद्यालयलाई प्राप्त हुनुपर्ने निजको जिम्मा रहेको देखिन आएको रु.३,९५,८००।- गरी कुल रु.१७,८२,८८०।- का सम्बन्धमा निज रोहितकुमार चौधरीको कार्यकालमा विद्यालय भवन निर्माण लगायतका विभिन्न मर्मत कार्यहरूमा जम्मा रु.११,५९,९८५।७१ खर्च गरेको साथै विभिन्न मितिमा विद्यालयको खातामा जम्मा गरेको रु.२,५०,०००।- तथा राजस्व दाखिला गरेको रकम रु.१,८३,८००।- र बलाहा बहुमुखी क्याम्पसको भवन निर्माणमा खर्च गरेको विद्यालयको रकम रु.२,००,०००।- समेत गरी कुल रु.१७,९३,७८५।७१ देखिन आएबाट कार्य सञ्चालन र अभिलेखनमा कमी कमजोरी रहेको देखिए तापनि विद्यालयको रकम हिनामिना/मस्यौट गरेको पुष्टि भएको नदेखिएको, निजको नाममा रहेको उल्लिखित विषयसँग सम्बन्धित बेरुजु हालसम्म पनि फछ्र्यौट नभएको भन्ने लेखापरीक्षण प्रतिवेदनबाट खुल्न आएको र बलाहा क्याम्पस भवन निर्माणका क्रममा खर्च भएको विद्यालयको रकम रु.२,००,०००।- विद्यालयलाई हालसम्म प्राप्त भएको नदेखिँदा उक्त रकम विद्यालय कोषमा जम्मा गराउन तथा लेखापरीक्षणबाट औंल्याइएको निज रोहितकुमार चौधरीसमेतको नामको बेरुजु नियमानुसार फछ्र्यौट गर्न गराउन आयोगको मिति २०७४।८।१९ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, सुनसरीलाई लेखी पठाइएको ।

८.१२ आ.व. ०७२।०७३ मा श्रीलंका सरकारले उपलब्ध गराएको स्नातक तहको **Presidential Scholarships for Foreign Students** कार्यक्रम अन्तर्गतको छात्रवृत्तिमा शिक्षा मन्त्रालय छात्रवृत्ति शाखाका उप-सचिवको किर्ते दस्तखत एवं मन्त्रालयको छाप किर्ते गरी सिधै श्रीलंका गएको भन्ने विषयको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा नेपाल सरकार, शिक्षा मन्त्रालयले आ.व. ०७२।०७३ मा श्रीलंका सरकारले उपलब्ध गराएको स्नातक तहको **Presidential Scholarships for Foreign Students** कार्यक्रममा छोटो समय दिई सूचना दिएको उक्त सूचनाअनुसार सिट संख्याभन्दा कम निवेदन पर्न आएको र शिक्षा मन्त्रालयले निजहरूले पेस गरेको शैक्षिक योग्यताको प्राप्तांक अनुसार आवेदन फारामहरू विद्यार्थीको नाम उल्लेख गरी परराष्ट्र मन्त्रालयलाई आठ जनाको नाम पठाएको, छात्रवृत्तिमा आठ जना विद्यार्थीहरू मात्र मनोनयन भए तापनि तीन जनाको मात्र श्रीलंकन सरकारबाट प्राप्तांक र प्रतिशतका आधारमा छनौट गरिएको देखिएको, उक्त छात्रवृत्तिमा सोझै शिक्षा मन्त्रालयबाट गएका भनिएका ४ जना विद्यार्थीहरू भर्ना भएको संलग्न कागजातबाट नदेखिएको, सो बाहेक गोविन्द साह र विवेक झाले शिक्षा मन्त्रालय तथा परराष्ट्र मन्त्रालयबाट कुनै किसिमको सिफारिस नलिई अध्ययन गरिरहेको, निजहरूले श्रीलंकन शिक्षा मन्त्रालयमा पेस गरेको

**Personnel Details Form** मा बौद्ध दर्शन प्रबर्द्धन तथा गुम्बा विकास समिति, श्रीमहल, पुल्चोकमा कार्यरत शाखा अधिकृत बन्दना कुमारी झाले प्रमाणित गरेको देखिएको, श्रीलंकन शिक्षा मन्त्रालयले निजहरूलाई छात्रवृत्ति दिएको समेत देखिँदा अध्ययन गर्न गएका विद्यार्थीबाट सरकारी हानि नोक्सानी भएको संलग्न कागजपत्रबाट नदेखिए पनि शैक्षिक सत्र सन् २०१४ र २०१५ को **Presidential Scholarships for Foreign Students** छात्रवृत्तिमा निजहरूले ल्याएको फारामको **6. Declaration B** मा **Official Declaration** मा सही गर्ने बौद्ध दर्शन प्रबर्द्धन तथा गुम्बा विकास समिति, श्रीमहल, पुल्चोकमा कार्यरत शाखा अधिकृत बन्दनाकुमारी झाले मिलेमतो गरी तथा रकम लिई सिफारिस गरेको संलग्न कागजातबाट देखिन नआए पनि निजले उक्त कार्यालयबाट मनोनयन नभएको अवस्थामा फाराममा प्रमाणित गरेको देखिँदा आयोगको मिति २०७४।८।१९ को निर्णयानुसार बौद्ध दर्शन प्रबर्द्धन तथा गुम्बा विकास समिति हेर्ने संघीय, मामिला तथा स्थानीय विकास मन्त्रालयबाट उक्त समितिमा कार्यरत शाखा अधिकृत बन्दनाकुमारी झालाई जो जे कारबाही गर्नुपर्ने हो तहाँबाटै गर्नका लागि लेखी पठाइएको साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) देहाय (ख) अनुसार परराष्ट्र मन्त्रालय र शिक्षा मन्त्रालयसमेतलाई तपसिलमा उल्लेख भएअनुसार सुझाव लेखी पठाइएको ।

- नेपाली विद्यार्थीहरूलाई विदेशी मित्रराष्ट्रहरूले प्रदान गर्ने सम्पूर्ण छात्रवृत्तिहरूमा शिक्षा मन्त्रालय मार्फत छनौट एवं वितरण गर्ने व्यवस्थाका लागि अर्थ मन्त्रालय, शिक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालयबीच समन्वय गरी कूटनीतिक पहल गर्न नेपाल सरकार परराष्ट्र मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।
- नेपाल सरकारलाई प्राप्त हुने छात्रवृत्तिको विवरणसहितको वार्षिक कार्यतालिका प्रत्येक आ.व.को सुरुमै **Website** तथा राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित गर्न शिक्षा मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।
- वैदेशिक छात्रवृत्तिमा छनौट भएका विद्यार्थीहरूको विद्युतीय अभिलेख अनिवार्य रूपमा राखी अध्ययन पश्चात निजहरूले गरेको कबुलियतनामा अनुसार नेपाल फर्की सेवा गर्ने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न शिक्षा मन्त्रालय र स्वास्थ्य मन्त्रालयसमेतको संयन्त्र बनाई अनुगमन गर्ने व्यवस्था मिलाउन सुझाव लेखी पठाइएको ।

८.१३ रौतहट जिल्ला विर्ती प्रष्टोका गा.वि.स.वडा नं.८ का स्थानीय मानिसहरूले छोटेलाल साह कानूको अध्यक्षतामा ८ सदस्यीय विद्यालय व्यवस्थापन समिति गठन गरी उक्त स्थानमा भगवती प्राथमिक नामको विद्यालय स्थापना र संचालनका लागि जिल्ला शिक्षा कार्यालय रौतहटबाट आ.व.०६६/०६७ देखि संचालन हुने गरी अनुमति लिई स्थानीय व्यक्तिसँग भाडामा लिएको जग्गामा विद्यालय स्थापना गरेको, आ.व.०६६/०६७ देखि विभिन्न मितिमा पटक पटक गरी ५ कक्षासम्म संचालन गर्ने अनुमति लिएको, विद्यालय स्थापना भएपश्चात विद्यालय भवन, शौचालय र व्यवस्थापनका लागि जिल्ला शिक्षा कार्यालय रौतहट तथा विद्यालय सुधार कार्यक्रमबाट आ.व.०६६/०६७ देखि आ.व.०६९/०७० सम्म विभिन्न शीर्षकमा निकासा भएको रकममा खर्च गरेको पुस्ट्याइँ गर्न नसकेको रकम रु.२,६२,५३५।१३ रहेकोमा अनुसन्धानकै क्रममा उक्त विद्यालयका प्रधानाध्यापक अजयप्रसाद साहले विद्यालयको खातामा जम्मा रु.२,६३,५००।- दाखिला गरेको बैंक भौचरबाट देखिन आएको, हाल उक्त विद्यालयको खातामा रु.२,७९,४४८।०३ जम्मा रहेकोमा जिल्ला शिक्षा कार्यालय रौतहटको मिति २०७१।५।१० गतेको निर्णयले उक्त विद्यालय सोही मितिबाट बन्द भइसकेको देखिंदा उक्त विद्यालयको नाममा रहेको चल अचल सम्पत्तिको उचित व्यवस्थापन तथा संरक्षण गर्नका लागि आयोगको मिति २०७४।१०।३ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, रौतहट, गौरमा लेखी पठाइएको ।

८.१४ जिल्ला बर्दिया राजापुर नगरपालिका वडा नं. ११ मा संचालित मदर्सा रिजविया अनवारुल उलुम प्रा.वि.का तत्कालीन विद्यालय व्यवस्थापन समिति अध्यक्ष जमिल अहमद खान, प्र.अ. मो. अहमद सिद्दिकी र विद्यालय भवन निर्माण समितिका अध्यक्ष रइस अहमद सिद्दिकीसमेतको मिलोमतोमा विद्यालय भवन निर्माण, मोटरसाइकल मर्मत लगायतका कार्यहरूमा लाखौं रकम हिनामिना गरेको भन्ने उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा जिल्ला शिक्षा कार्यालयबाट आ.व. २०७०/०७१ मा २ कोठे ट्रष्ट भवन निर्माणका लागि रु.७,५०,०००।- रकम निकासा भई कुल लागत रु.१३,३३,११९।४१ मा निर्माण गर्ने क्रममा जिल्ला शिक्षा कार्यालय बर्दियाबाट प्राप्त डिजाइन नक्साबमोजिम निर्माण गर्ने कार्य मापदण्ड अनुसार

नगरी कमजोर किसिमबाट गरेको भनी समुदायबाट विरोध भई निर्माण कार्य स्थगित भएको, भवन निर्माणका लागि निकासा भएको रकममध्ये निर्माण समितिले रु. ५,००,०००।- बेरुजु खातामा जम्मा गरिसकेको साथै रु.२,५०,०००।- विद्यालयको पेश्कीको रूपमा रहेको र हालसम्म पनि फछ्र्यौट नभएको, जिल्ला शिक्षा कार्यालयबाट सो भवनमा हालसम्म भएको निर्माण कार्यको मूल्यांकन रकम रु.१,१९,४९२।७९ मात्र भएको देखिएकोले मूल्यांकनभन्दा बढी हुने रकम रु.१,३०,५०७।२१ बराबरको निर्माण कार्य नभएको हुँदा सो रकम निर्माण समिति मार्फत असुलउपर गर्न र निर्माण कार्य अधुरो रहेको दुई कोठे ट्रस भवनलाई अन्य कुनै व्यवस्था गरी भवन निर्माण कार्य सम्पन्न गराउने व्यवस्था मिलाउन आयोगको मिति २०७४।१०।३ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय बर्दियालाई लेखी पठाइएको ।

८.१५ रौतहट जिल्ला कटहरिया स्रोत केन्द्र अन्तर्गत ज्ञानज्योति प्राथमिक विद्यालय बिर्ती प्रष्टोका-७, वडेर्वा रौतहटका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकसमेतले विद्यालयमा अनियमितता गरेको भन्ने विषयको उजुरीका सम्बन्धमा २०६६ सालमा स्थापना भएको विद्यालयको भवनमा खरको छाना प्रयोग भई कमजोर अवस्थामा रहेको, विद्यालयको नाममा २ कट्ठा जमिन रहेको, शिक्षा ऐन, २०२८ को दफा ३(२) बमोजिम आवश्यक जाँचबुझ नगरी विद्यालयले निवेदन दिएकै भरमा विभिन्न मितिमा जिल्ला शिक्षा कार्यलयबाट कक्षा १ देखि कक्षा ४ सम्म विद्यालय संचालनको अनुमति दिएको देखिएको, २०७१ सालदेखि विद्यालय संचालनमा नरहेको, जिल्ला शिक्षा कार्यालय गौर, रौतहटबाट विभिन्न शीर्षकमा गरी रु.३,२७,४७६।९५ रकम विद्यालयमा निकासा भएकोमा अनियमित रूपमा खर्च भएको रकम रु.३१,१२६।९१ रहेकोमा मिति २०७४।५।११ गते मिश्रिलाल साहले उक्त विद्यालयको बैंक खातामा रु.३२,११३।- राष्ट्रिय वाणिज्य बैंक गौर शाखामा जम्मा गरेको सक्कलै भौचर दाखिला भएको देखिएकोले बन्द रहेको उक्त विद्यालयको नाममा रहेको चल अचल सम्पत्तिको उचित व्यवस्थापन तथा संरक्षण गर्नका लागि आयोगको मिति २०७४।११।१४ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, रौतहट, गौरमा लेखी पठाइएको ।

८.१६ जिल्ला सर्लाही साबिक औरही गा.वि.स. ९, हाल चक्रघट्टा गाउँपालिका वडा नं. ७ सामुदायिक प्राथमिक विद्यालय सर्लाहीका विद्यालय व्यवस्थापन समितिका तत्कालीन अध्यक्ष र प्रधानाध्यापक समेतले विद्यालयमा अनियमितता गरेको भन्ने विषयको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा जिल्ला शिक्षा कार्यालय मलंगवा, सर्लाहीको मिति २०६५।८।१५ गतेको पत्रले शैक्षिक सत्र २०६५ देखि उक्त विद्यालयलाई सामुदायिक विद्यालयको रूपमा प्राथमिक तहको कक्षा १ संचालन गर्न अनुमति प्रदान गरिएको, जिल्ला शिक्षा कार्यालयको विभिन्न मितिका निर्णयले कक्षा ४ सम्म संचालनको अनुमतिसमेत प्रदान गरेको देखिएको, जिल्ला शिक्षा कार्यालयबाट विभिन्न मितिमा सो विद्यालयलाई निकासा भएको कुल रकम रु.११,४३,४१३।- मध्ये पेस हुन आएका बिल भरपाई अनुसार जम्मा खर्च भएको रकम रु.११,३०,७१७।२५ रहेकोमा फछ्र्यौट हुन बाँकी देखिएको रकम रु.१२,६९६।- मिति २०७४।१०।११ मा उल्लिखित विद्यालयकै बैंक खातामा जम्मा गरी बैंक भौचरसमेत पेस गरेको देखिएकोले जिल्ला शिक्षा कार्यालय सर्लाहीको मिति २०७२।९।१७ गतेको निर्णयबमोजिम हाल बन्द भइसकेको उक्त विद्यालयको खातामा मौज्दात रहेको रकम नेपाल सरकारलाई प्रक्रिया अनुसार फिर्ता गराई उक्त खाता बन्द गराउन तथा विद्यालयको नाममा रहेको अन्य चल अचल सम्पत्तिको व्यवस्थापनका लागि आवश्यक प्रबन्ध गर्नका लागि आयोगको मिति २०७४।११।२५ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय सर्लाहीलाई लेखी पठाइएको ।

८.१७ जिल्ला कपिलवस्तु सौरहा गाउँ विकास समिति वडा नं. ८ स्थित श्री कालिका जन माध्यामिक विद्यालयको निम्न माध्यामिक तहको राहत कोटामा कार्यरत शिक्षक सत्येन्द्रकुमार श्रीवास्तवले विद्यालयको रकम किर्ते गरी बैंकबाट निकालेको र हाजिर नभएको अवधिसमेतको तलब भत्ता खाई भ्रष्टाचार गरेको भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्बन्धमा मिति २०६९।९।९ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकले शिक्षक सत्येन्द्रकुमार श्रीवास्तव दुर्घटनामा परी उपचार गरेको कागजातसहित निवेदन दिएकोले निज शिक्षकलाई मानवीयताको दृष्टिकोणले मिति २०६९।९।२२ गतेदेखि विद्यालयमा हाजिर गराउने भनी निर्णय भएको, मोटरसाइकल दुर्घटना परी विद्यालयमा अनुपस्थित भएको अवधिभरको तलब भत्ता भुक्तानी नभएको भनी जिल्ला शिक्षा कार्यालयले आयोगमा पत्राचार गरेको, बेतलबी बिदा नियम अनुसार राहत शिक्षकले पाउने

भन्ने कानूनी व्यवस्थाको अभाव रहेको देखिन आएकोमा जिल्ला शिक्षा कार्यालयले दरबन्दी मिलान गरी निजलाई अर्को विद्यालयमा सरुवा/पदस्थापन गरेबाट समर्थन गरेको देखिएको, शिक्षक सत्येन्द्रकुमार श्रीवास्तवले रु.३५००।- को चेकलाई रु. ३०५००।- बनाई किर्ते गरेको भन्ने प्र.अ. र शिक्षक शत्रुध्नप्रसाद चौधरीको भनाइ रहेकोमा निजहरूले चेकको भुक्तानी दिंदाको अवस्थामा पेश्कीको निवेदन, गोश्वारा भौचर जस्ता लेखा स्रेस्ताका लागि आवश्यक कागजात तयार नगरी केवल चेकको अर्धकट्टीमा रकम बुझाई भुक्तानी गरेको भनी निज प्र.अ.र शिक्षक शत्रुध्नप्रसाद चौधरीको तितिम्वा बयानमा उल्लेख भएको, विद्यालयमा गोश्वारा भौचरसमेतको लेखासम्बन्धी अभिलेख राख्ने व्यवस्था नरहेको, शिक्षक सत्येन्द्रकुमार श्रीवास्तवले उक्त चेकबाट निकालेको रु.२७,०००। पेश्की लिएको हुँ भनी स्वीकार गरी आफ्नो पारिश्रमिकबाट फछ्र्यौट गरेको हुँदा विद्यालयको रकम असुल भएको देखिएकोले मातहतका सार्वजनिक/सामुदायिक विद्यालयहरूले आम्दानी खर्चको लेखा स्रेस्ता प्रचलित कानूनबमोजिम व्यवस्थित रूपमा राखे नराखेको सम्बन्धमा प्रभावकारी रूपमा अनुगमन गर्ने/गराउने व्यवस्था गर्नका लागि आयोगको मिति २०७४।११।२५ को निर्णयानुसार कपिलवस्तु नगरपालिकाको कार्यालय कपिलवस्तुमा लेखी पठाइएको ।

८.१८ जनक शिक्षा सामग्री केन्द्रका प्रबन्ध संचालक अनिलकुमार झाले कागज खरिद कार्यमा संस्थालाई हानि नोक्सानी पुऱ्याएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा ७० ग्रामेज सेतो छपाइ कागज ४००० मे.टन खरिद गर्नका लागि बोलपत्र आह्वानको सूचना भएकोमा उक्त सूचनाबमोजिम पर्न आएका ३ वटा बोलपत्रहरू अस्वीकृत भएको, आ.व. २०७१।०७२ मा १५०० मे.टन र ५०० मे.टनका लागि प्रकाशित सूचनाबमोजिम परेका बोलपत्रहरूसमेत प्राविधिक परीक्षणमा असफल भई अस्वीकृत भएको सन्दर्भमा यथासमयमा विद्यार्थीहरूलाई पाठ्यपुस्तक पुऱ्याउन र संविधानको मस्यौदासमेत छपाइ गर्नका लागि संचालक समितिको विभिन्न मितिमा विभिन्न परिमाणको कागज खरिदका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ (२) अनुसार आ.व. २०७०।०७१ मा टेन्डरबाट श्री बाबा पेपर मिल्स प्रा.लि.सँग भएको खरिद सम्झौताको स्वीकृत सम्पूर्ण मापदण्ड, सर्त र सोही मूल्यभन्दा नबढ्ने गरी खरिद गर्न प्रबन्ध संचालकलाई अख्तियारी दिने निर्णय भएबमोजिम कागज खरिद गरिएको, कागजको गुणस्तरको सम्बन्धमा आ.व.२०७०।०७१ मा ग्रामेजमा फरक पर्दा रु.१२,९५,६७८।५६ र अन्य प्यारामिटरमा फरक पर्दा रु.७,७७,२२२।९१ गरी जम्मा २०,७२,९०१।४७ र आ.व. २०७१।०७२ मा स्पेसिफिकेसन अनुसार ग्रामेजमा फरक पर्दा रु.४३,६१,९०६।०४ र अन्य प्यारामिटरमा फरक पर्दा रु.१८,५५,६३०।५५ गरी जम्मा रु.६२,१७,५३६।५९ सम्बन्धित कागज आपूर्तिकर्ताले प्राप्त गर्ने रकमबाट कट्टा गरिएको देखिएकोले मिलेमतोबाट कम गुणस्तरको कागज खरिद गरी केन्द्रलाई हानि नोक्सानी पुऱ्याएको अवस्था नदेखिएको, देशका विभिन्न भागमा पाठ्यपुस्तकहरू ढुवानी गराउँदा नियुक्त ठेक्केदारसँग भएको सम्झौताअनुसार सडक विभागले उपलब्ध गराएको सडक दूरीको आधारमा सम्बन्धित ढुवानीकर्ताहरूलाई इन्धन र भाडा उपलब्ध गराएको तथा पाठ्यपुस्तक ढुवानी गर्दा लागेको दिन सम्बन्धमा लोड, अनलोड, सामान डेलिभरी, गएको/आएको मिति, समय आदि समेतको कारण देखाई दिएको पुष्ट्याइँ औचित्यपूर्ण नै देखिएको हुँदा पाठ्यपुस्तक वितरणको ठेक्कामा अनियमितता भएको अनुसन्धानबाट पुष्टि हुन नदेखिए तापनि खरिदसम्बन्धी कार्य गर्दा सार्वजनिक खरिद ऐन/नियमको पालना भएको नदेखिँदा अबआइन्दा सो अनुसार गर्नका लागि आयोगको मिति २०७४।११।२५ को निर्णयानुसार जनक शिक्षा सामग्री केन्द्रलाई सुझाव लेखी पठाइएको ।

८.१९ जिल्ला रूपन्देही गाविस सिलौटियामा संचालन भएको लक्ष्मी सामुदायिक अध्ययन केन्द्र सिलौटाकी अध्यक्ष श्रीमती गीता पाण्डेले आर्थिक हिनामिना गरी अनियमितता गरेको समेतका उजुरी निवेदनका सम्बन्धमा अनुसन्धानका क्रममा जिल्ला शिक्षा कार्यालयबाट प्राप्त प्रतिक्रिया, संलग्न बिल भरपाई, लेखापरीक्षण प्रतिवेदन, सम्बन्धित व्यक्तिहरूको सोधपुछ कागज र बयान कागजसमेतको अध्ययन, अनुसन्धानबाट अध्यक्ष गीता पाण्डेले भ्रष्टाचार र रकम हिनामिना गरी नेपाल सरकारलाई कुनै हानि नोक्सानी पुऱ्याउने गरी कुनै कसुर गरेको देखिन नआए तापनि सहयोगी कार्यकर्ता नियुक्ति गर्दा प्रचलित कानूनी प्रक्रिया अवलम्बन गरेको नदेखिएको हुँदा अब आइन्दा प्रारम्भिक बाल विकास कार्यक्रम संचालनसम्बन्धी निर्देशिका, २०६१ को दफा ३१ बमोजिम बाल विकास सहयोगी कार्यकर्ता नियुक्ति गर्ने गराउनेतर्फ आवश्यक सजगता अपनाउन

आयोगको मिति २०७४।१२।१ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, रूपन्देहीलाई सुझाव लेखी पठाइएको ।

८.२० रौतहट जिल्ला कटहरिया स्रोतकेन्द्र अन्तर्गत गणेश राजाराम प्राथमिक विद्यालय फतुवा हर्षाहा-५ रौतहटका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकसमेतले विद्यालयमा अनियमितता गरेको भन्ने विषयको उजुरी सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा शैक्षिक वर्ष २०६६ देखि २०७० सम्म संचालनमा रहेको उक्त विद्यालयमा कच्ची टायल र बाँसबाट निर्मित २ कोठे विद्यालय भवन रहेको, विद्यालयको नाममा ८ कठ्ठा १५ धुर जग्गा रहेको र शैक्षिक वर्ष २०७१ सालबाट विद्यालय बन्द भएको, जिल्ला शिक्षा कार्यालय गौर रौतहटबाट उपलब्ध गराएको विवरण/बैंक स्टेट्मेन्टबाट गरी विद्यालयको नाममा जम्मा रु.६,२०,४१३।२३ निकासा भएकोमा बिल भरपाई उपलब्ध नभएको रकम रु.३,१९,५६६।- विद्यालयका प्रध्यानाध्यापक प्रमोदप्रसाद यादवले मिति २०७२।१२।१६ गते गणेश राजाराम प्रा.वि.फतुवा हर्षाहाको नामबाट राष्ट्रिय वाणिज्य बैंक गौर शाखामार्फत राजस्व शीर्षक नं. १५११२ (क.१.६. बेरुजु) मा जम्मा गरेकोले राष्ट्रिय वाणिज्य बैंक गौर शाखामा विद्यालयको नाममा भएको खातामा मौज्दात रहेको रकम रु.३,००,७५७।२३ तथा जिल्ला रौतहट फतुवा हर्षाहा गा.वि.स.वडा नं. ५ मा रहेको कित्ता नं. २०६ को ५ कठ्ठा १५ धुर र ऐ. गा.वि.स. वडा नं. ६ मा रहेको कित्ता नं. ४६३ को ३ कठ्ठा गरी जम्मा ८ कठ्ठा १५ धुर क्षेत्रफल भएको जग्गा गणेश राजाराम प्राथमिक विद्यालयको नाममा रहेको हुँदा उक्त चल अचल सम्पत्तिको उचित व्यवस्थापन तथा संरक्षण गर्नका लागि आयोगको मिति २०७४।१२।८ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, रौतहट, गौरमा सुझाव लेखी पठाइएको ।

८.२१ कपिलवस्तु जिल्लाको साबिक रंगपुर गाउँ विकास समिति वडा नं. ३ मा रहेको वासुदेव जनता माध्यमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष पुरुषोत्तम कलवार विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा अनियमित तरिकाले निर्वाचित भएको र आफ्नै छोरी शुभलक्ष्मी जयसवाललाई माध्यमिक तहको राहत कोटा शिक्षक पदमा नियुक्त गरेको तथा निज शिक्षकले विद्यालयमा नियुक्त भएका मितिदेखि एक दिन पनि शिक्षण नगरी हाजिर मिलानको काम गरी तलब भत्ता लिएको भन्ने उजुरी व्यहोरा मिसिल प्रमाणहरूबाट पुष्टि हुनसक्ने अवस्था नदेखिए पनि, वासुदेव जनता माध्यमिक विद्यालय रंगपुरले प्रकियागत रूपमा ठूलो जग्गा (१८ बिघा) को भौतिक सम्पति न्यून रकममा लामो अवधिसम्मका लागि डाक बढाबढबाट ठेक्कामा दिएको तथ्य देखिएकाले सो सम्बन्धमा उक्त विद्यालयको नाममा रहेको सम्पत्तिलाई विद्यालय सम्पत्ति संरक्षण समितिले शिक्षा नियमावली, २०५९ को नियम १५८ तथा १५९ (ख) बमोजिम विद्यालयको अधिकतम फाइदा हुने काममा प्रयोग गर्न विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन एवम् सोही नियमावलीको नियम १५९ (घ) बमोजिम विद्यालयको सम्पत्ति कसैबाट हानि नोक्सानी हुन गएमा सो भराउने व्यवस्था गर्न विद्यालय सम्पत्ति संरक्षण समितिलाई आयोगको मिति २०७४।१२।१६ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

८.२२ श्री जनता मा.वि. रजखोर महोत्तरीका तत्कालीन निमित्त प्रधानाध्यापक फेकु चौधरीले छात्रवृत्ति, शिक्षक कर्मचारीरूको तलब तथा संचयकोष रकम र भू.पू.प्रधानाध्यापकबाट जम्मा गरिएको नगद रकम हिनामिना समेत गरेको भन्ने उजुरीका सम्बन्धमा निज फेकु चौधरीले अनुसन्धानको क्रममा गरेको बयान कागजात, पोसाक र पाठ्यपुस्तक खरिदको बिल तथा बैंक दाखिला भौचरको प्रतिलिपि, राष्ट्रिय वाणिज्य बैंक जलेश्वर, सहयोगी विकास बैंक गौशालाको स्टेटमेण्ट विवरण, लेखापरीक्षण प्रतिवेदन लगायतका प्रमाणहरूबाट निज फेकु चौधरीले छात्रवृत्ति, शिक्षक कर्मचारीहरूको तलब तथा संचयकोष रकम र भू.पू.प्रधानाध्यापकबाट जम्मा गरिएको नगद रकमसमेत गरी रु.५,९९,८८४।- हिनामिना गरेको भन्ने उजुरी व्यहोरा तथ्यगत रूपमा पुष्टि हुन नसके पनि शिक्षा नियमावली, २०५९ को नियम १६५ मा विद्यालयले प्राप्त रकम जुन कामका लागि खर्च गर्न निकासा भएको हो सोही काममा मात्र खर्च गर्नुपर्नेछ भनी स्पष्ट उल्लेख भएकोमा उक्त विद्यालयमा छात्रवृत्ति बापतको रकम विद्यार्थीलाई नगद नदिई पोसाक दिइएको देखिन आएको हुँदा अब उप्रान्त शिक्षा ऐन, नियमावलीले निर्दिष्ट गरेबमोजिम गर्न गराउन लगाउन जिल्ला शिक्षा कार्यालय महोत्तरीलई आयोगको मिति २०७५।२।२१ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

८.२३ गीर्वाण सरस्वती संस्कृत तथा साधारण उच्च माध्यमिक विद्यालय, तिलोत्तमा-६ रूपन्देहीका शिक्षक नारायणप्रसाद पराजुली अध्ययन बिदामा बसी बिदाको आचारसंहिता पालना नगरेको, अध्ययन बिदा बसेको

शिक्षकलाई तलब भत्ता नदिई निजी स्रोतमा शिक्षक नियुक्ति गरी तलब भत्ता खुवाएको, पूर्व प्र.अ.को पालामा रु.७०/७५ लाखको निर्माण कार्य भएकोमा रु.१५ लाख बेरुजु रहेको भन्ने विषयको उजुरीउपर अनुसन्धान तहकिकात हुँदा शिक्षक नारायणप्रसाद पराजुलीले बिदा स्वीकृत नगराई विद्यालयमा अनुपस्थित हुने र विद्यालयको समय पालन गरेको नदेखिएको हुँदा शिक्षा नियमावली, २०५९ को नियम १३३ को उपनियम (१) को देहाय (ख) मा उल्लिखित आचारसंहिताको उल्लंघन गरेको देखिँदा निजलाई मिति २०६८।५।१ देखि २०६९ पौष मसान्तसम्मको अवधिमा गयल कट्टी गरी सोही नियमावली अनुसार जो जे कारबाही गर्नुपर्ने हो गर्न तथा छात्रवृत्ति तथा पाठ्यपुस्तकको वितरण गरेर बाँकी रहेको रकमको सम्बन्धमा शिक्षा नियमावली २०५९ को नियम १६५ मा विद्यालयले प्राप्त रकम जुन कामका लागि खर्च गर्न निकासा भएको हो सोही काममा खर्च गर्नुपर्नेछ भनी स्पष्ट उल्लेख भएको देखिएकोले वितरण गरेर बाँकी रहेको रकम रु.४,६८,३७२।- समेत बाँकी नराखी खर्च गर्नुपर्नेमा सो नगरेको हुँदा सो रकमको सम्बन्धमा समेत नियमानुसार जो जे कारबाही गर्नुपर्ने हो गर्न जिल्ला प्रशासन कार्यलय, शिक्षा विकास तथा समन्वय इकाइ, रूपन्देहीलाई तथा डेस्कटप इम्फोसिस प्रा.लि.ले विद्यालयलाई रु.१,०६,१०७।- रकमको कम्प्युटर बिक्री गरेको १३% मू.अ.कर रकम रु.१२,२०७।- राजस्व छली गरेको देखिएकोले सो सम्बन्धमा कानूनबमोजिम जो जे कारबाही गर्नुपर्ने हो गर्न करदाता सेवा कार्यालय, नयाँबानेश्वर काठमाडौंलाई र भवन निर्माणमा प्रक्रियागत त्रुटि देखिएको कारण नियमानुसार बेरुजु फछ्र्यौटको लागि एउटै भवन निर्माण गरी अलग अलग प्रतिवेदन दिने तत्कालीन जिल्ला शिक्षा कार्यालय रूपन्देहीका करार सेवाका सव-इन्जिनियर हाल हेटौंडा उपमहानगरपालिका मकवानपुरका जुनियर इन्जिनियर पदमा कार्यरत सरोजकुमार शाह तथा मर्मत शीर्षकको प्रतिवेदन दिने जिल्ला शिक्षा कार्यालय रूपन्देहीमा करार सेवामा कार्यरत सव-इन्जिनियर सन्तोषकुमार मण्डलले भवन निर्माण तथा मर्मत कार्यको नियमानुसार प्रतिवेदन दिएको नदेखिएकोले निजहरूलाई नियमानुसार जो जे कारबाही गर्नुपर्ने हो गरी आयोगलाई जानकारी दिन शिक्षा विभागलाई आयोगको मिति २०७५।२।२१ को निर्णयानुसार लेखी पठाइएको ।

८.२४ जिल्ला रौतहट पिपरा भलोहिया स्रोत केन्द्र अन्तर्गत जनज्योति प्राथमिक विद्यालय पिप्रा राजवडा, रौतहटका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रवीन्द्रप्रसाद महतो र प्र.अ. सबित सिन्हासमेतले विद्यालयमा अनियमितता गरेको भन्ने विषयको उजुरीका सम्बन्धमा २०६६।१२।२६ को जि.शि.का. रौतहटको निर्णयले कक्षा १ र मिति २०६९।८।२४ निर्णयले कक्षा ३ सम्मको सञ्चालन अनुमति पाएको विद्यालयको नाममा कुनै जग्गा नरहेको, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्र.अ.ले आफ्नै निजी जग्गामा भवन बनाई विद्यालय संचालन गरेको, विद्यालयको नाममा प्राप्त रकम विद्यालयको रा.वा.बैंक गौरको खातामा जम्मा हुने र प्र.अ. तथा वि.व्य.स.को अध्यक्षद्वारा संयुक्त रूपमा खाता संचालन हुने गरेको, जिल्ला शिक्षा कार्यालय रौतहटबाट उक्त विद्यालयलाई आ.व. ०६७।६८, ०६८।६९ र ०६९।७० मा छात्रवृत्ति, पाठ्यपुस्तक, नन सेलरी, पीसीएफ, निर्माण, तलब, कक्षा १ मा विद्यार्थी भर्ना, कर्मचारी व्यवस्थापन, लेखापरीक्षण, मसलन्द लगायत शीर्षकमा गरी कुल रु १२,८१,२४०।-१७ रकम निकासा भएको देखिएकोमा सो मध्ये निर्माणको रु ६,५०,०००।- जि.शि.का.ले प्रा.वि.गढोको हिसाब नं ३६११ मा **Transfer** गरेकोले उक्त विद्यालयलाई कुल रु.६३१२४०।१७ निकासा भएकोमा अन्य रकम झिकी रु. १०४०।१७ बैंक खातामा बाँकी रहेको, जिल्ला शिक्षा कार्यालय रौतहटबाट विभिन्न शीर्षकमा प्राप्त रु.६,३०,२००।- निकासा रकममध्ये रु.२,३७,६००।- खर्च गरेको बिल भरपाई पेस गर्न नसकेको, अनुसन्धानकै क्रममा जिल्ला शिक्षा कार्यालय रौतहटको रा.वा.बैंक गौरमा रहेको राजस्व खाता नं. ११००१ मा मिति २०७४।१२।१२ गते रु.२,४०,०००।- राजस्व दाखिला गरेको देखिएकोले विद्यालयलाई प्राप्त सरकारी अनुदानको रकम अनियमितता तथा हिनामिना भएको नदेखिएको र उक्त विद्यालय मिति २०७०।१०।१३ देखि बन्द भएकोले विद्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड गौर रौतहटमा बाँकी रहेको जम्मा रु १०४०।१७ नेपाल सरकारको राजस्व खातामा जम्मा गर्ने व्यवस्थाका लागि आयोगको मिति २०७५।३।७ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाइ रौतहटलाई लेखी पठाइएको ।

८.२५ महोत्तरी जिल्ला श्री मा.वि. भेडियाही फुलकाहाका प्र.अ. दिनेश दासले छात्रवृत्ति तथा पाठ्यपुस्तकको रकम हिनामिना गरेको, पूर्व प्र.अ.समेतको मिलेमतोमा भवन निर्माणका लागि निकासा रकम अनियमितता गरेको भन्ने

विषयको उजुरीउपर अनुसन्धान तहकिकात हुँदा जिल्ला शिक्षा कार्यालय, मोहत्तरीबाट आ.व. ०६७/०६८ मा भौतिकतर्फ रु.६,५०,०००।- निकासा भएकोमा दुई कोठे ट्रष्ट भवन निर्माणका लागि शाह इन्जिनियरिङ वर्क्सेसप जनकपुरधामको भ्याटसहितको बिलमा ट्रष्ट खरिदको रु.३,४०,२००।- र ढुवानी गरे बापतको भरपाईमा रु.४,७००।- ढुवानी खर्च भएको, हाल उक्त ट्रष्ट निर्माण नभई विद्यालयको हाताभित्र नै स्टोर गरी राखेको, बाँकी रहेको रकम रु.३,३८,०००।- जिल्ला शिक्षा कार्यालय महोत्तरीको च.नं. ११४० मिति २०७०।१०।२६ गतेको पत्रद्वारा श्री मा.वि.भेडियाही, फुलकाहाको बैंक खातामा ट्रान्सफर गरिएको तथ्य बैंक स्टेटमेन्टबाट देखिन आएको, छात्रवृत्ति तथा पाठ्यपुस्तकको रकम हिनामिना गरी दुरुपयोग गरेको नदेखिए पनि शिक्षा नियमावली, २०५९ को नियम १६५ बमोजिम विद्यालयलाई प्राप्त रकम जुन कामको लागि खर्च गर्न निकासा भएको हो सोहीबमोजिमको काममा मात्र खर्च गर्नुपर्नेछ भनी स्पष्ट उल्लेख भएकोमा सो अनुरूप भए गरेको नदेखिएकोले शिक्षा ऐन तथा नियमावली अनुसार जो जे कारबाही गर्नुपर्ने हो गर्न, विद्यालयको भवन निर्माण कार्य हालसम्म पनि निर्माण हुन नसक्नुको कारण यकिन रूपमा छानबिन गरी सम्बन्धित व्यक्तिलाई कानूनबमोजिम जो जे कारबाही गर्नुपर्ने हो गर्न र उक्त विद्यालय भवन निर्माण कार्य सम्पन्न गर्न गराउनसमेत आयोगको मिति २०७५।३।२१ को निर्णयानुसार शिक्षा विभागलाई लेखी पठाइएको ।

८.२६ श्री आदर्श उच्च माध्यमिक विद्यालय मेहेली गर्पन सुर्खेतमा कार्यरत विद्यालय कर्मचारी रमेशचन्द्र पौडेल मिति २०४५।५।१९ मा अस्थायी नियुक्ति भई २०५६।८।१ देखि विद्यालयले स्थायी नियुक्ति गरेदेखि निजले जिल्ला शिक्षा कार्यालयबाट निकासा हुने तलब भत्ता खाइरहेकोमा क्षेत्रीय शिक्षा निर्देशनालय मध्यपश्चिमाञ्चल सुर्खेतको मिति २०७४।५।५ को परिपत्रअनुसार सामुदायिक विद्यालयका कर्मचारीको अनिवार्य अवकाश हुने उमेर हद सामुदायिक विद्यालयका स्थायी शिक्षक सरह ६० वर्ष कायम भएको र निज रमेशचन्द्र पौडेलको नागरिकता अनुसारको उमेर ६६ वर्ष भएकोले विद्यालय व्यवस्थापन समितिको मिति २०७४।५।१४ को निर्णयानुसार अवकाश दिइएकोमा, क्षेत्रीय शिक्षा निर्देशनालय मध्यपश्चिमाञ्चल, सुर्खेत र जिल्ला शिक्षा कार्यालय सुर्खेतबाट मिति २०७४।७।१५ मा निजलाई यथावत काममा लगाउनु भनी पत्राचार गरिएकोले ६० वर्ष नाघेका कर्मचारीलाई पुनः काममा यथावत लगाउनु भन्ने आदेशमा अख्तियारको दुरुपयोग भएको हुँदा उमेर हद किटान गरी आवश्यक कारबाही गरी पाउँ भन्ने उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीको सेवा, सुविधा र सर्त उल्लेख भएको **Service Law** बनाउन भनी सम्मानित सर्वोच्च अदालतबाट मिति २०६७।१०।२३ मा शिक्षा मन्त्रालयका नाउँमा जारी भएको परमादेश अनुसार सेवासम्बन्धी कानून बनाउनका लागि गठित सुझाव समितिको प्रतिवेदनअनुसार विद्यालय कर्मचारीहरूको अनिवार्य अवकाश तथा सेवासम्बन्धी कानून बन्ने क्रममा रहेको अवस्थामा क्षेत्रीय शिक्षा निर्देशनालयले जारी गरेको परिपत्रसमेतको प्रतिकूल हुने गरी कुनै एक व्यक्ति विशेषको हकमा मात्र क्षेत्रीय शिक्षा निर्देशनालयका क्षेत्रीय निर्देशक हरि गौतमबाट निर्देशन जारी गरेको कार्य प्रणाली त्रुटिपूर्ण देखिएकोले यसरी अन्य सरोकारी निकायहरूबाट समेत भेदभावपूर्ण ढंगले निर्णय नगर्न नगराउन र त्रुटिपूर्ण निर्देशन जारी गर्ने क्षेत्रीय शिक्षा निर्देशनालय मध्यपश्चिमाञ्चल सुर्खेतका तत्कालीन क्षेत्रीय निर्देशक हरि गौतमसमेत उपर प्रचलित कानूनबमोजिम जो जे गर्नुपर्ने हो आवश्यक छानबिन तथा कारबाहीका लागि आयोगको मिति २०७५।३।२१ को निर्णयानुसार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार काठमाडौंलाई लेखी पठाइएको ।

८.२७ पूर्वाञ्चल विश्वविद्यालयद्वारा मिति २०७३।१०।१८ गतेदेखि सञ्चालित बी.ई. सिभिल इन्जिनियरिङतर्फको सातौं सेमेस्टरको मौका परीक्षामा रोल नं. ३७३०६३, रोल नं. ३७३०४०, रोल नं. ३७२६०२ र रोल नं. ३७२५६७ का परीक्षार्थीको उत्तरपुस्तिकामा परीक्षा पश्चात् र परीक्षणपूर्वको अवधिमा सम्बन्धित परीक्षार्थीहरूबाट उत्तरहरू लेखी लेखाई राम्रो अंकमा उत्तीर्ण गराई अनियमितता गरेको भन्ने उजुरी व्यहोराका सम्बन्धमा गरिएको अनुसन्धान तहकिकातबाट परीक्षा परिणाम नै फेरबदल गरे गराएको भन्ने कुरा पुष्टि हुन सकेको अवस्था नदेखिए तापनि उक्त परीक्षा व्यवस्थापनमा पूर्वाञ्चल विश्वविद्यालय परीक्षासम्बन्धी विनियम, २०७० मा उल्लिखित बुँदा नं (२०) को (२), परिच्छेद- ६ बुँदा (१६) को (१), परिच्छेद- ६ बुँदा (१६) को (८), अनुसूची-१, मा केन्द्राध्यक्षलाई निर्देशन तथा अनुसूची-२, पर्यवेक्षकलाई निर्देशनसम्बन्धी कानूनी

व्यवस्था रहेकोमा सोको पूर्णरूपमा पालना गरे गराएको देखिन नआएको, परीक्षाकेन्द्रमा परीक्षा समाप्त भएपश्चात् उत्तरपुस्तिका प्याकेटिङ गर्दा प्रयोग हुने कपडाको थैलो एवम् खाम, प्याकेटमा लगाइएका शिल, प्याकेटको गुणस्तर लगायतमा पर्याप्त ध्यान पुऱ्याएको नपाइएको, परीक्षक नियुक्तिको सूचना कतिपय अवस्थामा सम्बन्धित परीक्षार्थीले प्राप्त गरेको भन्ने खुल्न आएका सम्बन्धमा सम्बद्ध पदाधिकारी/कर्मचारीबाटै सो कार्य हुनसक्ने विषयमा परीक्षा व्यवस्थापनले पर्याप्त सतर्कता अपनाएको समेत नपाइएको, परीक्षा केन्द्रमा प्रत्येक दिनको परीक्षा समाप्ति पश्चात् केन्द्राध्यक्ष, निरीक्षकबाट परीक्षार्थीले उत्तर नलेखेका खाली पृष्ठमा खाली रहेको जनाउने/केर्ने/**remarks** लेख्ने नगरेको, परीक्षार्थीले उत्तरपुस्तिकामा पेन्सिल प्रयोग गरी उत्तरहरू लेख्ने गरेको विषयमा निर्देशन/अनुगमन गरेको नपाइएको तथा परीक्षकबाट उत्तरपुस्तिका परीक्षण/अंकन गर्ने क्रममा कैफियत देखिएमा परीक्षा व्यवस्थापन कार्यालय र सम्बद्ध पदाधिकारीसमक्ष प्रतिवेदन गर्ने गरेको समेत देखिन नआई उल्लेख्य कमी कमजोरी रहेको अवस्था पुष्टि भएको देखिँदा "परीक्षा व्यवस्थापन गर्दा माथि उल्लेख भएका कमीकमजोरी हुन नदिन साथै परीक्षा व्यवस्थापनका समग्र पक्षमा समयानुकूल सुधारका लागि आवश्यक कदम चाल्न" पूर्वाञ्चल विश्वविद्यालय परीक्षा व्यवस्थापन कार्यालयलाई आयोगको मिति २०७५।३।२१ को निर्णयानुसार सुझाव लेखी पठाई सोको जानकारी पूर्वाञ्चल विश्वविद्यालयलाई समेत दिइएको ।

९. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत

९.१ श्रम तथा रोजगार मन्त्रालय अन्तर्गत वैदेशिक रोजगार विभाग, काठमाडौं कार्यालयमा वैदेशिक रोजगारको लागि पुनः श्रम स्वीकृति लिने सेवाग्राहीहरूको रिइन्ट्री (नवीकरण) शाखामा अत्यन्त लामो लाइन हुने गरेको, काम सम्पन्न गर्न घण्टौं लाइनमा बस्नुपरेको, सेवाप्रवाह गर्ने काउन्टरको संख्या सेवाग्राहीको अनुपातमा कम रहेको, कागजपत्र अपुग भएको तथा इमेल नआएको भनी सेवाग्राहीहरूलाई पटक पटक फर्काउने गरिएको, यसरी फिर्ता भएर जाने सेवाग्राहीहरू बाहिर दलालको सम्पर्कमा पुगी अतिरिक्त शुल्क लिई सेवाप्रवाह हुने गरेको, त्यसरी सेवाप्रवाह गर्दा दलालहरूमार्फत कार्यालयमा काम गर्ने कर्मचारीहरूलाई अतिरिक्त रकम बुझाउनुपरेको, वैदेशिक रोजगार विभागको आन्तरिक कार्य संचालन निर्देशिका, २०६६ को दफा ८(२) मा विभागमा आउने सेवाग्राहीमध्ये पहिले आउने सेवाग्राहीलाई पहिलो सेवा प्रदान गर्न टोकन प्रणालीलाई व्यवस्थित रूपमा कार्यान्वयन गरिने उल्लेख भए तापनि सो विभागको प्रतिक्रियामा टोकन प्रणालीलाई हाल लागू गर्न नसकिएको र सेवाग्राहीको काममा केही समय ढिलो हुने गरेको सो कार्यालयले स्वीकार गरेको हुँदा वैदेशिक रोजगार विभाग, काठमाडौं कार्यालय ताहाचलमा भएको सेवा प्रवाहको परिपाटी र प्रणाली अव्यवस्थित र अत्यन्तै अपारदर्शी भएको देखिएकोले सो कार्य प्रणालीलाई तत्काल सुधार गर्न आयोगको मिति २०७४।८।१ को निर्णयानुसार नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

१०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

१०.१ श्री हलेसी महादेवस्थान विकास समिति खोटाङका पूर्व अध्यक्ष फटिककुमार श्रेष्ठको कार्यकालमा समितिका पदाधिकारीबाट मनोमानी, अपारदर्शी रूपमा स्थानीय स्रोत तथा सरकारी अनुदानबाट प्राप्त रकम, मन्दिरमा चढेका भेटीपाती, चन्दा, दानलगायतका नगद जिन्सी सामानसमेत हिसाब किताब, लेखापरीक्षण नगर्ने, विभिन्न योजना निर्माण कार्य पूरा नगरी अधुरो छाड्ने लगायतका भ्रष्टाचारजन्य कार्य गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा हलेसी महादेवस्थान विकास समितिलाई आ.व. ०६६/६७ र ०६७/६८ मा नेपाल सरकारबाट प्राप्त अनुदान कुल रकम रु. ३०,१०,०००।- मध्ये २०६८।७।४ गतेसम्म पटक पटक गरी रु २८,०७,१८६।- निकालिएकोमा निर्माण कार्य तथा कार्यालय संचालनका बिल भरपाई अनुसार जम्मा रु.२४,४६,१८८.३४।- खर्च भई रु. ३,६०,९९७.६६।- हिनामिना गरेको देखिन आएकोमा हलेसी महादेवस्थान विकास समितिको बैंक खातामा मिति २०७४।५।१२ गते समितिका तत्कालीन पदाधिकारीहरू र शौचालय निर्माण समितिका अध्यक्षले उक्त रकम जम्मा गरेको संलग्न बैंक भौचर तथा पत्रबाट देखिएको, हलेसी महादेवस्थान विकास समितिलाई आ.व. ०६६/६७ र ०६७/६८ मा प्राप्त अनुदान रकम नेपाल सरकारले अवलम्बन गरेको स्रेस्ता प्रणाली तथा विधिसम्मत प्रणालीद्वारा संचालन गरेको नदेखिएकोले कानून र स्थापित प्रक्रिया अनुरूप कार्य गर्न एवं महालेखा परीक्षकको कार्यालयको मिति २०६९।५।७ गतेको लेखापरीक्षण प्रतिवेदनले औंल्याएका विषयवस्तुमा सोहीअनुरूप गर्ने/गराउने तथा उक्त विकास समितिलाई

नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकमको उपयोग प्रचलित ऐन तथा नियमावली अनुरूप गर्न गराउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई आयोगको मिति २०७४।५।२६ को निर्णयानुसार लेखी पठाइएको ।

१०.२ नेपाल नागरिक उड्डयन प्राधिकरणमा स्थायी कर्मचारी भर्ना सम्बन्धमा आ.वं. ०६८।०६९ मिति २०६९।३।४ र २०६९।३।५ मा प्रकाशित विभिन्न सेवा समूहका विज्ञापनहरूको पदपूर्तिसम्बन्धी संचालित लिखित परीक्षा लगायतमा उक्त प्राधिकरणका पदाधिकारीहरूले परीक्षा संचालन गर्दा परीक्षाको गोपनीयता भंग गरी आफ्ना नातापातालाई जागिर खुवाएको, आर्थिक अनियमितता गरेको र परीक्षामा नम्बर फेरबदल गरेको भन्ने समेतका आयोगमा पर्न आएका विभिन्न उजुरीहरूका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा पदपूर्ति समितिका पदाधिकारीहरूले प्राधिकरणमा स्थायी पदपूर्ति गर्नुपर्ने जस्तो गम्भीर कार्यमा पदपूर्ति समिति गठन गरी जिम्मेवारी तोकिइसकेपछि स्थायी कर्मचारी पदपूर्ति गर्नुपर्ने जस्तो संवेदनशील विषयवस्तुलाई आवश्यक सावधानी तथा विशेष सतर्कता अपनाई लोकसेवा आयोगको मापदण्ड एवं मर्म अनुरूप जिम्मेवारीपूर्वक कार्य गर्न नसकेको कारणले हुन गएको प्राविधिक त्रुटिबाट केही सेवा समूहका परीक्षार्थीहरूको प्राप्ताङ्क घटबढ हुन गई सोहीबमोजिम परिणाम निस्किई सिफारिस भई गएको समेत देखिएकोले नेपाल नागरिक उड्डयन प्राधिकरणसमेतका निकायहरूलाई अबदेखि प्राधिकरणमा जुनसुकै सेवा समूह तथा प्राविधिक पदहरूको स्थायी पदपूर्ति गर्नुपर्ने लगायतका अन्तर्वार्तासमेतका परीक्षाका सम्पूर्ण चरणहरूमा आवश्यक सतर्कता तथा सावधानी अपनाई लोकसेवा आयोगले तोकेको मापदण्डबमोजिम वैज्ञानिक तरिकाबाट कार्य गर्नु गराउनु भनी आयोगको मिति २०७४।८।१९ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

१०.३ "पशुपति क्षेत्र विकास कोषले खरिद, निर्माण कार्य, पार्किङस्थल तथा पसल घरभाडा लगायतमा अनियमितता तथा भ्रष्टाचार गरेको" भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा रक्षेश्वर सत्तल र धुनिधर पुनर्निर्माण कार्य सम्पन्न भएको, खरिद, निर्माण, पेश्की, पसल, शवदाह कार्यलाई व्यवस्थित बनाउन कोषमा आवश्यक पर्ने सामग्रीहरू खरिद गर्दा आ.व २०७१/०७२ सालदेखि नै बोलपत्र आह्वान गरी टेण्डर प्रक्रियाद्वारा खरिद गर्ने गरेको, निर्माणतर्फ गर्नुपर्ने कार्यहरूलाई कार्यक्रममै राखी बजेट व्यवस्था भएपछि कार्यान्वयन गर्ने व्यवस्था मिलाएको, निर्माण कार्य गराउँदा लागत इस्टिमेट तयार गरी प्रतिस्पर्धा गराएर मात्र काम गराउने प्रक्रिया अवलम्बन गरेको, पशुपति क्षेत्र विकास कोष अन्तर्गतका भवन, पसल, कवलको बोलपत्रबाट आह्वान गरी प्रतिस्पर्धाबाट ठेक्का लगाउने गरेको, फलफूल र पूजाका सामग्रीहरू बिक्री गर्ने पसलका लागि कोषबाट अध्ययन गरी अपुग भएका संरचना थप गरी बहाल निर्धारण गरी ठेक्का बन्दोबस्त गर्ने कार्य भइरहेको, शवदाहका क्रममा आवश्यक पर्ने सामग्रीहरू र किरियापुत्री सेवामा सेवा लिने व्यक्तिहरूलाई आवश्यक पर्ने सामानहरूको बिक्रीमा एकाधिकार हटाई प्रतिस्पर्धाबाट सुपथ मूल्यको पसलमा बिक्री मूल्यसूची समेत राखी सामान उपलब्ध गराउने व्यवस्था मिलाएको, गुहेश्वरीभन्दा दक्षिणतर्फको श्लेश्मान्तक वनको ढुंगा, माटो, गिटी, बालुवा, उतखनन, झिक्न, निकाल्न कसैलाई नदिएको देखिए तापनि पशुपति क्षेत्र विकास कोषले गर्ने निर्माण तथा खरिद कार्य गर्दा, भवन, पसल, कवल, भाडा बहालमा दिँदा पशुपति क्षेत्र विकास कोषको अधिकतम हितमा आर्थिक ऐन, नियमावलीको पूर्ण पालना हुने गरी मितव्ययी, प्रतिस्पर्धा तथा पारदर्शी रूपमा कार्य गर्ने, सवारी पार्किङ संचालनका लागि यथाशीघ्र नीतिगत कार्यविधि तयार गरी सार्वजनिक खरिद ऐन, नियमावलीबमोजिम बोलपत्र आह्वान गरी प्रतिस्पर्धात्मक माध्यमबाट ठेक्का संचालन गर्ने व्यवस्था मिलाउनु हुन आयोगको मिति २०७४।९।६ को निर्णयानुसार पशुपति क्षेत्र विकास कोष, संचालक परिषद्लाई लेखी पठाइएको ।

१०.४ "त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय गौचर, काठमाडौं र नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनीबीच भएको सम्झौताअनुसार कार्गो गोदाम उपयोग गर्दा नेपाल नागरिक उड्डयन प्राधिकरण सेवा शुल्क नियमावली २०६७ ले तोकेको शुल्क लिनुपर्नेमा मिलेमतोमा अत्यधिक कम शुल्क लिई ४५ करोडभन्दा बढी हानि नोक्सानी पुऱ्याएको, कार्गो भवन १५ वर्ष पुग्दा पनि लागतसमेत उठाउन नसकेको, उक्त हानि नोक्सानी भएको रकम नेपाल नागरिक उड्डयन प्राधिकरण, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनीका कर्मचारीहरूबाट असुलउपर गराई राज्यकोषमा दाखिला गर्न

लगाई पाउँ" भन्ने समेत विषयको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा साबिक कार्गो गोदाम त्रि.अ.वि.भन्सार कार्यालयबाटै सञ्चालन हुँदै आएकोमा ने.ना.उ.प्रा.लाई Custodian Right प्रदान गर्ने गरी नेपाल सरकारको निर्णयानुसार भन्सार विभाग र ने.ना.उ.प्रा. बीच हस्ताक्षर भएको समझदारीपत्रमा ने.ना.उ.प्रा. ले गोदाम संचालन गर्ने जिम्मा नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडलाई दिने गरी निर्णय भएपश्चात् त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, नागरिक उड्डयन कार्यालय गौचर र नेपाल पारवहन तथा गोदाम व्यवस्था (कं.) लिमिटेडबीच एअर कार्गो गोदाम सञ्चालन सम्बन्धमा भएका सम्झौताका पत्रहरू, साबिक भन्सारले उठाउँदै आएको दररेटबमोजिम शुल्क उठाउने गरी दिएको अर्थ मन्त्रालयको सहमति पत्र, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पत्र, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, नागरिक उड्डयन कार्यालय गौचरका पत्रहरू, नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिको विभिन्न मितिका बैठकका निर्णयहरू, ने.ना.उ.प्रा. संचालक समितिका सदस्य सुखचन्द्र झाको अध्यक्षतामा गठित ७ सदस्यीय समितिले पेस गरेको प्रतिवेदन, माननीय मन्त्रिस्तरबाट स्वीकृत विमानस्थल सेवा शुल्क (पाँचौं संशोधन) नियमावली, २०७४ लागू भई २०७४।१२।५ बाट नयाँ दररेट अनुसार सेवा शुल्क उठाइएको पत्र लगायतका कागजातहरू अध्ययन विश्लेषण गर्दा उजुरी निवेदकले दाबी गरे अनुरूप नेपाल नागरिक उड्डयन प्राधिकरण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय गौचर र नेपाल पारवहन तथा गोदाम व्यवस्था (कं.) लि. का कर्मचारीहरूले व्यापारीसँग मिलेमतो गरी राजस्व हिनामिना गरी अनियमितता गरेको देखिन नआए तापनि विमानस्थल दस्तुर नियमावली २०३८ बमोजिम मालसामान (कार्गो) प्रबन्ध सेवा दस्तुर उठाउने गरी मिति २०६६।८।१० मा सम्झौता भई तत्कालीन परिस्थितिमा अर्थ मन्त्रालयको सहमति लिई साबिकमा त्रि.अ.वि. भन्सार कार्यालयले उठाउँदै आएको दररेटबमोजिमको मालसामान प्रबन्ध सेवा दस्तुर उठाउँदै आएकोमा विमानस्थल दस्तुर नियमावली २०३८ खारेज भई विमानस्थल सेवा शुल्क नियमावली २०६७ लागू भई संशोधित नियमावली समावेश गरी मिति २०६८।१२।३ मा सम्झौता भइसकेपश्चात समेत पुरानै दररेट लागू गरी गराई लामो समयसम्म पनि नयाँ सम्झौताका सर्तहरू कार्यान्वयन गर्न गराउन नसक्दा नेपाल सरकारका लागि थप राजस्व (शुल्क) संकलन हुन नसकेको अनुसन्धानको क्रममा खुल्न आएका तथ्यांक विवरणले स्पष्ट देखाएको हुँदा हाल विमानस्थल सेवा शुल्क (पाँचौं संशोधन) नियमावली, २०७४ लागू भइसकेको देखिँदा आउँदा दिनहरूमा नेपाल सरकारको निर्णय एवं सम्झौता तथा प्रचलित ऐन, नियमहरूको कडाइका साथ पूर्णरूपमा पालना हुने गर्ने व्यवस्था मिलाउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसमेतलाई आयोगको मिति २०७५।२।२५ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

१०.५ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अन्तर्गत भन्सार कार्यालय, अध्यागमन कार्यालय, श्रम कार्यालय तथा नेपाल वायुसेवा निगमसमेतमा विमानस्थल विस्तार लगायतका विभिन्न अनियमितता भएका उजुरीहरूका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा उजुरी व्यहोरामा उल्लेख गरिए अनुरूप भ्रष्टाचार जन्य क्रियाकलाप भएको पुष्टि हुने अवस्था नदेखिए तापनि त्रिभुवन विमानस्थलमा व्यवस्थापकीय तथा व्यवहारजन्य समस्याबाट सेवाग्राहीले पाउनुपर्ने सेवा तथा सुरक्षा प्रबन्धमा समस्या रहेको देखिएकोले उक्त समस्याहरूलाई भविष्यमा दोहोरिन नदिन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसमेतमा आयोगको मिति २०७५।३।१४ को निर्णयानुसार निम्नानुसार सुझाव लेखी पठाइएको ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयले अझैसम्म पनि सेक्युरिटी कार्ड र अन्य उपकरणहरूको आपूर्ति अनुबन्ध दस्तावेजको अनुसार छ वा छैन निक्यौंल गर्नका लागि **User Acceptance Test (UAT)** परीक्षण सम्पन्न गरेको नदेखिँदा उक्त कार्य सम्पन्न गर्ने/गराउने,
- सुरक्षा जाँच गर्ने प्रक्रियालाई व्यवस्थित भरपर्दो र वैज्ञानिक बनाउने सन्दर्भमा विमानस्थलमा खटिने सुरक्षाकर्मी र कर्मचारीका लागि छुट्टै आचारसहिता बनाई लागू गर्ने,
- भन्सारबाट सामान छुटाउने कार्यलाई सरल बनाउनका साथै लामो समयदेखि केही सीमित व्यक्तिहरूले मात्र भन्सार एजेन्टको रूपमा कार्य गरेको देखिंदा कानूनबमोजिम भन्सार एजेण्टको परीक्षा संचालन गरी भन्सार एजेण्टको संख्या वृद्धि गर्ने/गराउने,

- सुनको गैरकानूनी ओसारपसारको सुराकी दिने व्यक्तिले भन्सार ऐन, नियमबमोजिम कमिसन पाउने भए तापनि बारम्बार वास्तविक सुराकीले कमिसन नपाएको भनी उजुरी परेको देखिँदा वास्तविक सुराकीलाई मात्र उक्त सुराकी बापतको कमिसन दिने व्यवस्था मिलाउने,
- विमानमा उपलब्ध गराइने खाना, नास्ता ल्याउँदा लैजाँदा गैरकानूनी सामानसमेत ल्याउने लैजाने सम्भावनालाई मध्यनजर गरी सुरक्षा चेकजाँचलाई प्रभावकारी बनाउन अत्याधुनिक उपकरण तथा प्रविधिको प्रयोग गर्ने।
- **Inbuilt X-ray** सहितको **Conveyer belt** जडान गर्नाका साथै सुरक्षा प्रबन्धको लागि **CCTV Camera Area** बढाउने,
- विभिन्न आपराधिक तथा आतंकवादी क्रियाकलापहरू हुनसक्ने सम्भावनालाई समेत दृष्टिगत गरी अध्यागमनबाट **Arrival/Departure** हुँदा प्रत्येक यात्रुको **Retina/Biometric Verification** र **Recording** हुने व्यवस्था मिलाउने ।
- अन्तर्राष्ट्रिय विमानहरूमा यात्रुहरू चढ्ने उत्रने क्रममा **Aerobridge** को अभावका कारण फरक क्षमता भएका तथा अशक्त व्यक्तिहरूको लागि असहज रहेको देखिँदा **Aerobridge** को जडानतर्फ आवश्यक कार्य गर्ने ।

११. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत

११.१ बारा जिल्ला साबिक देवापुर गा.वि.स.का पूर्व अध्यक्ष तथा दलका प्रतिनिधिहरूले आफ्नो छोरा, भाइ भतिजहरूको नाममा पेश्की रकम लिई विकास निर्माणका कार्य नगरी हिनामिना गरेको भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा देवापुर गा.वि.स.को आ.व. २०७०/०७१ मा पेश्की लिएका व्यक्तिहरूमध्ये ४१ जना व्यक्तिहरूबाट रु.१३,२५,३४२।३५ रकम पेश्की फछ्र्यौट हुन बाँकी रहेकोमा सिम्रौनगढ नगरपालिका-१० नं. वडा कार्यालय, बाराबाट प्राप्त पत्र तथा कागजातहरूका अनुसार विभिन्न व्यक्तिहरूले विविध प्रयोजनका लागि पेश्की लिई सो पेश्की रकम फछ्र्यौट गर्नका लागि पटक पटक पत्राचार गर्दासमेत ३२ जना व्यक्तिहरूको नाममा रहेको जम्मा रु.१०,६९,६८१।५० पेश्की रकम फछ्र्यौट भएको नदेखिएकोले फछ्र्यौट हुन बाँकी पेश्की रकमका हकमा प्रचलित कानूनबमोजिम यथाशीघ्र पेश्की फछ्र्यौट गर्ने गराउनेतर्फ आवश्यक कारबाही गर्न गराउन आयोगको मिति २०७४।४।१९ को निर्णयानुसार जिल्ला समन्वय समितिको कार्यालय, बारालाई लेखी पठाइएको र सोको जानकारी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई समेत दिइएको ।

११.२ कपिलवस्तु जिल्ला साबिक गौरी गाउँ विकास समिति (हाल यशोधरा गाउँपालिका वडा नं. २) का तत्कालीन गा.वि.स. सचिव राधेश्याम दुवे, हाल कार्यरत सचिव मुहानन्द खनाल र प्राविधिक पदमा कार्यरत लालजी चौवेसमेतले रकम दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा रकम दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने उजुरी व्यहोरा पुष्टि हुने अवस्था नदेखिए तापनि उप-स्वास्थ्य चौकी भवन निर्माण कार्यका लागि उपभोक्ता समितिका पदाधिकारीलाई दिइएको पेश्की रकममध्ये रु.२,३१,०००।- फछ्र्यौट हुन बाँकी रहेको देखिएकोले उक्त पेश्की फछ्र्यौट सम्बन्धमा जो जे गर्नुपर्ने हो आवश्यक कारबाही गरी आयोगको अनुगमन महाशाखालाई सोको जानकारी गराउन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई आयोगको मिति २०७४।५।१५ को निर्णयानुसार लेखी पठाइएको ।

११.३ पोखरा उपमहानगरपालिकाका कार्यकारी अधिकृत झलकराम अधिकारीले नगर विकासका लागि हुने आय आर्जनको मुख्य स्रोतमध्येको विज्ञापन बोर्डको ठेक्का दिंदा व्यापक अनियमितता गरेको, वार्षिक ६० लाखभन्दा बढी आउने ठेक्कालाई बिना टेण्डर एकै पटक केवल २० लाखमा पोखरा उद्योग वाणिज्य संघलाई दिएको र पोखरा उद्योग वाणिज्य संघले मनोजकुमार चौहानलाई दिएको भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा पोखरा उपमहानगरपालिकाबाट आ. व. २०६९/७० र ७०/७१ मा होर्डिङ बोर्ड लगायतको विज्ञापन कर उठाउन आकृति एडभरटाईजिङलाई वार्षिक रु.१०,९२,१२८।- मा सम्झौता गरी दिएको, आ.व. २०७१/७२, ७२/७३, ७३/७४ का लागि पोखरा उद्योग वाणिज्य संघलाई वार्षिक रु.२०,००,०००।- मा सोझै सम्झौता गरी होर्डिङ बोर्ड लगायतको विज्ञापन कर उठाउन दिएको देखिएकोमा पोखरा उद्योग वाणिज्य संघका तत्कालीन अध्यक्ष संजीवबहादुर कोइरालाले आफ्नो विधानको

उद्देश्यमै नभएको तथा प्रचलित नेपाल कानूनको प्रक्रिया नअपनाई सोझै सम्झौता गरी पोखरा उपमहानगरपालिका नगरक्षेत्रभित्रका होर्डिङ बोर्ड लगायतको विज्ञापनसम्बन्धी कर उठाउन रु.६६,२०,०००।- मा तत्कालीन पोखरा उपमहानगरपालिकासँग ठेक्का लिएको र सो सम्झौता अनुरूपको काम पोखरा उद्योग वाणिज्य संघ आफैंले नगरी पुनः पोखरा उद्योग वाणिज्य संघले अर्को सम्झौता गरी रु.७५,००,०००।- मा छाया एडभरटाइजिङलाई होर्डिङ बोर्ड लगायतको विज्ञापन शुल्क उठाउन दिने गरी सम्झौता गरेको देखिएकोले पोखरा महानगरपालिका र पोखरा उद्योग वाणिज्य संघबीचको सहकार्यबाट भएको यस कार्यबाट अघिल्लो आर्थिक वर्षहरूमा उठ्ने करभन्दा झन्डै दोब्बर कर उठेको, पोखरा महानगरपालिकालाई नोक्सान भएको भन्ने नदेखिएको र सो कार्यले कुनै व्यक्ति विशेषलाई फाइदा भएको समेत नदेखिए तापनि तत्कालीन पोखरा उप-महानगरपालिकाकाले नगरपालिकाको आन्तरिक आयको मुख्य स्रोतमध्येको एक नगरक्षेत्रभित्रका होर्डिङ बोर्ड लगायतको विज्ञापनसम्बन्धी कर उठाउने ठेक्का दिंदा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६७ को उपनियम (१) को देहाय (घ) बमोजिमको प्रक्रिया अपनाएर टेण्डर आह्वान गरी टेण्डरको प्रक्रियाबमोजिम होर्डिङ बोर्ड बापतको विज्ञापन कर असुल गर्न सम्झौता गर्नुपर्नेमा सो नगरी सोझै सम्झौता गरी पोखरा उद्योग वाणिज्य संघलाई ठेक्का दिएको देखिएकोले अब उपरान्त होर्डिङ बोर्ड लगायतको विज्ञापनसम्बन्धी कर उठाउने ठेक्का दिंदा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६७ को उपनियम (१) को देहाय (घ) बमोजिमको प्रक्रिया अपनाएर टेण्डर आह्वान गरी टेण्डरको प्रक्रियाबमोजिम गर्न पोखरा महानगरपालिकालाई आयोगको २०७४।५।२६ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

११.४ काठमाडौं महानगरपालिका वडा नं. १५ का वडा सचिव शिवजी भट्टराईले काठमाडौं महानगरपालिका वडा नं. १५ म्युजियम मार्गमा रहेको एस.पी. अपार्टमेन्टको घरजग्गा कर मूल्यांकन गर्दा न्यून मूल्यांकन गरी अनियमित तरिकाले छुट दिएको तथा काठमाडौं महानगरपालिकाका नक्सा शाखाका कर्मचारीहरूले उक्त अपार्टमेन्टको नक्सा पास गर्दा ऐन, नियम र मापदण्डको गम्भीर उल्लंघन गरी अनियमितता, हिनामिना र भ्रष्टाचार गरेको हुँदा सो कार्यमा संलग्नलाई छानबिन गरी कारबाही गरी पाउँ भन्ने व्यहोराको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा काठमाडौं महानगरपालिकाले कित्ता नं. २५९, क्षेत्रफल १-४-०-० (६३५.९० वर्ग मिटर) जग्गामा बनेको एस.पी. अपार्टमेन्टको भवनको घरजग्गा कर निर्धारण गर्दा उक्त अपार्टमेन्टको निवेदनको आधारमा गरेकोमा आयोगबाट अनुसन्धान कार्य प्रारम्भ भएपश्चात काठमाडौं महानगरपालिकाले गरेको स्थलगत प्राविधिक प्रतिवेदनमा एस.पी. अपार्टमेन्टको आ. व. २०६२/०६३ देखि आ. व. २०७१/०७२ सम्मको रु.७,०८,१००।- थप कर निर्धारण गरेको, उक्त निर्धारण गरेको थप कर एस.पी. अपार्टमेन्टले काठमाडौं महानगरपालिकाको राजस्व खाता (खाता नं. ०२०६०१७५००४३६) मा जम्मा गरेको, मिति २०६०।९।२ मा काठमाडौं महानगरपालिकाले आवासीय प्रयोजनका लागि प्रकाश प्रधानसमेतको नाममा रहेको भवनको स्थायी इजाजत पत्र दिएकोमा मिति २०६४।६।१३ मा उक्त आवासीय प्रयोजनका लागि पास भएको नक्सामा संयुक्त आवास प्रयोजन बाहेक अन्य प्रयोजनका लागि भनी एस.पी. अपार्टमेन्टको नाममा नामसारी गरिएको, भवनको नामसारी पश्चात एस.पी. अपार्टमेन्टका संचालक प्रकाश प्रधानसमेतले विभिन्न मितिमा फ्ल्याट (अपार्टमेन्ट) बिक्री गरेको देखिएकोले संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ र नियमावली, २०६०, संयुक्त आवास भवन निर्माणसम्बन्धी मापदण्ड, २०६२, काठमाडौं उपत्यकाभित्रका नगरपालिका र नगरोन्मुख गा.वि.स. हरूमा गरिने निर्माणसम्बन्धी मापदण्ड, २०६४ मा उल्लेख भएको संयुक्त आवाससम्बन्धी प्रक्रिया पूरा नगरी निर्माण गरेको आवासीय प्रयोजनको भवन अपार्टमेन्टको नाममा नामसारी गरी अपार्टमेन्ट बिक्री गरेको देखिँदा जे जो प्रयोजनका लागि भवन निर्माणको अनुमति लिएको हो सोही गर्न गराउन एवं सोको प्रभावकारी अनुगमनका लागि आयोगको मिति २०७४।७।१६ को निर्णयानुसार काठमाडौं महानगरपालिकालाई लेखी पठाइएको ।

११.५ कपिलवस्तु जिल्ला साबिक बाँसखोर गाविसका गा.वि.स. सचिव छविलाल गुप्ता, शौचालय निर्माण समितिका अध्यक्ष जोखन चाई र महेन्द्र कुर्मीसमेतले आ.व. २०६९/०७० र २०७०/०७१ मा विभिन्न विकास निर्माण कार्यका बजेटहरू हिनामिना गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा आर्थिक हिनामिना र भ्रष्टाचार भएको देखिन नआए तापनि बाँसखोर गाविसको आ.व. ०७२/०७३ को

अन्तिम लेखा परीक्षण प्रतिवेदन अनुसार गत विगत वर्षहरूदेखि गाविसका विभिन्न व्यक्ति र उपभोक्ता समितिको नाममा जम्मा रु.१७,३७,४९६।- पेश्की बाँकी देखिएकोले उक्त पेश्की रकमबाट भए गरेको कामको मूल्यांकन गरी पेश्की फछ्र्यौट गर्न र पेश्की फछ्र्यौट हुन नसकेमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० बमोजिम सार्वजनिक सूचनासमेत जारी गरी निजले पाउने सुविधासमेत रोक्का गरी सरकारी बाँकीसरह ब्याजसहित पेश्की रकम असुलउपर गर्न/गराउन आयोगको मिति २०७४।८।७ को निर्णयानुसार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमार्फत शुद्धोधन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कपिलवस्तुलाई सुझाव लेखी पठाइएको ।

११.६ बारा जिल्ला तत्कालीन महेशपुर गाउँ विकास समितिको मिति २०५६ भाद्र २५ गतेको परिषदले महेशपुर गाउँ विकास समिति वडा नं. ८ (हाल कलैया उपमहानगरपालिकाको वडा नं. २७) कि.नं. ९३ मा रहेको पोखरी (पानीले ओगटेको २-०-०) ठेक्कामा दिने र त्यसबाट प्राप्त आम्दानीमध्ये ६०% सोही ८ नं. वडाको विकास निर्माणमा खर्च गर्ने र बाँकी ४०% रकम महेशपुर गाउँ विकास समितिको कोषमा आम्दानी बाँध्ने निर्णय भएबमोजिम टेन्डर प्रक्रियाबाट ठेक्कामा लगाउनुपर्नेमा सोझै कुनै लिखित सम्झौतासमेत नगरी उक्त पोखरी सोही गाउँ विकास समितिको वडा नं. ८ स्थित श्री सरस्वती दुर्गा बहुउद्देशीय महिला सहकारी संस्था लिमिटेडलाई हकभोग गर्न दिएकोमा पोखरीको ४० प्रतिशत आम्दानी सहकारी र सहकारीबाट ठेक्का लिएका ठेकेदार कसैले पनि गाउँ विकास समितिमा नबुझाएको, उजुरीका सम्बन्धमा अनुसन्धान प्रक्रिया सुरु भएपश्चात महेशपुर गाउँ विकास समितिले सहकारीसँग पोखरीको ४० प्रतिशत आम्दानी खोजी गरिरहेको तथा मिति २०७३।३।५ को साझेदारी राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी आफैंले उक्त पोखरीको शिलबन्दी बोलपत्र आह्वानसमेत गरेको, सहकारीमार्फत पछिल्लो पटक ठेक्कामा लिने भोला सहनी मलाहले सो विरुद्ध बारा जिल्ला अदालतमा निषेधाज्ञा मुद्दा दायर गरेकोमा सम्मानित बारा जिल्ला अदालतबाट फैसला भई निवेदकको निषेधाज्ञाको निवेदन/मुद्दा खारेज गरेको देखिएको, ग्रामीण भेगमा बस्ने अति नै गरिब, दलित र अशिक्षित महिलाहरूद्वारा श्री सरस्वती दुर्गा बहुउद्देशीय महिला सहकारी संस्था लिमिटेडको संचालन भएकोले पोखरीको आम्दानी रकम हिनामिना गरेको व्यहोरा अनुसन्धानको क्रममा खुल्न नआए पनि सार्वजनिक पोखरी संरक्षण गर्ने, सो पोखरीबाट हुने आम्दानी उठाउने तथा व्यवस्थापन गर्ने जिम्मेवारी, दायित्व र अधिकार कलैया उपमहानगरपालिकालाई कानूनद्वारा प्रदान गरिएको हुँदा उक्त सार्वजनिक सम्पत्तिको संरक्षण तथा आम्दानीको उचित व्यवस्थापनका लागि आवश्यक उपयुक्त जो जे गर्नुपर्ने हो सो गर्न गराउन आयोगको मिति २०७४।१०।११ को निर्णयानुसार कलैया उपमहानगरपालिकालाई सुझाव लेखी पठाइएको ।

११.७ ग्रामीण पुनर्निर्माण तथा पुनःस्थापना आयोजना अन्तर्गत चितवन जिल्लामा संचालन गरिएको वनकट्टादेखि बगईसम्म २३.५५ कि.मि. सडक स्तरोन्नति गर्ने कार्यमा विभिन्न बहानामा भेरिएसन आदेश जारी गरी ठेकेदारलाई ३५ लाख रुपैयाँ बढी भुक्तानी दिएर भ्रष्टाचार गरिएको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा ग्रामीण पुनर्निर्माण तथा पुनःस्थापना आयोजना अन्तर्गत चितवन जिल्लामा संचालन गरिएको वनकट्टादेखि बगईसम्म सडक स्तरोन्नति गर्ने कार्यमा २३.५५ कि.मि. सडकलाई ४ (चार) वटा प्याकेजमा विभाजन गरी सडक स्तरोन्नतिको कार्य अगाडि बढाइएको, न्यूनतम बोल अंक कबुल गर्ने बोलपत्रदाता छनौट गरिसकेपछि ठेक्का नं. १ र २ को लागि कालिका कन्स्ट्रक्सन प्रा.लि., भरतपुर-१०, चितवनसँग, ठेक्का नं. ३ को लागि महालक्ष्मी/प्यासिफिक/नाना जे.भी. सुकेधारा, काठमाडौंसँग र ठेक्का नं.४ को लागि हिम्दुङ एण्ड थोकर कन्स्ट्रक्सन प्रा.लि., धापासी, काठमाडौंसँग ठेक्का सम्झौता भएको, चालु अवस्थामा रहेको समथर भू-भागमा अवस्थित सडकको स्तरोन्नति गर्न सुरु लागत अनुमान तयार गर्दा **Cutting** गर्नुपर्ने भनी उल्लेख गरिनु र सडकको सोही **Section** मा ठीक विपरीत **Filling** गर्नुपर्ने अवस्था देखिनुले **Engineering** को सामान्य सिद्धान्तलाई समेत पालना नगरेको तथा सुरु लागत अनुमानमा उल्लेख गरिएको **Cutting** र **Filling** को **Quantity** त्रुटिपूर्ण भएको स्थिति देखिएको, **Original Bill of Quantities** मा ठूलो परिमाणमा **Cutting** को **Quantity** राखी प्रतिस्पर्धात्मक विधिबाट ठेक्का गरिसकेपछि प्रतिस्पर्धात्मक रूपमा दर उल्लेख गरिएको **Item** हटाएर सडकको सोही **Section** मा भेरिएसन आदेश जारी गरेर तथा **Shopping Method** मार्फत खरिद गरेर **Filling** को **Quantity** थप गरी उच्च दरमा निर्माण कार्य गरिएको, सडकको लागि **Sub base** को **Quantity** नहुनु, सुरु सर्भे गर्दा कति **Cutting** को

**Quantity** अवश्यक पर्ने तथा कति **Filling** को **Quantity** आवश्यक पर्ने भन्ने कुरा सजिलै पहिचान गर्न सकिने अवस्थामा पनि त्रुटिपूर्ण तरिकाले **Cutting** र **Filling** को **Quantity** निर्धारण गरिनु, **Canal crossing** को संख्या सुरु लागत अनुमान तयार गर्ने समयमा सजिलै यकिन गर्न सकिने अवस्थामा पनि त्रुटिपूर्ण तरिकाले **Canal crossing** को संख्या कम निर्धारण गरिनु तथा सुरु लागत अनुमान तयार गर्दा महत्वपूर्ण **Item** हरू छुट्न गएको कारण जनाई भेरिएसन आदेश जारी गरिनु, भेरिएसन आदेश जारी गर्दा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को प्रावधानअनुसार जारी गरिनु तथा **Shopping Method** बाट कार्य गराउँदा **ADB** को **Procurement Guideline** को प्रावधान पालना गरिनुले अनुकूलता अनुसारको कानूनी प्रावधान अपनाउन खोजिएको तथ्य स्पष्ट हुने देखिएकोले ग्रामीण पुनर्निर्माण तथा पुनःस्थापना आयोजना अन्तर्गत चितवन जिल्लामा संचालन गरिएको वनकट्टादेखि बगईसम्म सडक स्तरोन्नति गर्ने कार्यमा सजिलै यकिन गर्न सकिने कार्यहरूको समेत **Quantity** छुटाई त्रुटिपूर्ण तरिकाले लागत अनुमान तयार गरी स्वीकृत गरिएको र सो छुटाइएका कार्यहरू भेरिएसन आदेश जारी गरेर तथा **Shopping Method** बाट खरिद गरी सम्पन्न गराउँदा रु.२,४४,२२,०४९।३४ बराबरको निर्माण कार्यमा कुनै पनि प्रतिस्पर्धा नभई सडक स्तरोन्नति कार्यको लागत अस्वाभाविक रूपमा बढेको देखिएको हुनाले अब आइन्दा कुनै पनि आयोजनाको लागत अनुमान तयार गर्दा यथार्थपरक तरिकाले तयार गरी आफू अनुकूल कानूनी प्रावधानको व्याख्या तथा प्रयोग गरी भेरिएसन आदेश तथा अन्य प्रतिस्पर्धा नहुने तरिकाबाट **Quantity** बढाई आयोजना सम्पन्न गरी आयोजनाको लागत अस्वाभाविक रूपमा वृद्धि गर्ने प्रवृत्ति रोक्नेतर्फ सतर्कता अपनाउन आयोगको मिति २०७४।१०।११ को निर्णयानुसार नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

११.८ पाल्पा जिल्ला साबिक बौघागुम्हा गा.वि.स.का सचिव श्यामलाल कार्कीसमेतले सरकारी बजेट मनोमानी ढंगबाट खर्च गरी अनियमितता गरेको भन्ने उजुरी व्यहोरा अनुसन्धानबाट पुष्टि हुन आएको अवस्था नदेखिए तापनि टुकबहादुर थापाले आ.व. २०६७/०६८ मा लिएको पेश्की रकम रु.२०,०००।- र चुराबहादुर रानाले आ.व. २०६९/०७० मा लिएको पेश्की रकम रु.२५०००।- स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० बमोजिम असुलउपर/फछ्र्यौट गर्न गराउन तथा आइन्दा पेश्की दिँदा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को रकम दिने तथा पेश्की फछ्र्यौट गर्ने व्यवस्थासम्बन्धी नियम १८५(२) बमोजिम सम्झौता गर्न तथा असुलउपर गर्नुपर्ने सम्बन्धमा सोही नियमावलीको नियम १९५ र नियम २०७ बमोजिम गर्न गराउन तानसेन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, तानसेन, पाल्पालाई आयोगको मिति २०७४।१०।२२ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

११.९ धनुषा जिल्ला, बल्हा कठाल गा.वि.स.का सचिव सुशील कुमार ठाकुरले रकम हिनामिना लगायतका अनियमितता गरेको भन्ने समेत विषयको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा उजुरीको व्यहोरा प्रमाणित हुनसक्ने अवस्था नदेखिए तापनि सचिव सुशीलकुमार ठाकुर र कार्यालय सहायक रोशनकुमार पासवानले सरकारी रकम पेश्की लिई काम नगर्ने तथा समयमा पेश्की फछ्र्यौट नगरी लापरबाही गरेको देखिएको हुँदा निज गा.वि.स. सचिव सुशीलकुमार ठाकुर र कार्यालय सहायक रोशनकुमार पासवानको हकमा जो जे बुझ्नुपर्छ बुझी आवश्यक कारबाही गर्नका लागि आयोगको मिति २०७५।१।१३ को निर्णयानुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

११.१० जिल्ला कास्की, साबिक पदेली गा.वि.स. वडा नं. ४ स्थित वनको जग्गा तत्कालीन गा.वि.स. सचिव विष्णुप्रसाद पौडेल, राजनैतिक दलका स्थानीय प्रतिनिधिसमेतले कानूनविपरीत होटेल अन्नपूर्ण भ्युलाई भवन निर्माणसमेतका लागि अनुमति दिई सरकारी/सार्वजनिक वनको जग्गा अतिक्रमण भएकोले आवश्यक कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा फिल्डबुकमा पर्ती र नापीसम्बन्धी विशेष अदालतबाट दर्ता नहुने भनी फिल्डबुकमा कैफियत जनिएका र वन सिमानासँग जोडिएको कि.नं २५८ र २६३ को जग्गामध्ये तत्कालीन गाउँ विकास समिति सराङकोट र होटल हिमालयन भ्युका बीचमा ती जग्गामध्येबाट ५ रोपनी जग्गासम्म होटलले प्रयोग गर्ने र सो बापत वार्षिक रु.२,५०,०००।- गा.वि.स.ले आम्दानी लिने गरी मिति २०६८।७।२९ मा सम्झौता भएको देखिए तापनि वन ऐन, २०४९ को दफा २(ङ) को कानूनी व्यवस्थाअनुसार वन क्षेत्रसँग जोडिएका पर्ती जग्गासमेत राष्ट्रिय वनकै जग्गा हुने

कानूनी व्यवस्था देखिएकाले त्यस्ता जग्गा गा.वि.स.ले भाडामा दिन सक्ने कानूनी आधार र अख्तियारी रहेको समेत नदेखिएको, जिल्ला वन कार्यालय कास्कीमा वन क्षेत्रको जग्गा अतिक्रमण भएको भनी अभियोजन भइसकेको ३२६ वर्गमिटर क्षेत्रफलबाहेक सम्झौताका आधारमा र अन्य विभिन्न तरिकाबाट होटलले अतिक्रमण र भोग गरिरहेको हाल होटलका विभिन्न संरचना पालेघर, पार्किङ, ट्रान्समिटर, जेनेरेटर मेसिन घर, कम्पाउण्ड वाल, स्टेडियम लगायत) का संरचनाले ओगटेको, जम्मा क्षेत्रफल ४-३-०-० र सो बाहेक पनि होटल भवनको उत्तरतर्फको वनकै जग्गा क्षेत्रफल १-१-०-० र होटलको दक्षिणतर्फ रहेको ३-१०-०-० सार्वजनिक बाटोको अतिक्रमण जग्गा होटल हिमालयन भ्युको हाल परिवर्तित नाम होटल अन्नपूर्ण भ्यु सराङकोट प्रा.लि.बाट गैरकानूनी रूपमा अतिक्रमण र भोग गरेको अवस्था पुष्टि भएकोले गैरकानूनी रूपमा भएको सम्झौताको आधारमा संरचना बनाई उपभोग गरेको वन सिमानाको पर्ती जग्गा र वनकै जग्गाको हकमा कानूनबमोजिम जे जो गर्नुपर्ने हो गरी अतिक्रमित भू-भाग हटाई सरकारी जग्गाको संरक्षण गर्न गराउन नेपाल सरकार वन मन्त्रालय र सार्वजनिक बाटोको जग्गामा गरेको अतिक्रमण हटाई सार्वजनिक बाटोलाई सार्वजनिक प्रयोगमा ल्याउन स्थानीय प्रशासन ऐन, २०२८ को दफा ५ को उपदफा (५) को देहाय खण्ड (ग) एवं सोही ऐनको दफा ९ को उपदफा (६क) बमोजिम प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय कास्की तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ को कानूनी व्यवस्थाबमोजिम पोखरा, लेखनाथ महानगरपालिकालाई आयोगको मिति २०७५।२।२१ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

११.११ धादिङ जिल्ला गोगनपानी गा.वि.स. वडा नं. ६ ङ कि.नं. ४९ क्षे.फ. २१५-१४-३-० महेश खोला जनिएको सरकारी, सार्वजनिक जग्गा लगायतका सरकारी, सार्वजनिक जग्गाहरू विभिन्न कित्ता कायम गरी विभिन्न मितिमा विभिन्न व्यक्तिहरूको नाममा गैरकानूनी रूपमा दर्ता गर्ने निर्णय प्रक्रियामा स्थानीय निकायको तर्फबाट सिफारिस गर्ने कार्यमा संलग्न तत्कालीन गा.वि.स. सचिवहरू एवं गा.वि.स. अध्यक्षहरूले तत्कालीन अवस्थामा अध्यक्षको हैसियतले आफूहरूले जग्गाधनीको निवेदन अनुसार सर्जमिन मुचुल्कासमेत गरी गराई नियमानुसार गर्नु भनी भोगको सिफारिससम्म गरेको र यसमा आफ्नो कुनै बदनियत नभई आफ्नो पदले गर्नुपर्ने कानूनबमोजिमको नियमित कार्य मात्रै गरेको भन्ने समेतको एकै मिलान व्यहोराको बयान गरेको देखिए तापनि स्थानीय निकायको तर्फबाट सरकारी, सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने जिम्मेवारी र दायित्व भएका निजहरूले आफ्नो पदले पालन गर्नुपर्ने जिम्मेवारी कुशलतापूर्वक निर्वाह नगरी आवश्यक सावधानी नअपनाई हेलचेक्र्याईपूर्वक सर्जमिन मुचुल्काको आधारमा भोगबमोजिमको सिफारिस गर्ने कार्यमा संलग्न रहेका तत्कालीन गा.वि.स. सचिवहरू बन्दना श्रेष्ठ, रमेश पौडेल, गणेश ज्ञवाली, टेकराज पन्थी, महेन्द्र कुँवर, रामहरि कँडेलको हकमा जो जे बुझ्नुपर्छ बुझी कानूनबमोजिमको आवश्यक कारबाही गर्नका लागि आयोगको मिति २०७५।२।३१ को निर्णयानुसार सम्बन्धित अख्तियारवालासमक्ष सुझाव लेखी पठाइएको ।

११.१२ जिल्ला विकास समिति भक्तपुरबाट निर्माणमुखी खनिज पदार्थ उत्खनन्का लागि जारी भएका अनुमतिपत्रहरूको म्याद समाप्त भए तापनि जिल्ला विकास समिति र खानी तथा भूगर्भ विभागका कर्मचारीको मिलेमतोमा खानी ऐन नियमविपरीत अनुमतिपत्र नवीकरण गरी खानी सञ्चालन गर्न दिएकोले म्याद समाप्त भएका खानीहरू तुरुन्तै बन्द गराई दोषीमाथि कारबाही गरी पाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा जिल्ला विकास समितिको कार्यालय, भक्तपुरबाट भक्तपुर जिल्लामा निर्माणमुखी खनिज उत्खननका लागि पाँगो माटोको ४, ढुङ्गाको २ र बालुवा २० गरी जम्मा २६ वटा साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुमतिपत्र जारी भएको, मिति २०६७।५।७ पश्चात जिल्ला विकास समितिको कार्यालय भक्तपुरबाट नयाँ अनुमतिपत्रहरू जारी भएको नदेखिएको, जारी भएका सम्पूर्ण २६ वटा साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुमतिपत्रहरू वार्षिक रूपमा आ.व. २०७१/७२ सम्म नवीकरण भएको पाइएको, अनुसन्धानको क्रममा प्राप्त तथ्य, विवरण, प्रमाणका आधारमा जिल्ला विकास समितिको कार्यालय, भक्तपुरबाट साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुमतिपत्रहरू जारी भई उत्खनन संचालन भए गरेका खानीका हकमा निम्नानुसारको कैफियतहरू रहेको देखिएको ।

क खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम १७ (१) बमोजिम उत्खनन कार्यको अवधि समाप्त भइसकेका अनुमतिपत्रहरूको समेत जिल्ला विकास समितिको कार्यालय भक्तपुरका सम्बन्धित कर्मचारी र खानी संचालकको मिलेमतोमा नवीकरण गरी गराई उत्खनन कार्य संचालन गर्न दिएको ।

ख अधिकांश खानी संचालकहरूले अनुमतिपत्र प्राप्त गरेका जिल्ला विकास समितिको कार्यालय भक्तपुरसँग सम्झौता गरी वा नगरी अनुमतिपत्रको क्षेत्र वा सहमति प्राप्त उत्खनन क्षेत्र वा दुवै क्षेत्रभन्दा बाहिर उत्खनन् कार्य गरे गराएको ।

ग उत्खनन कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले खानी तथा खनिज पदार्थ नियमावली २१ को नियम २०५६ बमोजिम अनुसूचीमा उल्लेख भएको ढाँचामा खनिज पदार्थको परिमाण स्पष्ट उल्लेख गरी सोको आधारमा प्रत्येक महिना समाप्त भएको सात दिनभित्र रोयल्टी बुझाउनुपर्ने र तोकिएको अवधिमा नबुझाएमा अतिरिक्त रकम बुझाउनुपर्ने व्यवस्था रहेकोमा खानी संचालकले खनिज पदार्थको उत्खनन परिमाणको चुस्त दुरुस्त अभिलेख राख्ने गरेको नदेखिएको र जिल्ला विकास समिति, भक्तपुरले समेत उत्खनन परिमाण यकिन गरी अभिलेख राख्ने र उत्खनन परिमाण अनुसार नियमानुसारको समयावधि भित्रै राजस्व दाखिला गराउने तर्फ आवश्यक सतर्कता अपनाएको नदेखिएको ।

खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम (१) ३७ बमोजिम उत्खनन् अनुमतिपत्र प्राप्त गरेका २० वटा खानीहरूको अनुमतिपत्र ऐ. नियमावलीको नियम (१) ३७ बमोजिम अवधि समाप्त भइसकेको र नियम १७(१) बमोजिम खानी अवधि बहाल रहेका विभिन्न ६ वटा खानीहरूको समेत आ.व. २०७१/७२ पश्चात नवीकरण भएको नदेखिएकोले भक्तपुर जिल्ला विकास समितिको कार्यालय, भक्तपुरबाट जारी भएका अनुमतिपत्रहरूको हकमा आवश्यक छानबिन गरी प्रचलित कानूनबमोजिम जो जे आवश्यक कारबाही गर्नुपर्ने हो सो गरी उक्त कारबाहीको जानकारी आयोगमा पठाउन तथा खनिज पदार्थको उत्खनन तथा निकासी लगायतका कार्यको समुचित व्यवस्थापन गरी खनिज पदार्थको दुरुपयोग हुन नदिन सहमति प्राप्त स्वीकृत खनिज उत्खनन क्षेत्रमा मात्र खनिज कार्य गर्न गराउन, खनिज पदार्थको उत्खननको परिमाण वैज्ञानिक तरिकाले यकिन गरी नियमानुसारको समयावधिभित्र राजस्व प्राप्त गर्न र सोको अभिलेख चुस्त दुरुस्त एवं पारदर्शी रूपमा राख्न आवश्यक व्यवस्थासमेत मिलाउन आयोगको मिति २०७५।३।१४ को निर्णयानुसार संघीय मामला तथा सामान्य प्रसासन मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

१२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

१२.१ चलचित्र विकास बोर्डमा करार सेवामा कार्यरत खरिदार कृष्णराज जोशीले पदको दायराबाहिर गई नक्कली हवाई टिकट पेस गरी दैनिक तथा भ्रमण भत्ता भुक्तानी लिई अनियमितता गरेको समेत व्यहोराका उजुरी सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा कर्णाली अञ्चल, हुम्ला जिल्लाको सिमिकोट-१ मा अवस्थित रत्नकुमारी हाई भिजन हलको लाइसेन्सको म्याद समाप्त भएपछि नवीकरणको लागि चलचित्र विकास बोर्डमा निवेदन प्राप्त भएपश्चात नवीकरण पूर्व निरीक्षण गर्ने क्रममा उक्त बोर्डका खरिदार कृष्णराज जोशीले स्वीकृत भ्रमण आदेशबमोजिम दाङ र हुम्लामा रहेका चलचित्र घरहरूको भौतिक पूर्वाधार निरीक्षणको लागि भ्रमणमा गई रु.२७,०७०।- दैनिक तथा भ्रमण भत्ता भुक्तानी लिएको, अनुगमनको क्रममा नेपालगंजदेखि हुम्लासम्म र हुम्लादेखि नेपालगंजसम्मको हवाई टिकटको सम्बन्धमा यति एयरलाइन्सबाट विवरण उपलब्ध गराइएको पत्रानुसार निजले यात्रा गरेको "**Ticket No.** हरू नभिडेको भनी उल्लेख भई आएको, भ्रमण खर्च नियमावली, २०६४ को नियम २३(१) मा "यस नियमावली बमोजिम पाउने सुविधा लिने प्रयोजनका लागि भ्रमण गर्ने कुनै पदाधिकारी वा कर्मचारीले झुठा विवरण पेस गरी भुक्तानी लिएको ठहरेमा झुठा विवरण पेस गरी भुक्तानी लिएको रकमको दोब्बर रकम निज सरकारी सेवामा रहेको भए निजले पाउने तलबबाट कट्टा गरी लिइनेछ निजलाई कारबाहीसमेत गरिनेछ" भनी उल्लेख भएको, निजले दैनिक तथा भ्रमण खर्चबापत भुक्तानी लिएको रकम रु. २७,०७०।- को भ्रमण खर्च नियमावली, २०६४ को नियम २३(१) बमोजिम हुने दोब्बर रकम रु.५४,१४०।- उक्त बोर्डको नेपाल राष्ट्र बैंकमा रहेको खातामार्फत विभिन्न मितिमा रकम जम्मा गरिसकेको पाइए पनि निजले गैरकानूनी तरिकाले फर्जी हवाई टिकट पेस गरी दैनिक तथा भ्रमण भत्ता भुक्तानी लिएको देखिएकोले निज सहायक (खरिदार) कृष्णराज जोशीको सम्बन्धमा थप छानबिन गरी

जो जे कारबाही गर्नुपर्ने हो गरी यस आयोगलाई समेत जानकारी गराउने गरी आयोगको मिति २०७५।२।२१ को निर्णयानुसार संचार तथा सूचना प्रविधि मन्त्रालय, सिहदरबारमा सुझाव लेखी पठाइएको ।

१३. सहरी विकास मन्त्रालय अन्तर्गत

१३.१ अछाम जिल्लाको मंगलसेनमा निर्मित सरकारी भवनहरू गुणस्तरहीन भई काम नलाग्ने अवस्थामा रहेकोले सरकारी भवन निर्माणमा व्यापक अनियमितता भएको भ्रष्टाचार सम्बन्धमा यथाशीघ्र छानबिन गरी कानून बमोजिम कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा २०५९ सालमा सशस्त्र आक्रमणबाट ध्वस्त भएको अछाम जिल्लाको सदरमुकाम मंगलसेनमा रहेका मंगलसेन दरबारसहित सरकारी भवनहरूमध्ये पहिलो चरणमा जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, जिल्ला नापी कार्यालय, जिल्ला मालपोत कार्यालय, प्रहरी व्यारेक भवन, प्रहरी नायब उपरीक्षक आवास र जिल्ला हुलाक कार्यालय गरी ७ वटा भवनहरू निर्माण कार्यका लागि आ.व. ०६०।०६१ मा जिल्ला प्राविधिक कार्यालय, अछामबाट लागत अनुमान तयार गरी जिल्ला प्रशासन कार्यालयबाट सो लागत अनुमान स्वीकृत गरी बोलपत्र आह्वान एवं ठेक्का सम्झौतासमेतको कार्य सम्पन्न भई निर्माण कार्य गरिरहेकोमा आ.व. ०६३/०६४ मा सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, डोटीको स्थापना भएपछि जिल्ला प्रशासन कार्यालय, अछामले आफ्नो मातहतमा निर्माण भइरहेको उल्लिखित ७ वटा भवनहरूको निर्माण कार्यको जिम्मेवारी बाँकी काम सम्पन्न गर्ने गरी आ.व. ०६३।०६४ को फागुनमा सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, डोटीलाई हस्तान्तरण गरेको, सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, डोटीले आ.व. ०६३।०६४ मा जिल्लाको प्राविधिक कार्यालय, न्यायाधीश आवास भवन, कारागार कार्यालय, कारागार गृह तथा ब्यारेक भवन, आयुर्वेद स्वास्थ्य केन्द्र, पशु सेवा कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालय, निर्वाचन कार्यालय, प्रमुख जिल्ला अधिकारी आवास भवन, कृषि विकास कार्यालय, महिला विकास कार्यालय, वन कार्यालय, सरकारी वकिल कार्यालय र मंगलसेन दरवार गरी थप १४ वटा सरकारी भवनको निर्माण कार्य सुरु गरेकोमा जिल्ला प्रशासन कार्यालय बाहेकका भवनहरूको नेपाल सरकारलाई थप आर्थिक दायित्व नपर्ने गरी सम्बन्धित ठेकेदारबाट नै त्रुटि सच्चाई मर्मत गरिएको एवं सो भवनहरू सम्बन्धित कार्यालयहरूलाई हस्तान्तरण भई संचालनमा समेत रहेको, जिल्ला प्रशासन कार्यालय, अछामको भवन निर्माणको लागि सबैभन्दा कम रकम रु.७५,३९,५०४।०४ (भ्याट समेत) कबोल गर्ने साउद कन्स्ट्रक्सनको बोलपत्र स्वीकृत गरी उक्त कन्स्ट्रक्सनसँग मिति २०६०।१२।१२ मा १ वर्षभित्र निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा तोकिएको मितिमा निर्माण सम्पन्न नभई पटक पटक म्याद थप भएको देखिएको, जिल्ला प्रशासन कार्यालय, अछामले २०६३ फागुनमा जिल्ला प्रशासन कार्यालय, अछामको भवनको **Frame** मात्र तयार भएको निर्माणाधीन दुईतले भवन सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय डोटीलाई हस्तान्तरण गरेको, मिति २०६५।३।२५ मा भवन निर्माण कार्य सम्पन्न गरेको उल्लेख भएको तर उल्लिखित कार्यालय हस्तान्तरण नै नगरी २०६४ देखि २०६८ सालसम्म ४ वर्ष कार्यालय संचालन गरेको, आ.व. २०६८/०६९ मा उक्त भवनको प्रवलीकरण कार्यका लागि सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, डोटीले बोलपत्र आह्वान गरी कम रकम रु.१९,३९,१५४।०४ (भ्याट बाहेक) कबोल गर्ने कौशिक निर्माण सेवा, मंगलसेनसँग ६ महिनाभित्र निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०६८।४।८ मा सम्झौता गरेकोमा तोकिएको समयमा कार्य सम्पन्न नभएपछि मिति २०६८।१०।१२ गते पुनः ५ महिना म्याद थप भई भवनको प्रवलीकरण कार्य सम्पन्न भएको देखिएकोले नेपाल सरकारको कोषबाट रु.७५,३९,५०४।०४ (भ्याट सहित) खर्च गरी निर्माण गरिएको जिल्ला प्रशासन कार्यालय, अछामको कार्यालय भवन प्राविधिक रूपले कमजोर बनेको देखिएपछि ठेकेदारलाई सुधार गर्न लगाउनुपर्नेमा सो नगरी सबै रकम भुक्तानी दिएको साथै सोही प्राविधिक कमजोरी सुधार गर्न भवनको प्रवलीकरण कार्यलाई थप रकम रु.१९,३९,१५४।०४ खर्च गरेको कार्य नियमित एवं नियमसंगत नदेखिएको, मंगलसेन दरबारको निर्माण कार्य मिति २०६७ जेठ मसान्तसम्ममा सम्पन्न गरिसक्नुपर्नेमा हालसम्म पनि निर्माणको कार्य भएको नदेखिँदा प्रचलित नेपाल कानूनबमोजिम जे जो बुझ्नुपर्ने हो बुझी कानूनबमोजिम जे जो आवश्यक कारबाही गर्नुपर्ने हो गर्न गराउनका लागि आयोगको मिति २०७५।२।३ को निर्णयानुसार सहरी विकास मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

१४. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

१४.१ जिल्ला स्वास्थ्य कार्यालय, बारामार्फत निशुल्क रूपमा वितरण भइरहेको **OCP** खाने चक्की पिल्स न्यून गुणस्तर आइरनको रङ्ग खैरो कालो भेटिएकोले छानबिन होस् भन्ने समेत विषयको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा नेपाल सरकार तथा दाताको संयुक्त कोष स्रोतबाट व्यहोरिने गरी आर्थिक वर्ष ०६७/०६८ को स्वीकृत कार्यक्र अनुसार परिवार स्वास्थ्य महाशाखाको लागि **Contract No:LMD/**२०१०-११**/ICB-**१.१ अन्तर्गत **Oral Contraceptive Pills** खरिद गरी **Supply** गर्नको लागि **Hospitec pharma Pvt.Ltd.** काठमाडौं र स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखा टेकु, काठमाडौंबीच २३ जनवरी २०११ मा ने.रु.१३,२२,६४०००।- बराबरको ७२,००,०००।- साइकल **Oral Contraceptive Pills** प्रतिवर्ष २४ लाख साइकलको दरले तीन वर् भित्र (७२ लाख सम्पूर्ण परिमाण) आपूर्ति गर्ने गरी सम्झौता भएको, स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखा, टेकु र हस्पिटेक फर्मा प्रा.लि.काठमाडौंबीच भएको करार सम्झौताको बुँदा नं.१५ मा आपूर्ति गरेको **Oral Contraceptive Pills** का कुनै खराबी देखापरेमा सोको जानकारी आपूर्तिकर्ताले सप्लायर्सलाई दिनुपर्ने र सो बराबरको औषधी सप्लायर्सले **Recall** गर्नुपर्ने भन्ने समेत उल्लेख भएको, मिति २०७०।११।२५ को राष्ट्रिय औषधी प्रयोगशालाको परीक्षण प्रतिवेदनबाट हस्पिटेक फर्मा प्रा.लि.बाट आपूर्ति गरेको ब्याच नम्बर **PLN** ११००१, **PLN** ११००४, **PLN** ११००५, **PLN** ११००७, **PLN** ११००९, **PLN** ११०१० **PLN** ११०११ र **PLN** ११०१४ का पिल्स चक्कीहरू गुणस्तरहीन रहेकोले औषधी व्यवस्था विभागको विभागीय निर्णय अनुसार उक्त सबै ब्याचका पिल्स चक्कीहरू **Recall** गर्नहुन भनी मिति २०७०।११।२९ मा स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखा, टेकुलाई पत्राचार भई सो विभागबाट सबै क्षेत्रीय मेडिकल स्टोर र जिल्ला स्वास्थ्य कार्यालयलाई जानकारी गराई आपूर्ति गरेको ७२,००,००० साइकल पिल्समध्ये वितरण हुन बाँकी मौज्दात ३४,४३४ साइकल पिल्स चक्की **Recall** गर्न हस्पिटेक फर्मा प्रा.लि.लाई पत्राचारसमेत भएकोमा सो बराबरको पिल्स चक्की **Recall** को लागि उत्पादन गर्न उत्पादक कम्पनीलाई कठिनाइ भई उत्पादक कम्पनी **Pharmasia** को औषधी पैठारी दर्ता प्रमाणपत्र र सिफारिसपत्रहरू समेत औषधी व्यवस्था विभागबाट रद्द भई सो औषधी **Repalce** गर्न नसकिएकोले उक्त औषधी सप्लाई गर्न लाग्ने थप खर्चसमेत मूल्यांकन गर्दा ३४,४३४ साइकलको पछिल्लो इस्टिमेट अनुसार प्रतिसाइकल रु.२२।७३ ले हुने जम्मा रकम रु.७,८२,६८४।८२ बाँकी भुक्तानीबाट कट्टा गरी लिन मिति २०७३।११।१७ गते स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखाको तर्फबाट निर्देशक भीमसिंह तिंकरीसमेत र हस्पिटेक फर्मा प्रा.लि.को तर्फबाट जनरल म्यानेजर सुरेन्द्रनायर बीच वार्ता भई लिखित सहमति भएको देखिएको, स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखाबाट आपूर्ति गरी केन्द्रीय, क्षेत्रीय एवं जिल्ला मेडिकल स्टोरहरू समेतमा राखिएका औषधीहरूको स्टोर/भण्डार गर्दा तापक्रम समेतको कारणबाट गुणस्तरमा आउने फरकपनलाई नियन्त्रण गर्न उचित व्यवस्था गरी कार्यान्वयन, अनुगमन निरीक्षण गर्न गराउन, औषधीहरूको **Expire Date** एवं वार्षिक खपत अनुपातको आधारमा मात्र आपूर्ति गर्न र सप्लायर्सले नमुनाबमोजिम भनी उपलब्ध गराएका औषधीहरू मध्येबाट नमुना छनौट गरी गुणस्तर परीक्षण गरेको नपाइएकोले अबोप्रान्त उक्त व्यवस्थासमेत गर्न गराउन हुन आयोगको मिति २०७४।४।२ को निर्णयानुसार स्वास्थ्य मन्त्रालयलाई र गुणस्तर परीक्षणका लागि पठाइएका औषधीहरूको परीक्षण गरी प्रतिवेदन समयमा नै नपठाउँदा त्यस्ता औषधीहरू प्रयोग भई आम नागरिकको स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने एवं सम्बन्धित सप्लायर्सलाई तोकिएको समयभित्र भुक्तानी दिनुपर्ने बाध्यात्मक अवस्थाले गर्दा भुक्तानीसमेत हुन गएबाट भ्रष्टाचारजन्य कार्यले थप प्रश्रय पाउने हुँदा समयमा नै छिटो तवरले परीक्षण गरी प्रतिवेदन उपलब्ध गराउने व्यवस्था गर्न गराउन हुन औषधी व्यवस्था विभागलाई लेखी पठाइएको ।

१४.२ मोहम्मद रुहुल्लाहले आई.एस्सी.को प्रमाणपत्र नक्कली बनाई सोही नक्कली प्रमाणपत्र पेस गरी नेपाल मेडिकल काउन्सिलबाट चिकित्सक दर्ता प्रमाणपत्र लिई काठमाडौं विश्वविद्यालय, काभ्रेसमेतमा काम गरी भ्रष्टाचारसमेत गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कारबाही गरी पाउँ भन्ने पत्र जाहेरीका सम्बन्धमा अनुसन्धानको क्रममा भारतको **Bihar School Examination Board (SS)** पटनासँग समन्वय गरी सम्बन्धित बोर्डमा रहेको कागजी तथा कम्प्युटर अभिलेखसमेत हेर्दा मोहम्मद रुहुल्लाहको आई एस्सीको प्रमाणपत्र **Not verified, Incomplete** भन्ने व्यहोरा उल्लेख भई आएको, आईएस्सीको नक्कली प्रमाणपत्र लिई सोही

प्रमाणपत्रका आधारमा नेपाल मेडिकल काउन्सिलबाट चिकित्सक दर्ता प्रमाणपत्र लिएको, निजले विगतमा सेवा गरेको धुलिखेल अस्पताल सामुदायिक अस्पताल रहेको भनी स्वास्थ्य मन्त्रालयबाट पत्र प्राप्त भए पनि निज मोहम्मद रुहुल्लाह हाल उक्त निकायलगायत नेपाल सरकारको अन्य कुनै सार्वजनिक निकायमा कार्यरत रहेको नदेखिएकोले निज आरोपित व्यक्तिको शैक्षिक योग्यताको प्रमाणपत्रको आधिकारिकता सम्बन्धमा आवश्यक छानबिन गरी जो जे कारबाही गर्नुपर्ने हो तहाँबाटै गर्नका लागि आयोगको मिति २०७४।४।१२ को निर्णयानुसार नेपाल मेडिकल काउन्सिलमा लेखी पठाइएको ।

१४.३ निजामती कर्मचारी अस्पताल हातामा निर्माणाधीन रेडियोथेरापी भवन कम गुणस्तरको निर्माण गरी भ्रष्टाचार गरेको भन्ने समेत व्यहोराको उजुरी निवेदनउपर अनुसन्धान तहकिकात हुँदा निजामती कर्मचारी अस्पताल हातामा निर्माणाधीन रेडियोथेरापी भवनको डिजाइन ड्रइङ तथा बोलपत्र कागजात तयार गर्ने र सम्झौताबमोजिमको गुणस्तरयुक्त निर्माण कार्य गराई सोको ठेक्का बिल परीक्षण गरी भुक्तानीका लागि सिफारिस गर्ने लगायतका सम्पूर्ण प्राविधिक परामर्श सेवा उपलब्ध गराउने विषयमा अस्पताल र सहरी विकास तथा भवन निर्माण विभागबीच मिति २०६९।६।२४ मा समझदारीपत्रमा हस्ताक्षर भएको उक्त भवनको बोलपत्र सूचनाबाट मुन्ना एण्ड आचार्य/ए.के. एण्ड गान्वा जे.भी. ले कबोल गरेको सबैभन्दा घटी रकम (स्वीकृत लागत अनुमानभन्दा २८.५७% घटी) रु.६,७८,३६,७९०।९१ (मु.अ.क. बाहेक) को बोलपत्र स्वीकृत भई १५ महिनाभित्र निर्माण कार्य सम्पन्न गर्नुपर्ने गरी मिति २०७०।११।६ मा अस्पताल र उक्त जे. भी.बीच ठेक्का सम्झौता भएकोमा उक्त निर्माणाधीन भवनको गुणस्तरका सम्बन्धमा इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक क्याम्पसको पत्रसाथ आयोगमा प्राप्त प्रतिवेदन तथा सहरी विकास तथा भवन निर्माण विभागका उपमहानिर्देशक मणिराम गेलालको संयोजकत्वमा गठन भएको चार सदस्यीय कार्यदल लगायतले सोही भवनका सम्बन्धमा पेस गरेको अध्ययन प्रतिवेदनअनुसार निर्माण कार्यमा विभिन्न प्रकारका त्रुटिहरू देखिएकाले विभागले तयार गरेको विस्तृत कार्ययोजना अनुसार गुणस्तरीय ढङ्गले प्रभावकारीरूपमा त्रुटि सुधार कार्य अगाडि बढाउन निजामती कर्मचारी अस्पतालले मिति २०७३।५।२० मा ठेकेदारलाई जानकारी गराएको, भवन निर्माणमा भएका त्रुटिहरू सुधार कार्यको सुपरीवेक्षणका लागि विभागका उपमहानिर्देशक मणिराम गेलालको संयोजकत्वमा चार सदस्यीय अनुगमन समिति गठन भई निर्माणाधीन भवनको सुधार कार्य सारभूतरूपमा सम्पन्न भएको भनी मिति २०७४।२।२६ को विभागीय निर्णयअनुसार प्रगति प्रतिवेदन आयोगमा प्राप्त भएकोले निजामती कर्मचारी अस्पताल हातामा निर्माणाधीन रेडियोथेरापी भवन मर्मत सुधार पश्चात सम्झौतामा उल्लिखित **Technical Specification** बमोजिमको गुणस्तरयुक्त भए/नभएको र सुरुको डिजाइनबमोजिम पाँच तल्लासम्म निर्माण गर्न सकिने गरी सुधार गरेको भन्ने विषयमा समेत यकिन गरी निर्माणसम्बन्धी आवश्यक कारबाही गर्न आयोगको मिति २०७४।५।५ को निर्णयानुसार सहरी विकास मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

१४.४ पाटन अस्पताल, ललितपुरमा मेडिकल अधिकृत पदमा कार्यरत राहिल फराज अन्सारीले आई.एस्सी.को नक्कली प्रमाणपत्र पेस गरी एम.बी.बी.एस. अध्ययन गर्नुका साथै नेपाल मेडिकल काउन्सिलबाट चिकित्सक दर्ता प्रमाणपत्र लिई सार्वजनिक पद धारण गरी भ्रष्टाचार गरेको भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा राहिल फराज अन्सारीको बिहार इन्टरमिडियट शिक्षा परिषद्, पटना अन्तर्गतको सी.एम. कलेज, मधेपुरा, भारतबाट **I.Sc.** परीक्षा उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरू उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुर मार्फत् **Bihar School Of Examination Board (SS), Patna, India** मा सत्यापनको लागि पठाउँदा **Not Verified, Pass UR,** ३९४ **in computer record not** ५९८ देखिएको भनी उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरको पत्रसाथ संलग्न कागजातबाट लेखी आएकोले निज राहिल फराज अन्सारीको आई.एस्सी.को शैक्षिक योग्यताको प्रमाणपत्र झुठा, नक्कली भएको पुष्टि हुन आएको र झुठा, नक्कली शैक्षिक योग्यताका प्रमाणपत्रहरू पेस गरी **MBBS** अध्ययन एवम् उपाधि प्राप्त गरी नेपाल मेडिकल काउन्सिलबाट **NMC** नं. ११७३६ को चिकित्सक दर्ता प्रमाणपत्र लिई पाटन अस्पताल, पाटनमा मेडिकल अधिकृत पदमा करारमा मिति २०७०।११।८ देखि मिति २०७१।५।८ सम्म राष्ट्रसेवकको रूपमा बहाल रही सरकारी सेवा सुविधा उपभोग गरेकोमा हाल राष्ट्रसेवकको रूपमा कार्यरत रहेको नदेखिएको र निजले आई.एस्सी.को नक्कली प्रमाणपत्र लिई नेपाल मेडिकल काउन्सिलबाट चिकित्सक दर्ता प्रमाणपत्र प्राप्त गरी सो

हैसियतले लाभ एवम् सुविधा लिएको देखिएको हुँदा निज मेडिकल अधिकृत राहिल फराज अन्सारीलाई आवश्यक कारबाही गर्न आयोगको मिति २०७४।७।२७ को निर्णयानुसार नेपाल मेडिकल काउन्सिललाई लेखी पठाइएको ।

१४.५ स्व. जगदम्बा कुमारीदेवी राणाबाट स्थापित जगदम्बा दातब्य औषधालय तथा मदनधारा समितिका नाममा रहेका ताप्लेजुङ र मोरङ जिल्लाका विभिन्न कित्ता जग्गाहरू हालै कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएका जगदम्बा दातब्य औषधालय र मदनधारा समिति नामक कम्पनीहरूले उक्त जग्गाको स्वामित्व आफ्नो नाममा कायम गरी बिक्री वितरणसमेत गर्न लागेकाले आवश्यक छानबिन गरी उक्त जग्गाहरूको संरक्षण गरी पाउँ भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्बन्धमा जगदम्बा दातव्य औषधालय र मदनधारा समितिले भूमि प्रशासन कार्यालय, मोरङमा पेस गरेको भू.सु. ७ नं. फाँटवारीमा मदनधारा दातव्य औषधालयले आफ्नै नाममा र मदनधारा समितिले जगदम्बा दातव्य औषधालयको गुठी भनी फाँटवारी पेस गरेको, जगदम्बा दातव्य औषधालय र मदनधारा समितिका नाममा सर्भे नापी भई स्रेस्ता कायम रहेका ताप्लेजुङ जिल्लामा रहेका ५३-१३-०-३ रोपनी र मोरङ जिल्लामा रहेका जम्मा ४७-१८-६-१० तथा ऐ. जम्मा ९-०-१०-० बिघा जग्गाहरूको आवश्यक संरक्षण गर्न र जग्गादाताको इच्छाबमोजिम उक्त जग्गा वा जग्गाबाट प्राप्त हुने आम्दानी सार्वजनिक सरोकारका कार्यहरूमा प्रयोग गर्ने आवश्यक व्यवस्था मिलाउन भनी आयोगको मिति २०७४।११।२५ को निर्णयानुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाइएको ।

१४.६ अर्घाखाँची जिल्लास्थित तत्कालीन भगवती गा.वि.स.मा संचालित भगवती स्वास्थ्य चौकीमा कार्यरत अ.हे.व कमलप्रसाद पाण्डेले पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, पोखराद्वारा सि.अ.हे.व. तालिमको प्रकाशित विज्ञापनमा आफू अपाङ्ग भएको नक्कली प्रमाणपत्र पेस गरी छनौट भएको भन्ने सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा अ.हे.व. कमलप्रसाद पाण्डेले पेस गरेका फर्जी विवरणका आधारमा तत्कालीन भगवती गा.वि.स. का सचिव (हाल छत्रदेव गाउँपालिका, वडा नं. ८ को कार्यालयमा कार्यरत) बालकृष्ण पाण्डेले महिला विकास कार्यालयबाट जारी भएको वर्ग खुलेको अपाङ्ग परिचय पत्र नभएका व्यक्तिलाई गलत मनशाय राखी सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको लागि तयार गरिने परिचयपत्र तयार गरेको देखिन आएकोले यसरी अनधिकृत रूपमा अपाङ्गताको प्रमाणपत्र जारी गर्ने र लिने दुवै व्यक्तिलाई जो जे गर्नुपर्ने हो सो गर्नको लागि आयोगको मिति २०७५।३।७ को निर्णयानुसार निजहरूको तालुकी मन्त्रालय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएको ।

१४.७ जिल्ला सप्तरी गा.वि.स. कमलपुर वडा नं. ७ हाल सप्तकोशी नगरपालिका वडा नं. ११ बस्ने दीपेन्द्रकुमार पैकरा जिल्ला स्वास्थ्य कार्यालय, इलामअन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र, प्याङ्गमा अ.हे.व. पदमा कार्यरत रही विदेशमा ४ (चार) वर्षभन्दा बढी समय वैदेशिक रोजगारीका लागि दक्षिण कोरिया बसी मिति २०७१।१०।२ गते जिल्ला स्वास्थ्य कार्यालय, इलामबाट रमाना भई हाजिर हुन गई हाल जिल्ला स्वास्थ्य कार्यालय, रामेछाप अन्तर्गत काम गरिरहेकोले नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ७४ को उपदफा (१) को देहाय (ज) विपरीत सरकारी सेवामा रहिरहेको देखिएको, डा.तारानाथ पोखरेल (२०६५।८।१ देखि २०६९।३।६ सम्म कार्यालय प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय, इलाम) ले दीपेन्द्रकुमार पैकराको बिरामी बिदा स्वीकृत गर्दा डाक्टरको सिफारिसको आधारमा मेडिकल बोर्डको सिफारिस बिना पटक पटक गरी लामो समय बिदा स्वीकृत गरेको, घनश्याम पोखरेल (२०६९।४।२२ देखि २०७०।४।७ सम्म कार्यालय प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय, इलाम) ले करिब ९ महिना गैरहाजिर रहेको व्यक्तिलाई ऐनले दिएको अधिकार प्रयोग गरी सेवाबाट हटाउनेतर्फ आवश्यक कारबाही गर्नुपर्नेमा गयलकट्टी मात्र गरेको साथै १ वर्ष असाधारण बिदाका लागि सिफारिस गरेको तथा राजकुमार पोखरेल (२०७०।४।१४ देखि २०७३।७।३ सम्म कार्यालय प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय, इलाम) ले सि.अ.हे.व.दीपेन्द्रकुमार पैकराको जिल्ला स्वास्थ्य कार्यालय, इलाम अन्तर्गतबाट जिल्ला स्वास्थ्य कार्यालय, रामेछाप सरुवा हुँदा लामो अवधि बिदा स्वीकृत नगरी गैरहाजिरी रहेकोमा खोजबिन नै नगरी सरुवा भएको कार्यालयमा हाजिर हुन रमाना दिएको देखिएकोले ४(चार) वर्षभन्दा बढी अवधि अनुपस्थित रही कार्यालयमा हाजिर भएको, गैरकानूनी रूपमा बिदा स्वीकृत गराएको, लामो समय गयलकट्टीपछि हाजिर गराएको, हाजिरी रजिष्टर लगायतका कागजातहरूको अभिलेख व्यवस्थापन प्रभावकारी नरहेको, हाजिर नै नभएको व्यक्तिलाई सरुवा गरेको, रमाना

दिएको लगायतका विषय र माथि उल्लिखित पदाधिकारी तथा अन्य संलग्न पदाधिकारीहरूका सम्बन्धमा आवश्यक जो जे कारबाही गर्नुपर्ने हो सो गर्नका लागि आयोगको मिति २०७५।३।१४ गतेको निर्णयानुसार स्वास्थ्य मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

१५. अन्य

१५.१ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी महेन्द्र गौतमसमेत भएको गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको विषयमा विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा उक्त अदालतबाट मिति २०६३।१२।७ मा प्रतिवादीलाई सफाइ दिने ठहरी भएको फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन गरिएकोमा उक्त अदालतबाट सुरु विशेष अदालत काठमाडौंबाट प्रतिवादीलाई सफाइ दिने ठहरी भएको फैसलालाई सदर गर्ने गरी मिति २०७३।५।७ मा भएको फैसला उपर पुनरावलोकनको निवेदन नगर्ने गरी आयोगबाट मिति २०७४।१।१२ मा निर्णयसमेत भएको, तत्सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३३(२) मा आयोगबाट मुद्दा दायर गरिएकोमा त्यस्तो मुद्दामा प्रतिवादीले सफाइ पाउने ठहर भएमा सो उपर पुनरावेदन नगर्ने वा पुनरावलोकनको लागि निवेदन नदिने गरी आयोगबाट निर्णय भएमा त्यस्तो अभियुक्त वा निजको तर्फबाट राखिएको बैंक ग्यारेण्टी वा जेथा जमानी फुकुवा र धरौटी फिर्ता गरिने छ भन्ने कानूनी व्यवस्था रहेको, सर्वोच्च अदालतको फैसलाउपर पुनरावलोकनको निवेदन नगर्ने गरी आयोगबाट निर्णयसमेत भइसकेको देखिंदा अनुसन्धानको क्रममा यस आयोग र आयोगको पत्रानुसार भूमिसुधार तथा व्यवस्थापन विभागबाट समेत रोक्का राखिएको प्रतिवादी र निजका श्रीमती दीपा शर्माका नाममा रहेका निवेदनमा उल्लेख भएबमोजिमका घरजग्गा समेत रोक्का फुकुवा गरिदिन आयोगको मिति २०७४।४।१२ को निर्णयानुसार लेखी पठाइएको ।

१५.२ वादी नेपाल सरकार प्रतिवादी गुरुप्रसाद ढकाल भएको गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दाको अनुसन्धानका क्रममा गुरुप्रसाद ढकालको जग्गा एवं बैंक खाताहरू रोक्का राखी विशेष अदालत काठमाडौंमा आरोपपत्र दाएर गरिएकोमा उक्त अदालतबाट प्रतिवादी गुरुप्रसाद ढकालले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी मिति २०६५।३।१७ मा फैसला भएको र सो फैसलाउपर वादी नेपाल सरकारको तर्फबाट सर्वोच्च अदालतमा पुनरावेदन गरिएकोमा उक्त अदालतबाट समेत प्रतिवादी गुरुप्रसाद ढकालले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी विशेष अदालतबाट भएको फैसला नै मनासिव भएको ठहर गरी मिति २०७२।९।६ मा फैसला भई सोको जानकारी मिति २०७४।४।९ मा प्राप्त भएकोले यस आयोगबाट अनुसन्धानको क्रममा रोक्का राखिएका निवेदकका जग्गा एवं बैंक खाताहरू फुकुवा गरिदिन आयोगको मिति २०७४।९।२० को निर्णयानुसार सम्बन्धित निकायमा लेखी पठाइएको ।

१५.३ अख्तियार दुरुपयोग अनुसन्धानको तर्फबाट डा. ल्हारक्याल लामाको नाममा रहेको सम्पत्ति जफत गरी पाउन मागदाबी लिई गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भनी विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादी डा. ल्हारक्याल लामाले आरोपपत्र मागदाबीबाट सफाइ पाउने ठहर गरी मिति २०७३।७।३० मा फैसला भई सो फैसलाको जानकारी मिति २०७४।४।२ मा विशेष सरकारी वकिल कार्यालय काठमाडौंमा प्राप्त भई प्रतिवादीलाई सफाइ दिने गरी विशेष अदालत, काठमाडौंबाट भएको फैसलाउपर पुनरावेदन नगर्ने भनी मिति २०७४।५।१५ मा आयोगबाट निर्णय भएकोले प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा यस आयोगको मिति २०७३।१।२६ च.नं. २३४८ र मिति २०७३।१।२८ च.नं. २६५६ को पत्रबाट मालपोत कार्यालय सिन्धुपाल्चोक र मिति २०७३।१।२६ को च.नं. २३४७ को पत्रबाट मालपोत कार्यालय चाबहिलमा पत्राचार गरी रोक्का रहेका जग्गाहरू एवं मिति २०७३।१।२८ च.नं.२३५४ को पत्रद्वारा सिटिजन बैंक लिमिटेड कमलादी, एभरेष्ट बैंक लिमिटेड ठमेल, एभरेष्ट बैंक लिमिटेड गोल्फुटार, स्टाण्डर्ड चार्टर बैंक लिमिटेड लाजिम्पाट, नेपाल इन्भेस्टमेन्ट लिमिटेड दरबारमार्ग र हिमालयन बैंक लिमिटेड ठमेल काठमाडौं लगायतका बैंकमा रहेका खाताहरू एवं आयोगको पत्रबाट अनुसन्धानको क्रममा रोक्का रहेका अन्य चल अचल सम्पत्तिहरू निवेदकको मागबमोजिम फुकुवा गरी दिन आयोगको मिति २०७४।९।२० को निर्णयानुसार सम्बन्धित निकायमा लेखी पठाइएको ।

१५.४ भन्सार विभागका निर्देशक खेमराज भट्टराईसमेतले गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको कसुरमा विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर भएकोमा विशेष अदालत काठमाडौंबाट २०६६।११।११ मा फैसला हुँदा प्रतिवादी खेमराज भट्टराईको हकमा आरोपित कसुर ठहर भई बिगोको हकमा दाबीभन्दा घटी बिगो रु.१,६९,७४,७५८।७२ लाई स्रोत नखुलेको सम्पत्ति मानी सोही बिगोबमोजिम जरिवाना, १ वर्ष कैद र बिगो जफत हुने साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(२) को समेत कसुर ठहर गरी सो गरे बापत १ महिना कैद र रु.५०००।- जरिवानासमेत हुने ठहर भएकोमा वादी नेपाल सरकारको तर्फबाट र प्रतिवादीहरूको समेत तर्फबाट सर्वोच्च अदालतमा दोहोरो पुनरावेदन परेकोमा सर्वोच्च अदालतबाट मिति २०७३।१२।१ मा फैसला हुँदा विशेष अदालतको कसुर ठहर गरेको फैसला उल्टी गरी सबै प्रतिवादीहरूलाई आरोपपत्र दाबीबाट पूर्णतः सफाइ दिने ठहर गरी फैसला भएको, उक्त फैसला उपर मुद्दा पुनरावलोकन गर्न सकिने आधारहरू समेत नदेखिएकोले अनुसन्धानको क्रममा रोक्का राखिएको खेमराज भट्टराई, लता भट्टराई नामको जग्गा र बैंक खाताको रोक्का अन्य कारणले रोक्का राख्नु नपर्ने भए आयोगबाट राखिएको उक्त रोक्का फुकुवा गरिदिन भनी आयोगको मिति २०७५।१।६ को निर्णयानुसार सम्बन्धित निकायमा लेखी पठाइएको ।

१५.५ पिताम्बर पोखरेलका नाममा दर्ता भएको काठमाडौं जिल्ला धापासी गा.वि.स.वडा नं. ५ स्थित कि.नं. क्रमशः २५८, २५९ को क्षेत्रफल क्रमशः१७८.८५ वर्ग मि. र १७८.३५ वर्ग मि. रोक्का राखिएको जग्गा फुकुवा गरी पाउँ भन्ने व्यहोराको नेपाल एसबीआई बैंक लि.को पत्र प्राप्त हुन आएको निवेदनउपर रोक्का फुकुवा गर्ने/नगर्ने सम्बन्धमा प्रतिवादी पिताम्बरप्रसाद पोखरेलले आन्तरिक राजस्व विभागको रकम हिनामिना मस्यौट गरी भ्रष्टाचार गरेको मुद्दा सर्वोच्च अदालतमा आयोगको तर्फबाट पुनरावेदन परी विचाराधीन अवस्थामा रहेको तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम २३ मा मुद्दा अन्तिम भएपछि रोक्का फुकुवा हुन सक्ने कानूनी व्यवस्था रहेको हुँदा आयोगका तर्फबाट विशेष अदालतको फैसलाउपर सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन परी मुद्दा विचाराधीन अवस्थामा रहेको स्थितिमा निवेदक नेपाल एसबीआई बैंक लि.को निवेदन अनुसार पीताम्बर पोखरेलका नाममा दर्ता भएको काठमाडौं जिल्ला धापासी गा.वि.स.वडा नं. ५ स्थित कि.नं. क्रमशः २५८, २५९ को क्षेत्रफल क्रमशः १७८.८५ वर्ग मि. र १७८.३५ वर्ग मि. रोक्का राखिएको जग्गा हाल फुकुवा नगर्ने आयोगको मिति २०७५।२।३ को निर्णयानुसार सम्बन्धित निकायलाई लेखी पठाइएको ।

१५.६ जबस्पट इन्टरनेसनल प्रा.लि.का तत्कालीन संचालक कृष्ण गोपाल के.सी.सहितको नाममा संचालनमा रहेको प्राइम कमर्सियल बैंक बानेश्वर शाखामा रहेको बैंक खाता आयोगबाट रोक्का रहेकोले फुकुवा गरी पाउँ भन्ने व्यहोराको जबस्पट इन्टरनेसनल प्रा.लि.का संचालक अर्जुन सापकोटाको निवेदनउपर रोक्का फुकुवा गर्ने/नगर्ने सम्बन्धमा प्रतिवादी पीताम्बरप्रसाद पोखरेलले आन्तरिक राजस्व विभागको रकम हिनामिना मस्यौट गरी भ्रष्टाचार गरेको मुद्दा विशेष अदालत काठमाडौंबाट मिति २०७२।११।२७ मा फैसला हुँदा आंशिक ठहर भएकोमा आयोगको मिति २०७३।३।१४ को निर्णयानुसार प्रतिवादी कृष्णगोपाल के.सी. समेतका हकमा सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन परी मुद्दा विचाराधीन अवस्थामा रहेको, प्रस्तुत मुद्दा सर्वोच्च अदालतमा आयोगको तर्फबाट पुनरावेदन परी विचाराधीन अवस्थामा रहेको स्थितिमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३३ बमोजिम मुद्दाको अन्तिम किनारा नलागेसम्म रोक्का फुकुवा हुन नसक्ने भएकोले आयोगका तर्फबाट विशेष अदालतको फैसलाउपर सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन परी मुद्दा विचाराधीन अवस्थामा रहेको स्थितिमा जबस्पट इन्टरनेसनल प्रा.लि.को रोक्का राखिएको प्राइम कमर्सियल बैंक बानेश्वर शाखामा रहेको खाता हाल फुकुवा नगर्ने गरी आयोगको मिति २०७५।२।३ को निर्णयानुसार सम्बन्धित निकायलाई लेखी पठाइएको ।

१५.७ सुनिल भट्टसँग २०६७।६।१३ मा खरिद गरी लिएको काठमाडौं जिल्ला खड्का भद्रकाली गा.वि.स. वडा नं. ५ मा पर्ने कि.नं. १४६ को ०-७-० जग्गा आयोगबाट रोक्का राखिएको हुँदा उक्त जग्गा फुकुवा गरी पाउँ भन्ने चन्द्रलाल कठरियाले दिएको निवेदनका सम्बन्धमा, खड्का भद्रकाली ५/ख साबिक कि.नं. ६९ को पूरै जग्गा व्यक्ति विशेषका नाममा दर्ता र नामसारी गर्न नमिल्ने हुँदा मालपोत ऐन, २०३४ को दफा २४(२) अनुसार नेपाल सरकारको नाममा कायम गरी जग्गाधनी प्रमाणपुर्जा तयार गरी जिल्ला प्रशासन कार्यालयमा

पठाइ आयोगलाई जानकारी दिन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(ख) बमोजिम मालपोत कार्यालयलाई लेखी पठाउने भन्ने मिति २०६९।११।२४ मा आयोगबाट निर्णय भएको, निवेदकले रोक्का फुकुवा माग गरेको हालको कि.नं. १४६ को जग्गा सबिकको मूल कित्ता नं. ६९ बाट कित्ताकाट भई आएको जग्गा देखिएको, साबिकको मूल कित्ता नं. ६९ नै पूरै पर्ती जग्गा देखिई आयोगको मिति २०६९।११।२४ को निर्णयबमोजिम नेपाल सरकारको नाममा कायम गर्न मालपोत कार्यालयमा मिति २०६९।१२।६ मा लेखी पठाइसकेको अवस्था देखिँदा आयोगको मिति २०७५।२।१७ को निर्णयानुसार उक्त जग्गाको रोक्का फुकुवा नगर्ने र उक्त रोक्का भएको जग्गाको विषयमा निवेदक जानकारी लिन आएको अवस्थामा जानकारी दिने ।

१५.८ अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दाहरूमा अनुसन्धानको क्रममा यस आयोगबाट रोक्का राखिएको विभिन्न व्यक्तिहरूका नाममा रहेका घर जग्गासमेत फुकुवा गरी पाउँ भन्ने समेत व्यहोराको निवेदनका सम्बन्धमा विशेष अदालत, काठमाडौंबाट मिति २०६३।७।१३ मा फैसला हुँदा निवेदक प्रतिवादी केशवलाल श्रेष्ठ र नरेन्द्रराज भट्टराईसमेतको हकमा उल्लिखित मुद्दाहरूमा जनही रु.५,०००।- जरिवाना हुने ठहरी भएको फैसलाहरू समेत उपर सर्वोच्च अदालतमा पुनरावेदन गरिएकोमा उक्त अदालतबाट सुरु विशेष अदालत काठमाडौंबाट मिति २०६३।७।१३ मा भएको फैसलाहरूलाई नै सदर गर्ने गरी मिति २०७३।७।२२ मा भएको फैसलाहरू उपर पुनरावलोकनको निवेदन नगर्ने गरी आयोगबाट मिति २०७४।४।२६ मा निर्णय समेत भइसकेको र अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३३(२) मा आयोगबाट मुद्दा दायर गरिएकोमा त्यस्तो मुद्दामा प्रतिवादीले सफाइ पाउने ठहर भएमा सो उपर पुनरावेदन नगर्ने वा पुनरावलोकनका लागि निवेदन नदिने गरी आयोगबाट निर्णय भएमा त्यस्तो अभियुक्त वा निजको तर्फबाट राखिएको बैंक ग्यारेण्टी वा जेथा जमानी फुकुवा र धरौटी फिर्ता गरिनेछ भन्ने कानूनी व्यवस्था रहेकोले सर्वोच्च अदालतको मिति २०७३।७।२२ मा भएको फैसलाहरू उपर पुनरावलोकनको निवेदन नगर्ने गरी आयोगबाट मिति २०७४।४।२६ मा निर्णयसमेत भएको देखिएको र विशेष अदालतबाट भएका फैसलाबमोजिम निज निवेदक प्रतिवादीहरूलाई लागेको जरिवाना निज निवेदकहरूले सबै मुद्दाहरूमा निवेदकहरूले निवेदनसाथ पेस गरेका जरिवाना दाखिला गरेको नगदी रसिदको प्रतिलिपिहरूबाट समेत देखिंदा अनुसन्धानको क्रममा यस आयोगबाट रोक्का राखिएको निवेदक प्रतिवादी नरेन्द्रराज भट्टराई र केशवलाल श्रेष्ठले निवेदन व्यहोरामा उल्लेख गरेका घर जग्गाहरू समेत रोक्का फुकुवा गरिदिने आयोगको मिति २०७५।२।१७ को निर्णय रहेको ।

१५.९ हाम्रा बुवा विनयकुमार सिंहलाई आयोगबाट गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धानको क्रममा हाम्रो नाममा रहेको घरजग्गा तथा बैंक खाता रोक्का राखिएकोले रोक्का रहेको हाम्रो नामको जग्गा र बैंक खाता फुकुवा गरी पाउँ भन्ने समेत व्यहोराको विमलकुमार सिंह र डा. आलोककुमार सिंहको निवेदनका सम्बन्धमा निवेदकहरूको नाममा रहेका उक्त रोक्का जग्गामध्ये निवेदक विमलकुमार सिंहको महोत्तरी जिल्ला मनरा गा.वि.स. वडा नं. २ख कि.नं. ३९६ को जग्गा सम्बन्धमा आरोप पत्रमा केही नबोलिएको, निवेदकहरूको नामका उल्लिखित अन्य कित्ता जग्गाहरूको सम्बन्धमा पैत्रिक सम्पत्ति भनी आरोपपत्रको कैफियतमा खुलाइएकोमा उक्त जग्गा जफततर्फको दाबी रहे भएको नदेखिएको साथै निवेदकहरूको पब्लिक डेभलपमेन्ट बैंकमा रहेको खाताको रकम के कति हो सो पनि नखुलेको र ती खाताको रकम जफत हुने भनी आरोपपत्रमा मागदाबी रहेको समेत नदेखिएकोले आयोगको मिति २०७५।२।२१ को निर्णयानुसार निवेदकहरूको उक्त कि.नं. का जग्गाहरू तथा पब्लिक डेभलपमेन्ट बैंक वीरगंजका खाताहरू समेत अन्य कारणले रोक्का राख्नुपर्ने भएमा बाहेक फुकुवा गर्न सम्बन्धित निकायमा लेखी पठाइएको ।

१५.१० विगत लामो समयदेखि बारा जिल्ला गडवाल गा.वि.स. वडा नं. ६ बस्ने विसुनदयाल साह तेलीको भूमिसम्बन्धी ऐन, २०२१ मा भएको व्यवस्थाबमोजिम हदबन्दीसम्बन्धी कारबाही भूमिसुधार कार्यालय, बारामा विचाराधीन रही हालसम्म पनि टुंगो लागेको नदेखिएकाले जो जे बुझ्नुपर्ने हो बुझी प्रचलित कानूनबमोजिम हदबन्दीसम्बन्धी कारबाही किनारा गर्नका लागि भूमिसुधार कार्यालय, बारामा लेखी पठाउने गरी निर्णय भएअनुसार उक्त कार्यालयमा लेखी पठाइएकोमा हालसम्म पनि उक्त हदबन्दीसम्बन्धी मुद्दा कारबाहीयुक्त

अवस्थामा रहेको र प्रतिवादी राजेन्द्रप्रसाद साहतेली भएको ७ नं. फाटवारी मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको कारणले उक्त मुद्दा फछ्र्यौट हुन नसकेको भन्ने व्यहोराको जवाफ भूमिसुधार कार्यालय बाराको च.नं. २४११ मिति २०७५।२।२५ को पत्र प्राप्त हुन आएको, वादी भुजेन्द्रप्रसाद साहतेली प्रतिवादी रामपति तेली भएको नामसारी दर्ता बदर मुद्दामा सर्वोच्च अदालतबाट हदबन्दीको कारबाहीमा रोक्का रहेको विवादको जग्गा प्रतिवादीको नाममा भएको नामसारी दर्ता बदर भएकोमा त्यस्तो जग्गा वादीको नाममा समेत दर्ता हुन सक्ने हुँदैन भनी फैसला भएको, हदबन्दी छानबिन मुद्दा फछ्र्यौट भएका बखत हदभित्रमा राख्न पाउने भित्रै पर्ने भुजेन्द्रप्रसाद साह तेलीकी पत्नी रामपतिदेवी तेलीको नामको केही जग्गा भूमिसुधार कार्यालय, बाराबाट मिति २०६८।११।१७ मा आंशिक फुकुवा भएको हुँदा उक्त जग्गा यस आयोगबाट पनि फुकुवा गरी पाउँ भन्ने निवेदन जिकिरका सन्दर्भमा हेर्दा उक्त जग्गाहरू आयोगबाट मिति २०७३।१।२३ मा हदबन्दी छानबिन गर्न पठाउने गरी निर्णय हुँदा समेत फुकुवा हुन नसकेको देखिएकोले उक्त जग्गाहरू हदबन्दीभित्र पर्ने हुन होइनन् भन्ने विषयमा भूमिसुधार कार्यालय, बाराबाट निर्णय भई नसकेको अवस्थामा यकिनका साथ भन्न सकिने स्थिति नदेखिएकाले आयोगको निर्णय कार्यान्वयन भई नसकेको लगायतका मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहिरहेको अवस्थामा निवेदकहरूले निवेदनमा उल्लेख गरेका कित्ताका जग्गाहरूको रोक्का फुकुवा नगर्ने आयोगको मिति २०७५।३।२८ को निर्णयानुसार अभिलेखमा जनाइएको ।

## २.९ तामेली तथा मुल्तबी

### २.९.१ तामेली

आयोगमा पर्न आएका उजुरीहरूमध्ये आर्थिक वर्ष २०७४/७५ मा देहायका उजुरीहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ को उपदफा (१२) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम १० बमोजिम तामेलीमा राखिएको छ ।

| क्र.सं. | उजुरीको व्यहोरा | तामेली निर्णय मिति |
|---|---|---|
| १. | सर्लाही जिल्ला बरहथवा स्रोतकेन्द्र अन्तर्गत सामुदायिक प्राथमिक विद्यालय मानपुर - ९ गोठ, सर्लाहीको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बैद्यनाथ महतो र प्रधानाध्यापक कृष्णादेवी कुशवाहासमेतले विद्यालयमा अनियमितता गरेको । | २०७४।४।२ |
| २. | कतारका लागि तत्कालीन राजदूत डा. मायाकुमारी शर्माले आफ्नो पदीय पहुँचको दुरुपयोग गरी मेनपावरका ठग दलालहरूसँग रकम असुली एकै पटक तेह्र लाख रुपैयाँ कतारबाट नेपालको आफ्नो खातामा ट्रान्सफर गरेको शंकास्पद देखिएकोले निजको खाता छानबिन गरी कानूनबमोजिम कारबाही गरी पाउँ । | २०७४।४।२ |
| ३. | वीरेन्द्रनगर नगरपालिका, सुर्खेतका अस्थायी तथा करारका कर्मचारीलाई सञ्चयकोष तथा बिमा सुविधा उपलब्ध गराउने गरी वीरेन्द्रनगर नगरपालिका, सुर्खेतको नगरपरिषद्बाट भएको निर्णय बदर गरी सञ्चयकोष तथा बिमा सुविधा बापत पाएको उक्त रकम असुल गरी पाउँ । | २०७४।४।२ |
| ४. | जिल्ला कञ्चनपुर, कृष्णपुर नगरपालिका वडा नं. ३ स्थित सिद्धनाथ प्राथमिक विद्यालयमा विभिन्न आर्थिक तथा प्रशासनिक कार्यहरूमा अनियमितता गरेको । | २०७४।४।२ |
| ५. | खानेपानी संस्थान शाखा कार्यालय, बुटवलले जनतालाई स्वच्छ पानी वितरणका लागि आ.व. २०५५/०५६ मा रु. ५० लाख अनुदान लिएको रकम अनियमितता गरी उपभोक्ता हित प्रतिकूल खानेपानी वितरण गरेको, बुटवल उपमहानगरपालिका वडाहरूमा बोरिङ गर्दा जति गहिरो हुनुपर्ने हो सो अनुसार नभएको लगायतमा अनियमितता गरी भ्रष्टाचार गरेको । | २०७४।४।१२ |

| | | |
|---|---|---|
| ६. | कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुरमा करारमा रहेका शिक्षक एवम् प्रशासनतर्फका कर्मचारीहरूलाई विशेष आन्तरिक प्रतियोगिताबाट स्थायी गर्ने सम्बन्धमा मिति २०७४ वैशाख ५ गतेको विश्वविद्यालय सभाको विशेष बैठकबाट गरेको निर्णय विरुद्ध राष्ट्रिय सतर्कता केन्द्र मार्फत दर्ता हुन आएको उजुरी । | २०७४।४।१२ |
| ७. | जिल्ला सुनसरी, मधुवन गा.वि.स. वडा नं. ५ स्थित श्री जनता उच्च माध्यमिक विद्यालयका पूर्व प्रधानाध्यापक महेश्वर यादवले उक्त विद्यालयमा आ.व. २०७०/७१ मा जिल्ला शिक्षा कार्यालय, सुनसरीबाट आएको छात्रवृत्ति बापतको रकम रु. ३,९९,५३५।- नबाँडेको, आ.व. २०७०/७१ मा खरिद गरिएका पाठ्यपुस्तकमा अनियमितता भएको, विद्यार्थीहरूसँग परीक्षा शुल्क उठाएको, शैक्षिक योग्यता नपुगेका शिक्षकलाई १०+२ मा अध्ययन अध्यापन गराउन दिएको, १ वर्ष जेल बसी आएका शिक्षक कुमार विमल भगतलाई पुनः प्रक्रिया नपुऱ्याई नियुक्ति दिएको, आ.व. ०६७/६८ मा जिल्ला शिक्षा कार्यालय, सुनसरीबाट निकासा भई आएको छात्रवृत्ति बापतको रकम रु. ३,००,२४०।- मध्ये रु. ६८,०००।- मात्र वितरण गरेको, आ.व. २०६७/६८ सालमा जिल्ला शिक्षा कार्यालय, सुनसरीबाट यस विद्यालयमा प्राप्त P.C.F. अनुदान बापतको रकम रु. १,९२,०००।- भन्दा ६६,०००।- बढी खर्च गरी अनियमितता गरेको, आ.व. २०६७/६८ सालमा तत्कालीन निमित्त प्रधानाध्यापक महेश्वर यादवले +२ तर्फको रेखदेख गरे बापत र केही कक्षा लिए बापत मासिक रु. ५,०००।- लिई तलबभन्दा बढी रु. ५,५००।- मासिक लिई अनियमितता गरेको । | २०७४।४।१६ |
| ८. | बारा जिल्ला, निजगढ गा.वि.स. को जग्गा बिघा २-१०-० होतकुमारी सिजापतीका नाममा २०२७ सालमा नाप नक्सा भएको जग्गालाई छुट जग्गाको दर्ताको म्याद २०७१।८।२७ मा सकिएको अवस्था भए पनि मालपोत कार्यालय, बाराका प्रमुख मालपोत अधिकृत विष्णुप्रसाद घिमिरेले अनियमितता गरी मिति २०७१।९।११ मा एकल निर्णय पर्चा खडा गरी होतकुमारी सिजापतीका बहिनीज्वाइँ शिवबहादुर थापाको नाममा छुट दर्ता नामसारी गरेको । | २०७४।४।१६ |
| ९. | बारा जिल्ला छतवा गा.वि.स. र सिसहनिया गा.वि.स. का सचिव रामचन्द्र प्रसाद यादव, बैरेनियाका सचिव ललनराम नेपाली, बहुअरी र इटियाहीका सचिव रामानन्द महतो, विश्रामपुरका सचिव रमेश सिंह, वतराका सचिव द्वारिकाप्रसाद यादवले विगत तीन वर्षदेखि चर्पी निर्माणका लागि जनप्रिय संचार नेपाल, प्रसौनी संस्थाका अध्यक्ष वीरेन्द्र प्रसाद यादवसँग सम्झौता गरी प्रत्येक गा.वि.स. को रु.तीन लाख रुपैयाँको दरले सात गा.वि.स. को तीन वर्षमा रु.त्रिसट्ठी लाख रुपैयाँमध्ये चर्पीको काममा अनुमानित रु.दस लाखको काम गरी बाँकी झुठा बिल, भरपाई बनाई पटक पटक पेश्की लिई/दिई रकम भ्रष्टाचार गरी हालसम्म चर्पी उपलब्ध नगराएको हुँदा कारबाही गरी पाउँ । | २०७४।४।१९ |
| १०. | जिल्ला वन कार्यालय, बाजुराका तत्कालीन जिल्ला वन अधिकृत दयाराम पौडेलले टाटे इलाका वन कार्यालयको भवन निर्माणमा अनियमितता गरेको, उक्त कार्यालयको घेराबार र छाना निर्माणमा समेत अनियमितता गरेको, जैतुन तेल प्रशोधन कार्यको रकम हिनामिना गरेको, सुराकी व्यवस्थापनको रकम हिनामिना गरेको, सामुदायिक वन कार्ययोजना विपरीत जडिबुटी निकासी गराई आर्थिक अनियमितता गरेको र नक्कली हवाई टिकट राखी भ्रमण भत्ताको रकम लिएको । | २०७४।४।१९ |
| ११. | सहमति सामुदायिक वन उपभोक्ता समूह बर्दियाका अध्यक्ष देवसरा वली, कोषाध्यक्ष जोधराम थारु र वन कार्यालयका कर्मचारीसमेतको मिलोमतोमा वन समूहको रकम हिनामिना गरी भ्रष्टाचार गरेको । | २०७४।४।२६ |

| | | |
|---|---|---|
| १२. | तत्कालीन जिल्ला विकास समितिको कार्यालय धनुषा अन्तर्गत स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (Local Governance and community Development Program, LGCDP) बाट आ.व. ०६६/६७ मा जनकपुर नगरपालिका- ९ स्थित बाहबिघामा निर्माणाधीन अन्तर्राष्ट्रिय स्तरको शौचालय भवनमा रु. २३ लाख खर्च भइसक्दा पनि २५ प्रतिशत मात्र कार्य गरी निमित्त कार्यकारी अधिकृत राजकिशोर प्रसाद साहले व्यापक आर्थिक चलखेल र हिनामिना गरेको । | २०७४।५।१ |
| १३. | विभिन्न मितिहरूमा उच्च माध्यमिक शिक्षा परिषदले अनियमितता गरी छात्रवृत्तिमा मनपरी गरी कोटाभन्दा कैयौं गुणा बढी छात्रवृत्ति वितरण गरेको, २०६८ साल भाद्र महिनामा विभिन्न पदका लागि परीक्षा लिएकोमा लामो समयसम्म पनि परीक्षाफल ननिकालेको, परिषदका कर्मचारीहरूले भ्रमण बिल पेस गर्दा प्लेन तथा होटल बासको नक्कली बिल पेस गर्ने गरेको, अस्थायी र करारमा अनावश्यक कर्मचारी भर्ना गरेको, कार्यालय सहयोगीलाई भरियाको समेत काम गराउने र भरिया ज्यालाको छुट्टै नक्कली बिल बनाउने गरेको, लोडसेडिङको बहाना पारेर जेनेरेटर र इन्धनको खर्च बढाएको, प्रमाणपत्र छपाइमा ठूलो भ्रष्टाचार गरेको, आफ्नै सवारी साधन हुँदाहुँदै पनि भाडामा सवारी साधन लिएको भनी नक्कली बिल बनाई भ्रष्टाचार गर्ने गरेको, उपसचिव दुर्गा अर्याललाई परीक्षा नियन्त्रक र एक वर्षमात्र भएका उपसचिव रामचन्द्र पाण्डेलाई पाठ्यक्रम महाशाखाको प्रथम श्रेणीको पदमा कायम मुकायम दिइएको, ३ महिनाअगाडि नै कपी परीक्षण भई परीक्षाफल निष्कासन गर्ने अन्तिम चरणमा पुगेको बेलामा शाखा अधिकृत नरेन्द्रप्रसाद ढकाल र गोकुल खड्कालाई उत्तरपुस्तिका परीक्षण गर्नका लागि भनी मासिक १ लाखभन्दा बढी खर्च गरी काज खटाइएको, उ.मा.शि.परिषदका सदस्य सचिव भीमलाल गुरुङले ४ वर्षदेखि परिषदमा रङ्ग रोगन, छपाइ, अनावश्यक दरबन्दी सिर्जना तथा पदपूर्ति, अनियमित तरिकाले बिल बनाई अनियमितता गरेको, उ.मा.शि.परिषदमा ICR खरिदमा घोटाला भएको, परीक्षा नियन्त्रण कार्यालयका कर्मचारीको मिलेमतोमा मनपरी गरी कुनै मापदण्ड विपरीत फर्जी नाम राखेर ११ र १२ को परीक्षामा पर्यवेक्षक बनाइएको । | २०७४।५।१ |
| १४. | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय महुवन, पर्साका तत्कालीन प्र.अ. चन्द्रदेव पण्डित समेतले विद्यालयमा भवन निर्माण लगायत विभिन्न संघ संस्थाबाट प्रदान भएको ल्यापटप, कम्प्युटर, पंखा, सोलार, समेतका विभिन्न सामग्री हिनामिना गरेको साथै राहत कोटामा तेजेन्द्रप्रसाद चौहानको नियुक्ति तथा अनियमित काज सरुवा गरेको । | २०७४।५।५ |
| १५. | सुनसरी जिल्ला श्रीपुर, जब्दी -१ मा सञ्चालित प्राथमिक विद्यालयका प्रधानाध्यापक चिरञ्जीवी पाठकले उक्त विद्यालयका शिक्षक अवधनारायण यादव गैर हाजिर रहेको अवधिको तलब भत्ता हिनामिना गरेको, शौचालय निर्माणका लागि प्राप्त रकम निर्माण कार्य पूरा नगरी हिनामिना गरेको । | २०७४।५।१२ |
| १६. | दिव्यश्वरी गाउँ विकास समिति वडा नं. ३ क कि. नं. ७९७ को जग्गाबाट रामेश्वर अर्यालको कित्ता नं. १२३४ समेतको जग्गामा हाल साबिक गर्दा तीन आनाभन्दा बढी जग्गा घुसाइदिए बापत रामेश्वर अर्यालले मालपोत अधिकृतलाई रु. १,५०,०००।- घुस/रिसवत दिएकोले कारबाही गरी पाउँ । | २०७४।५।१२ |
| १७. | काठमाडौं महानगरपालिका वडा नं. ५ को कित्ता नं. ११९ र ४२ को सार्वजनिक जग्गा सविता बर्तौलासमेतले आफ्नो नाममा दर्ता गराएको हुँदा सार्वजनिक कायम गरी पाउँ । | २०७४।५।१२ |
| १८. | सर्लाही जिल्ला लालबन्दी नगरपालिकास्थित लालबन्दी साझेदारी वन व्यवस्थापन समूहका अध्यक्ष कपिलप्रसाद पौडेलले वन फडानी गरेको, साझेदारी वनको रकम | २०७४।५।१५ |

| | | |
|---|---|---|
| | हिनामिना एवं अनियमितता गरेको, आवश्यक हिसाबकिताब नराखी काठ दाउरा बिक्री वितरण गरी अनियमितता गरेको, सालका काठ दाउरा चोरी निकासीमा मिलेमतो गरेको । | |
| १९. | काठमाडौं जिल्ला, साबिक कपन गाउँ पञ्चायत, वडा नम्बर ३(घ), कित्ता नम्बर ९०, क्षेत्रफल २-९-०-० जग्गाको फिल्डबुक र दर्ता बाँकी स्रेस्तामा नाम उल्लेख रहेको जग्गाधनी माधव प्रसादका हकदार बाहेकका बेसरोकारवाला पूर्णप्रसाद उपाध्यायले गैरकानूनी तरिकाबाट नक्कली कागजातहरू बनाई सम्बन्धित कर्मचारीहरूलाई प्रलोभनमा पारी उक्त जग्गाको मोही समेत फरक व्यक्ति कायम गरी आफ्नो नाममा निर्णय गराई, आफ्नो नाममा नामसारी गरे गराएको । | २०७४।५।२६ |
| २०. | जिल्ला स्वास्थ्य कार्यालय, रौतहटले आ.व. ०६९।७० मा औषधी खरिदमा अनियमितता गरी सरकारी रकमको हिनामिना गरेको । | २०७४।६।२ |
| २१. | जिल्ला स्वास्थ्य कार्यालय, डडेल्धुराबाट आ.व. ०६९।०७० र आ.व. ०७०।०७१ मा सार्वजनिक खरिद ऐन तथा नियमावली विपरीत औषधी खरिद भएको, हल भाडाको रकममा अनियमितता गरेको तथा स्वास्थ्यसम्बन्धी विभिन्न कार्यक्रमको लागि निकासा भएको रकममा अनियमितता भएको, सि.अ.हे.व. कवीन्द्र विष्ट र लेखापाल टोलप्रसाद पोखेलले स्वास्थ्य शिक्षा कार्यक्रम संचालन तथा औषधी खरिद नै नगरी नक्कली बिल भर्पाइ बनाई अनियमितता गरेको । | २०७४।६।२ |
| २२. | तानसेन नगरपालिका, तानसेन, पाल्पाको बसपार्कदेखि मिसन अस्पतालसम्मको मोटरबाटो निर्माण गर्दा प्लानिङ/डिजाइन विपरीत निर्माण गरी अनियमितता गरेको । | २०७४।६।२ |
| २३. | सर्लाही जिल्लाका विभिन्न स्थानमा शैक्षिक सत्र, २०६४ पछि खुलेका केही विद्यालयहरू शिक्षा ऐन, तथा नियमावलीले तोकेका मापदण्ड पूरा नभएका, नक्साङ्कन बेगर खुलेका तथा झुठा शैक्षिक तथ्याङ्क लगायतका कागजातहरू पेस गरी रकम निकासा लगी विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षले सरकारी रकमको दुरुपयोग गरेको । | २०७४।६।९ |
| २४. | आ.व. ०६७/०६८ देखि आ.व. ०७०/०७१ सम्म रौतहट जिल्लाको लक्ष्मीपुर बेलविछ्वा गा.वि.स. मा सरकारी, अर्धसरकारी अनुदान रकम तथा सामाजिक सुरक्षा भत्ता, स्थानीय पूर्वाधार विकास निर्माणको रकम दुरुपयोग भई भ्रष्टाचार र अनियमितता गरेको । | २०७४।६।२६ |
| २५. | जिल्ला झापा दमक नगरपालिकाका कार्यकारी अधिकृत युवराज दाहालले विकासका लागि आएको बजेटबाट बन्ने हरेक ठेक्कापट्टामा घुस नलिई कुनै काम नै नगर्ने, दमक बजारको सडक मर्मत गर्दा ठेकेदारसँग १० लाख रुपैयाँ लिएको, नक्कली बिल र भरपाइ पेस गरी कार्यालयका सामान खरिदमा हिनामिना गर्ने गरेको, भ्युटावर निर्माणको क्रममा कमिसन बापत ५० लाख रुपैयाँ बुझेका लगायतका कार्यहरू गरेको । | २०७४।७।१३ |
| २६. | जिल्ला सर्लाही साबिक वेलवा जब्दी वार्ड नं. २ बस्ने राम छबिला साहको छोरा सुरेन्द्र साहले २०६७ सालदेखि नक्कली अध्यापन अनुमतिपत्र पेस गरी श्री सिद्धकाली उच्च मा.वि. तेहथुममा अध्यापनरत रहेकोले छानबिन गरी निजलाई आवश्यक कानूनी कारबाही गरी पाउँ । | २०७४।७।१३ |
| २७. | नारायण नगरपालिका, दैलेखका तत्कालीन कार्यकारी अधिकृत गगनबहादुर वि.क.ले विभिन्न आयोजना तथा बारुणयन्त्र खरिदमा भ्रष्टाचार गरेकोले कारबाही गरी पाँउ । | २०७४।७।१६ |
| २८. | जिल्ला शिक्षा कार्यालय, बाजुरा र ज्ञानोदय माध्यमिक विद्यालय राजतोली बाजुराका शिक्षक धनलाल पाध्यायसमेतको मिलोमतोमा शिक्षक देवराज पाध्याय र शिक्षक | २०७४।७।१६ |

| | | |
|---|---|---|
| | विजयराज पाध्यायलाई आर्थिक वर्ष २०५७/०५८ देखि २०६०/०६१ सम्मको तलब भत्ता भनी १५ वर्षपछि भुक्तानी दिएको । | |
| २९. | जिल्ला स्वास्थ्य कार्यालय सोलुखुम्बुमा कार्यरत जिल्ला जनस्वास्थ्य अधिकृत केदारराज पराजुलीले आ.व. २०६८/०६९ मा विभिन्न कार्यक्रम सञ्चालन तथा कार्यालयका लागि औषधी लगायतका सामान खरिद गर्दा विनियोजित बजेट हिनामिना गरी भ्रष्टाचार गरेको । | २०७४।७।२३ |
| ३०. | २०७२ सालको भूकम्पबाट क्षति भएको श्री विज्ञान प्रभा निम्न माध्यमिक विद्यालय, इकुडोल, ललितपुरको भवन पुनः निर्माणका लागि जापानी दाता एवं संस्थाबाट करिब ३५ लाख बराबरको नगद तथा वस्तुगत सहयोग प्रदान गरिएकोमा उक्त सहयोग सम्बन्धित विद्यालयमा खर्च नगरी प्रधानाध्यापक समेतको मिलेमतोमा भ्याली बोर्डिङ स्कुल नामको निजी स्कुल बनाउन खर्च गरी भ्रष्टाचार गरेको । | २०७४।७।२३ |
| ३१. | तारा एयरले लिजमा लिएर संचालन गर्दै आएको नेपाल वायुसेवा निगमको डोल्पामा दुर्घटनाग्रस्त ९N-ABQ जहाज मर्मत संभार गर्न नसकिने भई नेपाल वायुसेवा निगमले नेपाल नागरिक उड्डयन प्रधिकरणमा दर्ता खारेजी (डिरजिस्ट्रेसन) गरेको भए तापनि तारा एयरलाइन्सलाई कवाडीको मूल्यमा बेचेर पुरानै कल साइनमा उडाउन अनुमति दिएको तथा लिजमा दिने प्रक्रियामा नै नेपाल वायुसेवा निगमबाट कुनै विज्ञापन नगरी टेण्डर प्रक्रियामा मिलेमतो गरेर ठूलो रकम घुस खाई/खुवाई सरकारी सम्पत्ति तारा एयरलाइन्सलाई बुझाउने काम भएको । | २०७४।७।२७ |
| ३२. | पर्सा जिल्ला, हरिहरपुर विर्ता गा.वि.स.का तत्कालीन सचिव प्रेमकुमार पण्डितले गा.वि.स.को विभिन्न शीर्षकको रकम हिनामिना गरेको । | २०७४।८।७ |
| ३३. | लुम्बिनी विकास कोषका वनस्पति शाखा प्रमुख शब्वीर अहमद खाँन समेतले काठ बिक्रीका लागि टेण्डर हुँदा ठेकेदारबाट रकम लिएको, अफिसका कर्मचारीलाई आफ्नो खेतीपातीका लागि काममा लगाएको, ज्यालादारी कर्मचारी नियुक्ति गरी उनीहरूलाई आधा ज्याला रकम दिई आधा आफूले खाने गरेको, कार्यालयबाट तेलको कुपन लिई निजी ट्याक्टरमा प्रयोग गरेको । | २०७४।८।७ |
| ३४. | जिल्ला तनहुँ, खैरेनीटार बजारमा पृथ्वी राजमार्गको दायाँबायाँ सडक विस्तार गर्ने, Service Track Road बनाउने कामका लागि डिभिजन सडक कार्यालय दमौलीले आ.व.०६९/७० मा सुरु गरेका कामहरू अधुरो रहेको, कालोपत्रे जस्तो काम हतार हतारमा गर्दा गुणस्तरहीन भएको, इन्जिनियर र ठेकेदारले मिलेमतो गरी अनियमितता गरेको । | २०७४।८।७ |
| ३५. | जिल्ला खेलकुद विकास समिति, प्यूठानमा कार्यरत सहायक प्रशिक्षक मिति २०७०।०६।०८ मा पारिश्रमिक रु.१०,९९७।४२, मिति २०७०।०६।२२ मा किर्ते दस्तखत गरी २३, ५५६।३२ निकासा गरी खाएको र मिति २०७०।११।१४ मा कात्तिक, पौष र माघमा किर्ते दस्तखत गरी ११,८१७।- निकासा गरी लिई खाई मासेको हुँदा जिल्ला खेलकुद विकास समिति, प्यूठानका अध्यक्ष नमराज अधिकारी र कार्यालय प्रमुख दिनेश पोखरेलले किर्ते पेरोल बनाएको हुनसक्ने सम्भावना भएको । | २०७४।८।१९ |
| ३६. | सिरहा जिल्लास्थित श्री प्राथमिक विद्यालय पटना-५, सोठिआइनका प्रधानाध्यापक शिवनारायण यादवले २०६३ सालदेखि २०७१ सालसम्मको छात्रवृत्ति वितरण रकम, पि.सि.एफ. सेलरीमा प्राप्त अनुदान रकम, शौचालय निर्माण र कक्षाकोठा मर्मतको लागि निकासा भएको रकम हिनामिना गरी भ्रष्टाचार गरेको । | २०७४।८।१९ |
| ३७. | जिल्ला बारा पटेर्वा गाउँ विकास समितिमा कार्यरत गाउँ विकास समितिका सचिव पुनितप्रसाद जयसवाललाई बारा जिल्ला कचोर्वा गाउँ विकास समिति र टेढाकट्टी गाउँ | २०७४।८।१९ |

| | | |
|---|---|---|
| | विकास समितिको समेत थप कामकाज गर्न जिम्मेवारी दिएकोमा टेढाकट्टी गाउँ विकास समितिको थप जिम्मेवारी लिई काम काज गर्न इन्कार गरेको र चिठ्ठी समेत नबुझेको अवस्थामा उक्त कार्यालयमा कार्यरत कार्यालय सहायक राजेश कुमार यादवले निज पुनितप्रसाद जयसवालको नाममा बैंक खाता खोली रकम हिनामिना गरेको र किर्ते सहीछाप गरेर नागरिकता सिफारिससमेत गरेको। | |
| ३८. | जिल्ला डोल्पास्थित सरस्वती उच्च माध्यमिक विद्यालय दुनै डोल्पामा विद्यालयको विज्ञान भवन निर्माण गर्दा डिजाइन विपरीत कार्य गरेको । | २०७४।८।१९ |
| ३९. | भोजपुर जिल्ला, पौवादुङमा गाउँपालिका वडा नं. ३, च्याङ्ग्रे (साबिकको च्याङ्ग्रे गाउँ विकास समिति) मा रहेको श्री पञ्चकन्या माध्यमिक विद्यालय, च्याङ्ग्रेका पूर्व विद्यालय व्यवस्थापन समितिका अध्यक्ष किरण राईले विद्यालयको पक्की चारकोठे भवन निर्माणका लागि शिक्षा मन्त्रालयबाट प्राप्त भएको रु. २४,००,०००।-, विद्यालयको कोषबाट रु.९,००,०००।- अन्य दाताहरूबाट प्राप्त रु. ७,००,०००।- गरी जम्मा रकम रु.४०,००,०००।- मा भवन निर्माण कार्य पूरा गरी विद्यालयलाई २०७१ असार मसान्तमा हस्तान्तरण गर्ने गरी मिति २०७०।१२।१८ गते सम्झौता भएकोमा रु.१३,००,०००।- पेश्की लिई १० महिना बितिसक्दा पनि भवन निर्माण सुरु नगरेको हुँदा विद्यालय भवन निर्माणको रकम हिनामिना गरेको । | २०७४।८।२६ |
| ४०. | जिल्ला अर्घाखाँची, भगवती गा.वि.स., वडा नं. ९ स्थित निर्माणाधीन लिफ्ट खानेपानी आयोजना उपभोक्ता समितिका अध्यक्ष तिलक पाण्डेले नक्कली बिल भरपाई बनाई योजनाको रकम आफूले खाने, बिलमा एउटा लेखी कम गुणस्तरको सामान योजनामा प्रयोग गर्ने र योजनाको लागि आएका सामग्री आफूखुसी बिक्री गरी व्यापक अनियमितता गरेको, समिति गठनमा समेत भेला नबोलाई किर्ते हस्ताक्षर बनाई उपभोक्तासमेत नभएको व्यक्तिलाई समितिमा राखी कार्य गरेको । | २०७४।८।२६ |
| ४१. | पशुपति क्षेत्र विकास कोषमा रकमीहरूको पद कायम गरी स्थायी गर्न र अस्थायी रकमीहरूलाई स्थायीमा लैजान मिति २०७२।३।१८ मा निर्णय गरी पूर्णकालीनलाई स्थायी गरेको र सेवा करारमा काम गरिरहेका नवराज घिमिरे भन्ने व्यक्तिलाई विना निर्णय ठाडो पत्र दिई आंशिकमा लगी पदस्थापन गरेको । | २०७४।८।२६ |
| ४२. | पूर्व-पश्चिम राजमार्ग अन्तर्गत बुटवलको तिनाउ नदीको पक्की पुलमा सडक विभागले ठेक्का दिएकोमा मापदण्ड विपरीत पिच गरेको हुँदा पिच गरेको १५ दिन पनि नपुग्दै उप्किएको र पुल मर्मत आयोजनाको लागि छुट्याइएको सरकारी रकम हिनामिना गरेकोले ठेकेदारलाई छानबिन गरी कारबाही गरी पाउँ । | २०७४।८।२६ |
| ४३. | मध्यमर्स्याङ्दी जलविद्युत केन्द्रबाट कुलेखानी तेस्रो जलविद्युत आयोजनामा सामग्री पठाउँदा अनियमितता गरेको । | २०७४।८।२६ |
| ४४. | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुरले मिति २०७१।५।२ मा बहुउद्देश्यीय भवन निर्माणका लागि बोलपत्र आह्वान गरेकोमा Criteria पूरा गरी सबैभन्दा कम कबोल गर्ने रबिना/जम्बुदीप कन्स्ट्रक्सन जे. भी. लाई टेण्डर नदिई भ्याली कन्स्ट्रक्सनलाई दिने निर्णय गरेको, सो बाट नेपाल सरकारलाई करोडौं नोक्सान हुने देखिएको हुँदा उक्त निर्णय बदर गरी पाउँ । | २०७४।८।२६ |
| ४५. | यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र गण्डकी, पोखराले २०७२ सालमा सवारी साधनको प्रयोगात्मक परीक्षामा ट्रायल दिने प्रयोजनका लागि सवारी साधन उपलब्ध गराउने भनी खोलिएको टेण्डरमा उल्लेख भएबमोजिम नभई सनराइज प्रि टेस्ट सेन्टरका सञ्चालकहरू, केही मतियारहरू साथै रे तथा यमाहा मोटरसाइकलको रि-कन्डिसनवाला लगायतको आर्थिक प्रलोभनमा परी नियतबस एउटै कम्पनीका मोटरसाइकल तथा स्कुटर प्रयोग गरिएको । | २०७४।९।३ |

| | | |
|---|---|---|
| ४६. | जिल्ला धनुषा, बसहिया-८ मा रहेको गोगलप्रसाद उच्च माध्यमिक विद्यालय बसहिया-८ धनुषाका विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष उपेन्द्र सहनी र प्र.अ. दिनेशकुमार ठाकुरले अनियमित तरिकाले कर्मचारी नियुक्ति गरेको, जिल्ला शिक्षा कार्यालय, धनुषाबाट प्राप्त रु. २४,००,०००।- भ्रष्टाचार गरेको, मर्मत सम्भार, शौचालय निर्माण, खानेपानी व्यवस्था मिलाउन, विद्यालयको नयाँ भवन बनाउँदा रु. ४०,००,०००।- भ्रष्टाचार गरेको । | २०७४।९।३ |
| ४७. | सर्लाही जिल्लास्थित श्री प्राथमिक विद्यालय, साबिक हथिऔल गा.वि.स. वडा नं. ५, हाल बलरा नगरपालिका, वडा नं. २, सर्लाहीका प्रधानाध्यापक नागेन्द्रप्रसाद सिंहले सो विद्यालयलाई आ.व. २०६७/०६८ मा भवन निर्माण शीर्षकमा प्राप्त भएको रकम हिनामिना गरेको । | २०७४।९।६ |
| ४८. | जिल्ला कपिलवस्तु, बाँसखोर गा.वि.स. का गा.वि.स. सचिव धनिराम चौधरीले आ. व. २०७१/०७२ मा फ्रिज गर्नुपर्ने रकम रु. ८,३५,०००।- फ्रिज नगरी मनोमानी ढंगले खर्च गरी हिनामिना गरेको, गाउँ परिषदको नाममा रु. ६०,०००।-खर्च गरेको। | २०७४।९।६ |
| ४९. | सडक विस्तार आयोजनाले देशभरि तथा काठमाडौं उपत्यकामा विस्तार गरेका सडकहरू गुणस्तरहीन रहेको र ठेकेदारसँगको मिलेमतोमा लागत अनुमान बढाई खर्चको वृद्धि गरेको । | २०७४।९।१३ |
| ५०. | दाङ जिल्ला साबिक हलवार गाउँ विकास समिति वडा नं. ३, ४, ५ र ७ (हाल तुलसीपुर नगरपालिका वडा नं. १६ र १७) को रानीघाट विद्युत सहकारी संस्थाको कार्यक्षेत्रमा विद्युतीकरण गर्नका लागि सहकारी संस्थाको अध्यक्ष र कोषाध्यक्ष लगायतका व्यक्तिले गाउँमा विद्युत तार, पोल ल्याइदिन्छौं भनी रु. १०००।- देखि रु.५०००।- सम्म प्रत्येक घरबाट उठाई कामै नसकिएको विद्युतीकरणसम्बन्धी कामलाई सकिएको भनी अध्यक्ष र कोषाध्यक्षको मिलोमतोमा ठेकेदारलाई सिफारिस दिएको । | २०७४।९।१३ |
| ५१. | कृषि विकास बैंक लिमिटेड रामशाहपथ काठमाडौंबाट ओम प्रकाश पाण्डे लगायतका व्यक्तिहरू संलग्न रहेको राम जानकी हेल्थ फाउण्डेशन प्रा. लि. जनकपुर ९ धनुषा र एक्जोटिक रिसोर्ट एण्ड वाटर किङडम प्रा. लि पीडा २ घाटबेसी धादिङले झुठा विवरणको आधारमा बैंकका कर्मचारीहरूसमेतको मिलेमतोमा कर्जा लिई दुरुपयोग गरेकोले गैरकानूनी कर्जा छानबिन गरी कारबाही गरी पाउँ । | २०७४।९।२० |
| ५२. | एन.आई.डि.सि. क्यापिटल मार्केट्स लिमिटेडले राजकुमारी पुन संचालक रहेको पोखरा - ११ फूलबारीस्थित होटल स्तुपा प्रा. लि. लाई रु. २ करोड कर्जा प्रवाह गर्दा धितोको बढी मूल्यांकन गरी संस्था डुबाउने गलत निर्णय गरेकोले आवश्यक छानबिन गरी भ्रष्टाचारीहरूलाई निलम्बन गरी कारबाही गरी पाउँ । | २०७४।९।२० |
| ५३. | जिल्ला बैतडी, साबिक चौखाम गा.वि.स. वडा नं. ९ स्थित सनिगाड पेल्ट्रिक सेट योजनाको कुलो मर्मतका लागि विनियोजित रकम हिनामिना गरेको । | २०७४।९।२० |
| ५४. | पशुपति भण्डारेश्वर धार्मिक सेवा समितिका अध्यक्ष रमेश महर्जनले का.जि., का.म.न.पा. वडा नं. ४ र ७ अन्तर्गत कालोपुलदेखि राजधानी पेट्रोल पम्पसम्म विभिन्न निर्माण कार्यका लागि धोबिखोला कोरीडोर सुधार आयोजनासँग सम्झौता गरी कामै नगरी नक्कली प्रतिवेदन पेस गर्न लगाई सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको । | २०७४।१०।३ |
| ५५. | जिल्ला स्वास्थ्य कार्यालय, दार्चुलामा कार्यरत क्षयकुष्ठ सहायक दीपेन्द्र जोशी र हेल्थ असिस्टेन्ट भुपेन्द्र चौधरीले परीक्षणकाल नसकिँदै काठमाडौमा B.P.H. अध्ययन गरी दोहोरो हाजिर गरेको । | २०७४।१०।३ |

| | | |
|---|---|---|
| ५६. | काठमाडौं विश्वविद्यालय, धुलिखेल, काभ्रेद्वारा सन् २०१६ मा संचालित स्नातकोत्तर (MD/MS/MDS) तहको प्रवेश परीक्षा संचालनको क्रममा प्रश्नपत्र खरिद बिक्री तथा आर्थिक लेनदेन भएको । | २०७४।१०।३ |
| ५७. | शिवराज अस्पताल बहादुरगंज, कपिलवस्तुमा कार्यरत लेखापाल, ना.सु. लगायतका कर्मचारीहरूको मिलेमतोमा बिना टेण्डर कमिसन खाई औषधी खरिद गरेको । | २०७४।१०।३ |
| ५८. | बाजुरा जिल्ला मानाकोट गा.वि.स., वडा नं.-२ मा रहेको चौडगताडी सिंचाइ कुलो निर्माणका लागि आ.व. २०७०/०७१ मा व्यवस्था भएको बजेटमा कार्यालयका कर्मचारी र उपभोक्ता समितिका नक्कली अध्यक्षसमेतले अनियमितता गरेको र बाजुरा जिल्ला मानाकोट गा.वि.स., वडा नं.-८ मा रहेको थारखोला लघु जलविद्युत् परियोजना दोस्रोमा गरिबी निवारण कोषको आर्थिक सहयोगमा अपुग सामग्री खरिदका लागि रु.२७,००,०००।- बजेटको व्यवस्था भई काम संचालन गरिएकोमा उक्त योजनाको विस्तृत हिसाब गर्दा रु.११, ००, ०००।- उपभोक्ता समितिका अध्यक्ष शंकर रोकाया समेतले अनियमितता गरेको । | २०७४।१०।३ |
| ५९. | नेपाल खानेपानी संस्थानका संचालक समितिका सदस्य कृष्णभद्र अर्यालले भ्रमण गर्नुपर्ने स्थानमा भ्रमण नै नगरी पटक पटक गरी ८ वटा नक्कली हवाईजहाज टिकट पेस गरी दैनिक भ्रमण भत्ता भुक्तानी लिई भ्रष्टाचार गरेको । | २०७४।१०।३ |
| ६०. | नेपाल प्रहरीको भगौडा ग्रुपको संलग्नतामा तत्कालीन भूमिसुधार मन्त्री, सचिव र भौतिक पूर्वाधार सहकारी सचिवलाई जनही ५० लाख रुपैयाँ दिएर ठूला ठूला आश्वासन बाँडेर बल धम्की समेत प्रयोग गरी कुनै हालतमा पनि ऐन नियमानुसार फिर्ता गर्न नमिल्ने काठमाडौं महानगरपालिका वडा नं. १० सिट नं. ११८७-०२, कित्ता नं. ३५१, क्षेत्रफल ०-१४-१-३ भएको जग्गाको मूल्य ५ करोड जाने भएपछि पैसाको बलमा फिर्ता गर्न लागिएको । | २०७४।१०।३ |
| ६१. | जिल्ला सुनसरी अमडुवा गा.वि.स. वडा नं. १ निवासी राजाराम रायको छोरा युवराज रायले आफू धानुक जनजाति हुँ भनी गा.वि.स. अमडुवा, जिल्ला प्रशासन कार्यालय सुनसरी र आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट जनजाती हो भनी प्रमाणित गराई वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा जनजाति कोटामा अध्ययन गरेको र निजको शैक्षिक योग्यताको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रमा निजको थर राय मात्र उल्लेख भएको कहीं कतै धानुक उल्लेख नभएको साथै आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ को दफा २ को खण्ड (क) सँग सम्बन्धित अनुसूचीको जनजातिको सूचीमा राय थर कहीं उल्लेख नभएको अवस्थामा निजले जनजातिको कोटामा भर्ना भई अध्ययन गरेको । | २०७४।१०।३ |
| ६२. | जिल्ला बाँकेस्थित जन ज्ञानज्योती माध्यमिक विद्यालय कोहलपुरको संसद विकास कोषको रकमबाट विद्यालय भवनको छत मर्मत कार्य गर्दा इस्टिमेट तथा मूल्यांकन विपरीत डण्डी नराखी ढलान गरेको र प्रध्यानाध्यापक तेजप्रसाद अधिकारीले विद्यालयको रकम मनपरी हिसाबले खर्च गर्ने गरेको । | २०७४।१०।३ |
| ६३. | जिल्ला जनस्वास्थ्य कार्यालय, रूपन्देहीमा कार्यरत कर्मचारीहरूले सुविधाका लागि भ्रमण आदेश स्वीकृत गराई बाहिर कतै नगई कार्यालयमा बसी दैनिक भ्रमण भत्ता खाई अनियमितता गरेको । | २०७४।१०।११ |
| ६४. | त्रिभुवन विश्वविद्यालय तथा काठमाडौं विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी निजी क्षेत्रबाट सञ्चालित मेडिकल कलेजहरूले भर्ना प्रक्रिया नपुऱ्याई नेपाल मेडिकल काउन्सिलका पदाधिकारीहरू समेतसँग मिलेमतो गरी MBBS मा विद्यार्थीहरू भर्ना लिंदा तोकिएभन्दा बढी ट्युसन फि लिई तथा कलेजहरूको सिट संख्या निर्धारण गर्दा प्रलोभनमा परी/पारी आर्थिक अनियमितता गरेको । | २०७४।१०।११ |

| | | |
|---|---|---|
| ६५. | २०६६ सालदेखि नेसनल ट्रेडिङ लिमिटेड, बण्डेड वेयर हाउस, रामशाहपथका कार्यालय प्रमुख भरतबहादुर बस्नेत, ऐ.ऐ. कूटनीतिक बिक्री कक्ष प्रमुख बिना प्याकुरेल समेतले मिलेमतो गरी विदेशी कूटनीतिक नियोगका कूटनीतिक सुविधा वा महसुल सुविधा दिनुपर्ने निकाय, पदाधिकारी वा व्यक्तिलाई नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसमा तोकिएबमोजिम कूटनीतिक सुविधा वा महसुल सुविधा दिनुपर्ने पदाधिकारीलाई ड्युटी फ्रि सपबाट सुविधामा उपलब्ध गराउने मदिराजन्य पदार्थको बिक्री वितरणमा स्वीकृत कोटाभन्दा बढी नक्कली बिल बनाई, भन्सार महसुल, अन्तःशुल्क, भ्याट र ने.ट्रे.लि.बाट छुट समेत दिई राजस्व छली गरी विदेशीहरूको नाममा मदिराजन्य पदार्थ बिक्री वितरण गरी नेपाल सरकारलाई वार्षिक रु. ६०,००,०००।- हानि नोक्सानी पुऱ्याई बण्डेड वेयर हाउस र ड्युटी फ्रि सपका कर्मचारीहरूले फाइदा उठाएको । | २०७४।१०।११ |
| ६६. | गुठी संस्थान ऐन, २०३३ र गुठी संस्थानसँग सम्बन्धित अन्य विनियमहरूमा भएको व्यवस्था विपरीत गुठी संस्थान संचालक समितिका पदाधिकारीहरूले आफू अनुकूल निर्देशिका बनाई विभिन्न सुविधाका नाममा मासिक लाखौं रकम लिई भ्रष्टाचार गरेको र नेपाल आँखा अस्पतालबाट फिर्ता भएको त्रिपुरेश्वरस्थित भवनको मर्मतसम्भारको नाममा सार्वजनिक खरिद ऐन विपरीत कोटेसनको आधारमा करिब ४० लाख खर्च गरी भ्रष्टाचार गरेको । | २०७४।१०।११ |
| ६७. | नेपालबाट मलेसिया जाने कामदारहरूलाई बिचौलिया कम्पनी भि.एल.एन. नेपाल प्रा.लि.ले अनधिकृत रूपमा नेपाली कामदार लगायत पर्यटकलाई आर्थिक भार पुऱ्याउने गरी शुल्क लिइरहेको । | २०७४।१०।११ |
| ६८. | जिल्ला शिक्षा कार्यालय महोत्तरीका तत्कालीन जिल्ला शिक्षा अधिकारी रामवृक्ष साह र लेखापाल नन्दकुमार झाले अनियमितता र भ्रष्टाचारजन्य कार्य गरेको । | २०७४।१०।११ |
| ६९. | जिल्ला शिक्षा कार्यालय कालीकोटबाट वितरण गरिने दिवा खाजा तथा दलित छात्रवृत्ति रकम दुरुपयोग गरेको र महिला शौचालय तथा विद्यालय भवन निर्माणमा निकासा भए अनुसारको रकम भवन निर्माणमा खर्च नगरेको । | २०७४।१०।१५ |
| ७०. | जिल्ला वन कार्यालय, नवलपरासी अन्तर्गत कावासोती नगरपालिकास्थित ज्योतिकुञ्ज सामुदायिक वन लगायत जिल्लाका विभिन्न स्थानमा भएको तारबार तथा वृक्षरोपणको एउटै अवस्थामा पनि फरक-फरक इस्टिमेट तयार गर्ने गरेको तथा इस्टिमेटभन्दा फरक तरिकाले काम गरी अनियमितता गरेको । | २०७४।१०।१५ |
| ७१. | नेपालका मेडिकल कलेजहरू आवश्यक पूर्वाधार बिना नै संचालन भएको, गुणस्तर एकदमै न्यून रहेको, अध्यापक तथा विद्यार्थीहरू समेत भारतीय मूलका नक्कली हुने गरेको लगायत मेडिकल काउन्सिलको मिलेमतोमा मेडिकल कलेजहरूले अनियमितता गरेको । | २०७४।१०।१५ |
| ७२. | युनिभर्सल कलेज अफ मेडिकल साइन्स भैरहवा र नेसनल मेडिकल कलेज वीरगन्जले MD र MS पढ्नका लागि आउने विद्यार्थीहरूबाट नेपाल सरकारले तोकेको शुल्क रकमभन्दा बढी रकम लिएको । | २०७४।१०।१५ |
| ७३. | काठमाडौं जिल्ला धापासी गा.वि.स. स्थित कि.नं. २९२ र १३३ को क्षेत्रफल ७०७।०१ र १५९.३७ वर्गमिटर जग्गामा बनेको घर टहरा भक्तपुर बस्ने विनोद बस्नेत र बैंकका कर्मचारीको मिलोमतोमा कम मूल्यांकन गराई बिना जानकारी लिलाम बिक्री गर्न खोजेको । | २०७४।१०।२२ |
| ७४. | काठमाडौं उपत्यका विकास प्राधिकरणले काठमाडौं उपत्यकामा विस्तार सडकहरू गुणस्तरहीन रहेको र सडक विस्तार गर्दा काल्पनिक उपभोक्ता समिति गठन गरी | २०७४।१०।२२ |

| | | |
|---|---|---|
| | कामै नगरी भ्रष्टाचार गरेको । | |
| ७५. | काठमाडौं उपत्यका खानेपानी लिमिटेडमा अधिकृत (तह ७) पदमा कार्यरत रामचन्द्र ढकालले विज्ञापन नं. ९/७३/७४ पद सहायक प्रबन्धक (तह ८) प्रशासन सेवा, लेखा समूहमा बढुवा हुनका लागि पेस गरेको तालिमको प्रमाणपत्र नक्कली भएकोले छानबिन गरी आवश्यक कारबाही गरी पाउँ । | २०७४।१०।२२ |
| ७६. | अर्घाखाँची जिल्लाको ठाडा गा.वि.स. अन्तर्गत पर्ने गंगाखोला सिंचाइ आयोजनामा वर्षैपिच्छे लाखौं रकम आएको र कागजी काम गरी उपभोक्ता समितिले रकम खाएकोले सो को छानबिन गरी उचित सजाय गरी पाउँ । | २०७४।११।१४ |
| ७७. | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र भैंसेपाटी ललितपुरका कार्यकारी निर्देशक नारायण प्रसाद काफ्लेले वर्ल्डलिंक टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा. लि. का संचालक ठाकुर सुवेदीसँग मोटो रकम लिई एच.आई.भी. संक्रमित बहिर्गमनमा परेका महिलाहरूलाई आयमूलक र सीपमूलक तालिमका लागि यस क्षेत्रमा कामै नगरे तापनि फर्जी र नक्कली कागजातहरूका आधारमा वर्ल्डलिंक टेक्निकल ट्रेनिङ इन्स्टिच्युटलाई छनौट गरेको । | २०७४।११।१४ |
| ७८. | अनौपचारिक शिक्षा केन्द्र, सानोठिमी, भक्तपुरले आ.व. ०७०/०७१ मा प्रचार सामग्री, विकास सामग्री र प्रसारण, साक्षरता अभियानको प्रचार प्रसार, अध्ययन अनुसन्धान लगायत वैकल्पिक साक्षरता तथा स्रोत सामग्री विकास कार्यमा प्रचलित आर्थिक तथा सार्वजनिक खरिद ऐन नियमावली विपरीत कार्य गरी अनियमितता गरेको । | २०७४।११।१४ |
| ७९. | नेपाल एयर लाइन्स कर्पोरेसनले Y12 E Model र MA60 Model जहाज खरिदमा अनियमितता भएको । | २०७४।११।२५ |
| ८०. | जिल्ला अर्घाखाँचीस्थित सिमलापानी गा.वि.स को छेडा भन्ने स्थानमा रहेको विद्युत ट्रान्सफर्मरदेखि पावरा विक्रम हुँदै तोरीबारीसम्म हाइटेन्सन विद्युत लाइन विस्तार गर्ने कार्यमा विद्युत उपभोक्ता समितिका अध्यक्ष प्रेमबहादुर सारु, निर्माण व्यवसायी र वन उपभोक्ता समितिका अध्यक्षहरूको समेत मिलेमतोमा सम्झौता अनुसारको कार्य नगरी गुणस्तरहीन काम भएको । | २०७४।११।२५ |
| ८१. | सागुरी गाउँबेसी सामुदायिक वन उपभोक्ता समिति बेल्टार बसाह नगरपालिका, माडिवास, उदयपुरका अध्यक्ष राजकुमार राईसमेतले वन जंगलको काठ र भवन निर्माण लगायत विभिन्न शीर्षकको रकम हिनामिना गरेको । | २०७४।११।२५ |
| ८२. | भक्तपुर जिल्ला, कटुञ्जे गा.वि.स. वडा नं. २(क) कि.नं. ८० क्षे.फ. ०-१२-२-० को जग्गा मालपोत कार्यालय, भक्तपुरका कर्मचारीहरू समेतको मिलेमोतोमा कटुञ्जे बस्ने रामबहादुर थापाका नाममा दूषित दर्ता गरी अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेकाले छानबिन गरी कारबाही गरी पाउँ । | २०७४।११।२५ |
| ८३. | कृषि विकास कार्यालय, ससरीले आ.व. ०७०/०७१ मा विभिन्न आर्थिक अनियमितता गरेको र एक गाउँ एक उत्पादन कार्यक्रम अन्तर्गतको रकम हिनामिना गरेको। | २०७४।१२।१ |
| ८४. | घुघुरकोट मा.वि. अछामका प्र.अ. भक्तबहादुर खड्काले विद्यालयको रु. २,०४,०००।- रकम हिनामिना गरेको तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शंकर भुलको कार्यकालमा निज प्र.अ. भक्तबहादुर खड्काले रु. ३८,८६९।- रकम हिनामिना गरेको साथै जिल्ला शिक्षा कार्यालय अछामबाट उपलब्ध गराइएको छात्रवृत्ति रकम विद्यालयका छात्रछात्राहरूलाई वितरण नगरेको र विद्यार्थीहरूले आफैंले पुस्तक खरिद गर्दा समेत विद्यार्थीलाई पुस्तक खरिद बापतको रकम उपलब्ध नगराएको लगायतका विषयमा निजले करिब रु. ५,००,०००।- भन्दा बढी रकम हिनामिना गरी घुघुरकोट मा.वि. अछामलाई प्रत्यक्ष हानि नोक्सानी | २०७४।१२।१ |

| | | |
|---|---|---|
| | पुऱ्याएको । | |
| ८५. | सप्तरी जिल्ला लौनिया तिलाठी स्रोतकेन्द्र अन्तर्गत राष्ट्रिय प्राथमिक विद्यालय भेल्ही विषहरिया - ७, सप्तरीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापक समेतले विद्यालयमा अनियमितता गरेको । | २०७४।१२।१ |
| ८६. | साबिक ब्रम्हपुर गा.वि.स., सप्तरीका तत्कालीन सचिव रुन्दीलाल यादवले आ.व. ०६७।०६८ र ०६८।०६९ को सामाजिक सुरक्षा भत्ता वितरण गर्दा नागरिकता नम्बर अदलबदल गरी अनियमितता गरेको । | २०७४।१२।०१ |
| ८७. | तत्कालीन जिल्ला विकास समितिको कार्यालय, रौतहट, अन्तर्गत पथरा बुधराम गा.वि.स. मा अनुदान रकम तथा सामाजिक सुरक्षा भत्ता हिनामिना भएको । | २०७४।१२।१ |
| ८८. | जिल्ला विकास समितिको कार्यालय धनुषाबाट गाउँ विकास समितिको कार्यालय गिद्धा वडा नं. ९ तीनकोरिया चोकमा प्रसूति गृह निर्माण गर्दा अनियमितता भएको । | २०७४।१२।१ |
| ८९. | स्थानीय विकास मन्त्रालय, जिल्ला विकास समिति, पर्वत अन्तर्गत ए.डि.बि. लगायतका दातृ संस्थाहरूको सहयोगमा संचालित ग्रामीण पुनःनिर्माण तथा पुनःस्थापना आयोजना अन्तर्गत संचालित ४ वटा सडकहरू दोविल्ला-फलेवास, कुश्मा-दुर्लुङ, कार्किनेटा-लुङखु र चिसापानी हुवास सडकहरूको ठेक्कापट्टामा मिलोमतो भएको र निर्माणको गुणस्तर न्यून रहेको, बायो-इन्जिनियरिङका लागि विनियोजित रु.८० लाखको कामै नभएको । | २०७४।१२।८ |
| ९०. | बर्दिया जिल्ला ठाकुरबाबा नगरपालिका वडा नं. ३ बगनाहस्थित श्री चुरे माध्यमिक विद्यालयका प्रधानाध्यापक राजेशकुमार यादवले आ. ब. ०६८/०६९ को लेखापरीक्षण प्रतिवेदनमा चुरे क्याम्पसबाट रु. १२,४०,७४७।- पाउनुपर्ने भनी उल्लेख भएको रकम पछिल्लो आ.व.को लेखापरीक्षणमा उल्लेख नगरी रकमको हिनामिना गरेको, आ.व. ०६८/०६९, ०६९/०७० र ०७०/०७१ को परीक्षा खर्च अस्वाभाविक भएको, विद्यालय हाताभित्र रहेको ११ वटा सटरको भाडा चुरे क्याम्पसले असुलउपर गरी विद्यालयलाई हानि नोक्सानी गरेको, बेरुजु रकम फिर्ता नगरेको, चुरे क्याम्पसले चुरे विद्यालयको जग्गामा स्थायी प्रकृतिको संरचना निर्माण गरेको, लेखापरीक्षण शुल्क अस्वाभाविक देखिएको र विद्यालयको रकम हिनामिना गरी भ्रष्टाचार गरेको । | २०७४।१२।८ |
| ९१. | जुम्ला जिल्लास्थित कनकासुन्दरी गा.वि.स अन्तर्गत ४ (चार) वटा खानेपानी आयोजनाहरू ओखरपाटा, हाटसिंजा, साउवाडा र लेकपोर (टंगेनी), सामुदायिक खानेपानी तथा सर-सफाइ उप-आयोजनाहरूको काम नै पूरा नगरी प्राविधिक केदार थापा र आयोजनाका अध्यक्षहरू समेतको मिलेमतोमा भ्रष्टाचार र अनियमितता गरेको । | २०७४।१२।८ |
| ९२. | जिल्ला वन कार्यालय कन्चनपुर अन्तर्गत सेक्टर वन कार्यालय वाणी कन्चनपुरका स.व.अ. दिलीपकुमार यादवले वन अतिक्रमण नियन्त्रण नर्सरी निर्माण तथा व्यवस्थापन र बिरुवा उत्पादन लगायत कार्यक्रममा नक्कली बिल भर्पाइ बनाएको, ईँट्टा भट्टाबाट रकम उठाउने गरेको, सामुदायिक वनबाट रकम उठाउने गरेको । | २०७४।१२।१६ |
| ९३. | जिल्ला बाजुरा अवस्थित बडिमालिका मन्दिर व्यवस्थापनका लागि विनियोजित रकममा अनियमितता भएको साथै जिल्ला विकास समितिको कार्यालय बाजुराबाट संचालन भएका बडिमालिका मन्दिरदेखि कैलाशमाडौंसम्मको सिंढी निर्माण समेतका कार्यमा अनियमितता तथा हिनामिना गरेको । | २०७४।१२।१६ |
| ९४. | २०७२ सालको भूकम्पपीडितका लागि स्वदेशी तथा विदेशी मुलुकका विभिन्न कार्यालय, संस्था तथा व्यक्तिहरूबाट प्राप्त खाद्य, गैरखाद्य तथा नगद वितरण, भण्डारणको आम्दानी र खर्चको विवरण नराखेको । | २०७४।१२।१६ |

| | | |
|---|---|---|
| ९५. | जिल्ला सुर्खेत बिजौरा गा.वि.स. वडा नं. ८ स्थित श्री ग्वाड ग्वाडे सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष श्री दत्तबहादुर गुरुङले उक्त सामुदायिक वनको राष्ट्रिय वाणिज्य बैंक सुर्खेतमा रहेको खाताबाट आफूखुसी रकम निकाली रु. १,५०,०००।- समेत दुरुपयोग गरेको र बैंक खाता पारदर्शी नभएको, गैर सदस्यको नाममा समितिको खाता संचालन गरी रु. तीन लाखभन्दा बढी हिनामिना गरी भ्रष्टाचार गरेको । | २०७४।१२।१६ |
| ९६. | नेपाल विद्युत प्राधिकरणले आ.व. ०६७।६८ मा ठेकेदार JK (Group) Holding Co. Ltd., China बाट खरिद गरेका वितरण ट्रान्सफर्मरहरूमा Copper winding हुनुपर्नेमा सो को सट्टा Aluminum winding भएका ट्रान्सफर्मरहरू खरिद गरी भ्रष्टाचार गरेको । | २०७४।१२।१६ |
| ९७. | साबिक वीरगञ्ज उपमहानगरपालिका, पर्सामा कार्यरत सातौं तहका अधिकृत सन्तबहादुर बस्नेत समेतले नियम विपरीत आठौं तह (उपसचिव) सरह सुविधा लिएको एवं सोही नगरपालिकाको राजस्व शाखामा कार्यरत रहँदा अधिकृत सन्तबहादुर बस्नेतले राजस्व रकम हिनामिना गरेको । | २०७५।१।६ |
| ९८. | नवलपरासी जिल्ला सुनवल नगरपालिका वडा नं. ७ बस्ने मनोज विक्रम विष्टले २०६४ साल भाद्रमा स्याङ्जाबाट जारी भएको स्थायी अध्यापन अनुमतिपत्रको नक्कली प्रमाणपत्र बनाई लिई नवलपरासी जिल्ला सुनवल नगरपालिका वडा नं. ७ अन्तर्गत ज्योति उच्च मा.वि. मा अध्यापन गरी आएकोले छानबिन गरी कारबाही गरी पाउँ । | २०७५।१।६ |
| ९९. | सिन्धुपाल्चोक जिल्ला, चौतारास्थित जिल्ला अस्पताल भवन निर्माण गर्दा कम गुणस्तरको निर्माण गरेको कारण सो भवनमा क्षति पुगेको । | २०७५।१।१३ |
| १००. | जिल्ला सल्यान छत्रेश्वरी गाउँपालिका वडा नं.-६ (साबिक छायाक्षेत्र गाउँ विकास समिति-१) मा रहेको शंखमूल ग्रामीण सामुदायिक विद्युतीकरण तथा वितरण सामुदायिक संस्थाले सामुदायिक विद्युतीकरणका नाममा कोर्वाङ झिम्पे गा.वि.स.ले दिएको बजेट रकम रु.१०,००,०००।- विद्युतीकरणको कामै नगरी हिनामिना गरेको। | २०७५।१।१३ |
| १०१. | साबिक घोरेटा गा.वि.स., वडा नं. १, सुर्खेत, स्थित राम्री सामुदायिक वन उपभोक्ता समूहका तत्कालीन अध्यक्ष प्रेमबहादुर खत्रीले समूहको कोषको रु. २,१९,९००।- समूहको वन हेरालुको तलब भत्ता तथा समूह सञ्चालनको बहानामा समूहको खाताबाट रकम निकाली हिनामिना गरेको। | २०७५।२।३ |
| १०२. | गोरखकाली रबर उद्योग लिमिटेडका का.मु. महाप्रबन्धक दिनेश कुमार बडतौला लगायतका पदाधिकारीहरूले उद्योगमा कच्चा पदार्थ खरिदमा अनियमितता गरेको । | २०७५।२।३ |
| १०३. | राष्ट्रिय सतर्कता केन्द्रमार्फत दर्ता भएको राष्ट्रपति चुरे संरक्षण कार्यक्रम संचालनको क्रममा बारा र धनुषा जिल्लामा आ.व. २०६९/७० मा कर्मचारी काज/सरुवा गर्दा घुस रिसवत लिई नियम विपरीत गर्ने गरेको एवम् बजेट खर्च गर्दा अनियमित तवरले गरे गराएको । | २०७५।२।३ |
| १०४. | राष्ट्रभक्त नेपाली समेतको उजुरीले वादी नेपाल सरकार प्रतिवादी धुधर पासवान समेत भएको अनुसूची सच्याई मोहीहक कायम गरी भ्रष्टाचार गरेको। | २०७५।२।३ |
| १०५. | २०२२ सालमा सत्यलाल मुडवरीले दर्ता गराएर छाडेको बारा जिल्ला साबिक मनहर्वा-३ हाल हरैया-१ मा रहेको एक बिघाभन्दा बढी जग्गा झोरा काण्डका पीडित हेमबहादुर कार्की लगायतले २०३५ सालदेखि जोतभोग गर्दै आएकोमा सो जग्गा २०६८ साल जेठ २४ गते रामाश्रय कलवारले गा.वि.स सचिव सीताराम चौरसिया समेतको मिलेमतोमा आफ्नो नाममा दर्ता गराएको। | २०७५।२।३ |

| | | |
|---|---|---|
| १०६. | जिल्ला पर्सा, गम्हरिया गा.वि.स.का गा.वि.स. सचिव जयनारायण प्रसाद बरैले भ्रष्टाचारजन्य कार्य गरेउपर गा.वि.स. वासीले आयोगको हेटौंडास्थित कार्यालयमा उजुरी गरेकोमा निजलाई निलम्बन गरी निज उपर विशेष अदालतमा मुद्दा दर्ता भए पनि निजले भ्रष्टाचार गरेको भन्दा अत्यन्त कम रकम धरौटी राखी तारेखमा बसेको हुँदा पुनः विपक्षीले गरेको भ्रष्टाचारको विवरण खुलाई पठाएकोले भ्रष्टाचार गर्नेलाई अधिकतम दण्ड सजाय कैद गरी पाउँ । | २०७५।२।७ |
| १०७. | बर्दिया जिल्लाको पाताभार गाउँ विकास समितिका सचिव ठाकुर प्रसाद चौधरी समेतले गा.वि.स. को आन्तरिक आय र सामाजिक सुरक्षा भत्ता समेतमा नक्कली बिल भरपाई तथा सहीछाप लगाई रकम हिनामिना गरेको । | २०७५।२।७ |
| १०८. | सिंचाइ विभाग अन्तर्गतको पूर्वाञ्चल सिंचाइ विकास सब-डिभिजन कार्यालय नं.-४ सिराहाले चन्द अयोध्यापुरमा निर्माण भइरहेको मैनावती सिंचाइ आयोजनाको प्राविधिक परीक्षण गर्ने क्रममा मुख्य Structural भागहरूमा गरिएको Concreting मा Honey Combing देखिएको र प्राविधिक परीक्षकले ती Defect लाई "demolish the poor joint and remake again" भनी उल्लेख गरेको तर सामान्य तरिकाले Defect हरू सच्याइएको तथा यसरी सामान्य तरिकाले सच्याइएको RCC Structure ले Intended Strength नदिने भएकोले Design period (सामान्यतया RCC Structure को Design period ५० वर्ष) भरी ती Structure को Proper Functioning नहुने हुँदा उक्त आयोजनामा संलग्न पदाधिकारीलाई नियमानुसार कारबाही गर्न राष्ट्रिय सतर्कता केन्द्रबाट अनुरोध भई आएको उजुरी । | २०७५।२।७ |
| १०९. | जिल्ला स्वास्थ्य कार्यालय रसुवामा कार्यरत नारायणप्रसाद पौडेल समेतले आ.व. २०७०।०७१ मा राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा तालिममा रु. ३३ लाख विनियोजित भएकोमा तालिम तथा विभिन्न कार्यक्रमहरू गर्दै नगरी सि.अ.हे.व. नारायण प्रसाद पौडेलले जिल्ला स्वास्थ्य कार्यालय अन्तर्गत रहेका अस्पताल, स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकीहरूलाई दर्ता शुल्क बापत प्रदान गरिने अनुदान रकम लगायत दोहोरो दैनिक भ्रमण भत्ता समेत लिएर आर्थिक अनियमितता गरेको । | २०७५।२।७ |
| ११०. | वैदेशिक रोजगार विभागबाट ३० वर्षभन्दा कम उमेरका महिलाहरूलाई अनियमित तरिकाले साउदी अरब, कुवेत, कतार र दुबईमा रोजगारीका लागि श्रम स्वीकृति प्रदान गरी अनियमितता गरेको, त्यस्तै वैदेशिक रोजगार विभाग र म्यानपावर कम्पनीको मिलेमतोमा लेवनानको नक्कली भिसा बनाएर सिता राई र अमिता लामालाई दुवईमा घरेलु कामदारमा पुऱ्याएको । | २०७५।२।१७ |
| १११. | काठमाडौं जिल्ला, साबिक धापासी गा.वि.स. वडा नं. ७ स्थित नमुना टोल सुधार समितिको गेट अगाडि बनेको कालोपत्रे सडक गुणस्तरहीन बनेको । | २०७५।२।१७ |
| ११२. | सर्लाही जिल्ला, साबिक लौकट गा.वि.स.का सचिव मोहन रायले २०६५ सालमा जि.वि.स.बाट प्राप्त अनुदान रकम खाइमासी हिनामिना गरी भ्रष्टाचार गरेको । | २०७५।२।१७ |
| ११३. | वातावरण संरक्षण तथा विकास मञ्च ताप्लेजुङका चन्द्र प्रकाश भट्टराईले जिल्ला विकास समितिका कर्मचारी समेतको संलग्नतामा विभिन्न कार्यक्रममा अनियमितता गरेको । | २०७५।२।१७ |
| ११४. | तत्कालीन भगवानपुर गा.वि.स.का (हाल लुम्बिनी सांस्कृतिक नगरपालिका) गा.वि.स. सचिवले सार्वजनिक जग्गा नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याउने नियतले व्यक्तिका नाममा सिफारिस गरिदिएको । | २०७५।२।२१ |
| ११५. | काभ्रेपलाञ्चोक जिल्ला चौबास गा.वि.स. वडा नं. ७ स्थित धारापानी हिले सामुदायिक वन उपभोक्ता समूहका तत्कालीन अध्यक्ष इन्द्रबहादुर तामाङले पदमा बहाल रहँदा | २०७५।२।२१ |

| | | |
|---|---|---|
| | पदको दुरुपयोग गरी रकम हिनामिना गरेको । | |
| ११६. | जिल्ला खेलकुद विकास समिति, रोल्पाका जगबहादुर नेपालीले खेलकुदका लागि प्राप्त भएको रकम खेलकुद कार्यक्रममा खर्च नगरी अन्यत्र खर्च गरी अनियमितता गरेको । | २०७५।२।२१ |
| ११७. | रूपन्देही जिल्ला, साबिक गोनाहा गा.वि.स. वडा नं ४ स्थित, उमरविन खताव मदरसाका अध्यक्ष, अलाउद्दिन जोल्हाले आ.व. ०६६/०६७ देखि ०७०/०७१ सम्मको जि.शि.का., जि.वि.स. र गा.वि.स समेतवाट निकासा भएको रकम कुनै पनि काम नगरी अनियमितता गरेको । | २०७५।२।२१ |
| ११८. | जिल्ला शिक्षा कार्यालय नवलपरासी अन्तर्गत श्री वसन्त उच्च माध्यमिक विद्यालय बासा नवलपरासीमा विद्यालय भवन निर्माण गर्दा तथा शिक्षक नियुक्तिमा अनियमितता गरेको । | २०७५।२।२१ |
| ११९. | जिल्ला स्वास्थ्य कार्यालय, पर्वत अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा पठाएको नि-शुल्क केही औषधि कम गुणस्तरको रहेको, गाउँमा नपुग्दै कुहिने गरेको, म्याद सकिएको भएको भनी गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित उजुरी । | २०७५।२।२१ |
| १२०. | जिल्ला बर्दिया मगरागढी गा.वि.स.वडा नं.६ अन्तर्गत संचालित भानुभक्त माध्यमिक विद्यालयका तत्कालीन प्रधानाध्यापक सञ्जयकुमार झा २०६६ सालमा सरुवा भई गए पश्चात सूर्यबहादुर जी.सी. प्रधानाध्यापक भई काम गर्दै आउनुभएकोमा उक्त विद्यालयमा २०६५ सालदेखिको सम्पूर्ण हिसाब किताब जनाउने कागजहरू रहेको दराज नखोलिएको हालसम्म बरबुझारथ नभएको, विद्यालयको हाताभित्र रहेको स्कुलको परिधिभित्र रहेका काठहरू हिनामिना भएको, स्कुलको जग्गा करिब २ बिघामा लगाइएको धान, गहुँको हिसाब किताब नभएको हुँदा सोको कारबाहीका लागि समय समयमा जिल्ला शिक्षा कार्यालय बर्दियामा जानकारी गराउँदासमेत कुनै पहल नभएको । | २०७५।२।२१ |
| १२१. | नेपाल प्रहरी अस्पताल महाराजगञ्ज काठमाडौंबाट आ.व.०७२।०७३ (२०७२ माघ १ गतेदेखि २०७३ पौष मसान्त सम्म) का लागि बिरामी रासन आपूर्तिसम्बन्धी बोलपत्र आह्वान भई दर्ता भएका ९ वटा बोलपत्र खोलुवा हुँदा सबैभन्दा कम दर रेट कबोल गर्ने किरण सप्लायर्सको ग्यास बाहेकको दररेट रु. १६०।१२ पैसालाई बढाई पाना परिवर्तन गरी संशोधन गरी रु. १७५।५२ पैसाको सूचना प्रकाशित ठेक्का संचालन गर्ने स्वीकृति दिइएको। | २०७५।२।२५ |
| १२२. | मिति २०७०।९।१८ गते जिल्ला सर्लाही मानपुर गा.वि.स. वडा नं. १ स्थित श्री सरस्वती सामुदायिक प्राथमिक विद्यालयसमेतको स्थलगत अनुगमनका क्रममा सो विद्यालय सञ्चालनमा नरहेको, भवन निर्माणका लागि रु.३,००,०००।- निकासा भएको भए तापनि पूर्वाधार नभएको । | २०७५।२।२५ |
| १२३. | भूकुटीमण्डपमा रहेको नेपाल राष्ट्रिय जातीय संग्रहालयका अध्यक्ष बमकुमारी बुढा र कोषाध्यक्ष सन्तबहादुर चेपाङ मिलेर चेक निकाली लाख लाख हिनामिना गरेको । | २०७५।२।२५ |
| १२४. | नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक (एस.एस.पी.) रविराज श्रेष्ठले आफ्ना सवारी चालक सोवितबहादुर कार्की तथा भारतीय नागरिक विनोद सोनी समेतको मिलेमतोमा विभिन्न देशको विदेशी मुद्रा अवैध कारोबार गर्ने कार्यमा संलग्न भएको । | २०७५।२।२५ |
| १२५. | बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् जनकपुरको यात्री निवास भवनको छत मर्मत तथा रंगरोगन र निर्माण कार्य गर्दा परिषद्को अध्यक्षको स्वीकृति लिई कार्यालय प्रमुखले सिलबन्दी दरभाउबाट गर्नुपर्नेमा तत्कालीन निर्देशक उमेशकुमार यादवले अख्तियारको दुरुपयोग गरी ठूलो योजना तथा कार्यक्रमसमेतलाई कोटेसनमा दिने | २०७५।२।२५ |

| | | |
|---|---|---|
| | कार्य गरी भ्रष्टाचार गरेको । | |
| १२६. | डोटी जिल्ला अन्तर्गत खसड पर्यटन विकास समिति सिलगढी डोटीका कार्यकारी निर्देशक समेतले खानेपानी आपूर्तिका लागि निकासा भएको रकम कामै नगरी नक्कली बिल राखी रकम निकाली अनियमितता गरेको । | २०७५।२।३१ |
| १२७. | रौतहट जिल्लाको साबिक खेसरहिया गाविस (हाल माधवनारायण गाउँपालिका वडा नं. २) का तत्कालीन निमित्त गाविस सचिव (कार्यालय सहायक, रा.प.अनं, द्वितीय) मनोज झाले गाविसमा प्राप्त अनुदान रकम हिनामिना गरेको । | २०७५।२।३१ |
| १२८. | श्री ३ चन्द्र माध्यमिक विद्यालय कलैया, बाराका प्राचार्य सुरेन्द्र पाण्डेयले विद्यालयको चार कोठे भवन, छात्रा शौचालय र ब्लक सेड भवन निर्माण गर्दा कमसल सामग्री प्रयोग गरी अनियमितता गरेको, विद्यालयमा विज्ञान प्रयोगशाला र कम्प्युटर खरिद बापतको रकमबाट सो कार्य नगरी रकम हिनामिना गरी भ्रष्टाचार गरेको । | २०७५।२।३१ |
| १२९. | नेपाल आउने अन्तर्राष्ट्रिय जहाजहरूलाई भूमिस्थ सेवा (Ground Handling) शुल्क लिंदा कसैलाई बढी र कसैलाई घटी रकम असुल गरी अनियमितता गरेको । | २०७५।२।३१ |
| १३०. | जिल्ला सुर्खेत साबिक बावियाचौर गा.वि.स. वडा नं.१ स्थित कालढुङ्गी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष चक्रबहादुर सिंह र सचिव मन सुनारले सामुदायिक वन उपभोक्ता समूहको वाणिज्य बैंक सुर्खेतमा रहेको खाता नं. ९९६७ बाट पटक पटक गरी अन्दाजी रु. ९,००,०००।- लिई विभिन्न व्यक्तिहरूलाई रकम वितरण गरेको नक्कली भरपाई तयार गरी रकम हिनामिना गरेको । | २०७५।३।७ |
| १३१. | जलेश्वर नगरपालिकाको कार्यालय, महोत्तरीले पशुवधशाला भवन निर्माण तथा बरुणसर पोखरी ठेक्कामा लगाउँदा अनियमितता एवं भ्रष्टाचार भएको । | २०७५।३।७ |
| १३२. | BDS कार्यक्रम समेत सञ्चालन गर्न नसकी असफल भएको People's Dental College & Hospital Pvt. Ltd., नयाँ बजार काठमाडौंलाई मापदण्डविपरीत तोकिएको पूर्वाधार पनि नभएको अवस्थामा शिक्षा मन्त्रालय, मेडिकल काउन्सिल र त्रिभुवन विश्वविद्यालयका उच्च पदाधिकारीहरूको मिलेमतोमा MBBS कार्यक्रम सञ्चालनका लागि LOI समेत दिइसकेको । | २०७५।३।७ |
| १३३. | महोत्तरी जिल्लास्थित साबिक नमुना गा.वि.स. गौशालामा कृषि बजार संचालन एवं व्यवस्थापनका लागि बजार सेड निर्माण, शौचालय विस्तार र अन्य सुविधा निर्माण कार्यका लागि जिल्ला कृषि विकास कार्यालय, महोत्तरी र कृषि उपज बजार पूर्वाधार निर्माण उपभोक्ता समिति, गौशालाबीच कबुलियतनामा भई काम थालनी भएकोमा उपभोक्ता समितिका अध्यक्ष वीरेन्द्रकुमार साह र कोषाध्यक्ष फिरन मण्डलले उपभोक्ता समितिको निर्णयबिना नै जथाभावी लगत स्टिमेट विपरीत भुक्तानी कार्य गरी भ्रष्टाचार गरेको । | २०७५।३।१४ |
| १३४. | त्रिभुवन विश्वविद्यालय, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान रामपुर, चितवनका तत्कालीन क्याम्पस प्रमुख प्रा.डा. ईश्वरीप्रसाद ढकाल र रजिष्टार प्रा.डा. भीमराज अधिकारीले आर्थिक भ्रष्टाचार र प्रशासनिक अनियमितता गरेको । | २०७५।३।२१ |
| १३५. | दुग्ध विकास संस्थान अन्तर्गत दुग्ध वितरण आयोजना जनकपुरका सिनियर टेक्निकल अफिसर महेन्द्र यादव र हेटौंडा दुग्ध वितरण अयोजनाका वरिष्ठ खजाञ्ची सहायक उद्धव विक्रम देवकोटाले दुग्धजन्य पदार्थ बिक्रीबाट प्राप्त रकम समयमा दाखिला नगरी हिनामिना गरेको । | २०७५।३।२१ |
| १३६. | नेपाल विद्युत प्राधिकरण, विराटनगर वितरण केन्द्रमा विद्युत मिटर जडान, रिडिङ र ठाउँसारीमा अनियमितता गरेको तथा ट्रान्सफर्मर लगायतका सामानहरूको मर्मत गरेको भनी नक्कली बिल पेस गरी सरकारी रकम हिनामिना गरेको । | २०७५।३।२१ |

| | | |
|---|---|---|
| १३७. | कालिका थोदुङ जे.भी.(ठेक्का नं. **CAAN/AED/RCP/Asphalt Concrete/070-071/01)** ले रामेछाप जिल्लास्थित मन्थली विमानस्थलको धावन मार्ग गुणस्तरहीन सामग्री प्रयोग गरी निर्माण गरी अनियमितता गरेको । | २०७५।३।२१ |
| १३८. | जिल्ला नवलपरासी गुठी प्रसौनी गा.वि.स. वडा नं. ७ मा रहेको खेल मैदान ताबार उपभोक्ता समितिका अध्यक्ष अनिल राजभर समेतले निर्माण कार्यको लागि जिल्ला खेलकुद परिषद् नवलपरासीबाट रु. ५,००,०००।- लिएको सो रकम दुरुपयोग गरी इस्टिमेट अनुसारको कुनै पनि काम नगरी फर्जी बिल भौचर पेस गरेको । | २०७५।३।२१ |
| १३९. | मिति २०७४।१०।२ गतेका दिन पासपोर्ट नं. ०७३०५१४४ की पलिस्था शाक्यले वैदेशिक रोजगारका लागि वैदेशिक रोजगार विभाग, काठमाडौं कार्यालय, ताहाचलबाट अनधिकृत रूपमा श्रम स्वीकृति लिएको। | २०७५।३।२८ |
| १४०. | बालाजु औद्योगिक क्षेत्रभित्र संचालित नेपाल व्याट्री कम्पनीको नाममा रहेको भवन लगायतका सम्पत्ति लिलाम बिक्री गर्नुपर्नेमा नगरी सिधै संचालक समितिबाट बहुमतका आधारमा निर्णय गरी कन्टिनेन्टल प्रा.लि. लाई बिक्री गरी सरकारी सम्पत्ति हिनामिना गरेको । | २०७५।३।२८ |

तपसिल बमोजिमका राष्ट्रसेवक कर्मचारीहरूले स्रोत नखुलेको सम्पत्ति आर्जन गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा आम्दानीका वैध स्रोतबाट प्राप्त रकमको अनुपातमा निजहरूले आर्जन गरेको चल अचल सम्पत्ति तथा अन्य खर्चहरू कम भएको खुल्न आएकाले पछि अन्य थप प्रमाण प्राप्त हुन आएमा सोही बखत पुनः अनुसन्धान लगायत कानूनबमोजिम कारबाहीहरू हुने नै हुँदा हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ को उपदफा (१२) बमोजिम देहायका व्यक्तिहरूको अनुसन्धान कारबाही तामेलीमा राखिएको ।

| सि.नं. | आयोगको निर्णय मिति | नाथ, थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १. | २०७४।४।१२ | जीवनकुमार थापा | सशस्त्र प्रहरी नायब महानिरीक्षक (अवकाश) | सशस्त्र प्रहरी बल, नेपाल |
| २. | २०७४।४।१२ | तुलसीराम सेडाईं | प्रमुख कर अधिकृत (उपसचिव) | आन्तरिक राजस्व कार्यालय धरान |
| ३. | २०७४।४।१६ | इच्छा राज तामाङ | माननीय सदस्य | व्यवस्थापिका संसद |
| ४. | २०७४।४।१६ | दीपककुमार सिंह | निर्देशक | राष्ट्रिय प्रकृति संरक्षण कोष |
| ५. | २०७४।४।१९ | दीपक कुमार पोखरेल | खरिदार | जिल्ला प्रशासन कार्यालय झापा |
| ६. | २०७४।४।१९ | छविराज पन्त | पूर्व माननीय मन्त्री | नेपाल सरकार |
| ७. | २०७४।५।१ | म. अफताब आलम | सभासद तथा पूर्व मन्त्री | नेपाल सरकार |
| ८. | २०७४।५।५ | भवीन्द्रबहादुर मल्ल | उप अनुसन्धान निर्देशक (अवकाश) | राष्ट्रिय अनुसन्धान विभाग |
| ९. | २०७४।५।५ | श्रीपती झा | वरिष्ठ निरीक्षक (अवकाश) | नेपाल गुणस्तर तथा नापतौल कार्यालय, पर्सा |
| १०. | २०७४।५।५ | देवकला भण्डारी | तत्कालीन महानिर्देशक | आयुर्वेद विभाग, काठमाडौं |
| ११. | २०७४।५।५ | सत्य नारायण शर्मा | खरिदार (अवकाश) | जिल्ला जन-स्वास्थ्य कार्यालय, सप्तरी |
| १२. | २०७४।५।५ | केदारबहादुर बोगटी | तत्कालीन महानिर्देशक | वैदेशिक रोजगार विभाग, काठमाडौं |
| १३. | २०७४।६।९ | रामजी रेग्मी | संचालक समिति सदस्य | नेपाल राष्ट्र बैंक |
| १४. | २०७४।६।९ | प्रा. डा. हिराबहादुर महर्जन | पूर्व उपकुलपति | त्रिभुवन विश्वविद्यालय |

| | | | | |
|---|---|---|---|---|
| १५. | २०७४।६।९ | विजयलाल कायस्थ | प्रहरी अतिरिक्त महानिरीक्षक | नेपाल प्रहरी |
| १६. | २०७४।६।२६ | दीपबहादुर अधिकारी | तत्कालीन नायब सुब्बा | राजस्व अनुसन्धान क्षेत्रीय कार्यालय, पथलैया |
| १७. | २०७४।६।२६ | तीर्थराज खनाल | तत्कालीन निर्देशक | राजस्व अनुसन्धान विभाग |
| १८. | २०७४।७।१६ | प्रा.डा.शरदराज वन्त | सहायक डिन | त्रि.वि. शिक्षण अस्पताल |
| १९. | २०७४।७।१६ | सूर्यप्रसाद गौतम | सह सचिव | शिक्षा मन्त्रालय |
| २०. | २०७४।७।१६ | रामप्रसाद रिमाल | सहायक प्रशासकीय अधिकृत | नेपाल विद्युत प्राधिकरण |
| २१. | २०७४।७।१६ | बलिराम प्रसाद तेली | तत्कालीन प्रशासक | गुठी संस्थान |
| २२. | २०७४।७।२७ | बज्रकिशोर यादव | तत्कालीन सह-सचिव | वन तथा भू-संरक्षण मन्त्रालय |
| २३. | २०७४।८।७ | डा.जय बहादुर टण्डन | पूर्व सदस्य सचिव | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद |
| २४. | २०७४।८।७ | प्रेमप्रसाद खनाल | वन अधिकृत | जिल्ला वन कार्यालय, नुवाकोट |
| २५. | २०७४।९।६ | राजन बि.सी. | कर अधिकृत | अर्थ मन्त्रालय |
| २६. | २०७४।९।६ | हिराबहादुर गिरी | प्रहरी नायब उपरीक्षक | प्रहरी प्रधान कार्यालय |
| २७. | २०७४।९।६ | विश्वबन्धु रेग्मी | शाखा अधिकृत | स्वास्थ्य सेवा विभाग |
| २८. | २०७४।९।२० | रामबहादुर थापा | वरिष्ठ इन्जिनियर | काठमाडौं महानगरपालिका |
| २९. | २०७४।९।२० | रामप्रसाद बेल्वासे | प्रशासकीय अधिकृत | सिंहदरबार सचिवालय पुनः निर्माण समिति |
| ३०. | २०७४।१०।३ | गजेन्द्रकुमार ठाकुर | सचिव | खानेपानी तथा सरसफाइ मन्त्रालय |
| ३१. | २०७४।१०।३ | उद्धवप्रसाद तिमल्सेना | तत्कालीन प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, बझाङ |
| ३२. | २०७४।१०।३ | वसन्त आचार्य | वरिष्ठ कानून अधिकृत | काठमाडौं महानगरपालिका |
| ३३. | २०७४।१०।१५ | अर्जुन खतिवडा | शाखा अधिकृत | वैदेशिक रोजगार विभाग, काठमाडौं |
| ३४. | २०७४।१०।२२ | उपेन्द्रकान्त अर्याल | तत्कालीन प्रहरी महानिरीक्षक | नेपाल प्रहरी |
| ३५. | २०७४।१०।२२ | टेकबहादुर अर्याल | प्रमुख भन्सार अधिकृत | त्रिभुवन विमानस्थल भन्सार कार्यालय (हाल मेची भन्सार कार्यालय) |
| ३६. | २०७४।१०।२२ | शैलेन्द्रप्रसाद सिंह | नापी अधिकृत | नापी विभाग, काठमाडौं |
| ३७. | २०७४।१०।२२ | विकल पौडेल | कार्यकारी निर्देशक | राष्ट्रिय सूचना प्रविधि केन्द्र (हाल सुरक्षण मुद्रण केन्द्र) |
| ३८. | २०७४।१०।२२ | शम्भु कोइराला | सचिव | भूमिसुधार तथा व्यवस्था मन्त्रालय |
| ३९. | २०७४।१०।२२ | डा. अनिल कुमार झा | तत्कालीन सदस्य | नेपाल मेडिकल काउन्सिल |
| ४०. | २०७४।११।२५ | आभूषण तिम्सिना | प्रहरी नायब उपरीक्षक | नेपाल प्रहरी |
| ४१. | २०७४।११।२५ | सुन्दर खनाल | इन्जिनियर | पुरातत्त्व विभाग, काठमाडौं |
| ४२. | २०७४।१२।१ | ब्रजभूषण चौधरी | निमित्त उप कार्यकारी निर्देशक | नेपाल विद्युत प्राधिकरण |

| | | | | |
|---|---|---|---|---|
| ४३. | २०७४।१२।१ | राजेन्द्र थापा | तत्कालीन निर्देशक | औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड |
| ४४. | २०७४।१२।८ | रमेश कुमार श्रेष्ठ | कार्यकारी निर्देशक | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र |
| ४५. | २०७४।१२।८ | बिन्दुप्रसाद गुरागाईं | तत्कालीन भूमिसुधार अधिकृत | भूमिसुधार कार्यालय, ससरी |
| ४६. | २०७५।१।६ | सुरेन्द्रप्रसाद पाण्डे | पूर्व मन्त्री | नेपाल सरकार |
| ४७. | २०७५।१।६ | डा. ध्रुवकुमार उप्रेती | परीक्षा डिन | बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान |
| ४८. | २०७५।२।३ | राधारमण प्रसाद शाह तेली | तत्कालीन महानिर्देशक | औषधि व्यवस्था विभाग |
| ४९. | २०७५।२।७ | राजीव मण्डल | तत्कालीन सि. डि. ई. | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं. ३, बारा |
| ५०. | २०७५।२।७ | विष्णु नेपाल | कार्यकारी निर्देशक | नेपाल राष्ट्र बैंक |
| ५१. | २०७५।२।१७ | बासुदेव पोखरेल | तत्कालीन मेकानिकल इञ्जिनियर | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| ५२. | २०७५।२।१७ | अब्दुल कलाम खाँ | सह सचिव | गृह मन्त्रालय |
| ५३. | २०७५।२।२१ | विनोद लामिछाने | निर्देशक | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग |
| ५४. | २०७५।२।२५ | विज्ञानप्रसाद श्रेष्ठ | आयोजना प्रमुख | माथिल्लो तामाकोशी जलविद्युत आयोजना |
| ५५. | २०७५।२।२५ | शम्भुप्रसाद चौरसिया | तत्कालीन जिल्ला वन अधिकृत (अवकाश) | जिल्ला वन कार्यालय, सुर्खेत |
| ५६. | २०७५।२।३१ | उत्सव कोइराला | सहायक प्रबन्धक | नेपाल विद्युत प्राधिकरण |
| ५७. | २०७५।३।७ | राज कुमार गोइत | प्रमुख | जिल्ला प्राविधिक कार्यालय, राजविराज । |
| ५८. | २०७५।३।२१ | शशिशेखर श्रेष्ठ | तत्कालीन प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, ललितपुर |
| ५९. | २०७५।३।२१ | टेकप्रसाद रेग्मी | शाखा अधिकृत | नेपाल खाद्य संस्थान मुगु |
| ६०. | २०७५।३।२८ | हरिवीर सिलवाल | इन्जिनियर (सातौं तह) | नेपाल विद्युत प्राधिकरण |
| ६१. | २०७५।३।२८ | प्रा. डा. राधाकृष्ण खेरवार | तत्कालीन डिन | पूर्वाञ्चल विश्वविद्यालय |
| ६२. | २०७५।३।२८ | अम्मरराज खैर | निमित्त प्रबन्ध संचालक | कृषि सामग्री कम्पनी लिमिटेड |

**२.९.२ मुल्तबी**

आयोगमा पर्न आएका उजुरीहरूमध्ये आर्थिक वर्ष २०७४/०७५ मा देहायका उजुरीहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम १० को उपनियम (२) बमोजिम मुल्तबीमा राखिएको छ ।

| क्र.सं. | उजुरीको व्यहोरा | मुल्तबी निर्णय मिति |
|---|---|---|
| १. | ससरी जिल्ला बकधुवा गा.वि.स. वडा नं. ६ को कि.नं. १ र २ को जग्गा सम्बन्धमा सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा नै अदालतको फैसला बिना विविध प्रक्रिया अपनाई कि.नं. १/१५७ लाई ६ वटा कित्तामा टुक्रा पारी कि.नं.१८५ र १८६ निवेदक सुरज सिंह दनुवारको नाममा दर्ता गरिदिएको । | २०७४।४।१२ |

| | | |
|---|---|---|
| २. | तत्कालीन एच. एण्ड वि. बैंक (पछि सोसाइटी डेभलपमेन्ट बैंक र हाल लुम्बिनी विकास बैंक) कुलेश्वर शाखाले गुड फर पेमेन्ट चेकको भुक्तानी नदिई अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट छानबिन हुँदा एच. एण्ड वि. बैंक कुलेश्वर शाखाले गुड फर पेमेन्ट मार्क गरेका विभिन्न चेकहरूको भुक्तानीमा अनियमितता गरेको । | २०७४।५।२६ |
| ३. | काठमाडौं महानगरपालिका वडा नं. ३२ स्थित दमयन्ता देवी श्राद्ध गुठीको जग्गामा गुठी संस्थानबाट नक्कली मोही कायम गरेको र साङ्ला गा.वि.स. वडा नं. ९ स्थित नेपाल सरकारका जग्गाहरू नरदेवी श्वेतकाली सुनछाना गुठीको नाममा दर्ता गरेको । | २०७४।८।७ |
| ४. | मिति २०६९।९।२८ का दिन का.म.न.पा. बालाजुस्थित गणेश राईस मिलबाट १११ बोरा चामल लोड गरी सो चामलभित्र लुकाई छिपाई प्याक गरी राखेको अवस्थामा ककनी प्रहरी चौकीबाट गाडीसहित अवैध बाघको छाला थान ५ र बाघको हाडहरू भएको बोरा थान ७ बरामद गरी जिल्ला वन कार्यालय नुवाकोट पठाएको । मिति २०६९।९।२९ गते प्रहरीबाट थप अनुसन्धानको क्रममा का.म.न.पा.-६ तीनचुली बौद्ध बस्ने लोडुडिमेको घर खानतलासी गर्दा निजको घरबाट थप छाला जडित कपडा, हाडजन्य वस्तुहरूका साथै ठूलो परिमाणमा नेपाली तथा विदेशी मुद्रा बरामद भएको विषयमा जिल्ला वन कार्यालय नुवाकोटका तत्कालीन जिल्ला वन अधिकृत प्रेमप्रसाद खनाल र वन विभागका महानिर्देशक बज्र किशोर यादवसमेतको मिलेमतोमा छाडिदिएको । | २०७४।८।१९ |
| ५. | जिल्ला कास्की, साबिक पोखरा उपमहानगरपालिका वडा न. १८ कि.न. ५९, ६०, ६१ र ६३ को पश्चिमतर्फ खोल्सीको डिल सार्वजनिक पर्ती गौचर जग्गा रत्नकुमारी शाह समेतले आफ्नो नाउँमा गरेकोले बिना प्रमाण दर्ता गर्ने मालपोत कार्यालय र रत्नकुमारी शाहलाई कारबाही गरी पाउँ । | २०७४।९।६ |
| ६. | सरकारी छाप, लेटर प्याड, किर्ते गरी नक्कली निर्णयबाट नक्कली प्रतिनिधि बनी साबिक लेखनाथ नगरपालिका वडा नं. २ को कि.नं. २२६१ को प्रेमकुमारी शाहीका नाममा अस्थायी निस्सा रहेको घडेरी जग्गा अर्कैलाई बिक्री गरेको । | २०७४।१०।१५ |
| ७. | नेपाल विद्युत प्राधिकरणले ठेकेदार SVR Electricals Pvt. Ltd., India बाट वितरण ट्रान्सफर्मर खरिद गर्दा भ्रष्टाचार गरेको । | २०७४।१०।२२ |
| ८. | साझा यातायात सहकारी संस्था लिमिटेड ललितपुरका अध्यक्ष कनकमणि दीक्षितले सार्वजनिक पदको दुरुपयोग गरी गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको । | २०७४।१२।८ |
| ९. | ऊर्जा सचिव अनुपकुमार उपाध्यायले ६५० मेगावाट क्षमताको तामाकोशी-३ जलविद्युत आयोजनाको सर्वेक्षण अनुमतिपत्र कानून विपरीत टि.बी.आई. होल्डिङस् कम्पनीलाई दिएको । | २०७५।२।३१ |
| १०. | काठमाडौं महानगरपालिका वडा नं. ३२, घट्टेकुलोस्थित काठमाडौं नेसनल मेडिकल कलेजले अपार्टमेन्टको स्वीकृति लिई अपार्टमेन्ट निर्माण सम्पन्न भएपछि मापदण्ड विपरीत काठमाडौं उपत्यका विकास प्राधिकरणका संयोजक भाइकाजी तिवारी समेतको मिलेमतोमा प्रस्तावित मेडिकल कलेज संचालन गर्न लागेको भन्ने समेत । | २०७५।३।२८ |

# परिच्छेद- ३
## भ्रष्टाचार नियन्त्रणका निरोधात्मक र प्रवर्द्धनात्मक प्रयासहरू

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारजन्य क्रियाकलापमा संलग्नलाई कानूनबमोजिम विशेष अदालतमा मुद्दा दायर गर्ने उपचारात्मक कार्यका अलावा भ्रष्टाचार रोकथामका उपायहरू र भ्रष्टाचार विरोधी जनमत बढाउने काम पनि सँगसँगै गर्दै आएको छ । आयोगको संस्थागत रणनीति (सन् २०१४-२०१९) ले निरोधात्मक र प्रवर्द्धनात्मक रणनीतिलाई आत्मसात गरेको छ । यस कार्यलाई अझ प्रभावकारी बनाउन आयोगले निरोधात्मक र प्रवर्द्धनात्मक अवधारणापत्र, २०७४ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । उक्त अवधारणापत्र सरोकारवाला निकायहरूलाई समेत उपलब्ध गराई सम्बन्धित कार्य आफ्नो कार्यक्रम र बजेटमा समावेश गरी कार्यान्वयन गर्न अनुरोध समेत गरिसकेको छ ।

आयोगले आर्थिक वर्ष २०६४/६५ देखि सामुदायिक शिक्षा कार्यक्रमलाई हालसम्म निरन्तरता दिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ख. को उपदफा (२) मा निरोधात्मक उपायहरूको खोजी, अनुसन्धान र विकास तथा तत्सम्बन्धमा जानकारी अभिवृद्धि गर्न आयोगले आवश्यक ठानेका प्रवर्द्धनात्मक कार्यहरू गर्न सक्ने व्यवस्थाबमोजिम यस प्रकारका कार्यक्रमहरूलाई महत्व दिई सञ्चालन गर्दै आएको छ ।

आयोगले भ्रष्टाचार हुनै नदिने, भ्रष्टाचार र अनियमितताको सूचना, जानकारी वा अनुमान भएमा खबरदारी गर्ने, सजग गराउने, ध्यानाकर्षण गराउने लगायतका निरोधात्मक उपायहरूको अवलम्बन गर्दै आएको छ भने भ्रष्टाचारविरुद्ध जनमत सिर्जना गर्ने, जानकारीमूलक सूचनाहरू सम्प्रेषण गर्ने, भ्रष्टाचारविरुद्ध शिक्षा प्रदान गर्ने लगायतका प्रवर्द्धनात्मक उपायहरूको अवलम्बन पनि सँगसँगै गर्दै आएको छ । खास गरेर आयोगका कार्यालयहरूबाट विभिन्न लक्षित समूहहरू जस्तै जनप्रतिनिधि, कर्मचारी, पत्रकार, नागरिक समाजका प्रतिनिधिहरूसँग भ्रष्टाचारविरुद्ध सहकार्य स्थापना गर्न र सचेतना अभिवृद्धि गर्न अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्दै आएकोछ । यसैगरी विद्यार्थीहरूलाई भ्रष्टाचारविरुद्ध क्रियाशील बनाउनु, स्थानीय तहका जनप्रतिनिधिहरूलाई अभिमुखीकरण, भावी पुस्तामा सदाचारिताको विकास गर्न र भ्रष्टाचाररहित भविष्य निर्माणमा सघाउ पुऱ्याउन विद्यालयस्तरमा सामुदायिक शिक्षा कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

नीति निर्माण तहदेखि कार्यान्वयन तहसम्मका पदाधिकारी/कर्मचारीहरूमा सार्वजनिक सरोकारका विषयमा स्वच्छता, प्रभावकारिता र पारदर्शिता कायम गरी गुणस्तरीय सेवाप्रवाह र आयोजना व्यवस्थापन गर्नका लागि छलफल, समन्वय र सहकार्यलाई निरन्तरता दिइएको छ । भ्रष्टाचार नियन्त्रणका लागि नेपाल सरकारलाई नीतिगत, प्रक्रियागत, कार्यक्रमगत एवं सेवा प्रदायक कर्मचारीको व्यवहार र आचरणमा सुधारका उपायहरूसहितको राय सुझावहरू वार्षिक प्रतिवेदनमार्फत प्रस्तुत गरिँदै आएको छ । आयोगको निर्णय र सुझाव कार्यान्वयनका लागि समय समयमा आयोगमा सरोकारवाला पदाधिकारीहरूसँग समन्वय तथा सहजीकरण बैठक तथा छलफलको आयोजना नियमित रूपमा गरिँदै आएको छ ।

भ्रष्टाचार र अनियमितता बढी हुने निकायहरूमा आयोगमा परेको उजुरीसमेतको आधारमा भ्रष्टाचारको जोखिमपूर्ण क्षेत्रहरूमा नियमित निगरानी बढाइएको छ । यस्ता क्षेत्रहरूबाट भ्रष्टाचारमा संलग्न हुने व्यक्तिहरूलाई आयोगले रङ्गेहात पक्राउ गरी कारबाहीका लागि विशेष अदालतमा मुद्दा दायर गरिएका छन् । सेवाप्रवाहको गुणस्तर सुधारका लागि अन्तर निकायबीच सहयोग, समन्वय र सहकार्यका लागि आयोगले जोड दिई सरोकारवाला निकायबीच आवश्यक सहजीकरणसमेत गर्दै आएको छ । यस प्रकारका क्रियाकलापले सेवाको गुणस्तर अभिवृद्धि गर्न र पूर्वाधार निर्माणलाई समयमा तोकिएबमोजिम सम्पन्न गर्न समन्वयकारी भूमिका निर्वाह गर्न आयोग तत्पर रहेको प्रमाणित हुन्छ । आयोगले निर्णय गरी कार्यान्वयनका लागि पठाइएका विषयहरूको आयोगमा नियमित समीक्षा हुने गरेको छ । भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रवर्द्धनका खातिर आयोग संसद, सरकार तथा अन्य सरकारी तथा गैरसरकारी निकायहरूसँग सहकार्य गर्न सदैव खुला रहेको छ ।

समयमा निर्णय नगर्ने, समन्वय नगर्ने र जिम्मेवारी बोध नगर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न आयोग हरदम प्रयासरत छ । संघीयताको मूल मर्म नागरिकको ढोकामा सेवा प्रवाह गर्ने र नागरिकले आफ्नो सरोकारको विषयमा सहभागी हुन पाउने अधिकारको सम्मान गर्न जनप्रतिनिधि एवं कर्मचारी दुवै संवेदनशील बन्नुपर्ने सन्देश आयोगले निरन्तर दिँदै आएको छ ।

खास गरेर स्थानीय तहलाई संवैधानिक रूपमा प्राप्त अधिकारको प्रयोग गर्दा भ्रष्टाचार र अनियमितता नहोस् भन्ने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँगको सहकार्यमा २०७४ चैतदेखि २०७५ जेठसम्म ७५३ वटै स्थानीय तहका जनप्रतिनिधि तथा प्रमुख प्रशासकीय अधिकृतसमेतको सहभागितामा विभिन्न चरणमा १४ वटा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ । यस प्रकारका कार्यक्रमलाई अझै निरन्तरता दिनुपर्ने जनआवाज आएको सन्दर्भमा यसलाई सम्मान गर्दै आगामी दिनमा कार्यक्रम सञ्चालन गर्दै जाने सोचमा आयोग रहेको छ ।

हरेक वर्ष डिसेम्बर ९ तारिखका दिन भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस सम्माननीय प्रधानमन्त्रीको समुपस्थितिमा विशेष कार्यक्रमका साथ मनाइँदै आएको छ । यसैगरी आयोगको वार्षिकोत्सवको अवसरमा माघ २८ गते सम्माननीय राष्ट्रपति, सम्माननीय प्रधानमन्त्री लगायत विशिष्ट महानुभावहरूको सहभागितामा भ्रष्टाचारविरुद्धका विभिन्न चेतनामूलक सांस्कृतिक कार्यक्रम, विद्यार्थीहरूबीच विभिन्न विधामा प्रतियोगिताहरू सञ्चालन गरेर नियमित रूपले मनाइँदै आएको छ । यस्ता क्रियाकलापहरूले आयोगको भूमिकाबारे सर्वसाधारणमा जानकारी हुने मात्र नभई आयोगप्रति जनविश्वास अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

## ३.१ निरोधात्मक कार्यक्रम

### ३.१.१ केन्द्रीयस्तरका अन्तर्क्रिया कार्यक्रम

(क) मिति २०७४ भदौ १६ गते व्यवस्थापिका संसदको सुशासन तथा अनुगमन समिति र अख्तियार दुरुपयोग अनुसन्धान आयोगबीच आयोगको सभाहलमा छलफल कार्यक्रमको आयोजना गरी भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने विषयमा छलफल गरिएको थियो । सुशासन तथा अनुगमन समितिका पदाधिकारीको तर्फबाट आमजनताको आशा र भरोसाको केन्द्रको रूपमा रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सामु धेरै ठूला चुनौती रहेको, आयोगको भूमिका अझ प्रभावकारी बनाउन सबै क्षेत्रको सहयोग आवश्यक रहेको, भ्रष्टाचारले संस्थागत रूपमा जरो गाड्न थालेको बेला यसको नियन्त्रणका लागि सहकार्य जरुरी रहेको विचार सहभागीहरूबाट व्यक्त भएका थिए । आयोगको क्षेत्राधिकार संकुचनले विधि र प्रक्रियालाई कमजोर पार्ने हुँदा आयोगलाई सबल र सक्षम बनाउन समितिको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त भएको थियो । आयोगको भूमिकालाई अझ बढी प्रभावकारी र विश्वसनीय बनाउनुपर्ने कुरामा जोड दिइएको थियो । आयोगको क्षेत्राधिकारमा भएको संकुचनले भ्रष्टाचार नियन्त्रणमा कठिनाइ भएको, मुलुकमा सुशासन कायम गर्ने दायित्व सबै तह र निकायको भएको र सबै तहबाट भएका र हुने गरेका अनियमितता र भ्रष्टाचार नियन्त्रण गर्ने पहिलो दायित्व सरकारको रहेको कुरा आयोगको तर्फबाट प्रस्तुत गरिएको थियो । आयोग विभिन्न आरोह अवरोहका बावजुद पनि आफ्नो दायित्व निष्पक्षताका साथ पूरा गर्न क्रियाशील रहेको जानकारी गराइएको थियो ।

(ख) मिति २०७४ साउन २२ गते काठमाडौं उपत्यकाका कतिपय सडकपेटीका पोलमा टाँगिएका टेलिफोन र केवल तारहरूले सहरको सौन्दर्यमा ह्रास ल्याउनुका साथै दुर्घटनासमेत निम्तिन सक्ने कुरालाई ध्यानमा राखी आयोगले सम्बन्धित निकाय सूचना तथा सञ्चार मन्त्रालय, दूर सञ्चार प्राधिकरण, नेपाल टेलिकम र नेपाल विद्युत् प्राधिकरणका प्रमुखहरूसँग छलफल गरेको थियो । काठमाडौंको त्रिपुरेश्वर, सुन्धारा लगायतका ठाउँमा लत्रिएर अव्यवस्थित अवस्थामा रहेका तार एवं पोलहरूको श्रव्य दृश्यसमेत देखाई अनावश्यक र अव्यवस्थित अवस्थामा रहेका तारलाई दीर्घकालीन रूपमा योजना बनाई व्यवस्थित गर्न आयोगले सुझाव दिएको थियो । अनावश्यक तार हटाउने र अव्यवस्थित तारलाई अबिलम्ब व्यवस्थित गरी सञ्चालनमा ल्याउने प्रतिबद्धता सम्बन्धित निकायका प्रमुखहरूले गर्नुभएको थियो ।

(ग) मिति २०७४ असोज ८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दसैं, तिहार, छठ लगायतका चाडपर्वहरू समेतको अवसरमा शान्ति सुरक्षा, आपूर्ति व्यवस्थापन, बजार अनुगमन, यातायातको सहजीकरण जस्ता विषयहरूमा सम्बन्धित मन्त्रालयका सचिव, सम्बन्धित विभागका महानिर्देशक, सुरक्षा निकायका उच्चपदस्थ पदाधिकारीहरू लगायत अन्य सम्बन्धित निकायका प्रमुखहरूसँग छलफल कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रममा विभिन्न मन्त्रालयका सचिवहरू, विभिन्न विभागका विभागीय प्रमुखहरू, सुरक्षा निकायका पदाधिकारीहरू तथा नेपाल सरकारको स्वामित्वमा रहेका विभिन्न संस्थानका प्रमुखहरूले चाडबाडको सन्दर्भमा भएका तयारीको बारेमा आयोगलाई जानकारी गराउनुभएको थियो ।

आयोगका तर्फबाट चाडपर्व समेतलाई लक्षित गरी खाद्यान्नमा मिसावट, गुणस्तरहीन मासुजन्य पदार्थको बिक्री वितरण, यातायात तथा हवाई टिकटमा कालाबजारी हुन सक्ने सम्भावनाप्रति सावधानी अपनाई चाडलाई सर्वसाधारणको पहुँचभित्र राख्ने प्रयास गर्नेतर्फ सम्बन्धित पदाधिकारीहरूले सतर्कता अपनाउनुपर्ने सुझाव दिइएको थियो । चाडबाडलाई लक्षित गरी हुने भ्रष्टाचारजन्य क्रियाकलापहरूको नियन्त्रणका लागि एउटै मन्त्रालय, दुई वा दुईभन्दा बढी मन्त्रालय र विभिन्न निकायहरूबीचको समन्वयको आवश्यकता रहेको र हुन सक्ने अवाञ्छित गतिविधि नियन्त्रणमा सबै पक्षले जिम्मेवारीपूर्वक आफ्नो भूमिका निर्वाह गर्न सुझाव दिइएको थियो ।

(घ) मिति २०७४ पुस ४ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले काठमाडौं उपत्यकाबासीमा मेलम्चीको पानी कहिले आउँछ र धूवाँ धूलोबाट कहिले मुक्त होइन्छ भन्ने चासो बढ्दै गएकाले यसतर्फ विशेष ध्यान दिन सरोकारवालाहरूलाई सुझाव दिएको थियो । सम्बन्धित निकायले व्यवस्थापन गर्न नसकेकोले नै उपत्यकामा धेरै मानिस बिरामी भइरहेकोतर्फ सचेत गराउँदै यसबाट मुक्त गराउन सबैले आफूलाई तोकिएको दायित्व र जिम्मेवारी इमान्दारीपूर्वक समयमै निर्वाह गर्न अनुरोध गरिएको थियो । मेलम्ची खानेपानी आयोजनाको कार्यप्रगति र काठमाडौं उपत्यकामा बढ्दै गरेको खानेपानीको अभाव र धूवाँ धूलोले पारेको नकारात्मक प्रभावकाबारेमा सम्बन्धित सरोकार निकायका प्रमुखहरूसँग जानकारी लिने कार्यक्रमको प्रमुख उद्देश्य रहेको थियो । व्यवस्थापनको कमजोरीका कारण काठमाडौंवासीलाई रोगी बनाउने काम मात्र भएको नभई विदेशीहरूको पहिलो आँखा पर्ने ठाउँ काठमाडौंको यस किसिमको अस्तव्यस्त अवस्थाले कस्तो प्रभाव पर्ला भन्नेतर्फ सचेत हुन पनि सम्बन्धित सरोकारवालाहरूलाई आग्रह गरिएको थियो ।

सम्बन्धित निकायबीच समन्वयको अभावमा धेरै ठाउँमा कमजोरी देखिएको, काठमाडौं उपत्यका खानेपानी आयोजनाको वितरण प्रणालीसमेत ठीक नभएको कुरा औंल्याइएको थियो । यस्ता विषयमा ध्यान दिई आम नागरिकलाई छिटोछरितो सेवा उपलब्ध गराउनेतर्फ सरोकारवालाहरूले ध्यान दिनुपर्ने बताइएको थियो । मेलम्ची खानेपानी आयोजनाले जुन गतिमा काम गर्नुपर्ने हो त्यस अनुरूप नभएको र जनताको चासोको विषयलाई छिटो समाधान गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको थियो । राष्ट्रिय गौरवका आयोजनाको काम ढिलो गर्ने प्रवृत्तिको अन्त्य गर्नका लागि जिम्मेवारी बोधका साथ सबैले काम गर्न सरोकारवालाहरूसँग आग्रह गरिएको थियो । समस्या देखाउनुभन्दा समन्वय गरेर कार्य सम्पादन गर्न सक्नु व्यवस्थापकीय कुशलता भएकाले सर्वसाधारणले अनुभव गर्नसक्ने गरी मेलम्ची आयोजनाको काम सम्पन्न गर्न जोड दिइएको थियो । कार्यक्रममा सम्बन्धित पदाधिकारीहरूले आयोजनाले हालसम्म गरेका प्रगति विवरणबारे जानकारी गराउनुभएको थियो ।

(ङ) मिति २०७४ पुस १९ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोग र विभिन्न मन्त्रालयका सम्पर्क व्यक्तिहरू **(Focal Persons)** बीच आयोगको निर्णय कार्यान्वयनको अवस्थाबारे छलफल कार्यक्रमको आयोजना गरियो । विभिन्न मन्त्रालय सम्बद्ध अधिकारीहरूले निर्णय कार्यान्वयनको अवस्थाबारे प्रस्तुतीकरण गर्दै निर्णय कार्यान्वयनमा आइपरेका समस्याहरू अवगत गराउनुभएको थियो । समस्या समाधानका लागि आयोगबाट हुनसक्ने समन्वयका विषयहरूबारे अपेक्षा पनि राख्नुभएको थियो । भ्रष्टाचार नियन्त्रणको संवैधानिक दायित्व निर्वाह गर्ने क्रममा आयोगबाट भइसकेका निर्णयहरूको कार्यान्वयनका लागि विभिन्न मन्त्रालय/निकायहरूको महत्वपूर्ण भूमिकाले निर्णय कार्यान्वयनमा प्रभावकारिता ल्याउन आवश्यक भएको तथ्यप्रति सम्पर्क व्यक्तिहरूको ध्यानाकर्षण गराइएको थियो । निर्णय कार्यान्वयन गर्ने सिलसिलामा समस्याहरू आउनसक्ने भए पनि समस्याको समाधान गरी निर्णय कार्यान्वयन गर्नका लागि क्रियाशील रहन सम्पर्क व्यक्तिहरूलाई आग्रह गरिएको थियो । आयोगमा परेका उजुरीहरूको अनुसन्धानबाट सार्वजनिक सेवाप्रवाहमा सुधारको आवश्यकता रहेको देखिएको हुँदा सुधारको प्रारम्भ सम्बन्धित निकायबाटै हुनुपर्ने कुरा औंल्याइएको थियो ।

निर्णय कार्यान्वयनका सिलसिलामा आवश्यक सहजीकरण गर्नका लागि आयोग सदा तत्पर रहेको, कतिपय निर्णयहरूको कार्यान्वयनका लागि आयोगबाट पत्राचार भएको निकायबाट अन्य निकायसँग समन्वय र सहकार्य जरुरी देखिएको हुँदा यसतर्फ पहलकदमी लिनुपर्नेमा जोड दिनुपर्ने विषयमा ध्यानाकर्षण गराइएको थियो । सहजै कार्यान्वयन हुनसक्ने निर्णयहरूको कार्यान्वयनमा समेत अनपेक्षित बिलम्ब भएको हुनसक्नेतर्फ

सचेत गराउँदै आशातीत परिणामका लागि सम्पर्क व्यक्तिहरूलाई आग्रह गरिएको थियो । आयोगको निर्णय कार्यान्वयन नगरी जिम्मेवारी पन्छाउने पदाधिकारीउपर कानूनबमोजिम कारबाही हुने भएकाले कार्यशैलीमा सुधार गर्न सुझाव दिइएको थियो ।

### ३.१.२ प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम

नेपालको संविधानबमोजिम गठित ७५३ वटा स्थानीय तहमा निर्वाचित पदाधिकारीहरूमा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीतिको अवलम्बनमार्फत स्थानीय सुशासन कायम गर्नका लागि स्थानीय तहका पदाधिकारी तथा आयोगका बीचमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी विषयमा छलफल, अन्तर्क्रिया तथा अभिमुखीकरण कार्यक्रमहरू आयोजना गर्न सान्दर्भिक देखिएकोले ७५३ वटै स्थानीय तह (६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका) का निर्वाचित पदाधिकारी र प्रमुख प्रशासकीय अधिकृतहरूसँग सबै प्रदेश समेटिने गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँगको सहकार्यमा विभिन्न चरण र स्थानमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएका छन् ।

यस "भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा स्थानीय तहको भूमिका" विषयक गोष्ठीको प्रमुख उद्देश्य स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूमा भ्रष्टाचारविरुद्ध सचेतना अभिवृद्धि गरी सुशासनमा मद्दत पुऱ्याउनु रहेको थियो । गोष्ठीबाट देहायका उद्देश्य हासिल हुने अपेक्षा गरिएको थियो :

(क) स्थानीय तहमा हुनसक्ने भ्रष्टाचारजन्य कार्यहरूको बारेमा सहभागीहरूलाई सुसूचित गर्ने,

(ख) स्थानीय तहमा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता प्रवर्द्धन गर्न अभिप्रेरित गर्ने,

(ग) स्थानीय तहमा उपलब्ध बजेटको सदुपयोग गरी विकास निर्माण र सेवाप्रवाहलाई भ्रष्टाचाररहित बनाउन सहयोग पुऱ्याउने,

(घ) भ्रष्टाचार नियन्त्रणका लागि आयोग र स्थानीय तहबीचको सहकार्य अभिवृद्धि गर्ने ।

| सि.नं. | प्रदेश | स्थान | मिति | अध्यक्ष | प्रमुख अतिथि |
|---|---|---|---|---|---|
| १. | १ | विराटनगर | २०७४ चैत २२ र २३ गते | आयुक्त डा. सावित्री थापा गुरुङ | कार्यवाहक प्रमुख आयुक्त श्री नवीनकुमार घिमिरे |
| २. | २ | जनकपुर र वीरगञ्ज | २०७४ चैत २५ र २७ गते | आयुक्त श्री राजनारायण पाठक | आयुक्त डा. गणेशराज जोशी |
| ३. | ३ | ललितपुर | २०७५ वैशाख ९ र १० गते | आयुक्त डा. सावित्री थापा गुरुङ | आयुक्त डा. गणेशराज जोशी |
| | | | | आयुक्त श्री राजनारायण पाठक | कार्यवाहक प्रमुख आयुक्त श्री नवीनकुमार घिमिरे |
| ४. | ४ | पोखरा | २०७५ वैशाख १९ र २० गते | आयुक्त डा. गणेशराज जोशी | कार्यवाहक प्रमुख आयुक्त श्री नवीनकुमार घिमिरे |
| ५. | ५ | बुटवल र नेपालगञ्ज | २०७५ वैशाख २६ र २८ गते | आयुक्त डा. सावित्री थापा गुरुङ | आयुक्त डा. गणेशराज जोशी |
| ६. | कर्णाली | सुर्खेत | २०७५ जेठ १० र ११ गते | आयुक्त श्री राजनारायण पाठक | कार्यवाहक प्रमुख आयुक्त श्री नवीनकुमार घिमिरे |
| ७. | ७ | धनगढी | २०७५ जेठ १३ र १४ गते | आयुक्त श्री राजनारायण पाठक | आयुक्त डा. गणेशराज जोशी |

कार्यक्रममा विभिन्न नगरपालिकाहरूका प्रमुख २२९, उपप्रमुख २४१, गाउँपालिकाका अध्यक्ष ३७९, उपाध्यक्ष ३७६ र प्रमुख प्रशासकीय अधिकृत ६५५ गरी १८८० जना एवं जिल्ला समन्वय समितिका पदाधिकारी, आयोगका पदाधिकारी, कार्यक्रम सञ्चालन भएका प्रदेशका पदाधिकारी, पत्रकारसमेत गरी कुल २३३० जनाको

सहभागितामा ७ वटै प्रदेशका विभिन्न स्थानहरूमा १४ पटक कार्यक्रम सम्पन्न गरिएका छन् । कार्यक्रममा देहायका विषयहरू थिए :

(१) भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
(२) भ्रष्टाचार नियन्त्रण र सुशासन : स्थानीय तहसँगको अपेक्षा, र
(३) सुशासन प्रवर्द्धनमा स्थानीय तहको भूमिका ।

उपर्युक्त सि.नं. १ र २ का कार्यपत्रहरू आयोगका सचिव/सहसचिव र सि.नं. ३ को कार्यपत्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव/सहसचिवले प्रस्तुत गर्नुभएको थियो भने माननीय प्रमुख आयुक्त र आयुक्तबाट सहभागीहरूको प्रश्न तथा जिज्ञासाहरूको सम्बोधन गरिएको थियो । खास गरेर कार्यक्रममा देहायबमोजिमका सन्देशहरू प्रवाह गरिएका थिए :

१. सेवाप्रवाह र विकास निर्माणमा जनताले स्थानीय सरकारबाट ठूलो आशा राखेको हुँदा विकास निर्माण तथा सेवाप्रवाहको कार्यलाई प्रभावकारी बनाउन जोड दिँदै स्थानीय शासन र सेवाप्रवाह नियम, विधि र प्रक्रियासंगत हुनुपर्ने कुरामा विशेष ध्यानाकर्षण गराइएको,
२. जनताको ढोकामा सेवा पुर्‍याउन सक्नुमा नै स्थानीय सरकारको सार्थकता रहने, नियतले नभई नीतिले, प्रवृत्तिले नभई पद्धतिबाट निर्देशित भएर काम गर्न एवं प्राप्त अधिकार र स्रोतसाधनको सदुपयोग गरी संस्थागत विकास र सुशासन प्रवर्द्धन गर्न आग्रह गरिएको,
३. भ्रष्टाचार सीमाहीन अपराधको रूपमा रहेको उल्लेख गर्दै यसबाट हुने सामाजिक विकृति र विसंगति रोक्नका लागि सदाचार संस्कृतिको विकास जरुरी रहेको एवं आमनागरिकको अपेक्षा अनुरूप आफूलाई सुम्पिएको जिम्मेवारी इमान्दारी र निष्ठाका साथ तोकिएकै समयमा सम्पादन गर्न सुझाव दिइएको,
४. भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने कार्यमा आयोगसँग समन्वय, सहकार्य गर्न स्थानीय जनप्रतिनिधिहरूलाई आग्रह गर्दै नैतिकता, सदाचार, इमान्दारिता, पारदर्शिता र व्यावसायिकता कायम राखेर आफ्नो जिम्मेवारी दायित्व पूरा गर्न आग्रह गरिएको,
५. स्थानीय सरकारले जनताप्रति जवाफदेही बनेर आफूसँग भएको क्षमतालाई प्रयोग गरी सुशासन कायम गर्ने विषयमा जनप्रतिनिधिहरूलाई एकआपसमा प्रतिष्पर्धा गर्न सुझाइएको,
६. उच्च मनोबल र इमान्दारिताका साथ कार्यसम्पादन गरी आगामी दिनमा भ्रष्टाचारजन्य उजुरीहरूमा कमी आउने गरी विकास निर्माण एवं प्रशासनिक र व्यवस्थापकीय कार्यहरू पारदर्शी र गुणस्तरीय ढङ्गबाट सम्पादन गर्न जोड दिइएको,
७. स्थानीय तहमा सुशासन कायम गर्न तथा भ्रष्टाचार नियन्त्रण गर्न आयोग सदा साथ रहने प्रतिबद्धता जनाउँदै भ्रष्टाचारका विषयमा आयोग रहरले नभई बाध्यताले प्रवेश गर्ने भएकोले नियम, विधि, प्रक्रिया तथा पारदर्शिताका साथ काम गर्न आग्रह गरिएको,
८. आयोगका कर्मचारीले गरेका कामका बारेमा समेत पृष्ठपोषण प्रदान गर्न आग्रह गरिएको,
९. सहभागीहरूको तर्फबाट सुधारको विभिन्न ३३ बुँदामा समेटिएको भ्रष्टाचार नियन्त्रण मार्फत सुशासन प्रवर्द्धन गर्ने प्रतिबद्धतापत्र जारी गरिएको ।(प्रतिबद्धताको विस्तृत विवरण अनुसूची-१७ मा राखिएको छ।)

### ३.१.३ स्थानीयस्तरका अन्तर्क्रिया कार्यक्रम

अख्तियार दुरुपयोग अनुसन्धान आयोग मातहत १० वटा कार्यालयहरूले वार्षिक स्वीकृत कार्यक्रमबमोजिम आ आफ्नो क्षेत्रमा स्थानीयस्तरका अन्तर्क्रिया कार्यक्रमहरू विगत वर्षहरूदेखि नै सञ्चालन गर्दै आएका छन् ।

यसरी स्थानीयस्तरमा सञ्चालन हुने कार्यक्रमहरूमा जिल्लास्तरका सरकारी तथा संस्थान, गैरसरकारी कार्यालयका प्रमुख, स्थानीय तहका निर्वाचित पदाधिकारीहरू, निजी क्षेत्र, नागरिक समाज, पत्रकार लगायतको सहभागिता हुने गरेको छ । यस्ता कार्यक्रमहरूको मुख्य उद्देश्य स्थानीय तहका सेवा प्रदायक संस्थाहरूबाट जनतालाई प्रदान गरिने सेवा सुविधा गुणस्तरीय, छिटोछरितो, सुलभ हुनुपर्ने, विकास निर्माणमा स्थानीयको सहभागिताको सुनिश्चित हुन सके गुणस्तर, समय र लागत प्रभावी हुने भन्ने नै हो । यसको अलावा स्थानीय तहमा भ्रष्टाचारविरुद्धको जनचेतना अभिवृद्धि गर्दै स्थानीय सुशासन प्रवर्द्धन गर्ने र उक्त स्थानहरूमा भ्रष्टाचार र अनियमितताका क्रियाकलापहरूको

अवस्था बुझ्ने, सूचना संकलन गर्ने एवं भ्रष्टाचारको विरुद्धमा खबरदारी गर्ने समेत रहेको छ । आर्थिक वर्ष २०७४/७५ मा यसरी सञ्चालन गरिएका अन्तर्क्रिया कार्यक्रममध्ये आयोगका पदाधिकारीहरूको सहभागिता देहायका कार्यक्रमहरूमा रहेको थियो :-

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, धनकुटा, इटहरी र सुर्खेतले सञ्चालन गरेको तपसिलबमोजिमको अन्तर्क्रिया कार्यक्रममा स्थानीय तहका जिल्ला समन्वय समितिका प्रमुख, नगरपालिकाका प्रमुख, नगरपालिका/गाउँपालिकाका वडाध्यक्ष/वडासचिव, प्रमुख प्रशासकीय अधिकृत, कार्यालय प्रमुख, नागरिक समाजका प्रतिनिधि, पत्रकार लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको प्रमुख अतिथिमा आयोगका माननीय आयुक्त डा. सावित्री थापा गुरुङ रहनुभएको थियो ।

| सि.नं. | सञ्चालन मिति | सञ्चालन भएको जिल्ला | सहभागी संख्या |
|---|---|---|---|
| १ | २०७४ असोज २१ | सुनसरी | १४६ |
| २ | २०७४ असोज ३० | मोरङ | १५३ |
| ३ | २०७४ पुस २३ | संखुवासभा | १३० |
| ४ | २०७४ पुस २५ | भोजपुर | १०२ |
| ५ | २०७४ माघ १७ | सिराहा | १२१ |
| ६ | २०७४ माघ १८ | सप्तरी | १६० |
| ७ | २०७४ चैत ६ | ओखलढुङ्गा | १३८ |
| ८ | २०७४ चैत ८ | खोटाङ | ११७ |
| ९ | २०७४ चैत ५ | सोलुखुम्बु | ८७ |
| १० | २०७४ चैत ३० | कालिकोट | ५३ |
| ११ | २०७५ जेठ २३ | उदयपुर | १४२ |
| १२ | २०७५ जेठ २४ | धनकुटा | १६० |
| १३ | २०७५ जेठ २५ | तेह्रथुम | १३५ |
| १४ | २०७५ जेठ २७ | झापा | २०७ |
| १५ | २०७५ असार १५ | पाँचथर | १५२ |
| १६ | २०७५ असार १७ | ताप्लेजुङ | १६५ |
| १७ | २०७५ असार १८ | इलाम | १७६ |

२. आयोग मातहत कार्यालयहरूले सञ्चालन गरेका अन्तर्क्रिया कार्यक्रमहरू यस प्रकार रहेका छन् :

| सि.नं. | कार्यालय | सञ्चालन भएको जिल्ला | कार्यक्रम संख्या | सहभागी संख्या |
|---|---|---|---|---|
| १ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, धनकुटा | धनकुटा, संखुवासभा, भोजपुर, तेह्रथुम | ६ | ७३५ |
| २ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरी | मोरङ, सुनसरी, सिरहा, सप्तरी, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, उदयपुर, झापा, पाँचथर, ताप्लेजुङ, इलाम | १२ | २०१७ |
| ३ | अख्तियार दुरुपयोग अनुसन्धान | सिन्धुली, सर्लाही, महोत्तरी, धनुषा | ४ | १८९ |

| | | | | |
|---|---|---|---|---|
| | आयोगको कार्यालय, बर्दिबास | | | |
| ४ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा | मकवानपुर, पर्सा, नुवाकोट, धादिङ, रसुवा, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, चितवन, रौतहट, बारा, काभ्रेपलाञ्चोक | १३ | १२१९ |
| ५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा | म्याग्दी, पर्वत, तनहुँ, कास्की, लमजुङ, स्याङ्जा, बाग्लुङ, गोरखा, मुस्ताङ, मनाङ | १० | ११६७ |
| ६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल | कपिलवस्तु, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व), पाल्पा, गुल्मी, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम), अर्घाखाँची | ७ | ६४१ |
| ७ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत | सल्यान, रुकुम, जाजरकोट, दैलेख, जुम्ला, मुगु, कालिकोट, हुम्ला, सुर्खेत | १० | ७०३ |
| ८ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कोहलपुर | दाङ, बाँके, बर्दिया, प्युठान, रोल्पा | १५ | १०५८ |
| ९ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर | दार्चुला, कञ्चनपुर, डडेलधुरा, बझाङ, कैलाली, बैतडी | ६ | ४५२ |
| १० | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, दिपायल | बाजुरा, डोटी | ४ | ३८६ |
| | **कुल जम्मा :** | | ८७ | ८६९९ |

**हालसम्म अन्तर्क्रिया कार्यक्रमहरूको संख्यात्मक विवरण**

| **सि.नं.** | **आर्थिक वर्ष** | **कार्यक्रम संख्या** | **सहभागी संख्या** |
|---|---|---|---|
| १ | २०७३/७४ सम्म | २५५ | २५,२०८ |
| २ | २०७४/७५ | ८७ | ८,६९९ |
| | **कुल जम्मा :** | | **३३,९०७** |

### ३.१.४ नेपाल सरकारलाई सुझाव

भ्रष्टाचार न्यूनीकरण गर्न आयोगले हरेक वर्ष नेपाल सरकारलाई नीतिगत, संरचनागत, कार्यक्रमगत, आचरणगत रूपमा सुझावहरू कार्यान्वयनका लागि अनुरोध गर्दै आएको छ । यसैगरी मन्त्रालय वा निकायगत रूपमा समय समयमा समन्वयात्मक एवं सहजीकरण बैठकहरूको माध्यमबाट आ-आफ्ना निकायमा भ्रष्टाचार नियन्त्रणका लागि सचेतना वा पूर्वसावधानी अपनाउन सुझावहरू प्रदान गर्दै आएको छ । आयोगको सुझावहरूको उचित कार्यान्वयन हुने हो भने भ्रष्टाचार र अनियमिततामा कमी आउने विश्वास गर्न सकिन्छ । जसले गर्दा भ्रष्टाचारको रोकथाम गर्नका अलावा जनचेतना बढाउन सघाउ पुग्न जाने देखिन्छ ।

### ३.१.५ अनुगमन बैठक

आयोगको निर्णय कार्यान्वयनको सिलसिलामा यस आर्थिक वर्षभित्र विभिन्न मन्त्रालय/निकायका पदाधिकारीहरूसँग आयोगबाट निर्णय भई कार्यान्वयनका लागि लेखी पठाइएका विभिन्न उजुरीसँग सम्बन्धित विषयहरूको अवस्थाको जानकारी लिने, अनुगमन गर्ने एवं कार्यान्वयनमा सहजीकरण गर्ने मुख्य उद्देश्यले विभिन्न मितिमा ४४ पटक बैठक बसेको छ । यस प्रकारको बैठकमा विभिन्न मन्त्रालय/निकायका ५४८ जना पदाधिकारीहरूको उपस्थिति रहेको छ । आयोगबाट निर्णय भई कार्यान्वयन नभएका वा अनावश्यक ढिलाइ भएका प्रति अख्तियार गम्भीर र संवेदनशील छ ।

### ३.१.६ समन्वय/सहजीकरण बैठक

विभिन्न मन्त्रालय/निकाय वा मातहतसँग सम्बन्धित आयोगमा परेका उजुरीहरूलाई चाँडो फछ्र्यौट गर्ने उद्देश्यले उजुरीसँग सम्बन्धित जानकारी, विवरण, प्रतिवेदन, लगायतका माग गरिएका कुराहरू समयमा प्राप्त नहुने, अधुरो र अपर्याप्त रूपमा प्राप्त हुने गरेकोले अनुसन्धानको अवधि लम्बिन जाने यथार्थलाई मध्यनजर राखी त्यस प्रकारका समस्याहरूलाई समाधान गर्न सरोकारवाला पदाधिकारीहरूसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम, समन्वय तथा सहजीकरण बैठक सम्पन्न भएका छन् ।

## ३.२ प्रवर्द्धनात्मक कार्यक्रम

### ३.२.१ सामुदायिक शिक्षा कार्यक्रम

आर्थिक वर्ष २०६४/६५ देखि आयोगले सामुदायिक शिक्षा कार्यक्रमलाई हालसम्म निरन्तरता दिंदै आएको छ । विद्यालयस्तरमा अध्ययन गर्ने विद्यार्थी एवं शिक्षकलाई लक्षित वर्गमा राखी यो कार्यक्रम आयोगको १० वटा मातहत कार्यालयहरूले सञ्चालन गर्दै आएका छन् । विद्यार्थीहरू भविष्यका सबै क्षेत्रमा नेतृत्व गर्ने ठाउँमा पुग्ने हुनाले त्यस्ता वर्गलाई भ्रष्टाचारविरुद्ध उभ्याउन सकियो भने मात्र भ्रष्टाचारको समाधान सम्भव छ भन्ने कुरामा आयोग विश्वस्त भएर नै यस प्रकारका कार्यक्रमहरूलाई भ्रष्टाचारविरुद्धको रणनीतिको रूपमा आयोगले अवलम्बन गरेको हो । यस कार्यक्रमको मुख्य उद्देश्य नै व्यक्तिको सदाचार, इमान्दारिता, कर्तव्यनिष्ठता, निष्ठा, मूल्य, मान्यता तथा जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि गर्नु हो । आर्थिक वर्ष २०७४/७५ मा यसरी सञ्चालन गरिएका कार्यक्रमहरू यस प्रकार छन् :

| सि.नं. | कार्यालय | सञ्चालन स्थान | कार्यक्रम संख्या | सहभागी संख्या |
|---|---|---|---|---|
| १ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, धनकुटा | धनकुटा, संखुवासभा, भोजपुर, तेह्रथुम | ८ | ८७९ |
| २ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरी | मोरङ, सुनसरी, सिरहा, सप्तरी, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, उदयपुर, झापा, पाँचथर, ताप्लेजुङ, इलाम | १७ | २०१७ |
| ३ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबास | महोत्तरी, धनुषा, सिन्धुली, सर्लाही | ७ | ६८१ |
| ४ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा | मकवानपुर, पर्सा, नुवाकोट, धादिङ, रसुवा, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, चितवन, रौतहट, बारा, काभ्रेपलाञ्चोक | २० | १३९८ |
| ५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा | स्याङ्जा, म्याग्दी, तनहुँ, कास्की, पर्वत, गोरखा, बाग्लुङ, लमजुङ, मुस्ताङ, मनाङ | १४ | १४३८ |
| ६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल | कपिलवस्तु, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व), पाल्पा, गुल्मी, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम), अर्घाखाँची | १३ | १४१६ |
| ७ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत | सल्यान, जुम्ला, सुर्खेत, दैलेख, जाजरकोट, रुकुम, हुम्ला | १३ | १२७० |
| ८ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कोहलपुर | बाँके, वर्दिया, दाङ, प्युठान, रोल्पा | १० | १०५० |
| ९ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर | दार्चुला, कञ्चनपुर, कैलाली, बझाङ, डडेलधुरा, बैतडी | १० | ९०९ |
| १० | अख्तियार दुरुपयोग अनुसन्धान | बाजुरा, डोटी, अछाम | ७ | ७०२ |

| | | | | |
|---|---|---|---|---|
| | आयोगको कार्यालय, दिपायल | | | |
| ११ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल | दोलखा | २ | २३० |
| | **जम्मा :** | | ११९ | ११,९९० |

**हालसम्म सामुदायिक शिक्षा कार्यक्रमहरूको संख्यात्मक विवरण**

| सि.नं. | आर्थिक वर्ष | कार्यक्रम संख्या | सहभागी संख्या |
|---|---|---|---|
| १ | २०७३/७४ सम्म | ३५६ | ४९,६८७ |
| २ | २०७४/७५ | ११९ | ११,९९० |
| | **जम्मा :** | **४७५** | **६१,६७७** |

### ३.२.२ भ्रष्टाचारविरुद्धको रेडियो कार्यक्रम सञ्चालन

भ्रष्टाचारविरुद्ध समाजमा जनचेतना अभिवृद्धि गर्ने मुख्य उद्देश्यले यस आर्थिक वर्षमा रेडियो नेपालबाट पाक्षिक रूपमा १५ मिनेटको रेडियो कार्यक्रम २०७४ साल असोज ३ गतेबाट सञ्चालन गरिएको छ । यो कार्यक्रम बिहान ७ बजेको समाचारपछि मङ्गलबार पाक्षिक रूपमा प्रसारण भइरहेको छ । प्रसारित कार्यक्रमहरू आयोगको वेबसाइटमा समेत राखिएको छ । कार्यक्रममा भ्रष्टाचारविरुद्धका आयोगका गतिविधिहरू समावेश गरिएका छन् ।

### ३.२.३ प्रचार सामग्रीहरूमार्फत सन्देशमूलक सूचना प्रसारण

शिक्षा, सूचना तथा जानकारीमूलक सामग्रीहरूको माध्यमद्वारा भ्रष्टाचारविरोधी जनमत बढाउँदै लैजाने मुख्य उद्देश्यले आयोग सूचना प्रविधिको साथै सामाजिक सञ्जालमा समेत जोडिएको छ । आफ्नो वेबपेज, इमेल, फेसबुक, टोलफ्री टेलिफोन, हट लाइन नं. १०७ मार्फत आयोगमा उजुरी दिन र आयोगका गतिविधिहरूको जानकारी सजिलै प्राप्त गर्न सकिन्छ । भ्रष्टाचारका विरुद्धका जानकारी एवं सूचनामूलक सामग्रीहरू बुलेटिन, ब्रोसियर, स्मारिका, वार्षिक प्रतिवेदन, प्रेस विज्ञप्तिहरूमार्फत नियमित रूपले सरोकारवालाहरूलाई उपलब्ध गराइएको छ ।

# परिच्छेद- ४
# संस्थागत सुदृढीकरणमा आयोगको क्रियाशीलता

मुलुकमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन बहालीका लागि संविधानले सुम्पेको दायित्व निर्वाह गर्न आयोगले संस्थागत क्षमता बढाउने कुरालाई प्राथमिकतामा राखेको छ । खासगरी सुविधासम्पन्न कार्यालय भवनलगायत अनुसन्धानका लागि आवश्यक पर्ने अन्य भौतिक तथा वित्तीय साधन, दक्ष र उच्च मनोबलयुक्त मानव संसाधन एवं कार्यप्रक्रियाहरूको विकासमा आयोगले निरन्तर जोड दिइआएको छ । यसअन्तर्गत आयोगका सबै कार्यालयहरूको आफ्नै कार्यालय भवन निर्माण सम्पन्न हुने क्रममा रहेका छन् । अनुसन्धानको कार्यलाई बढी तथ्ययुक्त, वस्तुगत र प्रमाणमुखी बनाउन कम्प्युटर तथा सूचना प्रविधिसँग सम्बन्धित भ्रष्टाचारका लागि डिजिटल फोरेन्सिक प्रयोगशाला तथा निर्माण कार्यको गुणस्तर परीक्षणको लागि इन्जिनियरिङ प्रयोगशालाको स्थापना गरी सञ्चालनमा ल्याइएको छ । यसैगरी भ्रष्टाचारसँग सम्बन्धित ऐनकानुनहरू परिमार्जन गरी पेस गरिसकिएको छ भने कार्यसम्पादनलाई प्रभावकारी बनाउन आन्तरिक कार्यविधिहरू जारी गरिएका छन् । यसका अलावा अफिस अटोमेसनको कार्य अन्तिम चरणमा पुगेको छ । मानवीय संसाधनको विकासका लागि स्वदेशी तथा वैदेशिक तालिम, गोष्ठी, सेमिनारहरूमा कर्मचारीहरूलाई सहभागी हुने अवसर दिइएको छ । कर्मचारीहरू सरुवा हुने क्रम बढी हुने भएकाले एकै प्रकारको तालिम समय समयमा निरन्तररूपले सञ्चालन गरिएका छन् । नेपाल सरकारले उपलब्ध गराउँदै आएको स्रोतसाधनहरूको उच्चत्तम उपयोग गर्दै संस्थागत सुदृढीकरणका कार्यक्रमहरू निरन्तर अगाडि बढाइएको छ ।

नेपाललाई भ्रष्टाचारमुक्त मुलुकको रूपमा स्थापित गर्ने दूरदृष्टि रहेको आयोगको चालु संस्थागत रणनीति (सन् २०१४-२०१९) को मध्यावधि मूल्यांकन गर्ने कार्य सम्पन्न भएको छ । यसको आधारमा आगामी वर्ष नयाँ रणनीति तर्जुमा गरिने छ । आयोगको भ्रष्टाचारविरुद्धका मुख्य तीन किसिमका रणनीतिहरू (दण्डात्मक, निरोधात्मक तथा प्रवर्द्धनात्मक) रहेका छन् । उक्त रणनीतिहरूमध्ये खासगरी दण्डात्मक रणनीतिको सफल कार्यान्वयनका लागि आयोगमा कार्यरत अनुसन्धान अधिकृतहरूको अनुसन्धान एवं अभियोजन क्षमता अभिवृद्धि गर्नु आवश्यक हुन्छ । आयोगमा कार्यरत जनशक्तिको अनुसन्धान तथा अभियोजन क्षमता अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता प्रदान गरिएको छ ।

आयोगले संघीय संरचनाबमोजिम सातै प्रदेशमा मातहत कार्यालयहरू रहने गरी संगठन पुनर्संरचना गरी नयाँ दरबन्दी कायम गरेको छ । मन्त्रिपरिषद्को मिति २०७५।३।३२ को निर्णयानुसार आयोगको व्यवस्थापन तथा संगठन टुंगो लागेको हो । यसबमोजिम प्रदेश नं. १ को विराटनगर, प्रदेश नं. २ को बर्दिबास, प्रदेश नं. ३ को हेटौंडा, गण्डकी प्रदेशको पोखरा, प्रदेश नं. ५ को बुटवल र सम्पर्क कार्यालय, नेपालगञ्ज, कर्णाली प्रदेशको सुर्खेत र सुदुर पश्चिम प्रदेश को कञ्चनपुरमा आयोगका मातहत कार्यालयहरू रहेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गालमा ४९५ र मातहत ७ वटा र १ वटा सम्पर्क गरी ८ वटा कार्यालयहरूमा ४२१ जना गरी कुल ९१६ जना कर्मचारीहरूको दरबन्दी स्वीकृत भएको छ । केन्द्रमा अधिकृत १२ र सहायक ८ गरी २० जनाको पुल दरबन्दी कायम भएको छ । आर्थिक वर्ष २०७४/७५ मा आयोगको संस्थागत सुदृढीकरण कार्यक्रम बमोजिम देहायका कार्यहरू सम्पन्न भएका छन्।

## ४.१ आयोगको भौतिक पूर्वाधार विकाससम्बन्धी कार्यहरू

यसै वर्ष आयोगको कार्यालय इटहरी, हेटौंडा, बुटवल, नेपालगञ्ज र महेन्द्रनगरका प्रशासनिक भवनहरू निर्माण सम्पन्न भई सञ्चालनमा आएका छन् । पोखरा कार्यालय भवन निर्माणको क्रममा रहेका छ भने बर्दिबासको कार्यालय भवन निर्माण सुरु भएको छ । सुर्खेतमा भवन निर्माणका लागि सार्वजनिक खरिदको कार्य अगाडि बढाइएको छ । यसैगरी अनुसन्धानलाई तथ्यपरक र वस्तुपरक बनाउन विभिन्न प्रयोगशालाहरूको स्थापना गरिएका छन् ।

**(क)** डिजिटल फोरेन्सिक प्रयोगशाला (**Cyber Forensic Lab**)

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७४।१।११ को निर्णयले "अख्तियार दुरुपयोग

अनुसन्धान आयोग डिजिटल फरेन्सिक युनिट (सञ्चालन) कार्यविधि २०७४" स्वीकृत भएको छ । सूचना प्रविधिको प्रयोग गरी हुने भ्रष्टाचारजन्य क्रियाकलापहरू उपर निगरानी बढाउन तथा भ्रष्टाचारका प्रमाणहरू संकलन, परीक्षण गर्न **Cyber Forensic Lab** को स्थापना गरिएको छ । प्रयोगशाला सञ्चालनका लागि डिजिटल फोरेन्सिक युनिट गठन गरिएको छ । अनुसन्धानको सिलसिलामा संवेदनशील विद्युतीय प्रमाणहरूको सफल परीक्षण तथा विश्लेषण गर्ने कार्यका साथै छानबिनको दायरामा रहेका व्यक्ति वा संस्थासम्बन्धी इन्टरनेट लगायतका अन्य अनलाइनमा उपलब्ध विद्युतीय अभिलेखहरूको खोजी गर्ने कार्यमा युनिटलाई परिचालन गरिएको छ । उक्त प्रयोगशालालाई आवश्यक पर्ने **Forensic Equipment** हरूको व्यवस्थापन गरी सञ्चालनमा ल्याइएको छ । **Forensic Recovery Evidence Device (FRED), Forensic Recovery Evidence Device Diminutive Interrogation Equipment (FREDDIE), Hardware Write Blocker, Social Media Forensic Tools, Forensic Duplicator** जस्ता डिजिटल उपकरणहरू प्रयोग गरिएका छन् ।

**(ख)** इन्जिनियरिङ प्रयोगशाला (**Engineering Lab**)

आयोगमा पर्ने उजुरीहरूमध्ये विकास निर्माणसँग सम्बन्धित उजुरीहरू गम्भीर प्रकृतिका रहेका छन् । निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्रीहरूको गुणस्तर कमसल खालको भएको उजुरीहरूको सम्बन्धमा छिटोछरितो रूपमा सत्यतथ्य छानबिन गर्न जरुरी देखिएकोले पूर्वाधार निर्माणमा हुने गुणस्तरको वैज्ञानिक परीक्षण गर्न आयोगमा इन्जिनियरिङ प्रयोगशाला (**Engineering Lab**) स्थापना गरिएको छ । प्राविधिक कर्मचारीहरूलाई प्रयोगशाला सञ्चालनको आधारभूत तालिम प्रदान गरी सञ्चालनमा ल्याइएको छ ।

**(ग)** अफिस अटोमेसन **(Office Automation)**

कार्यालयको कामलाई छिटो, छरितो र व्यवस्थित बनाउन अफिस अटोमेसनको कार्य अन्तिम चरणमा पुगेको छ । खासगरी उजुरी व्यवस्थापन गर्न, अभिलेख दुरुस्त राख्न, निर्णय प्रक्रियालाई सहज र छिटो छरितो बनाउन, सरोकारवालालाई आवश्यक सूचना तथा जानकारी उपलब्ध गराउन एवं प्रतिवेदन प्रणालीलाई थप विश्वसनीय र छरितो बनाउन यसबाट सहयोग पुग्ने छ ।आयोगलाई न्यून कागज(**Less Paper**) बाट कागजविहिन(**Paperless**) प्रणालीमा लैजाने उद्देश्यले अफिस अटोमेशन सञ्चालन गर्न लागिएको हो ।

**(घ)** अन्य उपकरणहरू

ऊर्जा संकटलाई मध्यनजरमा राख्दै साबिकको ५०० किलोवाट क्षमताको सौर्य ऊर्जा प्रणालीलाई यथावत सञ्चालन गरिएको छ । आयोग र पदाधिकारी तथा कर्मचारीको सुरक्षाका लागि कार्यालय परिसरमा सीसीटीभी क्यामेरा तथा एक्सरे मेसिनको नियमित मर्मत सम्भार गरिएको छ । आयोग र मातहत कार्यालयको छिटो छरितो सञ्चार सम्पर्कका लागि भिडियो कन्फ्रेन्सिङ प्रणालीलाई निरन्तर सञ्चालनमा राखिएको छ ।

## ४.२ जनशक्ति विकाससम्बन्धी कार्यहरू

आयोगमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्दै अनुसन्धान र अभियोजनको कार्यलाई प्रमाण र तथ्यमा आधारित बनाउन आयोगले विगत वर्षहरूदेखि नै कर्मचारीलाई स्वदेशी र विदेशी तालिमहरूमा सहभागी गराउँदै आएको छ । आयोगको समग्र अनुसन्धान पद्धतिलाई तथ्यपरक, वस्तुगत र बैज्ञानिक बनाउनुका साथै आयोगको अनुसन्धान र निर्णयमा एकरूपता कायम गर्न विभिन्न कार्यविधि, निर्देशिका तथा दिग्दर्शनहरू निर्माण गरी जारी गरिएका छन् । आर्थिक वर्ष २०७४/७५ मा तयार गरी जारी गरिएका नीति तथा कार्यविधि यस प्रकार छन् :

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आधारभूत प्रशिक्षण दिग्दर्शन, २०७४

(ख) भ्रष्टाचार नियन्त्रणका लागि प्रवर्द्धनात्मक तथा निरोधात्मक कार्यसम्बन्धी अवधारणा-पत्र, २०७४

(ग) गैरकानूनी सम्पत्ति छानबिन तथा अनुसन्धान कार्यविधि, २०७५

(घ) विस्तृत अनुसन्धान कार्यलाई प्रभावकारी बनाउने सम्बन्धी कार्यविधि, २०७४
यस कार्यविधिमा सहन्यायाधिवक्ताको संयोजकत्वमा अनुसन्धानको पूर्णता परीक्षण तथा सिफारिस समिति र निर्णय मस्यौदा तथा आरोप-पत्र मस्यौदा परीक्षण समिति गठन गरी कार्यान्वयनमा ल्याइएको छ ।

(ङ) अभियोजन नीति, २०७४

आयोगमा सञ्चालन भएका विभिन्न स्वदेशी तालिम कार्यक्रमहरूमा सहभागी कर्मचारीहरूको संख्या

| सि.नं. | आर्थिक वर्ष | सहभागी संख्या |
|---|---|---|
| १ | २०७३/०७४ सम्मको | १३२५ |
| २ | २०७४/०७५ | १७९ |
| | **जम्मा** | **१५०४** |

वैदेशिक तालिम कार्यक्रमहरूमा सहभागी कर्मचारीहरूको संख्या

| सि.नं. | आर्थिक वर्ष | सहभागी संख्या |
|---|---|---|
| १ | २०७३/०७४ सम्मको | ३५६ |
| २ | २०७४/०७५ | १२१ |
| | **जम्मा** | ४७७ |

**आर्थिक वर्ष २०७४/७५ मा आयोगमा सञ्चालित तालिम तथा प्रशिक्षण**

| सि.नं. | तालिम | सञ्चालन अवधि | सहभागी संख्या |
|---|---|---|---|
| १. | अनुसन्धानसम्बन्धी अभिमुखीकरण तालिम | २८-३० भदौ २०७४ | ४९ |
| २. | भूमिसम्बन्धी अनुसन्धान तालिम | १८-२१ पुस २०७४ | ३५ |
| ३. | सूचना विश्लेषण तथा स्टिङ अपरेसन तालिम (विराटनगर) | ९-१४ फागुन २०७४ | २० |
| ४. | अनुसन्धानसम्बन्धी अभिमुखीकरण तालिम | ७-९ चैत २०७४ | ३३ |
| ५. | सूचना विश्लेषण तथा स्टिङ अपरेसन तालिम (पोखरा) | १२-१६ चैत २०७४ | २० |
| ६. | इन्जिनियरिङ ल्याब सञ्चालनसम्बन्धी तालिम | ५-७ वैशाख २०७५ | २२ |
| | | **जम्मा :** | **१७९** |

त्यसैगरी आर्थिक वर्ष २०७४/७५ मा आयोगका कर्मचारीहरू मित्र राष्ट्र तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूबाट सञ्चालित देहायका अध्ययन, तालिम, प्रशिक्षण, सम्मेलन लगायतका कार्यक्रमहरूमा सहभागी भएका छन् :

| सि.नं. | तालिम कार्यक्रम | अवधि | स्थान | सहभागी संख्या |
|---|---|---|---|---|
| 1 | **Human Resource Development Scholarship, Japanese Grant Aid, JDS in Nepal** | सेप्टेम्बर २०१७-अक्टोबर २०१८ | जापान | १ |
| 2 | **Border Administration Training Course** | ७-२७ अगष्ट २०१७ | ल्हासा, चीन | १ |
| 3 | **Capacity Building for Anti-Corruption Investigation, KOICA** | २० अगष्ट-९ सेप्टेम्बर २०१७ | दक्षिण कोरिया | २ |
| 4 | **Seminar on Anti-Money Laundering for Nepal,** | ३-२३ अगष्ट २०१७ | कुनमिङ्ग, चीन | २ |
| 5 | **Seminar on Anti-corruption Measures, 2017** | ९-२५ सेप्टेम्बर | बेइजिङ, चीन | १० |

| | | | | |
|---|---|---|---|---|
| | | २०१७ | | |
| 6 | **Seminar on Public Administration for Ministerial Officials of Nepal** | १२-२५ सेप्टेम्बर २०१७ | बेइजिङ, चीन | १ |
| 7 | **Regional Workshop on International Cooperation in Financial Investigation, Money Laundering & Recovery of Assets** | १७-१९ अक्टोबर २०१७ | कोलम्बो, श्रीलङ्का | ३ |
| 8 | **Regional Workshop on Whistle Blower and Witness Protection in the Fight against Corruption** | २२-२४ नोभेम्बर २०१७ | माले, मालदिभ्स | २ |
| 9 | **Conference of the State Parties to the UNCAC** | ६-१० नोभेम्बर २०१७ | भियना, अष्ट्रिया | २ |
| 10 | **Third Meeting of Asia Pacific Law Enforcement Practitioners Network** | १५-१७ नोभेम्बर २०१७ | दक्षिण कोरिया | २ |
| 11 | **Governance and Anti-corruption Training for CIAA Officials** | २१-३० जनवरी २०१८ | बैंकक, थाइल्याण्ड | २० |
| 12 | **Executive course on Governance & Anti-corruption** | १८-२७ फेब्रुअरी २०१८ | मनिला, फिलिपिन्स | २० |
| 13 | **Seminar on Anti-corruption Measures & Practices, 2018** | १६ मार्च-६ मे २०१८ | हुनान, चीन | ७ |
| 14 | **Combating Corruption- Financial Investigations Techniques and International Cooperation Mechanisms, OECD, Thailand & Singapore Cooperation Program** | १४-१७ जुलाई २०१८ | सिंगापुर | २ |
| 15 | **Governance and Anti-corruption: Methods & Tools** | १-१० जुलाई २०१८ | बैंकक, थाइल्याण्ड | २१ |
| 16 | **Anti-corruption & Investigation Training** | ८-१९ जुलाई २०१८ | क्वालालम्पुर, मलेसिया | २१ |
| 17 | **Seminar on Anti-Money Laundering for Nepal** | १७-३० जुलाई २०१८ | बेइजिङ, चीन | ४ |
| | | | **जम्मा** | **१२१** |

## ४.३ अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागिता तथा सहकार्य

संयुक्त राष्ट्रसंघको आयोजनामा सन् २००३ डिसेम्बर ९ मा मेक्सिकोको मेरिडा सहरमा अन्तर्राष्ट्रिय सम्मेलन गरी **United Nations Convention against Corruption (UNCAC)** पारित गरे पश्चात डिसेम्बर ९ लाई हरेक वर्ष अन्तर्राष्ट्रिय दिवसको रूपमा मनाईँदै आए अनुरूप नेपालले पनि सन् २००७ देखि डिसेम्बर ९ लाई विशेष कार्यक्रमका साथ मनाउँदै आएको छ । नेपालले उक्त महासन्धिलाई २३ फेब्रुअरी २०११ मा अनुमोदन गरी महासन्धिको पक्ष राष्ट्र बनिसकेको सन्दर्भमा महासन्धि अनुरूपका राष्ट्रिय कानूनहरू तर्जुमा गर्न आयोगले नेपाल सरकारसमक्ष भ्रष्टाचारसम्बन्धी कानूनहरूको संशोधन मस्यौदा तर्जुमा गरी पेस गरिसकेको छ । विश्वव्यापीकरणको उत्कर्षतिर पुग्दै गरेको विश्वबाट भ्रष्टाचारको निर्मूलीकरण गर्न अन्तर्राष्ट्रिय सहयोग, सहकार्य र साझेदारी अपरिहार्य छ । नेपाल जस्तो स्रोतसाधनको अभाव भएको मुलुकका लागि भ्रष्टाचारको माध्यमबाट स्वदेशी पुँजी विदेश पलायन भइरहेको तथ्यांक बेलाबेलामा सार्वजनिक हुने गरेको सन्दर्भमा भ्रष्टाचारलाई रोक्न पूर्व तयारी गर्नु बुद्धिमतापूर्ण कार्य हुनेछ । यसप्रति आयोगको लागि मात्र नभई नेपाल सरकारको गम्भीर ध्यानाकर्षण हुनु जरुरी छ । यसका लागि अन्तर्राष्ट्रिय सहयोगको पूर्वाधार बनाउनु नेपालका लागि ढिला

भइसकेको छ । प्राविधिक, व्यवस्थापकीय र वित्तीय सहयोगका लागि पनि नेपालले बाह्य संसारसँग निकट हुनै पर्दछ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ख. को उपदफा (१) ले आयोगलाई भ्रष्टाचार निवारण वा नियन्त्रण गर्ने उद्देश्यले गठन भएका राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थासँग आवश्यक समन्वय कायम गर्न तथा त्यस्ता संस्थासँग आपसी सम्बन्ध र सहयोग वृद्धि गर्न सक्ने मार्ग निर्देश गरेबमोजिम आयोगको मौजुदा संस्थागत रणनीति (सन् २०१४-२०१९) मा अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार र साझेदारी प्रवर्द्धनलाई महत्व दिएको छ । आयोगले विभिन्न अन्तर्राष्ट्रिय संघसंस्था तथा संगठनहरूको सदस्यता प्राप्त गर्ने र सहकार्य प्रवर्द्धन गर्ने एवं भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय सम्मेलन, गोष्ठी तथा बैठकहरूमा सहभागिता जनाउँदै आएको छ । अन्तर्राष्ट्रिय सम्बन्ध तथा सहकार्यहरू अभिवृद्धि गर्ने सम्बन्धमा देहायबमोजिमका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सभा सम्मेलनहरूमा आयोगले आर्थिक वर्ष २०७४/७५ मा सहभागिता जनाएको छ ।

**(क) ADB/OECD Anti-Corruption Initiative मा आयोगको सहभागिता**

**Nurturing an Anti-Corruption Culture in the Asia-Pacific Region** भन्ने नाराका साथ दक्षिण कोरियाको सिउलमा सन् २०१७ को नोभेम्बर १५ देखि १७ सम्म सञ्चालित **9th Regional Conference and 22nd Steering Group Meeting, ADB/OECD Anti-Corruption Initiative for Asia and the Pacific** कार्यक्रममा आयोगको तर्फबाट आयुक्तद्वय डा. गणेशराज जोशी र डा. सावित्री थापा गुरुङले भाग लिनु भएको थियो । नेपालमा भ्रष्टाचार निरन्त्रण र सुशासन प्रवर्द्धनमा आयोगले खेलेको भूमिकाको बारेमा जानकारी गराउनुहुँदै आयुक्तहरूले भ्रष्टाचार नियन्त्रणका लागि अन्तर्राष्ट्रिय सहयोग र सहकार्य आवश्यक हुने कुरामा जोड दिनुभएको थियो । सोही कार्यक्रमअन्तर्गत **Confiscation of Proceeds of Corruption and Asset Recovery** विषयमा सञ्चालित **Law Enforcement Network (LEN)** को तेस्रो बैठकमा आयोगका सहसचिव श्री जीवराज कोइराला र सहन्यायाधिवक्ता श्री शंकर खत्रीको समेत सहभागिता रहेको थियो । उक्त कार्यक्रम **ADB** र **OECD** ले **UNDP** को साझेदारीमा **Government of Korea** को आयोजनामा **Korea's Anti-Corruption and Civil Rights Commission** को सहयोगमा आयोजना गरिएको थियो । नेपालले हरेक वर्ष यस प्रकारको कार्यक्रममा सहभागिता जनाउँदै आएको छ ।

**(ख) Conference of the State Parties to the United Nations Convention against Corruption**

अष्ट्रियाको भियनामा सन् २०१७ को नोभेम्बर ६ देखि १० सम्म **United Nations Office on Drugs and Crime (UNDOC)** को आयोजनामा **Conference of the State Parties to the United Nations Convention against Corruption (COSP)** को सातौं सत्रमा नेपालको तर्फबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री राजीव गौतमको नेतृत्वको टोलीमा आयोगको तर्फबाट सहसचिवद्वय श्री यादवप्रसाद कोइराला र विष्णुप्रसाद पोखरेल, संयुक्त राष्ट्रसंघको भियनास्थित स्थायी प्रतिनिधि तथा राजदूत प्रकाशकुमार सुवेदी, वैकल्पिक स्थायी प्रतिनिधि अम्मरबहादुर कार्की, द्वितीय सचिव बलिराम प्रसाद धामी लगायत ८ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा विश्वका १५८ भन्दा बढी राष्ट्रहरूको सहभागिता रहेको थियो । सम्मेलनमा भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय महासन्धिको कार्यान्वयनको पुनरावलोकन, प्राविधिक सहायता, रोकथाम, सम्पत्ति फिर्ता, अन्तर्राष्ट्रिय सहयोग र अन्य विषयहरूमा छलफल भएको थियो । सम्मेलनमा महासन्धिका प्रावधानहरू कार्यान्वयनमा नेपालको तर्फबाट प्रतिबद्धता जनाइएको थियो । सहभागी राष्ट्रहरूका प्रतिनिधिहरूले सम्मेलनमा भ्रष्टाचार नियन्त्रणका आ-आफ्ना प्रयास र अनुभवहरू साटासाट गरेका थिए । सम्मेलनमा निजी क्षेत्र र ठूला भ्रष्टाचारका विषयमा पनि छलफल भएको थियो ।

**(ग) Regional Workshop on International Cooperation in Financial Investigation, Money Laundering and Recovery of Assets**

श्रीलङ्काको राजधानी कोलम्बोमा **United Nations Office on Drugs and Crime (UNODC)** को दक्षिण एसियाली क्षेत्रीय कार्यालयको आयोजनामा २०१७ को अक्टोबर १७ देखि १९ सम्म सञ्चालित **Regional Workshop on International Cooperation in Financial Investigation, Money Laundering and Recovery of Assets** विषयक कार्यशालामा नेपालको तर्फबाट आयोगका सहसचिवद्वय

श्री श्यामराज अधिकारी र यदुप्रसाद पन्थीले भाग लिनुभयो । कार्यक्रममा विशेष सरकारी वकिल कार्यालय र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका प्रतिनिधिको समेत सहभागिता रहेको थियो।

**(घ) Regional Workshop on Whistle Blower and Witness Protection in the Fight against Corruption in South Asia**

मालदिभ्सको राजधानी मालेमा २०१७ को नोभेम्बर २२ देखि २४ सम्म **United Nations Office on Drug and Crimes (UNDOC)** को दक्षिण एसियाली क्षेत्रीय कार्यालयको आयोजनामा सञ्चालित **Regional Workshop on Whistle Blower and Witness Protection in the Fight against Corruption in South Asia** विषयक कार्यशालामा नेपालको तर्फबाट आयोगका सहसचिवद्वय श्री कालीप्रसाद पराजुली र दीर्घराज मैनालीले भाग लिनुभयो । उक्त कार्यशालामा प्रधानमन्त्री तथा परिषद्को कार्यालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र विशेष सरकारी वकिलको कार्यालयका प्रतिनिधिको समेत सहभागिता रहेको थियो ।

**(ङ) United Nations Office on Drugs & Crime (UNDOC), Regional Office, Thailand र आयोगको सहकार्यमा गोष्ठी**

**UNODC, Regional Office for Southeast Asia and the Pacific, Bangkok** र आयोगको सहकार्यमा २०७५ वैशाख ३० देखि जेठ २ सम्म काठमाडौंमा **Financial Investigation and Links with Money Laundering** विषयक कार्यशाला गोष्ठी सञ्चालन गरियो । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, विशेष अदालत, महान्यायाधिवक्ताको कार्यालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, विशेष सरकारी वकिल कार्यालय, केन्द्रीय अनुसन्धान व्युरो, नेपाल राष्ट्र बैंक वित्तीय जानकारी इकाइसमेतका ३० जनाको सहभागिता रहेको थियो । उक्त गोष्ठीमा आयोगको तर्फबाट ९ जना अनुसन्धान अधिकृतको सहभागिता थियो ।

**(च) आयोगका पदाधिकारीहरूबाट विदेशस्थित तालिम प्रदायक संस्थाहरूको अवलोकन**

विगत वर्षहरूमा झैं यस वर्ष पनि आयोगका कर्मचारीहरूलाई अनुसन्धान तथा अभियोजन लगायतका क्षमता अभिवृद्धि गर्न विभिन्न विषयमा स्वदेशी तथा वैदेशिक तालिम कार्यक्रमहरूको आयोजना गरिएका छन् । यसै सिलसिलामा मलेसिया, फिलिपिन्स, थाइल्याण्ड लगायतका मुलुकहरूमा वैदेशिक तालिम सञ्चालन गरियो । तालिम प्रदायक संस्थाहरूसँगको द्विपक्षीय सम्बन्धलाई मजबुत एवं सुदृढ बनाई तालिमलाई थप प्रभावकारी बनाउने विषयमा पनि उच्चस्तरमा छलफलहरू भएका छन् । तालिम कार्यक्रमको समापन समारोहको अवसर पारेर आयोगका पदाधिकारीहरूबाट अवलोकन भ्रमणहरू सम्पन्न भएका छन् । सञ्चालित तालिम कार्यक्रमहरूको प्रभावकारिता अध्ययन गरी आगामी दिनहरूमा आयोगको आवश्यकताबमोजिम तालिमका मोडालिटी र विषयवस्तुहरू परिमार्जन गर्न तथा कर्मचारीलाई थप उत्प्रेरित एवं हौसला प्रदान गर्न उच्चस्तरमा हुने यस प्रकारका भ्रमणहरूले सहयोग पुगेको छ । आर्थिक वर्ष ०७४/०७५ मा सम्पन्न भएका यस प्रकारका भ्रमणहरू यस प्रकार रहेका छन् :

| सि.नं. | सहभागी हुने पदाधिकारी | कार्यक्रम | मिति | मुलुक |
|---|---|---|---|---|
| १ | माननीय आयुक्त श्री राजनारायण पाठक<br>उपसचिव श्री रत्नमणी भट्टराई | तालिम कार्यक्रम समापन र अवलोकन | ४-६ मार्च २०१८ | मनिला, फिलिपिन्स |
| २ | सुपरिन्टेन्डेन्ट इन्जिनियर श्री रवीन्द्रनाथ श्रेष्ठ<br>प्र.व.उ. श्री बसन्तकुमार पन्त | तालिम कार्यक्रम समापन र अवलोकन | २६-३० जनवरी २०१८ | बैंकक, थाइल्याण्ड |
| ३ | माननीय आयुक्त श्री राजनारायण पाठक,<br>प्र.ना.म.नि. श्री उत्तमकुमार कार्की | तालिम कार्यक्रम समापन र अवलोकन | ७-९ जुलाई २०१८ | बैंकक, थाइल्याण्ड |
| ४ | माननीय आयुक्त डा.सावित्री थापा गुरुङ,<br>सचिव श्री महेश्वर न्यौपाने | तालिम कार्यक्रम समापन र अवलोकन | १६-२० जुलाई २०१८ | क्वालालम्पुर, मलेसिया |

# परिच्छेद- ५
# भ्रष्टाचारजन्य कार्यको प्रवृत्ति विश्लेषण

## ५.१ भ्रष्टाचारजन्य कार्यहरू

भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ मा उल्लेख भएका सजाय हुने कसुरहरूलाई भ्रष्टाचारजन्य कार्यका रूपमा परिभाषित गरिएको छ । राष्ट्रसेवकले आफ्नो कर्तव्य पालनको सिलसिलामा रिसवत लिने, बिना मूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने, दान, दातव्य, उपहार वा चन्दा लिने र कमिसन लिने कार्य गर्नु भ्रष्टाचारजन्य कसुर मानिएको छ । त्यस्तै, राजस्व उठाउनुपर्ने कर्तव्य भएको राष्ट्रसेवकले राजस्व चुहावट गर्नु, राजस्व असुल नगर्नु, घटी राजस्व असुल गर्न गराउन मद्दत गर्नु, राजस्व निर्धारण गर्दा घटी राजस्व निर्धारण गर्नु, उठाएको राजस्व दाखिला नगरी हिनामिना गर्नु समेत भ्रष्टाचारजन्य कसुर मानिन्छ । कुनै राष्ट्रसेवकले आफू वा अरू कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने वा नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले सरकारी वा सार्वजनिक सम्पत्ति गैरकानूनी रूपमा आफ्नो वा अरूको नाममा दर्ता गर्ने, झुठा बिल, भरपाई बनाई भुक्तानी लिने, अस्वाभाविक लागत वा मूल्यांकन गर्ने गराउने, मालसामान खरिद गर्दा गुणस्तरहीन वा अस्वाभाविक रूपमा बढी मूल्य तिरी खरिद गर्ने लगायतका कार्यहरू गरेमा भ्रष्टाचार गरेको मानिन्छ ।


नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरबाही वा बदनियत गरी हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गर्ने गराउने कार्यलाई पनि उल्लिखित ऐनले भ्रष्टाचारजन्य कार्यको परिभाषाभित्र समेटेको छ। यसैगरी, गलत लिखत तयार गर्ने, गलत अनुवाद गर्ने, सरकारी कागज सच्याउने, नोक्सान गर्ने, प्रश्नपत्रको गोपनीयता भंग गर्ने, परीक्षाको परिणाम फेरबदल गर्ने र झुठा विवरण दिने कार्यहरू भ्रष्टाचार निवारण ऐन अनुसार भ्रष्टाचारजन्य कसुर हुन् । सोही ऐनको दफा २० अनुसार सार्वजनिक पद धारण गरेको राष्ट्रसेवकले अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेमा त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुरा निजले प्रमाणित गर्न नसकेमा गैरकानूनी रूपमा आर्जन गरेको मानिने उल्लेख छ ।


आर्थिक वर्ष २०७४।७५ मा आयोगमा परेका उजुरीहरू हेर्दा उल्लिखित विभिन्न प्रकृतिका भ्रष्टाचार जनिने कार्यहरू राष्ट्रसेवकबाट भए गरेको भनी उजुरी परेको र ती उजुरीहरू उपर आयोगबाट अनुसन्धान तहकिकात भई भ्रष्टाचार भए गरेको देखिएको अवस्थामा विशेष अदालतमा मुद्दा दायर गरिएको छ । यस तथ्यबाट सार्वजनिक क्षेत्रमा भ्रष्टाचारका विविध कार्यगत प्रवृत्तिहरू विद्यमान रहेको स्पष्ट हुनजान्छ। साथै, आर्थिक वर्ष २०७४।७५ मा आयोगको वार्षिक कार्यक्रम अनुसार सम्पन्न गरिएको "नेपालमा भ्रष्टाचार र सुशासनको अवस्थासम्बन्धी अध्ययन, २०७५" ले समेत सार्वजनिक सेवाप्रवाहको अवस्था, भ्रष्टाचारका सम्भाव्य क्षेत्रहरू र भ्रष्टाचारजन्य कार्यका प्रवृत्तिहरूमाथि प्रकाश पारेको छ। यस अध्ययनको सिलसिलामा गरिएको सेवाग्राही सर्वेक्षणमा सार्वजनिक क्षेत्रमा सेवाप्रवाहका क्रममा भ्रष्टाचारजन्य कार्य भए गरेको अभिमत प्राप्त भएको देखिन्छ । उक्त अध्ययनले भ्रष्टाचारको जोखिम बढी भएका क्षेत्रहरू समेत पहिचान गरेको छ । यस परिच्छेदमा भ्रष्टाचारका उल्लिखित विभिन्न कार्यगत, क्षेत्रगत र शैलीगत प्रवृत्तिहरूको बारेमा संक्षिप्त विश्लेषण गरिएको छ ।

## ५.२ भ्रष्टाचारका कार्यगत प्रवृत्तिहरूको विश्लेषण

आयोगमा विगत तीन वर्षमा दर्ता भएका उजुरीहरूको संख्या र उजुरीको अनुसन्धान तहकिकातपछि विशेष अदालतमा दायर गरिएका मुद्दाहरूको संख्या हेर्दा उजुरीको संख्या घट्दो क्रममा र मुद्दाहरूको संख्या बढ्दो क्रममा रहेको पाइन्छ।आर्थिक वर्ष २०७२।७३, २०७३।७४ र २०७४।७५ मा उजुरीको संख्या क्रमशः २४६९१, १९५८० र १९४८८ रहेको देखिन्छ भने मुद्दाको संख्या क्रमशः १४४, १५४ र १९४ पुगेको छ। नेपाल अधिराज्यको संविधान, २०४७ र नेपालको अन्तरिम संविधान, २०६३ मा अनुचित कार्यउपरको अनुसन्धानको जिम्मेवारी आयोगमा रहेकोमा वर्तमान नेपालको संविधानले अनुचित कार्य आयोगको क्षेत्राधिकारबाट हटाएको हुँदा गत आर्थिक वर्षभन्दा प्रतिवेदन अवधिमा उजुरीको संख्या नगण्य रूपमा घट्नुलाई

स्वाभाविक भन्न सकिन्छ। उजुरीको संख्यामा केही कमी आए पनि भ्रष्टाचारजन्य प्रवृत्तिगत विशेषताहरूमा भने भिन्नता देखिएको छैन।




आयोगबाट अदालतमा दायर गरिएका मुद्दाको संख्यामा भएको बढोत्तरीले भने भ्रष्टाचारजन्य प्रवृत्तिको नियन्त्रणका लागि अनुसन्धान तहकिकात र अभियोजनमा आयोगको क्रियाशीलता बढेको तथ्यलाई देखाएको छ। आयोगको निरन्तर प्रयासका बावजुद पनि भ्रष्टाचारजन्य प्रवृत्तिमा भने अपेक्षित नियन्त्रण हुन सकेको छैन। भ्रष्टाचारजन्य कार्यउपर आयोगले अनुसन्धान तहकिकात र अभियोजन गर्ने कार्य गरिरहेकै भए पनि नेपाल सरकारका सम्बन्धित क्षेत्रगत निकाय र नियामक निकायहरूबाट भ्रष्टाचार हुन नदिनेतर्फ आवश्यक नीतिगत, पद्धतिगत, प्रविधिगत र प्रवृत्तिगत सुधारका फलदायी प्रयास हुन नसक्दा भ्रष्टाचारजन्य प्रवृत्तिहरूमा अपेक्षित ह्रास आउन सकेको छैन। आयोगमा परेका उजुरीको संख्या र उजुरीको अनुसन्धान पश्चात आयोगले विशेष अदालतमा दायर गरेका मुद्दाको संख्याबाट पनि भ्रष्टाचारजन्य प्रवृत्तिहरूको विद्यमानता र निरन्तरता पुष्टि हुन्छ। आर्थिक वर्ष २०७४।७५ मा आयोगबाट भएका भ्रष्टाचारजन्य कार्यहरूको अनुसन्धान र तत्पश्चात् विशेष अदालतमा दायर गरिएका मुद्दाहरूको विश्लेषण गर्दा कानूनले पारिभाषित गरेका भ्रष्टाचारका विभिन्न प्रवृत्तिहरूको पुनरावृत्ति भएको देखिन्छ। भ्रष्टाचार निवारण ऐनले परिभाषित गरेका रिसवत लिने दिने, राजस्व चुहावट गर्ने, सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने, गैरकानूनी लाभ वा हानि पुऱ्याउने बदनियतले काम गर्ने, झुठा विवरण दिने, गैरकानूनी रूपमा सम्पत्ति आर्जन गर्ने जस्ता विगत वर्षहरूमा देखिएका भ्रष्टाचारका प्रवृत्तिहरूको पुनरावृत्ति आर्थिक वर्ष २०७४।७५ मा पनि भएको छ । मुख्य रूपमा सार्वजनिक पद धारण गरेका व्यक्तिले गर्ने भ्रष्टाचार आर्थिक लेनदेनसँग गाँसिएको विषय भएकाले सरकारी ढुकुटीमा रकम प्राप्त गर्ने र सरकारी कोषबाट खर्च गर्ने दुवै अवस्थामा भ्रष्टाचार गर्ने प्रवृत्ति विद्यमान छ। यसका साथै सार्वजनिक सेवा प्रवाहका क्रममा सेवाग्राहीसँग रिसवत लिने प्रवृत्ति पनि व्यापक रूपमा विद्यमान छ । सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्ने प्रवृत्तिले गर्दा सार्वजनिक सम्पत्तिको अतिक्रमण भएको छ।सार्वजनिक लाभको पद हासिल गर्नका लागि शैक्षिक योग्यता वा अन्य कागजातका नक्कली प्रमाणपत्र पेस गर्ने र अन्य झुठा विवरण दिने प्रवृत्तिसमेत विद्यमान रहेको पाइन्छ। यसरी सार्वजनिक आय, सार्वजनिक खर्च, सार्वजनिक सम्पत्ति, सेवाप्रवाह र सेवाप्रवेशका विविध क्षेत्रमा विभिन्न रूप, रंग र शैलीका भ्रष्टाचारजन्य कार्यहरू भए गरेको देखिन्छ।


### ५.२.१ रिसवत लिने दिने प्रवृत्ति

सार्वजनिक सेवा प्रवाह गर्ने कर्मचारीको सेवाग्राहीप्रतिको व्यवहार, कार्यकुशलता र जिम्मेवारीबोधबाट सरकारी सेवा र राज्य संयन्त्रप्रतिको जनताको विश्वास निर्धारण हुने गर्दछ। मुलुकमा सुशासनको अवस्थाका सम्बन्धमा

आयोगले हालै गरेको सेवाग्राही सर्वेक्षणले सार्वजनिक सेवा प्रवाहको कमजोर अवस्था प्रस्तुत गरेको छ। उक्त अध्ययन अनुसार जनसमुदायलाई छिटो छरितो रूपमा सार्वजनिक सेवा प्रवाह गर्नुपर्ने कर्मचारीको दायित्व र कर्तव्य भए तापनि सेवाग्राहीलाई बाध्य पारी रिसवत लिने दिने कार्य भइरहेको छ। सर्वेक्षणमा अभिव्यक्त केही सेवाग्राहीहरूको धारणा अनुसार उनीहरूले सरकारी कार्यालयबाट आफ्नो काम सम्पन्न गराउन अतिरिक्त दस्तुर बुझाउनुपरेको र यसरी दिइने रकम सम्बन्धित फाँटवाला कर्मचारी, कानून व्यवसायी र मध्यस्थकर्ताबाट लेनदेन हुने गरेको छ । यस्ता अतिरिक्त दस्तुर दिनुपर्ने कार्यालयहरूमा मालपोत कार्यालय, गाउँपालिका वा नगरपालिका कार्यालय, नापी कार्यालय, जिल्ला प्रशासन कार्यालय, आन्तरिक राजस्व कार्यालय, खानेपानी कार्यालय रहेको सर्वेक्षणले देखाएको छ । केही सेवाग्राहीहरूको धारणामा कर्मचारीहरूले कार्यप्रक्रियालाई जटिल बनाउने र समयमा काम सम्पन्न नगर्ने, काम पन्छाउने र जिम्मेवारी पालना नगर्ने प्रवृत्ति रहेको छ । यसरी सार्वजनिक सेवाप्रवाहमा नियमानुसार सेवा प्रदान नगरी उत्तरदायित्व पन्छाउने, ढिलासुस्ती गर्ने र रिसवत लिने प्रवृत्तिको कारणले सरकारी सेवाप्रति जनताको विश्वास घट्न गएको अवस्था छ ।

कार्यालयबाट नियमानुसार गरिदिनुपर्ने दर्ता, नवीकरण, सिफारिस, निकासा र भुक्तानी जस्ता कामकारबाहीमा केही कर्मचारीहरूले घुस (रिसवत) लिने गरेको आयोगले गरेको भ्रष्टाचारजन्य कार्यको अनुसन्धान तहकिकातबाट समेत देखिन आएको छ। आयोगमा प्राप्त हुन आएका उजुरीहरूको अवस्था केलाउँदा जग्गाको नापजाँच/रेखांकन/कित्ताकाट/दर्ता/एकीकरण/हालसाबिक/नामसारी/अंशबण्डा/लालपुर्जा/मोहियानी कायमजस्ता कार्य गराउँदा रिसवत मागेको भन्ने उजुरीका आधारमा आयोगबाट अनुसन्धान हुँदा कतिपय उजुरीहरू सत्यतथ्यमा आधारित रहेको पाइएकोले अनुसन्धान पश्चात विशेष अदालतमा मुद्दासमेत दायर गरिएको छ । यस्तै, उद्योग दर्ता, विद्युत जडान, धारा जडान, सवारी साधन दर्ता, सवारी चालक अनुमति पत्र नवीकरण गर्न सेवाग्राहीसँग घुस रिसवत लिएको भन्ने उजुरीउपर अनुसन्धान हुँदा उजुरीको व्यहोरा सप्रमाण पुष्टि हुन आई विशेष अदालतमा मुद्दा दायर गरिएका छन् ।

आयोगबाट उजुरीको अनुसन्धान गरी अदालतमा दायर गरिएका रिसवत सम्बन्धी मुद्दाहरू हेर्दा भूमिसुधार तथा व्यवस्था, संघीय मामिला तथा स्थानीय विकास, गृह, ऊर्जा, स्वास्थ्य, अर्थ र शिक्षा मन्त्रालयसँग सम्बन्धित मुद्दाहरू बढी देखिन्छन् । भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गतमा रिसवतसम्बन्धी उजुरी हेर्दा अधिकांश उजुरीहरू जग्गा नापी र दर्ता गर्ने विषयसँग सम्बन्धित देखिन्छन् ।




ऊर्जा मन्त्रालयसँग सम्बन्धित घुस (रिसवत) सम्बन्धी मुद्दा हेर्दा अधिकांश मुद्दाहरू मिटर जडानसम्बन्धी रहेका जुन कमजोर कार्यपद्धति र फितलो अनुगमन प्रणालीका कारण सिर्जित भएको देखिन्छ । यस्तै, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसम्बद्ध उजुरी हेर्दा दर्ता, सिफारिस, निकासा र भुक्तानीजस्ता विषय रहेका छन् भने गृह मन्त्रालय अन्तर्गतका मुद्दाहरू कार्य सहजीकरण, कार्य अनुमति, मिलापत्र, नागरिकता वा भिसासँग सम्बन्धित विषय रहेका देखिन्छन् । अर्थ मन्त्रालयमा मूलतः राजस्व र भन्सार निर्धारण, कानून, न्याय तथा संसदीय मन्त्रालयमा म्याद तामेली र मुद्दा सहजीकरण, भौतिक निर्माण तथा यातायात मन्त्रालयमा सवारी

चालक अनुमतिपत्र, श्रम मन्त्रालयमा श्रम स्वीकृति, वन मन्त्रालयमा काठ कटान र शिक्षा मन्त्रालयमा विद्यालय भवन निर्माणको भुक्तानीजस्ता विषयमा बढी समस्या रहेको उजुरी र मुद्दाहरूको विश्लेषणबाट देखिएको छ । मुलुकमा भ्रष्टाचार नियन्त्रण गरी सरल, सहज र छिटोछरितो सेवाप्रवाह गरी सुशासन कायम गर्न उपर्युक्त विषयमा सम्बन्धित मन्त्रालयले उपयुक्त नीति, प्रविधि र प्रक्रियाको पहिचान एवं उपयोग गरी प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गर्नु आवश्यक छ । सार्वजनिक सेवा लिने दिने क्रममा हुने मानवीय सम्पर्कका कारण यस प्रकारको भ्रष्टाचारजन्य क्रियाकलाप हुने गरेको पाइएको छ ।

**५.२.२ राजस्व चुहावट गर्ने प्रवृत्ति**

राजस्व असुली गरी राज्यकोषमा जम्मा गर्नुपर्ने दायित्व भएका पदाधिकारी/कर्मचारीबाट नै राजस्व असुलीमा लापरबाही गरी अनुचित कर छुट र राजस्व बापत उठेको रकम हिनामिना भए गरेको आ.व. २०७४।७५ मा भएको उजुरीको अनुसन्धानबाट देखिएको हुँदा राजस्व चुहावटसम्बन्धी पाँचवटा मुद्दा विशेष अदालतमा दायर गरिएको छ। राजस्व चुहावटसम्बन्धी बढी उजुरी र मुद्दाहरू अर्थ मन्त्रालय, भौतिक योजना तथा यातायात व्यवस्था मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतका कर्मचारीविरुद्ध परेको देखिन्छ। यस्ता उजुरी तथा मुद्दाहरू सम्बन्धित कार्यालयले आर्जन गरेको ठूलो परिमाणको राजस्व रकम बैंक दाखिला नगरी मस्यौट तथा हिनामिना गरेको, कार्यालयबाट सिफारिस दिंदा लिनुपर्ने राजस्व रकम आम्दानी रसिद नकाटी हिनामिना गरेको, किर्ते कागजात तयार गरी राजस्व छली गरेको र गलत लिखत तयार गरी घटी राजस्व निर्धारण गरेको विषयहरूसँग सम्बन्धित छन् ।

**५.२.३ सार्वजनिक सम्पत्ति हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गर्ने प्रवृत्ति**

नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्ति लापरबाही वा बदनियत गरी हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गरेको विषयमा आर्थिक वर्ष २०७४।७५ मा आयोगमा परेका उजुरीमध्ये अनुसन्धान तहकिकातपश्चात् १३ वटा मुद्दा विशेष अदालतमा दायर गरिएका छन्। सरकारी कोषको रकमको संरक्षण गर्ने दायित्व भएका कर्मचारीहरूबाट नै लापरबाही वा बदनियत गरी मासेको वा हिनामिना गरेको तथ्य सप्रमाण पुष्टि भएपछि अभियोजन गरिएको हो। यस्ता मुद्दाहरू सामाजिक सुरक्षा भत्ताको रकम, गाउँपालिका/नगरपालिकाको खातामा रहेको रकम, विद्यालयको खातामा रहेको रकम, हुलाक बचत बैंकको रकम, हिनामिना, हानि नोक्सानी र दुरुपयोग गरिएको विषयसँग बढी सम्बन्धित रहेको पाइन्छ। सरकारद्वारा वितरण गर्नका लागि पठाइएको सामाजिक सुरक्षा भत्ता सम्बन्धित सेवाग्राहीले प्राप्त नगरेको व्यहोरा उजुरीको छानबिन तथा अनुसन्धानबाट देखिन आएको छ। कतिपय रकमहरू व्यक्तिको नाम मिलाई झुठो र किर्ते भरपाई खडा गरी भुक्तानी गरेको र उक्त रकम कर्मचारीको मिलेमतोमा भ्रष्टाचार भएको देखिन आएको छ। यसबाट देशभरि ठूलो संख्यामा रहेका विद्यालय, गाउँपालिका/नगरपालिका, वडा कार्यालयहरूका सम्बन्धित कर्मचारीहरूको कार्यसम्पादनको सुपरीवेक्षण अनुगमन, प्रतिवेदन र पृष्ठपोषण पद्धति तथा अभिमुखीकरण र क्षमता विकासका बारेमा उचित ध्यान पुग्न नसकेको समेत स्पष्ट हुन्छ।

**५.२.४ सरकारी/सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गर्ने प्रवृत्ति**


भूमि प्रशासनका क्षेत्रमा भ्रष्टाचार गरी सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गरिएको विषयमा आयोगमा निरन्तर उजुरीहरू पर्ने गरेका छन्। यस्ता उजुरी उपर अनुसन्धान गरी दोषी उपर कारबाहीका लागि विशेष अदालतमा मुद्दा दर्ता गरिए तापनि सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गर्ने प्रवृत्ति नियन्त्रण हुन सकेको छैन। जग्गाको सरकारी निकायमा रहेको दर्ता स्रेस्ताको कागजातलाई गैरकानूनी तरिकाले हेरफेर गरी सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गरी जग्गाधनी प्रमाणपुर्जा दिएको पाइएको छ। सक्कल जग्गाधनी दर्ता स्रेस्तामा गैरकानूनी तवरले अक्षरहरू थपी/स्रेस्ताको सहीछाप र मिति महलमा नक्कली छाप लगाई/केरमेट, थपघट र हेरफेर गरी सरकारी सम्पत्ति हानि नोक्सानी गरेको अनुसन्धानबाट देखिएको छ। आर्थिक वर्ष २०७४।७५ मा आयोगबाट एउटै उजुरीको अनुसन्धान तहकिकातबाट जम्मा २७० रोपनी १४ आना ३ पैसा १ दाम सरकारी/सार्वजनिक जग्गा व्यक्तिविशेषका नाममा दर्ता गरेको देखिएकाले ७१ जना प्रतिवादीउपर विशेष अदालतमा मुद्दा दायर गरिएको छ।यसरी विगतमा वनजंगल, खोला किनार, खुला चौर, गौचरनका रूपमा रहेका सार्वजनिक/सरकारी जग्गा गैरकानूनी तवरबाट व्यक्तिका नाममा दर्ता भई मासिएबाट सम्बन्धित निकायले सार्वजनिक जग्गाको संरक्षणका लागि पहलकदमी लिन आवश्यक देखिन्छ ।

### ५.२.५ गैरकानूनी लाभ वा हानि पुऱ्याउने बदनियतले सार्वजनिक खरिदमा अनियमितता गर्ने प्रवृत्ति

केही राष्ट्रसेवक कर्मचारीहरूबाट आफू वा अरू कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने वा नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले सार्वजनिक खर्च गर्दा राज्यको दुर्लभ आर्थिक स्रोतको अपव्यय गरेका दृष्टान्त अनुसन्धानबाट उजागर भएका छन्। ऐन, नियमानुसार टेण्डर आह्वान नगरी बजेट खर्च गरेको, विशेष परिस्थितिमा खरिद गर्दा अवलम्बन गर्नुपर्ने कानूनी प्रावधानसमेतको पालना नगरी सरकारी बजेट व्यय गरेको, स्थानीय दररेटभन्दा अत्यधिक र अस्वाभाविक रूपमा बढी मूल्य राखेको, किर्ते प्रतिवेदन तयार गरी रकम अपव्यय गरेको अनुसन्धानबाट देखिन आएको छ।साथै, कम परिमाणमा सामान खरिद गरी बढी देखाई भ्रष्टाचार गरेको तथा सामान खरिद गरेको भनी झुठा बिल भरपाई पेस गरी बजेट हिनामिना गरेको देखिएको छ। परामर्शदाता छनौट गर्दा स्वीकृत मूल्यांकनका आधारहरू विपरीत प्रस्ताव मूल्यांकन गरी सरकारलाई हानि नोक्सानी पुर्‍याएको र व्यक्तिलाई लाभ पुऱ्याएको देखिएको छ। झुठा बिल भरपाई, खरिद आदेश र दाखिला प्रतिवेदन फाराम पेस गरी भुक्तानी लिए दिएको समेत पाइएको छ ।

### ५.२.६ झुठा विवरण (शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र, नागरिकता, सिफारिसपत्र) पेस गर्ने प्रवृत्ति

सरकारी नोकरी वा पदोन्नति हासिल गर्ने तथा सरकारी सेवा र सुविधा प्राप्त गर्ने प्रयोजनका लागि शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र, झुठा अध्यापन अनुमतिपत्र, झुठा नागरिकता जस्ता कागजात पेस गर्ने प्रवृत्ति अनुसन्धानबाट देखिएको छ । शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रका आधारमा सेवा प्रवेश हुँदा योग्य व्यक्तिको छनौटमा यसले असर पार्दछ भने शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रको आधारमा पदोन्नति हुँदा योग्य र सक्षम कर्मचारीको मनोबल र कार्यालयको कार्यसम्पादनमा नकारात्मक असर पर्न जान्छ । यसर्थ शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रको बारेमा अनुसन्धान गरी दोषी देखिएका उपर अभियोजन गर्ने काम आयोगले तीव्रताका साथ गर्दै आएको छ। आर्थिक वर्ष २०७४।७५ मा शैक्षिक योग्यताको झुठा प्रमाणपत्रसम्बन्धी उजुरीहरू उपर अनुसन्धान तहकिकात गरी आयोगबाट ६४ वटा मुद्दा विशेष अदालतमा दायर गरिएका छन्। आयोगबाट उजुरीको अनुसन्धान गरी अदालतमा दायर गरिएका शैक्षिक योग्यतको झुठा प्रमाणपत्रसम्बन्धी मुद्दाहरू हेर्दा शिक्षा मन्त्रालय अन्तर्गत विद्यालयका शिक्षकहरू र गृह मन्त्रालय अन्तर्गत सुरक्षा निकायका प्रहरी कर्मचारीहरूसँग सम्बन्धित मुद्दाहरू बढी देखिन्छन् । त्यस्तै, केही स्वास्थ्यकर्मी र प्राविधिक कर्मचारी, गाउँ/नगरपालिकाका प्रशासनिक कर्मचारी र अन्य कर्मचारीहरूले समेत सरकारी ओहदा पाउने वा अन्य सुविधा हासिल गर्ने उद्देश्यले नक्कली कागजात पेस गरेको तथ्य अनुसन्धानबाट खुलेकाले निजहरूविरुद्ध मुद्दा दायर गरिएको छ । यसर्थ, शिक्षक र प्रहरी कर्मचारी लगायतमा भर्ना गर्दाका बखत शैक्षिक प्रमाणपत्रहरूको यकिन गरेर मात्र कर्मचारी छनौट र भर्ना गर्ने पद्धतिको अवलम्बन हुनसकेमा यसबाट योग्यता प्रणाली र कार्यसम्पादनस्तरमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गर्न सकिन्छ ।



### ५.२.७ ऐन कानूनको परिपालना नगर्ने प्रवृत्ति

सार्वजनिक क्षेत्रबाट सम्पादन हुने कामकारबाहीमा एकरूपता कायम गर्दै निष्पक्षताका साथ शीघ्र र प्रभावकारीरूपमा कार्य सम्पादन गर्नका लागि उपयुक्त कानून, मापदण्ड र कार्यविधिहरू तर्जुमा गरी लागू गरिएको हुन्छ । सार्वजनिक क्षेत्रबाट सम्पादन हुने कार्यहरू स्वीकृत गरी लागू गरिएका निर्धारित विधि र पद्धतिका आधारमा हुनुपर्नेमा आयोगमा परेका उजुरी उपर अनुसन्धान हुँदा सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले आफ्नो कर्तव्य पालना गर्दा बाध्यात्मकरूपमा पालना गर्नुपर्ने कानूनी प्रावधान, कार्यविधि वा मापदण्डहरूको उल्लंघन गरेको देखिन आएको छ । कार्यालयबाट कानूनबमोजिम गर्नुपर्ने सिफारिस/स्वीकृति, मापदण्ड/नर्म्स, मूल्यांकन, परीक्षण, नियुक्ति, सम्झौता, खरिद, निर्माण तथा सेवाप्रवाहका अन्य कार्य गर्दा तोकिएको कानूनी प्रक्रिया र मापदण्डविपरीत भए गरेको उजुरीहरूको अनुसन्धानबाट देखिन आएको छ । आयोगबाट गरिएको "नेपालमा भ्रष्टाचार र सुशासनसम्बन्धी अध्ययन, २०७५" को सेवाग्राही सर्वेक्षणबाट समेत कर्मचारीहरूमा नियम, कानून र विधिको पालना नगर्ने, काम पन्छाउने, जिम्मेवारी पालना नगर्ने, कार्यप्रक्रियालाई जटिल बनाउने र समयमा काम नगर्ने प्रवृत्ति विद्यमान रहेको अभिमत जाहेर भएको छ। सर्वेक्षणमा सबैभन्दा बढी उत्तरदाताले कानूनको पालनामा जोड दिएको देखिएबाट प्रक्रियागत भ्रष्टाचारलाई कम गर्नका लागि विधि र पद्धतिको परिपालना आवश्यक देखिन्छ।

### ५.२.८ गैरकानूनी रूपमा सम्पत्ति आर्जन गर्ने प्रवृत्ति

सार्वजनिक पद धारण गरेको राष्ट्रसेवकले सार्वजनिक पदमा बहाल भएपछि साठी दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण पेस गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। यसरी पेस गरेको सम्पत्ति विवरण अमिल्दो र अस्वाभाविक देखिन आएमा वा सार्वजनिक पद धारण गरेको पदाधिकारीले अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेमा त्यस्तो सम्पत्तिको वैधानिक स्रोत खुलाउनुपर्ने दायित्व सम्बन्धित पदाधिकारीमा नै रहने व्यवस्था कानूनले गरेको छ। सार्वजनिक पद धारण गरेको व्यक्तिले कानून र आचरण विपरीतका विभिन्न काम गरी गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको भनी आयोगमा उजुरीहरू पर्ने गरेको छ। कतिपय उजुरीहरूको अनुसन्धानबाट सार्वजनिक पदमा रहँदा विभिन्न किसिमले अनुचित लाभ लिई चलअचल सम्पत्ति आर्जन गरेको कारणले सम्बन्धित कर्मचारी/ पदाधिकारीले सम्पत्तिको वैधानिक स्रोत पुष्टि गर्न नसकेको पाइएको हुँदा विशेष अदालतमा मुद्दा दायर गरिएको छ।

### ५.२.९ नीतिगत भ्रष्टाचार गर्ने प्रवृत्ति

आयोगबाट गरिएको "नेपालमा भ्रष्टाचार र सुशासनसम्बन्धी अध्ययन, २०७५" अनुसार नेपालमा नीतिगत भ्रष्टाचार हुने गरेको छ भन्ने धारणा सेवाग्राहीहरूमा व्यापकरूपमा रहेको पाइएको छ। सेवाग्राही सर्वेक्षण अनुसार उच्च पदस्थ पदाधिकारीहरूबाटै बढी नीतिगत भ्रष्टाचार हुने गरेको छ। भ्रष्टाचारको जिम्मेवार पक्षका रूपमा राजनैतिक दल, उच्च पदस्थ कर्मचारी, मन्त्रीका सल्लाहकार तथा नजिकका व्यक्तिहरू रहेको भन्ने उनीहरूको अभिमत देखिन्छ। १३.२% जवाफदाताले प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय पनि नीतिगत भ्रष्टाचारमा जिम्मेवार रहेको बताएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनमा मन्त्रिपरिषद् वा त्यसको कुनै समितिको सामूहिक रूपमा गरेको नीतिगत निर्णय सम्बन्धमा आयोगले कुनै कारबाही नगर्ने प्रावधान रहेको छ । उच्च पदाधिकारीहरूले मन्त्रालयबाट गर्न सकिने प्रशासनिक र सार्वजनिक खरिदसम्बन्धी विषयलाई समेत निर्णयका लागि मन्त्रिपरिषदमा पुऱ्याई कानूनको भावनाविपरीत कार्य गर्ने गरेको देखिन आएको छ । मन्त्रिपरिषदबाट गरिनुपर्ने निर्णय मन्त्रालयबाट र मन्त्रालयबाट हुनुपर्ने विषय मन्त्रिपरिषदबाट निर्णय गराउनेजस्ता प्रवृत्ति देखिन आएका छन् ।

## ५.३ भ्रष्टाचारका क्षेत्रगत प्रवृत्तिहरूको विश्लेषण

विगत पाँच आर्थिक वर्षमा (०७०/७१ देखि ०७४।७५ सम्म) आयोगमा परेका उजुरीहरूको विश्लेषण गर्दा सबैभन्दा बढी उजुरी शिक्षा, संघीय मामिला, भूमि प्रशासन, स्वास्थ्य, गृह प्रशासन र वनजस्ता क्षेत्रसँग सम्बन्धित विषयहरूमा रहेको देखिएको छ । त्यसैगरी राजस्व प्रशासन, सार्वजनिक निर्माण र खरिद, सामाजिक सुरक्षा जस्ता क्षेत्रमा समेत भ्रष्टाचार र अनियमितता भएको भनी उजुरी परेका छन् । आयोगबाट गराइएको "नेपालमा भ्रष्टाचार र सुशासन सम्बन्धी अध्ययन, २०७५" मा अभिव्यक्त सेवाग्राहीहरूको धारणा अनुसार भ्रष्टाचारको सघनताको दृष्टिले मालपोत कार्यालय, नापी कार्यालय, स्थानीय तह र प्रहरी कार्यालय अग्रपंक्तिमा

देखिएका छन्। आयोगबाट गरिएको छानबिन र अनुसन्धानबाट उल्लिखित निकायहरूमा सरकारी बजेट र राजस्व हिनामिना हुने गरेको देखिएको छ भने सार्वजनिक सम्पत्ति हानि नोक्सानी पनि हुने गरेको देखिएको छ। यसका साथै नक्कली प्रमाणपत्र र किर्ते कागजात बनाई सार्वजनिक सम्पत्तिको हानि नोक्सानी भए/गरेको समेत देखिएको छ। यस्ता निकायहरूमा घुस (रिसवत) लिने/दिने कार्य भए गरेको अनुसन्धानले प्रस्ट पारेको छ। विगतका उजुरीहरूको विश्लेषण गर्दा यी विभिन्न क्षेत्रमा हुने भ्रष्टाचारका क्षेत्रगत प्रवृत्तिका केही दृष्टान्तहरू देहायबमोजिम रहेका छन् :-

| क.सं. | क्षेत्र | भ्रष्टाचारजन्य प्रवृत्ति |
|---|---|---|
| १ | शिक्षा | शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र/ झुठा अध्यापन अनुमतिपत्र पेस गर्ने |
| | | विद्यालयसम्बन्धी निर्माण कार्यमा भ्रष्टाचार गर्ने |
| | | छात्रवृत्तिको रकम हिनामिना गर्ने |
| | | विद्यार्थी संख्या सम्बन्धमा झुठो विवरण पेस गरी सरकारी अनुदानमा भ्रष्टाचार गर्ने |
| | | हुँदै नभएका विद्यालयहरूको कागजी रेकर्ड मात्र खडा गरी अनियमितता गर्ने |
| | | कार्यक्रम नै सञ्चालन नभएकोमा नक्कली बिल राखी भुक्तानी लिने |
| | | किर्ते दस्तखत वा कागजात तयार गरी रकम हिनामिना गर्ने |
| | | कर्मचारीको संचयकोष दाखिला गर्नुपर्ने रकम हिनामिना गरी भ्रष्टाचार गर्ने |
| | | स्वीकृति नलिई अन्य शैक्षिक संस्थामा कामकाज गर्ने गराउने |
| | | कानूनविपरीत नियुक्ति तथा पदस्थापना गर्ने |
| | | प्रश्नपत्रको गोपनीयता भंग गर्ने गराउने |
| | | शिक्षण संस्थाहरूको सम्बन्धन वा सञ्चालनको स्वीकृति दिँदा निर्धारित मापदण्ड पूरा नगरेका संस्थाहरूलाई हचुवाको भरमा सम्बन्धन वा स्वीकृति दिने |
| २ | स्थानीय तह | सिफारिस बनाई दिएबापत सेवाग्राहीसँग घुस (रिसवत) लिने |
| | | निर्धारित गुणस्तर कायम नभएका आयोजनामा गुणस्तर कायम भएको भनी जाँचपास फरफारक गरिदिएबापत रिसवत लिने |
| | | एक निकायबाट निर्माण भइसकेकोमा पुनः अर्को निकायबाट समेत सोही काम भएको भनी दोहोरो रकम लिने |
| | | नक्कली भरपाई र किर्ते सहीछाप बनाई तोकिएको कामै नगरी रकम भुक्तानी लिने |
| | | नाता प्रमाणपत्र र नामसारीको सिफारिस गर्दा कानूनले तोकेबमोजिमको प्रक्रिया र कार्यविधि अवलम्बन नगर्ने |
| | | पेश्की रकम लामो समयसम्म फछ्र्यौट नगरी बाँकी राखेको |
| | | विनियोजित बजेटभन्दा बढी रकम कानूनविपरीत खर्च गर्ने |
| | | विकास आयोजनाका नाममा जथाभावी रकम विनियोजन र सामाजिक सुरक्षाभत्ता हिनामिना गर्ने |
| | | राजस्व हिनामिना गर्ने । |
| ३ | भूमि | सार्वजनिक पर्ती/सरकारी जग्गा व्यक्तिका नाउँमा घुसाउने, नापी गर्ने, दर्ता गर्ने गराउने |
| | | फिल्डबुक/कैफियत महलको विवरण विपरीत सरकारी तथा सार्वजनिक जग्गा (पर्ती, जंगल, बुट्यान, गुठी) भ्रष्टाचार गरी छुट जग्गा दर्ताका नाममा व्यक्ति विशेषका नाममा दर्ता गर्ने |
| | | स्रेस्तामा वास्तविक जग्गाधनीको नाम थर र अन्य विवरण सच्याई नक्कली जग्गाधनी कायम गरी वा हालसाबिक गर्दा एक व्यक्तिको जग्गा अर्को व्यक्तिको जग्गामा घुसाई क्षेत्रफल थपघट गरी भ्रष्टाचार गरी दर्ता गर्ने |
| | | जग्गाको नाप नक्सा गर्दा सेवाग्राहीलाई नक्सा ट्रेस उपलब्ध गराउँदा वा अन्य कार्य गर्दा बाध्य पारी वा अनुचित लाभ पुऱ्याई रिसवत लिने |
| | | कानूनले तोकेको सरकारी दस्तुर (मालपोत, रजिष्ट्रेसन शुल्क, पुँजीगत लाभकर, राजस्व) |

| | | |
|---|---|---|
| | | भन्दा कम लिई काम गर्ने/राजस्व मस्यौट गर्ने |
| | | जग्गा नामसारी गर्दा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी कुनै अंशियारको हकमा असर पर्ने गरी नामसारी गरिदिने |
| | | अदालतबाट रोक्का रहेको जग्गा मोठ नै नभिडाई पास गर्ने/ रोक्का जग्गा रोक्का छैन भनी प्रमाणित गर्ने |
| | | जग्गा नामसारी लगायत कार्यालयको सेवा प्रवाह गर्दा विचौलिया मार्फत वा सिधै घुस रिसवत दिन बाध्य पार्ने |
| ४ | **स्वास्थ्य** | अनुचित लाभका लागि आवश्यकता नै नभएका औषधि र स्वास्थ्य उपकरणहरू सार्वजनिक खरिद ऐनका व्यवस्थाविपरीत किसिमले खरिद गर्ने |
| | | कागजी रूपमा ठूलो परिमाणमा खरिद गरेको देखाई वास्तविक रूपमा कम परिमाणमा औषधि र यन्त्र उपकरणहरू खरिद गरी स्टोर दाखिला गर्ने |
| | | वास्तविक संख्याभन्दा बढी संख्या देखाई सुत्केरी भत्ताको रकम दुरुपयोग गर्ने |
| | | कागजी रूपमा एउटै कार्यक्रम पटकपटक सञ्चालन गरेको देखाई रकम निकासा लिने |
| | | प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन नै नगरी नक्कली बिलको आधारमा भुक्तानी लिने |
| | | स्वास्थ्य संस्थामा सेवाग्राहीहरूको नक्कली अभिलेख खडा गरी विनियोजित रकममा अनियमितता गर्ने |
| | | तोकिएको मापदण्ड पूरा नगरी स्वास्थ्य संस्थाहरू सञ्चालन स्वीकृति प्रदान गर्ने |
| | | नेपाल मेडिकल काउन्सिलले निर्धारण गरेको मापदण्डविपरीत मेडिकल र नर्सिङ कलेजहरू सञ्चालन गर्ने |
| | | मेडिकल कलेजहरूले विद्यार्थी भर्ना गर्दा मेरिट लिस्टमा नपरेकालाई गर्ने र चर्को शुल्क लिने |
| | | सरकारी संस्थामा कम समय दिएर निजी स्वास्थ्य संस्थाहरूमा कार्य गर्ने |
| | | राज्यको तर्फबाट निःशुल्क वितरण गर्नुपर्ने औषधिहरू निजी क्लिनिकबाट बिक्री गराउने |
| | | स्वास्थ्य संस्थाहरूबाट उपलब्ध गराउने सेवाको नियमित अनुगमन नगर्ने |
| ५ | **गृह** | सुरक्षा निकायबाट हुने सार्वजनिक खरिद कार्यमा अनियमितता गर्ने |
| | | कतिपय सामानहरू सार्वजनिक खरिद प्रक्रियाको पालना नगरी सोझै खरिद गर्ने |
| | | सामान ढुवानीसम्बन्धी कार्य नै नगरी नक्कली बिल भरपाई बनाई भ्रष्टाचार गर्ने |
| | | काम मिलाइदिने बहानामा प्रहरी प्रशासनबाट घुस (रिसवत) लिनेदिने गर्ने |
| | | प्रहरीले सञ्चालन गरेका पेट्रोल पम्पहरूमा अनियमितता गर्ने |
| | | सुरक्षाको नाउँमा कानून र प्रक्रिया मिच्ने |
| | | नक्कली सेवा प्रदायक खडा गरी रकम हिनामिना गर्ने |
| | | दैवीप्रकोप उद्धारका राहत सामग्री खरिदमा अनियमितता गर्ने |
| | | भिजिट भिसा लिई विदेश जाने नेपालीहरूलाई अध्यागमन अनुमति दिंदा दुख दिने |
| | | अध्यागमन कार्यालयबाट घुस (रिसवत) लिई यात्रा अनुमति दिन नहुने व्यक्तिहरूलाई समेत अनुमति उपलब्ध गराउने |
| | | जिल्ला प्रशासन कार्यालयहरूमा अनियमितता गरी नागरिकता पाउनु नपर्ने व्यक्तिलाई नागरिकता प्रदान गर्ने |
| | | जिल्ला प्रशासन, प्रहरी कार्यालयहरूबाट प्रवाह हुने सेवा लिंदा घुस रिसवत दिन बाध्य पार्ने |
| ६ | **वन** | वन सम्पदाको विनास/चोरी निकासीमा संलग्नलाई सहयोग पुर्‍याई अनुचित लाभ लिने |
| | | वनको मौज्दात र वार्षिक स्वीकार्य कटान वास्तविकताभन्दा बढी देखाई त्रुटिपूर्ण कार्ययोजना तयार गरी अत्यधिक परिमाणमा कटान आदेश दिने |
| | | अनियमित रूपमा कटान गरेका काठको झुठा लगत तयार गरी स्वीकृत गर्ने गराउने |
| | | सामुदायिक वन समूहको रकम हिनामिना गर्ने |

| | | |
|---|---|---|
| | | बिरुवा उत्पादन, वितरण तथा वृक्षारोपण तालिम जस्ता कार्यक्रम नै नगरी बिल भरपाई बनाई विनियोजित बजेट अपचलन गर्ने |
| ७ | **राजस्व** | कर्मचारीको मिलोमतोमा गुणस्तर, परिमाण र मूल्य फरक पारी भन्सार जाँचपास गर्ने, |
| | | नक्कली भन्सार प्रज्ञापनपत्र र नक्कली मूल्य अभिवृद्धि करको बिल बनाई भ्रष्टाचार गर्ने |
| | | न्यून बिजकीकरण गरी  राजस्व छली एवं चुहावट गर्ने |
| | | बैंक भौचर, बैंक विवरण, बैंक मौज्दात जस्ता कागजातहरू किर्ते तयार पारी वा किर्ते सहीछाप गरी रकम हिनामिना गर्ने |
| | | कानूनद्वारा तोकिएको समयभित्र राजस्व रकम बैंकमा दाखिला नगर्ने |
| | | सीमित वर्ग वा समूहलाई मात्र फाइदा पुग्ने गरी कर सहुलियत वा छुट दिने |
| | | करयोग्य कारोबारलाई करको दायरामा समावेश नगर्ने नगराउने |
| | | व्यवसाय सञ्चालन गर्ने उद्यमीहरूले सरकारलाई कर छल्ने नियतले व्यावसायिक कारोबारको दुई किसिमको लेखा राखी तिर्नु/बुझाउनुपर्ने राजस्व छली गर्ने गराउने |
| | | दर्ता गर्नुपर्ने व्यवसायहरू दर्ता नगरीकनै सञ्चालन गर्ने गराउने |
| ८ | **सार्वजनिक खरिद तथा निर्माण** | सार्वजनिक निर्माण र खरिदसम्बन्धी कार्यहरूलाई टुक्राटुक्रा गरी सम्पन्न गर्ने गराउने |
| | | दरभाउपत्र वा बोलपत्रबाट खरिद गर्नुपर्नेमा सोझै बजारबाट खरिद गर्ने गराउने |
| | | लगत इस्टिमेट यथार्थपरक नबनाउने |
| | | लागत अनुमानभन्दा बढी कबोल गर्ने दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने |
| | | अनधिकृत कर्मचारीले दरभाउपत्र र बोलपत्र स्वीकृत गर्ने |
| | | खरिद अनुसार स्टोर दाखिला र जिन्सी मालसामानको अभिलेख दुरुस्त नराख्ने |
| | | कानूनद्वारा निर्धारित सर्त र मापदण्डविपरीत निर्माण कार्य गराई वा निर्माण नै नगराई झुठा बिल भरपाई तयार गरी भुक्तानी लिने दिने |
| | | आर्थिक वर्षको अन्त्यतिर विनियोजित रकम सिध्याउन तोकिएको प्रक्रिया नै नपुऱ्याई बोलपत्र बेगर सोझै मालसामान खरिद गर्ने |
| | | पर्याप्त कारण, आधार र औचित्यबिना नै योजना, कार्यक्रम वा परियोजनाको लागत र समय बढाई स्रोत साधनको दुरुपयोग गर्ने । |
| ९ | **श्रम तथा वैदेशिक रोजगार** | सेटिङ मिलाई वा सेवाग्राहीलाई अनावश्यक दुख दिई रिसवत लिने |
| | | कामदारको आवश्यकतासम्बन्धी नक्कली मागपत्र तयार गरी पठाउने |
| | | नक्कली करार पत्र तयार गर्ने |
| | | वैदेशिक रोजगार व्यवसायीहरूले सरकारी कर्मचारीसँग मिलेमतो गरी वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूसँग वास्तविक लागतभन्दा बढी रकम उठाउने |
| | | अध्यागमन तथा वैदेशिक रोजगार विभाग अन्तर्गतका कार्यालयका कर्मचारीको मिलेमतोमा अनुचित लाभ लिई नेपालीहरूको नागरिकता तथा पासपोर्ट प्रयोग गरी विदेशी नागरिकहरूलाई वैदेशिक रोजगारीमा पठाउने |
| | | व्यक्तिगत श्रम स्वीकृतिको नाममा अनियमित तवरले स्वीकृति दिने |
| | | बदनियतपूर्ण निर्णयका अभिलेख र कागजातहरू अध्यागमन तथा वैदेशिक रोजगार विभाग अन्तर्गतका कार्यालयका कर्मचारीहरूले लुकाउने वा नष्ट गर्ने । |
| १० | **समाज कल्याण** | गैरसरकारी संस्थाहरूलाई स्वीकृति दिंदा अनियमितता गर्ने |
| | | अपाङ्ग नै नभएका व्यक्तिहरू अपाङ्गको प्रमाण पत्र लिई सरकारी सेवामा कार्यरत रहेको |
| | | कानूनबमोजिम सुविधा प्राप्त गर्नुपर्ने व्यक्तिले सुविधा नपाएको र सुविधा प्राप्त गर्नु नपर्ने व्यक्तिले सुविधा पाएको |
| | | संघसंस्था दर्ता वा नवीकरणको सिफारिस बापत प्राप्त रकम सरकारी खातामा जम्मा नगरी सम्बन्धित निकायका कर्मचारीले भ्रष्टाचार गर्ने । |
| ११ | **जल स्रोत** | विद्युत ऐन नियमविपरीत सर्वेक्षण अनुमति पत्र जारी गर्ने/अनुमति पत्र संशोधन गर्ने |
| | | न्यून गुणस्तरका ट्रान्सफर्मर जडान गरी नाजायज फाइदा लिने |

| | | |
|---|---|---|
| | | जलविद्युत् उत्पादनसम्बन्धी विद्यमान कानूनको परिपालनामा उदासीनता देखाउने |
| | | विद्युतीकरण गर्दा अतिरिक्त रकम लिने । |
| १२ | **कृषि** | नक्कली किसानहरूको नामावली तथा क्षतिको विवरण संकलन गरी राहत वितरण गर्ने |
| | | कृषि बीउबिजनको समुचित भण्डारण तथा उपयोग नगरी सार्वजनिक सम्पत्ति हानि नोक्सानी गर्ने |
| | | कृषि तथा पशु प्रसार सेवाको स्वीकृत वार्षिक कार्यक्रम नै सम्पन्न नगरी वा तोकेको परिणामभन्दा कम गरी बजेट हिनामिना गर्ने<br>कृषि तथा पशुबजार पूर्वाधार निर्माणमा कम काम गरी बढी बिल बनाउने |
| १३ | **विविध** | इजाजतपत्र दिंदा अनियमितता गर्ने |
| | | नक्कली हस्ताक्षर गरी वा नक्कली बिल भरपाई पेस गरी अनियमित तवरले दैनिक तथा भ्रमण भत्ताको रकम भुक्तानी लिने |
| | | अनियमित रूपमा काज खटाउने |
| | | नियमानुसार पाउने भन्दा ज्यादा सेवा सुविधा लिने |
| | | आर्थिक लाभ लिई सजाय घटाउने |
| | | बहालवाला निजामती कर्मचारीले अनियमित तरिकाले लेखापरीक्षण गर्ने |
| | | महालेखा परीक्षकको कार्यालयले औंल्याएका बेरुजु समयमै फछ्र्यौट नगर्ने |

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका उजुरीको व्यहोरा, उजुरी उपर आयोगबाट भएको अनुसन्धान, तहकिकात, अनुसन्धानका आधारमा विशेष अदालतमा दायर गरिएका मुद्दाहरू र आयोगबाट गराइएको नेपालमा भ्रष्टाचार र सुशासनको अवस्था सम्बन्धी अवधारणा सर्वेक्षणको अध्ययन विश्लेषण गर्दा सार्वजनिक क्षेत्रमा भ्रष्टाचारजन्य प्रवृत्ति र अनियमितताहरू निरन्तररूपमा दोहोरिइरहेको अवस्था देखिएको छ । यी विषयहरूमा सुधार गर्ने सन्दर्भमा आयोगबाट नेपाल सरकार र विभिन्न सार्वजनिक निकायहरूलाई पटकपटक सुझावहरू दिइएको भए तापनि दिइएका सुझावहरूको कार्यान्वयन प्रभावकारी हुन सकेको छैन । त्यसैगरी सार्वजनिक निकायमा कार्यरत कर्मचारी र पदाधिकारीहरूमा जिम्मेवारी र जवाफदेहिता बहन नगर्ने तथा समयमा निर्णय नगर्ने प्रवृत्ति हावी हुँदै गएको छ भने नियामक र अनुगमन गर्ने निकायका जिम्मेवार पदाधिकारीहरूबाट निर्धारित जिम्मेवारी पूरा भए गरेको देखिंदैन । यसबाट भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्नका लागि माथि उल्लिखित भ्रष्टाचारजन्य प्रवृत्तिहरूको विश्लेषण समेतका आधारमा प्रभावकारी नियन्त्रणात्मक उपायको अवलम्बन हुन अति आवश्यक देखिएको छ ।

# परिच्छेद- ६
# सुझावहरू

## ६.१ पृष्ठभूमि

नेपालको संविधानको धारा २९४ बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रत्येक वर्ष आफूले गरेका कामको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने र उक्त प्रतिवेदन प्रधानमन्त्रीमार्फत संसदसमक्ष प्रस्तुत गरी छलफलसमेत हुने प्रावधान रहेको छ । वार्षिक प्रतिवेदनमा मूलतः आयोगले वर्षभरि सम्पादन गरेका कामको विवरण, भ्रष्टाचार निवारणका सम्बन्धमा भएका उपलब्धि तथा सो सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधारको विवरण पनि उल्लेख गर्ने गरिन्छ । आयोगले वार्षिक प्रतिवेदन मार्फत नेपाल सरकारलाई भ्रष्टाचार नियन्त्रण, सुशासन र सदाचार पद्धतिको विकासका लागि भविष्यमा गरिनुपर्ने सुधारका सुझावहरू दिँदै आएको छ । आयोगले दिएका सुझावहरू अख्तियारको दुरुपयोग र भ्रष्टाचारजन्य कार्यको रोकथाम गरी मुलुकमा सुशासन कायम गर्ने दिशातर्फ लक्षित छन् । प्रशासनिक क्षेत्रमा देखिएका जिम्मेवारी पन्छाउने, समयमा कार्य सम्पन्न नगर्ने, जनतालाई दुःख र हैरानी दिने, तोकिएको समयमा कार्य सम्पादन नगर्ने, सार्वजनिक सम्पत्तिको हानि नोक्सानी र हिनामिना गर्ने लगायतका अनपेक्षित प्रवृत्तिहरूको रोकथामका लागि विभिन्न निकायले गनुपर्ने नीतिगत, संस्थागत तथा प्रक्रियागत सुधारका सम्बन्धमा सुझावहरू केन्द्रित रहेका छन् ।

## ६.२ विगतका सुझावहरूको कार्यान्वयनको अवस्था

आयोगले आर्थिक वर्ष २०७३ ।७४ को वार्षिक प्रतिवेदन मार्फत नेपाल सरकारलाई ७२ बुँदामा सुझावहरू दिएको थियो । आयोगले दिएका सुझावहरूको कार्यान्वयनका सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट सम्बन्धित निकायहरूसँग छलफल गर्ने सकारात्मक परिपाटीको थालनी भएको छ । आयोगले दिएका सुझावहरूको कार्यान्वयनका लागि केही निकायहरूबाट भए गरेका प्रयासहरूको जानकारी र केही निकायहरूबाट आगामी दिनमा गरिने कार्यहरूको कार्ययोजना आयोगलाई प्राप्त भएको छ । जसअनुसार गत वर्ष दिइएका सुझावहरूमध्ये आंशिक सुझावहरू कार्यान्वयन भएको अवस्था देखिएको छ । गत वर्ष दिइएका सुझावहरूको कार्यान्वयनको अवस्था देहायबमोजिम प्रस्तुत गरिएको छ :-

| मन्त्रालय | सुझावको विषय | सुझाव कार्यान्वयनको अवस्था |
|---|---|---|
| भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | बढी जनसम्पर्क हुने मालपोत नापीजस्ता कार्यालयहरूको अभिलेख व्यवस्थापन तथा सेवाप्रवाह सुधार | नापी कार्यालयहरूमा डिजिटल माध्यमबाट सेवा सञ्चालन भइरहेको र २९ वटा मालपोत कार्यालयहरूमा अनलाइन सेवा सुरु गरिएको । भूमि सुशासन मोबाइल एप्स सञ्चालनमा ल्याइएको । मालपोत कार्यालय कलंकीमा टोकन प्रणाली सुरु गरिएको । |
| वन तथा वातावरण | वन अतिक्रमण नियन्त्रण | वन अतिक्रमण नियन्त्रण रणनीति २०६८ स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको । |
| भौतिक पूर्वाधार तथा यातायात | पुराना सवारी साधनहरूलाई मापदण्ड तयार गरी हटाउने | बीस वर्ष पुगेका सवारी साधनलाई विस्थापन गर्ने कार्य सम्पन्न गरिएको । |
| | आयोजना व्यवस्थापकसँग कार्य सम्पादन सम्झौता | राष्ट्रिय गौरवका आयोजनाहरू लगायतका सम्पूर्ण योजनाहरूको सम्बन्धित योजना आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता गरी कार्य अगाडि बढाइएको। |
| कानून, न्याय तथा संसदीय मामिला | भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयनका लागि कानून निर्माण/परिमार्जन | साक्षी संरक्षणसम्बन्धी छुट्टै कानूनको मस्यौदा तयार गरिएको । |
| श्रम, रोजगार तथा | वैदेशिक रोजगारमा जाने जनशक्तिको | वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमार्फत सहायता प्रदान |

| | | |
|---|---|---|
| सामाजिक सुरक्षा | सुरक्षा | गर्ने कार्य भइरहेको । |
| सहरी विकास | स्मार्ट सिटी र सहरी बस्ती विकाससम्बन्धी एकीकृत ऐन निर्माण | सहरी विकास ऐन मस्यौदा चरणमा रहेको । |
| | एकीकृत बस्ती विकास | एकीकृत बस्ती विकासका लागि सातवटै प्रदेशमा अध्ययन कार्य गरेको । प्रदेश ७ को मार्तडीमा कार्य आरम्भ भएको । |
| उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | आयात प्रतिस्थापन तथा व्यापार घाटा न्यूनीकरण | व्यापार घाटा न्यूनीकरणको रणनीतिक कार्ययोजना तयार गरिएको । |
| गृह मन्त्रालय | जिल्ला प्रशासन जस्ता निकायका पुराना स्रेस्ता प्रणालीको नवीन प्रविधिको प्रयोगबाट **Computerized** गरी वैज्ञानिक अभिलेखीकरण | पुराना नागरिकताको विवरण कम्प्युटरमा प्रवृष्टि गर्ने कार्य भएको । **Citizenship Information Management System (CIMS)** मार्फत नागरिकता प्रमाणपत्र जारी गर्ने गरिएको । |
| | राष्ट्रिय परिचयपत्र **(National ID Card)** निर्माण | राष्ट्रिय परिचयपत्रका लागि पाँचथर जिल्लाका २१८४१ जना र सिंहदरबारमा कार्यरत २५०० जना कर्मचारीहरूको तथ्यांक संकलन एवं **Offline** विवरण तयार भएको । आर्थिक वर्ष ०७५/०७६ मा १५ जिल्ला छनोट गरिएको । |
| | सुरक्षा निकायमा हुने सरुवा बढुवालाई वैज्ञानिक बनाउन ऐन/नियमावलीमा संशोधन | प्रस्तावित "प्रहरी ऐनसम्बन्धी विधेयक" मा वृत्ति विकासलाई पारदर्शी बनाउन मस्यौदा तयार गरिएको । "गृह प्रशासन सुधार आयोजना २०७४" कार्यान्वयनमा रहेको । |
| | पर्यटन भिसाबाट नेपालमा आउने विदेशीहरूको अभिलेख व्यवस्थापन एवम् अनुगमन | नेपालमा रहेका विदेशी नागरिकहरूको अनुगमनका लागि "विदेशी नागरिक अनुगमन निर्देशिका २०७५" कार्यान्वयनमा रहेको । |
| अर्थ | यथार्थमा आधारित भन्सार मूल्यांकन र बिजकीकरण | कारोबारमा आधारित मूल्यांकन प्रणालीको प्रयोग हुँदै आएको । भारतबाट पैठारी हुने मालवस्तुका लागि **GST** बिललाई मूल्यांकनको अभिन्न आधार मानिएको । भन्सार जाँचपासपछिको परीक्षणको माध्यमबाट भन्सार मूल्यांकन परीक्षण गर्ने गरिएको । |
| | कर छली नियन्त्रण | **TSA** मार्फत सरकारी निकायबाट भुक्तानी लिने सबै करदाताको केन्द्रीय तथ्यांक प्राप्त गरी सो समेतको आधारमा कर परीक्षण गर्ने गरिएको । करतर्फ एकीकृत कर प्रणाली अन्तर्गत आय विवरण अनलाइनबाट पेस गर्दा रु. १ लाखभन्दा बढीको खरिद बिक्रीको विवरण अनिवार्य रूपमा प्रविष्टि गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको । |
| | कर विवाद समाधानका लागि आवश्यक व्यवस्था | कर फछ्यौंट आयोग ऐन २०३३, खारेज गरी पारदर्शी र अनुमानयोग्य मापदण्डका आधारमा स्थायी किसिमको विवाद समाधान संयन्त्र निर्माण गर्न पहल गरिएको । |
| | पुँजीबजारको स्थायित्व | पुँजीबजारलाई स्थायित्व प्रदान गर्न पुँजीबजारसम्बन्धी कानूनमा समयसापेक्ष संशोधन तथा आवश्यक कानून तर्जुमा भएको । |

| | | |
|---|---|---|
| | सार्वजनिक संस्थानहरूको व्यवस्थापन | सार्वजनिक संस्थानहरूको सवलीकरणका लागि सञ्चालन तथा व्यवस्थापन ऐन तर्जुमा गर्ने भन्ने व्यवस्था बजेट वक्तव्यमा समावेश भएको । सोही अनुसार ऐन तर्जुमा गरी संस्थान सुधार कार्य अघि बढाइने । |

गत वर्ष आयोगले दिएका सुधारका सुझावहरू केही मात्रामा कार्यान्वयन भई सुधारोन्मुख देखिए तापनि पूर्ण कार्यान्वयन हुन सकेको छैन । आयोगले दिएका सुझावहरूको पूर्ण कार्यान्वयनमा देहायबमोजिमका विभिन्न अवरोधहरू महसुस गरिएका छन् :-

- सुझावहरूको प्राथमिकीकरण र स्पष्ट खाकासहितको कार्ययोजनाको अभाव, पर्याप्त तयारीबिना नै कार्यान्वयनको प्रतिबद्धता,
- सरकारी निकायहरूबीच समन्वयको कमी,
- भ्रष्टाचार नियन्त्रणमा रणनीतिक योजनाको कमी,
- सुशासन कायम गर्न सम्बन्धित निकायको पूर्वक्रियाशीलताको कमी,
- सुशासन प्रवर्द्धनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारका क्षेत्रबीच सहकार्यको कमी,
- सुझाव कार्यान्वयनमा उपयुक्त संयन्त्र एवं संस्थागत व्यवस्थाको अभाव
- सार्वजनिक सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसक्नु,
- नीति नियमको परिपालनामा उदासीनता रहनु,
- सदाचार पद्धति संस्थागत हुन नसक्नु,
- अनुकरणीय र प्रतिवद्ध नेतृत्वको कमी,
- उचित दण्ड र पुरस्कारको व्यवस्था नहुनु,
- सुझाव कार्यान्वयनमा ढिलासुस्ती हुनु,
- नियमन गर्ने निकायबाट प्रभावकारी नियमन नहुनु,
- अनुगमन र मूल्यांकन प्रभावकारी नहुनु,
- संघीय शासन प्रणालीबमोजिम कार्यालयहरूको पुनर्संरचना र कर्मचारीहरूको समायोजनको कार्य समयमा सम्पन्न नहुनु,
- अनुचित कार्यको छानबिन गर्ने निकाय नतोकिएको हुँदा सुशासनमा अवरोध हुनु ।

सदाचार र सुशासन कायम गर्ने प्राथमिक दायित्व निहित रहेका नेपाल सरकारका सम्बन्धित निकायहरूले उल्लिखित अवरोध र समस्याहरूको निराकरण गरी आयोगले दिएका सुझावहरू कार्यान्वयन गर्ने अपेक्षा गरिएको छ । आगामी दिनमा भ्रष्टाचार र अनियमितताको पुनरावृत्ति नहोस् भन्नेतर्फ आयोग सचेत रहेको छ ।

## ६.३ भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न आयोगद्वारा प्रस्तावित सुझावहरू

लोकतान्त्रिक शासनप्रणालीमा जनअपेक्षा सम्बोधन गर्नका लागि सरकारले नीति निर्माण र कार्यान्वयन गर्दछ, जसबाट राज्यसंयन्त्रप्रति जनताको विश्वास बढेर जान्छ, कानूनको कार्यान्वयन सहज हुन्छ र सुशासन कायम हुन्छ । जनउत्तरदायी, पारदर्शी, जिम्मेवार, कामप्रति सजग, सेवाप्रति समर्पित सार्वजनिक पदाधिकारीहरूबाट मात्रै सुशासन कायम गर्ने कार्य सम्भव छ । सामाजिक न्याय, समावेशीकरण, सेवा सुविधाको सन्तुलित वितरण र जनचाहनाअनुरूपको सेवा प्रवाह गरी जनताको घरदैलोमा सरकारको उपस्थिति गराउनका लागि सरकारी र निजी क्षेत्रमा समेत भ्रष्टाचारप्रति शून्य सहनशीलता कायम हुन जरुरी छ । अहिले नेपालको शासकीय प्रणालीमा बहुआयामिक स्वरूपमा भ्रष्टाचार देखिएको छ । उदाहरणका लागि राजस्व असुली, सार्वजनिक खरिद प्रक्रिया, शिक्षा, स्वास्थ्य र जनताका प्रत्यक्ष सरोकार रहने क्षेत्रमा समेत देखिएको विचलनलाई लिन सकिन्छ । कानूनको उल्लंघन गरी नीतिगतरूपमा गरिने भ्रष्टाचार, आर्थिक अनियमितता र विकास निर्माणमा हुने भ्रष्टाचार मुलुकमा विकरालरूपमा देखा पर्दै आएको छ । नीतिगत भ्रष्टाचारले आर्थिक, सामाजिक क्षेत्रमा अस्थिरता र विचलन उत्पन्न गराएको छ । भ्रष्टाचारका कारण आर्थिक विकास, विकास निर्माण कार्य, सार्वजनिक सेवा प्रवाह, आन्तरिक सुरक्षा प्रणाली एवं सम्पदा संरक्षण ह्रासोन्मुख हुँदै गएको छ । भ्रष्टाचारबाट

आर्जित सम्पत्तिलाई सामाजिक रूपमा दुरुत्साहन हुन नसक्नु, उल्टै प्रतिष्ठा प्रदान गर्नुजस्ता कारणले पनि भ्रष्टाचारले प्रोत्साहन पाएको छ ।

सुशासन प्रवर्द्धन गर्ने कार्य आयोगको एकल प्रयासले मात्र सम्भव नहुने स्पष्ट छ, नियामक निकाय जस्तैः मन्त्रालय, विभाग र सरकार स्वयम् यसप्रति पूर्ण जिम्मेवार र जवाफदेही बन्नु जरुरी रहेको छ । यसका साथै विधायिकाबाट पारित ऐन, नियम र कानूनको पालना गरी भ्रष्टाचारमुक्त शासन कायम गर्न तदारुकता देखाउन आवश्यक छ । भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्नका लागि आयोगले सरकारी, गैरसरकारी र निजी क्षेत्र तथा नागरिक समाजलगायत सबैसँगको सहकार्य र समन्वयको समेत अपेक्षा गरेको छ । सुशासनबिना मुलुकमा दिगो शान्ति, विकास र समृद्धि सम्भव नहुने हुँदा भ्रष्टाचारजन्य क्रियाकलापलाई निरुत्साहित गर्दै सदाचार पद्धतिको प्रवर्द्धन गरी भ्रष्टाचारमुक्त समाज स्थापना गर्न देहायबमोजिमका सुझावहरू प्रस्तुत गरिएको छ :-

**(क) भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCAC) को कार्यान्वयनसम्बन्धी**

नेपालले १० डिसेम्बर २००३ मा महासन्धिमा हस्ताक्षर गरी २३ फेब्रुअरी २०११ मा महासन्धिको अनुमोदन गरिसकेको छ । महासन्धि अनुमोदन पश्चात भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९ को प्रभावकारी कार्यान्वयन, संवैधानिक निकायका रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, विशेष अदालत, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, राष्ट्रिय सतर्कता केन्द्र लगायतका निकायको सुदृढीकरण, महासन्धिको कार्यान्वयनसम्बन्धी रणनीति तथा कार्ययोजना, २०६९ तर्जुमा, पारस्परिक कानूनी सहायता ऐन २०७० तथा सुपुर्दगी ऐन २०७० तर्जुमा लगायतका कार्यहरू गरिएका छन् । महासन्धिमा भएका धेरै प्रावधानहरू अवलम्बन गरिएको भए तापनि महासन्धिको भावना अनुरूप केही कार्यहरू गर्न बाँकी नै रहेका छन् । भ्रष्टाचार नियन्त्रणका प्रयासलाई अझै बढी प्रभावकारी बनाउनका लागि महासन्धि अनुरूप देहायका व्यवस्था हुन उपयुक्त देखिएको हुँदा यसको व्यवस्था प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय लगायत अन्य सम्बद्ध निकायले मिलाउन सुझाव दिइएको छ :

१. महासन्धिको धारा ३२ मा भ्रष्टाचार नियन्त्रणसम्बन्धी मुद्दामा बकपत्र गर्ने साक्षी र विशेषज्ञ एवं उपयुक्तता अनुसार उनीहरूका नातेदार र अन्य निकटस्थ व्यक्तिहरूलाई सम्भावित दुर्व्यवहार वा त्रासबाट प्रभावकारी सुरक्षा प्रदान गर्न समुचित उपाय अवलम्बन गर्ने भन्ने व्यवस्था रहेको छ । महासन्धिको व्यवस्थाबमोजिम साक्षी र विशेषज्ञहरूको सुरक्षासम्बन्धी कानूनको तर्जुमा गरी कार्यान्वयन गर्ने ।
२. महासन्धिको धारा ३३ मा महासन्धिद्वारा स्थापित कसुरसँग सम्बन्धित कुनै तथ्यका विषयमा कुनै व्यक्तिले असल नियतले र तर्कसङ्गत आधारसहित कुनै सूचना पेस गरेमा निजका विरुद्ध कुनै अवाञ्छित व्यवहार हुनबाट सुरक्षा प्रदान गर्न कानूनी प्रणालीमा समुचित उपाय अवलम्बन गर्ने व्यवस्था रहेको छ । महासन्धिको प्रावधानबमोजिम सूचनादाताको सुरक्षासम्बन्धी कानूनको तर्जुमा गरी कार्यान्वयन गर्ने ।
३. महासन्धिको धारा ५ अन्तर्गत इमान्दारिता, पारदर्शिता र जवाफदेहिता कायम रहने गरी प्रभावकारी र समन्वयात्मक रूपमा भ्रष्टाचार विरोधी नीतिहरू तर्जुमा गरी लागू गर्ने व्यवस्था रहेको छ । महासन्धिले औंल्याए अनुसार सदाचार पद्धतिको विकास गर्न राष्ट्रिय सदाचार नीति (**National Integrity Policy**) तयार गरी लागू गर्ने । उक्त नीतिको सफल कार्यान्वयन गरी सार्वजनिक पदाधिकारीहरूको कामकारबाही उत्तरदायी र जीवनपद्धति सदाचारयुक्त बनाउन, सदाचार प्रवर्द्धनका आवश्यक उपाय पहिल्याउन र सदाचारलाई प्रोत्साहन गर्न प्रत्येक मन्त्रालय/विभागमा सदाचार एकाई गठन गरी सदाचार अधिकृत (**Integrity Officer**) समेत तोक्ने व्यवस्था सम्बन्धित मन्त्रालयले गर्ने, गराउने ।
४. महासन्धिको धारा १८ मा पदीय प्रभावको दुरुपयोग र धारा १९ मा कर्तव्यको दुरुपयोगलाई कसुरको रूपमा स्थापित गरी आवश्यक कानूनी वा अन्य उपाय अवलम्बन गर्ने भन्ने व्यवस्था रहेको छ । नेपाल अधिराज्यको संविधान, २०४७ र नेपालको अन्तरिम संविधान, २०६३ मा अनुचित कार्यसम्बन्धी उजुरी आयोगबाट हेरिने व्यवस्था रहेकोमा आयोगबाट हेर्दै आएको अनुचित कार्यको छानबिनको प्रावधान वर्तमान संविधानबाट हटाइएको र अर्को अधिकार प्राप्त निकायलाई सो कार्यको जिम्मेवारी नतोकिएको हुँदा सुशासन प्रवर्द्धनमा समेत यसको नकारात्मक असर देखिन थालेको छ । अनुचित कार्य र भ्रष्टाचार एक

अर्कामा अन्योन्याश्रित रूपमा सम्बन्धित रहेको तथा भ्रष्टाचारको विषयमा अनुसन्धान गर्दै जाँदा अनुचित कार्य देखिनसक्ने र अनुचित कार्यको सम्बन्धमा अनुसन्धान गर्दै जाँदा भ्रष्टाचार देखिनसक्ने स्थितिमा यी दुवै विषयलाई पृथकरूपमा हेर्न मिल्दैन । अनुचित कार्यलाई आयोगको क्षेत्राधिकारभित्र राख्न संविधानको संशोधनसमेत गरी आवश्यक कानूनी व्यवस्था गर्ने ।

५. महासन्धिको धारा ४५ मा सजाय पाएका व्यक्तिको हस्तान्तरण तथा धारा ४६ मा पारस्परिक कानूनी सहायता तथा भाग पाँच धारा ५१ देखि ५९ सम्म सम्पत्ति फिर्तासम्बन्धी व्यवस्था रहेको छ । साथै, पक्ष राष्ट्रहरूले अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धिका लागि द्विपक्षीय वा बहुपक्षीय सम्झौता वा प्रबन्ध गर्ने व्यवस्था छ । पारस्परिक कानूनी सहायता ऐन तथा सुपुर्दगी ऐन लागू भए तापनि पारस्परिक सहयोग प्रभावकारी हुन नसकेकोले आवश्यक द्विपक्षीय सम्झौता वा अन्य उपाय अवलम्बन गरी विदेशमा रहेका भ्रष्टाचारमा संलग्न व्यक्तिलाई झिकाउने तथा भ्रष्टाचारबाट आर्जित सम्पत्ति फिर्ता गर्ने व्यवस्था मिलाउने ।

६. महासन्धिको धारा ३०(२) ले सार्वजनिक पदाधिकारीहरूबाट उनीहरूलाई कार्यसम्पादन गर्न प्रदान गरिएका छुट वा क्षेत्राधिकारजन्य विशेषाधिकार र महासन्धिद्वारा स्थापित कसुरको प्रभावकारी अनुसन्धान, अभियोजन र न्यायनिरूपण बीच समुचित सन्तुलन स्थापित गर्न उपाय अवलम्बन गर्ने भन्ने व्यवस्था रहेको छ । नेपालको संविधानबमोजिम न्यायालय, नेपाली सेना, मन्त्रिपरिषदका नीतिगत निर्णय लगायतका विषय र क्षेत्र आयोगको क्षेत्राधिकारबाहिर रहेका छन् । सामान्य खरिदसम्बन्धी विषय पनि नीतिगत निर्णयका रूपमा मन्त्रिपरिदमा पेस गर्ने र सार्वजनिक निर्माणका कार्यमा नेपाली सेना संलग्न रहने/गराउने प्रवृत्तिलाई नियन्त्रण गर्न महासन्धिको भावनानुरूप सन्तुलनका लागि पहलकदमी लिने ।

७. महासन्धिको धारा ३६ मा भ्रष्टाचारको प्रतिरोधका लागि स्थापित विशिष्टीकृत निकायहरूलाई आवश्यक स्वतन्त्रता प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ । राष्ट्रिय सतर्कता केन्द्र, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभाग प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय अन्तर्गत रहेकाले यी निकायले स्वतन्त्रतापूर्वक कार्यसम्पादन गर्न नसक्ने हुँदा सम्बन्धित कानून संशोधन गरी यी निकायको पुनःसंरचना गर्ने । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग आयोग मातहत रहने व्यवस्था गर्ने ।

८. महासन्धिको धारा १२ मा निजी क्षेत्रको भ्रष्टाचार निवारणका लागि लेखापरीक्षण लगायतका व्यवस्थामा जोड दिइएको छ । त्यस्तै धारा २१ मा निजी क्षेत्रका निकायमा कार्यरत व्यक्तिका अनुचित लाभ पुऱ्याउने, माग्ने वा स्वीकार गर्नेजस्ता मनसायपूर्वक गरिएका कार्यलाई फौजदारी कसुर स्थापित गर्ने उपाय अवलम्बन गर्ने व्यवस्था रहेको छ । धारा ३४ मा भ्रष्टाचारका परिणामहरूलाई सम्बोधित गर्ने उपाय अवलम्बन गर्ने व्यवस्था रहेको छ । महासन्धि अनुरूप निजी क्षेत्रमा हुने घुसखोरी र रकम हिनामिना तथा निजी क्षेत्रको भ्रष्टाचारको परिणाम सम्बोधन गर्न आयोगको क्षमता सुदृढ गरी आयोगले हेर्ने कानूनी व्यवस्था गर्ने । साथै, स्वदेशी/विदेशी गैरसरकारी संस्थाहरूबाट हुने भ्रष्टाचारजन्य कार्य सम्बन्धमा समेत आयोगले अनुसन्धान गर्न सक्ने गरी कानूनमा व्यवस्था गर्ने ।

९. महासन्धिको धारा १३ अन्तर्गत विश्वविद्यालय एवम् विद्यालयस्तरीय पाठ्यक्रम लगायतका सार्वजनिक शिक्षा कार्यक्रममा भ्रष्टाचारप्रति असहिष्णुता पैदा गर्ने विषयवस्तु समावेश गर्नमा जोड दिनुपर्ने उल्लेख छ । भ्रष्टाचार र अनियमितता नियन्त्रण, सुशासन र सदाचारसम्बन्धी विषयवस्तुलाई समेटी विद्यालय र विश्वविद्यालय स्तरीय पाठ्यक्रममा समावेश गरी पठनपाठन गर्न सकिएमा दक्ष तथा असल नागरिक बनाउन सहयोग पुग्न जाने हुँदा यसतर्फ शिक्षा मन्त्रालयले पहलकदमी लिने । साथै माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको जिम्मेवारीमा पर्ने भएकोले यसका लागि स्थानीय तहले समेत पाठ्यक्रम समावेश गर्ने व्यवस्था मिलाउने । सार्वजनिक प्रशिक्षण केन्द्रहरूका पाठ्यक्रममा भ्रष्टाचार नियन्त्रण र सदाचार प्रवर्द्धनसम्बन्धी विषयवस्तु समावेश गर्ने व्यवस्थाका लागि सम्बन्धित मन्त्रालयले पहलकदमी लिने ।

१०. महासन्धिको धारा ७ अन्तर्गत राज्यको आर्थिक विकासको गतिलाई ध्यानमा राख्दै कर्मचारीहरूको पर्याप्त पारिश्रमिक र न्यायोचित तलबमान अभिवृद्धि गर्नमा जोड दिइएको छ । कर्मचारीहरूलाई दिइएको तलब सुविधा जीविकोपार्जनका लागि न्यून रहेको हुँदा उनीहरूको मनोबल उच्च राखी भ्रष्टाचारजन्य कार्य नियन्त्रणमा सहयोग पुऱ्याउन आवश्यक तलब तथा अन्य सुविधामा वृद्धि गर्न भ्रष्टाचार र सुशासनको

अवस्थासम्बन्धी अध्ययनले सुझावसमेत दिएको छ । भड्किलो सामाजिक व्यवहार र आकासिंदो बजारभाउले गर्दा कर्मचारीहरूलाई न्यून बेतनबाट परिवारको जीवनयापन गर्नमा कठिनाइ परेको छ । बजारमा भएको मूल्यवृद्धिको अनुपातमा कर्मचारीहरूको तलब सुविधामा वृद्धि गर्ने कार्यमा अर्थ मन्त्रालयले पहलकदमी लिने ।

११. महासन्धिको धारा ७ अन्तर्गत निजामती कर्मचारीहरू र उपयुक्त भएसम्म अन्य अनिर्वाचित सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको भर्ना वा नियुक्ति गर्दा सक्षमता, पारदर्शिता र वस्तुगत आधारहरू जस्तैः योग्यता, समन्याय र आर्जित क्षमताका सिद्धान्तहरूमा आधारित रहेर गर्नुपर्ने उल्लेख छ । सार्वजनिक संस्थाहरूमा खुला प्रतिस्पर्धाबाट रिक्त पदमा कर्मचारी भर्ना गर्नका लागि सञ्चालन गरिने परीक्षा तथा नतिजा प्रकाशन गर्ने कार्यमा अनियमितता भए गरेको गुनासो र उजुरी पर्ने गरेका छन् । तसर्थ, संस्थान लगायतका सार्वजनिक संस्थाहरूमा जुनसुकै सेवा समूह तथा प्राविधिक पदहरूको स्थायी पदपूर्ति गर्न लिइने अन्तर्वार्ता समेतका परीक्षाका सम्पूर्ण चरणहरूमा लोकसेवा आयोगले तोकेको मापदण्डबमोजिम गर्ने गराउने व्यवस्था मिलाउने ।

१२. महासन्धिको भावनाअनुरूप स्वार्थको द्वन्द्व नियन्त्रणसम्बन्धी कानून निर्माण गर्न आवश्यक छ । विद्यालय सञ्चालक शिक्षासम्बन्धी ऐन निर्माणमा र बैंक सञ्चालक बैंकसम्बन्धी ऐन निर्माणमा संलग्न हुने वा सार्वजनिक पदाधिकारी अवकाश हुने बित्तिकै निजी संघसंस्थामा आबद्ध हुने जस्ता प्रवृत्ति नियन्त्रण गर्न स्वार्थको द्वन्द्व नियन्त्रणसम्बन्धी ऐन निर्माण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले पहलकदमी लिने ।

**(ख) शासकीय सुधार/सुशासन प्रवर्द्धनसम्बन्धी**

१३. विद्यमान अवस्थामा इमान्दार र न्यून आय भएका व्यक्तिलाई निर्वाचनमा प्रतिस्पर्धा गर्न एवं विजय हासिल गर्न कठिन छ । खर्चिलो निर्वाचन प्रणालीका कारण लोकतन्त्रका आधारभूत मूल्यमान्यतामा नकारात्मक असर पर्नुका साथै यस्तो निर्वाचनबाट भ्रष्टाचार बढ्नसक्ने तथ्य औंल्याइएको पाइन्छ । भ्रष्टाचार न्यूनीकरणका लागि खर्चिलो निर्वाचन प्रणालीमा पुनरावलोकन आवश्यक छ । निर्वाचनका प्रमुख सरोकारवाला संस्था राजनीतिक दलहरूले चन्दा वा अनुदान बैंकिङ प्रणालीबाट मात्र लिने व्यवस्था गरी पारदर्शिता कायम गर्नका लागि दलहरूको आयव्यय बैंकिङ प्रणालीसँग आबद्ध गर्ने र निर्वाचनसम्बन्धी कानूनले तोकेको सीमाभित्र रही राजनीतिक दल तथा उम्मेदवारहरूबाट खर्च भए नभएको विषयमा प्रभावकारी अनुगमनको व्यवस्था मिलाउने ।

१४. नेपालमा उच्चपदस्थ पदाधिकारीहरूबाट बढी नीतिगत भ्रष्टाचार हुने गरेको सेवाग्राही सर्वेक्षणले देखाएको हुनाले जुनसुकै तहको नीतिगत भ्रष्टाचारलाई अनुसन्धानको दायरामा ल्याउन जरुरी देखिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनमा मन्त्रिपरिषद् वा त्यसको कुनै समितिबाट सामूहिक रूपमा गरिएको नीतिगत निर्णय सम्बन्धमा आयोगले कुनै कारबाही नगर्ने व्यवस्था भएको हुनाले मन्त्रालयबाट निर्णय गर्नुपर्ने सार्वजनिक खरिद सम्बन्धी विषयलाई समेत निर्णयका लागि मन्त्रिपरिषदमा पुऱ्याउने प्रवृत्ति पाइएको छ । मन्त्रिपरिषदमा पेस गरिने नीतिगत निर्णयहरूको स्पष्ट परिभाषा र व्याख्या एवं नीतिगत र प्रशासनिक निर्णयको सीमा निर्धारण गरी यस्तो प्रवृत्ति निरुत्साहित हुन आवश्यक देखिन्छ । नीतिगत निर्णयसम्बन्धी स्पष्ट कार्यविधि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले तयार गरी कार्यान्वयन गर्ने । प्रदेश मन्त्रिपरिषद वा स्थानीय तहबाट भए गरेका जुनसुकै नीतिगत भ्रष्टाचारका कार्यउपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्नसक्ने व्यवस्था गर्ने ।

१५. स्थानीय स्तरका विकास निर्माणजस्ता कार्य जनसहभागितामा गराउँदा स्थानीय समुदायमा विकास निर्माण कार्यप्रति अपनत्वबोध भई कम लागत र समयमा गुणस्तरीय कामसम्पन्न हुने अपेक्षा गरी उपभोक्ता समिति मार्फत गराउन सकिने व्यवस्था सार्वजनिक खरिद ऐनमा गरिएको छ । कानूनको भावना विपरीत विकास निर्माण जस्तै सडक, कुलो, विद्युतीकरणका कार्यहरू सञ्चालन गर्नका लागि गठित उपभोक्ता समितिका पदाधिकारीहरू दलीय आधारमा विभक्त हुने र पारदर्शिता, जवाफदेहितामा ध्यान नदिने परिपाटी विकास भएको छ । यसबाट उपभोक्ता समिति मार्फत गरिएका कार्यहरूमा निर्माण कार्यको परीक्षण नगर्ने, बढी भुक्तानी दिने, गुणस्तरहीन काम गर्ने र अनियमितता गर्ने प्रवृत्ति देखिएको छ । सार्वजनिक खरिद ऐनको

मर्मअनुरूप वास्तविक लाभग्राही सम्मिलित उपभोक्ता समितिको गठन, कानूनको परिपालना तथा उपभोक्ता समिति मार्फत गरिने कार्यको गुणस्तरीयता र सार्वजनिक वित्तीय स्रोतको अत्युत्तम उपयोगको सुनिश्चितता गर्ने व्यवस्था स्थानीय तहले मिलाउने ।

१६. राज्यको पुनर्संरचना पश्चात विभिन्न केन्द्रीय, क्षेत्रीय तथा जिल्ला स्तरका कार्यालयहरू खारेजीमा परेका वा गाभिएका छन् । जिल्लास्तरीय महत्वपूर्ण कार्यालयहरू स्थानीय तहमा मिलान भएका छन् । यी कार्यालयमा रहेका भौतिक सामग्रीहरू र महत्वपूर्ण अभिलेखहरूको संरक्षण, व्यवस्थापन गर्नुका साथै त्यहाँ कार्यरत विभिन्न सेवा समूहका कर्मचारीहरूको समायोजन गर्न आवश्यक छ । कार्यालय खारेजी वा समायोजनका कारण भ्रष्टाचारजन्य कार्यको अनुसन्धानका सिलसिलामा आवश्यक जानकारी तथा सूचनाहरू संकलन गर्न समेत अप्ठ्यारो परेको छ । यथाशीघ्र कार्यालय मिलान, कर्मचारी समायोजन तथा अभिलेख व्यवस्थापन गर्ने कार्यमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पहलकदमी लिने ।

१७. मुलुकमा सुशासन कायम गर्न संघ, प्रदेश र स्थानीय तहबीचको संगतिपूर्ण सहकार्य आवश्यक छ । संविधानले चुस्त र छरितो संघीय सरकार, समन्वयकारी प्रदेश सरकार र सेवा प्रवाहमा प्रभावकारी स्थानीय सरकारको परिकल्पना गरेको छ । संविधानबमोजिम तीन सरकारका नीति र कार्यशैलीमा व्यावहारिक रूपमै एकरूपता, सामाञ्जस्यता र सहकारिताको अभ्यास हुनुपर्ने देखिएको छ । यसका लागि आवश्यक नीति, संरचना र मानव संसाधनसम्बन्धी व्यवस्थापनका विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले र राजस्व असुली र प्राकृतिक स्रोतको बाँडफाँडका विषयमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगले यथाशीघ्र सहजीकरण गर्ने ।

१८. सुशासनको अनुभूति गराउन समाज र जनताका आवश्यकता अनुसार जिम्मेवार र उत्तरदायी भई अधिकारको प्रयोग गर्ने परिपाटीको संस्थागत विकास संघीय राज्य प्रणालीको प्रारम्भबाटै हुनु जरुरी छ । स्थानीयस्तरमा सुशासन कायम गर्न राजस्व र प्रशासनिक खर्च (सवारी साधन, तलब भत्ता आदि) सम्बन्धी सन्तुलित निर्णय लिनु आवश्यक छ । यस दिशामा देखिएका अन्योल र असहजता हटाउन अभिमुखीकरण, क्षमता अभिवृद्धि र पूर्वाधार विकाससम्बन्धी सहजीकरण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्ने ।

१९. स्थानीय तहमा सुशासनको अवरोधका रूपमा विकास निर्माणसँग सम्बन्धित कार्य समयमा सम्पन्न नहुनु, कागजात र अभिलेख दुरुस्त नहुनु, स्थलगत निरीक्षण र अनुगमन नहुनु, लेखा व्यवस्थित नहुनु, लामो समयसम्म पेश्की फछ्र्यौट हुन नसक्नुजस्ता समस्याहरू रहेको देखिन्छ । अरबौं रकम विनियोजन भई खर्च हुने गरेको सामाजिक सुरक्षा भत्ताको वितरण तथा अभिलेख व्यवस्थापन प्रभावकारी नहुनुका कारण विनियोजित रकमको दुरुपयोग र भ्रष्टाचारसमेत हुने गरेको छ । मृत्युदर्ता/पुनः विवाह दर्ता नगराउनु, मृत्यु भइसकेका र पुनः विवाह गरेका एकल महिलाको नाममा खर्च लेख्नु, अपांगता वर्गीकरणमा अनियमितता गर्नुजस्ता समस्याहरू देखिएका छन् । यस्ता समस्याहरूको समाधानका लागि जनताको समीपमा रहेका स्थानीय सरकारले अभिलेख व्यवस्थापन र अनुगमन प्रणाली प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ । गाउँपालिका तथा नगरपालिका कार्यालयहरू स्थानीय मानवीय तथा प्राकृतिक संसाधनको अभिलेख अद्यावधिक राख्नुपर्ने निकायसमेत भएको हुँदा नवगठित स्थानीय तहले अभिलेख व्यवस्थापन, लेखा व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली र अनुगमन प्रणाली प्रभावकारी बनाउने व्यवस्था मिलाउने र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सहजीकरण गर्ने ।

२०. सुन तस्करी, अपहरण, बलात्कार, हत्या लगायतका जघन्य अपराधका घटनाहरू नियन्त्रण गरी शान्ति सुरक्षा र सुशासनको अनुभूति गराउनु आजको आवश्यकता हो । यस्ता प्रकृतिका अपराधजन्य कार्यहरूलाई नियन्त्रण गर्नका लागि नेपाल प्रहरीमा व्यावसायिकता र अनुसन्धान कुशलता अभिवृद्धि गरिनुका साथै सुरक्षा संयन्त्रको मनोबल उच्च राख्न निष्पक्ष वृत्तिविकासका अवसर उपलब्ध गराउनु आवश्यक छ । अनुसन्धान सहजताका लागि आवश्यक नीतिगत सुधार, नवीन उपकरण तथा प्रविधिको प्रयोग र क्षमता अभिवृद्धिका लागि गृह मन्त्रालयले व्यवस्था मिलाउने । साथै, सरुवा, बढुवाका वस्तुगत मापदण्ड बनाई निष्पक्षरूपमा लागू गर्ने ।

२१. संघीय शासन प्रणालीको सुदृढीकरणका लागि ऐनकानून निर्माण, संशोधन र खारेजी गर्ने कार्य भइरहेको छ । यसै क्रममा, मुलुकी ऐनका प्रावधानहरूलाई अद्यावधिक र समयसापेक्ष बनाई चारवटा महत्वपूर्ण नयाँ ऐन जारी गरिएका छन् । एकैपटक कानुनमा धेरै परिमार्जन गरिंदा ऐनका प्रावधानबारे प्रचारप्रसार गर्नुपर्ने आवश्यकता रहेको छ । ऐनको परिपालनामा प्रभावकारिता ल्याई अनुशासन, सदाचार र सुशासन कायम गर्नका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले कानूनहरूको बारेमा सचेतना अभिवृद्धि गर्न आवश्यक व्यवस्था मिलाउने ।

२२. संघीय शासन प्रणाली अनुरूपको राज्यको पुनर्संरचनामा संघ, प्रदेश र स्थानीय तहमा रहने मन्त्रालय, विभाग र कार्यालयहरूको निर्धारण गरिंदा संघीय सरकारमा रहने गरी तोकिएका केही विभागहरूको औचित्य पुष्टि हुनसकेको देखिंदैन। जिल्लास्थित कार्यालय नै नभएका विभागसमेत संघीय सरकार अन्तर्गत रहने गरी पुनर्संरचना गरिएको छ । जिल्लामा कार्यालय नै नभएका विभागहरूको औचित्यका बारेमा पुनरावलोकन गरी यथार्थपरक पुनर्संरचना गर्ने व्यवस्था संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले मिलाउने ।

**(ग) सार्वजनिक खरिद तथा आयोजना व्यवस्थापनसम्बन्धी**

२३. सार्वजनिक खरिदमा पारदर्शिता, निष्पक्षता, स्वच्छता र प्रतिस्पर्धा कायम गर्न ऐन तथा नियमावलीमा गरिएका व्यवस्थाहरूको उचित परिपालनामा समस्याहरू देखिएका छन् । उदाहरणका लागि १ लाखभन्दा बढी ५ लाखसम्मको खरिद गर्दा कम्तीमा तीनवटा संस्थाबाट प्रस्ताव माग गर्नुपर्ने व्यवस्था विपरीत एउटै संस्थाले संकलन गरी पेस गरेका तीनवटा प्रस्तावबमोजिम खरिद कार्य गर्ने प्रवृत्ति देखिएको छ । त्यस्तै, टेन्डरको सूचनाबमोजिम आर्थिक प्रस्ताव पेस गर्दा एक वा एकभन्दा बढी आइटमको दर बजार मूल्यभन्दा अस्वाभाविक रूपमा न्यून राखी प्रस्ताव पेस गर्ने र छनौट भएपछि गुणस्तर कायम नगर्ने प्रवृत्तिको विकास भइरहेको छ । यसबाट सार्वजनिक खरिदका क्रममा बनाइने लागत अनुमान र कुनै फर्म वा कम्पनीले पेस गर्ने प्रस्तावहरू यथार्थपरक बनाइनु जरुरी देखिन्छ । खरिद ऐननियमको परिपालनामा देखिएका समस्या तथा प्रवृत्तिहरूको अनुगमन तथा अध्ययन विश्लेषण गरी लागत अनुमान र आर्थिक प्रस्तावका आधार एवम् मापदण्ड, खरिद प्रक्रिया र प्रस्ताव मूल्यांकनसम्बन्धी कानून वा कार्यविधि निर्माण/परिमार्जन लगायत आवश्यक सुधारका कदम चाल्नेतर्फ सार्वजनिक खरिद अनुगमन कार्यालयले पहलकदमी लिने ।

२४. सार्वजनिक निर्माणका लागि ड्रइङ, डिजाइन तथा स्पेसिफिकेसन बनाउँदा कानूनी व्यवस्थाबमोजिम सम्भाव्य विकल्प र जोखिमको पर्याप्त विश्लेषण गरी कार्यस्थलको भौगोलिक अवस्थिति र कार्य प्रकृतिका आधारमा निष्पक्षता र प्रतिस्पर्धा सुनिश्चित हुने गरी बनाउनुपर्ने र निर्माण सम्झौता पश्चात कार्यान्वयनको चरणमा स्वीकृत स्पेसिफिकेसन बमोजिम कार्य भए/नभएको नियमित अनुगमन गर्नुपर्ने आवश्यकता रहन्छ । यस विपरीत प्रतिस्पर्धालाई सीमित बनाउने गरी स्पेसिफिकेसन बनाउने, निश्चित ठेकेदारहरूलाई मात्र मिल्ने गरी बनाउने वा निर्माणको चरणमा निर्माण व्यवसायीको माग बमोजिम डिजाइन परिवर्तन गर्ने लगायतका प्रवृत्ति समेत देखिएका छन् । यस्ता प्रवृत्तिलाई निरुत्साहित गर्नका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्माणसम्बन्धी प्राविधिक स्पेसिफिकेसन, ड्रइङ, डिजाइनको वस्तुपरक मापदण्ड एवं कार्यान्वयन तथा अनुगमन कार्यविधि बनाई कार्यान्वयनमा ल्याउने ।

२५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, प्रहरी/सशस्त्र प्रहरी कार्यालय, नगरपालिका लगायतका सार्वजनिक निकायहरूबाट गरिएका केही सार्वजनिक खरिदसम्बन्धी कार्यहरूमा एकै पटक बोलपत्रको माध्यमबाट सम्पादन गर्नुपर्ने निर्माण कार्य टुक्रा टुक्रा गरी गर्ने गराउने, टेण्डर आह्वान नगरी सोझै सम्झौता गरी ठेक्का दिने, त्रुटिपूर्ण तरिकाले लागत अनुमान तयार गरी स्वीकृत गर्ने र भेरिएसन आदेश जारी गरी लागत वृद्धि गर्ने जस्ता प्रवृत्तिहरू देखिएका छन् । यस्ता प्रवृत्तिलाई निरुत्साहित गर्न भेरिएसन दिनुपर्ने आधार र मापदण्ड निर्धारण गर्ने, भेरिएसनसहितको अंकलाई लागत अनुमानको अंक बनाउने, कानूनी व्यवस्थाविपरीत खरिद गर्ने उपर कारबाही गर्ने तथा खरिद कार्यको प्रभावकारी अनुगमन गर्ने व्यवस्था सम्बन्धित निकायले मिलाउने ।

२६. निर्माण व्यवसायीहरूमा क्षमताभन्दा बढी आयोजना लिने, निर्धारित समयभित्र काम सम्पन्न नगर्ने, म्याद थपका लागि निवेदन दिने, सम्झौतामा तोकिएका सर्त उल्लंघन गर्ने, हर्जाना नतिर्ने, भेरिएसन गराउने र

ठेक्का लिएर आयोजना अलपत्र पार्नेजस्ता प्रवृत्तिहरू पाइएका छन् । यस्ता कार्यबाट भ्रष्टाचार र अनियमिततालाई प्रश्रय पुग्ने र गुणस्तरहीन निर्माण कार्यबाट दुर्घटना हुनसक्ने सम्भावना रहन्छ । सार्वजनिक निर्माण कार्यको जिम्मेवारी पाएका निर्माण व्यवसायीहरूको मूल्यांकन गरी निर्धारित समय, लागत, परिमाण र गुणस्तरमा काम नगर्ने निर्माण व्यवसायीहरू उपर आवश्यक कारबाहीका लागि सम्बन्धित निकायले पहलकदमी लिनु आवश्यक देखिन्छ । निर्माण व्यवसायीहरूको प्रतिस्पर्धात्मक क्षमता र कार्यकुशलता तथा उनीहरूसँग रहेका ठेक्काहरूको विवरणसम्बन्धी तथ्यांक सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइटमा राख्ने व्यवस्था गरी निर्माण व्यवसायीको ठेक्का कार्यान्वयन गर्ने क्षमता (**Bid Capacity)** को मूल्यांकन/विश्लेषणका आधारमा मात्र ठेक्का दिने व्यवस्था सम्बन्धित निकायले मिलाउने । निर्माण व्यवसायीले मोबिलाइजेसन पेश्की लिई दुरुपयोग गर्ने प्रवृत्ति नियन्त्रण गर्न मोबिलाइजेसन पेश्कीलाई कार्यप्रगतिसँग आबद्ध गरी किस्ता किस्तामा उपलब्ध गराउने व्यवस्था गर्ने ।

२७. विकास आयोजना निर्धारित समयमा सम्पन्न नहुने समस्याका कारण विकास खर्च कम भएको र त्यसले समग्र आर्थिक विकास र सेवाप्रवाहमा असर पारिरहेको मात्र नभई आयोजनाको म्याद थप्दै जाँदा खर्च पनि बढ्दै जाने गरेको स्थिति छ । हरेक आयोजना एउटा छुट्टै विशिष्ट कार्य भएको र यसको प्रारम्भदेखि अन्त्यसम्मका कार्यहरू नियोजित हुने हुँदा आयोजना व्यवस्थापकसँग कार्यसम्पादन सम्झौता गरी जिम्मेवार बनाई आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउन आवश्यक छ । साथै, आयोजना व्यवस्थापकहरूसँग भ्रष्टाचारप्रति शून्य सहनशीलना र सदाचार पद्धति कायम गर्ने विषयमा प्रतिबद्धता गर्न लगाई त्यसको अनुगमन गर्ने व्यवस्था मिलाउने । आयोजनाको लक्ष्यको तुलनामा हासिल भएको प्रगतिको विवरण नियमित रूपमा वेबसाइटमा समेत राख्ने व्यवस्था मिलाउने । आयोजना व्यवस्थापनमा देखिने जटिल समस्याहरू, जस्तैः वन, वातावरण, जग्गा अधिग्रहण र मुआब्जासम्बन्धी विवाद तथा टेलिफोन/बिजुलीको पोल सार्ने कार्यमा शीघ्रता ल्याउन सम्बन्धित निकायहरूको प्रतिनिधित्व रहने सहजीकरण संयन्त्र गठन गर्ने । जग्गा प्राप्ति, वातावरणीय प्रभावको अध्ययन, रूख काट्ने स्वीकृति र संरचना हटाउने/सार्ने (**Utility Shifting)** समेतका कार्यहरू सम्पन्न गरी योजना तयारी चरणका कार्यहरू पूरा भइसकेपछि मात्र निर्माण व्यवसायीसँग सम्झौता गर्ने ।

२८. सार्वजनिक खरिदमा अझै पनि मिलेमतो प्रमुख समस्याका रूपमा रहेको छ । निर्माण व्यवसायीहरूको बीचमा हुने मिलेमतोलाई निरुत्साहित गर्न इ-टेन्डर प्रणालीलाई अझै सुदृढ गरी व्यापक बनाउनु आवश्यक छ । फर्म/कम्पनी छनौट भइसकेपछि सम्झौता गर्दा सम्झौताका बुँदाहरूमा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता कायम गर्ने प्रतिबद्धता समेत राख्ने र सम्झौता बमोजिम कार्य सम्पन्न नगर्ने नगराउने विरुद्ध सम्बन्धित निकायले नियमित अनुगमन गरी कडा कारबाही गर्ने व्यवस्था मिलाउने ।

२९. विभिन्न मन्त्रालय/निकायहरूका जिन्सी शाखा र खरिद इकाइहरूबाट भए/गरेका अनियमितताहरूको विवरण बारम्बार पत्रपत्रिकाहरूमा प्रकाशित हुने गरेको छ । कानूनबमोजिम गठित सार्वजनिक खरिद एकाइहरूको कार्यसम्पादनको अनुगमन गर्ने व्यवस्था सार्वजनिक खरिद अनुगमन कार्यालयले मिलाई आवश्यक कारबाही गर्नुका साथै सुधारका सुझावसमेत दिने र सो बमोजिम सम्बन्धित निकायले सुधार गर्ने । खरिद इकाइमा खरिदसम्बन्धी तालिम लिएका जनशक्तिलाई राख्ने व्यवस्था गर्ने ।

३०. सार्वजनिक निकायले उचित ठानेको जुनसुकै काममा पनि पूर्व योग्यता (**Pre-qualification)** निर्धारण गरी खरिद कारबाही गर्न सक्ने परिपाटीले प्रतिस्पर्धालाई सीमित बनाएको हुँदा सार्वजनिक निकायले स्वविवेकमा पूर्व योग्यता निर्धारण गर्न सक्ने व्यवस्था हटाई सार्वजनिक खरिद अनुगमन कार्यालयले जटिल र ठूला भनी परिभाषित गरेका निर्माण कार्यलाई मात्र पूर्व योग्यता निर्धारण गरी खरिद गर्ने व्यवस्था मिलाउने ।

३१. सुरक्षित मुद्रण संचालनसम्बन्धी स्पष्ट कानून तथा मापदण्डको अभावमा स्वदेशी मुद्रण उद्योगले सरकारी निकायबाट आह्वान भएमा सुरक्षित मुद्रणसम्बन्धी छपाइ कार्यमा प्रतिस्पर्धामा सहभागी हुन नपाउने र सुरक्षित मुद्रणसँग सम्बन्धित छपाइका लागि ठूलो धनराशि वैदेशिक मुद्रामा विदेशी कम्पनीलाई भुक्तानी गर्नुपर्ने अवस्थाको अन्त्य गर्न सुरक्षण मुद्रणका विभिन्न पक्षहरू जस्तै प्रतिस्पर्धा, विश्वसनीयता, गुणस्तरीयता, पारदर्शिता, लागत प्रभावकारिता जस्ता पक्षहरूलाई दृष्टिगत गर्दै आवश्यक पूर्वाधारको

निर्माण गरी स्वदेशी उद्योगहरूले समेत प्रतिस्पर्धामा सहभागी हुन सक्ने वातावरण सम्बन्धित निकायले मिलाउने ।

**(घ) जनसम्पर्क बढी हुने कार्यालयको सेवाप्रवाह सुधारसम्बन्धी**

३२. आयोगबाट गरिएको सेवाग्राही सर्वेक्षणबाट मालपोत, नापी कार्यालयहरूमा घुसखोरी अत्यधिक देखिएकोले यस्तो प्रवृत्तिको नियन्त्रणका लागि पारदर्शिता अभिवृद्धि, प्रविधिको उपयोग, कार्यविधि सरलीकरण तथा कर्मचारी व्यवस्थापनका कार्यमा ध्यान दिनु जरुरी छ । सूचना प्रविधिको उपयोग गरी अनलाइनबाट समेत निवेदन लिने व्यवस्था गर्ने, त्यस्ता निवेदनउपर कारबाही हुने समयावधि तोकी सो समयमा सेवाग्राहीहरूलाई सेवा प्रदान गर्ने, क्यू प्रणाली **(Queue System)** अपनाई पहिले आउने सेवाग्राहीलाई पहिलो सेवा (**First Come First Service**) को व्यवस्था गर्ने, प्रविधिको प्रयोगलाई सेवाग्राहीमैत्री बनाउने, बिचौलिया व्यवस्थापन गर्ने लगायतका आवश्यक र उपयुक्त उपाय अवलम्बन गरी प्रणाली विकासबाट भ्रष्टाचार रोकथाम गर्ने व्यवस्था भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले मिलाउने ।

३३. सेवाग्राहीले सरकारलाई राजस्व/दस्तुर बुझाउने क्रममा पनि दुख र झञ्झट व्यहोर्नुपरेको अवस्था देखिन्छ । यस्तो अवस्थामा सुधार गरी सम्भव भएसम्म सेवाग्राहीले सरल तरिकाले अनलाइनबाटै सबै किसिमका राजस्व/दस्तुर बुझाउने व्यवस्था सम्बन्धित निकायले मिलाउने ।

३४. सेवाग्राहीहरूले विभिन्न सेवा प्रदान गर्ने संस्था, पदाधिकारी र प्रक्रिया जस्ता विषयमा यथोचित सूचना र जानकारी पाउन नसकिरहेको अवस्था देखिएको छ । विशेष गरी संघीय राज्यप्रणालीमा सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरूको जिम्मेवारीमा हेरफेर भई केही नयाँ निकायहरू स्थापना भएको, केही खारेज भएको र केही निकायहरूको पुनर्संरचना गरिएको हुँदा यससम्बन्धी सूचना प्रवाह हुनु जरुरी देखिन्छ । सुसूचित नभएका सेवाग्राही ठगिने सम्भावना हुने हुँदा संघीय संरचनामा अधिकार र जिम्मेवारीको बाँडफाँडका बारेमा विभिन्न संचारका माध्यम, वेबसाइट, सामाजिक संजाल र नागरिक बडापत्रको माध्यमबाट नागरिकहरूलाई सुसूचित गराउने व्यवस्था सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मिलाउने ।

३५. सार्वजनिक निकायमा जवाफदेहिता एवं पारदर्शिता अभिवृद्धि भएमा भ्रष्टाचारजन्य कार्य निरुत्साहित भई सुशासन र विधिको शासनलाई प्रोत्साहन पुग्छ । नागरिकहरूलाई सुसूचित गर्न सार्वजनिक सेवा प्रवाह गर्ने प्रायःजसो निकायले नागरिक बडापत्रको व्यवस्था गरेको पाइन्छ । नागरिक बडापत्र समय समयमा अद्यावधिक गरी बडापत्रमा उल्लेख भएबमोजिमको समयमा नै सेवाप्रवाह गर्ने गराउने व्यवस्था सम्बन्धित निकायबाट हुनु आवश्यक छ । जनसम्पर्क बढी हुने कार्यालयहरूमा उक्त कार्यालयबाट दिइने सेवाको जानकारी सहितको सेवाग्राहीमैत्री **Digital Display** को व्यवस्था समेत गर्ने । नागरिक बडापत्रलाई कार्यालयको वेबसाइटमा राखी इन्टरनेटमार्फत जनताको पहुँच तथा जनसहभागिता अभिवृद्धि गर्ने व्यवस्था समेत मिलाउने ।

३६. डिजिटल शासन (**Digital Governance**) लाई प्रभावकारी रूपमा संचालनमा ल्याउन सकेमा असल प्रशासन स्थापित भई सार्वजनिक सेवाको गुणस्तरमा वृद्धि हुने र भ्रष्टाचार न्यूनीकरण गर्नमा समेत सघाउ पुग्ने हुँदा सूचना प्रविधिको प्रयोग बढाउन कार्ययोजना बनाई कार्य अगाडि बढाइनुपर्दछ । भ्रष्टाचारका बढी उजुरी पर्ने कार्यालयहरू, जस्तै- मालपोत तथा नापी, गाउँपालिका तथा नगरपालिका, यातायात व्यवस्था, जिल्ला प्रशासन, वन, शिक्षा, स्वास्थ्य आदिमा ई-सफ्टवेयर प्रोग्रामिङको विकास गर्ने, मोबाइल एप्सको प्रविधि प्रयोग गरी सेवाप्रवाहको जानकारी लिने दिने कार्य परीक्षणको रूपमा सुरु गर्ने, ई-हाजिरीको व्यवस्था लागू गर्ने र **CC Camera** को माध्यमबाट निगरानी गर्ने कार्य थप व्यवस्थित बनाउने ।

३७. वैदेशिक रोजगार विभागको आन्तरिक कार्य संचालन निर्देशिकामा विभागमा आउने सेवाग्राहीमध्ये पहिले आउने सेवाग्राहीलाई पहिलो सेवा (**First Come, First Service)** प्रदान गर्न टोकन प्रणालीलाई व्यवस्थित रूपमा कार्यान्वयन गरिने उल्लेख भए तापनि विभागको काठमाडौं कार्यालयमा वैदेशिक रोजगारका लागि स्वीकृति लिने सेवाग्राहीहरूले झञ्झट व्यहोर्नुपरेको, दलालहरू मार्फत अतिरिक्त रकम बुझाउनु परेको र सेवा प्रवाहको परिपाटी अव्यवस्थित र अपारदर्शी भएको पाइएको छ । निर्देशिकाको परिपालना गरी कार्य प्रणालीमा तत्काल सुधार ल्याउने व्यवस्था श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मिलाउने ।

**(ङ) सामाजिक क्षेत्र सुधारसम्बन्धी**

३८. भ्रष्टाचार नियन्त्रणका लागि शिक्षा, स्वास्थ्यजस्ता आधारभूत सेवाहरू सर्वसुलभ र सस्तो हुनु आवश्यक छ । यस्ता आधारभूत सेवाहरूमा न्यून आय भएका व्यक्तिहरूको पहुँच सुनिश्चित गर्नका लागि सरकारी विद्यालय र अस्पतालहरूको गुणस्तर अभिवृद्धि जरुरी छ । निजी शिक्षण र स्वास्थ्य संस्थाहरू अत्यन्तै महँगो भएको हुँदा सम्बन्धित निकायले आवश्यक मापदण्ड र कार्यविधि निर्धारण गरी स्वास्थ्य र शिक्षा सेवा व्यवस्थित बनाउनु समेत आवश्यक छ । शिक्षा र स्वास्थ्य क्षेत्रलाई नाफामूलक व्यवसायका रूपमा नभई सेवामुखी क्षेत्रमा रूपान्तरण गर्न सम्बन्धित मन्त्रालयले पहल गर्ने ।

३९. विद्यालय शिक्षातर्फ शिक्षक नियुक्तिमा अनियमितता गरी आफ्नो मान्छे भर्ना गर्ने, विद्यालयको आयव्यय सार्वजनिक नगर्ने, विद्यालयको वित्तीय कारोबार बैंक मार्फत नगर्ने, बरबुझारथ नगर्नेजस्ता ठूलो संख्यामा उजुरी आयोगमा पर्ने गरेका छन् । संघीयतामा विद्यालय शिक्षाको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा गएको हुँदा स्थानीय स्तरबाटै घनीभूत अनुगमन गरी विद्यालय शिक्षामा गुणस्तरीयता, पारदर्शिता, निष्पक्षता र जवाफदेहिताको विकास गर्नु जरुरी छ । यसका लागि हरेक स्थानीय तहले विद्यालय सुधार कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउने र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सहजीकरण गर्ने ।

४०. स्वास्थ्य क्षेत्रमा कर्मचारी व्यवस्थापन तथा जिन्सी व्यवस्थापनका क्षेत्रमा विभिन्न समस्याहरू देखिएका छन् । कर्मचारी/स्वास्थ्यकर्मीहरूको सरुवा, पदस्थापन, बिदा, अभिलेख, विभागीय सजायजस्ता कर्मचारी प्रशासनका विविध पक्षहरूमा कानूनी व्यवस्थाको परिपालना गर्नु गराउनु जरुरी छ । त्यस्तै, मागभन्दा बढी औषधी उपकरण खरिद गर्ने, निशुल्क औषधी आपूर्ति, भण्डारण र वितरणको समुचित प्रबन्ध नगर्ने, म्याद नाघेका औषधी राख्ने, सार्वजनिक सम्पत्तिको हानि नोक्सानी/हिनामिना गर्ने लगायतका अनियमितताहरू नियन्त्रण गर्न जरुरी देखिन्छ । यस्ता अनियमितता र भ्रष्टाचारजन्य प्रवृत्तिलाई निरुत्साहित गर्नका लागि अनियमिततामा संलग्न कर्मचारीलाई कारबाही गर्ने व्यवस्था स्वास्थ्य मन्त्रालयले मिलाउने । जीवनका लागि अत्यावश्यक औषधीमा लिइने अनुचित नाफालाई नियन्त्रण गर्न स्वास्थ्य मन्त्रालये नीति र मापदण्ड बनाई लागू गर्ने ।

४१. विदेशी मित्रराष्ट्रहरूबाट प्राप्त हुने छात्रवृत्तिहरूमा निष्पक्षरूपमा र पर्याप्त प्रतिस्पर्धाका आधारमा योग्य विद्यार्थी छनौट गरिनु आवश्यक छ । यसका लागि अर्थ मन्त्रालय र परराष्ट्र मन्त्रालयसँग समेत समन्वय गरी छात्रवृत्तिको विवरणसहितको वार्षिक कार्य तालिका प्रत्येक आर्थिक वर्षको सुरुमै वेबसाइट तथा राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित गर्ने व्यवस्था शिक्षा मन्त्रालयले मिलाउने । साथै, वैदेशिक छात्रवृत्तिमा छनौट भएका विद्यार्थीहरूको विद्युतीय अभिलेख अनिवार्य रूपमा राखी अध्ययन पश्चात निजहरूले गरेको कबुलियतनामा अनुसार नेपाल फर्की सेवा गर्ने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेतको संयन्त्र बनाई अनुगमन गर्ने व्यवस्था मिलाउने । स्वदेशमा चिकित्सा शिक्षा अध्ययनमा विद्यार्थी छनौट, शुल्क निर्धारण र आधारभूत मापदण्डको पालनामा देखिएका बेथिति नियन्त्रण गरी योग्यता प्रणालीका आधारमा विद्यार्थी छनौट तथा आधारभूत सेवा सुविधासम्बन्धी मापदण्डको पालना भए नभएको विषयमा अनुगमन गरी दोषीउपर कारबाही गर्ने व्यवस्था प्रभावकारी बनाउने ।

४२. गैरसरकारी संस्थाहरूका नाममा सिर्जना भएका अपारदर्शी र अनुत्तरदायी क्रियाकलापले भ्रष्टाचारलाई बढावा दिएको हुँदा यस्ता विकृति निर्मूल गरी थप व्यवस्थित बनाउन सम्बन्धित निकायबाट प्रभावकारी नियमन र अनुगमन हुन जरुरी छ । गैरसरकारी संस्थाको उद्देश्य, कार्यप्रणाली र लगानीको स्रोत स्पष्ट गरेर मात्र स्वीकृति दिने व्यवस्था सम्बन्धित निकायले मिलाउने ।राज्यको पुनर्संरचना पश्चात गैरसरकारी संस्थाको परिचालन र अनुगमनसम्बन्धी अधिकार स्थानीय तहमा समेत रहेको हुँदा स्थानीय तहबाट प्रभावकारी स्थलगत अनुगमन हुन जरुरी छ । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू मार्फत प्राप्त हुने रकम राष्ट्रिय बजेट प्रणालीमा आवद्ध गरेर मात्र खर्च गर्ने पद्धतिको विकास महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र अर्थ मन्त्रालयले मिलाउने ।

४३. मुलुकमा बेरोजगारी प्रमुख समस्याका रूपमा रहेको छ । बिचौलिया बढ्नुको एउटा कारण बेरोजगारी पनि हो । सेवाग्राहीहरूको बढी चाप हुने कार्यालयहरूमा बिचौलियाहरूको अनपेक्षित कार्य नियन्त्रण गर्न विद्यमान बेरोजगारीको समस्या समाधानका लागि प्रभावकारी र परिणाममुखी कार्यक्रमको आवश्यकता छ । विद्यमान सीप विकास र क्षमता अभिवृद्धि कार्यक्रमहरूबाट रोजगारी/स्वरोजगारी प्राप्त गर्ने व्यक्तिको संख्या न्यून भएबाट त्यस्ता कार्यक्रमहरू रोजगारीसँग आबद्ध हुन नसकेको प्रस्ट हुन्छ । वैदेशिक रोजगारीका नकारात्मक असर हेर्दा यसलाई पनि बेरोजगारीको उपयुक्त र दीर्घकालीन समाधानका रूपमा लिन सकिंदैन । मुलुकभित्र नै कृषि, निर्माण, उद्योगलगायतका धेरै क्षेत्रमा जनशक्तिको अभाव भएको अवस्थालाई दृष्टिगत गरी आवश्यक सीप भएको जनशक्ति विकासमा सम्बन्धित निकायले ध्यान दिनु आवश्यक छ । कुन क्षेत्रमा कति र कस्ता जनशक्तिको आवश्यकता पर्छ, आकलन गरी जनशक्तिको माग र आपूर्तिबीच सन्तुलन हुने गरी योजना बनाई व्यावहारिक र जीवनोपयोगी शिक्षा तथा तालिमको व्यवस्था शिक्षा र विज्ञान तथा प्रविधि मन्त्रालयले मिलाउने । बजारमा जनशक्तिको माग र आपूर्तिको विश्लेषण, सन्तुलन, सूचनाप्रवाह तथा नीति पहिचानका लागि संस्थागत व्यवस्था श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गर्ने ।

४४. वैदेशिक रोजगारका लागि विभिन्न मुलुकहरूमा जाने नेपाली जनशक्तिको रोजगारी र तलबभत्ताको प्रत्याभूति एवं उनीहरूको सुरक्षाको प्रबन्ध गरी वैदेशिक रोजगारीलाई व्यवस्थित र मर्यादित बनाउन जरुरी छ । वैदेशिक रोजगारीका क्षेत्रमा हुने ठगी र भ्रष्टाचार नियन्त्रण गरी वैदेशिक रोजगार ऐनको मर्म र भावना अनुरूप वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन नेपाली श्रमिकका प्रमुख रोजगार गन्तव्यका रूपमा रहेका मुलुकहरूसँग सरकारी स्तरमा द्विपक्षीय सम्झौता गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पहलकदमी लिने ।

**(च) सार्वजनिक यातायात तथा पूर्वाधार व्यवस्थापनसम्बन्धी**

४५. सार्वजनिक यातायातलाई विश्वासिलो, सुरक्षित र सेवाग्राहीमैत्री बनाउनु आवश्यक छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र गृह मन्त्रालय, ट्राफिक प्रहरीबीचको समन्वयमा यातायात व्यवस्थापनसँग जोडिएका विषयहरू, जस्तै- सवारी साधनको गुणस्तर, सडकको मापदण्ड, प्रदूषणको अवस्था, रुट इजाजत, बीमा र क्षतिपूर्ति लगायतका विषयमा छानबिन गरी यातायात क्षेत्रका बेथिति सुधार गर्न पहल हुनुपर्ने । सवारी संख्या, रुटको संख्या, ट्राफिकको चापसमेतको अध्ययन गरी वैज्ञानिक रुट व्यवस्थापन र ट्राफिक व्यवस्थापन गर्ने विषयमा र यातायात क्षेत्रमा भइरहेको सिन्डिकेटबाट सर्वसाधारणले भोग्नुपरेको सास्तीको अन्त्य गर्ने विषयमा कार्ययोजनासहित सुधारको पहल भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट हुनुपर्ने ।

४६. सवारी चालक अनुमतिपत्र प्रदान गर्ने कार्य यात्रुहरूको जीवनको सुरक्षासँग जोडिएको संवेदनशील विषय भएकोले यस क्षेत्रमा भएका विकृति नियन्त्रण गर्नु जरुरी छ । स्वदेशबाट प्रदान गरिने चालक अनुमतिपत्रका साथै विदेशबाट जारी भएका सवारी चालक अनुमतिपत्र नेपालीकरण गर्ने कार्यलाई पारदर्शी र व्यवस्थित बनाउन आवश्यक देखिएको छ । यसका लागि संस्थागत सुधार गरी अभिलेख व्यवस्थित गर्ने कार्य भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले गर्ने ।

४७. यातायात व्यवस्था कार्यालयमा नक्कली कागजातबाट सवारी दर्ता कार्य हुन नदिनका लागि लिलामी सवारी दर्ता प्रक्रियालाई पारदर्शी बनाउन आवश्यक छ । कुनै पनि प्रकारको लिलामी प्रक्रियाबाट दर्ता हुन आएको सवारी साधनको विवरण सम्बन्धित यातायात व्यवस्था कार्यालय तथा यातायात व्यवस्था विभागको वेबसाइटमा राख्ने व्यवस्था भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मिलाउने । साथै, यातायात व्यवस्था कार्यालयहरूमा सवारी साधनहरूको नयाँ दर्ता, सरुवा सहमति, राजस्वको अवस्था लगायतका विषयमा नियमित अनुगमन गरी अनुगमन प्रतिवेदन मन्त्रालय तथा विभागको वेबसाइटमार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाउने । यातायात व्यवस्था कार्यालयमा दर्ता भएको सवारी साधनको फायल सम्बन्धित जिम्मेवार कर्मचारी बाहेक कुनै पनि संस्था, व्यक्ति वा व्यवसायीलाई नदिने र सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाउने व्यवस्था मिलाउने ।

४८. मुलुकको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा रहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा, सरसफाइ र सेवाप्रवाह राष्ट्रकै छविसँग जोडिएको विषय बनेको छ । त्रिभुवन विमानस्थलमा व्यवस्थापकीय तथा व्यवहारजन्य समस्याबाट सेवाग्राहीले पाउनुपर्ने सेवा तथा सुरक्षा प्रबन्धमा समस्या नहोस् भन्नका खातिर सचेतता आवश्यक छ । सुरक्षा चेकजाँचलाई प्रभावकारी बनाउन अत्याधुनिक उपकरण तथा प्रविधिको प्रयोग, प्रक्रिया सरलीकरण एवं सुरक्षाकर्मी र कर्मचारीका लागि छुट्टै आचारसंहिताको व्यवस्था लगायत आवश्यक सुधारको प्रबन्ध संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मिलाउने ।

४९. विदेशी पर्यटकको आगमन र आन्तरिक यात्रुको पनि सङ्ख्या बढिरहेको सन्दर्भमा साँघुरो अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता वृद्धि गर्नुका साथै वैकल्पिक उपाय अवलम्बन गर्नु आवश्यक छ । यसैकारण दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, गौतमबुद्ध क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल र पोखराको क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य राष्ट्रिय गौरबका आयोजनाका रूपमा भइरहेको छ । यी आयोजनाहरूले व्यतित गरेको समयावधिको तुलनामा प्रगति सन्तोषजनक नदेखिएको हुँदा सम्बन्धित मन्त्रालयले कार्ययोजना बनाई कार्यलाई तीव्रता दिनु आवश्यक छ । साथै, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको चाप कम गर्न आन्तरिक उडानका लागि वैकल्पिक विमानस्थलको निर्माण कार्य तीव्रताका साथ अगाडि बढाउने ।

५०. नेपाल वायुसेवा निगमका व्यवस्थापकीय कमजोरी र अनियमितता समय समयमा उजागर हुने गरेका छन् । उदाहरणका लागि, विशेषज्ञ चालक तथा उडान गन्तव्यको व्यवस्था नगरी वाइडबडी जहाज खरिद गर्ने कार्यबाट निगम र राष्ट्रलाई करोडौं रुपैयाँको क्षति पुगेको छ । निगमको व्यवस्थापकीय सुधार र गुणस्तरीय सेवाका लागि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पहलकदमी लिने ।

**(छ) सार्वजनिक जग्गा, कृषि र वन क्षेत्र संरक्षणसम्बन्धी**

५१. कृषिप्रधान देश नेपालमा कृषकहरूले आफ्नो उत्पादनको उचित मूल्य पाउन नसकेको, बिचौलियाहरूले अनुचित लाभ लिएको र उपभोक्ताहरू मारमा परेको जस्ता समस्याहरू ज्वलन्तरूपमा देखिएका छन् । उत्पादक र उपभोक्ताबीच प्रत्यक्ष किनबेचको अवसर सिर्जना हुन नसकेको हुँदा बिचौलियाहरूको चक्रका कारण उपभोक्ताहरू अत्यधिक मूल्यवृद्धिको मारमा परेको अवस्था विद्यमान छ । कृषि क्षेत्रको विकासका लागि तर्जुमा गरिएको कृषि विकास रणनीतिको प्रभावकारी कार्यान्वयन जरुरी छ । विशेष गरी तरकारी र फलफूलजस्ता क्षेत्रमा कृषिको व्यावसायीकरण गर्नका लागि किसानलाई मल, बीउ, कोल्ड स्टोरेज, क्षमता अभिवृद्धि लगायतका क्षेत्रमा सहयोग पुऱ्याउने, किसान र उपभोक्ताबीच प्रत्यक्ष किनबेचको लागि स्थान उपलब्ध गराउने, बजारसम्मको पहुँच सहज बनाउने र उत्पादनको उचित मूल्य उत्पादकले नै प्राप्त गर्नसक्ने वातावरण बनाउनका लागि कृषि तथा पशुपंछी विकास मन्त्रालयले कार्ययोजना नै बनाई कार्यान्वयन गर्ने ।

५२. सामुदायिक वन व्यवस्थापनमा वन फडानी, काठ तस्करी, आम्दानी हिनामिना लगायतका भ्रष्टाचारजन्य कार्य र अनियमितताहरूको नियन्त्रण आवश्यक छ । वन तथा वातावरण मन्त्रालय र स्थानीय तहले वैज्ञानिक वन व्यवस्थापन गर्ने, नियमन र अनुगमन गर्ने, उद्देश्य र सिद्धान्तविपरीत चल्ने सामुदायिक वनका उपभोक्ता समितिलाई कारबाहीको दायरामा ल्याउने लगायतका कार्य मार्फत सामुदायिक वनको संरक्षण र सम्बर्द्धन गर्ने ।

५३. जग्गा हालसाबिक गर्दा सार्वजनिक जग्गासमेत घुसाई हालसाबिक गर्ने, सरकारी/पर्ती/ऐलानी/गुठी जग्गा व्यक्ति विशेषको नाममा दर्ता कायम गर्नेजस्ता भ्रष्टाचारजन्य प्रवृत्ति दोहोरिइरहेका छन् । यस्ता प्रवृत्तिलाई पूर्ण रूपमा नियन्त्रण गरी सार्वजनिक र सरकारी जग्गाको संरक्षणको व्यवस्था भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले मिलाउने ।

५४. संरक्षणको कमीका कारण विश्व सम्पदा सूचीमा सूचीकृत स्थल र भवनका साथै ऐतिहासिक, पुरातात्विक मठ, मन्दिर, धारा, पोखरी, अतिक्रमणको चपेटामा परेका, कतिपय सम्पदाहरू जीर्ण, क्षतिग्रस्त र लोप हुने अवस्थामा रहेका छन् । जीवन्त इतिहास, कलाकौशल र संस्कृतिलाई जोगाउन यस्ता स्थल र

भवनहरूको संरक्षण र सम्भार गर्ने कार्यमा गाउँपालिका/नगरपालिका, पुरातत्व विभाग, गृह मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले समन्वयात्मक पहल गर्ने ।

५५. वन क्षेत्रसँग जोडिएका पर्ती जग्गासमेत राष्ट्रिय वनकै जग्गा हुने कानूनी व्यवस्था रहेको छ । तर पनि त्यस्ता जग्गा गैरकानूनी रूपमा अतिक्रमण र भोग गर्ने प्रवृत्ति देखिन्छ । यस्तो प्रवृत्तिलाई निरुत्साहित गरी वन सिमानाको पर्ती जग्गा र वनको जग्गाको संरक्षण गर्न गराउन वन तथा वातावरण मन्त्रालयले पहलकदमी लिने ।

५६. मालपोत, नापी जस्ता कार्यालयहरूमा रहेका स्रेस्ता कागजातहरूको अभिलेख व्यवस्थापन प्रणाली व्यवस्थित, वैज्ञानिक र प्रभावकारी बनाउनु जरुरी देखिएको छ । यी कार्यालयहरूमा कर्मचारी र अन्य व्यक्तिहरूको मिलेमतोमा अभिलेख सच्याउने, झुठा स्रेस्ता तयार गरी जग्गा किनबेच गर्ने, सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गर्ने जस्ता समस्या समाधान गर्नका लागि सम्पूर्ण जग्गाको अभिलेख दुरुस्त राख्नु आवश्यक छ । हाल केही जिल्लामा प्रारम्भ गरिएको जग्गाको अभिलेख कम्प्युटरमा प्रविष्टि गर्ने कार्यलाई सबै जिल्लामा विस्तार तथा पुराना स्रेस्ताहरूको अभिलेखीकरण कम्प्युटरमा आधारित प्रविधिको माध्यमबाट गरी सुरक्षित राख्ने व्यवस्था मिलाउने । साथै, जग्गाको कारोबारमा अनियमितता रोक्न अभिलेख सुरक्षणको जिम्मेवारी र जवाफदेहिता किटान गरी नियमित अनुगमन गर्ने व्यवस्था भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले मिलाउने ।

५७. कृषियोग्य जग्गा कित्ताकाट (खण्डीकरण) गरी घडेरीको रूपमा बिक्री वितरण गर्न/गराउन नपाउने तथा कुनै जग्गाधनीले एक आर्थिक वर्षमा ससिम कित्ता जग्गा एक पटकभन्दा बढी कित्ताकाट गर्न नपाउने गरी भए/गरेको निर्णयको कार्यान्वयनको प्रभावकारी सुपरीवेक्षण तथा अनुगमन हुन नसक्दा कित्ताकाट गर्ने कार्यमा भ्रष्टाचार र अनियमितता भएको उजुरीहरू आयोगमा पर्ने गरेका छन् । कित्ताकाट गर्ने वर्तमान व्यवस्थाको पुनरावलोकन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गर्ने ।

५८. काठमाडौं उपत्यका लगायतका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा तराईका विभिन्न क्षेत्रका सरकारी/सार्वजनिक जग्गामा अनधिकृत रूपमा बसे/बसाइएका अव्यवस्थित बस्ती र सुकुम्बासी समस्याको दीर्घकालीन समाधान हुन आवश्यक छ । तत्कालीन अवस्थामा खाली ठाउँमा रहेका सुकुम्बासी बस्तीको चारैतिर हाल सहरी क्षेत्रको विकास भइसकेको अवस्थामा यस्ता अनधिकृत अव्यवस्थित बसोबासको बारेमा छानबिन गरी सार्वजनिक जग्गाको संरक्षण एवं अव्यवस्थित बसोबासको व्यवस्थापन गर्ने कार्य सम्बन्धित स्थानीय तह तथा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गर्ने ।

५९. जग्गा नापी र दर्ता गर्ने सम्बन्धी सेवाप्रवाहका क्रममा हुने भ्रष्टाचारजन्य प्रवृत्ति बढ्दै गइरहेकाले यसलाई निरुत्साहित गर्न सम्बन्धित निकायबाट उपयुक्त आन्तरिक नियन्त्रण पद्धतिको विकास र कार्यान्वयन हुनुपर्ने देखिएको छ । साथै, सेवाग्राही अभिमत सर्वेक्षणबाट लेखापढी व्यवसायी, कानून व्यवसायी, मध्यस्थकर्तामार्फत रिसवत लिने दिने कार्य भए गरेको पाइएकोले यी कार्यालयबाट सेवा लिंदा मध्यस्थकर्ता मार्फत जानुपर्ने हालको बाध्यकारी अवस्थाको अन्त्य गरी सेवा प्रवाहको कार्यलाई सरलीकरणा गर्नुका साथै मध्यस्थकर्ताका कार्यउपर समेत अनुगमन नियन्त्रण हुनु आवश्यक देखिन्छ ।

६०. नदी तथा खोलाबाट अनियन्त्रित रूपमा बालुवा तथा गिट्टी जस्ता नदीजन्य पदार्थ उत्खनन गरी सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्ने र वातावरण विनाश गर्ने कार्य नियन्त्रण गर्नु जरुरी छ । अनुमतिपत्र बिना वा नवीकरण नगराई बालुवा खानीबाट बालुवा झिक्ने, रोयल्टी/राजस्व नबुझाउने, अभिलेख दुरुस्त नराख्ने कार्यउपर समेत नियन्त्रण आवश्यक छ । ढुंगा, गिट्टी, बालुवाजस्ता नदीजन्य पदार्थ एवम् साधारण निर्माणमुखी खनिज पदार्थको उत्पादन, बिक्री वितरण र व्यवस्थापनको सम्बन्धमा कानूनी अस्पष्टता रहेको हुँदा त्यस्ता प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी संघीय कानून तर्जुमा गर्न सम्बन्धित निकायले पहलकदमी लिने । खनिज पदार्थको उत्खनन तथा निकासी लगायतका कार्यको समुचित व्यवस्थापन गरी खनिज पदार्थको दुरुपयोग हुन नदिने, सहमति प्राप्त स्वीकृत खनिज उत्खनन क्षेत्रमा मात्र खनिज कार्य गर्ने गराउने, खनिज पदार्थको उत्खननको परिमाण वैज्ञानिक तरिकाले यकिन गरी नियमानुसारको समयावधिभित्र राजस्व प्राप्त गर्ने र सो को अभिलेख चुस्त दुरुस्त एवं पारदर्शी रूपमा राख्ने लगायत

आवश्यक व्यवस्था संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सम्बन्धित प्रदेश/स्थानीय सरकारले मिलाउने ।

६१. मुलुकको राजधानी सहरका नदीनालाको संरक्षण र सरसफाइ आवश्यक देखिएको छ । नदीनालाको संरक्षणका लागि नदीको छेउछाउका सार्वजनिक जग्गाको संरक्षणका साथै उपत्यकाको फोहोरको उचित व्यवस्थापन समेत जरुरी छ । उपत्यकाको फोहोर व्यवस्थापनको दिगो र दीर्घकालीन समाधानका लागि कुहिने फोहोरबाट विद्युत्, ग्यास, मल उत्पादन गर्ने, प्लास्टिकको झोलाको सट्टा वैकल्पिक झोलाको सहज उपलब्धता बढाउने, प्रशोधनयोग्य नभएको फोहोर फाल्ने ल्यान्डफिल साइटको व्यवस्था मिलाउने लगायतका कार्यमा स्थानीय सरकार र संघीय सरकारले तत्काल कदम चाल्नु आवश्यक छ । नदीनालाको संरक्षण र सरसफाइको कार्यमा तीव्रता ल्याउन बागमती सभ्यता एकीकृत विकास समिति, उपत्यका विकास प्राधिकरण, सहरी विकास मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय लगायतका सरकारी निकायहरूबाट समन्वयात्मक पहलकदमी लिने ।

**(ज) राजस्व तथा वित्तीय क्षेत्र सुधारसम्बन्धी**

६२. अर्थ मन्त्रालयबाट बहुवर्षीय आयोजना तथा कार्यक्रमका लागि हरेक वर्ष स्रोत सुनिश्चितता गरिएका आयोजनाको संख्या र स्रोत सुनिश्चितता गरिएको रकममा अत्यधिक वृद्धि हुँदै गएको र सुनिश्चितता गरिएको रकमको तुलनामा निकासा भएको रकम अत्यन्त न्यून रहेको देखिएको छ । यसले बजेट अनुशासनको पालना नभएको, सुनिश्चितता प्राप्त गरेर विनियोजनभन्दा बढीको ठेक्का लगाउने प्रवृत्ति प्रोत्साहित भएको देखिएको छ । यसबाट योजना अधुरो नै रहने स्थिति विद्यमान रहने देखिन्छ भने राजस्वको प्रक्षेपण तथा योजना र बजेट तर्जुमाका न्यूनतम मूल्य र मान्यतामाथि समेत प्रश्न उठ्न जाने देखिएको छ । अतः आगामी दिनमा बहुवर्षीय आयोजना तथा कार्यक्रमका लागि स्रोत सुनिश्चितता प्रदान गर्ने सम्बन्धमा यसअघि स्रोत सुनिश्चितता प्रदान गरिएका आयोजना तथा कार्यक्रमहरूलाई समेत पुनरावलोकन गरी बजेट अनुशासनको पूर्णतः पालना हुने, सरकारलाई असीमित दायित्व सिर्जना नहुने र निश्चित मापदण्ड र प्रक्रियाका आधारमा स्रोत सुनिश्चितता प्रदान गर्ने पद्धति अवलम्बन हुने गरी उपयुक्त नीति तथा कार्यविधिको तर्जुमा गरी लागू गर्न अर्थ मन्त्रालयले पहलकदमी लिने ।

६३. राजस्व चुहावटबाट नेपाल सरकारलाई हानि नोक्सानी पुग्न जाने तर राजस्व चुहावट गर्ने र गराउने दुवै पक्षलाई अनुचित लाभ पुग्न जाने हुँदा सरकारी नियमन र नियन्त्रण प्रणालीलाई छलेर दुवै पक्षको मिलेमतोमा यस्ता कार्य हुने गरेको देखिन्छ । यसरी राजस्व चुहावटसम्बन्धी विषय अत्यन्त गम्भीर भए तापनि राजस्व चुहावट गर्ने र गराउने दुवै पक्षको संलग्नता रही उजुरी नै नपर्नसक्ने हुँदा अर्थ मन्त्रालयले प्रभावकारी अनुगमन र नियन्त्रण प्रणाली अवलम्बन गरी राजस्व चुहावट रोक्न पहलकदमी लिने ।

६४. सार्वजनिक संस्थानहरूमा रहेको सेवा/सुविधा वितरण लगायतका विषयमा भएको छानबिनको क्रममा सार्वजनिक सेवा प्रवाहसँग प्रत्यक्ष संलग्न रहेका कतिपय सार्वजनिक संस्थानहरूले उत्पादन/संकलन गरी सर्वसाधारणसँग शुल्क लिएर वितरण गर्ने सार्वजनिक सेवा तथा वस्तु, आफ्ना पदाधिकारी/कर्मचारीहरूलाई निःशुल्क सुविधाको रूपमा उपलब्ध गराउने गरेको पाइयो । नमुनाका रूपमा अध्ययन गरिएका ११ वटा सार्वजनिक संस्थानहरूले प्रदान गरेका सेवा सुविधामा एकरूपता समेत देखिएन । कुनै संस्थानले कर्मचारी सेवा सर्तसम्बन्धी नियमावलीमा व्यवस्था गरेर र कुनैले सञ्चालक समितिबाट निर्णय गरेर यस्तो सुविधा प्रदान गर्ने गरेको पाइयो । त्यसैगरी निःशुल्क उपलब्ध गराएको वस्तु/सेवाको मूल्य गणना गर्दा संस्थान पिच्छे विविधता रहेको पाइयो । कतिपय संस्थान घाटामा जाँदासमेत सेवा/सुविधामा अधिकार स्थापित गर्न खोजेको देखियो । कुनै संस्थानले सुविधा नै उपलब्ध नगराएको र कुनैले अत्यधिक सुविधा उपलब्ध गराएको तथा अवकाशपछि पनि सेवा सुविधा वितरणमा निरन्तरता दिएको समेत पाइयो । साथै पदाधिकारी/कर्मचारीले प्राप्त गरेको सेवा/सुविधालाई वार्षिक आयमा गणना गर्ने नगरिएको र सो बापतको कर निर्धारणसमेत हुने गरेको देखिएन । तसर्थ सार्वजनिक संस्थानहरूले पदाधिकारी/कर्मचारीलाई उपलब्ध गराएको सुविधालाई विश्लेषण गर्दा संस्थानहरूको आर्थिक अवस्था, वित्तीय क्षमता, व्यावसायिक कारोबारको अवस्था, वस्तु/सेवाको उत्पादन एवं वितरणको प्रभावकारिता र संस्थाको दीर्घकालीन दायित्वको विवेचनासमेतका आधारमा छुट्टै कोषको व्यवस्था गरी त्यस्तो सुविधालाई पारिश्रमिकको अभिन्न

अंग बनाई एकरूपता कायम हुने गरी निश्चित मापदण्ड तोकेर यस्ता सबै प्रकारका सुविधालाई वार्षिक आयमा गणना गर्ने कानूनी व्यवस्था मिलाई सेवा सुविधा उपलब्ध गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र अर्थ मन्त्रालयले पहल गर्ने ।

६५. विदेशबाट आयात गरिएका सामानमा कर कम तिर्ने उद्देश्यले भन्सारमा न्यून बिजकीकरण गरी मूल्य निर्धारण गर्ने, कर नतिर्ने र मिलेमतोमा करछली गर्ने गराउने कर्मचारी र उद्योगी व्यवसायीलाई राजस्व अनुसन्धान विभागले कारबाहीको दायरामा ल्याउनु जरुरी छ । समयमा कर नतिर्नेलाई पटके कर फछ्र्यौट आयोग गठन गरी कर मिनाहा गर्ने, उपभोक्ताबाट उठाएको मूल्य अभिवृद्धि करसमेत छुट दिने र उपभोक्तामाथि करभार थप्दै जाने प्रवृत्तिलाई पूर्णरूपमा अन्त्य गर्ने प्रबन्ध अर्थ मन्त्रालयले मिलाउने ।

६६. आर्थिक वर्षको अन्त्यतिर रकमान्तर गर्ने, ठूलो रकम खर्च गर्ने बेथिति अन्त्य हुनु आवश्यक छ । खासगरी बजेट कार्यान्वयनको अनुगमन प्रभावकारी नहुँदा आर्थिक वर्षको अन्त्यमा हतारहतारमा खर्च गर्ने परिपाटी रोकिएको छैन । यसरी हतारमा गरिने कामको गुणस्तरमाथि पनि प्रश्न उठ्ने गरेको छ र अनियमिततासमेत बढेको छ । बजेट कार्यान्वयनको प्रभावकारिताका लागि सम्बन्धित अधिकारीलाई जिम्मेवार बनाउने, कार्यतालिका बनाउन लगाउने, कार्यान्वयनका चरणमा समय, लागत र गुणस्तरको नियमित अनुगमन गर्ने, जिम्मेवार कर्मचारीउपर कारबाहीको सिफारिस गर्ने लगायतका उपाय अवलम्बन गरी बजेटको सदुपयोगको प्रबन्ध अर्थ मन्त्रालय र सम्बन्धित निकायले मिलाउने ।

६७. आर्थिक समृद्धिका लागि वैदेशिक लगानी आकर्षित गर्न आवश्यक छ भने सोको लागि आर्थिक स्थायित्व, पूर्वाधार, बजार, स्थिरता, सरल प्रक्रिया आदिका माध्यमबाट सुरक्षा र प्रतिफलको सुनिश्चितता गर्न जरुरी छ । नेपालका कम्पनीमा रहेका विदेशी लगानीलाई सुनिश्चित गर्न र विदेशी लगानी बापतको लाभांस फिर्ता लैजान नेपाल सरकारका विभिन्न निकायले समयमा निर्णय, सहजीकरण र नियमन गर्न आवश्यक छ । वैदेशिक लगानीको उपयुक्त वातावरण निर्माण गरी लगानी व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउने व्यवस्था उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले, करदाताले पूर्वदिश माग गरेको अवस्थामा कानूनले तोकिएको समय सीमाभित्रै निर्णय लिन, समयमै कर निर्धारण गर्न तथा निर्धारित कर राजस्व असुलउपर सुनिश्चित र सुरक्षित हुने उपयुक्त उपाय अवलम्बन गरी अग्रिम कारबाही गर्ने व्यवस्था अर्थ मन्त्रालयले गर्ने, सेवा संचालनका लागि अनुमतिपत्र दिंदा उल्लेख भएका सेवाका सर्तहरू पालना भए नभएको विषयमा नियमित अनुगमन सम्बन्धित निकायले र लाभांश बापतको रकम विदेशी मुद्रामा सटही सुविधा उपलब्ध गराउँदा लगानीको प्रकृति अनुसार नियमन गर्ने र राजस्व प्राप्त गर्ने निकायहरूको समन्वय गर्ने कार्य नेपाल राष्ट्र बैंकले मिलाउने ।

६८. सन्तुलित अर्थतन्त्रको विकासका लागि मुलुकभित्रका उद्योगको संरक्षण, औद्योगिक उत्पादन वृद्धि, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्नु जरुरी छ । उत्पादनको परिमाण, गुणस्तर र प्रतिस्पर्धी क्षमता वृद्धि गर्नका लागि नीतिगत तथा संस्थागत सुधार एवम् व्यापार अवरोध हटाई व्यापार विविधीकरण उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले, आन्तरिक उद्योगको विकासका लागि कर सहुलियत र सुविधा दिने कार्य अर्थ मन्त्रालयले, विदेशी लगानी आकर्षण गर्ने पहल लगानी बोर्डले र उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह बढाउने व्यवस्था नेपाल राष्ट्र बैंकले मिलाउने । पेट्रोलियम पदार्थको विकल्पको रूपमा विद्युतको उपयोग बढाउने, विद्युतीय सवारी साधनलाई प्रोत्साहन दिनेसम्बन्धी नीति तथा कार्ययोजना ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले तयार गरी भौतिक पूर्वाधार तथा यातायात र अर्थ मन्त्रालयसँगको समन्वयमा कार्यान्वयनमा ल्याउन पहल गर्ने ।

६९. सहकारी क्षेत्रले रोजगारी, गार्हस्थ्य उत्पादन, महिला सशक्तीकरण, प्रजातान्त्रिक अभ्यास, उत्पादन र बजार विस्तारमा योगदान पुऱ्याई अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेल्न सक्दछ । सहकारी क्षेत्रमा देखिएका विभिन्न समस्याका कारण अपेक्षाबमोजिम सहकारी क्षेत्रको विकास हुन सकेको छैन । सहकारीको मर्म र भावनाविपरीत आफन्त, नातागोतालाई सञ्चालक समितिमा राखेर संस्थाको गतिविधि र कारोबार पारदर्शी नबनाउने, सदस्यहरूलाई प्रलोभन देखाई रकम जम्मा गराउने र ठूलो धनराशि भएपछि सञ्चालकले नै आर्थिक शोषण, रकम दुरुपयोग/हिनामिना गर्ने, सदस्यहरूबीच भेदभाव गर्ने जस्ता गलत प्रवृत्तिहरूको नियन्त्रण आवश्यक छ । सहकारी क्षेत्रमा विकृति नियन्त्रण गर्न आवश्यक कानूनी

सुधार, प्रविधिको उपयोग समेतबाट सहकारी संस्थाहरूको अद्यावधिक अभिलेख व्यवस्थापन, प्रभावकारी अनुगमन तथा आन्तरिक नियन्त्रण प्रणालीको विकास गरी सञ्चयकर्ताहरूको रकमको सुरक्षा र सदुपयोगको प्रत्याभूतिको व्यवस्था भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय एवं सम्बन्धित गाउँपालिका/नगरपालिकाले गर्ने ।

**(झ) विविध क्षेत्र सुधारसम्बन्धी**

७०. उपभोक्ताको हितको संरक्षण संविधानमा मौलिक हकमा रूपमा राखिएको छ भने कानूनले उपभोक्तालाई नकारात्मक असर पर्ने गरी अनुचित लाभ लिने कार्यलाई दण्डनीय बनाएको छ । तथापि उपभोक्ता अधिकार संरक्षणको अवस्था कमजोर रहेकोले बजारमा हुने विभिन्न किसिमका ठगीकाविरुद्ध कार्यतालिका सहित योजनाबद्ध रूपमा नियमित अनुगमन गर्नु आवश्यक छ । अस्वाभाविक मूल्यवृद्धि, कार्टेलिङ, कृत्रिम अभाव, गुणस्तरहीन वस्तुको बिक्री वितरण आदिबारे आम उपभोक्तालाई सचेत गराउने, बिचौलियाको चक्रलाई नियन्त्रण गर्ने, अनुगमनका आधारमा अनुचित नाफा लिने र ठगी गर्नेलाई कारबाहीको दायरामा ल्याउने व्यवस्था उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले मिलाउने । साथै, स्थानीय बजार व्यवस्थापन स्थानीय तहको जिम्मेवारीमा समेत पर्ने भएकोले यसतर्फ स्थानीय सरकारले पहल गर्ने ।

७१. सार्वजनिक पद धारण गरेका पदाधिकारी/कर्मचारीले नियुक्ति भएको र हरेक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र सम्पत्ति विवरण भरी पेस गर्नुपर्ने व्यवस्था रहेको छ । यस कानूनी व्यवस्थाबमोजिम कर्मचारीहरूले तोकिएको निकायमा सम्पत्ति विवरण पेस गर्ने गरेको पाइन्छ । कानूनी व्यवस्था उल्लंघन गरी सम्पत्ति विवरण नबुझाउने कर्मचारीहरूको हकमा राष्ट्रिय सतर्कता केन्द्रको अनुगमन प्रतिवेदनका आधारमा आयोगबाट जरिवाना गर्ने गरिएको छ । संघीय शासन प्रणालीबमोजिम राज्यको पुनर्संरचना भई केही निकायहरू खारेज भएको र केही नयाँ निकायहरू स्थापना भएको सन्दर्भमा विभिन्न सार्वजनिक निकायका कर्मचारीहरूको सम्पत्ति विवरणको अभिलेख व्यवस्थित गर्न आवश्यक छ । साथै, सम्पत्ति विवरण पेस गर्ने निकाय, फारामको ढाँचा, फाराम भर्ने कार्यविधि र फारामको प्रयोग गर्ने विधि लगायतका विषय अद्यावधिक गरी तत्सम्बन्धी निर्देशिका बनाई कार्यान्वयन गर्नु आवश्यक भएकोले राष्ट्रिय सतर्कता केन्द्रले त्यसको व्यवस्था मिलाउने ।

७२. सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यमा कर्मचारीहरूको समेत संलग्नता रहने हुँदा भ्रष्टाचार नियन्त्रणका लागि कर्मचारीहरूको समुचित व्यवस्थापन आवश्यक छ । कर्मचारी आचरण, दण्ड र पुरस्कारको व्यवस्था कानूनमा भए पनि उल्लंघन गर्नेमाथि विभागीय सजाय कमै मात्र हुने गरेको पाइन्छ । कर्मचारीहरूको पदस्थापन र सरुवा निश्चित मापदण्डका आधारमा नभई पहुँच र भनसुनका आधारमा गर्ने परिपाटीको विकास भएको छ । ट्रेड युनियनका पदाधिकारी लगायतका केही कर्मचारीहरू कार्यालयको काममा नखट्ने, कार्यालय समयमा अन्य काम गर्ने गरेकोले सेवाप्रवाह प्रभावकारी नभएको भन्ने सेवाग्राही सर्वेक्षणले समेत देखाएको छ । यस्ता युनियनमा संलग्न केही कर्मचारीहरूले यदाकदा कार्यालयभित्र अभद्र व्यवहार गरेको भन्ने पनि गुनासो पाइएको छ । तसर्थ सार्वजनिक प्रशासनमाथिको अनुचित राजनीतीकरण र राजनीतिको आडमा हुने प्रशासनिक अकर्मण्यता नियन्त्रण गरी सुशासन कायम गर्नका लागि आचरण विपरीत काम गर्ने कर्मचारीलाई बढुवा र पुरस्कार लगायतका विभिन्न अवसर प्रदान नगर्ने र राजनीतिक पूर्वाग्रहबिना कारबाही गर्नतर्फ पनि सम्बन्धित निकायले दृढता देखाउनुपर्ने । ट्रेड युनियनका पदाधिकारीहरूको छुट्टै आचारसंहिता संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरी लागू गर्ने ।

७३. भ्रष्टाचार नियन्त्रणका नीतिसँग अन्तरसम्बन्धित सवाल (**Crossing-cutting Issue**) का रूपमा रहेको बढ्दो लैंगिक हिंसाका घटनालाई निर्मूल पार्न सरकारी, गैरसरकारी र सामुदायिक क्षेत्रको समन्वयात्मक सक्रियता बढाउनु आवश्यक छ । यसका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र स्थानीय तहले लैङ्गिकमैत्री नीति, कार्यक्रम तथा कार्ययोजना बनाई अभियानका रूपमा कार्यान्वयन गर्ने र गृह मन्त्रालय र प्रहरी प्रशासनले शान्तिसुरक्षा प्रभावकारी बनाउने ।

७४. भ्रष्टाचार हुनका लागि भ्रष्टाचार गर्न दबाव दिने तत्व, भ्रष्टाचार गर्न सकिने अवस्था र भ्रष्टाचार गर्ने चाहना र क्षमता हुन आवश्यक हुन्छ । भ्रष्टाचार गर्न दबाब पुऱ्याउने तत्वहरूमध्ये एउटा तत्व भड्किलो

सामाजिक व्यवहार पनि हो । सामाजिक संस्कार, चाडपर्व र अन्य व्यवहारका क्रममा हुने खर्चिलो र भड्किलो प्रदर्शनले न्यून आय भएका कर्मचारी र समाजका गरिब वर्गमाथि दबाब पर्ने गरेको छ । भड्किलो सामाजिक प्रवृत्तिलाई निरुत्साहित गर्न विशेष गरी सार्वजनिक निकायका उच्चपदस्थ पदाधिकारी/कर्मचारीहरूले समाजमा भड्किलो व्यवहार प्रदर्शन नगर्ने गरी हरेक निकायले आचारसंहिता निर्माण गरी लागू गर्ने । साथै, समाजका बेथिति नियन्त्रणका लागि गृह मन्त्रालयले कानूनको कार्यान्वयनमा प्रभावकारिता ल्याउने ।

७५. गरिबी न्यूनीकरण गर्नका लागि गरिबी निवारणका लक्षित कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्नु आवश्यक छ । गरिब घरपरिवारको पहिचान गरी परिचयपत्र वितरण गर्ने कार्य निर्धारित समयमा सम्पन्न गरी शिक्षा, तालिम, आयआर्जन र रोजगारीमा वास्तविक गरिब वर्गको पहुँच कायम गर्न कार्ययोजनासहितका कार्यक्रमहरू अन्य मन्त्रालयहरूको सहकार्यमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले सञ्चालन गर्ने ।

# परिच्छेद- ७
# आयोगको आगामी रणनीति र कार्यदिशा

## ७.१ भ्रष्टाचारविरुद्धको रणनीति र कार्यदिशा

अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार नियन्त्रण गर्ने स्वतन्त्र संवैधानिक निकायका रूपमा स्थापना भई स्पष्ट रणनीति र कार्यदिशा अवलम्बन गरी क्रियाशील रहँदै आएको छ । आयोगको भ्रष्टाचारविरुद्धको रणनीति र कार्यदिशा मूलतः नेपालको संविधान र कानूनले सुम्पेको अधिकार र जिम्मेवारीबाट निर्देशित छ । संविधानको भाग २१, धारा २३९ ले सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानूनबमोजिम अनुसन्धान गरी अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने जिम्मेवारी आयोगलाई सुम्पेको छ । संविधानमा निर्देशक सिद्धान्त अन्तर्गत धारा ५१ट (३) मा समेत राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिक लगायत सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने भनी उल्लेख भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधिको सम्बन्धमा स्पष्ट व्यवस्था गरी आयोगलाई भ्रष्टाचार नियन्त्रणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक र दण्डात्मक कार्य गर्ने जिम्मेवारी प्रदान गरेको छ । चालु चौधौं आवधिक योजनाले सबै भ्रष्टाचारजन्य कामकारबाही अपराध हुने कानूनी व्यवस्था गरी कानूनको कार्यान्वयनबाट भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्ने, भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयन गर्दै निवारणात्मक उपाय अवलम्बन गरी भ्रष्टाचार नियन्त्रण गर्ने, भ्रष्टाचार निवारणका लागि प्राविधिक सहायता र सूचना आदानप्रदानसम्बन्धी महासन्धिको व्यवस्थालाई यथासम्भव कार्यान्वयन गर्ने जस्ता रणनीतिहरू लिएको छ ।

भ्रष्टाचारजन्य क्रियाकलापबाट मुलुकको समुन्नति, सामाजिक सद्भाव, सदाचार र सुशासनमा प्रतिकूल प्रभाव पर्ने मात्र नभई भ्रष्टाचारबाट आर्जित सम्पत्तिको संगठित अपराधमा दुरुपयोग हुनसक्ने र यसले अन्तर्राष्ट्रिय शान्ति सुरक्षामा समेत खलल पुऱ्याउन सक्ने भएकाले विश्वव्यापी रूपमै भ्रष्टाचारविरुद्धको सशक्त रणनीति र कार्यदिशा अवलम्बन गर्ने कुरामा जोड दिइँदै आएको छ । नेपाल सरकारले सन् २०११ मा अनुमोदन गरेको भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिका प्रावधानहरू समेटेर महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय कार्ययोजना २०६९ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ, जसमा भ्रष्टाचार हुन नदिन प्रभावकारी अभ्यासहरूको विकास र प्रवर्द्धन गर्ने, भ्रष्टाचार हुनसक्ने सम्भाव्य निकाय र स्थानहरूको पहिचान गरी उच्चतम निगरानी गर्ने तथा सार्वजनिक पदाधिकारीहरूमा सदाचार, इमान्दारिता र जिम्मेवारीको भावना विकास गर्न आचारसंहिता विकास र परिमार्जन गरी कार्यान्वयन गर्ने विषयमा जोड दिइएको छ । यस कार्ययोजनामा भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका र जिम्मेवारीलाई समेत उल्लेख गरिएको छ । यसर्थ, संविधान, कानून, नीति र रणनीतिको साथै यससम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिसमेतलाई मनन गरी आयोगले भ्रष्टाचारविरुद्धको कार्यदिशा अवलम्बन गरी कार्यान्वयन गर्दै आएको छ ।

## ७.२ विद्यमान अवस्थाको विश्लेषण (SWOT Analysis)

सरकारी, गैरसरकारी र निजी क्षेत्र सम्बद्ध निकायहरूसँगको समन्वय र सहकार्यमा संविधान तथा कानूनप्रदत्त अधिकार तथा जिम्मेवारी र राष्ट्रिय प्राथमिकता अनुसार कार्य सम्पादन गरी प्रभावकारी रूपमा भ्रष्टाचार नियन्त्रण गर्न आयोगको संस्थागत रणनीति (सन् २०१४-२०१९) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । यस रणनीतिले भ्रष्टाचार नियन्त्रणका लागि प्रमुख रणनीतिका रूपमा प्रवर्द्धनात्मक, निरोधात्मक र दण्डात्मक कार्यहरू सञ्चालन गर्न मार्गदर्शन गरेको छ भने परिपूरक रणनीतिमा आयोगको क्षमता अभिवृद्धि, भ्रष्टाचार नियन्त्रणमा संलग्न विभिन्न निकायहरूबीच समन्वय र अन्तर्राष्ट्रिय सम्बन्धलाई समेटिएको छ । आयोगको रणनीति अनुरूप आयोगको कार्यदिशा निर्धारण गरिँदै आएको छ । आयोगले विगत वर्षमा तय गरेको कार्यदिशाको आधारमा कार्यविधि निर्माण, प्रविधि विकास र अध्ययन/विश्लेषण लगायतका क्षेत्रमा महत्वपूर्ण कार्यहरू गरिएका छन् । यसरी आयोगबाट सम्पादन गरिएका कार्यहरूबाट महत्वपूर्ण उपलब्धि हासिल भए तापनि भ्रष्टाचार नियन्त्रणमार्फत सुशासन प्रवर्द्धन गर्ने कार्यमा अनेकौं चुनौतीहरू समेत विद्यमान छन्। भ्रष्टाचारले वर्तमान समयमा ग्रहण गरेको

अन्तर्राष्ट्रिय स्वरूप, नेपालको आर्थिक विकासको अवस्था र भ्रष्टाचारका प्रवृत्तिहरूमा आएको परिवर्तन जस्ता कारणहरूबाट भ्रष्टाचार नियन्त्रण चुनौतीपूर्ण बनेको छ । यस्ता चुनौतीहरूको विश्लेषण गरी भ्रष्टाचारको रोकथाम तथा नियन्त्रणका लागि आयोगको आगामी रणनीति र कार्यदिशा निर्धारण गर्नु आवश्यक छ । आयोगका सामु विद्यमान प्रमुख अवसर र चुनौतीहरू देहायबमोजिम छन् ।

**७.२.१ सबल पक्षहरू**

**(क) स्वतन्त्र, निष्पक्ष र प्रभावकारीरूपमा आफ्नो भूमिका निर्वाह गर्दै आउनु :**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग विगत २८ वर्षदेखि अविच्छिन्न रूपमा स्वतन्त्र संवैधानिक निकायको रूपमा क्रियाशील रहेको छ । वर्तमान संविधानबाट समेत भ्रष्टाचार नियन्त्रण गर्ने एकमात्र संवैधानिक निकायको रूपमा आयोग स्थापित भएको छ । यसरी प्रत्याभूत गरिएको स्वतन्त्र संवैधानिक जिम्मेवारीलाई आयोगले भ्रष्टाचार नियन्त्रणसम्बन्धी लामो अनुभवसमेतका आधारमा पूर्ण प्रतिबद्धता र इमान्दारिताका साथ निर्वाह गर्दै आएको छ । विभिन्न आरोह अवरोहका बीच पनि आयोगले स्वतन्त्र, तटस्थ र निष्पक्ष रूपमा भ्रष्टाचार विरुद्धका कार्यहरू सञ्चालन गर्दै आएको छ ।

**(ख) कर्मचारीको क्षमता अभिवृद्धि एवम् कार्य वातावरणमा सुधार ल्याउनु :**

आयोगमा उपलब्ध भौतिक र मानवीय स्रोतसाधनको प्रभावकारी उपयोग गरिएको छ । आयोग र कार्यालयहरूमा कार्यालय भवन लगायतका आवश्यक भौतिक स्रोत साधनहरूको प्रबन्ध गर्ने कार्य जारी रहेको छ । भौतिक स्रोतसाधनको प्रबन्ध, आन्तरिक नियन्त्रण प्रणाली र आचारसंहिताको कार्यान्वयन तथा कर्मचारीहरूको अनुशासित व्यवहारबाट आयोगको कार्यवातावरणमा सुधार आएको छ । आयोगले निजामती सेवा र अन्य सार्वजनिक सेवाबाट कर्मचारीहरू पदपूर्ति गरी विशेषज्ञ सेवा उपयोग गर्दै आएको छ । आयोगमा कार्यरत कर्मचारीहरूलाई विभिन्न स्वदेशी तथा विदेशी संघसंस्थाहरूबाट सञ्चालित अनुसन्धान, तहकिकात र अभियोजन गर्ने कार्यसँग सम्बन्धित तालिम कार्यक्रमहरूमा सहभागी गराइएबाट उनीहरूको ज्ञान, सीप, अनुभव र उत्प्रेरणामा अभिवृद्धि भएको छ ।

**(ग) नवीनतम प्रविधिको प्रबन्ध गरी अनुसन्धानमा उपयोग गर्नु :**

आयोगको कार्यसञ्चालनमा नवीन प्रविधिको उपयोग गरी प्रविधिमैत्री संस्थाका रूपमा आयोगलाई विकास गर्ने कार्य भइरहेको छ । आयोगमा डिजिटल फरेन्सिक ल्याब (Digital Forensic Lab) र निर्माण गुणस्तर परीक्षण प्रयोगशाला (Engineering Lab) को स्थापना गरिएको छ। भ्रष्टाचारजन्य कसुरमा प्रयोग भएका कम्प्युटर, मोबाइल तथा अन्य डिजिटल उपकरणहरूको परीक्षण गर्न र अनुसन्धानको सिलसिलामा छानबिनको दायरामा रहेका व्यक्ति वा संस्थाको इन्टरनेट लगायतका प्रणालीहरूमा रहेका तथा सार्वजनिक भएका अभिलेखहरूको डिजिटल फरेन्सिक प्रक्रिया मार्फत खोजी गरी प्रमाणयोग्य बनाई अनुसन्धान कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउने उद्देश्य अनुरूप डिजिटल फरेन्सिक प्रयोगशालाको स्थापना भएको छ । यसको प्रयोगसम्बन्धी कार्यविधिसमेत तयार गरी कार्यान्वयन गरिएको छ । यस्तै, सडक, पुल, नहर, भवन लगायतका पूर्वाधारको विकासमा हुने गुणस्तरको परीक्षणका लागि इञ्जिनियरिङ ल्याबको स्थापना गरी कार्यसञ्चालन गरिएको छ ।

आयोगमा स्वचालित कार्यसञ्चालन प्रणाली (Office Automation) को विकासका लागि विगत वर्षदेखि गरिँदै आएको प्रयासले मूर्तरूप लिने अवस्था सिर्जना भएको छ । यससम्बन्धी हार्डवेयरको कार्य सम्पन्न भएको र सफ्टवेयर सञ्चालनको कार्य अन्तिम चरणमा पुगेको छ । यसबाट अनुसन्धान, प्रतिवेदन र पत्राचार गर्ने कार्य सरल र छिटोछरितो हुनुका साथै अभिलेख प्रणाली व्यवस्थित हुने अपेक्षा गरिएको छ । आन्तरिक सञ्चार प्रणालीमा नवीनतम सूचना प्रविधि, जस्तै भिडियो कन्फरेन्सिङको प्रयोगमार्फत प्रविधिमैत्री कार्यसंस्कारको विकास भएको छ । त्यस्तै आयोगले आरोपित व्यक्तिको बयानको सत्यता परीक्षण गर्नमा पोलिग्राफको समेत उपयोग गर्दै आएको छ । यसरी समग्रमा प्रविधिको प्रयोगबाट अनुसन्धान कार्यलाई वस्तुगत र प्रामाणिक बनाउन सहयोग पुगेको छ ।

**(घ) अनुसन्धान र अभियोजनमा नीतिगत र कार्यविधिगत सुधार ल्याउनु :**

आयोगले नीतिगत र कार्यविधिगत दस्तावेजहरूको निर्माण गरी कार्यान्वयनमा ल्याएको हुँदा यसबाट अनुसन्धान, तहकिकात र अभियोजन कार्यलाई विधि र पद्धतिमा आधारित बनाउन सहयोग पुगेको छ । आयोगबाट गरिने अभियोजनसम्बन्धी कार्यमा प्रभावकारिता, एकरूपता र वस्तुनिष्ठता ल्याई भ्रष्टाचारसम्बन्धी मुद्दाको सफलता दर

बढाउने उद्देश्यले अभियोजन नीति, २०७४ आयोगबाट स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ । यसका साथै भ्रष्टाचार नियन्त्रणका लागि प्रवर्द्धनात्मक र निरोधात्मक कार्यसम्बन्धी अवधारणापत्र, २०७४, विस्तृत अनुसन्धान कार्यलाई प्रभावकारी बनाउने सम्बन्धी कार्यविधि, २०७४, गैरकानूनी सम्पत्ति छानबिन तथा अनुसन्धान कार्यविधि, २०७५, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आधारभूत प्रशिक्षण दिग्दर्शन, २०७४ र उजुरीकर्ता, साक्षी र कर्मचारीको सुरक्षासम्बन्धी कार्यविधिसमेत आयोगबाट स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ ।

आयोगबाट भ्रष्टाचारका कार्यगत तथा क्षेत्रगत प्रवृत्तिहरूको पहिचान गरी आयोगको कार्यलाई प्रभावकारी बनाउन अध्ययन अनुसन्धानको कार्यसमेत प्रारम्भ गरिएको छ । आर्थिक वर्ष २०७४।७५ मा भ्रष्टाचार हुने सम्भाव्य क्षेत्रहरू पहिचान गरी भ्रष्टाचार नियन्त्रण गर्नका लागि नेपालमा भ्रष्टाचार र सुशासनको अवस्थासम्बन्धी अध्ययन, २०७५ र आयोगको संस्थागत रणनीति (२०१४-२०१९) को मध्यावधि मूल्यांकन, २०७५ सम्पन्न गरिएको छ । उल्लिखित कार्यहरूबाट आयोगबाट हुने अनुसन्धान र अभियोजनमा सुधार हुँदै गएको छ ।

**(ङ) नागरिक विश्वास आर्जन गरी रिसवतविरुद्धको कारबाहीमा अभिवृद्धि ल्याउनु :**

आयोगबाट गराइएको नेपालमा भ्रष्टाचार र सुशासनको अवस्थासम्बन्धी अध्ययन, २०७५ अनुसार सेवाग्राहीहरूले आयोगका कार्यप्रति सन्तुष्टि जनाउँदै भ्रष्टाचारसम्बन्धी निवेदनहरूमा कारबाही गरी भ्रष्टाचारीलाई मुद्दा चलाउने भएकाले आयोगमा उजुरी दिएको धारणा राखेको देखिन्छ । भ्रष्टाचारविरुद्धको कारबाहीका लागि जनताको विश्वास आर्जन गर्नसक्नु आयोगका लागि महत्वपूर्ण सबल पक्ष हो । जनताको विश्वास र सहयोगबाट विकास निर्माण र सेवाप्रवाहमा हुने भ्रष्टाचार, अनियमितताजस्ता विषयका सूचना समयमै प्राप्त भई भ्रष्टाचारमा संलग्न व्यक्तिहरूलाई रङ्गेहात नियन्त्रणमा लिई अदालतमा मुद्दा दायर गर्ने कार्यमा अभिवृद्धि भएको छ । आयोगका स्थानीयस्तरका कार्यालयमार्फत समेत जनतासँग प्रत्यक्ष सरोकार भएका विषयमा गुनासा सुन्ने, भ्रष्टाचारजन्य कसुरउपर छानबिन र अनुसन्धान गर्ने, भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने कार्यमा सहकार्य र सम्बन्ध विस्तार भएको छ ।

**(च) समन्वय र सहकार्यमा अभिवृद्धि गरी आयोगको कार्यसम्पादनमा प्रभावकारिता ल्याउनु :**

आयोगले प्रवर्द्धनात्मक कार्यक्रमहरूमा जोड दिई नेपाल सरकारका विभिन्न निकायहरू, राजनीतिक दल, स्थानीय तह, नागरिक समाज, सञ्चार जगत समेतसँग छलफल, अन्तर्क्रिया र अभिमुखीकरण गर्दै आएको छ। आयोगबाट आर्थिक वर्ष २०७४।७५ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँगको सहकार्यमा ७५३ वटै स्थानीय तहका प्रमुख पदाधिकारीहरू (प्रमुख/उपप्रमुख/प्रमुख प्रशासकीय अधिकृत) लाई भ्रष्टाचार नियन्त्रण र सुशासन सम्बन्धमा अभिमुखीकरण गरिएको छ । यस कार्यक्रमबाट स्थानीय तहमा हुनसक्ने भ्रष्टाचारजन्य कार्यहरूको बारेमा सुसूचित गर्ने, भ्रष्टाचारविरुद्ध सचेतना अभिवृद्धि गर्ने र भ्रष्टाचार नियन्त्रणका लागि सहकार्य अभिवृद्धि गर्ने कार्यमा सहयोग पुगेको छ । यसरी भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न सरोकारवालाबाट प्राप्त विश्वास, सहयोग र सहकार्यबाट आयोगको कार्यसम्पादनमा प्रभावकारिता आएको छ ।

आयोगले अन्तर्राष्ट्रिय तहमा भ्रष्टाचारविरुद्ध क्रियाशील संघसंस्थाहरूको बैठक तथा सम्मेलनहरूमा सहभागिता जनाउनुका साथै यस्ता संघ संस्थाहरूसँग पारस्परिक भ्रमण, समन्वय र सहकार्य गरी ऐक्यबद्धतासमेत जनाउँदै आएको छ । यसबाट विश्वमा विविध रूप, रंग र आयाममा देखिएका भ्रष्टाचार र अनियमिततासम्बन्धी क्रियाकलापको जानकारी हासिल गर्ने, अनुभव आदानप्रदान गर्ने, आपसी सम्बन्ध र सहयोग बढाउने तथा भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नका लागि नवीन प्रविधि, ज्ञान, सीप र असल अभ्यासहरू अवलम्बन गर्ने कार्यमा सहयोग पुगेको छ ।

### ७.२.२ सुधार गर्नुपर्ने पक्षहरू

**(क) प्रभावकारीरूपमा नागरिकसम्म सूचना प्रवाह गर्नु :**

नेपालमा भ्रष्टाचार र सुशासनको अवस्थासम्बन्धी अध्ययन, २०७५ मा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका सम्बन्धमा गरिएको सेवाग्राही सर्वेक्षणमा सेवाग्राहीहरूले भ्रष्टाचार नियन्त्रणमा आयोगको भूमिका प्रभावकारी बनाउनका लागि सूचना प्रवाहमा सुधार गर्नुपर्ने अभिमतसमेत जाहेर गरेको पाइन्छ । उदाहरणका रूपमा, आयोगले आफ्नो संस्थागत रणनीति तर्जुमा गरी दण्डात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरू गरिरहेको भए तापनि तीनवटै रणनीति अन्तर्गतका कार्यहरूको बारेमा ४३% जवाफदाताहरूलाई मात्र ज्ञान भएको देखिन्छ । यसबाट आयोगले सञ्चालन गरेका भ्रष्टाचार नियन्त्रणसम्बन्धी

कामकारबाहीहरूको विभिन्न माध्यमबाट प्रचारप्रसारका कार्यक्रमहरू अभियानकै रूपमा सञ्चालन गर्न आवश्यक देखिएको छ ।

**(ख) अनुसन्धान थप प्रभावकारी बनाउनु :**

आयोगले भ्रष्टाचार नियन्त्रणका लागि गरेका कामकारबाहीको प्रभावकारितासम्बन्धी अवधारणामा अधिकांश जवाफदाताले प्रभावकारी रहेको भन्ने जवाफ दिएको भए तापनि २३.६% जवाफदाताले प्रभावकारी नभएको अभिमत जाहेर गरेको र त्यसका लागि अनुसन्धान प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याएको देखिन्छ । आयोगबाट अनुसन्धान तहकिकातपछि अदालतमा दायर गरिएका मुद्दाहरूमध्ये केही मुद्दाहरूमा आयोगको मागदाबीबमोजिम फैसला भएको देखिंदैन । यसबाट पनि आयोगको अनुसन्धान पद्धतिलाई अझै प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको देखिन्छ । आयोगले अनुसन्धानको प्रभावकारिताका लागि प्रविधि, कार्यविधि र क्षमता अभिवृद्धिमा जोड दिनु आवश्यक छ ।

**(ग) जनअपेक्षा अनुरूप भ्रष्टाचारीलाई कारबाहीको दायरामा ल्याउनु :**

आयोगले जनचाहना अनुसार काम गर्न सकेको भन्ने अध्ययनमा सहभागी अधिकांश जवाफदाताको जवाफ भए पनि केही जवाफदाताले आयोगबाट जनचाहना अनुसार कार्यसम्पादन हुन नसकेको भन्ने धारणा रहेको पाइन्छ । जनचाहना अनुसार काम गर्नका लागि क्षेत्राधिकार र स्वायत्तता बढाउन आवश्यक हुने धारणा रहेको छ । सेवाग्राही सर्वेक्षणमा अधिकांश सहभागीले आयोगको कार्यसम्पादनप्रति सन्तुष्टि जनाए पनि केही जवाफदाताले आयोगले भ्रष्टाचारीलाई अझै सशक्त रूपमा कारबाही गर्नुपर्दछ भन्ने धारणा राखेको पाइन्छ । यसरी अध्ययनबाट प्राप्त पृष्ठपोषणसमेतका आधारमा आयोगले सबै रूप, रंग र स्वरूपका भ्रष्टाचारजन्य कार्यहरूलाई आयोगको क्षेत्राधिकारभित्र ल्याई अनुसन्धानको दायरामा ल्याउन पहलकदमी लिनुपर्ने देखिएको छ।

**(घ) अनुभवी कर्मचारीहरूलाई टिकाइराखु :**

आयोगमा कार्यरत मानवीय संशाधनलाई टिकाइराख्ने, उनीहरूको व्यावसायिक क्षमता अभिवृद्धि गर्ने र आयोगको आवश्यकता अनुसार कर्मचारी व्यवस्थापन गर्ने कार्यमा केही अवरोधहरू रहेको देखिन्छ । आयोगको संस्थागत रणनीतिको मध्यावधि मूल्यांकन, २०७५ ले पनि आयोगमा सहायकस्तरका कर्मचारीहरूभन्दा अधिकृतस्तरका कर्मचारीहरू छिटोछिटो सरुवा हुने गरेको देखाएको छ । कर्मचारीहरूको मनोबल र उत्प्रेरणामा अझै सुधार गरी अनुसन्धान तहकिकातको कार्यमा खटिने अनुभवी कर्मचारीलाई आयोगमा टिकाइराख्न आवश्यक देखिन्छ।

**७.२.३ अवसरहरू**

**(क) स्वतन्त्र रूपमा अनुसन्धान र अभियोजन गर्ने संवैधानिक प्रत्याभूति हुनु :**

आयोगलाई स्वतन्त्र र निष्पक्षरूपमा सार्वजनिक क्षेत्रको भ्रष्टाचार नियन्त्रणका लागि अनुसन्धान, तहकिकात गर्ने र अनुसन्धानबाट भ्रष्टाचार भएको देखिएमा अदालतमा मुद्दा दायर गर्ने अधिकारको प्रत्याभूति नेपालको संविधानले गरेको छ । आयोगसँग अनुसन्धान र तहकिकात गर्नका लागि आफ्नै साधन, स्रोत र संरचना रहेको र अन्य निकायसँग कम भर पर्नुपर्ने हुनाले सहज तरिकाले अनुसन्धान गर्न सक्दछ । अन्य देशहरूमा अभियोजन कार्यलाई छुट्टै निकायमार्फत गर्ने प्रचलन रहेको देखिन्छ भने हाम्रो देशमा अनुसन्धान गरेपश्चात अदालतमा मुद्दा दायर गर्नेसम्मको अधिकार आयोगमा नै रहेको छ । कतिपय देशहरूमा भ्रष्टाचार नियन्त्रण गर्ने र जनगुनासो सुन्ने निकायका रूपमा संवैधानिक आयोगको मागसमेत भएको देखिएको अवस्थामा तटस्थ र स्वतन्त्र रूपमा भ्रष्टाचार नियन्त्रण गर्ने जिम्मेवारी र अधिकारको संवैधानिक प्रत्याभूति हुनु आयोगका लागि महत्वपूर्ण अवसरका रूपमा लिन सकिन्छ ।

**(ख) विशेषज्ञताको उपयोग गर्ने अवसर प्राप्त हुनु :**

संविधान अनुसार संवैधानिक परिषदको सिफारिस तथा संसदीय सुनुवाइपश्चात आयोगमा नियुक्त भएका पदाधिकारीहरू विभिन्न विधामा ज्ञान हासिल गरेका, लामो अनुभव प्राप्त गरेका, अनुसन्धानका क्षेत्रमा समेत कार्य गरी ज्ञान र सीपयुक्त व्यक्ति मात्र नियुक्त भएकाले अनुसन्धान, तहकिकात र अभियोजनका विविध क्षेत्रमा उक्त विशेषज्ञताको उपयोग गर्न सकिने अवस्था विद्यमान छ । आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञ वा विशिष्टीकृत सेवा प्राप्त गर्न सक्ने गरी कानूनी व्यवस्थासमेत भएकाले आयोगलाई अनुसन्धान र अभियोजनका विभिन्न क्षेत्रका विशेषज्ञहरूको सेवा लिनसक्ने अवसर प्राप्त छ ।

**(ग) भ्रष्टाचार नियन्त्रणका पक्षमा अन्तर्राष्ट्रिय सञ्जाल र सद्भाव उपलब्ध हुनु :**

भ्रष्टाचारको अन्तर्राष्ट्रिय सञ्जाल र अपराधीकरणका विरुद्ध पारित भएको भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिलाई सन् २०११ मा अनुमोदन गरी नेपाल पक्ष राष्ट्र बनेको छ । भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने सिलसिलामा अन्तर्राष्ट्रिय सहयोग र सद्भाव प्राप्त गर्नका लागि महासन्धिको अनुमोदन एउटा महत्वपूर्ण कोशेढुंगा मान्न सकिन्छ । यसले संयुक्त राष्ट्रसंघीय संघसंस्था र मित्र राष्ट्रहरूको सहयोग हासिल गरी नवीन प्रविधि, सूचना तथा असल अभ्यासहरूको आदानप्रदानलाई सहज बनाएको देखिन्छ । आयोगका कर्मचारीहरूको क्षमता अभिवृद्धिमा लागू औषध र अपराधविरुद्धको संयुक्त राष्ट्रसंघीय कार्यालय (UNODC) का साथै विभिन्न मित्र राष्ट्रहरूबाट समय-समयमा तालिमका अवसरहरू प्राप्त हुने गरेका छन् । आयोगले अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संघ संगठनहरूसँग सहकार्यात्मक सम्बन्धको विकास गरेकाले यसमार्फत प्रभावकारी अनुसन्धानमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

**(घ) सुशासन कायम गर्न सुझाव दिनसक्ने व्यवस्था हुनु :**

आयोगले वार्षिकरूपमा सम्पादन गरेका कार्यहरू, समस्याहरू र समाधानका सुझावहरू सहित आफ्ना काम कारबाहीसम्बन्धी वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसदसमक्ष पेस गर्ने संवैधानिक व्यवस्था रहेको छ । वार्षिक प्रतिवेदनमार्फत आयोगले मुलुकमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि सुझावहरू प्रस्तुत गर्दै आएको छ । अनुसन्धान तहकिकातका आधारमा आयोगको निर्णय अनुसार सुधारका लागि सम्बन्धित निकायमा सुझाव लेखी पठाउने व्यवस्थासमेत अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनमा रहेको छ । भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले सरकार र यसका विभिन्न निकायमार्फत भइरहेका वा हुन लागेका अनियमितता, अपारदर्शिता र भ्रष्टाचारजन्य कार्यका विरुद्धमा आयोगको सल्लाहकारी भूमिका प्रभावकारी बनाउन यी संवैधानिक तथा कानूनी व्यवस्था महत्वपूर्ण देखिन्छन्।

**(ङ) सरोकारवालाको विश्वास र सहयोग प्राप्त हुनु :**

आयोगले नेपाल सरकारका विभिन्न निकायहरू, नागरिक समाज, सञ्चार जगत तथा नेपाली नागरिकहरूबाट निरन्तर सहयोग र सदभाव प्राप्त गरेको छ । समाजमा घटिरहेका भ्रष्टाचारजन्य कार्य र आयोगमा प्राप्त उजुरीको प्रकृति र संख्यात्मक विवरण हेर्दा उल्लेखनीयरूपमा उजुरी प्राप्त हुने गरेका छन् । यसरी जनसमुदायबाट प्राप्त भरोसा र विश्वासलाई अभिवृद्धि गरी भ्रष्टाचारका विरुद्धमा तथ्य र प्रमाणसहितका गुणात्मक उजुरी र सूचना प्राप्त गर्ने अवसर प्राप्त भएको देखिन्छ ।

**७.२.४ चुनौतीहरू**

**(क) भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको प्रभावकारी कार्यान्वयन गर्नु :**

भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCAC) ले सबै तह र क्षेत्रमा हुने भ्रष्टाचार नियन्त्रणमा जोड दिई कानूनी, नीतिगत र संस्थागत व्यवस्थासम्बन्धी विश्वव्यापी मानकहरू तोकेको छ । महासन्धिका प्रावधानबमोजिम आवश्यक नयाँ ऐन कानूनको निर्माण र विद्यमान ऐन कानूनहरूमा आवश्यक संशोधन र परिमार्जन गरी महासन्धिको प्रभावकारी कार्यान्वयन गर्नु चुनौतीपूर्ण देखिन्छ । सूचनादाताको संरक्षण, साक्षीको सुरक्षा, स्वार्थको द्वन्द्व नियन्त्रण तथा सदाचार प्रवर्द्धनसम्बन्धी कानूनको निर्माण हुन आवश्यक देखिन्छ भने विद्यमान कानूनमा परिमार्जन गरी निजी क्षेत्र र गैरसरकारी क्षेत्रको भ्रष्टाचार नियन्त्रणका लागि प्रभावकारी व्यवस्था गर्ने चुनौती विद्यमान छ । महासन्धिले विश्वमा नयाँ रूप, रंग र आयाममा देखिँदै गएको भ्रष्टाचारजन्य अपराधको नियन्त्रण गर्न विभिन्न राष्ट्रबीच सहकार्यको विकास गर्ने कुरामा समेत जोड दिएको हुनाले सम्बन्धित देशहरूसँग पारस्परिक कानूनी सहायतासम्बन्धी ऐन तथा सुपुर्दगी ऐन बमोजिम सन्धिसम्झौता गरी अन्तर्सम्बन्धको विकास गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

**(ख) आयोगको जिम्मेवारी, अधिकार र भूमिका सबल बनाई भ्रष्टाचार नियन्त्रण गर्नु :**

नेपालको संविधानमा आयोगलाई भ्रष्टाचारसम्बन्धी कार्यको मात्र अनुसन्धान, तहकिकात र अभियोजन गर्ने गरी क्षेत्राधिकार संकुचित गरिएको छ । अनुचित कार्यको छानबिन आयोगबाट गरिने प्रावधान हटाइएको छ भने अर्को अधिकार प्राप्त निकायलाई सो कार्यको जिम्मेवारी तोकिएको छैन । अनुचित कार्य र भ्रष्टाचार अन्योन्याश्रित रूपमा परस्पर सम्बन्धित विषय भएको र अनुचित कार्यउपर अनुसन्धान गर्दै जाँदा भ्रष्टाचार भएको देखिने र

भ्रष्टाचारका विषयमा अनुसन्धान गर्दा अनुचित कार्य भएको प्रमाण भेटिन सक्ने सम्भावना रहेको अवस्थामा अनुचित कार्यसम्बन्धी उजुरीको अनुसन्धान गर्ने निकाय नहुँदा भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने कार्य चुनौतीपूर्ण रहेको देखिन्छ । साथै, आयोगले संवैधानिक निकायका प्रमुख र पदाधिकारी, न्यायाधीश, नेपाली सेना, मन्त्रिपरिषदबाट हुने नीतिगत निर्णय तथा निजी क्षेत्रसमेतमा हुने भ्रष्टाचारका विषयमा अनुसन्धान गर्न नसक्ने अवस्था देखिँदा सीमित कार्यक्षेत्रमा मात्र संलग्न रहँदा मुलुकमा मौलाउँदै गएको नीतिगत, संरचनागत र प्रणालीगत भ्रष्टाचार तथा अनियमितता नियन्त्रण गर्नु चुनौतीपूर्ण रहेको छ ।

**(ग) भ्रष्टाचार नियन्त्रणका लागि आयोगका निर्णय तथा सुझावहरूको कार्यान्वयन सुनिश्चित गर्नु :**

भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनसम्बन्धी विभिन्न विषयमा आयोगले वार्षिक प्रतिवेदनमार्फत दिएका सुझावहरूको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । आयोगबाट सिफारिस गरिएका सुझावहरूको नतिजामूलक कार्यसम्पादन गराउनु चुनौतीपूर्ण देखिन्छ । सम्बन्धित निकायहरूमा जिम्मेवारी पन्छाउने र जवाफदेहिता नलिने प्रवृत्तिको विकास भएका कारण आयोगका निर्णय कार्यान्वयन गराउन समस्या भएको छ । कतिपय विकास निर्माणसँग सम्बन्धित सार्वजनिक निकायहरूमा आयोगको छानबिन तथा अनुसन्धानसम्बन्धी कार्यलाई बहाना बनाई ढिलासुस्ती तथा लागत वृद्धि गर्ने र आफ्नो कमजोरी ढाकछोप गर्ने प्रवृत्तिसमेत कायम छ । सशक्त नियामक र अनुगमनकारी निकायहरूको भूमिका कमजोर देखिएको अवस्थामा शासकीय प्रभावकारिता बढाउनु चुनौतीपूर्ण देखिन्छ ।

**(घ) भ्रष्टाचारविरुद्ध नेतृत्व तहको प्रतिबद्धता हासिल गर्नु :**

आवधिक योजना र वार्षिक नीति तथा कार्यक्रममा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता कायम गर्ने उद्देश्य राखिएको पाइए तापनि सो अनुरूप राजनीतिक तथा प्रशासनिक नेतृत्वबाट व्यवहारमै इच्छाशक्ति र प्रतिबद्धता हासिल भई सरकारी निकायमा संस्थागत सुशासन कायम गर्ने, राज्यको स्रोतसाधनको दुरुपयोग रोक्ने तथा सबै सार्वजनिक निकायमा सदाचार पद्धति विकास गर्ने पहलकदमी हुन सकेको पाइँदैन । नेपाल सरकारका सम्बन्धित निकायहरूले अनुचित कार्यमा संलग्न कर्मचारीलाई विभागीय सजाय नगर्ने तथा नियामक निकायहरूले प्रभावकारी नियमन नगर्ने गरेको कारणले आयोगबाट हरेक विषयमा कारबाही होस् भन्ने जनअपेक्षा उजुरीमार्फत प्रस्तुत हुने गरेको पाइन्छ । नेतृत्ववर्गको दृढताबिना भ्रष्टाचारविरुद्धको अभियानमा सबैको सहयोग प्राप्त गरी सफलता प्राप्त गर्नु चुनौतीपूर्ण रहेको छ ।

**(ङ) आत्मकेन्द्रित सोच र भ्रष्टाचारप्रति सहिष्णु व्यवहारमा परिवर्तन ल्याउनु :**

समाजमा भ्रष्टाचारका विरुद्धको जनमत तयार भएको जस्तो देखिए तापनि अपेक्षितरूपमा सदाचारमूलक संस्कृतिको विकास हुन सकेको देखिंदैन । अरूले गरेको भ्रष्टाचार मात्र देख्ने तर आफू र आफ्नो परिवारको भलाइका लागि गैरकानूनी भ्रष्ट कामसमेत गर्ने आत्मकेन्द्रित मनोवृत्ति कायम रहेको देखिन्छ । सामाजिक-सांस्कृतिक रूपमा नै आत्मकेन्द्रित सोच हटाई निष्पक्षता, सदाचारिता र भ्रष्टाचारविरुद्ध असहिष्णुताको अभिवृद्धि गर्नका लागि सरोकारवालासँगको सहकार्यमा विभिन्न माध्यमबाट अभियानकै रूपमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने चुनौती आयोगसामु रहेको देखिन्छ । भ्रष्टाचारको अपराधीकरण गर्ने प्रवृत्ति लगायतका सामाजिक विसङ्गति र विकृति बढ्दै गएको र समाजबाट भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको कमी देखिएको अवस्थामा भ्रष्टाचारविरुद्धको अभियानमा सामाजिक सरोकार, सहयोग र सहभागिता प्राप्त गर्नु चुनौतीपूर्ण रहेको छ ।

**(च) खर्चिलो निर्वाचन प्रणाली र भड्किलो सामाजिक व्यवहारमा सुधार ल्याउनु :**

लोकतन्त्रको आधारस्तम्भका रूपमा संघ, प्रदेश र स्थानीय तहको आवधिक निर्वाचन अपरिहार्य आवश्यकता हो । जनताले आफ्ना प्रतिनिधिका रूपमा निर्वाचनमार्फत सक्षम, योग्य र इमान्दार व्यक्तिलाई मतदानमार्फत छान्न पाउनु निर्वाचनको सुन्दर पक्ष भए पनि निर्वाचनमा राजनीतिक दल वा उम्मेदवारले अपारदर्शी तरिकाले गर्ने अत्यधिक खर्चले निर्वाचन प्रणालीभित्र नै विकृति र विसंगति मौलाउने सम्भावना रहन्छ । हाम्रो देशमा निर्वाचन प्रणाली अत्यधिक खर्चिलो हुँदै गएको हुँदा न्यून आय भएको इमान्दार व्यक्तिले निर्वाचनमा विजय पाउन कठिन हुँदै गएको गुनासो सुनिन्छ । निर्वाचनमार्फत योग्य र इमान्दार मानिसले चुनिने अवसर नपाउँदा भ्रष्टाचार र अनियमितता बढ्दै जाने भएकाले खर्चिलो निर्वाचन प्रणालीमा पुनरावलोकन गरी सुधार ल्याउनु एउटा प्रमुख चुनौती हो । यसैगरी, घर व्यवहार र सामाजिक लोकाचार पूरा गर्नका लागि न्यून वेतनधारी कर्मचारी र न्यून आय भएका व्यक्तिहरूलाई भड्किलो सामाजिक व्यवहार प्रमुख बाधक बनेको छ । शिक्षा, स्वास्थ्य महँगो हुनु,

चाडपर्व र सामाजिक संस्कार खर्चिलो हुनु र महँगी बढ्दै जानुले इमान्दार कर्मचारीलाई परिवारको खर्च धान्नका लागि कठिनाइ परेको अवस्था छ । भ्रष्टाचारविरुद्धको अभियानलाई प्रभावकारी बनाउनका लागि भड्किलो सामाजिक व्यवहारमा नियन्त्रण ल्याउनु जरुरी छ ।

## ७.३ आयोगको आगामी रणनीति तर्जुमा

आयोगबाट आर्थिक वर्ष २०७४।७५ मा सरोकारवाला निकाय तथा विज्ञहरूको रायसुझावसमेतका आधारमा आयोगको संस्थागत रणनीति (२०१४-२०१९) को मध्यावधि मूल्यांकन गरिएको छ । मध्यावधि मूल्यांकनको प्रतिवेदनले आयोगको आगामी रणनीति तर्जुमाको आवश्यकता औंल्याउँदै उक्त रणनीतिको समग्र पक्ष, रणनीति तर्जुमा प्रक्रिया, रणनीतिमा समावेश हुने विषयवस्तु र उपलब्धि मापनका प्रमुख क्षेत्रहरू समेत सुझाएको छ । मध्यावधि मूल्यांकनबाट प्राप्त सुझावसमेतका आधारमा आयोगको आगामी रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ । मूलतः नेपालको संविधान एवम् विद्यमान ऐन कानूनलाई आधार मानी संघीय संरचना अनुसार आयोगको आगामी रणनीति तर्जुमा गरिनेछ । मुलुकमा रहेका तीनवटै तहका सरकार र मातहतका निकायबाट अख्तियारको दुरुपयोग हुन नदिन आयोग सचेत रहँदै कार्यक्षेत्रका आधारमा सूचक निर्धारण गर्नुपर्ने भनी मध्यावधि मूल्यांकनमा उल्लेख भएकोले उक्त रणनीति तर्जुमा गर्दा भ्रष्टाचार निवारणसम्बन्धी क्षेत्रमा कार्य गर्ने सबै सरोकारवालाहरूको सुझावसमेत लिई कार्यान्वयनयोग्य सूचकहरूको समेत विकास गरिनेछ ।

मूल्यांकनबाट प्राप्त सुझाव अनुसार आयोगको रणनीतिमा अख्तियारको दुरुपयोग र सुशासन प्रवर्द्धनसँग सम्बन्धित विषयमा नियमित रूपमा अनुसन्धान (Research) गर्ने र नागरिक अभिमत सर्वेक्षण गर्ने विषयहरूका साथै समय र प्रविधि अनुसार बढ्दै गएका विभिन्न किसिमका अपराध, भ्रष्टाचार र अनुचित कार्यहरू, जस्तैः साइबर अपराध, विद्युतीय कारोबारमा हुने भ्रष्टाचार, नीतिगत भ्रष्टाचार आदि विरुद्धको रणनीति, विकास निर्माणका काममा शून्य भ्रष्टाचारसम्बन्धी विषयलाई समेत समावेश गरिनेछ । रणनीतिलाई कार्ययोजनासहित तार्किक ढाँचामा राख्ने, जोखिम पक्षलाई समावेश गर्ने र मापनयोग्य सूचकहरू समावेश गर्ने गरी बढीभन्दा बढी कार्यान्वयनयोग्य बनाइनेछ । आगामी रणनीतिमा मूलतः उपचारात्मक (दण्डात्मक) पक्ष, प्रवर्द्धनात्मक पक्ष र निरोधात्मक पक्ष समावेश गर्नुपर्ने भनी मध्यावधि मूल्यांकनबाट सुझाव प्राप्त भएकोले वृहद् अन्तर्क्रिया, छलफल, सुझाव संकलन तथा विश्लेषण गरी आगामी रणनीतिको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

## ७.४ आयोगको तत्कालीन कार्यदिशा

आयोगको आगामी रणनीति तर्जुमा भएपछि अवलम्बन गरिने कार्यदिशा सोही रणनीतिले निर्देशित गर्ने हुँदा आगामी रणनीति तर्जुमा भई कार्यान्वयन नहुञ्जेलसम्मका लागि आयोगले तत्कालीन कार्यदिशाका आधारमा कार्य प्राथमिकीकरण एवम् कार्यान्वयन गर्नेछ । आयोगले विगत केही वर्षदेखि कार्यदिशा निर्धारण गरी कार्यान्वयन गर्दै आएको छ । गत वर्षको वार्षिक प्रतिवेदनमार्फत आयोगले सार्वजनिक गरेको कार्यदिशालाई अवलम्बन गरी इमान्दारितापूर्वक कार्यान्वयन गर्ने प्रयास गरिएको छ । आयोगले अनुसन्धान, तहकिकात र अभियोजनका कार्यलाई विश्वसनीय र प्रामाणिक बनाउनुपर्ने आवश्यकता महसुस गरी गत वर्षको कार्यदिशा तय गरेको थियो । साथै, नीतिगत, संस्थागत सुदृढीकरण, मानवीय संसाधन र सदाचारिताको विकाससम्बन्धी कार्यदिशा समेत निर्धारण गरी कार्यान्वयनमा लगिएकोमा धेरै हदसम्म अपेक्षित उपलब्धि प्राप्त भएको छ । संक्षेपमा, गत वर्षको कार्यदिशा र प्रगति देहायमा प्रस्तुत गरिएबमोजिम रहेको छ :

| क्र.सं. | कार्यदिशागत क्षेत्र | अवलम्बन गरिएको कार्यदिशा | प्राप्त उपलब्धि |
|---|---|---|---|
| १ | नीतिगत कार्यदिशा | • कानून, नीति र कार्यविधि निर्माण/परिमार्जन। | • अ.दु.अ.आ. ऐन र भ्रष्टाचार नियन्त्रण ऐनमा संशोधनका लागि मस्यौदा तर्जुमा गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइएको,<br>• अभियोजन नीति, २०७४ तयार गरी कार्यान्वयनमा ल्याइएको। |
| २ | संस्थागत सुदृढीकरणतर्फको कार्यदिशा | • आयोग र अन्तर्गतका कार्यालयहरूलाई संघीय मान्यतानुसार पुनर्संरचना | • संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आयोग र मातहतका कार्यालयहरूको पुनर्संरचना गरिएको,<br>• स्वचालित कार्यसञ्चालन प्रणालीको हार्डवेयरसम्बन्धी |

| | | | |
|---|---|---|---|
| | | गर्ने,<br>• अनुसन्धान तथा कार्यसञ्चालनमा स्वचालित कार्य प्रणालीको विकास गर्ने,<br>• कार्यसम्पादन व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउने,<br>• Institutional Memory लाई संस्थागत गर्ने,प्रभावकारी अभिलेख व्यवस्थापन गर्ने<br>• भौतिक पूर्वाधार तथा स्रोत साधन व्यवस्थापन गर्ने,<br>• रणनीतिक कार्यक्रमहरूलाई सुदृढीकरण तथा स्थानीयकरण गर्दै संस्थागत गर्ने,<br>• प्रवर्द्धनात्मक कार्यक्रमलाई संस्थागत गर्दै प्रभावकारीरूपमा सञ्चालन गर्ने,<br>• निरोधात्मक कार्यक्रमहरूलाई संस्थागत बनाउने। | कार्य सम्पन्न भएको र सफ्टवेयर विकासको काम अन्तिम चरणमा पुगेको,<br>• आयोगको भवन निर्माण लगायत भौतिक पूर्वाधार सुदृढ गर्ने कार्य गरिएको,<br>• आयोगको चालु रणनीतिको मध्यावधि मूल्यांकन गरी आगामी रणनीतिका विषयमा सुझाव प्राप्त भएको,<br>• प्रवर्द्धनात्मक र निरोधात्मक कार्यसम्बन्धी अवधारणापत्र अनुसार विभिन्न कार्यक्रम सञ्चालन गरिएको। |
| ३ | मानवीय संसाधन व्यवस्थापन गर्ने कार्यदिशा | • संगठनात्मक स्वरूप पुनरावलोकन गरी आवश्यकताका आधारमा उपयुक्त कर्मचारीहरूको चयन गर्ने,<br>• व्यावसायिक तथा विकास कार्यक्रम सञ्चालन गर्ने। | • संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा संघीय संरचनानुरूपको संगठनात्मक स्वरूप निर्धारण गरी कर्मचारी खटाइएको,<br>• कर्मचारीहरूको व्यावसायिक तथा वृत्ति विकासका कार्यक्रम सञ्चालन गरिएको। |
| ४ | अनुसन्धान, तहकिकात र अभियोजनलाई प्रभावकारी बनाउने कार्यदिशा | • वैज्ञानिक र प्रमाणमा आधारित अनुसन्धान पद्धतिको विकास गर्ने,<br>• भ्रष्टाचार व्याप्त क्षेत्रको पहिचान गरी ती क्षेत्रमा आयोगको निगरानी बढाउने,<br>• भ्रष्टाचारविरुद्ध क्रियाशील संघसंस्थाहरूसँग सम्बन्ध एवं सहकार्य प्रवर्द्धन गर्ने,<br>• अभियोजनसम्बन्धी कार्यलाई स्पष्ट व्यवस्था गरी एकरूपता ल्याउने,<br>• अदालतबाट प्रतिपादित | • विस्तृत अनुसन्धान कार्यलाई प्रभावकारी बनाउने सम्बन्धी कार्यविधि,२०७४ स्वीकृत भई लागू गरिएको,<br>• डिजिटल फरेन्सिक ल्याब, इञ्जिनियरिङ ल्याब र इन्टेलिजेन्स युनिटको सुदृढीकरण गरिएको,<br>• गैरकानूनी सम्पत्ति छानबिन तथा अनुसन्धान कार्यविधि, २०७५ स्वीकृत भई लागू गरिएको,<br>• उजुरीकर्ता, साक्षी र कर्मचारीको सुरक्षासम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको,<br>• भ्रष्टाचार हुने सम्भाव्य क्षेत्रहरू पहिचान गर्नका लागि सेवाग्राही अनुभूति सर्वेक्षण सम्पन्न गरिएको,<br>• अभियोजन नीति स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको। |

| | | | |
|---|---|---|---|
| | | नजिरहरूको संगालो प्रकाशन तथा तुलनात्मक अध्ययन, विश्लेषण गर्ने,<br>• पुनरावेदन पुनरावलोकन गर्ने/नगर्नेसम्बन्धी स्पष्ट कार्यविधि र मापदण्डको विकास गर्ने,<br>• रोक्का फुकुवा गर्ने नगर्नेसम्बन्धी स्पष्ट कार्यविधि तयार गर्ने। | |
| ५ | सेवाप्रवाहमा सदाचारमूलक संस्कृतिको विकास र परिवर्तित कार्यव्यवहारको अनुगमन गर्ने कार्यदिशा | • सार्वजनिक पदाधिकारीले पालन गर्नुपर्ने सदाचारिता र आचारसंहिताहरूसम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने,<br>• कर्मचारीहरूको कार्यसम्पादनस्तरको निगरानी गर्ने तथा उनीहरूको सार्वजनिक जीवनपद्धतिको अध्ययन गर्न विशेष जोड दिने । | • सबै स्थानीय तहका प्रमुख पदाधिकारीहरूका लागि सदाचार र सुशासन प्रवर्द्धनसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको,<br>• कार्यसम्पादन सम्बन्धमा समन्वय बैठकहरू आयोजना गरिएको । |

उल्लिखित विभिन्न नीतिगत, कार्यविधिगत र प्रविधिगत सुधारका कार्यहरूलाई निरन्तरता दिई आगामी दिनमा अझै प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि आयोगको भ्रष्टाचारविरुद्धको आगामी कार्यदिशा निर्धारण गरिएको छ । आयोगले आगामी दिनमा मूलतः प्रभावकारी अनुसन्धान र अभियोजन, प्रवर्द्धनात्मक र निरोधात्मक कार्यक्रम, संस्थागत सुदृढीकरण र मानव संसाधन व्यवस्थापनको कार्यमा जोड दिई देहायबमोजिमको कार्यदिशा अवलम्बन गर्नेछ ।

**७.४.१ अनुसन्धान र अभियोजनसम्बन्धी कार्यदिशा :**

आयोगले भ्रष्टाचार व्याप्त क्षेत्रको पहिचान गरी निगरानी गर्ने, प्रमाणमा आधारित अनुसन्धान पद्धतिको विकास गर्ने, भ्रष्टाचारविरुद्ध क्रियाशील संघसंस्थाहरूसँग सहकार्य गर्ने तथा अभियोजनमा एकरूपता कायम गर्ने जस्ता कार्यमा जोड दिँदै आएको छ । प्रभावकारी अनुसन्धानका लागि अनुसन्धानपूर्वको अध्ययन/विश्लेषण, अनुसन्धानको क्रममा गरिने प्रमाण सङ्कलन र अनुसन्धानपश्चातको अभियोजनका कार्यहरूलाई प्रभावकारी बनाउनेतर्फ जोड दिइएको छ । नेपालमा भ्रष्टाचार र सुशासनको अवस्थासम्बन्धी अध्ययन, २०७५ ले सेवाग्राहीहरूको अभिमत सर्वेक्षणका आधारमा अनुसन्धानको प्रभावकारिताका लागि विभिन्न सुझावहरू समेत प्रस्तुत गरेको छ । उक्त सुझावसमेतलाई मनन गरी अनुसन्धानका विभिन्न कार्यहरूमा सुधारात्मक भविष्यपरक कार्यदिशा अवलम्बन गरिएको छ ।

**(क) भ्रष्टाचारजन्य प्रवृत्तिहरूको अध्ययन/विश्लेषण गरी तथ्यांक भण्डार (Data Bank) तयार गर्ने :**

अनुसन्धानमा प्रभावकारिता ल्याउनका लागि भ्रष्टाचारका सम्भाव्य क्षेत्रहरूको पहिचान तथा बढी भ्रष्टाचार हुने निकायका रूपमा पहिचान भएका कार्यालयहरूमा हुने भ्रष्टाचारका कार्यगत प्रवृत्तिहरूको पहिचानका लागि अध्ययन/विश्लेषणमा जोड दिइनेछ । साथै, आयोगको इन्टेलिजेन्स व्युरोको सुदृढीकरण गरी सूचना संकलन तथा विश्लेषणलाई बढी प्रभावकारी बनाइनेछ । सूचना सङ्कलन, अभिमत सर्वेक्षण तथा अध्ययन-अनुसन्धानसमेतका आधारमा भ्रष्टाचारका कार्यगत र क्षेत्रगत प्रवृत्तिसम्बन्धी तथ्यांकहरूलाई एकीकृत गरिनेछ, जसलाई प्रशोधन गरी तथ्यांक भण्डार (Data Bank) तयार गरिनेछ । तथ्यांक भण्डार तयार गर्न आयोगको अनुसन्धान र अभियोजनबाट

प्राप्त जानकारी र पृष्ठपोषणलाई समेत आधारका रूपमा लिइनेछ । कुनै पदाधिकारी/कर्मचारी विरुद्ध धेरैपटक उजुरी परी अनुसन्धानबाट निज पटक-पटक भ्रष्टाचार र अनियमिततामा संलग्न भएको पाइएमा त्यस्ता कर्मचारीहरूको विवरणसमेत तथ्यांक भण्डारमा समावेश गरी आयोगको वेबसाइटमा राखिनेछ । यसबाट भ्रष्टाचारजन्य कार्य नियन्त्रणमा आयोगलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ । सूचना संकलन, विश्लेषण र तथ्यांक भण्डारणसम्बन्धी कार्यलाई निरन्तर अद्यावधिकसमेत गरिनेछ ।

**(ख) प्रमाणमा आधारित अनुसन्धान पद्धतिको विकास गर्ने :**

भ्रष्टाचारविरुद्धका उजुरीको अनुसन्धानलाई प्रभावकारी बनाउनका लागि आयोगले स्क्रिनिङ कमिटी मार्फत उजुरीहरूको गाम्भीर्यताका आधारमा वर्गीकरण गर्ने कार्य गर्दै आएको छ । आगामी दिनमा यसरी वर्गीकरण गरिएका उजुरीहरूमध्ये गम्भीर प्रकृतिका उजुरीहरूलाई यथासम्भव छिटो अनुसन्धान गरी अनुसन्धानबाट भ्रष्टाचार भएको देखिएमा अबिलम्ब अदालतमा मुद्दा दायर गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । आयोगले अनुसन्धानको चरणमा तथ्य-प्रमाणको खोजी गरी निष्पक्ष, छिटो, पूर्ण, प्रामाणिक र विश्वसनीय अनुसन्धान गर्ने कार्यमा जोड दिंदै आएको छ । अनुसन्धानसँग सम्बन्धित स्पष्ट नीति, कार्यविधि, निर्देशिका र दिग्दर्शन तर्जुमा गर्ने कार्य आयोगको प्राथमिकतामा पर्दछ । यस्तै, अनुसन्धानमा सहजताका लागि आधुनिक प्रविधिको प्रयोगमा पनि आयोगले जोड दिइँदै आएको छ । कार्यविधि र प्रविधिको सही उपयोगका लागि कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि पनि आयोगले भरमग्दुर प्रयास गर्दै आएको छ । आगामी दिनमा विधि, प्रविधि र क्षमता अभिवृद्धिका यी तीनवटै पक्षलाई अझै प्रभावकारी रूपमा कार्यान्वयन गर्ने कार्यदिशा आयोगले अवलम्बन गर्नेछ ।

**(अ) अनुसन्धान अभियोजनसम्बन्धी कार्यविधिहरू निर्माण तथा कार्यान्वयन गर्ने :**

भ्रष्टाचारसम्बन्धी उजुरी उपर अनुसन्धान गरी अनुसन्धान अधिकृतहरूले तयार गर्ने प्रतिवेदनमा एकरूपता, परिपक्वता र शुद्धता कायम गरी आयोगबाट गरिने निर्णय र अभियोजनलाई प्रभावकारी बनाउने उद्देश्यले विस्तृत अनुसन्धान कार्यलाई प्रभावकारी बनाउनेसम्बन्धी कार्यविधि, २०७४ लागू गरिएको छ । यस कार्यविधिमा भएको व्यवस्था अनुरूप अनुसन्धानको पूर्णता परीक्षण तथा सिफारिस समितिमा भएका विभिन्न सेवाका कर्मचारीहरूको राय सल्लाहसमेतबाट अनुसन्धानलाई प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा लिइएको छ । साथै, कार्यविधिमा भएको निर्णय मस्यौदा तथा आरोपपत्र मस्यौदा परीक्षण समितिको व्यवस्थाबाट निर्णयको मस्यौदा र आरोपपत्रको मस्यौदा परिमार्जन गरी रीतपूर्वकको आरोपपत्र तयार गर्ने कार्यमा सहयोग पुग्नेछ । अनुसन्धान अधिकृतहरूका लागि डायरीको व्यवस्था गरी अद्यावधिक गर्ने कार्यको समेत प्रारम्भ भइसकेको छ । अनुसन्धानसम्बन्धी कार्यसम्पादनमा अनुसन्धान अधिकृत तथा सहयोगी कर्मचारीहरूलाई सहजता होस् भन्ने अभिप्रायले अनुसन्धान दिग्दर्शन तयारी तथा प्रकाशन गरी सबैलाई उपलब्ध गराइनेछ । साथै, अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली परिमार्जन गरिनेछ। सेवाप्रवाहसँग सम्बन्धित सरकारका विभिन्न निकायका कार्यविधिहरूलाई सरल र प्रभावकारी बनाउन समय सापेक्ष परिमार्जनका लागि समन्वय गरिनेछ।

**(आ) अनुसन्धानमा आधुनिक वैज्ञानिक प्रविधिको उपयोग बढाउने :**

अनुसन्धान प्रभावकारिताका लागि आयोगले प्रविधिको उपयोगलाई महत्व दिंदै आएको छ । आयोगमा डिजिटल फरेन्सिक ल्याब, इञ्जिनियरिङ ल्याब, इन्टेलिजेन्स उपकरण, पोलिग्राफ परीक्षण र सूचना प्रविधिको उपयोग गरिंदै आएको छ । आगामी दिनमा यस्ता प्रविधिहरूलाई आयोगका कार्यालयहरूमा समेत विस्तार गर्ने सोच आयोगले लिएको छ । आयोग र मातहत कार्यालयहरूका बीचमा कम्प्युटर नेटवर्कको स्थापना गरी सूचना आदानप्रदानमा सहजता ल्याई अनुसन्धान छिटोछरितो बनाइनेछ । साथै, मोबाइल एप्लिकेसनको उपयोग गरी एसएमएसबाट समेत उजुरी गर्न सकिने गरी प्रणालीको विकास गर्ने कार्य अगाडि बढाइनेछ । यस प्रणालीबाट तत्काल सूचना प्रवाह हुने, टेलिभिजन मोनिटरबाट निगरानी हुने, सूचना विश्लेषणमा सहजता हुने र जि.पि.एस./उजुरी ट्र्याकिङ गर्न सहज हुने अपेक्षा गरिएको छ । यस प्रणालीमा SMS, IVR र USSD मार्फत उजुरी दिन सकिने व्यवस्था गरिनुका साथै आयोगबाट भएका महत्वपूर्ण सूचनाहरूको प्रवाह गर्न सकिने गरी प्रणालीको विकास गरिनेछ । अनुसन्धानमा सूचना प्रविधि र कृत्रिम सचेतना (IT & Artificial Intelligence) को प्रयोगबाट अनुसन्धान प्रभावकारिता अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

अनुसन्धानमा अन्य निकायको विज्ञता र प्रविधिको उपयोग गर्ने सिलसिलामा आयोगले समय-समयमा फरेन्सिक परीक्षणको कार्यमा विधि विज्ञान प्रयोगशालाको सहयोग प्राप्त गर्दै आएको छ । यसका अतिरिक्त नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्युरो, नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाई तथा नेपाल टेलिकमको सहयोग आयोगले प्राप्त गर्दै आएको छ । आगामी दिनमा विभिन्न निकायसँगको सहयोग र सहकार्यमा अनुसन्धानका आधुनिक प्रविधिको उपयोग गर्ने कार्यलाई अझ विस्तार गरिनेछ । निजामती किताबखाना, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंक, भूमिसुधार तथा व्यवस्थापन विभाग, सहकारी विभाग जस्ता सम्पत्तिको अभिलेख रहने तथा अनुसन्धान गर्ने निकायहरूसँग इन्टरनेट सञ्जाल मार्फत सूचना आदानप्रदानलाई छिटोछरितो बनाई भ्रष्टाचारविरुद्धको कार्यलाई संगठित र प्रभावकारी बनाउनका लागि आयोगबाट पहलकदमी लिइनेछ ।

**(इ) अनुसन्धान अधिकृतहरूको अनुसन्धान क्षमता अभिवृद्धि गर्ने :**

आयोगले अनुसन्धान क्षमता अभिवृद्धिका लागि United Nation's Organization for Drugs and Crimes (UNODC) OECD लगायतका अन्तर्राष्ट्रिय संघसंस्था तथा मित्र राष्ट्रका तालिम प्रदायक संस्थाहरूसँगको सहकार्यलाई निरन्तरता दिनेछ । गैरकानूनी सम्पत्तिको एक देशबाट अर्को देशमा अवैध ओसारप्रसार हुनसक्ने तथा सङ्गठित अपराधमा त्यस्तो सम्पत्तिको दुरुपयोग हुने तथ्यलाई मनन गरी UNODC ले वित्तीय अनुसन्धानसम्बन्धी तालिम प्रदान गरेको छ । आगामी दिनमा यस्ता तालिमहरूमा आयोगका कर्मचारीहरूलाई सहभागी गराउने कार्यलाई निरन्तरता दिइनेछ । यस्तै, आयोगले अनुसन्धान अधिकृतहरूलाई थाइल्याण्डको Asian Institute of Technology, फिलिपिन्सको University of the Philippines, मलेसियाको Malaysian Anti-Corruption Agency, सिंगापुरको Corrupt Practices Investigation Bureau लगायत मित्र राष्ट्र चीनका विभिन्न निकायले आयोजना गरेका तालिममा सहभागी गराउँदै आएको छ । दिन प्रतिदिन भ्रष्टाचारका नयाँ नयाँ प्रवृत्ति र शैलीहरू उजागर भइरहेको सन्दर्भमा कर्मचारीहरूको अनुसन्धान क्षमतामा निरन्तर अभिवृद्धि नगरी भ्रष्टाचार नियन्त्रण गर्न कठिन भएकोले क्षमता अभिवृद्धि कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ । आन्तरिक रूपमा आयोगमै अनुसन्धानसम्बन्धी अभिमुखीकरणका साथै भूमि व्यवस्थापन, सार्वजनिक खरिद, बैंकिङ र वित्तीय व्यवस्थापनसम्बन्धी विशिष्टीकृत तालिमहरू सञ्चालन गरिनेछ ।

**(ग) अभियोजनमा निष्पक्षता, एकरूपता र प्रभावकारिता ल्याउने :**

अभियोजनमा एकरूपताका लागि अभियोजन नीति, २०७४ ले विद्यमान कानूनी व्यवस्था, आयोगबाट भएका नीतिगत निर्णय र अदालतबाट भएका नजिरहरूसमेतका आधारमा अभियोजन गर्दा आत्मसात गर्नुपर्ने फौजदारी न्यायका सिद्धान्त, अभियोजनसम्बन्धी आधारभूत नीति र आधारभूत पक्ष तथा अभियोजन गर्ने र नगर्ने अवस्थाहरू स्पष्टरूपमा खुलाएको हुनाले अनुसन्धान अधिकृतहरूलाई अभियोजनका विधि र प्रक्रियाका सम्बन्धमा दिशानिर्देश गरेको छ । रिसवत, शैक्षिक योग्यताको झुठा प्रमाणपत्र, राजस्व हिनामिना, सरकारी सम्पत्तिको हानि नोक्सानी, गैरकानूनी सम्पत्तिको मूल्यांकनजस्ता विषयका विभिन्न मुद्दाहरूमा अदालतले प्रतिपादन गरेका नजिरहरूसमेतका आधारमा अभियोजन नीतिले दिशानिर्देश गरेको हुँदा यसबाट अभियोजनमा एकरूपता ल्याउन सहयोग पुग्ने विश्वास लिइएको छ । भ्रष्टाचारसम्बन्धी मुद्दाहरूमा भएका फैसलाहरूको अध्ययन गरी अदालतबाट प्रतिपादित नजिरहरूको संगालो प्रकाशन तथा तुलनात्मक अध्ययन, विश्लेषण गर्ने कार्यलाई अन्तिम रूप दिई आगामी दिनमा मुद्दाको सफलताको दर बढाई भ्रष्टाचारमा संलग्नलाई निरुत्साहित गर्ने कार्यदिशा अवलम्बन गरिनेछ । साथै, मुद्दाहरूको पुनरावेदन पुनरावलोकन गर्ने वा नगर्ने विषयसम्बन्धी स्पष्ट कार्यविधि र मापदण्डको विकास गरिनेछ।

### ७.४.२ निरोधात्मक/प्रवर्द्धनात्मक कार्यदिशा

दण्डात्मक रणनीति अन्तर्गत गरिने अनुसन्धान र अभियोजनबाट मात्र पूर्णरूपमा भ्रष्टाचार नियन्त्रण सम्भव नभएकाले आयोगले निरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरूमा जोड दिंदै आएको छ । निरोधात्मक र प्रवर्द्धनात्मक उपायलाई प्रभावकारी ढंगले सरोकारवालासम्म पुऱ्याई भ्रष्टाचारविरुद्धको अभियानप्रति अपनत्व महसुस गराउन सकियो भने आयोगमा पर्न गएको दण्डात्मक भूमिकाको अत्यधिक चापलाई न्यून गराउन मद्दत गर्नुका साथै भ्रष्टाचारको रोकथाम तथा नियन्त्रण गर्न आयोगको भूमिका थप प्रभावकारी बनाउन सघाउ पुग्ने देखिन्छ ।

भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिले समेत सार्वजनिक पदाधिकारीहरूलाई सदाचारसम्बन्धी नियमहरूको परिपालन गर्ने गराउने कार्यमा जोड दिएको र उक्त कार्य गराउने आयोगको पनि दायित्व रहेको देखिएकाले

सार्वजनिक पदाधिकारीबाट हुने भ्रष्टाचारजन्य कार्य र अनियमितता नियन्त्रण गर्न, पारिवारिक, सामाजिक र राष्ट्रियस्तरमा समेत सदाचार पद्धतिको विकासमा सहयोग पुऱ्याउन आयोग प्रतिबद्ध रहेको छ । यसका लागि आयोगबाट "भ्रष्टाचार नियन्त्रणका लागि प्रवर्द्धनात्मक तथा निरोधात्मक कार्यसम्बन्धी अवधारणापत्र, २०७४" क्रमशः कार्यान्वयन गर्ने गरी स्वीकृत भइसकेको छ । अवधारणापत्रबमोजिम निरोधात्मक र प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरी सदाचारिताको विकासमा सहयोग पुऱ्याउने ध्येय राखिएको छ ।

**(क) निरोधात्मक कार्यक्रमहरू सञ्चालन गरी भ्रष्टाचार रोकथाम गर्ने :**

आयोगबाट स्वीकृत भएको प्रवर्द्धनात्मक तथा निरोधात्मक कार्यसम्बन्धी अवधारणापत्र अनुसार सरकारी तथा गैरसरकारी/सामुदायिक संघसंस्थाहरूसँगको सहकार्यमा निरोधात्मक उपाय अवलम्बन गरी भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा जोड दिइनेछ । आर्थिक वर्ष २०७५।७६ मा लाभग्राही पक्षको सहभागिता सुनिश्चित हुने गरी नागरिक समूह (**Citizen Jury**) गठन गरी सार्वजनिक विकास निर्माण कार्यमा भ्रष्टाचार भए/नभएको विषयमा निगरानी गर्ने पद्धति विकास गर्न परीक्षणका रूपमा हरेक प्रदेशमा एउटा जिल्ला छनौट गरी कार्यक्रम सञ्चालन गरिनेछ । आगामी दिनमा यस कार्यलाई अझ विस्तार गर्ने सोच आयोगले लिएको छ । भ्रष्टाचारका जोखिमपूर्ण क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूमा आयोगको निगरानी बढाइनेछ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट संचालित कार्यको प्रभावकारिता सम्बन्धमा समेत अध्ययन अनुसन्धान गरिनेछ ।

राष्ट्रिय सदाचार पद्धतिको विकास गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको अग्रसरतामा राष्ट्रिय सदाचार नीति (National Integrity Policy) तयार गर्ने र नीतिको कार्यान्वयन गर्ने विषयसमेत अवधारणापत्रमा समावेश गरिएको छ । आगामी दिनमा नीति पारित भई कार्यान्वयन हुने अपेक्षा गरिएको छ । सुशासन तथा सदाचार पद्धतिलाई संस्थागत गर्न सम्बन्धित निकायको सहयोगमा विभिन्न निकायहरूका सार्वजनिक खरिद इकाइहरूको प्रभावकारितामा जोड दिइनेछ । साथै, सेवा संचालन कार्यविधि, आचारसंहिता तथा कार्ययोजनाहरूको प्रभावकारी कार्यान्वयनमा समेत जोड दिइनेछ । सरकारी तथा सार्वजनिक निकायहरूमा Corruption Risk Assessment गर्ने, त्यसका आधारमा Corruption Prevention Guidelines (CPG) तयार गर्ने र सेवा सञ्चालन कार्यविधि बनाउने सोच अवधारणापत्रले समेटेको छ । उल्लिखित व्यवस्थाहरूको कार्यान्वयनको अवस्थाबारे निरन्तर अनुगमन गर्ने पद्धतिको विकासमा जोड दिइनेछ ।

**(ख) प्रवर्द्धनात्मक कार्यक्रमहरू मार्फत सचेतना अभिवृद्धि गर्ने :**

आयोगले प्रवर्द्धनात्मक कार्यक्रमलाई जोड दिँदै सामुदायिक शिक्षा, बैठक, अन्तर्क्रिया एवम् प्रचार प्रसार लगायतका कार्य गर्दै आएको छ । आयोगको प्रवर्द्धनात्मक र निरोधात्मक कार्यसम्बन्धी अवधारणापत्रले भ्रष्टाचार नियन्त्रणका लागि सहकार्य गर्नुपर्ने निकाय तथा समूहका रूपमा विद्यालय तथा क्याम्पस स्तरमा अध्ययनरत विद्यार्थीहरू, व्यावसायिक संगठनमा आबद्ध पेसाविद्हरू, निर्वाचित पदाधिकारीहरू, कार्यालय प्रमुखहरू, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरू, कर्मचारीहरू, विभिन्न उपभोक्ता समूह तथा उपभोक्ता मञ्चका पदाधिकारीहरू, नागरिक समाज र सञ्चारकर्मीहरूलाई पहिचान गरेको छ । अवधारणापत्रले प्रवर्द्धनात्मक कार्य अन्तर्गत भ्रष्टाचारविरुद्धका सामग्रीहरूको प्रकाशन/प्रसारण गर्ने, भ्रष्टाचारविरुद्ध अन्तर्क्रिया तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने, शिक्षण संस्थाहरूमा भ्रष्टाचारविरुद्धका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने/गराउने र अन्य विविध कार्यक्रमहरू सञ्चालन गर्ने गरी कार्यक्रम तथा कार्ययोजना निर्धारण गरेको छ । अवधारणापत्रबमोजिम सुशासन र सदाचारिता अभिवृद्धिका लागि प्रवर्द्धनात्मक कार्यलाई महत्वपूर्ण रणनीतिका रूपमा लिई आगामी दिनमा भ्रष्टाचारविरुद्ध सचेतना अभिवृद्धि गर्ने विभिन्न श्रव्यदृश्य सामग्री प्रदर्शन तथा वितरण गर्ने कार्यका साथै सञ्चार माध्यमबाट सदाचार कार्यक्रमको प्रसारण गर्ने सोच लिइएको छ । साथै, पहिचान गरिएका लक्षित वर्गसमक्ष अन्तर्क्रिया, गोष्ठी, सेमिनार, प्रशिक्षण, असल अभ्यासहरूबारे छलफल एवम् सूचना आदान प्रदानका कार्यक्रम सञ्चालन गरिनेछ । शिक्षण संस्थाका विद्यार्थीहरूलाई लक्षित गरी भ्रष्टाचार नियन्त्रण विषयमा प्रतियोगितात्मक कार्यक्रमहरू, जस्तैः- कविता/निबन्ध/वक्तृत्वकला/चित्रकला प्रतियोगिता आदि सञ्चालन गरिनेछ ।

नेपालमा भ्रष्टाचार र सुशासनको अवस्थासम्बन्धी अध्ययन, २०७५ अनुसार आयोगले सम्पादन गर्ने विभिन्न कार्यहरूका बारेमा सबै सरोकारवालाहरूलाई सुसूचित गर्न प्रभावकारी सूचना माध्यमहरूको उपयोग गर्नु आवश्यक देखिएको छ । आयोगका कार्यहरूका बारेमा सेवाग्राहीहरूलाई जानकारी गराउने उद्देश्यले हरेक

प्रदेशमा रहेका आयोगका कार्यालयहरूमा Digital Display Board राखिनेछ । साथै, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गर्ने कार्य एवम् गतिविधि प्रस्ट, खुलस्त पार्न स्थानीय रेडियो, एफ.एम.हरूमार्फत प्रचारप्रसार गरिनेछ । प्रवर्द्धनात्मक कार्यमार्फत सदाचारिता अभिवृद्धिका लागि आधुनिक सञ्चार प्रविधिको उपयोग गरिनेछ । हाल आयोगले फेसबुक पेजमार्फत सूचना प्रवाह गरिरहेको छ, जसलाई रुचाउने, टिप्पणी गर्ने र सेयर गर्ने व्यक्तिहरूको उल्लेख्य संख्या रहेको देखिन्छ । विशेष गरी युवाहरूका माझमा सञ्चारका नयाँ प्रविधिहरू बढी लोकप्रिय भएको हुँदा आयोगले आगामी दिनमा आफ्नो ट्वीटर पेज, ब्लग र युट्युब च्यानलसमेत निर्माण गरी भ्रष्टाचारविरुद्ध सचेतनामूलक तथा सदाचारिता अभिवृद्धि गर्ने सामग्रीहरूको प्रकाशन प्रसारण गर्ने सोचसमेत राखेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वृत्तचित्र, भ्रष्टाचारमा संलग्न भई सजाय पाएका कर्मचारीको पारिवारिक सामाजिक अवस्था झल्कने सत्यकथा एवम् भ्रष्टाचार र अनियमितताका कारण असफल भएका आयोजनाहरूको विवरण जस्ता सामग्री उत्पादन गरी यस्ता माध्यमहरूमा राखिनेछ । साथै आगामी दिनमा हुने नयाँ नयाँ प्रविधिको विकाससँग तादात्म्यता कायम हुने गरी आयोगले आफ्नो प्रवर्द्धनात्मक गतिविधिलाई अद्यावधिक गर्नेछ ।

### ७.४.३ संस्थागत सुदृढीकरणतर्फको कार्यदिशा

आयोगको संवैधानिक जिम्मेवारी र काम कर्तव्यलाई प्रभावकारी रूपमा निर्वाह गर्नमा सहयोग पुऱ्याउनका लागि संस्थागत सुदृढीकरणमा जोड दिइएको छ । यसमा मूलतः आयोग र मातहत कार्यालयहरूलाई संघीय मान्यतानुसार पुनर्संरचना गरी सुदृढीकरण गर्ने, स्वचालित कार्यालय सञ्चालन प्रणालीको विकास गर्ने तथा प्रभावकारी संस्थागत स्मरण र अभिलेख व्यवस्थापन गर्ने कार्यमा जोड दिइनेछ ।

**(क) पुनर्संरचना गरिएका कार्यालयहरूको सुदृढीकरण गर्ने :**

नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७५।३।३२ को निर्णयानुसार मुलुकको संघीय संरचनासँग तादात्म्यता हुने गरी आयोग र मातहत कार्यालयहरूको पुनर्संरचना गरिएको छ । साबिकमा आयोगअन्तर्गत कार्य सञ्चालनमा रहेका १० वटा कार्यालयहरूलाई प्रादेशिक संरचना अनुसार प्रत्येक प्रदेशमा १/१ वटाका दरले रहने गरी ७ वटा कार्यालय स्थापना गरिएको छ भने आयोगको कार्यालय बुटवलको सम्पर्क कार्यालय नेपालगञ्जमा रहने गरी व्यवस्थित गरिएको छ । प्रदेश तहमा पुनर्संरचना गरिएका आयोगका कार्यालयबाट सूचनामा जनताको पहुँच सहज बनाउन, सेवाप्रवाहलाई सहज र सरल बनाउन, स्थानीय सरकारको स्वशासन तथा शासकीय प्रबन्धलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाई स्थानीय तहबाटै सुशासन कायम गर्ने कार्यमा सहयोग पुग्नेछ भन्ने अपेक्षा लिइएको छ ।

स्थानीय स्तरका सार्वजनिक निकायहरूमा सदाचार र सुशासन प्रवर्द्धन गर्न स्थानीय स्तरमै आयोगको सशक्त क्रियाशीलता आवश्यक देखिएको हुँदा आयोगका कार्यालयलाई सुदृढीकरण गर्नमा जोड दिइएको छ । सबै कर्मचारीको पहुँच सुनिश्चित हुने गरी सवारी साधनको प्रबन्ध, उदाहरणीय कार्यालय सरसफाइ व्यवस्थापन, नागरिकमैत्री कार्यवातावरण, सूचना स्रोत साधनमा सबैको पहुँच कायम गर्नमा जोड दिइएको छ । त्यस्तै, आयोगका कार्यालयहरूमा स्थानीय तहमा नै जनताको सहज पहुँच पुगोस् भन्ने उद्देश्यले अनुसन्धानमूलक सामग्री समयमा उपलब्ध गराउने एवम् निर्माणाधीन भवनलाई समयमा सम्पन्न गर्ने गरी कार्यक्रम तय गरिएको छ ।

**(ख) स्वचालित कार्यालय संचालन प्रणालीको विकास गर्ने :**

आयोगमा प्राप्त भएका उजुरी दर्तादेखि प्रारम्भिक छानबिन, विस्तृत अनुसन्धान, तहकिकात र अभियोजन तथा फछ्र्यौट प्रक्रियामा Office Automation विकास गर्ने कार्यको सुरुवात भएको छ । आयोगको अनुसन्धान प्रणालीका साथसाथै पत्राचार, टिप्पणी, परिपत्र लगायतका कार्यालय संचालनका सम्पूर्ण कार्यहरू विद्युतीय प्रणाली मार्फत संचालन गर्न आवश्यक सफ्टवेयर निर्माण कार्य भइरहेको छ । हार्डवेयर खरिदसम्बन्धी कार्य सम्पन्न भएको छ । सफ्टवेयरको विकास सम्पन्न भएपछि कार्यालय सञ्चालनमा यसको उपयोग गरिनेछ । यस प्रणालीबाट सूचनादाता तथा उजुरीकर्ताले आफ्नो चासोका उजुरीका विषयमा भएको कार्यप्रगतिको जानकारी प्राप्त गर्न सक्ने गरी स्वचालित सूचना प्रणालीको विकास गरिनेछ । साथै, यस स्वचालित कार्यालय सञ्चालन प्रणालीबाट आयोगको कार्यप्रगतिको बारेमा आयोगका सम्बन्धित उच्च पदाधिकारीदेखि व्यवस्थापन तहसम्म समेत जानकारी प्राप्त हुने व्यवस्था गरिनेछ । आयोग र कार्यालयहरूमा हुनसक्ने उजुरीहरूको दोहोरोपना हटाई अभिलेख व्यवस्थित गर्नमा पनि यसको उपयोग गरिनेछ । आयोग तथा कार्यालयको मासिक तथा वार्षिक प्रगति प्रतिवेदन

यस प्रणालीबाट नै प्राप्त गर्ने गरी व्यवस्थित गर्ने सोच रहेको छ । यस प्रणालीको उपयोगबाट साधन, स्रोत र समयको बचत हुने, सूचनाको गोपनीयता र सुरक्षा कायम हुने, त्रुटि कम हुने, प्रभावकारी सूचना प्रवाह हुने एवम् उत्पादकत्व र कार्य प्रभावकारिता अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

स्वचालित कार्यालय सञ्चालन प्रणालीबाट नवीनतम सूचना प्रविधिको प्रयोग गरी प्रविधिमैत्री संस्थाको रूपमा आयोगलाई विकास गरिनेछ । आयोगबाट हुने कामकारबाहीलाई स्वचालित प्रणालीमा रूपान्तरण गर्नका लागि पहिलो चरणमा कागजको कम प्रयोग (Less Paper) लाई प्रोत्साहित गरिनेछ भने भने यसलाई भविष्यमा पूर्णतया E-governance प्रणालीमा लैजाने आधारशीलाका रूपमा विकास गरिनेछ । यसबाट आयोगले अनुसन्धानका सिलसिलामा आवश्यक सूचना सहज र सरल तरिकाले प्राप्त गर्न, सरोकारवाला निकायसँग सहकार्य गर्न तथा सूचनामा सबैको सहज र सरल पहुँचको विस्तार गर्ने लक्ष्यसमेत लिएको छ ।

**(ग) प्रभावकारी संस्थागत स्मरण र अभिलेख व्यवस्थापनमा जोड दिने :**

आयोगको संस्थागत स्मरण (Institutional Memory) लाई आयोगको भावी योजना, रणनीति, कार्यदिशा र निर्णय प्रक्रियाका लागि एउटा आधारका रूपमा लिई सुदृढ बनाउनका लागि आयोगका पूर्व प्रमुख आयुक्त, आयुक्त र सचिवहरूसँग अनुभव आदानप्रदान गर्ने, आयोगका महत्वपूर्ण कार्य प्रक्रिया/घटना र निर्णयको टिपोट गरी सुरक्षित राख्ने, अदालतबाट भएका महत्वपूर्ण घटना फैसलाहरूको अभिलेख राख्ने र आयोगबाट दिइने तालिमहरूमा महत्वपूर्ण घटनाहरूको जानकारी दिने कार्यदिशा लिएको छ ।

आयोगबाट सम्पादन हुने कार्यहरू सार्वजनिक निकायबाट हुने भ्रष्टाचारजन्य कार्यको बारेमा अनुसन्धान र तहकिकातसँग सम्बन्धित हुने हुनाले बढी संवेदनशील मानिन्छन्। अनुसन्धानका सिलसिलामा विभिन्न निकायबाट आयोगमा प्राप्त हुने सूचनाहरू, सक्कल फाइलहरू, आयोगका निर्णयहरू, तहकिकात तथा अभियोजनसँग सम्बन्धित कागजपत्र र मिसिलहरूलाई व्यवस्थितरूपमा अभिलेखबद्ध गरी सुरक्षितसमेत गर्नुपर्ने हुन्छ । आयोगका सूचनामा सर्वसाधारणको पहुँच पुऱ्याउन, कार्यप्रणालीलाई चुस्त, दुरुस्त राखी विश्वसनीय बनाउन, अनुसन्धानमा पारदर्शी प्रणालीको विकास गरी प्रमाणयुक्त बनाई अभियोजन गर्नका लागि समेत प्रभावकारी अभिलेख व्यवस्थापन महत्वपूर्ण रहेको छ । आयोगबाट अनुसन्धान र तहकिकातका कार्य सम्पन्न भई अनुगमनका लागि प्राप्त मिसिलहरू, तामेलीमा गएका फाइलहरू तथा मुद्दा दायर भई पुनरावलोकन र पुनरावेदनको प्रक्रियामा रहेका कागज प्रमाणहरूलाई अनुसन्धानकर्ता र निर्णयकर्ताले आवश्यकतानुसार उपयोग गर्न, खोजेका बखत तुरुन्त प्राप्त गर्न एवम् लामो समयसम्म सुरक्षित गरी राख्न अभिलेख संकलन, व्यवस्थापन र वितरण कार्यमा नवीन प्रविधिको प्रयोगमा आयोग प्रतिबद्ध रहेको छ ।

**७.४.४ मानव संसाधन विकाससम्बन्धी कार्यदिशा :**

संगठनको रणनीति तथा कार्यदिशाबमोजिम भौतिक स्रोतसाधन र प्रविधिको प्रभावकारी उपयोगका लागि दक्ष मानवीय संसाधनको विकास अपरिहार्य हुन्छ । कार्यसम्पादनलाई प्रभावकारी र नतिजामूलक बनाउन तथा प्रविधिको विकाससँगै भ्रष्टाचारजन्य कार्यमा देखिएका नयाँ नयाँ प्रवृत्तिहरूलाई नियन्त्रण गरी सुशासन कायम गर्न आयोगमा कार्यरत मानवीय जनशक्ति दक्ष हुनुपर्ने आवश्यकतालाई महसुस गरी आयोगले मानवीय संसाधन विकासलाई सर्वोपरि महत्व दिंदै आएको छ । संगठनमा सिकाइ तथा अध्ययनलाई प्रोत्साहित गर्ने कार्य वातावरण तयार गर्ने, संगठनात्मक सिकाइका माध्यमबाट कार्यसम्पादनमा अभिवृद्धि गर्ने र संगठनको कार्य सम्पादनसँग सम्बन्धित विविध विषयहरूमा अध्ययन अनुसन्धान गर्ने विषयमा आयोगले जोड दिंदै आएको छ ।

आयोगले मानवीय संसाधनको क्षमता अभिवृद्धिका लागि आवश्यकताको पहिचान गरी सोही आधारमा मानव संसाधन विकास गर्ने कार्यमा जोड दिएको छ । यसका लागि आयोगले तालिमलाई व्यवस्थित र प्रभावकारी बनाउन अनुसन्धान तथा अभियोजनसम्बन्धी आधारभूत तालिम दिग्दर्शन र वैदेशिक तालिममा मनोनयन गर्ने मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याएको छ । जनशक्ति विकासको उद्देश्य कामकारबाहीबारे सामान्य जानकारी दिने, अनुसन्धानसम्बन्धी ज्ञान, सीप तथा क्षमताको सुदृढीकरण र सहजीकरण गर्ने, भ्रष्टाचारजन्य कार्यको अनुसन्धानमा विदेशी अनुभव आदानप्रदान गर्ने तथा अभियोजन र तहकिकात गर्ने जस्ता विषयमा निरन्तर तालिम प्रदान गरी विशेष ज्ञान, सीप र क्षमतायुक्त तथा नैतिकवान जनशक्तिको उत्पादन र परिचालन गर्ने रहेको छ । त्यस्तै, कर्मचारीलाई गैरमौद्रिक उपायहरूमार्फत संगठनभित्र टिकाई अपेक्षित प्रतिफल प्राप्त गर्ने उद्देश्यले सबैको पहुँच पुग्ने गरी सवारी साधनको प्रबन्ध गर्ने, सरसफाइलाई व्यवस्थित गर्ने, कार्यवातावरणलाई

कर्मचारीमैत्री बनाउने, सबैको सूचना स्रोत साधनमा पहुँच पुग्ने गरी प्रबन्ध तथा सन्तुलित वितरण गर्ने कार्यमा जोड दिइएको छ । यसरी विभिन्न माध्यमबाट कर्मचारीहरूलाई उत्प्रेरित गरी उनीहरूको मनोबल उच्च राखेर आयोगबाट दायर हुने भ्रष्टाचारजन्य मुद्दाहरूमा अधिकतम सफलता प्राप्त गरी आयोगप्रतिको जनविश्वास बढाउने ध्येय रहेको छ । आगामी दिनमा आयोगले कर्मचारीहरूको वृत्तिविकास कार्यक्रम तर्जुमा गरी कर्मचारी व्यवस्थापन र विकास सम्बन्धमा देहायको कार्यदिशा अवलम्बन गर्नेछ :-

- स्वच्छ, निर्भीक, तटस्थ र सदाचारयुक्त कर्मचारीहरूलाई आयोगमा ल्याई काममा लगाउन आवश्यक देखिएको हुँदा सम्बन्धित निकायसँग समन्वय गरी आयोगमा त्यस्ता कर्मचारी ल्याउन पहल गर्ने,
- आयोगमा कार्यरत कर्मचारीहरूको योग्यता, क्षमता र अनुभवका आधारमा उनीहरूलाई अनुसन्धान तथा तहकिकातका कार्यमा लगाउन आवश्यक देखिएको हुँदा उपयुक्त व्यक्ति उपयुक्त स्थानमा खटाई काम लगाउने,
- अनुसन्धानमा संलग्न कर्मचारीको सुरक्षा तथा अनुसन्धान प्रभावकारिताका लागि गहन, जटिल र ठूला प्रकृतिका वा अदालतमा मुद्दा जाने प्रकृतिका उजुरीको अनुसन्धान सामूहिक टोलीमार्फत गर्ने व्यवस्था मिलाउने,
- आयोगमा कर्मचारीलाई टिकाइराख्न मौद्रिक र गैरमौद्रिक प्रोत्साहनको व्यवस्था गर्नुका साथै कर्मचारीको योगदान र सदाचारिताको कदर गर्दै उच्च कार्यसम्पादन स्तर र उच्च सदाचार भएका कर्मचारीहरूलाई पुरस्कृत गर्ने तथा क्षमता विकास लगायतका अवसरहरूमा सबैको पहुँच हुने पद्धति अवलम्बन गर्ने,
- आयोगमा कार्यरत कर्मचारीहरूको ज्ञान, सीप तथा क्षमता विकासका लागि आवश्यक पर्ने विविध प्रकारका तालिम कार्यक्रमहरू (अभिमुखीकरण, अनुसन्धानसम्बन्धी आधारभूत तथा विशिष्टीकृत विषयगत तालिम, सीप विकास तालिम) को व्यवस्था गर्ने,
- भ्रष्टाचार विरोधी संस्थाहरूसँग सम्बन्ध स्थापना, विस्तार र प्रवर्द्धन गरी सुशासन, सदाचार, वित्तीय अपराध, साइबर अपराध, निर्माण कार्य  लगायतका विविध विषयका वैदेशिक तालिम, गोष्ठी, अध्ययन, अवलोकन भ्रमण आदिमा कर्मचारीहरूलाई सहभागी गराएर आवश्यकता बमोजिमको ज्ञान, सीप, अनुभव हासिल गर्ने वातावरण बनाउने ।

**७.४.५ कार्यशैलीगत सुधारसम्बन्धी कार्यदिशा :**

कुनै पनि संस्थाका लागि कार्यशैलीगत सुधार सबैभन्दा कठिन तर सबैभन्दा महत्वपूर्ण पक्ष हो । भौतिक, प्राविधिक, कार्यविधि वा क्षमता अभिवृद्धिका कार्यक्रमहरूको सञ्चालन गर्नुभन्दा प्रवृत्ति र कार्यशैलीमा सुधार गरी सदाचारलाई जीवनशैलीका रूपमा अवलम्बन गर्ने कार्य बढी कठिन छ। आयोगको संवैधानिक गरिमा र गुरुत्तर जिम्मेवारीलाई मध्यनजर गरी स्वच्छ, स्वतन्त्र र निष्पक्ष रूपमा कार्यसम्पादन गर्नका लागि कार्यशैलीगत सुधार महत्वपूर्ण भएको हुँदा आयोगले आगामी दिनमा देहायबमोजिम कार्यशैलीगत सुधारको कार्यदिशा अवलम्बन गर्नेछ :-

- अनुसन्धानपूर्व नै प्रचार प्रसार गर्ने प्रवृत्तिको अन्त्य गरी अनुसन्धानको गोपनियता कायम राख्ने,
- पूर्वाग्रह र प्रतिशोधबाट निर्देशित नभई तथ्य, प्रमाणका आधारमा विधि र पद्धतिसम्मत ढङ्गले अनुसन्धान गर्ने,
- दबाब र प्रभावबाट मुक्त अनुसन्धान र अभियोजन कार्य अगाडि बढाइने,
- आयोगको आन्तरिक सुदृढीकरण मार्फत प्रभावमुक्त अनुसन्धान गर्ने ।

**७.४.६ विविध विषयसम्बन्धी कार्यदिशा :**

भ्रष्टाचारको प्रभावकारी नियन्त्रणका लागि उल्लिखित कार्यदिशाका साथसाथै देहायका विषयमा जोड दिई कार्यप्रणाली सुदृढीकरण गर्ने सोच आयोगले लिएको छ।

- भ्रष्टाचार निगरानी प्रणाली **(Corruption Watch System)** को स्थापना र विकास,
- भ्रष्टाचार गरेको अरूले थाहा पाए कारबाही हुने नभई भ्रष्टाचार गरेमा कारबाही हुनैपर्ने पद्धतिको विकास **(System for Punishment on Corruption rather than Punishment on Exposure of Corruption),**

- विकास निर्माणको काममा गुणस्तरहीन र समयमा काम सम्पन्न नगरेको पाइएमा कडा कारबाही गर्ने प्रक्रियाको अवलम्बन (**Strong Action against Corruption)** गरी कार्ययोजना सहितको कार्यान्वयनमा जोड,
- उजुरीको वास्तविक एवं गहन अनुसन्धान (**In-depth Investigation)** गरी भ्रष्टाचार भएको पाइएमा मुद्दा दायर गरिने, भ्रष्टाचार गरेको नपाइएमा तामेलीमा राख्ने स्पष्ट पद्धति (**Predictable System)** को विकास,
- उजुरी पछ्याउने पद्धति (**Complain Tracking System)** को स्थापना।

सदाचार र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने आयोगको गन्तव्य हासिल गर्नमा सही दिशाबोध र पथप्रदर्शन गर्ने अपेक्षासहित निर्धारण गरिएको आयोगको आगामी रणनीति र कार्यदिशाको इमान्दारिताका साथ प्रभावकारी कार्यान्वयन गर्न आयोग प्रतिबद्ध रहेको छ ।

# परिच्छेद- ८
# उपसंहार


संवैधानिक निकायले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने संविधानको धारा २९४ मा गरिएको व्यवस्थाअनुरूप अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हरेक आर्थिक वर्षमा सम्पादन गरेका कामकारबाहीहरूको वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिसमक्ष पेस गर्दै आएको छ। नेपालको संविधान अनुसार भ्रष्टाचारजन्य कार्यउपरको अनुसन्धान र अभियोजन नै आयोगको सबैभन्दा महत्वपूर्ण कार्यका रूपमा रहेको छ। साथै, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ अनुसार विद्यमान ऐन, नियम, निर्णय, आदेश, कारबाही वा प्रचलनमा त्रुटि भए सुधार वा आवश्यक कारबाहीका लागि लेखी पठाउने, भ्रष्टाचार रोकथाम गर्ने उद्देश्यले प्रवर्द्धनात्मक र निरोधात्मक कार्यहरू गर्ने र भ्रष्टाचार नियन्त्रण गर्न स्थापित राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संस्थाहरूसँग आपसी सहयोग र समन्वय गर्ने लगायतका कार्यहरू आयोगको कार्यजिम्मेवारीभित्र पर्दछन् । आर्थिक वर्ष २०७४/७५ मा भ्रष्टाचार नियन्त्रणका लागि आयोगबाट भए गरेका अनुसन्धान, अभियोजन र पुनरावेदनसम्बन्धी कार्यहरू, निरोधात्मक प्रवर्द्धनात्मक एवम् समन्वय र सहकार्य प्रवर्द्धनसम्बन्धी कार्यहरूको वार्षिक प्रतिवेदनमा प्रस्तुत विवरण भ्रष्टाचार नियन्त्रणमा आयोगको क्रियाशीलताको द्योतक हो। प्रतिवेदनमा भ्रष्टाचारजन्य कार्यसम्बन्धी तथ्यांक र प्रवृत्तिहरूको विश्लेषण गरी भ्रष्टाचार नियन्त्रण, सदाचार र सुशासन अभिवृद्धिका लागि भविष्यमा आयोगले अवलम्बन गर्नुपर्ने कार्यदिशा र नेपाल सरकारका विभिन्न निकायहरूबाट गरिनुपर्ने सुधारात्मक उपायहरू समेत प्रस्तुत गरिएको छ, जसबाट आगामी दिनमा भ्रष्टाचार नियन्त्रणका प्रयास अझै प्रभावकारी हुने विश्वास आयोगले लिएको छ ।

आयोगबाट सम्पादन गरिने हरेक कामकारबाहीहरूलाई नीति र पद्धतिबाट निर्देशित भई सामूहिक कार्यभावना तथा सहभागितामूलक व्यवस्थापन मार्फत सम्पादन गर्ने कुरामा आयोगले जोड दिएको छ । कार्यसम्पादनका सिलसिलामा तटस्थता र प्रतिबद्धताबीचको द्वन्द्वको कुशल व्यवस्थापन गर्दै कुनै व्यक्ति वा संस्थाप्रति आग्रह पूर्वाग्रह नराखी अवैयक्तिक ढंगबाट कार्यसम्पादन गर्ने दृढता आयोगले लिएको छ । मुलुक र जनताप्रति इमान्दार रही संविधान तथा कानूनले सुम्पेको जिम्मेवारी कुशलतापूर्वक सम्पादन गर्न आयोग कृतसंकल्पित रहेको छ । आयोगका कामकारबाहीहरूलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारीरूपमा सम्पादन गर्नका लागि प्रतिवेदन अवधिमा आयोगबाट महत्वपूर्ण नीति, कार्यविधि, आचारसंहिता र निर्देशिकाहरूको निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ, जसबाट आगामी दिनमा आयोगका कामकारबाहीहरू अझै प्रभावकारी हुने अपेक्षा आयोगले गरेको छ ।

आयोगको मूल कार्यजिम्मेवारीका रूपमा रहेको भ्रष्टाचारजन्य कार्यको अनुसन्धानलाई तथ्य र प्रमाणमा आधारित विधिसम्मत पद्धतिका रूपमा विकास गर्नका लागि आवश्यक नीतिगत तथा कानूनी सुधार, प्रविधिगत पूर्वाधारको विकास र सुदृढीकरण, कर्मचारीको क्षमता अभिवृद्धि एवं कार्यशैली र मनोवृत्ति सुधारमा आयोगले जोड दिएको छ । दिनानुदिन भ्रष्टाचारका नयाँ नयाँ प्रवृत्ति र आयामहरूको विकास भइरहेको सन्दर्भमा त्यस्ता प्रवृत्तिहरूको कुशल अनुसन्धान गरी कानूनको दायरामा ल्याउनका लागि कर्मचारीहरूको क्षमता र मनोवल अभिवृद्धि गर्ने दिशामा आयोग अग्रसर रहेको छ। यसका लागि स्वदेशी तथा विदेशी तालिममा सहभागी गराई असल अभ्यासहरूको आन्तरिकीकरणमा समेत आयोगले जोड दिएको छ । यस सिलसिलामा आयोगका कामकारबाहीहरूलाई अनपेक्षित दबाब र प्रभावबाट मुक्त राखी अनुसन्धान र अभियोजन कार्य अगाडि बढाउने दृढता आयोगले लिएको छ ।

संवैधानिक निकायको गरिमालाई ध्यानमा राखी स्वतन्त्र र निष्पक्ष कार्यसम्पादन नै आयोगको अभीष्ट हो । आयोगको यस प्रयासमा सम्पूर्ण सरोकारवालाको सहयोग र सदभाव जरुरी रहेको छ। सबै सरोकारवालाको सहयोग र सहकार्यमा मात्रै भ्रष्टाचारमाथि निर्मम प्रहार गरी सुशासन र समृद्धि हासिल गर्ने दिशातर्फ अग्रसर हुन सकिन्छ । सुशासनसम्बन्धी राज्यका नीति र प्राथमिकताको कार्यान्वयनमा कृतसंकल्पित रहँदै आयोग सुशासन र सदाचारलाई नीति र कानून एवम् बोली र वचनमा मात्र नभई कार्यव्यवहार र जीवनशैलीमा रूपान्तरण गरी सदाचारयुक्त संस्कृतिको विकास गर्नका लागि सबै सरोकारवाला निकाय, प्रबुद्ध वर्ग, सञ्चार जगत र जनसमुदायमा अपिल गर्दछ ।

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको
# संगठन संरचना



# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्वीकृत दरबन्दी

| | सचिव रा.प. विशिष्ट श्रेणी | अप्राविधिकतर्फ | | | | | | प्राविधिकतर्फ | | | अप्राविधिकतर्फ | | | प्राविधिकतर्फ | | जम्मा (क) | | प्रहरीतर्फ | | | | | | | | | | | | | जम्मा (ख) | | श्रेणी विहिन | जम्मा (क+ख) | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सहसचिव वा सो सरह | | उपसचिव वा सो सरह | | शाखा अधिकृत वा सो सरह | | सहसचिव वा सो सरह | उपसचिव वा सो सरह | शाखा अधिकृत वा सो सरह | ना.सु. वा सो सरह | | खरिदार वा सो सरह | ना.सु. वा सो सरह | खरिदार वा सो सरह | | | प्रहरी नायव महानिरीक्षक | प्रहरी वरिष्ठ उपरीक्षक | प्रहरी उपरीक्षक | प्रहरी नायव उपरीक्षक | प्रमुख अनुसन्धान अधिकृत | प्रहरी निरीक्षक | अनुसन्धान अधिकृत | प्रहरी नायव निरीक्षक | वरिष्ठ अनुसन्धान सहायक | प्रहरी सहायक निरीक्षक | प्रहरी हवल्दार | प्रहरी जवान | प्रहरी कार्यालय सहयोगी | | | | | | |
| | | प्रशासन | न्याय | प्रशासन | न्याय | प्रशासन | न्याय | | | | प्रशासन | न्याय | | | | अधिकृत स्तर | सहायक स्तर | | | | | | | | | | | | | | अधिकृत स्तर | सहायक स्तर | सहायक स्तर | अधिकृत स्तर | सहायक स्तर | |
| केन्द्रीय कार्यालय | १ | ५ | ५ | २० | ९ | ३७ | १२ | १ | १४ | २७ | ४८ | २ | ६ | ४५ | २ | १३१ | १०३ | १ | १ | ४ | १० | १ | २० | २ | २१ | २ | १७ | २५ | ६२ | २ | ३९ | १२९ | ९३ | १७० | ३२५ | ४९५ |
| मातहत कार्यालय | ० | ७ | ० | ८ | ७ | ३५ | ८ | ० | ७ | ४२ | ३६ | ८ | ० | ३९ | ० | ११४ | ८३ | ० | ० | ० | ७ | ० | १५ | ० | २१ | ७ | १५ | २९ | ५२ | ८ | २२ | १३२ | ७० | १३६ | २८५ | ४२१ |
| **जम्मा** | १ | १२ | ५ | २८ | १६ | ७२ | २० | १ | २१ | ६९ | ८४ | १० | ६ | ८४ | २ | २४५ | १८६ | १ | १ | ४ | १७ | १ | ३५ | २ | ४२ | ९ | ३२ | ५४ | ११४ | १० | ६१ | २६१ | १६३ | ३०६ | ६१० | ९१६ |

**अनुसूची -३**

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

**आ.व. २०७४।७५ सालको बजेट व्यवस्था**

| वार्षिक विनियोजन (थप समेत) | बजेट | खर्च | | बाँकी | | |
|---|---|---|---|---|---|---|
| | | निकासा | खर्च | निकासा मध्ये | निकासा नगरिएको | दुवै |
| **१ क. ब.शी.नं. २०६००१३ (नेपाल सरकार)** | ८१८६०००.०० | ७५९३११८.०० | ७५९३११८.०० | ०.०० | ५९२८८२.०० | ५९२८८२.०० |
| ख. ब.शी.नं. २०६०११३ (नेपाल सरकार) | ७१४६३९०००.०० | ५३४१३३३२१.९१ | ५३४१३३३२१.९१ | ०.०० | १८०५०५६७८.०९ | १८०५०५६७८.०९ |
| ग. ब.शी.नं. २०६१०१३ (नेपाल सरकार) | १३९८८५०००.०० | ८१०९४७८८.४२ | ८१०९४७८८.४२ | ०.०० | ५८७९०२११.५८ | ५८७९०२११.५८ |
| घ. अर्थ बजेट (नेपाल सरकार) | ०.०० | ११७११५५५.१३ | ११७११५५५.१३ | ०.०० | ०.०० | ०.०० |
| **चालु बजेट जम्मा** | ८६२७१००००.०० | ६३४५३२७८३.४६ | ६३४५३२७८३.४६ | ०.०० | २२८१७७२१६.५४ | २२८१७७२१६.५४ |
| **२. पुँजीगत खर्च ब.शी.नं. २०६१०१४ (नेपाल सरकार)** | ३०९९९८०००.०० | २२१७७५९६८.५७ | २२१७७५९६८.५७ | ०.०० | ८८२२२०३१.४३ | ८८२२२०३१.४३ |
| **पुँजीगत बजेट जम्मा** | ३०९९९८०००.०० | २२१७७५९६८.५७ | २२१७७५९६८.५७ | ०.०० | ८८२२२०३१.४३ | ८८२२२०३१.४३ |
| **३. पुँजीगत र चालु खर्चसमेत जम्मा** | ११७२७०८०००.०० | ८५६३०८७५२.०३ | ८५६३०८७५२.०३ | ०.०० | ३१६३९९२४७.९७ | ३१६३९९२४७.९७ |

**१. राजस्वतर्फ**

| | |
|---|---|
| १.१ केन्द्रीय कार्यालयतर्फ प्रशासनिक दस्तुर, न्यायिक दस्तुर, दण्ड जरिवाना र जफत, प्रशासनिक दण्ड जरिवाना जफत, सरकारी सामान बिक्रीको आय समेत गरी जम्मा रु. | ६८०३५००.५० |
| **जम्मा राजस्व** | ६८०३५००.५० |

<u>आ.व. २०७४।७५ को धरौटी तर्फ</u>

**१. केन्द्रतर्फ तथा अन्तरगतका १० कार्यालयहरुको धरौटी**

| | |
|---|---|
| आ.व. २०७४।७५ का लागी जिम्मेवारी सरेको धरौटी | ५२५३८५१४.७२ |
| २०७४ श्रावणदेखि २०७५ आषाढ मसान्तसम्मको जम्मा धरौटी | १३६३९७८८.४९ |
| २०७४ श्रावणदेखि २०७५ आषाढ मसान्तसम्मको फिर्ता धरौटी | ९९६१७२३.९३ |
| **२०७५ आषाढ मसान्तसम्मको बाँकी धरौटी** | ५६२१६५७९.२८ |

**अनुसूची- ४ (क)**

आर्थिक वर्ष २०७४/७५ मा आयोग र मातहत कार्यालयहरूमा परेका कुल उजुरीहरूमध्ये विस्तृत अनुसन्धानका लागि अनुसन्धान अधिकृत तोकिएको, कारबाहीका लागि लेखी पठाएको, प्रारम्भिक अनुसन्धानबाट तामेली भएको र आगामी आर्थिक वर्षमा जिम्मेवारी सरेको महाशाखा एवं निकायगत विवरण :

| महाशाखा | मन्त्रालय/निकाय | जम्मा उजुरी (संख्या) | जम्मा फछ्र्यौट (संख्या) | फछ्र्यौटमध्ये | | | | | आगामी वर्षमा जिम्मेवारी सरेको (संख्या) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विस्तृत अनुसन्धानमा गएको (संख्या) | प्रारम्भिक अनुसन्धान बाट सिधे तामेली (संख्या) | प्रारम्भिक अनुसन्धानबाट सुझाव सहित तामेली (संख्या) | विविध कारबाही (संख्या) | अन्य उजुरी गाभिएको | |
| १ | गृह | ५९९ | ५४२ | ९ | १६५ | १४ | ३५४ | ० | ५७ |
| | अर्थ | ४५९ | ३३८ | १० | १२१ | ६ | २०० | १ | १२१ |
| | भौ.पु. तथा यातायात | ३५२ | २९५ | २१ | ८८ | २३ | १६१ | २ | ५७ |
| | उर्जा | १९५ | १६० | ६ | ६१ | ३ | ९० | ० | ३५ |
| | सुचना तथा संचार | १८४ | १३२ | ३ | ६५ | ७ | ५७ | ० | ५२ |
| महाशाखा नं. १ को जम्मा | | १७८९ | १४६७ | ४९ | ५०० | ५३ | ८६२ | ३ | ३२२ |
| २ | भुमिसुधार | ८९९ | ५१२ | ४८ | १९५ | ० | २६५ | ४ | ३८७ |
| | कृषि विकास | १७५ | १११ | ४ | ३८ | ० | ६९ | ० | ६४ |
| | विज्ञान तथा प्रविधि | ८ | ८ | ० | २ | ० | ६ | ० | ० |
| | सामान्य प्रशासन | २६ | २६ | ० | १५ | ० | ११ | ० | ० |
| | कानून | ३३ | ३२ | ० | १५ | ० | १७ | ० | १ |
| | रक्षा | १४ | १४ | ० | २ | ० | १२ | ० | ० |
| | पशु पंक्षि | ६८ | ४६ | ० | १८ | ० | २८ | ० | २२ |
| महाशाखा नं. २ को जम्मा | | १२२३ | ७४९ | ५२ | २८५ | ० | ४०८ | ४ | ४७४ |
| ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | २७० | २२३ | ६ | ८५ | २० | ७७ | ३५ | ४७ |
| | महिला, बालबालिका तथा समाजकल्याण | १७३ | १५२ | ३ | ४२ | ४ | ७९ | २४ | २१ |
| | उद्योग | १७५ | १५६ | ८ | ४३ | २ | ८० | २३ | १९ |
| | सहकारी तथा गरिवी निवारण | ६६ | ५९ | १ | १० | ० | ४६ | २ | ७ |
| | वन तथा भूसंरक्षण | ३३१ | २९५ | १३ | ५७ | ८ | १८६ | ३१ | ३६ |
| | श्रम तथा रोजगार | १२६ | १०५ | ४ | ३३ | ५ | ५६ | ७ | २१ |

| महाशाखा | मन्त्रालय/निकाय | जम्मा उजुरी (संख्या) | जम्मा फछ्र्यौट (संख्या) | फछ्र्यौटमध्ये | | | | | आगामी वर्षमा जिम्मेवारी सरेको (संख्या) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विस्तृत अनुसन्धानमा गएको (संख्या) | प्रारम्भिक अनुसन्धानबाट सिधै तामेली (संख्या) | प्रारम्भिक अनुसन्धानबाट सुझाव सहित तामेली (संख्या) | विविध कारबाही (संख्या) | अन्य उजुरी गाभिएको | |
| | जनसंख्या तथा वातावारण | २६ | १५ | १ | ८ | ० | ४ | २ | ११ |
| नं. ३ को जम्मा | | ११६७ | १००५ | ३६ | २७८ | ३९ | ५२८ | १२४ | १६२ |
| ४ | स्वास्थ्य मन्त्रालय | ५५१ | ४०६ | ९ | १३६ | १ | २२१ | ३९ | १४५ |
| | युवा तथा खेलकुद | ६७ | ४५ | २ | १४ | ० | २३ | ६ | २२ |
| | खानेपानी तथा सरसफाई | १६५ | ११९ | २ | ४३ | २ | ६८ | ४ | ४६ |
| | वाणिज्य | २७ | २४ | ० | १३ | ० | १० | १ | ३ |
| | आपुर्ति | ५९ | ५३ | ३ | १६ | ० | २१ | १३ | ६ |
| | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको का. | ७५ | ५३ | ६ | १८ | १ | १५ | १३ | २२ |
| | राष्ट्रिय योजना आयोग | ० | ० | ० | ० | ० | ० | ० | ० |
| महाशाखा नं. ४ को जम्मा | | ९४४ | ७०० | २२ | २४० | ४ | ३५८ | ७६ | २४४ |
| ५ | शिक्षा मन्त्रालय | १४९२ | १३३४ | १५ | ४२५ | ५० | ७९८ | ४६ | १५८ |
| | सिंचाई मन्त्रालय | १३९ | ११८ | ४ | ३५ | ७ | ६६ | ६ | २१ |
| | परराष्ट्र मन्त्रालय | २४ | २४ | १ | ११ | २ | ९ | १ | ० |
| | शान्ती तथा पुन निर्माण | ६ | ५ | ० | १ | ० | ४ | ० | १ |
| | महालेखा नियन्त्रकको कार्यालय | १४ | १४ | ० | ८ | ० | ६ | ० | ० |
| | लोकसेवा आयोग | १७ | १७ | ० | १५ | ० | २ | ० | ० |
| | निर्वाचन आयोग | १४ | १३ | ० | ११ | ० | २ | ० | १ |
| | राष्ट्रिय मानवअधिकार आ. | २ | २ | ० | १ | ० | १ | ० | ० |
| | राष्ट्रिय महिला आयोग | १ | १ | ० | १ | ० | ० | ० | ० |

| महाशाखा | मन्त्रालय/निकाय | जम्मा उजुरी (संख्या) | जम्मा फछ्र्यौट (संख्या) | फछ्र्यौटमध्ये | | | | | आगामी वर्षमा जिम्मेवारी सरेको (संख्या) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विस्तृत अनुसन्धानमा गएको (संख्या) | प्रारम्भिक अनुसन्धानबाट सिधै तामेली (संख्या) | प्रारम्भिक अनुसन्धानबाट सुझाव सहित तामेली (संख्या) | विविध कारबाही (संख्या) | अन्य उजुरी गाभिएको | |
| | महालेखा परिक्षकको कार्यालय | २ | २ | ० | ० | ० | २ | ० | ० |
| | अदालत | १ | १ | ० | ० | ० | १ | ० | ० |
| महाशाखा नं. ५ को जम्मा | | १७१२ | १५३१ | २० | ५०८ | ५९ | ८९१ | ५३ | १८१ |
| ६ | सघीय मामिला तथा स्था. विकास | १६७४ | १३५४ | २६ | ४३९ | ४ | ८४८ | ३७ | ३२० |
| | शहरी विकास | १३७ | ७६ | ४ | ३१ | २ | ३४ | ५ | ६१ |
| | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | २७ | २७ | ० | ४ | ० | २३ | ० | ० |
| | नेपाल ट्रष्टको कार्यालय | २ | १ | ० | ० | ० | ० | १ | १ |
| | राष्ट्रपतिको कार्यालय | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | उप-राष्ट्रपति कार्यालय | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | महान्याधिकवक्ताको कार्यालय | १ | ० | ० | ० | ० | ० | ० | १ |
| महाशाखा नं. ६ को जम्मा | | १८४१ | १४५८ | ३० | ४७४ | ६ | ९०५ | ४३ | ३८३ |
| ७ | विशेष अनुसन्धान महाशाखा | २२५९ | १२४५ | ३२ | १०९६ | ० | १९ | ९८ | १०१४ |
| विशेष अनुसन्धान महाशाखाको जम्मा | | २२५९ | १२४५ | ३२ | १०९६ | ० | १९ | ९८ | १०१४ |
| ८ | शैक्षिक प्रमाणपत्र छानबिन इकाई | २०७७ | ५३८ | ११० | ३९३ | ० | ३५ | ० | १५३९ |
| ९ | इजाजत छानबिन इकाई | १ | १ | ० | १ | ० | ० | ० | ० |
| १० | मातहत कार्यालय (इटहरी+धनकुटा) | १२९६ | ७३६ | ५८ | ४३० | ० | २४८ | ० | ५६० |
| ११ | मातहत कार्यालय (हेटौडा+बर्दिवास) | १२७६ | ६३१ | २७ | ४५९ | ११ | ४० | ९४ | ६४५ |
| १२ | मातहत कार्यालय (पोखरा+बुटवल) | १५९० | ९२० | ३३ | ५१४ | ९० | १९१ | ९२ | ६७० |

| महाशाखा | मन्त्रालय/निकाय | जम्मा उजुरी (संख्या) | जम्मा फछ्र्यौट (संख्या) | फछ्र्यौटमध्ये | | | | | आगामी वर्षमा जिम्मेवारी सरेको (संख्या) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विस्तृत अनुसन्धानमा गएको (संख्या) | प्रारम्भिक अनुसन्धानबाट सिधै तामेली (संख्या) | प्रारम्भिक अनुसन्धानबाट सुझाव सहित तामेली (संख्या) | विविध कारबाही (संख्या) | अन्य उजुरी गाभिएको | |
| १३ | मातहत कार्यालय (सुर्खेत+कोहलपुर) | १३५२ | १००० | ६२ | ८८८ | ० | ५० | ० | ३५२ |
| १४ | मातहत कार्यालय (कंचनपुर+ दिपायल) | ९६१ | ४१९ | १५ | ३९२ | ० | १२ | ० | ४१९ |
| कुल जम्मा | | १९४८८ | १२४०० | ५४६ | ६४५८ | २६२ | ४५४७ | ५८७ | ७०८८ |

**अनुसूची - ५**


नेपाल राजपत्र, खण्ड ६४, संख्या ३४, भाग ४, मिति २०७१।९।२८ र नेपाल राजपत्र, खण्ड ६७, संख्या १५, भाग ४, मिति २०७४।३।२६ मा प्रकाशित सूचना अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रत्यायोजित अधिकार प्रयोग गर्ने जिल्ला प्रशासन कार्यालयहरूबाट आ.व.२०७४/७५ मा कारबाही भएका उजुरीहरूको संख्यात्मक विवरणः-

| सि.नं. | जिल्ला | जम्मा उजुरी संख्या | फछ्यौंट संख्या | बाँकी उजुरी | फछ्यौंट प्रतिशत (%) |
|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ | २ | ० | २ | ० |
| २ | पाँचथर | १२ | १ | ११ | ८.३ |
| ३ | संखुवासभा | २ | ० | २ | ० |
| ४ | भोजपुर | ७ | २ | ५ | २८.६ |
| ५ | सोलुखुम्बु | ७ | १ | ६ | १४.३ |
| ६ | ओखलढुङ्गा | २ | ० | २ | ० |
| ७ | खोटाङ | १२ | २ | १० | १६.७ |
| ८ | दोलखा | ० | ० | ० | ० |
| ९ | रामेछाप | ९ | २ | ७ | २२.२ |
| १० | मनाङ | ० | ० | ० | ० |
| ११ | मुस्ताङ | ० | ० | ० | ० |
| १२ | गोर्खा | ९ | ६ | ३ | ६६.७ |
| १३ | लमजुङ | ७ | ४ | ३ | ५७.१ |
| १४ | अर्घाखाँची | २१ | १५ | ६ | ७१.४ |
| १५ | गुल्मी | २ | ० | २ | ० |
| १६ | हुम्ला | ८ | ८ | ० | १०० |
| १७ | जुम्ला | १५ | १२ | ३ | ८० |
| १८ | मुगु | २३ | ० | २३ | ० |
| १९ | डोल्पा | १ | ० | १ | ० |
| २० | कालिकोट | १२ | ७ | ५ | ५८.३ |
| २१ | जाजरकोट | ७ | ६ | १ | ८५.७ |
| २२ | रुकुम | १३ | ३ | १० | २३.१ |
| २३ | रोल्पा | ० | ० | ० | ० |
| २४ | सल्यान | ७ | ६ | १ | ८५.७ |
| २५ | प्युठान | ० | ० | ० | ० |
| २६ | बैतडी | ० | ० | ० | ० |

| सि.नं. | जिल्ला | जम्मा उजुरी संख्या | फछ्र्यौंट संख्या | बाँकी उजुरी | फछ्र्यौंट प्रतिशत (%) |
|---|---|---|---|---|---|
| २७ | बझाङ | ० | ० | ० | ० |
| २८ | बाजुरा | ५ | ५ | ० | १०० |
| २९ | अछाम | १ | ० | १ | ० |
| ३० | दार्चुला | १३ | ७ | ६ | ५४ |
| **जम्मा** | | **१९७** | **८७** | **११०** | **४४.२** |


अनुसूची -६

## आ.व.२०७४/७५ मा प्रारम्भिक छानबिनबाट भएको कारबाहीको विवरण





अनुसूची -७

## विगत ५ वर्षको कुल उजुरी फछ्यौंटको प्रवृत्ति



अनुसूची -८

## विभिन्न आर्थिक वर्षहरूमा जम्मा उजुरी  संख्या र फछ्र्यौटको प्रवृत्ति



अनुसूची -९


## आ.व. ०७४/७५ मा विस्तृत अनुसन्धान सम्पन्न भएका उजुरीहरूको मन्त्रालय/निकायगत विवरण

| मन्त्रालय/निकाय | झुठा शैक्षिक प्रमाणपत्र | सार्वजनिक सम्पत्तिको हानि नोक्सानी | रिसवत/घूस | गैर कानूनी लाभ वा हानि पुऱ्याएको | गैर कानूनी सम्पत्ति आर्जन | राजस्व चुहावट | विविध | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ० | ० | १ | ० | ५ | ० | २ | ८ |
| अर्थ | ० | १ | ४ | १ | ७ | १ | ३ | १७ |
| भौतिक पूर्वाधार तथा यातायात | ० | ५ | ४ | २ | २ | ४ | ४ | २१ |
| सहरी विकास | ० | ० | ० | १ | १ | ० | ० | २ |
| उद्योग,वाणिज्य तथा आपूर्ति | ० | ० | ४ | २ | ४ | १ | २ | १३ |
| ऊर्जा जलश्रोत तथा सिँचाइ | १ | ६ | ११ | ४ | ७ | ० | ७ | ३६ |
| कानून,न्याय तथा संसदीय मामिला | ० | ० | २ | ० | २ | ० | ० | ४ |
| कृषि भूमि व्यवस्था तथा सहकारी | १ | १७ | २२ | ९ | ५ | ० | १८ | ७२ |
| खानेपानी | २ | २ | ० | १ | १ | ० | २ | ८ |
| गृह | १४ | ० | १४ | १ | १० | ० | ९ | ४८ |
| परराष्ट्र | ० | ० | ० | १ | ० | ० | ० | १ |
| महिला,बालबालिका तथा जेष्ठनागरिक | १ | ० | ० | ० | ० | ० | ० | १ |

| मन्त्रालय/निकाय | झुठा शैक्षिक प्रमाणपत्र | सार्वजनिक सम्पत्तिको हानि नोक्सानी | रिसवत/घूस | गैर कानूनी लाभ वा हानि पुऱ्याएको | गैर कानूनी सम्पत्ति आर्जन | राजस्व चुहावट | विविध | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| युवा तथा खेलकुद | १ | १ | ० | १ | ० | ० | १ | ४ |
| वन तथा वातावरण | ० | ५ | ४ | ५ | ४ | ० | ३ | २१ |
| शिक्षा तथा विज्ञान तथा प्रविधि | ४० | २२ | ३ | १५ | ७ | ० | २६ | ११३ |
| श्रम रोजगार तता सामाजिक सुरक्षा | १ | ० | ५ | १ | २ | ० | ३ | १२ |
| संस्कृति पर्यटन तथा नागरिक उड्डयन | ० | ३ | ० | १ | १ | ० | ९ | १४ |
| संघीय मामिला तथा सामान्य प्रशासन | ४ | २० | १७ | ६ | ३ | १ | २० | ७१ |
| संचार तथा सूचना प्रचिधि | ० | १ | ० | १ | ० | ० | ० | २ |
| स्वास्थ्य तथा जनसंख्या | ७ | ३ | ६ | ४ | ६ | ० | १० | ३६ |
| जम्मा | ७२ | ८६ | ९७ | ५६ | ६७ | ७ | ११९ | ५०४ |


अनुसूची - १०

आ.व.२०७४/७५ मा आयोगबाट निर्णय भई विशेष अदालतमा दायर भएका विभिन्न प्रकृतिका मुद्दाहरूको संख्या





अनुसूची- ११

आ.व. २०७४/७५ मा आयोगबाट निर्णय भएका विभिन्न प्रकृतिका मुद्दाहरूमा माँग दाबी लिइएको बिगोको प्रतिशत




## अनुसूची -१२

### विशेष अदालतबाट फैसला भएका भ्रष्टाचारसम्बन्धी मुद्दाहरूमा सफलताको प्रतिशत





## अनुसूची -१३

### आ.व.२०७४/७५ मा विस्तृत अनुसन्धानबाट भएको कारबाहीको विवरण




अनुसूची -१४

## विगत ५ वर्षको नक्कली शैक्षिक योग्यता सम्वन्धी मुद्दाको विवरण




अनुसूची -१५

## विगत ५ वर्षको घुस/रिसवतसम्बन्धी मुद्दाको विवरण



अनुसूची -१६

## आ.व. २०७४/७५ मा विस्तृत अनुसन्धानबाट विभिन्न कारबाही भएका आयोगका निर्णयहरूको मन्त्रालय/निकायगत विवरण

| मन्त्रालय/निकाय | मुद्दा दायर गर्ने | सुझाव | लेखी पठाइएको | तामेली | मुल्तवी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | ० | १ | ६ | ० | ० | ८ |
| अर्थ | ६ | १ | १ | ८ | १ | १ | १८ |
| भौतिक पूर्वाधार तथा यातायात | ८ | ४ | १ | ८ | १ | ० | २२ |
| सहरी विकास | ० | ० | १ | १ | ० | ० | २ |
| उद्योग,वाणिज्य तथा आपूर्ति | ४ | १ | १ | ७ | ० | ० | १३ |
| उर्जा जलश्रोत तथा सिचाँई | १४ | १ | ४ | १५ | २ | ० | ३६ |
| कानून,न्याय तथा संसदीय मामिला | २ | ० | ० | २ | ० | ० | ४ |
| कृषि भूमि व्यवस्था तथा सहकारी | २७ | ११ | १७ | १७ | २ | ४ | ७८ |
| खानेपानी | १ | ० | ० | ७ | ० | ० | ८ |
| गृह | २८ | ३ | ३ | १४ | ० | १ | ४९ |
| परराष्ट्र | ० | ० | ० | १ | ० | ० | १ |
| महिला,बालबालिका तथा जेष्ठ नागरिक | १ | ० | ० | ० | ० | ० | १ |
| युवा तथा खेलकुद | १ | ० | ० | ३ | ० | ० | ४ |
| वन तथा वातावरण | ५ | ० | ० | १५ | १ | ० | २१ |
| शिक्षा तथा विज्ञान प्रविधि | ४५ | ८ | २० | ३८ | १ | २ | ११४ |
| श्रम रोजगार तता सामाजिक सुरक्षा | ६ | १ | ० | ६ | ० | ० | १३ |
| संस्कृति पर्यटन तथा नागरिक उड्यान | ० | ३ | २ | ९ | ० | ० | १४ |
| संघिय मामिला तथा सामान्य प्रशासन | ३१ | ९ | ३ | २७ | २ | ० | ७२ |
| संचार तथा सूचना प्रचिधि | १ | १ | ० | ० | ० | ० | २ |
| स्वास्थ्य तथा जनसंख्या | १३ | २ | ४ | १८ | ० | ० | ३७ |
| अन्य | ० | ० | ६ | ० | ० | ३ | ९ |
| जम्मा | १९४ | ४५ | ६४ | २०२ | १० | ११ | ५२६ |

अनुसूची- १७

# प्रतिबद्धता पत्र

मिति २०७४ चैत २२ गते प्रदेश नं. १ को विराटनगरबाट सुरु भई मिति २०७५ जेठ १४ गते प्रदेश नं. ७ को धनगढीमा सम्पन्न भएको सबै प्रदेशमा सञ्चालित **भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनमा स्थानीय तहको भूमिका**सम्बन्धी अन्तर्क्रिया कार्यक्रममा सहभागी स्थानीय तहका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरूबाट गरिएको ३५ बुँदे प्रतिबद्धतापत्र ।

स्थानीय तहको शासन पद्धतिमा जवाफदेहिता, पारदर्शिता, कानूनको शासन र सहभागिता प्रवर्द्धन गरी सुशासन र सदाचारिता कायम गर्न हामी स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरू देहायबमोजिमको प्रतिबद्धता व्यक्त गर्दछौं :

१. नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको अक्षुणमा प्रतिकूल नहुने गरी सदैव राष्ट्र र जनताको बृहत्तर हितलाई ध्यानमा राखी आफ्नो पदीय जिम्मेवारी पालना गरिनेछ ।

२. प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो र परिवारको नाममा रहेको सम्पत्ति विवरण स्थानीय तहमा पेस गरिनेछ ।

३. निर्वाचित पदाधिकारी र कर्मचारीको आचारसंहिता बनाई लागू गरिनेछ । आफ्नो स्वार्थ गाँसिएको विषयको निर्णय प्रक्रियामा सहभागिता हुने छैन ।

४. कानूनबमोजिम पाउने पारिश्रमिक, सेवा सुविधा वा भत्ताबाहेक अन्य कुनै साधन र स्रोत, नगद वा जिन्सी कुनै प्रकारले लिने वा दुरुपयोग गरिने छैन । कानूनबमोजिम लिइएको सुविधाको विवरण वार्षिक रूपमा सार्वजनिक गरिनेछ ।

५. पूर्व जानकारी बिना सेवा दिने कार्यक्षेत्र छोडिने छैन । विशेष कारणबस सेवा दिने क्षेत्रमा उपस्थित हुन नसक्ने अवस्था रहेमा कानूनले तोकेको पदाधिकारीलाई जानकारी एवम् अख्तियारी दिई सेवा प्रवाहको सुनिश्चितता गरिनेछ ।

६. स्थानीय तहबाट प्रदान हुने सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन नागरिक बडापत्र कार्यान्वयनमा ल्याइनेछ ।

७. कानूनबमोजम स्थानीय तहले गर्नुपर्ने सिफारिस तथा प्रमाणित गर्ने कार्य सत्य तथ्यबमोजिम यथार्थ र वस्तुगत आधारमा गरिनेछ ।

८. स्थानीय सेवा प्रवाहलाई छिटो, छरितो, प्रभावकारी र प्रविधिमैत्री बनाइनेछ । सेवाग्राहीको सहजताको लागि हेल्प डेस्क, सूचना अधिकारी, प्रवक्ता र गुनासो सुनुवाइको व्यवस्था मिलाइनेछ ।

९. जाति, धर्म, लिङ्ग, वर्ण, सम्प्रदाय, राजनीतिक आस्था वा अन्य कुनै आधारमा भेदभाव हुने गरी वा कुनै सामाजिक सुसम्बन्धमा खलल पर्ने गरी कुनै कार्य गरिने छैन ।

१०. अभिलेख व्यवस्थापनलाई चुस्त बनाइनेछ । कानूनद्वारा निर्दिष्ट तथ्यांक समयमै सङ्कलन गरी पार्श्वचित्र तथा स्रोतनक्साको अद्यावधिक अभिलेखन गरिनेछ ।

११. प्रत्येक वर्षको असार १० गतेभित्र वार्षिक बजेट तथा कार्यक्रम तयार गरी असार मसान्तभित्र सभाबाट स्वीकृत गरी सार्वजनिक गरिनेछ ।

१२. आफ्नो कार्य क्षेत्रमा सञ्चालन गर्नुपर्ने विकास कार्यक्रमहरू प्रचलित कानूनबमोजिम योजना, कार्यक्रम वा बजेट स्वीकृत गरेर मात्र कार्यान्वयन गरिनेछ । सो प्रक्रिया विपरीत कुनै विकास कार्यक्रमको घोषणा, स्वीकृति वा सञ्चालन गरिने छैन ।

१३. सार्वजनिक खर्च गर्दा स्वीकृत बजेट तथा कार्यक्रमको अधीनमा रही नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यसमेतको आधारमा गरिनेछ । मासिक तथा चौमासिक आम्दानी र खर्चको विवरण अवधि समाप्त भएको १५ दिनभित्र सार्वजनिक गरिनेछ ।

१४. वार्षिक योजना तथा कार्यक्रममा अवण्डा विनियोजन गरी भविष्यमा सभाबाट अनुमोदन हुने गरी कुनै किसिमको खर्च गरिने छैन । ऐनमा व्यवस्था भएदेखि बाहेक कुनै पदाधिकारीको निर्णयबाट वार्षिक बजेट वा योजना परिवर्तन गरिने छैन ।

१५. बजेट कार्यक्रम स्वीकृत नगरी कुनै किसिमको दायित्व सिर्जना हुने गरी खर्च गर्न वा कोषबिनाको दायित्व सिर्जना गरिने छैन । वार्षिक बजेट र कार्यक्रममा व्यवस्था नगरी कुनै किसिमको आर्थिक सहायता, चन्दा वा पुरस्कार दिइने छैन ।

१६. स्थानीय तहको आम्दानी, खर्च र विकास योजनाको प्रगति विवरण मासिक र चौमासिक अवधि समाप्त भएको मितिले १५ दिनभित्र सार्वजनिक गरिनेछ ।

१७. चौमासिक विभाजन अनुसार खर्च योजना तयार गरी पुँजीगत खर्चलाई प्रभावकारी बनाइनेछ । आर्थिक वर्षको अन्त्यतिर खर्च हुँदा वित्तीय र निर्माण कार्यको गुणस्तरमा हुन सक्ने जोखिमलाई कम गर्न अन्तिम चौमासिक अवधिमा खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ ।

१८. स्वीकृत वार्षिक बजेटको अधीनमा रही पुँजीगत शीर्षकमा २५ प्रतिशतभन्दा बढी रकमान्तर गरिने छैन । पुँजीगत शीर्षकबाट चालु शीर्षकमा बजेट रकमान्तर गरिने छैन र बजेट रकमान्तरसम्बन्धी प्रचलित कानूनमा भएको व्यवस्था पूर्ण रूपमा पालना गरिने छ ।

१९. विभिन्न समिति, उपसमिति वा कार्यदल र उपभोक्ता समिति गठन गर्दा महिला, दलित, अल्पसंख्यक लगायत समुदायको उचित प्रतिनिधित्व हुने गरी व्यवस्था मिलाइनेछ ।

२०. सभा एवम् कार्यपालिका बैठकको निर्णय ३ दिनभित्र वेबसाइट, मुखपत्र वा सूचना पाटीमार्फत सार्वजनिक गरिनेछ । सार्वजनिक गरेपश्चात मात्र निर्णय कार्यान्वयन गरिनेछ ।

२१. स्थानीय तहको सेवा प्रवाह र सञ्चालित योजना तथा कार्यक्रमहरूको सम्बन्धमा प्रत्येक चौमासिक अवधि सम्पन्न भएको १५ दिनभित्र सरोकारवालाहरूलाई आमन्त्रण गरी सार्वजनिक सुनुवाइ गरिनेछ ।

२२. सदाचार र नैतिक मूल्यहरूको प्रवर्द्धन तथा भ्रष्टाचार नियन्त्रणका लागि नैतिक विषय, नागरिक शिक्षा जस्ता सामाजिक सचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।

२३. आयोजना र कार्यक्रमहरूको आवधिक रूपमा समीक्षा र मूल्यांकन गरी सोको प्रतिवेदन विद्युतीय र छापा माध्यमबाट सार्वजनिक गरी पृष्ठपोषण लिइनेछ ।

२४. स्थानीय स्तरको भू-उपयोग नीति तर्जुमा गरी एकीकृत बस्ती विकासको कार्यक्रम लागू गरिनेछ ।

२५. आफ्नो स्वामित्वमा रहेको वा हक हस्तान्तरण भई आएको सम्पूर्ण चल अचल तथा जिन्सी सम्पत्तिको अभिलेख अद्यावधिक गरी सम्पत्तिको संरक्षण गरिनेछ । सार्वजनिक सम्पत्तिलाई व्यक्तिगत, पारिवारिक वा दलीय लाभका लागि प्रयोग गरिने छैन ।

२६. आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा सामुदायिक सम्पत्ति कानूनबमोजिम बाहेक बेचबिखन गर्न वा अरू कुनै व्यहोराले हक हस्तान्तरण हुने गरी सिफारिस गरिने छैन ।

२७. आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन नगरी लागू गरिने छैन ।

२८. सभाबाट कानून नबनाई कुनै पनि किसिमको कर लगाउन वा करका दरहरूको निर्धारण वा हेरफेर गर्ने वा उठाइने छैन । स्थानीय कर, शुल्क, दस्तुर, जरिवाना लगायतका आन्तरिक राजस्वको प्रक्षेपण गरी आन्तरिक आय वृद्धि गर्ने कार्ययोजना बनाई संकलनको मासिक तथा चौमासिक लक्ष्य हासिल गर्ने प्रयत्न गरिनेछ ।

२९. सार्वजनिक खरिद गर्दा वा सार्वजनिक निर्माण कार्य गर्दा प्रचलित कानूनी प्रक्रियाबमोजिम लागत इस्टिमेट स्वीकृत गराएर मात्र खरिद वा निर्माण प्रक्रिया अघि बढाइने छ । कार्य सम्पन्न भएपश्चात कार्य सम्पन्न प्रतिवेदनका आधारमा मात्र रकम भुक्तानी गरिनेछ ।

३०. आर्थिक वर्ष सुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोकिने छ ।

३१. स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी नियुक्त गरिने छैन । सेवा सञ्चालनका लागि अस्थायी दरबन्दी सिर्जना गरिने छैन ।

३२. नेपाल सरकारको स्वीकृति बेगर वैदेशिक सहायता लिने, सम्झौता गर्ने वा सरकारी अभिलेखमा नरहने गरी कुनै किसिमको वैदेशिक सहायता स्वीकार गरिने छैन ।

३३. नेपाल सरकारबाट स्वीकृत नियमावली वा कार्यविधिको आधारमा भ्रमण स्वीकृत भएपछि मात्र वैदेशिक भ्रमण गरिनेछ ।

३४. महालेखा परीक्षकबाट प्राप्त अन्तिम लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको १५ दिनभित्र प्रतिवेदनका मुख्य अंशहरू आफ्नो वेबसाइटमार्फत प्रकाशन गरिने छ ।

३५. कुनै पनि कार्यक्रम वा समारोहमा मादक पदार्थ तथा सुर्तीजन्य पदार्थको प्रयोग गरिने छैन ।

| आ.व. २०७४/०७५<br>आयोगको वार्षिक प्रगति | अख्तियार दुरुपयोग अनुसन्धान आयोग<br>प्रारम्भिक अनुसन्धान भइरहेका उजुरीहरुको विवरण<br>———————————————. | फाराम नं. १<br>वार्षिक प्रगति<br>विवरण |
|---|---|---|

| क्र.सं. | सम्बन्धित मन्त्रालय | उजुरीको संख्या | | | | कुल उजुरी | फछ्र्यौट संख्या | | | | | फछ्र्यौट भएको विवरण | | | | | | | फछ्र्यौट हुन बाँकी उजुरीको विवरण | | | | मन्त्रालयगत प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गत आ.व. को जिम्मेवारी सरेको जम्मा उजुरी संख्या | चालु आ.व.को: गत महिना सम्मको जम्मा उजुरी | चालु आ.व.को: यस महिनाको उजुरी | चालु आ.व.को: चालु आ.व.को जम्मा उजुरी | | गत आ.व. को जिम्मेवारी सरेको मध्येबाट फछ्र्यौट | चालु आ.व.को: गत महिना सम्मको उजुरी फछ्र्यौट संख्या | चालु आ.व.को: यस महिनाको उजुरी फछ्र्यौट संख्या | चालु आ.व.को: चालु आ.व.को फछ्र्यौट भएको उजुरी संख्या | कुल फछ्र्यौट भएको उजुरी संख्या | विस्तृत अनुसन्धानमा गएको | तामेली: सिधै तामेली | तामेली: सुझाव सहित तामेली | आयोगको अन्य महाशाखा/कार्यालयमा | आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा प्रेषित | अन्य उजुरीमा गाभिएको | कुल उजुरी फछ्र्यौट | गत आ.व. को बाँकी | चालु आ.व. को बाँकी | मुल्तबी | कुल फछ्र्यौट हुन बाँकी उजुरी संख्या | | |
| १ | गृह मन्त्रालय | १३० | ५९३ | ८१ | ६७४ | ८०४ | ९६ | ५०७ | १०१ | ६०८ | ७०४ | १६ | २७९ | १७ | ८६ | ३०३ | ३ | ७०४ | ३४ | ६६ | ० | १०० | ८७.६ | |
| २ | सिँचाई | ७६ | २०४ | २४ | २२८ | ३०४ | ४१ | १४५ | ३१ | १७६ | २१७ | ६ | १०२ | ८ | ६० | २६ | १५ | २१७ | ३५ | ५२ | ० | ८७ | ७१.४ | |
| ३ | ऊर्जा | ९६ | २२१ | २७ | २४८ | ३४४ | ५३ | १६१ | ३१ | १९२ | २४५ | १३ | ११७ | ५ | ३३ | ७२ | ५ | २४५ | ४३ | ५६ | ० | ९९ | ७१.२ | |
| ४ | परराष्ट्र | ८ | १४ | २ | १६ | २४ | ८ | १४ | २ | १६ | २४ | १ | ११ | २ | ५ | ४ | १ | २४ | ० | ० | ० | ० | १००.० | |
| ५ | सूचना तथा संचार | ५२ | १३६ | १७ | १५३ | २०५ | ३८ | ९५ | १४ | १०९ | १४७ | ३ | ७८ | ७ | ६ | ५२ | १ | १४७ | १४ | ४४ | ० | ५८ | ७१.७ | |
| ६ | रक्षा | ० | ११ | ३ | १४ | १४ | ० | ११ | ३ | १४ | १४ | ० | २ | ० | ४ | ८ | ० | १४ | ० | ० | ० | ० | १००.० | |
| ७ | अर्थ | ११६ | ३४३ | ४५ | ३८८ | ५०४ | ५२ | २७६ | ४६ | ३२२ | ३७४ | १४ | १४३ | ६ | २१ | १८९ | १ | ३७४ | ६४ | ६६ | ० | १३० | ७४.२ | |
| ८ | भौतिक पूर्वाधार तथा यातायात | १२६ | ३८९ | ३५ | ४२४ | ५५० | ७९ | २७८ | ५० | ३२८ | ४०७ | २६ | १६९ | २६ | ८८ | ९६ | २ | ४०७ | ४७ | ९६ | ० | १४३ | ७४.० | |
| ९ | सहकारि तथा गरिवि निवारण | २६ | ८० | १२ | ९२ | ११८ | १६ | ७० | १२ | ८२ | ९८ | ४ | ३३ | ० | ३ | ५६ | २ | ९८ | १० | ९ | १ | २० | ८३.१ | |
| १० | महालेखा नियन्त्रकको कार्यालय | ० | १३ | १ | १४ | १४ | ० | १३ | १ | १४ | १४ | ० | ८ | ० | ० | ६ | ० | १४ | ० | ० | ० | ० | १००.० | |
| ११ | प्रधान मन्त्रि तथा म.प. कार्यालय | ३० | ४२ | ३ | ४५ | ७५ | १४ | ३६ | ३ | ३९ | ५३ | ६ | १८ | १ | ७ | ८ | १३ | ५३ | १६ | ६ | ० | २२ | ७०.७ | |
| १२ | वन तथा भू संरक्षण | २०७ | ६११ | ५६ | ६६७ | ८७४ | ११६ | ४०९ | ८६ | ४९५ | ६११ | २९ | ३०८ | १० | ७८ | १५१ | ३५ | ६११ | ८९ | १७१ | ३ | २६३ | ६९.९ | |
| १३ | कृषि विकाश | ६७ | २०१ | १९ | २२० | २८७ | ३६ | १२६ | १२ | १३८ | १७४ | ८ | ८५ | ० | २४ | ५२ | ५ | १७४ | ३१ | ८२ | ० | ११३ | ६०.६ | |
| १४ | पसु पंक्षि | १४ | ७९ | २ | ८१ | ९५ | ८ | ५६ | ३ | ५९ | ६७ | १ | ३१ | ० | १२ | २१ | २ | ६७ | ६ | २२ | ० | २८ | ७०.५ | |
| १५ | जनसंख्या तथा वातावरण | १ | ६ | १ | ७ | ८ | १ | ६ | १ | ७ | ८ | ० | २ | ० | २ | ४ | ० | ८ | ० | ० | ० | ० | १००.० | |
| १६ | भूमि सुधार तथा व्यवस्था | ४४६ | ७३३ | ८३ | ८१६ | १२६२ | १४७ | ४८६ | १०० | ५८६ | ७३३ | ७३ | ३६० | ५ | ९८ | १९१ | ६ | ७३३ | २९९ | २२९ | १ | ५२९ | ५८.१ | |
| १७ | राष्ट्रपतिको कार्यालय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.० | |
| १८ | उप राष्ट्रपतिको कार्यालय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.० | |
| १९ | सामान्य प्रशासन | २ | २३ | १ | २४ | २६ | २ | २३ | १ | २४ | २६ | ० | १५ | ० | ५ | ६ | ० | २६ | ० | ० | ० | ० | १००.० | |
| २० | महिला वालवालिका | ३२ | १३३ | २२ | १५५ | १८७ | १९ | ११७ | २७ | १४४ | १६३ | ३ | ५३ | ४ | ४ | ७५ | २४ | १६३ | १३ | ११ | ० | २४ | ८७.२ | |
| २१ | सस्कृति पर्यटन तथा नागरिक उड्यान | १०३ | १७८ | ३३ | २११ | ३१४ | ७७ | १३४ | ४१ | १७५ | २५२ | १० | १०६ | २० | १४ | ६५ | ३७ | २५२ | २६ | ३५ | १ | ६२ | ८०.३ | |
| २२ | संघिय मामिला तथा स्थानिय विकाश | ९४५ | २१८४ | ३८२ | २५६६ | ३५११ | ३६६ | १४६५ | ४५० | १९१५ | २२८१ | ८१ | ११२८ | ३२ | ४५३ | ५०७ | ८० | २२८१ | ६९८ | ५३२ | ० | १२३० | ६५.० | |
| २३ | कानून न्याय तथा संविधान सभा | ० | ३२ | ५ | ३७ | ३७ | ० | ३० | ६ | ३६ | ३६ | ० | १७ | ० | ९ | १० | ० | ३६ | ० | ० | १ | १ | ९७.३ | |
| २४ | लोक सेवा आयोग | १ | १६ | १ | १७ | १८ | १ | १६ | १ | १७ | १८ | ० | १६ | ० | १ | १ | ० | १८ | ० | ० | ० | ० | १००.० | |
| २५ | निर्वाचन आयोग | १ | १४ | २ | १६ | १७ | १ | १२ | ३ | १५ | १६ | ० | १४ | ० | १ | १ | ० | १६ | ० | १ | ० | १ | ९४.१ | |
| २६ | महालेखा परिक्षकको कार्यालय | ० | २ | ० | २ | २ | ० | २ | ० | २ | २ | ० | ० | ० | ० | २ | ० | २ | ० | ० | ० | ० | १००.० | |
| २७ | राष्ट्रिय मानव अधिकार आयोग | ० | २ | ० | २ | २ | ० | २ | ० | २ | २ | ० | १ | ० | ० | १ | ० | २ | ० | ० | ० | ० | १००.० | |
| २८ | राष्ट्रिय योजना आयोग | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.० | |

| आ.व. २०७४/०७५<br>आयोगको वार्षिक प्रगति | अख्तियार दुरुपयोग अनुसन्धान आयोग<br>प्रारम्भिक अनुसन्धान भइरहेका उजुरीहरुको विवरण<br>____________________. | फाराम नं. १<br>वार्षिक प्रगति<br>विवरण |
|---|---|---|

| क्र. सं. | सम्बन्धित मन्त्रालय | उजुरीको संख्या | | | | कुल उजुरी | फछ्र्यौट संख्या | | | | | फछ्र्यौट भएको विवरण | | | | | | | फछ्र्यौट हुन बाँकी उजुरीको विवरण | | | | मन्त्रालयगत प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गत आ.व. को जिम्मेवारी सरेको जम्मा उजुरी संख्या | चालु आ.व.को | | | | गत आ.व. को जिम्मेवारी सरेको मध्येबाट फछ्र्यौट | चालु आ.व.को | | | कुल फछ्र्यौट भएको उजुरी संख्या | विस्तृत अनुसन्धानमा गएको | तामेली | | आयोगको अन्य महाशाखा/कार्यालयमा | आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा प्रेषित | अन्य उजुरीमा गाभिएको | कुल उजुरी फछ्र्यौट | गत आ.व. को बाँकी | चालु आ.व. को बाँकी | मुल्तवी | कुल फछ्र्यौट हुन बाँकी उजुरी संख्या | | |
| | | | गत महिना सम्मको जम्मा उजुरी | यस महिनाको उजुरी | चालु आ.व.को जम्मा उजुरी | | | गत महिना सम्मको उजुरी फछ्र्यौट संख्या | यस महिनाको उजुरी फछ्र्यौट संख्या | चालु आ.व.को फछ्र्यौट भएको उजुरी संख्या | | | सिधै तामेली | सुझाव सहित तामेली | | | | | | | | | | |
| २९ | श्रम तथा रोजगार | २६ | १०२ | ७ | १०९ | १३५ | १८ | ८१ | १० | ९१ | १०९ | ४ | ३५ | ५ | ११ | ४७ | ७ | १०९ | ८ | १७ | १ | २६ | ८०.७ | |
| ३० | स्वास्थ्य | २२५ | ५७७ | ४९ | ६२६ | ८५१ | ९० | ४५२ | ६२ | ५१४ | ६०४ | १७ | २८७ | ६ | ७९ | १६८ | ४७ | ६०४ | १३५ | ११२ | ० | २४७ | ७१.० | |
| ३१ | शान्ति तथा पूनर निर्माण | ५ | ६ | ० | ६ | ११ | १ | ६ | ० | ६ | ७ | १ | २ | ० | ० | ४ | ० | ७ | ४ | ० | ० | ४ | ६३.६ | |
| ३२ | उद्योग | ३७ | १७७ | १७ | १९४ | २३१ | २३ | १४८ | २३ | १७१ | १९४ | ११ | ६८ | ३ | २० | ६३ | २९ | १९४ | १४ | २२ | १ | ३७ | ८४.० | |
| ३३ | वाणिज्य तथा आपूर्ति | १५ | ७३ | ६ | ७९ | ९४ | १३ | ६३ | ७ | ७० | ८३ | ४ | ३१ | १ | ६ | २७ | १४ | ८३ | २ | ९ | ० | ११ | ८८.३ | |
| ३४ | शिक्षा | ११६४ | २१६२ | २४४ | २४०६ | ३५७० | ५७२ | १६२१ | ३०६ | १९२७ | २४९९ | ५७ | १२३१ | ९५ | ३०२ | ६७४ | १४० | २४९९ | ५९२ | ४७९ | ० | १०७१ | ७०.० | |
| ३५ | यूवा तथा खेलकुद | ४१ | ३८ | १२ | ५० | ९१ | २३ | २१ | १३ | ३४ | ५७ | ६ | २१ | ० | ५ | १९ | ६ | ५७ | १८ | १६ | ० | ३४ | ६२.६ | |
| ३६ | नेपाल ट्रष्टको कार्यालय | ० | २ | ० | २ | २ | ० | १ | ० | १ | १ | ० | ० | ० | ० | ० | १ | १ | १ | ० | ० | १ | ५०.० | |
| ३७ | इजाजत छानविन | १ | ० | ० | ० | १ | १ | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १००.० | |
| ३८ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.० | |
| ३९ | शैक्षिक प्रमाण पत्र | १७०८ | ३६१ | ८ | ३६९ | २०७७ | ३४४ | १६० | ३४ | १९४ | ५३८ | ११० | ३९३ | ० | ३ | ३२ | ० | ५३८ | १३६४ | १७५ | ० | १५३९ | २५.९ | |
| ४० | स्रोत न खुलेको सम्पति | १८३४ | ३७८ | ४७ | ४२५ | २२५९ | ९४४ | १८२ | ११९ | ३०१ | १२४५ | ३२ | १०९६ | ० | ४ | १५ | ९८ | १२४५ | ८९० | १२४ | ० | १०१४ | ५५.१ | |
| ४१ | खानेपानि मन्त्रालय | ६३ | १६१ | १६ | १७७ | २४० | ३२ | ११८ | १९ | १३७ | १६९ | ३ | ८३ | ३ | २७ | ४९ | ४ | १६९ | ३१ | ४० | ० | ७१ | ७०.४ | |
| ४२ | अन्य | २७ | २६ | ४ | ३० | ५७ | १८ | १८ | ६ | २४ | ४२ | १ | २६ | ४ | १ | ८ | २ | ४२ | ९ | ६ | ० | १५ | ७३.७ | |
| ४३ | राष्ट्रिय पूनर्निर्माण प्राधिकरण | ० | २२ | ५ | २७ | २७ | ० | २२ | ५ | २७ | २७ | ० | ४ | ० | २ | २१ | ० | २७ | ० | ० | ० | ० | १००.० | |
| ४४ | महा न्यायधिवक्ताको कार्यालय | ० | १ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | ०.० | |
| ४५ | राष्ट्रिय महिला आयोग | ० | १ | ० | १ | १ | ० | १ | ० | १ | १ | ० | १ | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १००.० | |
| ४५ | शहरी विकास | ९४ | १३३ | १७ | १५० | २४४ | ४० | ७३ | २४ | ९७ | १३७ | ६ | ८३ | २ | ११ | २८ | ७ | १३७ | ८० | २७ | ० | १०७ | ५६.१ | |
| जम्मा | | ७७१९ | १०४८० | १२८९ | ११७६९ | १९४८८ | ३२९० | ७४५७ | १६५३ | ९११० | १२४०० | ५४६ | ६४५८ | २६२ | १४८५ | ३०६२ | ५८७ | १२४०० | ४५७४ | २५०५ | ९ | ७०८८ | ६३.६ | |